च् + छ = च्छ - गच्छे (ability)
च् + न = च्न - नाच्नु (to dance)
च् + य = च्या - च्याउ (mushroom)
च् + र = च्र - घिच्रो (neck)
च् + व = च्व - च्वास्स (act of piercing)
छ् + य = छ्य - ओछ्यान (bed)
ज् + छ = ज्छ - बज्छ (rings)
ज् + न = ज्न - भज्नु (to chant)
ज् + य = ज्य - ज्याला (wage)
ज् + र = ज्र - गुज्रान (shutter)
ज् + ल = ज्ल - भज्ला (may chant)
ज् + व = ज्व - ज्वाला (flame)
झ् + द = झ्द - बाझ्दै (quarrelling)
झ् + न = झ्न - जुझ्नु (to fight)
झ् + य = झ्य - झ्याल (window)
झ् + ल = झ्ल - बुझ्ला (may understand)
झ् + व = झ्व - झ्वाम्म (act of falling into water)
ञ् + च = ञ्च/ - अञ्चल (region)
ञ् + छ = ञ्छ - वाञ्छा (desire)
ञ् + ज = ञ्ज/ - व्यञ्जन (side dish)
ञ् + ज = ञ्ज/ - व्यञ्जन (consonant)
ञ् + झ = ञ्झ - झञ्झ (storm)
ट् + ट = ट्ट/ट्ठ - टट्टी (latrine)
ट् + ठ = ट्ठ - चिट्ठी (letter)
ट् + र = ट्र - ट्रक (truck)
ड् + ड = ड्ड - अड्डा (office)
ड् + र = ड्र - ड्रामा (drama)
ण् + ट = ण्ट - घण्टा (bell, hour)
ण् + ठ = ण्ठ - कण्ठ (throat)
ण् + ड = ण्ड - दण्ड (punishment)
ण् + ढ = ण्ढ - शण्ढ (foolish)
त् + क = त्क - चित्कार (crying)

त् + त = त्त/त्त - पित्त (bile)
त् + य = त्य - सत्य (truth)
त् + ल = त्ल - भुत्ला (hair)
त् + व = त्व - गुरुत्व (gravitation)
त् + स = त्स - उत्सव (celebration)
थ् + छ = थ्छ - कथ्छ (composes, writer)
थ् + न = थ्न - मथ्नु (to churn)
थ् + य = थ्य - पथ्य (diet)
थ् + र = थ्र - पोथ्रा (bush)
थ् + ल = थ्ल - माथ्लो (upper)
द् + ध = द्ध/द्ध - प्रसिद्ध (famous)
द् + य = द्य/द्य - विद्या (education)
द् + र = द्र - दरिद्र (poor)
द् + व = द्व - विद्वान् (scholar)
ध् + छ = ध्छ - सोध्छ (asks)
ध् + न = ध्न - बाँध्नु (to tie)
ध् + य = ध्य - ध्यान (meditation)
ध् + र = ध्र - ध्रुव (pole)
ध् + ल = ध्ल - सोध्ला (may ask)
ध् + व = ध्व - ध्वनि (sound)
न् + क = न्क - फन्को (round)
न् + च = न्च - सन्चो (well)
न् + छ = न्छ - भन्छ (says)
न् + ज = न्ज - पन्जा (glove)
न् + ट = न्ट - भन्टा (brinjal)
न् + ठ = न्ठ - डन्ठा (stick)
न् + त = न्त - अन्त (else)
न् + थ = न्थ - पन्थ (road, street)
न् + द = न्द - बन्द (closed)
न् + ध = न्ध - अन्धो (blind)
न् + न = न्न - अन्न (food)
न् + म = न्म - जन्म (birth)
न् + य = न्य - न्यानो (warm)
न् + ल = न्ल - कान्ला (side of a plot of land)
न् + व = न्व - न्वारन (christening a baby)
न् + स = न्स - मन्साउनु (to ward off evil spirit)
प् + क = प्क - ताप्के (pan)

प् + च = प्च - थेप्चो (flat)
प् + ट = प्ट - लप्टन (lieutenant)
प् + ठ = प्ठ - अप्ठेरो (difficult)
प् + त = प्त - हप्ता (week)
प् + न = प्न - टिप्नु (to pick up)
प् + प = प्प - छप्पन (fifty six)
प् + य = प्य - प्यास (thirst)
प् + र = प्र - प्रकार (kind, sort)
प् + ल = प्ल - थोप्लो (drop, dot)
प् + व = प्व - प्वाल (hole)
फ् + य = फ्य - फ्याउरो (fox)
फ् + र = फ्र - उफ्रिनु (to jump)
फ् + ल = फ्ल - फ्लास्क (flask)
फ् + व = फ्व - फ्वाक्क (act of hitting)
ब् + ज = ब्ज - कब्जा (hinge, control)
ब् + द = ब्द - शब्द (word, sound)
ब् + ब = ब्ब - धब्बा (spot)
ब् + य = ब्य - ब्याह (marriage)
ब् + र = ब्र - हाब्रो (oral cavity)
ब् + ल = ब्ल - दुब्लो (lean and thin)
ब् + व = ब्व - ब्वाँसो (wolf)
भ् + य = भ्य - सभ्य (civilised)
भ् + र = भ्र - भ्रम (illusion)
भ् + व = भ्व - भ्वाङ (hole)
म् + क = म्क - चम्कनु (to shine)
म् + त = म्त - निम्तो (invitation)
म् + द = म्द - आम्दनी (income)
म् + न = म्न - जम्नु (to freeze)
म् + प = म्प - सुम्पिनु (to deliver)
म् + ब = म्ब - निम्बु (lime)
म् + भ = म्भ - स्तम्भ (pole, pillar)
म् + म = म्म - अचम्म (surprising)
म् + य = म्य - रम्य (nice)
म् + र = म्र - हाम्रो (our)
म् + ल = म्ल - काम्लो (rug)
म् + व = म्व - म्वाइँ (kiss)
य् + य = य्य - न्याय्य (judicious)

र् + क = र्क - नर्क (hell)
र् + ख = र्ख - पर्ख (wait)
र् + ग = र्ग - स्वर्ग (heaven)
र् + घ = र्घ - अर्घ (butter)
र् + च = र्च - चर्चा (discussion)
र् + छ = र्छ - पर्छ (should)
र् + ज = र्ज - अर्जन (earning)
र् + झ = र्झ - निर्झर (waterfall)
र् + ट = र्ट - आर्ट (art)
र् + ड = र्ड - कार्ड (card)
र् + ण = र्ण - चूर्ण (powder)
र् + त = र्त - वर्तमान (present)
र् + थ = र्थ - अर्थ (meaning)
र् + द = र्द - मर्द (man)
र् + ध = र्ध - स्पर्धा (competition)
र् + न = र्न - गर्नु (to do)
र् + प = र्प - सर्प (serpent)
र् + फ = र्फ - वर्फ (ice)
र् + ब = र्ब - खर्ब (billion)
र् + भ = र्भ - गर्भ (womb)
र् + म = र्म - धर्म (religion)
र् + य = र्य - गर्छ (does) गर्‍यो (did)
र् + र = र्र - भुर्र (act of flying)
र् + ल = र्ल - गर्ला (may do)
र् + व = र्व - सर्व (all)
र् + श = र्श - स्पर्श (touch)
र् + ष = र्ष - वर्ष (year)
र् + स = र्स - पर्सि (day after tomorrow)
ल् + क = ल्क - टल्किनु (to shine)
ल् + छ = ल्छ - बल्छि (hook)
ल् + झ = ल्झ - अल्झिनु (to entangle)
ल् + ट = ल्ट - उल्टो (opposite)
ल् + त = ल्त - गल्ति (mistake)
ल् + द = ल्द - जल्दि (soon, fast)
ल् + न = ल्न - बोल्नु (to speak)
ल् + प = ल्प - अल्प (few)
ल् + फ = ल्फ - गल्फन (muffler)

ल् + ब = ल्ब - खल्बल (din, noise)
ल् + म = ल्म - चल्मलाउनु (to move)
ल् + य = ल्य - ल्याउनु (to bring)
ल् + व = ल्व - ल्वाँग (clove)
व् + य = व्य - व्यवहार (behavior)
व + र = व्र - व्रत (fasting)
श् + च = श्च/ - आश्चर्य (surprise)
श् + छ = श्छ - निश्छल (clear)
श् + न = श्न - प्रश्न (question)
श् + म = श्म - श्मसान (graveyard)
श् + य = श्य - अवश्य (surely)
श् + र = श्र - आश्रय (shelter)
श् + ल = श्ल - अश्लील (obscene)
श् + व = श्व/श्व - श्वास (breathing)
ष् + ट = ष्ट - कष्ट (trouble)
ष् +ठ = ष्ठ - कुष्ठ (leprosy)
ष् + य = ष्य - मनुष्य (mankind)
स् + क = स्क - भास्कर (sun)
स् + छ = स्छ - बस्छ (sits)
स् + ट = स्ट - छरपस्ट (scattered)
स् + त = स्त - सस्तो (cheap)
स् + थ = स्थ - स्थान (place)
स् + न = स्न - नास्नु (to destroy)
स् + प = स्प - परस्पर (each other)
स् + फ = स्फ - विस्फोट (explosion)
स् + य = स्य - स्याल (fox)
स् + र = स्र - घस्रिनु (to crawl)
स् + ल = स्ल - मुस्लो (coming out rolling)
स् + व = स्व - स्वास्नी (wife)
स् + स = स्स - हुस्सु (foolish)
ह् + न = ह्न - मध्याह्न (noon)
ह् + म = ह्म - ब्राह्मण (Brahmin)
ह् + य = ह्य - सह्यार (care)
ह् + ल = ह्ल - प्रह्लाद (Prahlad)
ह् + व = ह्व - आह्वान (appeal)

एकाइँ १ | पाठ - १
Unit 1 | Lesson - 1

परिचय
Introduction

संवाद DIALOGUE

प्रशिक्षार्थीहरू	: नमस्कार सर।	Trainees	: Namaskar Sir.
शिक्षक	: नमस्कार। बस्नुहोस्, बस्नुहोस्। म नेपाली शिक्षक हुँ। तपाईंहरू नेपाली प्रशिक्षार्थी हुनुहुन्छ। मेरो नाम हर्कमान गुरूङ हो। अब एक-एक गरेर तपाईंहरूको नाम भन्नुहोस्।	Teacher	: Please sit down. I am a Nepali teacher. You are all Nepali trainees.. My name is Harkaman Gurung. Now, one by one all of you tell (me) your names.
प्रशिक्षार्थी 1	: मेरो नाम प्रकाश हो।	Trainee1	: My name is Prakash.
शिक्षक	: तपाईंको नाम के हो?	Teacher	: What is your name ?
प्रशिक्षार्थी 2	: मेरो नाम रीता साहु हो।	Trainee 2	: My name is Rita Sahoo.
प्रशिक्षार्थी 3	: मेरो नाम आनन्द कुलकर्नी हो।	Trainee 3	: My name is Ananda Kulkarni.
प्रशिक्षार्थी 4	: मेरो नाम हरभजन सिंह।	Trainee 4	: My name (is) Harbhajan Singh.
प्रशिक्षार्थी 5	: मेरो सुब्रत घोष।	Trainee 5	: Mine Subrata Ghosh.
शिक्षक	: तपाईंको नाम ?	Teacher	: Your name ?
प्रशिक्षार्थी 6	: देवेन हाजरिका।	Trainee 6	: Deben Hazarika.
शिक्षक	: अनि, तपाईं को हुनुहुन्छ ?	Teacher	: And, who are you?
प्रशिक्षार्थी 7	: सर, म अनुपमा हुँ।	Trainee 7	: Sir, I am Anupama
शिक्षक	: अब तपाईंको पालो। भन्नुहोस्। तपाईंको नाम के हो ?	Teacher	: Now (it is) your turn. Please tell (me). What is your name ?
प्रशिक्षार्थी 8	: मेरो नाम मीरा गुप्ता हो।	Trainee 8	: My name is Meera Gupta.
प्रशिक्षार्थी 9	: मेरो नाम पनि मीरा हो। तर, म मीरा बरूवा हुँ।	Trainee 9	: My name is also Meera. But I am Meera Baruah.

शिक्षक	: मेरो मातृभाषा नेपाली हो। मीरा, तपाईंको मातृभाषा के हो ?	Teacher	: My mother tongue is Nepali. Meera, what is your mother tongue?
मीरा बरुवा	: सर, मेरो मातृभाषा असमिया हो।	Meera Baruah	: Sir, my mother tongue is Assamese.
शिक्षक	: प्रकाशज्यू, तपाईंको मातृभाषा के हो ?	Teacher	: Prakash, what is your mother tongue ?
प्रकाश	: सर, मेरो मातृभाषा कन्नड हो।	Prakash	: Sir, my mother tongue is Kannada.
शिक्षक	: रीताज्यू, तपाईंको मातृभाषा?	Teacher	: Rita, your mother tongue ?
रीता	: सर, मेरो उड़िया हो।	Rita	: Sir, mine is Oriya.
शिक्षक	: स्याबास। तपाईंहरूको यो पहिलो नेपाली क्लास हो। तपाईंहरू सबै राम्रा प्रशिक्षार्थी हुनुहुन्छ।	Teacher	: Fine. This is your first Nepali class. You are all good students.
प्रशिक्षार्थीहरू	: धन्यवाद सर।	Trainees	: Thank you Sir

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

a. 1. म नेपाली शिक्षक हुँ।
2. मेरो नाम रीता साहु हो।
3. मेरो मातृभाषा कन्नड हो।

b. 1. मेरो नाम हर्कमान गुरूङ हो।
2. म नेपाली प्रशिक्षार्थी हुँ ।
3. म अनुपमा हुँ।

c. 1. मेरो नाम पनि मीरा हो।
2. मेरो नाम पनि सुव्रत हो।
3. मेरो नाम पनि देवेन हो।

d. 1. मेरो सुव्रत घोष।
2. मेरो देवेन हाजरिका।

e. 1. अब तपाईंको पालो।
2. अब मेरो पालो।

f. 1. तपाईंको नाम के हो ?
2. अनि, तपाईं को हुनुहुन्छ ?
3. तपाईंको मातृभाषा के हो ?

g. 1. बस्नुहोस् ।
2. भन्नुहोस् ।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model
हो ।
प्रकाश हो ।
नाम प्रकाश हो ।
मेरो नाम प्रकाश हो ।

1. हो ।
साहु हो ।
रीता साहु हो ।
नाम रीता साहु हो ।
मेरो नाम रीता साहु हो ।

2. हुँ ।
शिक्षक हुँ ।
नेपाली शिक्षक हुँ ।
म नेपाली शिक्षक हुँ ।

3. हुनुहुन्छ ।
को हुनुहुन्छ ?
तपाई को हुनुहुन्छ ?

4. हो ।
के हो ?
नाम के हो ?
तपाईको नाम के हो ?

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model a. म नेपाली शिक्षक हुँ ।
अङ्ग्रेजी
म अङ्ग्रेजी शिक्षक हुँ ।

1. म नेपाली प्रशिक्षार्थी हुँ ।
बङ्गाली
असमिया
उडिया

2. म मणिपुरी शिक्षक हुँ ।
पन्जाबी
बङ्गाली
कन्नड

नमूना Model b. मेरो नाम रीता हो ।
मीरा
मेरो नाम मीरा हो ।

1. मेरो नाम प्रकाश हो ।
अनुपमा
हर्कमान
हरभजन
सुव्रत
देवेन
नन्दिनी

2. मेरो मातृभाषा नेपाली हो ।
कन्नड
मणिपुरी
उड़िया
पन्जाबी

IV. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model a. तपाईं को हुनुहुन्छ ?
म अनुपमा हुँ।

1. तपाईं को हुनुहुन्छ ?
म प्रकाश हुँ।

2. तपाईं को हुनुहुन्छ ?
म नेपाली प्रशिक्षार्थी हुँ।

नमूना Model b. तपाईको नाम के हो ?
मेरो नाम हरभजन सिंह हो।

1. तपाईको नाम के हो ?
मेरो नाम देवेन हाजरिका हो।

2. तपाईको मातृभाषा के हो ?
मेरो मातृभाषा असमिया हो।

3. तपाईको मातृभाषा के हो ?
मेरो मातृभाषा उडिया हो।

V. पुनःकथन अभ्यास Restatement Drill

नमूना Model म अनुपमा हुँ।
मेरो नाम अनुपमा हो।

1. म हरभजन हुँ।
2. म प्रकाश हुँ।
3. म मीरा हुँ।
4. म नन्दिनी हुँ।

लेखन अभ्यास EXERCISES

I. Complete the following sentences using the appropriate words from the choices given.
1. म नेपाली ____ हुँ। (पालो, नाम, प्रशिक्षार्थी)
2. मेरो मातृभाषा ____ हो। (तर, भन्नुहोस, नेपाली)
3. तपाईहरूको नाम ____ भन्नुहोस्। (पहिला, एकएक गरेर, बस्नुहोस्)
4. तपाईहरू सबै _____ प्रशिक्षार्थी हुनुहुन्छ। (पालो, राम्रा, मेरो)

II. Complete the sentences using the appropriate forms of the 'to be' verb.
1. म नेपाली शिक्षक _____।
2. तपाईहरू नेपाली प्रशिक्षार्थी___।
3. मेरो नाम हरभजन सिंह _____।
4. तपाईहरू सबै राम्रा प्रशिक्षार्थी___।

III. Complete the sentences using the appropriate words.
1. म _____ शिक्षक हुँ।

2. मेरो ___ हर्कमान गुरूङ हो।
3. अनुपमा तपाईं को ___ ?
4. तपाईंको नाम __ हो ?

IV. Rearrange the words and make sentences.

1. हो, नाम, मेरो, रीता, साहु
2. मेरो, नेपाली, हो, मातृभाषा
3. नाम, तपाईंहरू, भन्नुहोस्, एकएक, गरेर
4. सबै, हुनुहुन्छ, राम्रा, तपाईंहरू, प्रशिक्षार्थी

V. Write one question each for the given sentences.

1. म नेपाली प्रशिक्षार्थी हुँ ?
2. मेरो मातृभाषा असमिया हो ।
3. मेरो नाम मीरा हो ।

VI. Answer the following questions with reference to the dialogue of the lesson.

1. तपाईं को हुनुहुन्छ ?
2. तपाईंको नाम के हो ?
3. तपाईंको मातृभाषा के हो ?

शब्दावली VOCABULARY

म	I	तपाईं	you
शिक्षक	teacher	प्रशिक्षार्थी	trainee
नाम	name	मेरो	my
हो	is	अब	now onwards
अचेल	now a days	एकएक गरेर	one by one
भन्नुहोस्	please tell	को	who
हुँ	am	के	what
पालो	turn	तर	but
मातृभाषा	mother tongue	ज्यू	honorific suffix added after personal name
स्याबास	well done	यो	this/it
पहिलो	first	सबै	all
राम्रो	good	हुनुहुन्छ	is/are (honorific forms)

टिप्पणी NOTES

1.1.1. This lesson introduces two types of simple sentences in Nepali namely the 'to be verb' (Copula verb) and the imperative verb types. e.g.

i) a. **to be** verb type (योजिका क्रिया)

म नेपाली शिक्षक हुँ ।	I am a Nepali teacher.
तपाईंहरू नेपाली प्रशिक्षार्थी हुनुहुन्छ ।	You are Nepali students.
मेरो नाम रीता हो।	My name is Rita.
तपाईंको नाम मीरा हो।	Your name is Meera.

b. Imperative verb type (निर्देशात्मक क्रिया)

बस्नुहोस् - बस्नुहोस्	Sit down please. (you high honorific / you plural)
भन्नुहोस्	You please tell. (you high honorific / you plural)

1.1.2. Pronouns Introduced (सर्वनाम)

i)	म	I	(Ist person singular masculine / feminine)
ii)	तपाई	You	(2nd person singular high honorific masculine / feminine)
iii)	तपाईंहरू	You all	(2nd person collective plural)
iv)	यो	This / it / she / he	(3rd person singular masculine / feminine / neuter proximate)
v)	के	What	(interrogative for things)
vi)	को	Who	(interrogative for persons)

1.1.3. Note that the Copula verb forms introduced are हुँ, हुनुहुन्छ and हो.

हुँ is added to 1st person singular in present tense.

हुनुहुन्छ is added to 2nd and 3rd person high honorific for both number and gender in present tense.

हो indicates 3rd person singular non-honorific / neuter in present tense.

1.1.4. Possessive pronouns (सम्बन्धबोधक सर्वनाम)

म	I	मेरो	my
तपाई	you	तपाईको	your (singular high honorific)
तपाईंहरू	you (people)	तपाईंहरूको	your (plural high honorific)

Note that -को is the genitive / possessive postposition after nouns and pronouns such as तपाई, उन etc. The suffix -हरू is the plural marker which is obligatory after pronouns (except हामी), but optional after nouns.

1.1.5. In the verb forms बस्नुहोस्, भन्नुहोस् the suffix -नुहोस् is added to the verb roots बस् and भन् to indicate a polite request to the listeners (2nd person high honorific).

Verbroot		Suffix			
बस्	+	नुहोस्	>	बस्नुहोस्	please sit down
भन्	+	नुहोस्	>	भन्नुहोस्	please tell.

1.1.6. In the sentence अब एकएक गरेर तपाईहरूको नाम भन्नुहोस् । 'Now, one by one all of you tell your names', the plural suffix -हरू is not added to the word नाम.

1.1.7. Note the pattern of the possible elliptical sentences (contracted forms) in natural Nepali conversations when the same question is asked to many persons one after another.

i)	तपाईको नाम के हो ?	What is your name ?
	तपाईको नाम ?	Your name ?
	तपाईको ?	Yours ?
ii)	तपाईको मातृभाषा के हो ?	What is your mother tongue ?
	तपाईको मातृभाषा ?	Your mother tongue ?
	तपाईको ?	Yours ?

1.1.8. It may be noted that in Nepali language also a statement can be made into a question by changing the intonation to a rising type as practised for interrogative sentences. e.g.

तपाईको नाम।	Your name.
तपाईको (नाम)?	Your name ?

इबोङचा	: होइन सर। मेरो जन्मथलो इम्फाल हो। यो मणिपुरको राजधानी हो। मणिपुरी मेरो मातृभाषा हो।	Ibongcha	: No sir. Imphal is my birth place. It is the capital of Manipur. Manipuri is my mother tongue.
शिक्षक	: हरभजन,के नन्दिनी बङ्गाली भाषी हो ?	Teacher	: Harbhajan, is Nandini a Bengali speaker ?
हरभजन	: होइन सर। ऊ त हिन्दी भाषी हो। उसको जन्मथलो लखनऊ हो।	Harbhajan	: No sir, she is a Hindi speaker. Her birthplace is Lucknow.
शिक्षक	: इन्द्रबहादुर राई नेपालीका महान लेखक हुन्। सुब्रतज्यू, अब तपाईं भन्नुहोस् बङ्गालीका सबभन्दा ठूला लेखक को हुन् ?	Teacher	: Indrabahadur Rai is a great Nepali writer. Subrata, now you please tell. Who is the greatest writer of Bengali?
सुब्रत	: सर, नोबेल विजेता रवीन्द्रनाथ ठाकुर बङ्गालीका सबैभन्दा ठूला लेखक हुन्।	Subrata	: Sir, Nobel laureate Rabindranath Tagore is the greatest Bengali writer
शिक्षक	: नन्दिनी, अब तपाईं भन्नुहोस्। हिन्दीका तीनजना प्रसिद्ध भक्ति-कविहरू को को हुन् ?	Teacher	: Nandini, now you tell. Who are the three famous devotional poets in Hindi?
नन्दिनी	: सर, तुलसीदास, सूरदास, कबीरदास, मीरा सबै हिन्दीका प्रसिद्ध भक्ति कविहरू हुन्।	Nandini	: Sir, Tulsidas, Surdas, Kabirdas, Meera are all famous devotional poets in Hindi
रीता	: तर, उनीहरू आधुनिक कवि होइनन् सर।	Rita	: But they are not modern poets sir.
शिक्षक	: स्यावास। अब सुन्नुहोस्। हामी एउटै राज्यका होइनौं । हामी अलगअलग राज्यका हौं। हामी अलगअलग भाषा भाषी पनि हौं। तापनि हामी एकै हौं। हामी सबै भारतीय हौं।	Teacher	: Excellent. Now listen. We do not belong to the same state. We belong to different states. We are different language speakers also. Yet we are one. We are all Indians.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

a. 1. यो हाम्रो दोस्रो पाठ हो
2. मेरो जन्मथलो दार्जीलिङ हो।

b. 1. हो सर। म उड़िसाको हुँ।
2. हो सर। म चण्डीगढ़को हुँ।
3. हो सर। हामी अलगअलग राज्यका हौं।

c. 1. होइन सर। यो हाम्रो पहिलो पाठ होइन।
यो हाम्रो दोस्रो पाठ हो।
2. होइन सर। मेरो जन्मथलो भुवनेश्वर होइन।
मेरो जन्मथलो चण्डीगढ़ हो।

d. 1. इन्द्रबहादूर राई नेपालीका महान लेखक हुन्।
2. रवीन्द्रनाथ ठाकुर बङ्गालीका सबैभन्दा ठूला लेखक हुन्।
3. तुलसीदास, सूरदास, कबीरदास, मीरा सबै हिन्दीका प्रसिद्ध भक्ति-कविहरू हुन्।

e. 1. उनीहरू आधुनिक कवि हुन् ।
2. उनीहरू मणिपुरी शिक्षक होइनन्।
3. ठाकुर र राई हिन्दी भाषी होइनन्।

f. 1. नन्दिनीको घर कहाँ हो ?
2. तपाईको जन्मथलो कहाँ हो ?

g. 1. के तपाईको जन्मथलो शिलाङ हो ?
2. के यो तपाईको पहिलो नेपाली पाठ हो ?

h. 1. तपाईको जन्मथलो भुवनेश्वर हो। होइन ?
2. मणिपुरको राजधानी इम्फाल हो। होइन ?
3. नन्दिनी बङ्गाली भाषी हो। होइन ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model a. हो ।
पाठ
पाठ हो ।
दोस्रो
दोस्रो पाठ हो।
हाम्रो
हाम्रो दोस्रो पाठ हो ।

यो
यो हाम्रो दोस्रो पाठ हो।

1. हो ।
भुवनेश्वर
भुवनेश्वर हो ।
जन्मथलो
जन्मथलो भुवनेश्वर हो ।
मेरो
मेरो जन्मथलो भुवनेश्वर हो।

2. हौं ।
राज्यका
राज्यका हौं ।
अलग अलग
अलग अलग राज्यका हौं ।
हामी
हामी अलग अलग राज्यका हौं।

3. हुन् ।
लेखक
लेखक हुन् ।
महान
महान लेखक हुन् ।
नेपालीका
नेपालीका महान लेखक हुन् ।
इन्द्रबहादुर राई
इन्द्रबहादुर राई नेपालीका महान लेखक हुन्।

4. हौं ।
भारतीय
भारतीय हौं ।
हामी
हामी भारतीय हौं ।
सबै
सबै हामी भारतीय हौं।

नमूना Model b. होइन ।
पाठ
पाठ होइन ।
पहिलो
पहिलो पाठ होइन ।
हाम्रो
हाम्रो पहिलो पाठ होइन ।
यो
यो हाम्रो पहिलो पाठ होइन।

1. होइन ।
चण्डीगढ
चण्डीगढ होइन ।
जन्मथलो
जन्मथलो चण्डीगढ होइन ।
मेरो
मेरो जन्मथलो चण्डीगढ होइन ।

2. होइनन् ।
लेखक
लेखक होइनन् ।
महान
महान लेखक होइनन् ।
नेपालीका
नेपालीका महान लेखक होइनन् ।
[illegible]
[illegible] होइनन् ।

नमूना Model c. हो ?
कहाँ
कहाँ हो ?
घर
घर कहाँ हो ?
नन्दिनीको
नन्दिनीको घर कहाँ हो ?

1. हो ?
कहाँ
कहाँ हो ?
जन्मथलो
जन्मथलो कहाँ हो ?
तपाईंको
तपाईंको जन्मथलो कहाँ हो ?

2. हो ?
पाठ
पाठ हो ?
नेपाली
नेपाली पाठ हो ?
पहिलो
पहिलो नेपाली पाठ हो ?
तपाईंको
तपाईंको पहिलो नेपाली पाठ हो ?
यो
यो तपाईंको पहिलो नेपाली पाठ हो?
के
के यो तपाईंको पहिलो नेपाली पाठ हो?

1. हो ?
शिलाङ हो ?
जन्मथलो
जन्मथलो शिलाङ हो ?
इबोङ्चाको
इबोङ्चाको जन्मथलो शिलाङ हो ?

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model उनीहरू कवि हुन् ।
लेखक
उनीहरू लेखक हुन् ।

1. उहाँहरू शिक्षक हुनुहुन्छ।
विद्यार्थी
प्रशिक्षार्थी
भारतीय

2. नेपालीका महान लेखक को हुन् ?
राम्रा
प्रसिद्ध
ठूला
आधुनिक

3. के तपाईं दार्जीलिङको हुनुहुन्छ ?
   मैसूरको
   पश्चिम बङ्गालको
   मणिपुरको
   उडिसाको

4. यो तपाईंको पहिलो पाठ हो?
   हाम्रो
   तिम्रो
   नन्दिनीको
   हरभजनको

5. यो पन्जाबी क्लास होइन ?
   बङ्गाली
   मणिपुरी
   उड़िया
   पहिलो
   दोस्रो
   हाम्रो
   तिम्रो
   प्रकाशको

IV. पुनःकथन अभ्यास Restatement Drill

नमूना Model मणिपुरको राजधानी इम्फाल हो।
इम्फाल मणिपुरको राजधानी हो।

1. नेपालीका महान लेखक इन्द्रबहादुर राई हुन् ।
2. उड़िसाको राजधानी भुवनेश्वर हो।
3. रीताको जन्मथलो भुवनेश्वर हो।
4. हाम्रो दोस्रो पाठ यो हो।
5. नन्दिनीको मातृभाषा बङ्गाली हो।

V. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. यो हाम्रो दोस्रो पाठ हो।
यो हाम्रो दोस्रो पाठ होइन।

1. रीताको जन्मथलो मैसूर हो।
2. यो हाम्रो मणिपुरी क्लास हो।
3. इबोङ्चाको घर उडिसा हो।
4. हरभजन असमिया भाषी हो।
5. इम्फाल सूरदासको जन्मथलो हो।

नमूना Model b. यो मणिपुरी क्लास हो।
के यो मणिपुरी क्लास हो ?

1. मेरो घर मैसूर हो।
2. हामी सबै एकै राज्यका हौं।
3. नन्दिनीको जन्मथलो लखनऊ हो।
4. सूरदास हिन्दी भाषाका प्रसिद्ध भक्ति-कवि हुनुहुन्छ।
5. इन्द्रबहादुर राई नेपालीका महान लेखक हुनुहुन्छ।

नमूना Model c. नन्दिनी बङ्गाली भाषी होइन।
के नन्दिनी बङ्गाली भाषी होइन?

1. रीताको जन्मथलो मैसूर होइन।
2. भुवनेश्वर मणिपुरको राजधानी होइन।
3. हामी सबै एकै राज्यका होइनौं।
4. यो हाम्रो पहिलो पाठ होइन।

VI. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model a. रीताको जन्मथलो कहाँ हो ?
रीताको जन्मथलो उडिसा हो।

1. हरभजनको जन्मथलो कहाँ हो ?
2. पन्जाबको राजधानी कहाँ हो ?
3. सर, तपाईंको घर कहाँ हो ?
4. नन्दिनीको जन्मथलो कहाँ हो ?

नमूना Model b. के यो तपाईंहरूको पहिलो पाठ हो ?
हो, यो हाम्रो पहिलो पाठ हो।

1. के नन्दिनी बङ्गाली भाषी हो ?
2. के रवीन्द्रनाथ नोबेल पुरस्कार विजेता हुन् ?
3. के तुलसीदास हिन्दीका प्रसिद्ध कवि हुन् ?
4. के इन्द्रबहादुर नेपाली लेखक हुन् ?

नमूना Model c. के यो तपाईंको घर हो ?
यो मेरो घर होइन ।
होइन, यो नन्दिनीको घर हो।

1. के यो मणिपुरी क्लास हो ?
2. के हरभजन बङ्गाली भाषी हो ?
3. के इम्फाल उड़िसाको राजधानी हो ?
4. के मीरा आधुनिक कवि हुन् ?

नमूना Model d. के यो तपाईंहरूको दोस्रो क्लास होइन ?
अँ हो, यो हाम्रो दोस्रो क्लास हो ।
अहँ, होइन, यो हाम्रो दोस्रो क्लास होइन ।

1. के नन्दिनीको मातृभाषा उड़िया होइन ?
2. के इबोङ्चाको घर शिलाङ होइन ?
3. के इम्फाल तपाईंको जन्मथलो होइन ?
4. के रवीन्द्रनाथ नोबल विजेता होइनन् ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. यो हाम्रो ___ पाठ हो। (कहाँ, दोस्रो, होइन)
2. तपाईं _____ हुनुहुन्छ ? (बाट, कहाँको, हो)
3. प्रकाशको _____ उडिसा होइन। (पन्जाब, महान, जन्मथलो)
4. उनीहरू _____ कवि हुन् । (भुवनेश्वर, आधुनिक, घर)
5. हामी ___ भारतीय हौं। (अलग अलग, सबै, होइन)

II Complete the sentences using the appropriate forms of the words following.

1. के तपाईं _____ हुनुहुन्न ? (पन्जाब)
2. तुलसीदास हिन्दीका प्रसिद्ध भक्तिकवि _____। (हो)
3. हामी सबै _____हौं। (भारत)
4. शिलाङ _____ जन्मथलो होइन। (इबोङचा)
5. यो ____ पहिलो पाठ हो। (तपाईं)

III Complete the sentences using the appropriate words.

1. हामी सबै भारतीय _____।
2. रीताको मातृभाषा बङ्गाली _____।
3. रवीन्द्रनाथ बङ्गालीका ठूला कवि _____।
4. नेपालीका महान लेखक को _____ ?
5. हामी सबै एउटै राज्यका _____।

IV Transform the given affirmative sentences into negative.

1. प्रकाशको जन्मथलो उडिसा हो ।
2. इन्द्रबहादुर राई हिन्दीका लेखक हुन् ।
3. नन्दिनी मणिपुरी भाषी हो ।
4. हामी सबै एकै राज्यका हौं ।

V Transform the given affirmative sentences into their corresponding interrogatives.

1. तुलसीदास हिन्दीका आधुनिक कवि हुन्।

2. तपाईको जन्मथलो लखनऊ हो।
3. इन्द्रबहादुर राई लेखक हुन् ।
4. पन्जाब हरियाणाको राजधानी हो।
5. हरभजनको मातृभाषा मणिपुरी हो।

VI Transform the given negative sentences into their corresponding interrogatives.

1. यो हाम्रो दोस्रो पाठ होइन।
2. रीताको जन्मथलो मैसूर होइन।
3. रवीन्द्रनाथ बङ्गाली लेखक होइनन् ।
4. हामी सबै भारतीय होइनौं ।
5. मणिपुरको राजधानी इम्फाल होइन।

VII Rearrange the words and make sentences.

1. को, लेखक, महान, नेपालीका, हुन्
2. हो, इम्फाल, राजधानी, मणिपुरको
3. राजधानी, हो, पन्जाबको, चण्डीगढ
4. होइनन्, आधुनिक, हिन्दीका, तुलसीदास, कवि
5. होइनन्, मीरा, प्रशिक्षार्थी, नेपाली

VIII Answer the following questions with reference to the dialogue of the lesson.

1. सूरदास को हुन् ?
2. रवीन्द्रनाथ के पुरस्कार विजेता हुन् ?
3. इबोङचाको जन्मथलो कहाँ हो ?
4. के यो तपाईको दोस्रो पाठ हो ?
5. नेपालीका महान लेखक को हुन् ?

शब्दावली VOCABULARY

पहिलो	- first	दोस्रो	- second
जन्मथलो	- birthplace	कुन	- which
राजधानी	- capital	भाषाभाषी	- language speaker
महान	- great, eminent	लेखक	- writer
सबभन्दा ठूलो	- greatest	विजेता	- winner, victor
नोवेल विजेता	- Nobel winner	प्रसिद्ध	- famous
भक्ति	- devotion	कवि	- poet
सबै	- all	आधुनिक	- modern
ठीक	- right	अलग अलग	- different
राज्य	- state	तापनि	- yet, although
एकै	- one/same	भारतीय	- Indian
जिल्ला	- district	हो	- yes, is
होइन	- is not		

टिप्पणी NOTES

1.2.1. Sentences with different forms of copula verb and their negatives are introduced. Imperative sentences are also used. Look at the following examples:

ठीक हो।	(It) is right
मेरो घर मैसुर हो ।	My house is in Mysore (I belong to Mysore)
तपाईं पन्जाबको हुनुहुन्न । होइन ?	You are from Punjab. Aren't you ?
रवीन्द्रनाथ ठाकुर बङ्गालीका सबैभन्दा ठूला लेखक हुन्।	Rabindranath Tagore is the greatest writer of Bengali.
हामी अलगअलग भाषा भाषी पनि हौं।	We are different language speakers also.
तर पनि हामी एकै हौं।	Yet we are one.
हामी एउटै राज्यका होइनौं ।	We do not belong to the same state.

1.2.2. Now note the paradigm

म....हुँ।	I am --- (sing /masc / fem.)
हामी ... हौं।	We are --- (pl / masc / fem)
तपाई... हुनुहुन्छ।	You are --- (high hon / sing / pl / masc / fem)
यो... हो।	It is --- (3rd per / sing / masc / fem / neut.)
रवीन्द्रनाथ ..हुनुहुन्छ ।	Rabindranath is --- (3rd per / sing / high hon / masc)

1.2.3. The corresponding negative forms of the above copula verbs are as follows:-

म... होइन।	I am not .....
हामी... होइनौं।	We are not .....
तपाईं .... हुनुहुन्न ।	You are not .....
यो .. होइन।	It is not ...
रविन्द्रनाथ .. होइनन् ।	Rabindranath is not ---

1.2.4. Observe the use of the following interrogative sentences used in the lesson.

i) के यो तपाईंहरूको पहिलो नेपाली पाठ हो ? Is this your first Nepali lesson?

ii) के तपाईं पन्जाबको हुनुहुन्न ? Aren't you from Punjab?

iii) तपाईंको जन्मथलो कहाँ हो ? Where is your birth place?

Note that the questions (i) and (ii) are those eliciting yes / no beginning answers. In such types के (a question particle) is optional,the question intonation is used. The third question uses the interrogative word कहाँ ' Where '.

1.2.5. In the sentence तुलसीदास, सूरदास, कबीरदास, मीरा सबै हिन्दीका प्रसिद्ध भक्त-कविहरू हुन् Tulsidas, Surdas, Kabirdas, Mira are all famous devotional poets in Hindi, the possessive case marker is का which is added before plural nouns.

हिन्दीको कवि	poet of Hindi
हिन्दीका कविहरू	poets of Hindi

Note the different pronouns and their possessive forms you have learnt so far.

In order to count nouns in Nepali an obligatory extra word is to be inserted between the numeral and the following noun.

जना → Human
वटा → Nonhuman

उनी एक जना लेखक हुन्। He is a writer (Middle honorific)
त्यो एउटा केटो हो। He is a boy (Non honorific)
मणिपुर एउटा राज्य हो। Manipur is a state (Neuter)

Note that एउटा is a compound form of एक + वटा

1.2.6. Some Pronouns and their possessive forms

म	I	मेरो	my, mine
तपाईं	you	तपाईंको	your
हामी	we	हाम्रो	our
ऊ	she / he	उसको	his / her

i) Interrogative words

के - what , को - who, कहाँ - where

ii) हौं 'are' is the affirmative 1st person plural of हुँ ' am'

हामी सबै भारतीय हौं We are all Indians.

iii) हुन् and होइनन् remain constant in both numbers and genders of the 3rd person middle honorific and non honorific.

तुलसीदास, सूरदास भक्ति-कविहरू हुन्। Tulsidas, Surdas are devotional poets
Singular middle honorific

इन्द्रबहादुर राई ठूलो लेखक हुन्। Indrabahadur Rai is a great writer.

iv) You may note the negative forms of the copula verbs.

होइन ' not, no, neg. form of हो 3rd person singular present tense. e.g.

मणिपुर मेरो जन्मथलो होइन। Manipur is not my birth place.
अहँ, म बङ्गालको होइन। No, I do not belong to Bengal.

v) हुनुहुन्न is / are not is the negative form of हुनुहुन्छ, 2nd person singular/plural present tense. eg.

Sing. तपाईं यू.पी.को हुनुहुन्न। You are not from U.P.
Plural. तपाईंहरू यू.पी.का हुनुहुन्न। You are not from U.P.

vi) होइन 'is it not' some times used as a tag question e.g

तपाईंको मातृभाषा पन्जाबी हो, होइन ? You mother tongue is Punjabi, isn't it?

vii) होइनौं ' We are not ' is the negative form of हौं. e.g.

हामी एउटै राज्यका होइनौं We are not from the same state.

viii) Observe the use of हो to indicate agreement / acceptance (meaning yes) / question / answer .

के यो नेपाली पाठ हो ?	is this (a) Nepali lesson ?
हो, यो नेपाली पाठ हो।	Yes, this is (a) Nepali lesson.

1.2.7. का is the honorific / plural counterpart of the postposition को, e.g.

रवीन्द्रनाथ ठाकुर बङ्गालीका सबैभन्दा ठूला कवि हुन् ।

हुनुहुन्न 'is / are not' is the negative form of हुनुहुन्छ, 3rd person but in the case of high honorific it is singular and plural both. e.g.,

इबोङचा र हरभजन एउटै राज्यका हुनुहुन्न।	Ibongcha and Harbhajan do not belong to one state.(pl high hon)
रवीन्द्रनाथ ठाकुर भक्ति कवि हुनुहुन्न।	Rabindranath Tagore is not a devotional poet. (Sing high hon)
तुलसीदास र मीरा आधुनिक कविहरू हुनुहुन्न।	Tulsidas and Mira are not modern poets.(Plural high hon)

एकाइँ १ Unit 1

पाठ - ३ Lesson - 3

दिदी र बहिनी
Elder sister and younger sister

संवाद DIALOUGE

दिदी	: नानी, त्यो काँक्रो र टमाटर ले ले। बैगुन र भिन्डी पनि ले त।	Elder sister : Baby, bring that cucumber and tomato. Bring brinjal and ladies fingers also.
बहिनी	: हुन्छ दिदी, यी तरकारीहरू यहाँ छन्। छुरी पनि यहीं छ। दिदी, तिमी नै लेऊ।	Younger sister: Yes sister, these vegetables are here. Here is the knife also. You please take.
दिदी	: नानी, यो के हो ? मेरो छुरी यही हो त ?	Elder sister : Baby, what is this? Is it my knife?
बहिनी	: होइन नि। यो तिम्रो छुरी होइन। यो त बाबाको खुकुरी हो। यो एकदम लाग्ने छ। यो राम्रो खुकुरी हो।	Younger sister: No, it is not your knife. It is father's Khukuri. It is very sharp. It is a good Khukuri.
दिदी	: खुकुरी नले। मेरै छुरी दे न। यो खुकुरी बाबाकै दराजमा राख्।	Elder sister : Don't bring Khukuri. Give me my knife. (You) keep this Khukuri in daddy's shelf.
बहिनी	: तिम्रो छुरी चाहिँ कहाँ छ दिदी ?	Younger sister: Where is your (own) knife, sister ?
दिदी	: त्यो भान्साघरमै छ । त्यहाँ हेर् न।	Elder sister : That is in the kitchen itself. Look there.
बहिनी	: के त्यहीं आल्मारीभित्र छ ?	Younger sister: Is it there in the almirah itself ?
दिदी	: होइन। त्यो त दराजमाथि छ।	Elder sister : No. That is on the cupboard.
बहिनी	: यहाँ दुइटा छुरी छन्। यो सानो र यो ठूलो।	Younger sister: Here are two knives. This (is) small and this (is) big.
दिदी	: यो ठूलो छुरी लैजा। त्यो सानो चाहिँ दे।	Elder sister : Take the big knife away. Give me the small one.

बहिनी : दिदी, मलाई त्यो ठूलो टमाटर देऊ न।

दिदी : ला। टमाटर त स्वास्थ्यको लागि राम्रो हो।

बहिनी : दिदी, काँक्रो पनि स्वास्थ्यको लागि राम्रो हो, होइन ?

दिदी : हो हो। काँक्रो र टमाटर दुवै जिउको लागि राम्रो हो। यो टमाटर र काँक्राको टुक्रा लैजा। राम्ररी धो र खा।

बहिनी : हुन्छ दिदी।

Younger sister: Sister, please give me that big tomato.

Elder sister : (You) take (it). Tomato is good for health.

Younger sister: Sister, cucumber also is good for health. Isn't it ?

Elder sister : Yes. Cucumber and tomato both are good for health. You take this tomato and a piece of cucumber. Wash well and eat.

Younger sister: Alright sister.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

a. 1. तँ काँक्रो र टमाटर ले ले।
2. तँ ठूलो छुरी लैजा।
3. तँ खुकुरी बाबाको दराजमा राख्।
4. तँ काँक्रो खा।
5. तिमी छुरी लेऊ।

b.1. दिदी, मलाई त्यो ठूलो टमाटर देऊ न।
2. बहिनी, त्यो सानो छुरी लेऊ न।
3. मीरा, ती तरकारीहरू लैजा न।
4. बहिनी, सबै टमाटरहरू दराजमा राख् न।
5. नन्दिनी, राम्रो काँक्रा चाहिँ खा न।

c. 1. यी तरकारीहरू यहाँ छन्।
2. तिम्रो छुरी पनि यहीं छ।
3. यहाँ दुइटा छुरी छन्।
4. भान्साघरमा काँक्रा र टमाटरहरू छन्।
5. सानो र ठूलो छुरी यहीं छन्।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

राख।
दराजमा
दराजमा राख।
बाबाकै
बाबाकै दराजमा राख।
खुकुरी
खुकुरी बाबाकै दराजमा राख।

यो
यो खुकुरी बाबाकै दराजमा राख।

1. ले ले।
टमाटर ले ले।
काँक्रो र टमाटर ले ले।
त्यो काँक्रो र टमाटर ले ले।
नानी, त्यो काँक्रो र टमाटर ले ले।

2. लैजा।
टुक्रा लैजा।
काँक्राको टुक्रा लैजा।
टमाटर र काँक्राको टुक्रा लैजा।
यो टमाटर र काँक्राको टुक्रा लैजा।

3. देऊ न।
टमाटर देऊ न।
ठूलो टमाटर देऊ न।
त्यो ठूलो टमाटर देऊ न।
मलाई त्यो ठूलो टमाटर देऊ न।
दिदी, मलाई त्यो ठूलो टमाटर देऊ न।

4. लेऊ न।
छुरी लेऊ न।
सानो छुरी लेऊ न।
त्यो सानो छुरी लेऊ न।
बहिनी, त्यो सानो छुरी लेऊ न।

5. खा।
काँक्रा चाहिँ खा।
राम्रो काँक्रो चाहिँ खा।
नन्दिनी, राम्रो काँक्रा चाहिँ खा।

6. छ ।
लाग्ने छ।
एकदम लाग्ने छ।
यो एकदम लाग्ने छ।

7. छ।
यहीं छ।
छुरी पनि यहीं छ।
तिम्रो छुरी पनि यहीं छ।

8. छन्।
छुरी छन्।
दुइटा छुरी छन्।
यहाँ दुइटा छुरी छन्।

9. छन्।
टमाटरहरू छन्।
काँक्रा र टमाटरहरू छन्।
भान्साघरमा काँक्रा र टमाटरहरू छन्।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model नानी, त्यो काँक्रो ले ले।
बैगुन
नानी, त्यो बैगुन ले ले।

1. बहिनी, त्यो खुकुरी ले ले।
छुरी
टमाटर

2. नन्दिनी त्यो टमाटर धो।
खा
दे
लैजा
ले
राख्

3. छुरी भान्साघरमा छ।
आल्मारीभित्र
दराजमाथि

4. यहाँ दुइटा छुरी छन्।
शिल्डी
टमाटर

काँक्रा
खुकुरी

IV. पुनःकथन अभ्यास Restatement Drill

नमूना Model a. नानी, काँक्रा र टमाटर ले ले।
काँका र टमाटर ले ले, नानी।

1. बहिनी, खुकुरी र छुरी ले ले।
2. त्यो खुकुरी बाबाकै दराजमा राख।
3. दिदी, मलाई त्यो ठूलो टमाटर देऊ न।
4. नानी, छुरी भान्साघरमा छ।
5. बहिनी, यहाँ दुइटा छुरी छन्।

नमूना Model b. त्यो छुरी आल्मारीमाथि राख्।
आल्मारीमाथि त्यो छुरी राख्।

1. यो काँक्रा र टमाटर भान्साघरमा राख्।
2. त्यो भिन्डी र बैगुन दराजमा राख्।
3. यो खुकुरी चाहिँ आल्मारीमाथि राख्।
4. त्यो काँक्रो पनि भान्साघरमा राख्।

V. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. यो बाबाको खुकुरी हो।
यो बाबाको खुकुरी होइन।

1. यो रामो खुकुरी हो।
2. टमाटर स्वास्थ्यको लागि रामो हो।
3. त्यो काँक्रो हो।
4. यो भान्साघर हो।

नमूना Model b. मलाई छुरी नदे।
मलाई छुरी दे।

1. खुकुरी नले।
2. काँको भान्साघरमा नराख।
3. ल्यौ ठूलो छुरी नलैजा।
4. मलाई खुकुरी नदेऊ।

नमूना Model c. छुरी आल्मारीभित्र छ
के छुरी आल्मारीभित्र छ?

1. टमाटर भान्साघरमा छ ?
2. बैगुन दराजमाथि छ ?
3. काँक्रो जिउको लागि राम्रो हो ?
4. मेरो छुरी यही हो ?

नमूना Model d. भान्साघरमा काँक्रो छ ।
भान्साघरमा काँक्रो छैन ।

1. आल्मारीमा एउटा ठूलो छुरी छ ।
2. भान्साघरमा एउटा लाग्ने छुरी छ ।
3. दराजमा एउटा राम्रो किताब छ ।

नमूना Model e. भान्साघरमा भिन्डी र बैगुन छन् ।
भान्साघरमा भिन्डी र बैगुन छैनन् ।

1. दराजमा राम्रा राम्रा किताब छन् ।
2. तिम्रा खुकुरीहरू भान्साघरमा छन् ।
3. क्लासमा सबै प्रशिक्षार्थीहरू छन् ।

नमूना Model f. यो किताब लैजाऊ ।
यो किताब नलैजाऊ ।

1. त्यो खुकुरी लैजाऊ ।
2. त्यो छुरी ले ।
3. ती किताव ल्याऊ ।
4. यी सबै तरकारी राख ।
5. यो किताब तिमी नै लेऊ ।

VI. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model a. के त्यो दिदीको छुरी हो ?
होइन। त्यो बाबाको खुकुरी हो।

1. के बैगुन स्वास्थ्यको लागि राम्रो हो ?
2. के छुरी आल्मारीभित्र छ ?
3. के तिग्रो छुरी चाहिँ भान्साघरमा छ ?
4. के बैगुन र भिन्डी दराजमाथि छन् ?

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate words from the choices given.

1. तिम्रो छुरी यहाँ ___। (छ, छन्, हो)
2. यी तरकारीहरू यहाँ ___। (छ, हो, छन्)

3. यो खुकुरी एकदम लाग्ने ___। (छन्, हो, छ)
4. यो बाबाको खुकुरी ___। (छ, हो, छन्)
5. त्यो हाम्रो दराज ____। (हो, हुन्, छन्)

II Complete the sentences using the appropriate forms of the words given.

1. दिदी, तिम्रो छुरी _____। (ले)
2. बहिनी, त्यो काँक्रो _____। (दे)
3. तिमी टमाटर पनि _____। (खा)
4. नानी, यो खुकुरी बाबाकै दराजमा ____। (राख)
5. दिदी, काँक्रो राम्ररी __। (धो)

III. Rewrite as instructed.

1. यो खुकुरी हो। (Change into negative)
2. त्यो छुरी आल्मारी भित्र छैन। (Change into affirmative)
3. काँक्रा र टमाटर स्वास्थ्यको लागि राम्रो हो। (Change into interrogative)
4. खुकुरी दराजमाथि छ। (Change into interrogative negative)
5. के तिम्रो छुरी त्यहाँ छैन ? (Change into affirmative)

IV. Complete the sentences using the appropriate words.

1. नानी, काँक्रो र भिन्डी _____।
2. यो टमाटर राम्ररी _____।
3. यो ठूलो छुरी _____।
4. यहाँ दुइटा भिन्डी ___।
5. काँक्रो स्वास्थ्यको लागि राम्रो ___।

V. Complete the sentences using the verb forms हो, छ and छन् in appropriate places.

यो सानो छुरी ____। यी सबै साना छुरी ____। यहाँ दुइटा छुरी ____ । तरकारीहरू भान्साघरमा __। त्यहाँ टमाटर पनि ____। खुकुरी चाहिं दराजमाथि __। यो बाबाको खुकुरी ___।

VI. Use the given words in sentences.

ल्याऊ, नल्याऊ, ले ले, नले, धो, नधो लैजा, नलैजा, देऊ, नदेऊ, छन्, छैनन्, हो, होइन, हुन्, होइनन् ।

शब्दावली VOCABULARY

काँक्रो	Cucumber	टमाटर	tomato
बैगुन	brinjal	भिन्डी	ladies finger
पनि	also	सब्जी	vegetable
छुरी	knife	लेऊ/ला	take (ला non hon. sing)
यही	it/this	बाबा	father

एकदम	very	लाग्ने	sharp
दे/देऊ	give	राख	keep
कहाँ	where	त्यो	that
भान्साघर	kitchen	हेर्	look
हेर्नु	to look	त्यहाँ	there
आल्मारी	almirah	माथि	on/above
सानो	small	ठूलो	big
स्वास्थ्य	health	टुक्रो	piece
धो	wash	जिउ	health, body
खानु	to eat	दराज, ताक	self, cupboard

टिप्पणी NOTES

1.3.1. Imperative sentences with 2nd person singular nonhonorific and singular middle honorific verb forms are introduced in this lesson.

i) Second person singular non honorific masculine /feminine.

तँ ले ले	' bring ' :	मेरो छुरी ले ले ।	Bring my knife. (Non honorific)
तँ ला	take it	टमाटर ला।	Take this tomato. (Non honorific)
तँ लैजा	take away	ठूलो छुरी लैजा।	Take away the big knife'. (Non honorific)
तँ दे	give it	सानो छुरी दे।	Give the small knife. (Non honorific)
तँ धो	wash	टमाटर राम्ररी धो।	Wash the tomato well. (Non honorific)
तँ खा	eat	काँक्रो खा।	Eat the cucumber (Non honorific)
तँ राख्	keep	खुकुरी बाबाको दराजमा राख	Keep the Khukuri in daddy's shelf.

ii) Second person singular middle honorific.

दिदी, तिमी लेऊ।	(Elder) sister (you) please take.
दिदी, मलाई त्यो ठूलो टमाटर देऊ न।	(Elder) sister, please give (me) that big tomato.

1.3.2. i) Demonstrative pronouns (proximate and remote in singular) are used as follows: e.g.

यो	this	यो सानो छुरी हो।	This is a small knife (prox.).
त्यो	that	त्यो भान्साघरमा छ।	That is in the kitchen (remote).

ii) Note that यो and त्यो are used in demonstrative adjectives as well.

यो छुरी	this knife
त्यो छुरी	that knife

iii) Demonstrative location and adverbs (proximate and remote) may also be noted, e.g.,

यहाँ	here	यहाँ दुइटा छुरी छन्	Here are two knives. (prox.)
त्यहाँ	there	त्यहाँ एउटा सानो छुरी छ	There is a small knife.
त्यहाँ हेर्	look there		

1.3.3. See the locative postpositions.

मा	in	छुरी भान्साघरमा छ।	The knife is in the kitchen
भित्र	inside	खुकुरी दराजभित्र छ।	The Khukuri is inside the shelf
माथि	on	त्यो दराजमाथि छ।	That is on the cupboard.

1.3.4. Observe the use of the verb form छ to indicate existence, availability possession etc which is different from हो.

यहाँ एउटा छुरी छ।	A knife is (available) here.
यो ताकमाथि छ।	It is (available) on the cupboard .
यहाँ दुइटा छुरीहरू छन्।	Two knives are (available) here.

1.3.5. Note the use of the underlined particles in the given sentences

मेरो छुरी दे न। Give me my knife. (न indicates politeness and intimacy)

होइन नि, तिम्रो छुरी होइन। No, it is not your knife. (नि means definiteness / certainty)

तिम्रो छुरी चाहिं कहाँ छ ? Where is your (own) knife? (चाहिं indicates particularization)

त्यो सानो चाहिं दे। Give me the small one. (चाहिं indicates particularization)

त्यो भन्साघरमा छ त। That is in the kitchen itself (त denotes emphasis)

1.3.6. Read the following sentences from the lesson.

नानी, त्यो काँक्रो र टमाटर ले।	Baby, bring that cucumber and tomato.
यो सानो र यो ठूलो।	This (is) small and this (is) big.
यो टमाटर र काँक्राका टुक्रा लैजा।	Take this tomato and a piece of cucumber.
राम्ररी धो र खा।	Wash well and eat.

Note that the suffix -र is used as a conjunction between two words and two sentences in Nepali.

1.3.7. In the sentence खुकुरी तरकारीका लागि होइन। Khukuri is not for vegetables. का लागि indicates the meaning of **for** or **for the sake of** indicating the beneficiary.

1.3.8. Note this adjective adverb pair राम्रो beautiful, nice and राम्ररी beautifully / nicely.

1.3.9. Deletion of the equative verb हो is possible in Nepali. If pragmatically understood, the equative verb हो is often deleted ; e.g.

यहाँ दुइटा छुरी(हरू) छन् । यो सानो र यो ठूलो ।

i) Oblique case

When the -ओ ending nouns like काँक्रो take the postposition -ओ they become -औ ending. e.g.

काँक्रो + को = काँक्राको लागि For the sake of cucumber.

1.3.10. Use of दे,ले, धो, छ, हो

Two ए ending monosyllabic roots ले and दे become लि and दि while the three ओ ending roots धो,छो and हो change respectively धु,छु and हुँ before nasals or if they are nasalized :

दे : दिनु, दिँदा, दिन्छ, ले : लिनु, लिँदा, लिन्छु

धो : धुनु, धुँदा, धुन्छ हो : हुन्, हुनु, हुँदा, हुन्छ, हुन्छु
छो : छुनु, छुँदा, छुन्छु

1.3.11. The middle hon, verb forms are derived by adding the sufiixes -ऊ or -अ

i) ऊ after the vowel ending roots like दे, ले, हो, छो, धो
eg. दे + ऊ = देऊ, ले + ऊ = लेऊ, धो + ऊ = धोऊ

तँ दे	You give (non-hon.).
तँ टमाटर धो	You wash the tomato (non-honorific masc / fem).
तिमी देऊ	You give (middle honorific masc / fem).
तिमी टमाटर धोऊ	You wash the tomato (middle honorific masc / fem).

ii) -अ after consonant ending roots eg.

तँ गर्	You do (non honorific / masc / fem).
तँ लेख्	You write (non honorific masc / fem).
तिमी गर	You do (middle honorific / masc / fem).
तिमी लेख	You write (middle honorific / masc / fem).

Observe the difference:

तँ किताब ले	you bring the book (non honorific masc / fem).
तिमी किताब ल्याऊ	you bring the book (middle honorific masc / fem).
तपाईं किताब ल्याउनुहोस्	you bring the book (high honorific masc / fem).
तँ किताब लैजा	you take away the book (non honorific masc/ fem).
तिमी किताब लैजाऊ	you take away the book (middle honorific masc/ fem).
तपाईं किताब लैजानुहोस्	you take away the book (high honorific masc / fem).
तपाईं किताब लानुहोस्	you take away the book (high honorific masc / fem).

ल्याऊ (लि + आऊ= ल्याऊ) (you) bring and लैजाऊ (लि + जाऊ= लैजाऊ) take are compound verbs.

Cultural restriction

Second person singular non honorific masculine / feminine तँ is commonly used within family members and with very intimate friends. It is therefore suggested that तँ should be replaced by तिमी to the listeners who are about twelve / thirteen years old and by तपाईं if the listener is above fifteen/sixteen years old.

एकाइँ १
Unit 1

पाठ - ४
Lesson - 4

नयाँ साथी
New friend

संवाद DIALOGUE

काका	: रवि, त्यो को केटो हो ?	Uncle : Ravi, who is that boy ?
रवि	: ऊ मेरो नयाँ साथी हो, काका।	Ravi : He is my new friend, uncle.
काका	: ए, तिम्रो नाम के हो ?	Uncle : Fine. What is your name?
प्रदीप	: नमस्ते काका। मेरो नाम प्रदीप कुमार हो। म कलकत्ताको हुँ।	Pradeep: Namaste uncle. My name is Pradeep kumar. I am from Kolkata.
काका	: प्रदीप, हाम्रो रविका थुप्रै साथीहरू छन्। अब त तिमी पनि उसको साथी हौ।	Uncle : Pradeep, our Ravi has many friends. Now you are also his friend.
प्रदीप	: हो काका। हामी दुई असल साथी हौं।	Pradeep: Yes, uncle. We both are good friends.
काका	: रवि, तिमीहरूको क्लासमा कतिजना केटाहरू र कतिजना केटीहरू छन् ?	Uncle : Ravi, how many boys and girls are there in your class ?
रवि	: काका, हाम्रो क्लासमा सत्रजना केटा(हरू) र चौधजना केटी(हरू) छन्।	Ravi : Uncle, in our class there are seventeen boys and fourteen girls.
काका	: ती सबै केटाकेटीहरू तिम्रा साथी हुन् र ?	Uncle : Are all those children your friends?
रवि	: हो काका, सबै केटाकेटीहरू मेरा साथी हुन्।	Ravi : Yes uncle, all the boys and girls are my friends.
प्रदीप	: ती मेरा पनि साथीहरू हुन्।	Pradeep: They are all my friends too.
काका	: बड़ा राम्रो। अनि तिम्रो चाहिँ घर कहाँ छ, प्रदीप ?	Uncle : That is very good. And where is your house, Pradeep ?

प्रदीप : हाम्रो घर दार्जीलिङमा छ काका। सुनदहको छेउमा छ।

काका : तिम्रो घरमा को को छन् ? तिम्रा दाजु-भाइहरू पनि छन् ?

प्रदीप : छन् काका। घरमा मेरा बाबा, आमा, दाजु र दिदी छन्। हाम्रा बहिनी छैनन्।

काका : प्रदीप, क्लासमा रविको सबभन्दा मिल्दो साथी को छ ?

प्रदीप : अङ्कुर र म उसका सबभन्दा मिल्दा साथीहरू हौं, काका।

काका : अङ्कुर को हो ?

रवि : काका, अङ्कुर हाम्रो स्कूलको राम्रो क्रिकेट खेलाड़ि हो।

काका : ए, अनि, केटीहरूमा तिम्रो सबभन्दा मिल्दो साथी को छ ?

रवि : ती सबै हाम्रै साथीहरू हुन्। केही फरक छैन।

काका : रवि, सबै साथीहरूलाई एकएक गरेर घरमा ल्याऊ है।

रवि : हुन्छ काका।

प्रदीप : काका, त्यो दराजमाथिका मोटा - मोटा किताबहरू के हुन् ?

काका : ती सबै शब्दकोष(हरू) हुन्। मसित अङ्ग्रेजी-नेपाली र अङ्ग्रेजी-बङ्गला-शब्दकोषहरू छन्। त्यहाँ अङ्ग्रेजी-हिन्दी शब्दकोष पनि छ।

प्रदीप : अनि त्यो ठूलो किताब ?

काका : त्यो नेपाली कथा-सङ्ग्रह हो। त्यो लैजाऊ र पढ़। त्यो किताब खुब राम्रो छ।

Pradeep: Uncle, our house is in Darjeeling. It is near Sonada.

Uncle : Who are all there in your home? Do you have your brothers also?

Pradeep: Yes uncle. I have my father, mother, older brother and elder sister in my home. We have no younger sisters.

Uncle : Pradeep who is Ravi's fast friend in the class ?

Pradeep: Ankur and I are his good friends, uncle.

Uncle : Who is Ankur ?

Ravi : Uncle, Ankur is a good cricketer of our school.

Uncle : O.K. Among girls who is your best friend ?

Ravi : All of them are our friends. There is no difference.

Uncle : Ravi, you bring all your friends one by one to (my) home. O.K.

Ravi : O.K. Uncle.

Pradeep: Uncle, what are those thick books on the shelf ?

Uncle : Those are all dictionaries. I have English-Nepali and English-Bengali dictionaries. There is also an English Hindi dictionary.

Pradeep: And that big book ?

Uncle : That is a collection of Nepali stories. You take it and read. That is a very good book.

मौखिक अभ्यास DRILLS

I. आवृति अभ्यास Repetition Drill

a. 1. ऊ मेरो नयाँ साथी हो।
2. हामी दुई असल साथी हौं।
3. ती मेरा पनि साथीहरू हुन्।
4. तिमी पनि उसका साथी हौ।

b. 1. हाम्रो घर दार्जीलिंङमा छ।
2. घर सुनदहको छेउमा छ।
3. रविको सबभन्दा मिल्दो साथी को छ ?
4. तिम्रो मिल्दो साथी को छ ?

c. 1. मेरा दिदी-बहिनी छन्।
2. तिम्रा केटी साथीहरू पनि छन् ?
3. तिम्रा दाजु-भाइहरू पनि छन् ?
4. तिम्रा अरू विद्यार्थी साथीहरू पनि छन्?

d. 1. उनीहरू सबै मेरा भाइ हुन्।
2. यी सबै राम्रा किताब हुन्।
3. त्यो दराजको मोटो किताब के हो ?
4. तिम्रा घरका कोषहरू के के भाषाका हुन् ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model. हुन् ।
साथीहरू
साथीहरू हुन्
मेरा पनि
मेरा पनि साथीहरू हुन्
ती
ती मेरा पनि साथीहरू हुन्।

1. हुन्
साथी हुन्।
मेरा साथी हुन्।
सबै केटाकेटीहरू मेरा साथी हुन्।
हो काका, सबै केटाकेटीहरू मेरा साथी हुन्।

2. हो
खेलाडि हो।
क्रिकेट खेलाडि हो।
राम्रो क्रिकेट खेलाडि हो।
अङ्कुर राम्रो क्रिकेट खेलाडि हो।
काका, अङ्कुर राम्रो क्रिकेट खेलाडि हो।

3. हौं
साथीहरू हौं।
मिल्दा साथीहरू हौं।
सबभन्दा मिल्दा साथीहरू हौं।
उसका सबभन्दा मिल्दा साथीहरू हौं।
अङ्कुर र म उसका सबभन्दा मिल्दा साथीहरू हौं।

4. छ
छेउमा छ।
सुनदहको छेउमा छ।
दार्जीलिंङमा सुनदहको छेउमा छ।

घर दार्जीलिङमा सुनदहको छेउमा छ।
हाम्रो घर दार्जीलिङमा सुनदहको छेउमा छ।

5. छन्
शब्दकोषहरू छन्।
बङ्गला शब्दकोषहरू छन्।
अङ्ग्रेजी-बङ्गला शब्दकोषहरू छन्।
नेपाली र अङ्ग्रेजी-बङ्गला शब्दकोषहरू छन्।
अङ्ग्रेजी-नेपाली र अङ्ग्रेजी-बङ्गला शब्दकोषहरू छन्।
मसित अङ्ग्रेजी नेपाली र अङ्ग्रेजी-बङ्गला शब्दकोषहरू छन्।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model म कलकताको हुँ।
दार्जीलिङको
म दार्जीलिङको हुँ।

1. म पश्चिम बङ्गाल को हुँ।
पन्जाबको
मणिपुरको
असमको
कर्नाटकको

2. यी राम्रो किताब हुन्।
ठूला
साना
मोटा
मेरा
तपाईंका
तिम्रा
हाम्रा
उनका

3. किताब खुब राम्रो छ।
कोष
पाठ
घर
केटो
दराज
खुकुरी
छुरी

4. हाम्रो रविका थुप्रै साथीहरू छन्।
भाइहरू
दिदीहरू
शिक्षकहरू
बहिनीहरू
दाजुहरू
विद्यार्थीहरू

IV. रूप-परिवर्तन अभ्यास Conversion Drill

नमूना Model a. ऊ मेरो नयाँ साथी हो।
उनीहरू मेरा नयाँ साथीहरू हुन्।

1. ऊ मेरा विद्यार्थी हो।
2. ऊ मेरी बहिनी हो।
3. ऊ मेरी दिदी हो।

नमूना Model b. यो मेरो किताब हो ।
यी मेरा किताब हुन् ।

1. यो मेरो छुरी हो।
2. यो मेरो कोष हो।
3. यो मेरो घर हो ।

नमूना Model c. रविको मिल्दो साथी छ।
रविका मिल्दा साथी छन्।

1. रविको राम्रो साथी छ।
2. रविको ठूलो दाजु छ।
3. अङ्कुरको राम्रो खेलाड़ि साथी छ।
4. अङ्कुरको सानो भाइ छ।
5. उसको राम्रो नेपाली कथा सङ्ग्रह छ।

V पुनःकथन अभ्यास Restatement Drill

नमूना Model ऊ मेरो नयाँ साथी हो।
मेरो नयाँ साथी उ हो।

1. ऊ मेरो राम्रो विद्यार्थी हो।
2. ऊ मेरो सानो भाइ हो।
3. ती मेरा साथीहरू हुन्।
4. यी तिम्रा साथी हुन्।
5. तिमी उसको साथी हौ।

VI रूपान्तरण अभ्यास Transformation Drill

नमूाना Model a. ती सबै केटाकेटीहरू मेरा साथी हुन्।
ती सबै केटाकेटीहरू मेरा साथी होइनन्।

1. यी सबै मेरा किताब हुन्।
2. यी सबै मेरा कोष हुन्।
3. उनीहरू सबै तिम्रा साथी हुन्।
4. ती सबै मिल्दा साथी हुन्।
5. ती सबै मेरा दिदीहरू हुन्।

नमूना Model b. तिमी उसका साथी हौ।
तिमी उसका साथी होइनौ।

1. तिमी उसका भाइ हौ।
2. तिमी उसका दाजु हौ।
3. तिमी मेरा विद्यार्थी हौ।
4. तिमी क्रिकेट खेलाड़ि हौ।
5. तिमी अङ्कुरको भाइ हौ।

नमूना Model c. हामी दुई असल साथी हौं।
हामी दुई असल साथी होइनौं।

1. हामी सबै विद्यार्थी हौं।
2. हामी सबै नेपाली भाषी हौं।
3. हामी सबै खेलाड़ि हौं।
4. हामी सबै कलकताका हौं।
5. हामी सबै तपाईंका साथी हौं।

नमूना Model d. ती मेरा साथीहरू हुन् ।
के ती मेरा साथीहरू हुन ?

1. हामी दुई असल साथी हौं।
2. म कलकताको हुँ।
3. तिमी उसका साथी हौ।
4. तिम्रा दाजु-भाइ छन्।
5. अङ्कुर राम्रो क्रिकेट खेलाड़ि हो।

नमूना Model e. तिम्रा दाजुभाइ छन्।
तिम्रा दाजुभाइ छन् र ?

1. ती मेरा साथी हुन्।
2. तिमी पनि उसको साथी हौ।
3. रविका थुप्रै साथी छन् ।
4. हामी दुवै असल साथी हौं।
5. क्लासमा सत्रजना केटा छन्।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. रविका _____ साथीहरू छन्। (थुप्रै, सबभन्दा, बड़ा,पनि,)
2. सबै विद्यार्थीहरू मेरा साथी _____। (हुन्, छन्, हो, हुनुहुन्छ)
3. अङ्कुर र म रविका सबभन्दा मिल्दा साथी _____। (हो, हुन्, हौं, छन्)

4. ताकमाथि ठूलाठूला किताबहरू _____। (हो, हुन्, छन्, छ)
5. हाम्रा कक्षाका साथीहरू राम्रा _____। (हो, छन्, हौं, छन्)

II Complete the sentences using the appropriate words.

1. हाम्रा क्लासका केटाकेटीहरू हाम्रा साथी _____।
2. रविको नयाँ साथी प्रदीप _____।
3. तिम्रो चाहिं घर कहाँ _____ ?
4. त्यो नेपाली कथासङ्ग्रह _____।
5. हिन्दी र अङ्ग्रेजीका शब्दकोषहरू _____।
6. भान्साघरको दैलो ___।
7. तिमीहरू राबै जाती नै _____।
8. नानी, तँ यसरी खोलमा _____।
9. उहाँका आँखा राम्रै _____।
10. बाजे बाहिर फूलबारीमा _____।

III. Match suitably and make sentences.

A	B
1. सबै केटाकेटीहरू	a. दार्जीलिङमा छ।
2. तिम्रा सबै साथीहरूलाई	b. रवि हो।
3. हाम्रो घर	c. साथी हौ।
4. उसको मिल्दो साथी	d. घरमा ल्याऊ है।
5. तिमी दुई असल	e. तिम्रा साथी हुन्।

IV. Answer the given questions with reference to the dialogue of the lesson.

1. प्रदीप कहाँको केटा हो ?
2. रविको मिल्दो साथी को हो ?
3. रविको क्लासमा केटा कतिजना र केटी कतिजना छन् ?
4. दार्जीलिङमा सुनदहको छेउमा कसको घर छ ?
5. कसका बहिनीहरू छैनन् ?
6. अङ्कुर को हो ?
7. ठूलो किताब के हो ?
8. नेपाली कथा सङ्ग्रह कस्तो छ ?
9. काकासित के के कोष छन् ?
10. प्रदीपका घरमा को को छन् ?

शब्दावली VOCABULARY

केटो	boy	ऊ	he/she
नयाँ	new	काका	paternal uncle, uncle
तिम्रो	your	धेरै	many

साथी	friend	तिमी	you
दुई	two	असल	good
कतिजना	how many	केटी	girl
सत्र	seventeen	चौध	fourteen
सबै	all	ती	they
पनि	also	बडा	very
घर	house	छेउ	near
गिल्दो साथी	close friend	खेलाडि़	player
फरक	difference	ल्याऊँ	bring
मोटो	thick, fat	शब्दकोष	dictionary
कथा सङ्ग्रह	collection of stories		

टिप्पणी NOTES

1.4.1. Pluralisation of Nouns and pronouns are introduced. Sentence patterns are with हो and छ verbs and also imperative verb forms.

i) To pluralise a noun -हरू is optionally suffixed. eg,

साथी	friend	साथी(हरू)	friends
केटी	girl	केटी(हरू)	girls
किताब	book	किताब(हरू)	books
कथा	story	कथा(हरू)	stories
शब्दकोष	dictionary	शब्दकोष(हरू)	dictionaries

ii) In ओ ending words ओ tends to be आ before adding -हरू e.g.

केटो	boy	केटाहरू	boys
जन्मथलो	birth place	जन्मथलाहरू	birthplaces
मेरो साथी	my friend	मेरा साथीहरू	my friends
तिम्रो साथी	your friend	तिम्रा साथीहरू	your friends

iii) Before plural nouns and adjectives ending in -ओ also become -आ. But plural suffix --हरू is not added to the adjectives. e.g.

राम्रो केटो	good boy	राम्रा केटाहरू	good boys
ठूलो लेखक	great writer	ठूला लेखकहरू	great writers
मिल्दो साथी	good friend	मिल्दा साथीहरू	good friends

iv) Pluralisation affects possessive case also in the same way, e.g.

रविको साथी	Ravi's friend	रविका साथीहरू	Ravi's friends
हिन्दीको कवि	Hindi's poet	हिन्दीका कविहरू	Hindi's poets
उसको साथी	his friend	उसका साथीहरू	his friends

मेरो छुरी	my knife	मेरा छुरीहरू	my knives
हाम्रो किताब	our book	हाम्रा किताबहरू	our books
तिम्रो भाइ	your brother	तिम्रा भाइहरू	your brothers उसको
काका	his uncle	उसका काकाहरू	his uncles

v) Note the pluralisation in pronouns also.

म	I	हामी	we
तिमी	you	तिमीहरू	you (pl.)
Sometimes the form		हामीहरू	we (double plural form) is also used.

1.4.2. Note the use of different sentences with छन् verb in both numbers. To make the plural form of छ, suffix -न is added (छ+-न् = छन्)

मेरो घर दार्जीलिङमा छ।	My home is in Darjeeling.
तिम्रो मिल्दो साथी को छ ?	Who is your good friend ?
रविका थुप्रै साथीहरु छन् ।	Ravi has many friends.
हाम्रो क्लासमा सत्रजना केटाहरु छन्।	There are seventeen boys in our class.
मेरो घरमा बाबा, आमा र दाजु छन्।	There are (my) father, mother and elder brother in my house .

1.4.3. To indicate acceptance the word हुन्छ is also used, e.g.

i)	तिम्रा साथीहरूलाई मेरो घरमा ल्याऊ है ।	Bring your friends to my house.
	हुन्छ, काका ।	O.K. Uncle.
ii)	यो किताब पढ ।	Read this book.
	हुन्छ, म पढ्छु।	O.K. I read.

1.4.4.i) नै is an emphatic particle

तपाईं नै आउनुहोस्।	you please come (high-hon.)
तिमी नै आऊ।	you please come (middle-hon.)
तँ नै आइज।	you come (non-hon.)

ii) Emphatic suffix -ऐ and the particle नै are used as shown below.

Non-emphatic		Emphatic	
दार्जीलिङ्मा	in Darjeeling	दार्जीलिङै मै	in Darjeeling
सब साथी	all friends	सबै साथी	all friends
हाम्रो घर	our home	हाम्रै घर	our home

iii) Variant forms of नै

मा + नै = मै सब + नै = सबै हाम्रो + नै = हाम्रै

1.4.5. Distinguish between हो, छ, हुन्छ and हुनुहुन्छ।

i) हो is identificational

यो सानो छुरी हो This is a small knife.

यो ठूलो टमाटर हो This is a big tomato.
यो लाग्ने खुकुरी हो This is a sharp Khukuri.

ii) छ is used to show availability and also possessiveness.

छुरी भान्साघरमा छ The knife is in the kitchen.
छुरी दराजमाथि छ The knife is on the shelf.
छुरी दराजभित्र छ The knife is in the shelf.
मेरो एउटा मिल्दो साथी छ I have a good friend.
मसँग/मसित एउटा किताब छ I have a book.

1.4.6. Distinguish between छ and हुन्छ

छ indicates the quality of a particular object as against हुन्छ which denotes the general quality of the object.

यो छुरी लाग्ने छ। This knife is sharp.
छुरी फलामको हुन्छ। Knife is made of iron.
टमाटर रातो हुन्छ। Tomato is red.
यो टमाटर हरियो छ। This tomato is green.

1.4.7. हुनुहुन्छ is the high honorific counterpart of हो, छ and हुन्छ e.g.

		non honorific	high honorific
i)	**Identification**	त्यो विद्यार्थी हो।	उहाँ विद्यार्थी हुनुहुन्छ।
ii)	**Locational**	विद्यार्थी घरमा छ।	उहाँ घरमा हुनुहुन्छ।
iii)	Quality of a particular object	हरभजन अग्लो छ।	हरभजनजी अग्ला हुनुहुन्छ।
iv)	General quality of an object	शिक्षक शिक्षित हुन्छ।	शिक्षक शिक्षित हुनुहुन्छ।

1.4.8. Any statement can be changed into an interrogative sentence by adding the particle र् at the end. e.g.

ती सबै केटाकेटीहरू तिम्रा साथी हुन्। All those children are your friends.
ती सबै केटाकेटीहरू तिम्रा साथी हुन् र ? Are all those children your friends?
तिम्रा दाजुभाइहरू पनि छन्। You have your brothers also.
तिम्रा दाजुभाइहरू पनि छन् र ? Do you have your brothers also?

एकाइँ १
Unit 1

पाठ - ५
Lesson - 5

पुराना साथीहरूको भेट
Meeting of the old friends

संवाद DIALOGUE

गुरूङ : अरे, मेरो सामु को छ ? माथुर ? कस्तो छौ ? आऊ आऊ, बस।

माथुर : म ठीकै छु गुरूङ। तिमीलाई कस्तो छ ? श्रीमती अनि नानीहरूलाई कस्तो छ ?

गुरूङ : भगवानको दयाले हामी सबै जाती नै छौं । मेरी श्रीमती अचेल सिलगढ़ीको एउटा स्कूलमा शिक्षिका छे। त्यसैले अहिले उ दार्जीलिङमा छैन। मेरो छोरो समर दिल्लीमा इन्जिनियर छ। उसकी श्रीमती देविका एउटी डाक्टर हो। मेरी छोरी कृति र उसका श्रीमान पटनामा नै छन्। ज्वाइँ त्यहाँ राजस्व विभागमा अधिकृत हुनुहुन्छ।

माथुर : तिमी खुबै भाग्यमानी व्यक्ति हौ।

गुरूङ : तिम्रा छोरीहरूको के छ नि ?

माथुर : मेरी ठूली छोरी स्मृति इन्जिनियर हो । उसका श्रीमान् व्यापारी हुन्। सानी छोरी माधवी कृषि विज्ञानी हो। गुरूङ, यो फोटो कृतिको विवाहको होइन ?

गुरूङ : हो। कृति, उसका श्रीमान्, उसका सासू, ससुरा र देवर सबै त्यस फोटोमा छन् ।

Gurung : What a surprise! Who is in front of me? Mathur ? How are you ? Come, please sit.

Mathur : I am fine Gurung. How are you ? How are your wife and children?

Gurung : By the grace of God. We are all fine. Now a days my wife is (working as) a teacher in a school at Siliguri. So, she is not here now in Darjeeling. My son Samar is an engineer in Delhi. His wife Devika is a doctor. My daughter Kriti and her husband are in Patna. My son-in-law is an officer in the Revenue Department there.

Mathur : You are a very lucky person!

Gurung : What about your daughters?

Mathur : My elder daughter Smriti is an engineer. Her husband is a businessman. Younger daughter Madhavi is an agricultural scientist. Gurung, isn't this Kriti's wedding photo ?

Gurung : Yes. Kriti, her husband, her parents-in-law and brother-in law are all there in that photograph.

माथुर : अति राम्रो, कृतिका श्रीमानको नाम के हो ? केटो एकदम राम्रो छ त ।

गुरूङ : उनको नाम अभिनन्दन गुरूङ हो। उनी सारै राम्रा पनि छन्। हाम्री छोरी कृति साँच्चै भाग्यमानी केटी हो।

माथुर : ऊ पनि त राम्री छे।

गुरूङ : अब गलाई भन माथुर, तिम्री सानी छोरीको बिहेको कुरो कतै चलेको छ कि ?

माथुर : छ। एकजना इन्जिनियर केटो छ। ऊ मेरी श्रीमतीको साथी इन्दिराको छोरो अनुप हो ।

गुरूङ : बिहे कहिले छ ?

माथुर : यही आउँदो 20 नोभेम्बरमा ।

गुरूङ : राम्रो। यो एकदम खुसीको खबर हो ।

Mathur : Excellent. What is Kriti's husband's name ? He is a very handsome boy.

Gurung : His name is Abhinandan Gurung. He is a very affectionate boy. Our daughter Kriti is really a lucky girl.

Mathur : She is also a very beautiful and good girl.

Gurung : Now, tell me Mathur. Is there any marriage proposal for your younger daughter?

Mathur : Yes. There is an engineer boy. He is my wife's friend Indira's son Anup.

Gurung : When is the marriage ?

Mathur : On the 20th of coming November.

Gurung : Good. It is a very happy news.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. मेरो छोरो रामर दिल्लीमा छ।
2. हामी सबै जाती नै छौं।
3. उसका श्रीमान् व्यापारी हुन्।
4. ऊ पनि खुबै राम्री छे।
5. उसको श्रीमान् एकजना व्यवसायी हो।
6. उसकी श्रीमती देविका एउटी डाक्टर हो।
7. ऊ अहिले दार्जीलिङमा छैन।
8. ज्वाइँ त्यहाँ राजस्व विभागमा अधिकृत हुनुहुन्छ।
9. तिम्रा छोरीहरू कस्ता छन् ?
10. छोरीको बिहे यही 20 नोभेम्बरमा छ।
11. छोरीको बिहेको कुरो कतै चलेको छ कि ?
12. तिम्रा छोरीहरूको के छ नि ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model छ !
कस्तो छ।
तिमीलाई कस्तो छ ?
अहिले।
अहिले तिमीलाई कस्तो छ ?

1. सिलगढ़ीमा छे।
अहिले सिलगढ़ीमा छे।
श्रीमती अहिले सिलगढ़ीमा छे।
मेरी श्रीमती अहिले सिलगढ़ीमा छे।

2. हुन्।
व्यापारी हुन्।
श्रीमान् व्यापारी हुन्।
उसका श्रीमान् व्यापारी हुन्।

3. हुनहुन्छ।
अधिकृत हुनुहुन्छ।
विभागमा अधिकृत हुनुहुन्छ।
राजस्व विभागमा अधिकृत हुनुहुन्छ।
त्यहाँ राजस्व विभागमा अधिकृत हुनुहुन्छ।
ज्वाइ त्यहाँ राजस्व विभागमा अधिकृत हुनुहुन्छ।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model a. मेरी ठूली छोरी स्मृति इन्जिनियर हो।
शिक्षिका
मेरी ठूली छोरी स्मृति शिक्षिका हो।

1. मेरी छोरी माधवी कृषि विज्ञानी हो।
डाक्टर
प्रशिक्षार्थी
विद्यार्थी

2. मेरो छोरो समर दिल्लीमा छ।
पटनामा
दार्जीलिङमा
उडिसामा
मैसूरमा

नमूना Model b. मेरी नानी अचेल सिलगढ़ीमा छे।
छोरी
श्रीगती

1. उसकी श्रीमती पटनामा डाक्टर छे।
   दिदी
   बहिनी
   ठूली छोरी

2. मेरी बहिनी पनि विज्ञानी हो ।
   उहाँकी
   तिम्री
   उसकी
   हाम्री
   त्यसकी

नमूना Model c. उसका ज्वाइँ अधिकृत हुनुहुन्छ।
हाम्रा
उनका
इन्दिराका

1. देविकाका ससुरा इन्जिनियर हुनुहुन्छ।
   देवर
   दाजु
   बाबा

2. रविका काका दार्जीलिङमा छन् ।
   साथी
   सर
   दाजु
   बाबु

IV. पुनःकथन अभ्यास Restatement Drill

नमूना Model उनको नाम अभिनन्दन गुरूङ हो।
अभिनन्दन गुरूङ उनको नाम हो।

1. उनकी छोरी कृति हो।
2. उसकी श्रीमती डाक्टर हो।
3. माथुरकी सानी छोरी कृषिविज्ञानी हो।
4. उसका ससुराको फोटो यो हो।
5. मेरो छोरो अनुप हो।

V. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. मेरी श्रीमती सिलगढ़ीमा शिक्षिका छे।
के मेरी श्रीमती सिलगढ़ीमा शिक्षिका छे ?

1. उनकी छोरी पटनामा डाक्टर छे।
2. माथुरको छोरो दिल्लीमा इन्जिनियर छ।
3. उसका सासू, ससुरा त्यस फोटोमा छन्।
4. मेरा ज्वाइँ राजस्व विभागमा अधिकृत हुनुहुन्छ।

नमूना Model b. यो फोटो कृतिको विवाहको होइन।
यो फोटो कृतिको विवाहको हो।

1. त्यो एकदम खुसीको खबर होइन।
2. त्यो तपाईंको किताब होइन ।
3. यो गेरो साथीको काकाको घर होइन ।

नमूना Model c. समर र देविका गुरूङ्का छोराछोरी होइनन् ।
समर र देविका गुरूङ्का छोराछोरी हुन् ।

1. स्मृतिका श्रीमान् व्यापारी होइनन्।
2. रविका साथी अङ्कुर होइनन् ।
3. उनका श्रीमान् शिक्षक होइनन् ।

नमूना Model d. तिमी खुबै भाग्यमानी व्यक्ति होइनौ।
तिमी खुबै भाग्यमानी व्यक्ति हौ ।

1. तिमी मेरी बहिनी होइनौ ।
2. तिमी उसका साथी होइनौ ।
3. तिमी यहाँका प्रशिक्षार्थी होइनौ ।

नमूना Model e. त्यो फोटोमा कृतिका सासू-ससुरा छैनन्।
त्यो फोटोमा कृतिका सासू-ससुरा छन्।

1. यहाँ सत्र जना विद्यार्थी छैनन् ।
2. उसका बाबुआमा छैनन् ।
3. मेरा दिदी बहिनी छैनन् ।

लेखन अभ्यास EXERCISES

I Complete the following sentences using the appropriate words from the choices given.

1. मेरो सामु यो को ___? (छ, हो, छन्)
2. तिम्रो खबर कस्तो __ ? (हो, छ, छे)

3. म ठीकै __। (हो, छ, छु)
4. हामी सबै ठीकै ____। (छ, छे, छौं)
5. हाम्री एउटी छोरी ___। (छ, हो, छे)
6. यहाँ धेरैजना मानिस ___। (छ, हो, छन्)
7. अचेल तपाईं कहाँ _? (छौं, छन्, हुनुहुन्छ)

II Complete the sentences using the verb forms for plural construction of हो and छ appropriately.

1. गुरूङका छोरी ज्वाइँ पटनामा ___।
2. तिमीहरू भाग्यमानी व्यक्ति ____।
3. कृतिका फोटामा सासू-ससुरा पनि ____।
4. उनीहरू घरमै ____।
5. माधवीका धेरै साथीहरू ____।

III. Match suitably.

A	B
1. मेरी ठूली छोरी स्मृति	a. व्यापारी हुन्।
2. उसकी श्रीमती देविका	b. साँच्चै भाग्यमानी हो।
3. गाथुरका ज्वाइँ एकजना	c. एउटी डाक्टर हो।
4. हाम्री छोरी कृति	d. इन्जिनियर हो।

IV. Complete the sentences substituting the under lined words with their corresponding possessive pronoun forms.

1. कृतिको फोटोमा <u>कृतिका</u> सासू ससुरा छन्।
2. देविका <u>गुरूङकी</u> छोरी हो।
3. माधवी <u>माथुरकी</u> सानी छोरी हो।
4. शिलगढ़ीमा <u>गुरूङकी</u> पत्नी शिक्षिका छे।
5. इन्दिराको छोरो <u>इन्दिराकै</u> घरमा छ।

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. अभिनन्दन गुरूङ को हुन् ?
2. कृतिको विवाहको फोटोमा को को छन् ?
3. गुरूङका छोरी ज्वाइँ के गर्छन् ?
4. कृति को हो ?
5. को खुबै भाग्यमानी मानिस हो ?

शब्दावली VOCABULARY

सामु	in front of	श्रीमती	wife
नानी	children	दया	grace, kindness
जाती	fine, well	अचेल	now a days
त्यसैले	so	ज्वाइँ	son-in-law
विभाग	department	अधिकृत	officer
खुबै	very	भाग्यमानी	lucky
व्यक्ति	person	कृषिविज्ञानी	agricultural-scientist
विवाह	marriage/wedding	सासू-ससुरा	parents-in-law
देवर	brother-in-law	सुन्दर	good, handsome, nice
सारै	very	सुन्दरी	beautiful
प्रस्ताव	proposal	खुशी	happy
खबर	news	भान्जी	niece
देवर	husband's younger brother	बुहारी	wife of son or younger brother
भाउज्यू	wife of elder brother	आमा	mother
बाबा	father	काका	uncle (father's younger brother)
दाजु	elder brother	भाइ	younger brother
दिदी	elder sister	बहिनी	younger sister
श्रीमती	wife	श्रीमान	husband
छोरो	son	छोरी	daughter
सासू	mother - in -law	ससुरा	father-in-law
सासू-ससुरा	parents-in-law	ज्वांइँ	son-in-law

टिप्पणी NOTES

1.5.1. Sentences with verbs हो and छ with different pronouns and imperative verbs are continued. e.g.

ऊ इन्जिनियर हो।	He is an engineer. (3rd person / singular /non-honorific / masculine/ feminine).
यो कृतिको फोटो हो।	This is Kriti's photo.
उसाका श्रीमान एकजना व्यापारी हुन्।	Her husband is a businessman (middle honorific / singular).
इन्दिराको छोरो दिल्लीमा छ।	Indira's son is in Delhi.
केटो एकदम राम्रो छ ।	The boy is very handsome.
कृतिको श्रीमान पटनामा छन् ।	Kriti's husband is in Patna (middle honorific / singular).

Note the following

ऊ ... हो । He / She is --- (Singular non honorific masculine/ feminine)
श्रीमान ... छन् । Husband is --- (Singular middle honorific/ masculine)

हुन् also indicates third person plural masculine/ feminine

छोरो ... छ । Son is _____ (masculine singular non honorific)
छोरी ... छे । Daughter is _____ (feminine singular non honorific)
श्रीमान ... छन् Husband is _____ (masculine middle honorific singular)

छन् also indicates the third person plural masculine / feminine/neuter. Middle and non honorific)

1.5.2. हुन् and छन् are in fact the plural forms of हो and छ respectively. For the middle honorific, the plural forms of verbs are used to agree with the honorific singular noun(or pronoun). e.g.

उसका श्रीमान् her husband उसकी श्रीमती his wife
छोरीका श्रीमान् daughter's husband छोराकी श्रीमती son's wife
उसका श्रीमान् पटनामा छन् Her husband is in Patna.
उसका श्रीमान् इन्जिनियर हुन् Her husband is an engineer.

1.5.3. Note the sentence formation with possessive pronouns.

मेरो सामु को छ ? Who is in front of me ?
मेरी श्रीमती यहाँ छैनन्। My wife is not here.
तिम्रा छोरीहरू कस्ता छन् ? How are your daughters ?
तिम्री छोरीको बिहेको कुरो चलेको छ ? Is there any marriage proposal for your daughter ?
हाम्री छोरी भाग्यमानी छे । Our daughter is lucky.
उसका श्रीमान एक जना व्यापारी हुन्। Her husband is a businessman.
हाम्रो क्लासमा दश जना केटी(हरू) छन्। There are ten girls in our class.

1.5.4. Note the structural differences in gender formation.

मेरो छोरो	my son	मेरी छोरी	my daughter
तिम्रो छोरो	your son	तिम्री छोरी	your daughter
हाम्रो छोरो	our son	हाम्री छोरी	our daughter
उनका छोराहरू	his sons	उनका छोरीहरू	his daughters

1.5.5. Note the structural differences in the formation of possessive pronouns.

मेरो छोरो	my son	मेरी छोरी	my daughter
तिम्रो छोरो	your son	तिम्री छोरी	your daughter
हाम्रो छोरो	our son	हाम्री छोरी	our daughter

1.5.6. लाई is a dative postposition which comes after an experiencer noun in a typical dative subject construction like the following :

a. तिमीलाई कस्तो छ ? How are you ?

b. मलाई सन्चै छ । I am alright.

1.5.7. Look at the emphatic marker -ऐ of adjective and other words :

	Non-emphatic		Emphatic	
i)	ठीक छ	It's ok.	ठीकै छ	It's ok.

By the suffixation of -ऐ in adjectives the degree of emphasis is lessened, while the same suffix puts high degree of emphasis with non adjectives :

ii) मेरो नाम प्रदीप हो My name is Pradip (non emphatic).

मेरो नाम प्रदीपै हो My name is Pradip (emphatic).

एकाइँ १ Unit 1 | पाठ - ६ Lesson - 6

चिड़ियाघरमा
In the zoo

संवाद DIALOGUE

लावण्य	: मोहन, छिटो आऊ न। यहाँ किसिम किसिमका चराहरू छन्। हेर त चराहरू।	Lavanya : Mohan, hurry up! Many kinds of birds are here. Just look at the birds !
मोहन	: कति राम्रा ! कस्ता रङ्गका दिदी, हेर त त्यो ठूलो रङ्गी-विरङ्गी सुगालाई।	Mohan : How beautiful ! What colours! Didi, look at that big multicoloured parrot.
लावण्य	: साँच्चै राम्रो ! यी त दक्षिण अमेरिकामा पो हुन्छन् त !	Lavanya : Really beautiful. It is found only in South America.
मोहन	: हाम्रा देशमा यी चराहरू हुँदैनन् दिदी ?	Mohan : Don't we have this bird in our country, Didi?
लावण्य	: हुँदैनन्। तर हाम्रो देशको बेग्ला बेग्लै ठाउँमा बेग्ला-बेग्लै किसिमका चराहरू हुन्छन्।	Lavanya : No. But we have different types of birds in different parts of our country.
मोहन	: हाम्रो देशकै चराहरू चाहिँ के-के हुन् नि दिदी ?	Mohan : What are the birds of our country, Didi?
लावण्य	: कोइली, मुजुर, काग, परेवा, सुगा, मैना, आदि-आदि। थुप्रै छन् त्यस्ता नामहरू। हाम्रो स्कूलको लाइब्रेरीमा एउटा विश्वकोष छ। त्यसमा सबै देशका सबै किसिमका चराहरूका नाम र चित्रहरू छन्।	Lavanya : Cuckoo, peacock, crow, pigeon, parrot, myna, etc., etc. There are many more to name. We have an encyclopeadia in our school library. In that book there are all kinds of birds from all countries with their names and pictures.
मोहन	: तर यस चिड़ियाघरमा धेरै-धेरै देशका चराहरू छन्। होइन ?	Mohan : But in this zoo there are birds from many countries. Aren't there ?

लावण्य	: हो, ठीकै हो। तर सबै देशका सबै किसिमका चराहरू त्यस चिडियाघरमा छैनन् र अरू ठाउँमा पनि हुँदैनन् ।	Lavanya : Yes, you are right. But all the birds of all countries are not here in this zoo and any where too.
मोहन	: यो मुजुर हेर त दिदी। यो त पूरै सेतो छ। मुजुर त रङ्गी-विरङ्गी हुन्छ, होइन ? किसिम किसिमका रङ्का हरिया, नीला, काला प्वाँरव भएका हुन्छन्।	Mohan : Look at that peacock, Didi ! It is pure white in colour. Peacocks are multicoloured. Aren't they? They are of different colours with green, blue and black feathers.
लावण्य	: हो, सेतो मुजुर जहीं-तहीं हुँदैन। मोहन हेर त, त्यहाँ कति किसिमका पानी हाँसहरू पनि छन् ?	Lavanya : Yes, white peacocks are not found everywhere. Mohan, look there. How many kinds of (water) ducks are there !
मोहन	: दिदी, हेर त बाघहरू पनि कति धेरै ! बङ्गालको सेतो बाघ पनि छ।	Mohan : Didi, look there. How many tigers too are there! White Bengal tiger is also there.
लावण्य	: बाघ मात्रै होइन। यस चिड़ियाघरमा त असमको गैंड़ा, अफ्रिकाका ठूला-ठूला हात्ती, हिमाली पाण्डा पनि छन्।	Lavanya : Not only tigers. There are the rhynos from Assam, big African elephants and Himalayan pandas too.
मोहन	: यहाँ त अग्ला जिराफ र धर्के जेब्राहरू पनि छन् हगि ?	Mohan : There are tall giraffes and striped zebras also. Aren't there?
लावण्य	: हो। यो एउटा खुबै रमाइलो ठाउँ हो।	Lavanya : Yes. It is a very beautiful place.

लेखन अभ्यास EXERCISES

I Complete the following sentences using the appropriate words from the choices given.

1. त्यो _____ रङ्गी विरङ्गी सुगाहरू हेर त। (धेरै, ठूला ठूलो, यी)
2. हाम्रो देशमा अलग अलग ____ चराहरू छन्। (रङ्गका, ठूला, यो)
3. त्यस चिड़ियाघरमा _____ देशका चराहरू छन्। (राम्रै, उस्तै, थुप्रै)
4. यो मुजुर त पूरै _____ छ। (रातो, कालो, सेतो)
5. यहाँ _____ सेतो बाघ पनि छ। (असमको, कर्नाटकको, बङ्गालको)

II. Complete the sentences using the appropriate words.

1. चराहरू रङ्गी विरङ्गी _____ ।
2. हाम्रो देशमा ठूला सुगाहरू ___ ।
3. विश्वकोषमा किसिम-किसिमका चराको नाम र चिन्हहरू ___ ।
4. चिडियाघरमा एउटा रमाइलो ठाउँ पनि ____ ।
5. त्यस चिड़ियाघरमा बाघ, गैड़ा र हिमाली पाण्डाहरू ____ ।

III. Match suitably and make sentences.

A	B
1. स्कूलको लाइब्रेरीमा	a. पानी हाँसहरू पनि छन् ।
2. त्यस चिडियाघरमा	b. रमाइलो ठाउँ हो ।
3. हाम्रो देशको अलगअलग ठाउँमा	c. एउटा विश्वकोश छ ।
4. त्यो एउटा	d. किसिम-किसिमका चराहरू छन् ।
5. त्यहाँ किसिम-किसिमका	e. धेरै देशका चराहरू छन् ।

IV. Give as many questions as possible for each of the given sentences.

1. चिडियाघरमा ठूलो रङ्गी-विरङ्गी सुगा छ ।
2. हाम्रो स्कूलको लाइब्रेरीमा एउटा विश्वकोष छ ।
3. त्यहाँ बङ्गालको सेतो बाघ पनि छ ।
4. अफ्रिकाका ठूलाठूला हात्ती, हिमाली पाण्डा पनि त्यहीं छन् ।

V Answer the following questions with reference to the dialogue of the lesson.

1. तपाईंको नाम के हो ?
2. तपाईंको घर कहाँ छ ?
3. तपाईंको मातृभाषा के हो ?
4. तपाईंलाई कतिवटा जन्तुको नाम थाहा छ ?
5. तपाईंलाई हाम्रा देशका के-के चराहरूको नाम थाहा छ ?

शब्दावली VOCABULARY

छिटो	quickly, fast	यहाँ	here
किसिम-किसिम	many kinds of	चराहरू	birds
रङ्गी-विरङ्गी	multicoloured	सुगा	parrot
साँच्चै	really	सुबै	very
रमाइलो	beautiful	मयूर, मुजुर	peacock
काग	crow	प्वाँख	feather
चिल	eagle	मैना	maina
कोइली	cuckoo	थुप्रै	many/more

विश्वकोष	encyclopedia	चित्र	picture
ठीक	right	तर	but
पूरै	fully	सेतो	white
कालो	black	रातो	red
पहँलो	yellow	हरियो	green
नीलो	blue		

एकाइँ २ / Unit 2 — पाठ - ७ / Lesson - 7

सन्चो बिसन्चो
Well Unwell

संवाद DIALOGUE

छिरिङ	: नमस्ते बाजे। आउनुहोस्। भित्रै आउनुहोस्। यहाँ सोफामा बस्नुहोस्। आमा, यहाँ हेर्नुहोस् त ! को हुनुहुन्छ!	Tshering : Namaste grandpa. Please come. Please come in. Please sit on this sofa. Mummy, please look. Who is here !
बाजे	: नानी तँ आमालाई दुःख नदे। आमाको काम छ।	Grandpa : Don't trouble your mummy, baby. Mother has work to do.
छिरिङ	: छैन बाजे। आमाको फुर्सद छ।	Tshering : Nothing grandpa. She is free.
डोमा	: अहो, मामा, नमस्ते। कताबाट आज ?	Doma : Oho! uncle, namaste. Where are you (coming) from today ?
बाजे	: घरैबाट। तिमीहरू सबै जाती नै छौ ?	Grandpa : From home itself. Are you all well?
डोमा	: तपाईंको आशीर्वादले सबै जाती नै छौं। अनि तपाईंलाई कस्तो छ ?	Doma : With your blessings we are all fine. And how are you ?
बाजे	: म ठीक छु। राम्रै छु।	Grandpa : I am alright. I am fine.
छिरिङ	: बाजे, यो चिया लिनुहोस्। यो सन्देस पनि खानुहोस्। नाइ नभन्नुहोस्।	Tshering : Grandpa, take this tea. Please eat this Sandesh too. Please don't say 'No'.
डोमा	: छिरिङ, तँ जा, भान्साघरको दैलो लगा। मामा, रोटी पनि खानुहोस् ल।	Doma : Tshering, you go and shut the kitchen door. Uncle, please take chapati also.
बाजे	: तिमी, छोड डोमा। दुःख नगर। मलाई भोक लागेको छैन ।	Grandpa : Leave it Doma. Don't take the trouble. I am not hungry.

डोमा	: खानुहोस् न मामा। दुइटा मात्र खानुहोस्।	Doma : Please eat uncle. Take at least two.
बाजे	: ज्वाइँ घरमा हुनुहुन्न ?	Grandpa : Is my nephew-in-law not at home?
डोमा	: उहाँ बाहिर फूलबारीमा हुनुहुन्छ।	Doma : He is in the garden outside.
छिरिङ	: बाजे, यो मेरो नक्साको किताब हेर्नुहोस् त। यो मेरो नयाँ नक्साको किताब हो। तपाईंका आँखा राम्रै छन्। छैनन् र ?	Tshering : Grandpa, look at my picture book. It is my new picture book. Your eyes are alright. Aren't they ?
बाजे	: खोइ ल्याऊ त। कस्तो छ !	Grandpa : Where's that? Bring it to me. How is it !
छिरिङ	: लिनुहोस्। हेर्नुहोस्।	Tshering : Take it. Please see.
बाजे	: तेरा नक्साहरू त किताबको खोलभरि पनि छ त। यसरी खोलमा नकोर्।	Grandpa : Your pictures are on the book-cover too. Don't draw on the cover like this.
डोमा	: हो त मामा। यसका नक्साहरू त घरको भित्ताभरि पनि छन्।	Doma : Yes uncle. Her pictures are all over the house walls too.
बाजे	: नानी, किताबको खोल यसरी नबिगार्। घरको भित्तामा नकोर्। किताब मैला नगर्। तँ आफू पनि सफा बस्। अरू कुरा पनि सफा राख्।	Grandpa : Grandchild, do not spoil the book cover in this way. Don't draw on the walls. Don't spoil the book. Stay clean yourself. Keep other things also clean.
छिरिङ	: बाजे हेर्नुहोस् त। बाबा आँङनमा हुनुहुन्छ। बाबा, बाजे त भित्र हुनुहुन्छ। आउनुहोस् न।	Tshering : Grandpa, please see. Father is in the court yard. Baba, grandpa is in. Please come.
सांगे	: अहो, मामा, हामी त कति भाग्यमानी ! तपाईंलाई सन्चै छ?	Sangay : Oho uncle, how lucky we are! Are you well?
बाजे	: सन्च-बिसन्च नसोध्नुहोस् ज्वाइँ, सन्चो पनि छैन बिसन्चो पनि छैन। यो बुढेसकाल हो।	Grandpa : Ask not about my well being, nephew-in-law. I am not well. I am not unwell either. It is the old age.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

a.
1. भित्रै आउनुहोस्।
2. यहाँ सोफामा बस्नुहोस्।
3. यहाँ हेर्नुहोस् त।
4. मामा, रोटी पनि खानुहोस् ल।
5. नाइ नभन्नुहोस्।

b.
1. आफू पनि सफा बस्।
2. अरू कुरा पनि सफा राख्।
3. भान्साघरको दैलो लगा।

c.
1. नानी, तँ आमालाई दुःख नदे।
2. घरको भित्तामा नकोर्।
3. किताब मैला नगर्।
4. यसरी खोलमा नकोर्।
5. किताब मैला नगर।

d.
1. आमा, यहाँ हेर्नुहोस् त ! को हुनुहुन्छ।
2. उहाँ बाहिर फूलबारीमा हुनुहुन्छ।
3. बाबा, बाजे त भित्र हुनुहुन्छ।
4. तपाईं सन्चै हुनुहुन्छ ?
5. बाबा, ऑङनमा हुनुहुन्छ।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

नदे।
दुःख
दुःख नदे।
आमालाई
आमालाई दुःख नदे।
तँ
तँ आमालाई दुःख नदे।
नानी
नानी तँ आमालाई दुःख नदे।

1. छौ।
जाती नै छौ।
सबै जाती नै छौ।
तिमीहरू सबै जाती नै छौ।

2. लगा।
दैलो लगा।
भान्साघरको दैलो लगा।
जा, भान्साघरको दैलो लगा।
तँ जा, भान्साघरको दैलो लगा।

3. नबिगार्।
यसरी नबिगार्।
खोल यसरी नबिगार्।
किताबको खोल यसरी नबिगार।
नानी, किताबको खोल यसरी नबिगार्।

4. हुनुहुन्छ।
फूलबारीमा हुनुहुन्छ।
बाहिर फूलबारीमा हुनुहुन्छ।
उहाँ बाहिर फूलबारीमा हुनुहुन्छ।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model नानी, तँ आमालाई दुःख नदे।
छिरिङ
छिरिङ, तँ आमालाई दुःख नदे।

1. मामा, रोटी पनि खानुहोस्।
   बाबा
   आमा
   दिदी
   दाजु
   सर

2. खानुहोस् न मामा।
   दिनुहोस्
   आउनुहोस्
   लिनुहोस्
   बस्नुहोस्
   भन्नुहोस्

3. नानी, किताबको खोल यसरी नबिगार्।
   कोशको
   नक्साको
   सोफाको

4. बाबा आँङन हुनुहुन्छ।
   बारिमा
   फूलबारीमा
   घरमा
   भित्र
   भान्साघरमा

5. अहो हामी कति भाग्यमानी !
   तिमी
   तपाईं
   उहाँ
   तँ

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. दुइटा मात्र खानुहोस्।
दुइटा मात्र नखानुहोस्।

1. यो मैला सोफामा बस्नुहोस्।
2. कोठा मित्र आउनुहोस्।
3. बाब यता हेर्नुहोस् ल।
4. आजै घर जानुहोस।
5. यो चिया लिनुहोस्।

नमूना Model b. बाबा आँङनमा हुनुहुन्छ।
बाबा आँङनमा हुनुहुन्न।

1. बाबा बारिमा हुनुहुन्छ।
2. आमा भान्साघरमा हुनुहुन्छ।
3. बाजे भित्र हुनुहुन्छ।
4. मामा बाहिर हुनुहुन्छ।
5. दिदी घरमा हुनुहुन्छ।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate forms of the words given.

1. यसका नक्साहरू धेरै _____। (छ)
2. बाजे बाहिर फूलबारीमा _____। (हो)
3. हामी सबै सन्चै _____। (छ)
4. तपाईंहरू पनि सन्चै _____। (हो)
5. मामा यहाँ सोफामा _____। (बस्)

II Complete the sentences using the appropriate words.

1. तपाईंको आशीर्वादले हामी _____ नै छौं।
2. तिमीहरू सबै जाती _____।
3. छिरिङ जा, भान्साघरको दैलो _____।
4. अहो हामी _____ भाग्यमानी !
5. छिरिङका नक्साहरू _____ छन्।

III. Rewrite the following sentences using the plural forms of the underlined pronouns.

1. <u>तिमी</u> जाती नै छौ।
2. <u>तपाईं</u> सन्चै हुनुहुन्छ।
3. <u>तेरो</u> नक्सा त राम्रो छ।
4. <u>उहाँ</u> बाहिर फूलबारीमा हुनुहुन्छ।
5. <u>तपाईं</u> घरभित्र हुनुहुन्छ ?

IV. Transform the given affirmative sentences into their corresponding negatives.

1. डोमा, तिमी धेरै दुःख गर।
2. मामा, तपाईं यहाँ बस्नुहोस्।
3. नानी, तँ मलाई यो किताब दे।
4. सबै किताब राम्ररी राख्।
5. तपाईं आजै त्यहाँ-जानुहोस्।

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. छिरिङको बाबा कहाँ हुनुहुन्छ ?

2. डोमा छिरिङको को हो ?
3. छिरिङका नक्साहरू कहाँ छन् ?
4. साँगे को हो ?
5. कसको फुर्सद छ ?

शब्दावली VOCABULARY

आउनुहोस्	please come	सोफामा	on sofa
हेर्नुहोस्	please look	नानी	baby
दुःख	trouble	आमा	mummy
फुर्सद	free time	अहो	oho (interjection)
जाती	well	लिनुहोस्	please take
ठीक	alright	राम्रै	fine, good
चिया	tea	नभन्नुहोस्	please don't say
दैलो	door	भान्साघर	kitchen
लगा (थुन्)	shut	गर्	do
गर्नु	to do	खानुहोस्	please eat
मामा	maternal uncle	भोक लागेको छैन	not hungry.
नक्सा	picture	आँखा	eyes
खोइ	where's	कोर	draw
भित्ताभरि	house wall		
ज्वाइँ	nephew-in-law, son-in-law (daughter's or sister's husband)		

टिप्पणी NOTES

2.7.1. Imperative sentences with second person singular non honorific, middle honorific and high honorific verb forms are introduced in this lesson. e g.:

i) **Non-honorific**

भान्साघरको दैलो लगा।	Shut the kitchen door.
छिरिङ यता आइज।	Tshering come here.
यसरी खोलमा नकोर्।	Don't draw over the cover this way.

ii) **Middle honorific**

डोमा, तिमी छोड ।	Doma, you please leave it.
डोमा, तिमी दुःख नगर।	Doma, you please don't take trouble.

iii) **high honorific**

बाजे, तपाईं सोफामा बस्नुहोस्।	Grandpa, you please sit on the sofa.
आमा, यहाँ हेर्नुहोस्।	Mother, please look here.

यो सन्देस पनि खानुहोस्।	Please take this Sandesh also.
बाबा, भित्र आउनुहोस्।	Father, please come in.
सन्च-बिसन्च नसोध्नुहोस्।	Ask not (about) my well being.

Note some more high honorific usages in simple sentences in the lesson

ज्वाइँ घरमा हुनुहुन्न ?	Is not nephew-in-law at home?
उहाँ फूलबारीमा हुनुहुन्छ।	He is in the garden.

2.7.2. i). Note that the second person non honorific singular masculine /feminine imperative verb form will be the verb root itself. e.g.

तँ जा।	you go.
तँ भन्।	you tell.
तँ बस्।	you sit.

But for the verb stem ending +उ even the last vowel -उ has to be dropped

citation form	verb root	imperative singular	
गाउनु	गाउ	गा	sing
आउनु	आउ	आ	come (often आइज)
लगाउनु	लगाउ	लगा	wear / shut

The imperative plural and imperative middle verb forms depend upon whether the roots end in a vowel or a consonant. eg.

verb root	non.hon .imperative. sing.	imp.pl.	mid.hon.verb
गर्	गर्	गर	गर
जा	जा	जाओ	जाऊ
धो	धो	धोओ	धोऊ
ले (ल्या)	ले	ल्याओ	ल्याऊ

ii) For second person middle honorific the imperative verb is formed by the addition of अ to the verb root.

बस् + अ > बस - तिमी बस You (please) sit.

राख् + अ > राख - तिमी राख You (please) keep.

iii) But in verbs like दे, ले, खा, जा, the suffixes are -एऊ and -ऊ.

eg.	तिमी/तिमीहरू देऊ।	You / you (plu.) please give.
	तिमी/तिमीहरू लेऊ।	You / you (plu.) please bring.
	तिमी/तिमीहरू खाऊ।	You / you (plu.) please eat.
	तिमी/तिमीहरू जाऊ।	You / you (plu.) please go.

For both singular middle honorific and plural the same form is used.

iv) For second person high honorific singular and plural, suffix -नुहोस् is added.

तपाईं आउनुहोस्।	You please come.
तपाईं खानुहोस्।	You please eat.
तपाईं दिनुहोस् (दे + नुहोस्)	You please give.

2.7.3. The negative imperatives are formed by the addition of **न** before the verbs in the following way.

न + लेख् > नलेख्।	Don't write.
न + दे > नदे।	Don't give.
न + गर > नगर्।	Don't do.
न + भन्नुहोस् > नभन्नुहोस्।	Please don't say.
(तँ) यसरी भित्तामा नलेख्।	Don't write on the wall like this.
आमालाई दुःख नदे।	Don't give trouble to mummy.
डोमा, तिमी दुःख नगर।	Doma, you please don't take the trouble.
नाइ नभन्नुहोस्।	Please don't say 'no'.

2.7.4. Look at the use of particles in the following sentences.

मामा, रोटि पनि खानुहोस् ल।	Uncle, please take (have) Chapati also.
आउनुहोस् न।	Please come.
खोइ ल्याऊ त।	Please bring.

ल,न,त in the above sentences are particles which indicate politeness/emphasis.

ओहो ! is an exclamation.

एकाइँ २ Unit 2 | पाठ - ८ Lesson - 8

गृहकार्य
Home work

संवाद DIALOGUE

दाजु	: गीता, मलाई तेरो होमवर्क खाता देखा त।	Elder brother	: Gita, show me your home work copy.
गीता	: एकछिन है दाजु । यो मेरो हातमा छ।	Gita	: Just a minute brother. It is in my hand.
दाजु	: यो त तेरो नक्साको खाता हो। भूगोलको खाता चाहिं कहाँ छ ? देखा न।	Elder brother	: This is your drawing copy. Where is the copy of geography ? Show me.
गीता	: त्यो त अहिले मसित छैन। त्यो त गुरुआमासित छ।	Gita	: That is not with me now. It is with our madam (teacher).
दाजु	: ए, यो नक्सा राम्ररी हेर् त।	Elder brother	: O.K. Look at this picture well.
गीता	: अँ भन।	Gita	: Yes, tell (me).
दाजु	: अब मलाई भन्। यो केको नक्सा हो ?	Elder brother	: Now tell me. What is this picture ?
गीता	: यो घरको नक्सा हो।	Gita	: This is the picture of a house.
दाजु	: स्याबास। ठीक छ। अब राम्ररी सुन् र जवाब दे। यो घरको अघिल्तिर के-के छन्?	Elder brother	: Good. It is right. Now listen carefully and answer me. What are these in front of the house ?
गीता	: यो घरको अघिल्तिर रूखहरू छन्। घर अघिल्तिरको आँङनका बीचमा एउटा मूर्ति पनि छ।	Gita	: There are trees in front of this house. There is also a statue in the middle of the courtyard in front of the house.
दाजु	: स्याबास। यो नक्सामा कतिवटा रूख छन् ?	Elder brother	: Good. How many trees are there in this picture ?

गीता	: चारवटा। धुपीको, चाँपको, सिउँडीको र अम्बकको।	Gita	: Four. That of pine, chanp, cactus and guava.
दाजु	: य़ता उता नहेर्। नक्सामा हेर्। नक्सामा गोठ कहाँ छ?	Elder brother	: Don't look here and there. Look at the picture. Where is the cowshed in the picture?
गीता	: गोठ घरको पछिल्तिर छ।	Gita	: Cowshed is behind the house.
दाजु	: कतातिर छ ? दाहिनेतिर छ कि देब्रेतिर ? मलाई देखा त।	Elder brother	: On which side? To the left or right. Show me.
गीता	: इ यहाँ छ। घरको देब्रेतिर छ।	Gita	: Here it is. It is on the left side of the house.
दाजु	: अनि घरको दाहिनेतिर चाहिं के छ ?	Elder brother	: And what is on the right side of the house?
गीता	: घरको दाहिनेतिर माछाको पोखरी छ।	Gita	: There is a fish tank on the right side of the house.
दाजु	: माछाको पोखरी पछिल्तिर के छ ?	Elder brother	: What is behind the fish tank?
गीता	: बाँसको झ्याङ ।	Gita	: There is a bamboo bush.
दाजु	: फूलबारी कहाँ छ ?	Elder brother	: Where is the flower garden?
गीता	: फूलबारी छैन्। तीन-चारवटा फूलका बोटहरू मात्र छन्।	Gita	: There is no flower garden. Just three or four flower plants are there.
दाजु	: कुनकुन फूलहरू छन् ?	Elder brother	: What are they ?
गीता	: गुलाब, सयपत्री, गुराँस र तारा फूल।	Gita	: Rose, marigold, rhododendron and cosmos.
दाजु	: तुलसीको बोट चाहिं छैन ?	Elder brother	: Isn't there a Tulasi plant ?
गीता	: छ, त्यो पनि छ। त्यो गुलाब र सयपत्रीको बीचमा छ।	Gita	: Yes. It is also there. It is in between the rose and the marigold.
दाजु	: घरको मास्तिर के छ ?	Elder brother	: What is on the top of the house?

गीता	: त्यहाँ एउटा सानो नानीको मूर्ति छ।	Gita	: There is small statue of a child.
दाजु	: नानीको मूर्तिको ठीक तल्तिर के छ ?	Elder brother	: What is just below the child's statue ?
गीता	: त्यहाँ एउटा ठूलो चरा छ। नानी चराको पिठ्यूँमा छ।	Gita	: There is a big bird. The child is on the back of the bird.
दाजु	: खुब राम्रो। ल,सब कुरा ठीक छ। तँ कस्ती ज्ञानी केटी ! अब जा र खेल्। साथीहरूलाई पनि बोला। धेर टाडा नजा। छ बजेसम्म खेल् अनि घरमा आइज । ल ? जा।	Elder brother	: Very good. Everything is right. What an intelligent girl you are ! Now go and play. Call your friends also. Don't go far away. Play till six o'clock and come home. O.k. ? Go.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. गीता मलाई तेरो होमवर्क खाता देखा त।
2. अब राम्ररी सुन् र जवाब दे।
3. यो घरको अघिल्तिर रूखहरू छन्।
4. घर अघिल्तिरको आँङनका बीचमा एउटा मूर्ति पनि छ।
5. घरको दाहिनेतिर माछाको पोखरी छ।
6. यो नक्सामा कतिवटा रूख छन्?
7. माछाको पोखरी पछिल्तिर के छ?
8. त्यो त अहिले मसित छैन।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

हो।
खाता
खाता हो।
नक्साको
नक्साको खाता हो।
तेरो
तेरो नक्साको खाता हो।
यो त
यो त तेरो नक्साको खाता हो।

1. हो।
   नक्सा हो।
   घरको नक्सा हो।
   यो घरको नक्सा हो।

2. छन्।
   रूखहरू छन्।
   अघिल्तिर रूखहरू छन्।
   घरको अघिल्तिर रूखहरू छन्।
   यो घरको अघिल्तिर रूखहरू छन्।

3. छ।
   पोखरी छ।
   माछाको पोखरी छ।
   दाहिनेतिर माछाको पोखरी छ।
   घरको दाहिनेतिर माछाको पोखरी छ।

4. देखा त।
   खाता देखा त।
   तेरो होमवर्क खाता देखा त।
   मलाई तेरो होमवर्क खाता देखा त।

5. छ।
   देब्रेतिर छ।
   घरको देब्रेतिर छ।
   पोखरी घरको देब्रेतिर छ।
   माछाको पोखरी घरको देब्रेतिर छ।

6. जा ।
   खेल्न जा ।
   बाहिर खेल्न जा ।
   तँ बाहिर खेल्न जा ।
   अब तँ बाहिर खेल्न जा ।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model
यो <u>नक्साको</u> खाता हो।
भूगोलको
यो भूगोलको खाता हो।

1. यो <u>घरको नक्सा</u> हो।
   गोठको नक्सा
   माछाको पोखरी
   बाँसको झ्याङ

2. यहाँ <u>तुलसीको</u> बोट छ।
   गुलाबको
   सयपत्रीको
   गुराँसको

3. नक्साको <u>पछिल्तिर</u> गोठ छ।
   देब्रेतिर
   माथितिर
   यतातिर
   अघिल्तिर

4. <u>उता</u> तुलसीका बोटहरू छन्।
   यता
   वहाँ

5. अम्बकका रूखहरू <u>कति-कतिवटा</u> छन् ?
   कहाँ-कहाँ
   कस्ता-कस्ता
   कता-कता

IV. पुन:कथन अभ्यास Restatement Drill

नमूना Model a. घरको अघिल्तिर रूखहरू छन्।
रूखहरूको पछिल्तिर घर छ।

1. घरको दाहिनेतिर माछाको पोखरी छ।
2. पोखरीको पछिल्तिर गोठ छ।
3. गुराँसको देब्रेतिर तुलसीको बोट छ।
4. आँङनको अघिल्तिर मूर्ति पनि छ।

नमूना Model b. नक्सामा गोठ कहाँ छ ?
कहाँ छ नक्सामा गोठ ?

1. माछाको पोखरी कहाँ छ ?
2. तुलसीको बोट कहाँ छ ?
3. चाँपको रूख कहाँ छ ?
4. बासको झ्याँङ कहाँ छ ?

V. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. तेरो नक्साको खाता यहाँ छ।
तेरो नक्साको खाता यहाँ छैन।

1. मेरो नक्साको खाता गुरुआमासित छ।
2. उसको भूगोलको खाता मसित छ।
3. तुलसीको बोट चाहिँ देब्रेतिर छ।
4. धुपीको रूख नक्सामा छ।
5. आङनमा तारा फूलको बोट छ।

नमूना Model b. त्यहाँ तुलसीका बोटहरू छैनन् !
त्यहाँ के-का बोटहरू छैनन् ?

1. यहाँ धुपीका रूखहरू छैनन् ।
2. पोखरीको पछिल्तिर तारा फूलहरू छैनन् ।
3. नक्साको बीचमा मूर्तिहरू छैनन् ।
4. घरका नक्साहरू राम्ररी राखेका छैनन् ।

VI. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model भूगोलको खाता कोसित छ?
भूगोलको खाता गुरुआमासित छ।

1. आँङनको बीचमा के छ ?

2. नक्सामा कतिवटा रूख छन् ?
3. कुन कुन फूलहरू छन् ?
4. बाँसको झ्याँङ कतातिर छ ?
5. चराको पिठ्यूँमा के छ ?

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate words from the choices given.

1. गीताको होमवर्क खाता उसकै हातमा _____। (हो, छन्, छ)
2. त्यसमा धेरै नक्साहरू _____। (छन्, हुन, छ)
3. घरका अघिल्तिर केकेका रूखहरू _____ ? (हो, छ, छन्)
4. नक्सामा कुनकुन फूलका बोटहरू _____? (छन्, हो, हुन्)
5. पोखरी पछिल्तिर बाँसको झ्याङ ___। (छ, हो, छन)

II. Complete the sentences using the appropriate words

1. यो एउटा _____ नक्सा हो।
2. तुलसीको _____ चाहिँ त्यहाँ छैन।
3. त्यो बाँसको _____ पोखरीको पछिल्तिर छ।
4. सिउँडी एउटा ___ हो।
5. छ बजेसम्म खेल अनि घर _____।

III. Using the words given in the table make as many sentences as possible.

गीताको	छोरी	खाता	छन्।
यहाँ	अघिल्तिर	नानीको मूर्ति	छ।
घरको	नक्सामा	कस्ती ज्ञानी	छन्।
त्यहाँ	होमवर्क	राम्रा फूलहरू	छ।
तपाईंको	सानो	धुपीका रूखहरू	छे।

IV. Give the opposite words and use them in sentences

यता, यो, अघिल्तिर, दाहिनेतिर, अघि, यहाँ, कालो, टाढा, जा, छ, बोला, तल्तिर

V. Write as many questions as possible from each of the following sentences

1. गीताको नक्साको खाता गुरुआमासित छ।
2. ठूलो चराको पिठ्यूँमा नानीको मूर्ति छ।
3. घरको दाहिनेतिर माछाको पोखरी छ।
4. सिउँडीको बोट गुलाबको देब्रेतिर छ।
5. आङनका बीचमा धेरै फूलका बोटहरू छन्।

VI. Write the Nepali names of some flowers you have learnt in this lesson.

VII. Write the Nepali names of some animals and birds you have learnt in this lesson.

टिप्पणी NOTES

2.8.1. हो,छ and imperative sentences are reinforced with objective and dative case relationship and some other post-positions. e.g.

i)	मलाई हेर।	(Please) see me (look at me).
ii)	मलाई तेरो खाता देखा त।	Show me your copy.
iii)	अब मलाई भन्।	Now tell me.
iv)	त्यो अहिले मसित छैन।	That is not with me now.
v)	त्यो त गुरुआमासितै छ।	That is with madam (teacher).

Please note that in the first sentence मलाई me indicates the direct object and in the second and third sentences मलाई indicates the indirect direct object. Thus the post-position लाई is added to nouns and pronouns in Nepali to indicate direct and indirect objects (objective and dative case relationship). In sentences (iv) & (v) सित and सितै are post-positions added to indicate associative and commitative relationship with the verb.

2.8.2. Look at the formation of the above post positions with different pronouns and some nouns.

Pronouns

म	>	मलाई	I > me/to me (1st person, Singular masculine/feminine)
हामी	>	हामीलाई	We > us/to us (1st person, Plural)
तपाई	>	तपाईलाई	You > you/to you (2nd person high hon. Singular Mas./Fem.)
तपाई	>	तपाईहरूलाई	You > (all of) you/to all of you (2nd per. high hon. Plural Mas./Fem.)
तिमी	>	तिमीलाई	You > you/to you (2nd person middle hon. Singular Mas./Fem.)
तिमी	>	तिमीहरूलाई	You > you/to you (2nd person middle hon. Plural Mas./Fem.)
तँ	>	तलाईं	You/to you (2nd person non hon. Singular Mas./Fem.)
उहाँ	>	उहाँलाई	He/to him (3rd person high hon. Singular Mas./Fem.)
उहाँ	>	उहाँहरूलाई	He/to them (3rd person high hon. Plural Mas./Fem.)
उनी	>	उनलाई	He/to him (3rd person middle hon. Singular Mas.)
उनी	>	उनलाई	She/to her (3rd person middle hon. Singular Fem.)
उनी	>	उनीहरूलाई	He or she/to them (3rd person middle hon. Plural Mas./Fem.)
ऊ	>	उसलाई	He/to him (3rd person non hon. Singular Mas./Fem)
ऊ	>	उनीहरूलाई	He or she/to them (3rd person middle non hon. Plural Mas./Fem.)

Nouns

कमल	>	कमललाई	Kamal/to Kamal
सबिता	>	सबितालाई	Sabita/to Sabita
गाई	>	गाईलाई	Cow/to cow

चरा	>	चरालाई	Bird/to bird
राम	>	रामलाई	Ram/to Ram

Similarly सित/सितै can also be added to all pronouns and nouns to indicate commitative and possessive relationship with the verb. e.g.

मसित पैसा छैन	I have no money (with me) (Possession)
म साथीसितै आएँ	I came with the friend (Commitative)

2.8.3. **Note d**ifferent kinds of interrogative sentences used in the lesson.

भूगोलको किताब कहाँ छ ?	Where is the Geography book ?
नक्सामा कतिवटा रूखहरू छन् ?	How many trees are there in the picture ?
यो केको नक्सा हो ?	What is this picture ?
त्यहाँ फूलहरू के-के छन् ?	What are the flowers there ?
तिम्रा कतिजना मिल्दा साथीहरू छन् ?	How many good friends do you have ?
नक्सामा गोठ छ ?	Is there a cowshed in the picture ?
तुलसीको बोट चाहिँ छैन ?	Is not there a Tulasi plant ?

Note that to ask the number of human nouns कतिजना is used.

2.8.4. Postpositions indicating locations (adverbial usage) are also introduced in this lesson. e.g.

आङनको बीचमा एउटा मूर्ति छ।	There is a statue in the middle of the courtyard.
घरका अघिल्तिर के छन् ?	What are there in front of the house ?
घरको पछिल्तिर एउटा गोठ छ।	There is a cowshed behind the house.
यो घरको दाहिनेतिर छ।	It is on the right side of the house.
घरको मास्तिर (माथि+तिर) के छ ?	What is on the top of the house ?

2.8.5. Note some opposite locative pairs in the lesson:

अघिल्तिर (अघि + तिर)	in front of	पछिल्तिर (पछि + तिर)	behind
माथि+तिर (मास्तिर)	on the top or above	तल्तिर (तल + तिर)	below
दाहिनेतिर	on the right side	देब्रेतिर	on the left side

2.8.6 Note that-**आ** is added after the verb root to make it an imperative in non honorific if the verb root is consonant ending
e.g.

देख्	see	देखा	show
बोल्	speak	बोला	call

एकाइँ २ Unit 2

पाठ - ९ Lesson - 9

ग्राहक र पसले
Customer and shopkeeper

संवाद DIALOGUE

ग्राहक	: यो नयाँ दोकान हो ?	Customer	: Is this a new shop?
पसले	: हजुर। आज हाम्रो उद्घाटनको दिन हो।	Shop keeper	: Yes sir. Today is our inaugural day (opening day).
ग्राहक	: तपाईंको दोकानको नाम के हो ? नाम-पट छैन ?	Customer	: What is your shop's name? There is no name board ?
पसले	: छ छ, उ त्यहाँ छ। पढ़नुहोस् न।	Shop keeper	: Yes (yes), it has. Please read it Sir.
ग्राहक	: तिम्रो रूचि। यो राम्रो नाम हो। के-के चीज़हरू तपाईंकहाँ छन् ?	Customer	: 'Your choice'. It is a good name. What kind of things do you have?
पसले	: हाम्रामा सबै चीज़ छन्। तपाईंलाई के चाहिन्छ ? स्टेसनरी सामान, किताब,शृङ्गारका सामग्री वा सागसब्जी के चाहिन्छ ? हाम्रामा सबै चीज़हरू छन्।	Shop keeper	: We have everything Sir. What do you want ? Do you want stationary articles, books, cosmetics or vegetables ? We have everything.
ग्राहक	: मेरी छोरीको निम्ति केही किताबहरू चाहियो।	Customer	: I want some books for my daughter.
पसले	: तपाईंलाई नोट बुक्स वा टेक्स्ट बुक्स चाहियो ?	Shop keeper	: Do you want note books or text books?
ग्राहक	: मलाई यस्ता किताबहरू चाहिंदैनन्। मलाई केही कथाका किताब चाहियो। यो छुट्टीको समय होइन ?	Customer	: I don't want such books. I want some story books. Isn't it vacation time?

पसले	: हुन्छ-हुन्छ। तपाईंकी छोरीका लागि केही खेलौना चाहिंदैनन्?	Shopkeeper	: Yes (yes) sir, don't you want some toys also for your daughter?
ग्राहक	: अहँ , मेरी छोरी दस कक्षामा छे। उसलाई खेलौना चाहिंदैन। उसलाई किताब चाहिन्छ।	Customer	: No. My daughter is in the 10th standard. She does not want toys. She wants books.
पसले	: ए राम्रो कुरा हो। भित्रै आउनुहोस् न। दराजका किताब हेर्नुहोस् त। हामीसँग नेपाली, असमिया, बङ्गाली, हिन्दी र अङ्ग्रेजीका किताबहरू छन्। तपाईं आफै रोज्नुहोस्।	Shopkeeper	: That is fine Sir. Please come inside. See these book shelves, Sir. We have books in Nepali, Assamese, Bengali, Hindi and English. You choose.
ग्राहक	: रुचि मेरी छोरीको हो। उसलाई नेपाली र असमिया कथाहरू चाहिन्छ।	Customer	: Choice is of my daughter. She wants Nepali and Assamese stories.
पसले	: उसलाई लोककथा वा नयाँ किताबहरू पनि चाहिन्छ ?	Shopkeeper	: Does she want folk tales or new books sir ?
ग्राहक	: दुवै खालका ।	Customer	: Both types.
पसले	: त्यसो भए, यी किताबहरू लिनुहोस्। अरू केही चाहिन्छ कि ?	Shopkeeper	: Then take these books Sir. What else do you want?
ग्राहक	: अहिलेका लागि मलाई अरू केही चाहिंदैन। यी किताबहरू नै प्रशस्त हुनेछन्।	Customer	: For the time being I don't need anything else. Just these books will be sufficient.
पसले	: मेरो तरकारी दोकान पनि हेर्नुहोस्। नरदेन,यहाँ साहबलाई हाम्रो तरकारी दोकानतिर लैजाऊ।	Shopkeeper	: Sir, please look at my vegetable section. Narden, take this gentleman to our vegetable shop.
नरदेन	: हजुर मेरो पछिपछि आउनुहोस्।	Narden	: Sir, Please come behind me (Please follow me)

तरकारी पसले: आउनुहोस् आउनुहोस्। तपाईंलाई के चाहिन्छ ? हामीसँग सबै ताजा तरकारीहरु छन्।

Vegetable Seller : Sir, come. please come. What do you want sir ? We have all fresh vegetables.

ग्राहक : यी तरकारीहरू बङ्गालका हुन् ?

Customer : Are these vegetables from Bengal ?

तरकारी पसले: अहँ, यी तरकारीहरू तेजपुर र गुवाहाटीका हुन्।

Vegetable Seller : No sir. These are from Tezpur & Guwahati.

ग्राहक : त्यो टमाटर मलाई एक केजी दिनुहोस्। मलाई कोबी पनि चाहिन्छ।

Customer : Give me a kilogram of those tomatoes. I want cauliflower also.

तरकारी पसले: हुन्छ। यी सबै लिनुहोस्। तपाईंसित एउटा व्याग छ ? एउटा प्लास्टिक ब्याग चाहिन्छ कि ?

Vegetable seller : Yes, sir. Please have these. Do you have a bag with you sir? Do you want a plastic bag?

ग्राहक : मलाई प्लास्टिक ब्याग चाहिँदैन। मेरो कपडाकै झोला छ। यो तरकारी यसमा हालिदिनुहोस्।यो तरकारीको भाउ कति हो ?

Customer : I don't need any plastic bag. I have my cloth bag. Please put these vegetables into it. What is the rate of these vegetables?

तरकारी पसले : 30 रूपियाँ टमाटर अनि 25 रूपियाँ कोबी।

Vegetable seller : Rs. 30 for tomatoes and Rs. 25 for cauliflower.

ग्राहक : लिनुहोस्। यहाँ पैसा छ।

Customer : Please take it. Here is the money.

तरकारी पसले : धन्यवाद। फेरि पनि आउनुहोस् है।

Vegetable seller : Thank you sir. Come again please.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. आज हाम्रो उद्घाटनको दिन हो।
2. मेरो छोरीको निम्ती केही किताबहरू चाहियो।
3. रुचि मेरी छोरीको हो।
4. यी किताबहरू नै प्रशस्त हुनेछन्।
5. त्यो टमाटर मलाई एक केजी दिनुहोस्।
6. 30 रुपियाँ टमाटर अनि 25 रुपियाँ कोबी।
7. यो तरकारी यसमा हालिदिनुहोस्।
8. एउटा प्लास्टिक ब्याग पनि चाहिन्छ कि ?
9. उसलाई लोककथा वा नयाँ किताबहरू पनि चाहिन्छ ?
10. तपाईंका छोरीका लागि केही खेलौना चाहिँदैनन् ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model
चाहियो।
किताबहरू
किताबहरू चाहियो।
केही
केही किताबहरू चाहियो।
छोरीको निम्ति
छोरीको निम्ति केही किताबहरू चाहियो।
मेरी
मेरी छोरीको निम्ति केही किताबहरू चाहियो।

1. हुनेछन्।
   प्रशस्त हुनेछन्।
   किताबहरू नै प्रशस्त हुनेछन्।
   यी किताबहरू नै प्रशस्त हुनेछन्।

2. लैजाऊ।
   दोकानतिर लैजाऊ।
   तरकारी दोकानतिर लैजाऊ।
   हाम्रो तरकारी दोकानतिर लैजाऊ।
   साहबलाई हाम्रो तरकारी दोकानतिर लैजाऊ।
   यहाँ साहबलाई हाम्रो तरकारी दोकानतिर लैजाऊ।
   नरदेन, यहाँ साहबलाई हाम्रो तरकारी दोकानतिर लैजाऊ।

3. चाहिन्छ।
   कथाहरू चहिन्छ।
   असमिया कथाहरू चाहिन्छ।
   नेपाली र असमिया कथाहरू चाहिन्छ।
   उसलाई नेपाली र असमिया कथाहरू चाहिन्छ।

4. चाहिँदैनन् ?
खेलौना चाहिँदैनन् ?
केही खेलौना चाहिँदैनन् ?
छोरीका लागि केही खेलौना चाहिँदैनन् ?
तपाईंका छोरीका लागि केही खेलौना चाहिँदैनन् ?

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model a. मेरी छोरीको निम्ति केही किताबहरू चाहियो।
स्टेसनेरी सामानहरू
मेरी छोरीको निम्ति केही स्टेसनेरी सामानहरू चाहियो।

1. मलाईं कथाका किताबहरू चाहियो।
शृङ्गारका सामग्रीहरू
नोट बुक्सहरू
टेक्स बुक्सहरू
बङ्गाली किताबहरू

2. यी तरकारीहरू बङ्गालका हुन्।
असमका
उडिसाका
केरलाका

नमूना Model b. उसलाई लोक कथाका किताब पनि चाहिन्छ।
तिमीलाई
त्यसताई
हामीलाई

1. मलाई अङ्ग्रेजीका किताबहरू चाहिन्छ।
त्यसलाई
उनलाई
उहाँलाई
ग्राहकलाई
छोरीलाई

IV. रूप-परिवर्तन अभ्यास Conversion Drill

नमूना Model a. तपाईं मेरी छोरीका लागि खेलौना दिनुहोस्।
तिमी मेरी छोरीका लागि खेलौना देऊ ।

1. तपाईं साहबका लागि तरकारी लिनुहोस्।

2. तपाईं घरका लागि कोबी रोज्नुहोस्।
3. तपाईं ताजा तरकारी लिएर घर आउनुहोस।
4. तपाईं यी टमाटरहरू झोलामा हालिदिनुहोस्।
5. तपाईं पसलेलाई पैसा दिनुहोस्।

नमूना Model b. मलाई तरकारी चाहिन्छ।
मलाई तरकारीहरू चाहिन्छ।

1. छोरीलाई खेलौना चाहिन्छ।
2. उसलाई किताब चाहिन्छ।
3. हामीलाई शृङ्गारका सामान चाहिन्छ।
4. ग्राहकलाई सागसब्जी चाहिन्छ।

नमूना Model c. मसित कपड़ाको झोला छ।
मसित कपड़ाका झोलाहरू छन्।

1. उसित लोककथाको किताब छ।
2. मसित हिन्दीको किताब पनि छ।
3. पसलेसित तरकारी छ।
4. छोरीको खेलौना छ।

नमूना Model d. तिमीसँग राम्रो किताब छ।
तिमीहरूसँग राम्रा किताबहरू छन्।

1. उनीसँग राम्रो खेलौना छ।
2. तपाईंसँग रातो किताब छ।
3. यिनीसँग ठूलो लोककथाको किताब छ।
4. छोरीसँग यस्तो झोला छ।

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model a. तपाईंका दोकानको नाम के हो ?
मेरा दोकानको नाम तिम्रो रूचि हो।

1. छोरीलाई केका किताब चाहियो ?
2. दोकानमा के-के सामानहरू छन् ?
3. दराजमा के-के किताबहरू छन ?
4. ग्राहकसित कस्तो झोला छ ?
5. साहबलाई के-के तरकारी चाहिन्छ ?

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate words from the choices given.

1. मेरो एउटा तरकारी दोकान _____। (हो, चाह्छि, छ)
2. छोरीलाई राम्रा खेलौनाहरू _____। (चाहिन्छ, होइन, छन्)
3. ग्राहकलाई प्लास्टिकको ब्याग _____। (हुन, चाहिँदैन, छन्)
4. मलाई यति खानाले प्रशस्त _____। (हुन्छ, चाहिन्छ, छन्)
5. के तिमीलाई एक केजी कोबी ____ ? (छन्, चाहिन्छ, होइन)

II Complete the sentences using the appropriate words.

1. मेरो नाम प्रदीप ---।
2. मेरो घर कर्नाटकमा --- ।
3. मेरा दुइजना भाइ--- ।
4. मेरी एउटी बहिनी --।
5. उनीहरू एउटै स्कूलका विद्यार्थी --- ।
6. मेरो छेउमा एउटा ठूलो -- ।
7. रूख माथिको त्यो चरो --- ।
8. त्यसको रङ कालो --- ।
9. त्यसको पछिल्तिर चाहिँ एउटा सानो रूख --- ।
10. त्यहाँ दुइटा चरा --- ।
11. हाम्रो दोकानमा सबै चीजहरू ____।
12. मेरी छोरीलाई कथाका किताबहरू ___।
13. उनकी छोरी दश कक्षामा _____।
14. यति किताबहरू नै प्रशस्त ___।
15. साहबलाई हाम्रो तरकारी दोकानतिर ___।

III Transform the following affirmative sentences into their corresponding negatives.

1. मेरा छोरीका लागि कथाका किताबहरू चाहिन्छ।
2. साहबलाई राम्रो तरकारी चाहिन्छ।
3. हाम्रो दोकानमा ताजा तरकारीहरू छन्।
4. यी ग्राहकहरू बङ्गालका हुन्।
5. उसँग खेलौना पनि छ।

IV. Rewrite the following sentences using the plural forms of the underlined words.

1. छोरीको निम्ति <u>किताब</u> चाहियो।
2. छोरीको <u>खेलौना</u> घरमा छ।
3. ताजा <u>तरकारी</u> चाहिन्छ।
4. साहाबलाई असमियाको <u>किताब</u> रोज्नुहोस्।
5. ग्राहकलाई कपड़ाको <u>झोला</u> चाहिन्छ।

V. Give as many questions as possible for each of the following statements.

1. मेरो दोकानमा स्टेसनरी, शृङ्गारका सामान र किताबहरू छन्।
2. छोरीका निम्ति कथाका किताबहरू चाहियो।
3. साहबलाई हाम्रो दोकानतिर लैजाऊ।
4. यी ताजा तरकारीहरू बङ्गालका हुन्।
5. मलाईं कपड़ाकै झोला चाहिन्छ।

शब्दावली VOCABULARY

ग्राहक	customer	पसले	shopkeeper
उद्घाटन	Inauguration/opening	नाम-पट	name board
रुचि	choice	चाहिन्छ	want, need
सामान	goods, things, articles	श्रृङ्गार	cosmetics
लागि	for	छुट्टी	vacation
गुडिया/खेलौना	toy, doll	अँ	yes
अहँ	no	भित्रै	inside
छान्नु	choose	लोककथा	folk tales
त्यसोभए	then	अरू	another
प्रशस्त	sufficient	साहब	gentleman
ताजा	fresh	लुगा	cloth
हाल्नु	to put	भाउ	rate
अनि/र	and	जम्मा	total
इच्छा	will/willingness	पसल	shop

टिप्पणी NOTES

2.9.1. New sentence type with the use of a verbal (verb like form) चाहिन्छ indicating want / need are introduced. e.g.,

तपाईंलाई के चाहिन्छ ?	What do you want ?
मलाई कथाका किताबहरू चाहिन्छ।	I want story books.
मलाई कोबी पनि चाहिन्छ।	I want cauliflower also.
अरू केही चाहिन्छ कि ?	What else do you want?
मलाई एउटा प्लास्टिक ब्याग चाहियो।	I want a plastic bag.

2.9.2. Negative form of चाहिन्छ is चाहिँदैन eg.,

छोरीका लागि खेलौना चाहिँदैन ?	Don't you want toys for your daughter ?
मलाई अरू केही चाहिँदैन।	I want nothing more.

2.9.3. Note the verb-like form चाहिन्छ remains constant irrespective of the number and gender of the subject . But the subject always takes dative case.

मलाई चाहिन्छ।	I want
तिमीलाई चाहिन्छ।	you want
उसलाई चाहिन्छ।	he wants
छोरीलाई चाहिन्छ।	daughter wants
हामीलाई चाहिन्छ।	we need
तिमीहरूलाई चाहिन्छ।	you need
उनीहरूलाई चाहिन्छ।	They want
छोरीहरूलाई चाहिन्छ।	Daughters need

2.9.4. Look at the underlined words in the following sentences.

मेरी छोरीका निम्ति केही किताबहरू चाहिन्छ।	I want some books for my daughter.
तपाईं सित एउटा व्याग छ ?	Do you have a bag with you sir ?

का निम्ति is added to nouns/pronouns to indicate the meaning for the sake of.
It may be seen that निम्ति is added only after the possessive / genitive case marker.
e.g,

म + को निम्ति	मेरा निम्ति	for my sake
राम + को निम्ति	रामका निम्ति	for Ram's sake

2.9.5 चाहियो : Although this verb form is structurally past but functionally and situationally it refers to अहिले (the moment of speaking).

प्रश्न - भन्नुहोस्, तपाईंलाई के चाहियो ? What do you want ?

उत्तर-(अहिले)मेरी छोरीका निम्ति केही किताब चाहियो I want some books for my daughter.

2.9.6. In the word हालिदिनुहोस the word दिनु occurs as an auxiliary verb whereby it looses its lexical meaning to transfer from one person to another and acquires a metaphorical meaning of politeness and extending favours .

झोलामा तरकारी हाल्नुहोस्।	Put the vegetables in to the bag (Non polite and bossy)
झोलामा तरकारी हालिदिनुहोस्।	Will you please do me a favour and put the vegetables in to the bag ?

एकाइँ २
Unit 2

पाठ - १०
Lesson - 10

आजको काम आजै
Today's work today itself

संवाद DIALOGUE

विन्दु	: बिना दिदी, बिना दिदी, बाहिर आउनुहोस् न।	Bindu	: Beena Didi, Beena Didi. please come out.
बिना	: आज होइन विन्दु। मेरो थुप्रै लेख्ने काम छ।	Beena	: Not today Bindu. I have a lot to write.
विन्दु	: हिसाबको होम वर्क ? मैले चाहिँ हिसाब गर्नु छैन र ? भोलि छुट्टी छ। तपाईं भोलि गर्नुहोस् न, दिदी।	Bindu	: Math's home work ? Have I not to do the sums ? Tomorrow is holiday. You do it tomorrow, Didi.
बिना	: अहँ विन्दु। मैले आजै गर्नु छ। मैले भोलि स्कूल जानु छ।	Beena	: No Bindu. I have to do it today itself. Tomorrow also I have to go to school.
विन्दु	: छुट्टीको दिन पनि क्लास हुन्छ ?	Bindu	: Do you have classes on holidays also?
बिना	: सबै छुट्टीहरूमा होइन। भोलि हिसाबको विशेष क्लास छ। मैले जानु छ।	Beena	: Not on all holidays. Tomorrow we have Mathematics special class. I have to go.
विन्दु	: ल, ल। त्यसो भए पहिले हिसाब नै गर्नुहोस्।	Bindu	: O.K. Then do the sums first.
बिना	: अब तिमी पनि किताबहरू ल्याऊ। मेरो कोठामा बस। तिम्रो होमवर्क सिध्याऊ।	Beena	: Now you also bring your book. Sit in my room. Finish your homework.
विन्दु	: मैले पनि आजै हिसाब सिध्याउनु छ।	Bindu	: I also have to finish the sums today itself ?
बिना	: हो विन्दु। आजको काम तिमीले आजै गर्नुपर्छ। त्यसपछि खेल।	Beena	: Yes Bindu. Today's work you have to do today itself. Then you play.

विन्दु : हुन्छ, हुन्छ। ती रङ्गीन पेन्सिलहरू के-का लागि ? तपाईंको टेबलको दराजमा थुप्रै पेन्सिलहरू छन्।	Bindu : Yes. What are those colour pencils for ? There are many pencils in your table drawer.
बिना : अहँ। ती मलाई मेरा विज्ञानका पाठहरूमा चाहिन्छ। विज्ञानमा मैले वनस्पतिहरू,तिनीहरूका अङ्गहरू, प्राणीहरू, चराहरू इत्यादिको चित्र बनाउनु छ ।	Beena : No. I need them for my science lessons. In science I have to draw plants, their parts, animals, birds, etc.
विन्दु : मलाई त ती सब ड्रइङ् क्लासमा बनाउनु छ।	Bindu : I have to draw these in the drawing class.
बिना : त्यो त राम्रो हो। अब एकछिन् चुप लाग । मैले मेरो होम वर्क गर्नु छ। तिमी पनि तिम्रो गर।	Beena : That is fine. Now you keep quiet for some time. I have to do my homework. You do yours too.
विन्दु : दिदी, मलाई ती रङ्गीन पेन्सिलहरू दिनुहोस् न।	Bindu : Please give me those colour pencils.
बिना : मलाई नअल्मल्याऊ बिन्दु। ती सबै पेन्सिल आफैं लैजाऊ। तिमी चित्र बनाऊ। त्यसपछि मेरो टेबलको दराजमा राखिदेऊ।	Beena : Don't disturb me Bindu. Take all those pencils yourself. Make (draw) your pictures. Then keep them in my table drawer after that.
विन्दु : ल ठीक छ, दिदी।	Bindu : That is O.K. Didi.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. मैले आज गर्नु छ।
2. मैले भोलि स्कूल जानु छ।
3. मैले आजै सिध्याउनु छ।
4. मैले मेरो होम वर्क गर्नु छ।
5. मैले चराहरूको चित्र बनाउनु छ।
6. मेरो थुप्रै लख्ने काम छ।
7. मैले हिसाब गर्नु छैन।
8. आजको काम तिमीले आजै गर्नुपर्छ।
9. तपाईंको टेबलको दराजमा थुप्रै पेन्सिलहरू छन्।
10. मलाई ती रङ्गीन पेन्सिलहरू दिनुहोस् न।

II. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model a. मैले जानु छ।
खानु छ
मैले खानु छ।

1. मैले सिध्याउनु छ।
गर्नु
लेख्नु
पढनु
भन्नु
थाप्नु
किन्नु
धुनु

2. आज मेरो लुगा धुने काम छ।
मानिस बोलाउने
होम वर्क देखाउने

III. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model गर्नु छ।
आजै
आजै गर्नु छ।
मैले
मैले आजै गर्नु छ।

1. छ।
जानु छ।
स्कूल जानु छ।
भोलि स्कूल जानु छ।
मैले भोलि स्कूल जानु छ।

2. छ।
बनाउनु छ।
क्लासमा बनाउनु छ।
ड्रइङ क्लासमा बनाउनु छ।
सब ड्रइङ क्लासमा बनाउनु छ।
ती सब ड्रइङ क्लासमा बनाउनु छ।
मलाई त ती सब ड्रइङ क्लासमा बनाउनु छ।

3. छन्।
   पेन्सिलहरू छन्।
   थुप्रै पेन्सिलहरू छन्।
   दराजमा थुप्रै पेन्सिलहरू छन्।
   टेबलको दराजमा थुप्रै पेन्सिलहरू छन्।
   मेरो टेबलको दराजमा थुप्रै पेन्सिलहरू छन्।

4. राखिदेऊ।
   दराजमा राखिदेऊ।
   टेबलको दराजमा राखिदेऊ।
   मेरो टेबलको दराजमा राखिदेऊ।

5. गर्नुपर्छ।
   आजै गर्नुपर्छ।
   तिमीले आजै गर्नुपर्छ।
   काम तिमीले आजै गर्नुपर्छ।
   आजको काम तिमीले आजै गर्नुपर्छ।

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. तिमीले आजको काम आजै गर्नुपर्छ।
तिमीले आजको काम आजै गर्नु पर्दैन।

1. तिमीले आजको पाठ आजै पढनुपर्छ।
2. तपाईंले गर्ने काम राम्ररी गर्नुपर्छ।
3. तैंले आजको काम आजै गर्नुपर्छ।
4. उहाँले पनि आज स्कूल जानुपर्छ।
5. ड्रइङ क्लासमा चराको चित्र बनाउनुपर्छ।

नमूना Model b. तिमीले आजको काम आजै गर्नुपर्छ।
के तिमीले आजै गर्नुपर्छ ?

1. तिमीले आजको होमवर्क आजै गर्नुपर्छ।
2. तिमीले सबै किताब पढनुपर्छ।
3. तिमीले सबै काम सिध्याउनुपर्छ।
4. तपाईंले दुइटा चित्र बनाउनुपर्छ।
5. उसले राम्रो काम गर्नुपर्छ।

नमूना Model c. तिमीले तिम्रो काम आजै सिध्याउनु पर्दैन ?
तिमीले तिम्रो काम आजै सिध्याउनुपर्छ ।

1. तिमीले तिम्रो काम भोलि गर्नु पर्दैन ?

2. उसले उसको काम आज गर्नु पर्दैन ?
3. तपाईंले आजै घर जानु पर्दैन ?
4. उनले पनि एउटा चित्र बनाउनु पर्दैन ?
5. यसले राम्ररी पाठ पढनु पर्दैन ?

नमूना Model d. मैले आज धेरै काम गर्नु छ।
मैले आज धेरै काम गर्नु छैन।

1. मैले आज थुप्रै पढनु छ।
2. मैले आज धेरै होम वर्क गर्नु छ।
3. मैले धेरै चित्रहरू बनाउनु छ।
4. उसले आज घर जानु छ।
5. उहाँले त धेरै लेख्नु छ।

V. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model मैले होमवर्क गर्नु छ।
धेरै
मैले धेरै होमवर्क गर्नु छ।
आज
मैले आज धेरै होमवर्क गर्नु छ।

1. तिमी काम गर।
   तिमी तिम्रो काम गर।
   तिमी तिम्रो काम राम्ररी गर।
2. मैले पढ्नु छ।
   मैले पाठ पढ्नु छ।
   मैले नेपाली पाठ पढ्नु छ।
   मैले राम्ररी नेपाली पाठ पढ्नु छ।
3. तिमी राम्ररी पढ।
   तिमी किताब राम्ररी पढ।
   तिमी नेपाली किताब राम्ररी पढ।
   तिमीयो नेपाली किताब राम्ररी पढ।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. तिमीले आजको काम आजै _____। (छ, छन्, गर्नुपर्छ)
2. मैले पनि मेरो काम सिध्याउनु _____। (छन्, छ, र)
3. भोलि हाम्रो हिसाबको क्लास _____। (छ, छन्, न)
4. तिमी सबै काम आफै _____। (गर्, गर, छ)
5. ती सबै पेन्सिल आफै _____। (ला, लै, लैजाऊ)

II. Complete the sentences using the appropriate words.

1. बिना दिदी ____ आउनुहोस् न।

2. तिमी ती सबै पेन्सिलहरू _____।
3. बिन्दु _____ नअल्मल्याऊ न।
4. तिमी तिम्रो होमवर्क _____।
5. ____मैले वनस्पतिहरूको चित्र बनाउनु छ।

III Change the following statements into negatives.

1. मैले आजै जानु छ।
2. आज तिमी त्यहाँ जाऊ।
3. तिमी ठूलो चित्र बनाऊ।
4. तिमी मेरो काम गर।
5. तिमीले तिम्रो काम आजै सिध्याउनुपर्छ।

IV. Match suitably and make sentences.

A		B
1. भोलि हिसाबको	a.	पढनु छ।
2. तिमी घर	b.	काम छ।
3. आजको काम	c.	जानु छ।
4. मैले किताब	d.	क्लास छ।
5. मेरो लेख्ने	e.	आजै गर्नुपर्छ।

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. कसको थुप्रै लेख्ने काम छ ?
2. केको विशेष क्लास छ ?
3. बिनाले के-केको चित्र बनाउनु छ ?
4. कसको दराजमा थुप्रै पेन्सिल छन् ?
5. बिना विन्दुको को हो ?

शब्दावली VOCABULARY

लेख्ने	act of writing	लेख्नु	to write
हिसाब	Mathematics	भोलि	tomorrow
छुट्टी	holiday	अहँ	no
विशेष	special	त्यसोभए	then
कोठामा	in the room	सिध्याऊ	finish
सिध्याउनु	to finish	खेल	play
रङ्गीन	colour	दराज	drawer
वनस्पति	plant	अङ्ग	part
प्राणीहरू	living beings	इत्यादि	etc.
चित्र	picture	नअल्मल्याऊ	do not disturb
राखिदेऊ	please keep	ल / ठीक छ	ok

टिप्पणी NOTES

2.10.1. Sentences indicating duty / desire / responsibility/obligation / compulsion are introduced in this lesson. e.g.

मैले स्कूल जानु छ।	I have to go to school.
तिमीले आजै हिसाब सिदध्याउनु छ।	You have to finish this sum today itself.
तिमीले यति गर्नु छ।	You have to do this much.
मैले चाहिं हिसाब गर्नु छैन ?	Do not have I to do my sum?
मैले कुनै किताब पढ्नु छैन।	I do not have to read any book.

2.10.2. Note that the above types of verb constructions are formed using the infinitive form of the verb followed by छ / छैन.

Here infinite verb is जानु / It is followed by छ

verb root + infinitive नु + छ

मैले स्कूल जानु छ।	I have to go to school.
मैले स्कूल जानु छैन।	I don't have to go to school.

2.10.3. The citation form in Nepali verb is usually formed by the addition of the suffix -नु to the verb root. e.g.

गर्	+	नु (infinitive suffix)	=	गर्नु	to do
जा	+	नु	=	जानु	to go

2.10.4. You may also note that in all the above types of sentences the copula verb छ remains constant and the subject will have -ले as the ergative case marker.

मैले जानु छ।	I have to go.
तिमीले थाप्नु छ।	You have to receive.
उसले पढ्नु छ।	He has to read.
हामीले किन्नु छ।	We have to buy.

2.10.5. In the noun phrase लेख्ने (लेख् + ने = root+ ने) काम, the suffix -ने change the verb into a modifier of the following noun ,e.g.

लेख्ने काम	act of doing
खाने काम	act of eating.
लेख्ने मान्छे	one who writes (writer)

एकाइँ २ Unit 2

पाठ - ११ Lesson - 11

डाक्टरको सल्लाह
Doctor's advice

संवाद DIALOGUE

रोगी : सर, एक दिनमा मैले कतिपटक औषधि खानुपर्छ ?

Patient : Sir, how many times a day I have to take these medicines?

डाक्टर : तीनपटक, बिहान, दिउँसो र बेलुका। यी औषधिहरू खाना खाएपछि मात्र खानुपर्छ। खुट्टाको पीर मान्नु पर्दैन। खालि बाहिरमात्र चोट छ। यो मलम दिनमा चारपटक लगाउनुपर्छ। साथै एक हप्तासम्म तिमीले आराम गर्नुपर्छ।

Doctor : Three times, in the morning, in the afternoon and at night. You have to take these medicines only after food. You don't have to worry about your leg. Only an external injury is there. You have to apply this ointment four times a day. Also you have to take rest for a week.

रोगी : मैले अफिस जानुपर्छ। मेरो छुट्टी छैन।

Patient : I have to go to office. I have no leave.

डाक्टर : बिरामी-बिदा लिनुपर्छ। तिमीले दुई हप्तासम्म औषधि खानुपर्छ। औषधि पसलबाट औषधि ल्याऊ। सात दिनसम्म दिनहुँ एउटा सुई लिनुपर्छ। त्यो तिम्रो ढाड दुखेकाको लागि हो। त्यसैले तिमीले छुट्टी लिनुपर्छ ।

Doctor : You have to apply for medical leave. You have to take the medicine at least for two weeks. Bring the medicine from the pharmacy. You also have to get an injection daily for seven days. That is for your backache. Therefore you have to take leave.

रोगी : सर, त्यसो भए तपाईंले मलाई एउटा मेडिकल सर्टिफिकेट दिनुपर्छ।

Patient : Sir, then you have to give me a medical certificate.

डाक्टर : सुर्ताउनु पर्दैन। आज साँझ सात बजेपछि तिमीले मसँग सर्टिफिकेट लिनू। भोलिदेखि उता छुट्टीका लागि निवेदन दिनुपर्छ।

Doctor : Don't worry. You take the certificate from me after 7 p.m. today. You should apply for leave from tomorrow onwards.

रोगी : सर, मैले केही बार्नुपर्छ ?

Patient : Do I have to observe any diet restrictions Sir ?

डाक्टर : तिमीले पोसिलो खानेकुरा खानुपर्छ। प्रशस्त साग, तरकारी र फलफूल खानुपर्छ। चिल्लो खानेकुरा खानुहुँदैन्। धेरै तारेको खानेकुरा पनि खानुहुँदैन। तिमीले आमिष खानेकुरा जस्तै-खसी र कुखुराको मासु खानु हुँदैन। यसको सट्टा तिमीले माछा खानुपर्छ। धेरै मात्रामा ताजा फलफूल खानुपर्छ। अनि तिमीले सधैं औषधि खानुपर्छ।

Doctor : You have to take nutritious food. (You) should eat lots of vegetables and fruits. Please don't eat fattty foods. Don't eat too much of fried eatables. You should not eat non vegetarian food like meat and chicken. Instead (of that) you should take fish. You should eat plenty of fresh fruits. And you should take medicines regularly.

रोगी : सर मुरीमुरी धन्यवाद ।

Patient : Thank you very much sir.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. यी औषधिहरू खाना खाएपछि मात्र खानुपर्छ।
2. साथै एक हप्तासम्म तिमीले आराम गर्नुपर्छ।
3. सात दिनसम्म दिनहुँ एउटा सुई लिनुपर्छ।
4. तपाईंले खुट्टाको पीर मान्नु पर्दैन।
5. धेरै तारेको खानेकुरा पनि खानु हुँदैन।
6. एक दिनमा मैले कतिपटक औषधि खानुपर्छ?
7. सर, मैले केही बार्नुपर्छ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

जानुपर्छ।
अफिस
अफिस जानुपर्छ।
मैले
मैले अफिस जानुपर्छ।

1. लगाउनुपर्छ।
   चारपटक लगाउनुपर्छ।
   दिनमा चारपटक लगाउनुपर्छ।
   मलम दिनमा चारपटक लगाउनुपर्छ।
   यो मलम दिनमा चारपटक लगाउनुपर्छ।

2. हो।
   दुखेकाको लागि हो।
   ढाड दुखेकाको लागि हो।
   तिम्रो ढाड दुखेकाको लागि हो।
   त्यो तिम्रो ढाड दुखेकाको लागि हो।

3. दिनुपर्छ।
   निवेदन दिनुपर्छ।
   छुट्टीका लागि निवेदन दिनुपर्छ।
   भोलिदेखि उता छुट्टीका लागि निवेदन दिनुपर्छ।

4. खानु हुँदैन।
   मासु खानु हुँदैन।
   कुखुराको मासु खानु हुँदैन।
   खसी र कुखुराको मासु खानु हुँदैन।
   तिमीले खसी र कुखुराको मासु खानु हुँदैन।

5. बार्नुपर्छ ?
   केही बार्नुपर्छ ?
   मैले केही बार्नुपर्छ ?
   सर, मैले केही बार्नुपर्छ ?

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model मैले यो मलम दिनमा चारपटक लगाउनुपर्छ।
सातपटक
मैले यो मलम दिनमा सातपटक लगाउनुपर्छ।

1. एकदिनमा मैले तीनपटक औषधि खानुपर्छ।
   चारपटक
   बीसपटक
   दुईपटक

2. मैले दिनहुँ औषधि खानुपर्छ।
   खाना
   माछा
   रोटी
   मासु
   साग
   तरकारी

3. तपाईंले सुर्ता गर्नु हुँदैन।
   उहाँले
   तिनीले
   यिनले
   कसैले
   दिदीले

4. तपाईंले एउटा किताब किन्नुपर्छ।
   खोल्नुपर्छ
   पढ्नुपर्छ
   लेख्नुपर्छ
   दिनुपर्छ
   देखाउनुपर्छ
   हेर्नुपर्छ

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. यो मलम दिनमा चारपटक लगाउनुपर्छ।
यो मलम दिनमा चारपटक लगाउनु पर्दैन।

1. रोगीले बिरामी बिदा लिनुपर्छ।
2. ढाड दुखेकाको लागि सुई किन्नुपर्छ।
3. औषधि पसलबाट औषधि ल्याउनुपर्छ।

4. तिमीले पोसिलो खानेकुरा खानुपर्छ।
5. रोगीलाई धेरै मात्रामा ताजा फलफूल दिनुपर्छ।

V. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model
तपाईंले मलम लगाउनुपर्छ।
चारपटक
तपाईंले मलम चारपटक लगाउनुपर्छ।
दिनमा
तपाईंले मलम दिनमा चारपटक लगाउनुपर्छ।
यो
तपाईंले यो मलम दिनमा चारपटक लगाउनुपर्छ।

1. तैंले सुई लिनुपर्छ।
   तैंले सात दिनसम्म सुई लिनुपर्छ।
   तैंले ढाड दुखेकाको लागि सात दिनसम्म सुई लिनुपर्छ।
2. उसले निवेदन दिनुपर्छ।
   उसले छुट्टीका लागि निवेदन दिनुपर्छ।
   उसले अफिसमा छुट्टीका लागि निवेदन दिनुपर्छ।
3. तिमीले फलफूल खानुपर्छ।
   तिमीले ताजा फलफूल खानुपर्छ।
   तिमीले बिमार जाती हुन ताजा फलफूल खानुपर्छ।
4. तपाईंले आराम गर्नुपर्छ।
   तपाईंले सात दिनसम्म आराम गर्नुपर्छ।
   तपाईंले आजदेखि सात दिनसम्म आराम गर्नुपर्छ।
5. तपाईंले औषधि खानुपर्छ।
   तपाईंले जाती हुन औषधि खानुपर्छ।
   तपाईंले जाती हुन दिनहुँ औषधि खानुपर्छ।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. बिरामी भएकाले जाती हुन ___ खानुपर्छ। (औषधी, सागपात, खाना)
2. ढाडको दुखेकाको लागि सात दिनसम्म __ सुई लिनुपर्छ। (छुट्टी, दिनहुँ, साथै)
3. तिमीले स्वास्थ्यको लागि _____ खानेकुरा खानुपर्छ। (पोसिलो, सट्टा, जस्तै)
4. बिरामीले जाती हुन _____ छुट्टी लिनुपर्छ। (परबाट, अफिसबाट, मलम)
5. खुट्टाको चोटका लागि _____ लगाउनुपर्छ। (मासु, फलफल, मलम)

II. Complete the sentences using the appropriate forms of the words given

1. आज _____ डाक्टरलाई देखाउनुपर्छ। (म)
2. भोलिका लागि _____ औषधि किन्नुपर्छ। (ऊ)
3. छुट्टीका लागि _____ निवेदन् दिनुपर्छ। (तँ)
4. तपाईंको रोग जाती पार्न पोसिलो खानेकुरा ___ । (खा)
5. तिमीले आज डाक्टरकोमा _____। (जा)
6. तपाईंले ताजा फलफूल _____। (किन्)
7. उसले ढाड दुखेकाको लागि सुई _____। (लि)

III. Complete the sentences using the appropriate words.

1. तपाईं आजै डाक्टरकोमा _____।
2. तिमीले दिनहुँ _____ खानुपर्छ।
3. बिमार जाती पार्न _____ लिनुपर्छ।
4. तपाईंले छुट्टीका लागि _____ दिनुपर्छ।
5. तिमीले प्रशस्त सागसब्जी र फलफूल _____।

IV. Transform the affirmative sentences into their corresponding negatives.

1. तपाईंले दुई हप्तासम्म आराम गर्नुपर्छ।
2. औषधि नियमित रूपमा खानुपर्छ।
3. तपाईंले एउटा मेडिकल सर्टिफिकेट दिनुपर्छ।
4. सधैं औषधि खान यहाँ आउनुपर्छ।
5. तपाईंको खुट्टाको लागि राम्रो मलम लिनुपर्छ।

V. Give as many questions as possible for the following statements.

1. खाना खाएपछि औषधि खानुपर्छ।
2. बिमार जाती भएपछि घर जानुपर्छ।
3. धेरै ताजा फलफूल खानुपर्छ।
4. तपाईंले अफिसबाट बिदा लिनुपर्छ।
5. औषधि-पसलबाट औषधि ल्याउनुपर्छ।

VI. Expand the given sentences using at least three words for each.

1. मैले फलफूल खानुपर्छ।
2. तपाईंले औषधि लिनुपर्छ।
3. उनले निवेदन दिनुपर्छ।
4. तपाईंले किताब पढ्नुपर्छ।

VII. Using the words given in the table make as many sentences as possible.

तपाईले	छुट्टीका लागि	पीर मान्नु	खानुपर्छ ।
तिमीले	खाना खाएपछि	औषधि	दिनुपर्छ ।
स्वास्थ्यको लागि	नियमित रूपमा	फलफूल	पर्दैन ।
तपाईले	छुट्टीको लागि	निवेदन	बार्नुपर्छ ।
बिरामीलाई	डक्टरले	औषधी	खानुपर्छ ।
बिरामीले	धेरै	खानेकुरा	लेख्नुपर्छ ।

VIII. Answer the following questions with reference to the dialogue of the lesson.

1. रोगीले कतिपटक औषधि खानुपर्छ ?
2. रोगीले केका सूई लागि लिनुपर्छ ?
3. रोगीले सर्टिफिकेट लिन के गर्नुपर्छ ?
4. रोगीले कस्तो खानेकुरा खानु हुँदैन ?
5. बिरामीले केको सट्टा माछा खानुपर्छ ?

शब्दावली VOCABULARY

कतिपटक	how many times	लिनुपर्छ	have to take
बिहान	morning	अपरान्ह	afternoon
औषधि	medicine	मात्र	only/merely
खुट्टा	leg	बारे	about
सुर्ताउनु,पीरगर्नु	worry to be anxious	चोट	injury
मलम	ointment	हप्ता	week
विश्राम	rest	प्रतिदिन	daily
ढाड	back (bone)	ढाड दुखनु	backache
त्यसर्थ	therefore	साँझ/बेलुका	evening
भोलिदेखि उता	tomorrow onwards	बिन्ती	request
बार्नु	diet restriction	फलफूल	fruit
तागतयुक्त	nutritious	चिल्लो	fatty
भुटेको	fried	आमिष	non vegetarian
सट्टा	substitute	धेरै मात्रामा	plenty
अन्त्यमा	lastly	सधैं /नियमित	regular
मुरीमुरी	very much	रोगी	patient
		बिरामी	Patient

टिप्पणी NOTES

2.11.1. Obligatory constructions indicating compulsion with emphasis are introduced.

तिमीले यो औषधि खानापछि खानुपर्छ। You have to take this medicine after food.

तिमीले एक हप्ता आराम गर्नुपर्छ।	You have to take rest for a week.
तपाईंले मलाई एउटा मेडिकल सर्टिफिकेट दिनुपर्छ।	You have to give me a medical certificate.
मैले केही बार्नुपर्छ ?	Do I have to observe any diet restrictions ?
तिमीले माछा खानुपर्छ ।	You have to eat fish.

2.11.2. Note that the verb constructions in the above sentences are formed by the addition of पर्छ to the infinitive form of the verb.

आउनुपर्छ	has/have to come.
दिनुपर्छ	has/have to give .
लिनुपर्छ	has/have to take.
गर्नुपर्छ	has/have to do.

2.11.3. The subject in such sentences will take the suffix ले.

मैले खानुपर्छ।	I have to eat.
तिमीले दिनुपर्छ।	You have to give.
तपाईले आराम गर्नुपर्छ।	You have to take rest.

2.11.4. The above type of obligatory constructions are negated in the following sentences.

तपाईले सुर्ताउनु पर्दैन।	You should not worry.
तपाईले आमिष खानेकुरा जस्तै	You should not eat non vegetarian.
खसीको मासु र कुखुराको मासु खानु हुँदैन ।	food like meat and chicken.
चिल्लो खानेकुरा खानु हुँदैन।	You should not eat fatty food.

2.11.5. Look at the use of the underlined words in the following sentences.

भोलिदेखि,उता छट्टीका लागि निवेदन दिनुपर्छ	You should request for leave from tomorrow onwards.
सात बजेपछि तिमीले मसँग सार्टिफिकेट लिनुपर्छ	You have to take the certificate from me after 7 p.m.

देखि and बाट are post positions indicating the meaning 'from' which stand for ablative forms.

i) In the ablative case बाट is added to a place location while देखि is added to time expressions. e.g.

औषधि पसलबाट औषधि ल्याऊ, भोलिदेखि उता तिमीले बिदा लिनुपर्छ - Bring medicine from the pharmacy, you have to take leave from tomorrow onwards.

ii) का लागि indicates the meaning of **for** and **for the sake of** का लागि is the plural form.

छोरीहरूका लागि किताब चाहिन्छ। I want some books for my daughters.

2.11.6. The negative form of पर्छ is पर्दैन but functionally हुँदैन is used as the shown in the following sentences, e.g.

खानुपर्छ	need to eat
खानु पर्दैन	don't need to eat
खानुहुन्छ	allowed to eat
खानु हुँदैन	not allowed to eat

एकाइँ २ Unit 2

पाठ - १२ Lesson - 12

कालेका बाबा बिरामी छन्
Kale's father is ill

संवाद DIALOGUE

आमा	: काले, यहाँ आइज। भान्साघरमा थालहरू छन्। जा र धो। यो पानीको जग पनि लैजा। यो राम्ररी धुनुपर्छ नि।	Mother : Kale, come here. There are dishes in the kitchen. Go and wash them. Take this water jug also. You have to wash it nicely.
काले	: हुन्छ, दिदी । त्यसको सुर्ता नगर्नुहोस् । त्यो मेरो जिम्मामा छोडिदिनुहोस्। म तपाईंहरूको पुरानो मान्छे हुँ।	Kale : Yes, madam. You please don't worry. Leave it to me. I am your old servant.
आमा	: तैपनि धेरैखेप मैले तँलाई सम्झाउनुपर्छ। यस्तो कुरा छोड् । तेरो हातको त्यो के हो नि ?	Mother : Even then, many a time I have to remind you. Leave it now. What is that in your hand ?
काले	: यो ओखती हो, दिदी। मेरा बाबा घरमा सिकिस्त बिरामी हुनुहुन्छ। मैले यो ओखती उहाँलाई चार बजे खुवाउनुपर्छ। त्यसकारण मलाई अलिक छिट्टै छोडिदिनुहोस् है।	Kale : It is medicine, madam. My father is very sick at home. I have to give this medicine to him at 4 o' clock. So please leave me a little earlier.
आमा	: तेरो बाबा बिमारी छन् ? कहिलेदेखि? के बिमार ?	Mother : Is your father sick ? Since how long ? What is the ailment ?
काले	: अस्ति सोमबारदेखि नै उहाँ बिरामी हुनुहुन्छ। उहाँलाई जरो र खोकी छ। अहाँलाई केहि खान रुचि छैन। उहाँ एकदमै कमजोर पनि हुनुहुन्छ। उहाँलाई निक्कै सारो ढाड पनि दुखेको छ।	Kale : Since last Monday he is sick. He has fever and cold. He has no appetite. He is very weak also. He has a terrible back pain also.

आमा : झट्टै डाक्टरलाई देखा अचेल धेरै जसो बूढाबुढीहरू बिरामी छन्। मौसम नै त्यस्तै छ।

काले : मैले देखाउनै पर्छ। तर मसित पैसा छैन।

आमा : सुर्ता नगर्। हामी छैनौं र ?

काले : हस् दिदी । अहिले मलाई अलिकति पैसा चाहियो । पछि मेरो तलबबाट काटिदिनुहोस् न ।

आमा : तँलाई कति चाहिन्छ ? पाँच सय रूपियाँले पुग्छ ? ला राख्। बाबालाई डक्टरकहाँ अहिल्यै लैजा। तैंले चार बजेसम्म यहाँ पर्खनु पर्दैन । नयाँ दवाईहरू पनि किन्।

काले : मसित पनि केही दवाई त छ।

आमा : त्यतिले पुग्दैन। त्यो त दर्दनाशक दवाई मात्र हो। उनले जरोको ओखती खानुपर्छ। तैंले बाबाका लागि तागतको ओखती पनि किन्नुपर्छ।

काले : तागतका ओखती त हामी गरीबहरूका लागि होइन। हामीलाई त खानेकुरा चाहिन्छ। दुई छाक नै हाम्रो लागि मनग्गे हुन्छ ।

आमा : ए, धेरै नकिन् । झट्टै जा। तैंले बाबालाई अस्पताल लानुपर्छ। भोलि मात्रै आइज।

काले : हस् हजुर ।

Mother : Show him to a doctor immediately. Now a days most of the old people are sick. Weather is like that.

Kale : I have to show. But I have no money.

Mother : Don't worry. Aren't we here ?

Kale : Thank you madam. Now I want some money. Later deduct it from my payment.

Mother : How much do you need ? Will five hundred rupees do? Take it. Take your father to the doctor right now. You need not wait here till 4 o' clock here. Bring fresh medicines also.

Kale : There are some medicines with me.

Mother : That will not do. They are just pain killers. He has to get proper medicines for his fever. You have to buy some tonic also for your father.

Kale : Tonic and such things are meant not for the poor people like us. We need food. Just two meals a day are sufficient for us.

Mother : O.K., Don't talk too much. Go quickly. You have to take your father to the hospital. Come only tomorrow.

Kale : Thank you very much madam.

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. अचेल धेरै जसो बूढाबुढीहरू बिरामी _____। (छ, छन्, पर्छ)
2. उहाँलाई निक्कै सारो ढाड पनि दुखेको _____। (छिन्, छ, छे)
3. तैंले बाबालाई अस्पताल _____। (लिनुपर्छ, लानुपर्छ, गर्नुपर्छ)
4. त्यो मेरो ____ छोडिदिनुहोस्। (जिम्मामा, बिमार, मौसाम)
5. उसले _____ ओखती खानुपर्छ। (दिनहुँ, सिकिस्त, सुर्ता)

II Complete the sentences using the appropriate words.

1. मेरा थालहरू _____ छन्।
2. म तपाईंहरूको _____ नोकर हुँ।
3. मेरा बाबा घरमा ____ बिरामी हुनुहुन्छ।
4. उहाँलाई चार बजे ___ खुवाउनुपर्छ ।
5. उहाँलाई ज्वरो र खोकी _____।

III. Rewrite as directed.

1. थालहरू राम्ररी धुनुपर्छ। (Change into negative).
2. कालेले बाबालाई अस्पताल लानुपर्छ। (Change into Negative Interrogative).
3. हामी चार बेजसम्म यहाँ बस्नुपर्छ। (Change into negative).
4. तैले चार बजेसम्म पर्खनु पर्दैन। (Change into affirmative).
5. तँ नयाँ दवाई किन्। (Change into plural).

IV. Match suitably and make sentences.

A		B
1. उहाँ एकदम	a.	दुखेको छ।
2. उहाँको सारो ढाड	b.	कमजोर हुनुहुन्छ।
3. मेरा बाबा	c.	नोकर हो।
4. काले पुरानो	d.	बिरामी हुनुहुन्छ।
5. यो दर्दनाशक	e.	खानेकुरा चाहिन्छ।
6. हामीलाई राम्रो	f.	दवाई हो।

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. थालाहरू कहाँ छन् ?
2. कसको बाबा बिरामी छन् ?
3. कालेको बाबालाई के छ ?
4. कसको ढाड दुखेको छ ?
5. कहिलेदेखि कालेका बाबा बिरामी छन् ?

VI. Write the synonyms of the words given and use them in sentences

दवाई, छिट्टै, मन, निक्कै, सारो , अचेल, मनग्गे, सुर्ता, कतिपटक, छुट्टी, रोगी, पसल, पोसिलो, नियमित रूपमा, मुरीमुरी,

शब्दावली VOCABULARY

थालहरू	plates/dishes	बटुको	bowl
जग	jug	लोटा/ग्लास	glass
छोडिदिनु	leave	भाँडा	utensils
पुरानो	old	नोकर	servant
तैपनि	even then	सम्झाउनु	remind
अलिक	a little	अस्ति	day before yesterday
जरो	fever	खोकी	cold, cough
रुचि	appetite	टाउको दुख्नु	headache
कमजोर	weak	निक्कै सारो	terrible, too much
दर्द	pain	झट्टै	immediately
अचेल	now a days	बुढी	old woman
बूढा	old people	मौसम	weather
पछि	later	यो बेला	this time
काट्नु	to cut	सघाउनु	to help
पुग्छ	enough	तलब	salary
पर्खनु	to wait	दर्द नाशक	pain killer
तागत	tonic	उचित/उपयुक्त	proper
एक छाक	one time meal	भोजन/खाना	meal
मनग्गे	sufficient	भोलि	tomorrow
तुरन्त	quickly		

एकाइँ ३
Unit 3

पाठ - १३
Lesson - 13

बाल दिवस
Children's day

संवाद DIALOGUE

सरिता : पिताजी, यो वर्ष पनि हाम्रो स्कूलले बाल दिवस मनाउँछ।

Sarita : Daddy, this year also our school celebrates Children's Day.

पिताजी : ए , भोलि 14 नभेम्बर हो। नानी, भोलि कसको जन्म दिन हो जान्दछ्यौ ?

Father : Oh! Tomorrow is November 14. My child, whose birthday is that ? Do you know ?

सरिता : अँ, म जान्दछु पिताजी। यो पण्डित जवाहरलाल नेहरूको जन्मदिन हो।

Sarita : Yes, I know daddy. It is Jawaharlal Nehru's birthday.

पिताजी : तिम्रा स्कूलमा के-के कार्यक्रम छन्?

Father : What programmes are there in your school ?

सरिता : भाषणहरू छन्, गीत-नाचहरू छन्। यस्ता थुप्रै कार्यक्रम छन्।

Sarita : There are speeches. There are songs and dances. Many programmes are there.

पिताजी : अनि तिमी के गछ्र्यौ ?

Father : And what do you do ?

सरिता : म भाषण गर्छु । म सधैँ बोल्न मन पराउँछु। म त्यसै बस्न मन पराउँदिनँ।

Sarita : I give speech. I always like to speak. I don't like to sit idle.

पिताजी : तिमी के बोल्छ्यौ ? मलाई भन त।

Father : What do you speak ? Tell me.

सरिता : सुन्नुहोस्। म यसो भन्छु -"पण्डित जवाहरलाल नेहरू भारतका प्रथम प्रधान मन्त्री हुन्। हामी उनलाई चाचा नेहरू भन्छौं। हामी सबै उनलाई मन पराउँछौं। उनी केटाकेटीहरूलाई माया गर्थे । हामी उनलाई खुबै आदर गर्छौं। नभेम्बर 14 तारिक उनको

Sarita : Please listen. I will speak like this - "Jawaharlal Nehru is the first Prime Minister of India. We call him Chacha Nehru. We all like him. He likes children. We respect him very much. His birthday is on 14th November. We

जन्मदिन हो । त्यस दिनलाई हामी बाल दिवसको रूपमा मनाउँछौं । अब म यो माला उनको तस्वीरमा लगाउँछु। धन्यवाद।"

celebrate it as Children's Day Now I put this garland on his photo. Thank you."

पिताजी : बस् ? त्यति नै हो त तिम्रो भाषण ?

Father : And ? Only that much is your speech ?

सरिता : अँ। समय पनि त त्यति नै छ। हामी पाँच जनाले बोल्नु छ।

Sarita : Yes. Time is also only that much. Five of us have to speak.

पिताजी : को-को बोल्छौ ? सबै केटाकेटी बोल्दैनन् र ?

Father : Who all will speak ? Won't all the children speak ?

सरिता : अहँ, धेरै सबैले बोल्दैनन्। केवल अनुपमा, राधा, मोती, सीता र म बोल्छौं। हाम्रो स्कूलमा राम्रा वक्ताहरू छन्। सबभन्दा राम्रो अनुपमा बोल्छे। उ सधैँ प्रथम पुरस्कार पाउँछे। अरूले पाउँदैनन्।

Sarita : No, many don't speak. Only Anupama, Radha, Moti, Sita and I will speak. There are many good speakers in our school. Anupama speaks better than all. She always gets the first prize.

पिताजी : तिमीले पनि प्रथम पुरस्कार पाउने कोसिस गर्नू।

Father : You also should try to get the first prize.

सरिता : म पनि पुरस्कार पाउँछु। गीत र नक्सामा म सधैँ पुरस्कार पाउँछु।

Sarita : I also get prizes. I get prizes always in song and drawing.

पिताजी : ठीक हो। तिमीलाई मेरो आशीर्वाद छ।

Father : That is true. You have my blessing.

सरिता : पिताजी नेहरूजीबारे अरू केही भन्नुहोस् न। अनि मात्र म लामो भाषण दिन्छु।

Sarita : Daddy, please tell me more about Nehruji. Then only I will give a long speech.

पिताजी : अच्छा। मेरो किताबको ताकमा नेहरूजीबारे एउटा किताब छ। लेऊ। त्यसको पहिलो परिच्छेद पढ। त्यहाँ तिमीले नेहरूजीबारे धेरै कुरा पाउँछ्यौ।

Father : O.K. On my book shelf there is a book on Nehruji. Take it. Read its first chapter. There you will get many things.

सरिता : हुन्छ पिताजी। म त्यो किताब पढछु। म पहिलो पुरस्कार जित्ने कोसिस गर्छु।	Sarita : O.K. Daddy. I will read that book. I try to win the first prize.
पिताजी : तिमीलाई मेरो शुभकामना छ।	Father : My best wishes are with you.
सरिता : पिताजी म एउटा देशभक्तिको कविता पनि पाठ गर्छु।	Saritha : Daddy, I will recite a patriotic poem also.
पिताजी : कुन कविता पढ्छ्यौ ? अनि कसको ?	Father : Which poem do you recite ? And whose ?
सरिता : 'हिमालय', भन्ने कविता।	Sarita : The Himalayas', Agam Singh Giri's.
पिताजी : ल ठीक छ। अगमसिंह गिरी एक जना नेपालीका ठूला कवि हुन्। नानी, चित्र प्रतियोगितामा तिमी के बनाउँछ्यौ?	Father : Fine. Agam Singh Giri is a great Nepali poet. My child, what do you draw in the drawing competition ?
सरिता : म पिताजी ? म नेहरूजीकै चित्र बनाउँछु। म अरू केही पनि बनाउँदिनँ।	Sarita : Me Daddy ? Today I (will) draw Nehruji's picture. I don't draw anything else.
पिताजी : झन राम्रो। मेरो पनि शुभकामना।	Father : Very good. Again my best wishes are (with you)

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. यो वर्ष पनि हाम्रो स्कूलले बाल दिवस मनाउँछ।
2. पण्डित जवाहरलाल नेहरूलाई हामी चाचा नेहरू भन्छौं।
3. हामी उनलाई खुबै आदर गर्छौं।
4. अब म यो माला नेहरूको तस्वीरमा लगाउँछु।
5. तिमीले पनि प्रथम पुरस्कार पाउने कोसिस गर्नू।
6. तिमी जान्दछ्यौ ?
7. अनि तिमी के गछ्र्यौ ?
8. तिमी त्यति नै भाषण गर्छौ त ?
9. अरूले प्रथम पुरस्कार पाउँदैनन्।
10. सबै केटाकेटी त्यहाँ बोल्दैनन् र ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

लगाउँछु।
तस्वीरमा
तस्वीरमा लगाउँछु।
उनको
उनको तस्वीरमा लगाउँछु।
माला
माला उनको तस्वीरमा लगाउँछु।
यो
यो माला उनको तस्वीरमा लगाउँछु।
म
म यो माला उनको तस्वीरमा लगाउँछु।

1. पाउँछु।
   पुरस्कार पाउँछु।
   सधैं पुरस्कार पाउँछु।
   म सधैं पुरस्कार पाउँछु।
   नक्सामा म सधैं पुरस्कार पाउँछु।
   गीत र नक्सामा म सधैं पुरस्कार पाउँछु।

2. भन्छौं।
   चाचा नेहरू भन्छौं।
   जवाहरलाल नेहरूलाई चाचा नेहरू भन्छौं।
   हामी जवाहरलाल नेहरूलाई चाचा नेहरू भन्छौं।

3. पराउँछौं।
   मन पराउँछौं।
   चाचा नेहरूलाई मन पराउँछौं।
   हामी सब चाचा नेहरूलाई मन पराउँछौं।

4. बोल्छौं।
   पाँचजना मात्र बोल्छौं।
   भाषणमा पाँचजना मात्र बोल्छौं।
   हामी भाषणमा पाँचजना मात्र बोल्छौं।

5. बोल्दैनन्।
   केटाकेटीहरू बोल्दैनन्।
   कक्षाका सबै केटाकेटीहरू बोल्दैनन्।
   हाम्रो कक्षाका सबै केटाकेटीहरू बोल्दैनन्।

6. पाउँदैनन्।
   पुरस्कार पाउँदैनन्।
   अरूले पुरस्कार पाउँदैनन्।
   गीतमा अरूले पुरस्कार पाउँदैनन्।

7. गछ्र्यौं।
   के गछ्र्यौं?
   तिमी चाँहि के गछ्र्यौं ?
   अनि तिमी चाहिं के गछ्र्यौं ?

8. बोल्छ्यौ ?
   के बोल्छ्यौ ?
   तिमी के बोल्छ्यौ ?
   कार्यक्रममा तिमी के बोल्छ्यौ ?
   त्यस दिनको कार्यक्रममा तिमी के बोल्छ्यौ ?

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model हामी चाचा नेहरूलाई आदर गर्छौं।
सम्मान
हामी चाचा नेहरूलाई सम्मान गर्छौं।

1. हामी स्कूलको कार्यक्रममा सधैँ बोल्छौं।
सबै
थुप्रै
धेरै
राम्रै

2. अनुपमालाई जन्मदिनको कार्यक्रममा पुग्नु छ।
राधालाई
मलाई
तपाईंलाई
उनलाई
तिमीलाई

3. कार्यक्रममा धेरै मान्छे जाँदैनन्।
पुग्दैनन्
आउँदैनन्
हुँदैनन्

4. स्कूलको कार्यक्रम हामी मन पराउँदैनौं।
हेर्दैनौं
सुन्दैनौं

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. हामी यो वर्ष स्कूलमा बालदिवस मनाउँछौं।
हामी यो वर्ष स्कूलमा बालदिवस मनाउँदैनौं।

1. हामी त्यहाँ नाच-गानको कार्यक्रम गर्छौं।
2. हामी स्कूलमा नेहरूको जन्मदिन मनाउँछौं।
3. हामी चाचा नेहरूको तस्वीरमा माला लगाउँछौं।
4. हामी आफ्नो जन्मदिन पनि मनाउँछौं।
5. हामी सबैले प्रथम पुरस्कार पाउँछौं।

नमूना Model b. उनीहरूले स्कूलमा बालदिवस मनाउँछन्
उनीहरूले स्कूलमा के मनाउँछन्?

1. उनीहरूले कार्यक्रममा गीत गाउँछन्।
2. उनीहरूले कार्यक्रममा पुरस्कार पाउँछन्।
3. उनीहरूले कार्यक्रममा सम्मान पाउँछन्।
4. उनीहरूले त्यहाँ भाषण गर्छन् ।
5. उनीहरूले नेहरूलाई सम्मान गर्छन्।

नमूना Model c
म आज धेरै पढ्छु ।
म आज धेरै पढदिनँ ।

1. म राम्रा राम्रा चित्र बनाउँछु ।
2. म चिडियाखाना जान्छु ।
3. म बाबाको लागि दवाई ल्याउँछु ।
4. म मेरो जन्मदिनमा तपाईंलाई बोलाउँछु ।
5. म सबैलाई मेरो घ देखाउँछु ।

नमूना Model d
हामी आज धेरै लान्छौं ।
हामी आज लान्नौं ।

1. हामी तपाईलाई खानेकुरा दिन्छौं ।
2. हामी आज कपडा धुन्छौं ।
3. हामी आज तपाईंकोमा चिया खान्छौं ।
4. हामी तिम्रो घरमा जान्छौं ।
5. हामी प्रतियोगितामा भाग लिन्छौं ।

नमूना Model e
हामी आज यहाँ बस्छौं।
हामी आज यहाँ बस्दैनौं ।

1. हामी तपाईंको घरमा आउँछौं ।
2. हामी आफै तरकारीहरू रोजछौं ।
3. हामी हाम्रो काम झट्टै सिद्ध्याउँछौं ।
4. हामी सधैं घरको काम गर्छौं ।
5. हामी प्रतियागितामा क्रिकेट खेल्छौं ।

V. रूप-परिवर्तन अभ्यास Conversion Drill

नमूना Model a
म आज धेरै पढ्छु ।
हामी आज धेरै पढ्छौं ।

1. म राम्रा राम्रा चित्र बनाउँछु ।
2. म चिडियाखाना जान्छु ।
3. म बाबाको लागि दवाई ल्याउँछु ।
4. म मेरो जन्मदिनमा तपाईंलाई बोलाउँछु ।

5. म सबैलाई मेरो घ देखाउँछु ।

नमूना Model b
उनी जन्मदिन मनाउँछन् ।
उनीहरू जन्मदिन मनाउँछन् ।

1. उनी नियमित रूपमा किताब पढछन् ।
2. उनी कार्यक्रममा भाषण दिन जान्छन् ।
3. उनी सधैं प्रतियोगीतामा पुरस्कार पाउँछन् ।
4. उनी नेहरूलाई चाचा भन्छन् ।
5. उनी सबैलाई सम्मान गर्छन् ।

नमूना Model c
उनी जन्मदिन मनाउँछिन ।
उनीहरू जन्मदिन मनाउँछन् ।

1. उनी नियमित रूपमा किताब पढछिन ।
2. उनी कार्यक्रममा भाषण दिन जान्छिन् ।
3. उनी सधैं प्रतियोगीतामा पुरस्कार पाउँछिन् ।
4. उनी नेहरूलाई चाचा भन्छिन ।
5. उनी सबैलाई सम्मान गर्छिन् ।

VI. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model
हामी कार्यक्रम मनाउँछौं।
आज
हामी आज कार्यक्रम मनाउँछौं।
स्कूलमा
हामी आज स्कूलमा कार्यक्रम मनाउँछौं।
बालदिवसको
हामी आज स्कूलमा बालदिवसको कार्यक्रम मनाउँछौं।

1. म कोसिस गर्छु।
म पुरस्कार पाउने कोसिस गर्छु।
म गीतमा पुरस्कार पाउने कोसिस गर्छु।
म गीतमा प्रथम पुरस्कार पाउने कोसिस गर्छु।

2. उनी राम्ररी बोल्छन्।
उनी कार्यक्रममा राम्ररी बोल्छन्।
उनी स्कूलको कार्यक्रममा राम्ररी बोल्छन्।
उनी आज स्कूलको कार्यक्रममा राम्ररी बोल्छन्।

VI. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model

नानीहरूले स्कूलमा के मनाउँछन् ?
नानीहरूले स्कूलमा बालदिवस मनाउँछन्।

1. नेहरूको जन्मदिन कहिले हो ?
2. स्कूलमा कस्ता कार्यक्रम हुन्छन् ?
3. सरिताले केमा सधैँ पुरस्कार पाउँछे ?
4. हामी नेहरूलाई के गर्छौं ?
5. हामी नेहरूको कुरा कहाँ पढ्न पाउँछौं ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. म पुरस्कार पाउने कोसिस _____। (गर्छु, गर्छौं, गर्छन्)
2. तिमी नेहरूको किताब _____। (पढनुहोस्, पढछु, पढ)
3. तपाईं पनि स्कूलको कार्यक्रममा _____। (जान्छौ, जान्छन्, जानुहुन्छ)
4. हामी चाचा नेहरूलाई _____। (मन पराउँछु, मन पराउँछौं, मन पराउँछन)
5. उनीहरूले नेहरूको तस्वीरमा माला ___। (लगाउँछन्, लगाउँछ, लगाउछौं)

II Complete the sentences using the appropriate forms of the words given.

1. नेहरूबारे _____ केही भन्नुपर्छ। (म)
2. गीतमा _____ प्रथम पुरस्कार पाउनु छ। (तँ)
3. कार्यक्रममा _____ गीत पनि गाउनुपर्छ। (ऊ)
4. स्कूलको कार्यक्रममा मैले नक्सा _____। (देख्)
5. हामी नेहरूलाई धेरै आदर _____। (गर्)

III Complete the sentences using the appropriate words.

1. यो वर्ष पनि हामी बालदिवस _____।
2. नेहरूलाई हामी _____ गर्छौं।
3. म त्यहाँ _____ कविता पनि पाठ गर्छु।
4. अगमसिंह गिरी _____ कवि हुन्।
5. तिमीले प्रतियोगितामा _____ पुरस्कार पाउने कोसिस गर्नुपर्छ।

IV Expand the following sentences using at least three words for each.

1. अगमसिंह गिरी कवि हुन्।
2. आज स्कूलमा कार्यक्रम छ।
3. म किताब पढछु।
4. हामी चित्र बनाउँछौं।
5. तपाईं कविता पाठ गर्नुहोस्।

V Transform the following sentences into their corresponding negatives.

1. हामी हाम्रो जन्मदिन मनाउँछौं।
2. म चाचा नेहरूलाई मन पराउँछु।
3. नेहरूको जन्मदिन उनी जान्दछन्।
4. हामी त्यो दिनको कार्यक्रममा जान्छौं।
5. ऊ कार्यक्रममा गीत गाउँछ।

VI Make as many sentences as possible using the given table.

म	स्कूलको बाल कार्यक्रममा	जान्छ।
तिमी		जान्छौं।
हामी	स्कूलको चित्र प्रतियोगितामा	जान्छन्।
तपाईं		जानुहुन्छ।
उनी		जान्छौ।
उनीहरू		जान्छु।

शब्दावली VOCABULARY

वर्ष	year	बाल दिवस	children's day
कार्यक्रम	programme	भाषण	speech
नाच	dance	गान	song
बोल्नु	speak	मन पराउनु	like
सुन्नुहोस्	please listen	प्रथम	first
आदर	respect	माला	garland
तस्वीर/फोटो	photo	त्यति	that much
वक्ता	speaker	कोसिस	try
साँचो	true	धेरै कुरा	many things
जित्ने	to win	कविता	poem
शुभकामना	best wishes	पुरस्कार	prize
देशभक्ति	patriotic	पाठ गर्नु	recite
प्रतियोगिता	competition	फेरि	again

टिप्पणी NOTES

3.13.1. Sentences in simple present tense verb indicating indefinite present, impending (very near) future, habit and eternal truth are introduced in this lesson.

तिमी जान्दछ्यौ ?	Do you know ?
म गीतमा र नक्सामा सधैं पुरस्कार पाउँछु।	I get prizes always in song and drawing.

हामी उनलाई खुबै आदर गर्छौं।	We respect him very much.
तिमी के गर्छ्यौ ?	What do you do ? (2nd person singular feminine middle honorific)
म भाषण गर्छु।	I give speech. (1st person singular masculine/ feminine.)
तिमी कुन कविता पढ्छ्यौ ?	Which poem do you read ? (2nd person singular middle honorific feminine)
हामी उनलाई चाचा नेहरू भन्छौं ।	We call Chacha Nehru. (1st person singular masculine/ feminine)
हामी पाँच जना बोल्छौं ।	Five of us will speak. (1st person plural masculine/ feminine)
अनुपमा राम्रो बोल्छे ।	Anupama speaks well. (3rd person singular non honorific feminine.)
म तस्वीरमा माला लगाउँछु ।	I put garland on the picture. (1st person, singular common gender)
हामी सबै उनलाई मन पराउँछौं ।	We all like him. (1st person plural masculine/ feminine)
पिताजी ,म जान्दछु।	Daddy I know. (1st person singular masculine/ feminine)

Look at the following paradigm of present indefinite in the affirmative.

Verb root- गर् (do)

म गर्छु।	I do. (1st per sing Masc/fem)
हामी गर्छौं।	We do. (1st per pll masc/fem)
तिमी गर्छौं।	You do. (2nd per mid sing hon masc)
तिमीहरू गर्छौं।	You do. (2nd per mid pl hon masc/fem)
तँ गर्छस्।	You do. (2nd per sing non hon masc)
तँ गर्छेस्।	You do. (3rd per sing non hon/fem)
तपाई गर्नुहुन्छ।	You do. (2nd per sing high hon masc/fem)
तपाईहरू गर्नुहुन्छ।	You do. (2nd per pl fem high hon/masc)
उनी गर्छन्।	He does. (3rd per sing mid hon masc)
उनी गर्छिन्।	She does. (3rd per sing non hon fem)
ऊ गर्छे।	She does. (3rd per sing non hon fem)
उनीहरू गर्छन्।	They do. (3rd per pl mid hon masc/fem)
उहाँ गर्नुहुन्छ।	He does. (3rd per sing high hon masc/fem)
उहाँहरू गर्नुहुन्छ	They do. (3rd per high hon pl masc/fem)

3.13.2. Please note that if the verb root is vowel ending and monosyllabic like खा (eat) जा (go) दे (give) ले (bring) रो (cry) हो (be) लि (take) etc. न is inserted between the verb root and ' छ.

Verb root + infinite + verb

खा + न् + छु = खान्छु, म खान्छु	I eat. (1st per sing Masc/Fem)
खा + न् + छौं = खान्छौं, हामी खान्छौं	We eat. (1st per pl Masc/ Fem)
खा + न् + छौ = खान्छौ, तिमी खान्छौ	You eat. (2nd per sing mid hon Masc)
खा + न् + छ्यौ = खाछ्यौ, तिमी खान्छ्यौ	You eat. (2nd per sing mid hon fem)
खा + न् + छस् = खान्छस्, तँ खान्छस्	You eat. (2nd per sing non hon masc)
खा + न् + छौ = खान्छौ, तिमीहरू खान्छौ	You eat. (2nd per pl non hon/mid hon masc/fem)
खा + न् + छे = खान्छे, उ खान्छे।	She eats. (3rd per sing non hon fem)
खा + न् + छ = खान्छ, उ खान्छ।	He eats. (3rd per sing non hon masc)
खा + न् + छिन् = खान्छिन्, उनी खान्छिन्।	She eats (3rd per sing mid hon fem)
खा + न् + छन् = खान्छन्, उनी खान्छन्।	He eats (3rd per sing non hon masc)
खा + न् + छनु = खान्छन्, उनीहरू खान्छन्।	They eat (3rd per pl non hon mid hon masc/fem)

Some other single vowel ending verb roots like उक्ल (climb) निक्ल (get out for the journey) उफ्री (jump) पर्खी (wait) पौडी (swim) ओर्लि (get down) निस्की (start the journey) रह (remain) सह (bear) दुहु (to milk cow) कुही decay or rot) also follow the same pattern.

3.13.3. With the verb root जान् (know) the infix **-द** is obligatorily added between the verb root and छ to avoid confusion with जान्छ **goes** verb forms in present indefinite and habitual action except in 2nd and 3rd person high honorific. e.g.

जान् + द + छु	= जान्दछु	म जान्दछु	I know
जा + नू + छु	= जान्छु	म जान्छु	I go

Note that the stem- final diphthong is nasalized before the verb form of छ.

stem		verb छ			
पाउ	+	छु	=	छु / छौं = पाउँछु / पाउँछौं।	(I) get/ (We) get
बनाउ	+	छु	=	छु / छौं = बनाउँछु /बनाउँछौं।	(I) make / (We) make
मनाउ	+	छु	=	छु / छौं = मनाउँछु/मनाउँछौं।	(I) Convince / (We) convince
पराउ	+	छु	=	छु / छौं = पराउँछु/पराउँछौं।	(I) like (We) like

3.13.4. The habitual marker **-दि** changes into **-न्** between the single vowel ending roots and the negative morpheme **-न.** e.g.

म खाँदिनँ becomes खान्न	I don't eat
म लादिनँ become लान्न	I don't take
म रुदिनँ becomes रुन्न	I don't weep
म जाँदिनँ becomes जान्न	I don't go

The final vowel of the diphthong ending verb roots are nasalized before. e.g.

खा + दि + न become	खाँदिन	Does not eat (fem)
खा + दै + छ become	खाँदै छ	(he) is eating
पाउ + दै + छ become	पाउँदै छ	(he) is getting

3.13.5. Observe the formation of indefinite negative sentences.

अहँ, धेरै केटाकेटीले बोल्दैनन्	No, many children don't speak.
अरूले भेट्दैनन्	Others do not get.
म अरू केहीको पनि चित्र बनाउदिनँ	I don't draw anything else.

एकाइँ ३ / Unit 3 | पाठ - १४ / Lesson -14

गफ

An interval chat

संवाद DIALOGUE

दीपा	: तिमी त्यहाँ के गर्दै छौ ? तिमी कथा लेख्दै छौ ?	Deepa	: What are you doing there ? Are you writing a story ?
प्रदीप	: अहँ, म कथा लेख्दै छैन। मेरो साथीलाई एउटा चिट्ठी लेख्दै छु।	Pradeep	: No I am not writing a story. I am writing a letter to my friend.
दीपाा	: कुन साथीलाई ? ऊ कहाँ बस्छ?	Deepa	: To which friend ? Where does he live ?
प्रदीप	: ऊ सिक्किममा बस्छ। उसको नाम गोविन्द थापा हो।	Pradeep	: He lives in Sikkim. His name is Govinda Thapa.
दीपा	: सिक्किममा ऊ कहाँ बस्छ ? के ऊ गान्तोकमा बस्छ ?	Deepa	: Where does he live in Sikkim ? Does he live in Gangtok ?
प्रदीप	: अँ। ऊ गान्तोकको विकास क्षेत्रमा बस्छ।	Predeep	: Yes. He lives in the development area of Gangtok.
दीपा	: तब त म उनलाई चिन्छु। के तिमीले त्यो लघु कथाकार थापाको कुरा गर्दै छैनौ ?	Deepa	: Then I know him. Aren't you talking about that short story writer Thapa ?
प्रदीप	: अँ अँ। कसरी चिन्छ्यौ तिमी ?	Pradeep	: Yes. How do you know him ?
दीपा	: म उसलाई प्राइमेरी स्कूलदेखि नै चिन्छु।	Deepa	: I know him since my primary school days.
प्रदीप	: उसित अचेल तिम्रो चिट्ठीपत्र पनि चल्छ ?	Pradeep	: Do you write letters etc to him now also ?
दीपा	: केको चिट्ठी-पत्र ? अचेल ऊ नामी लेखक होइन र ? हिजोआज ऊ पुराना साथीहरूलाई चिन्दैन।	Deepa	: Why letters ? Isn't he a famous writer now ? He is not recognizing the old friends nowadays.

प्रदीप : त्यसबारे तिमी दुःख मान्दै छ्यौ?

दीपा : छैन । मैले दुःख मानेको छैन। हरे कको आफ्नो-आफ्नो काम र रुचि हुन्छ। मेरो पढाउने काम छ। ऊ कथाहरू लेख्दै छ। लेखकहरूमा उसका धेरै साथीहरू छन्। मेरा पनि शिक्षक साथी छन्। तिमी पनि लेखक नै हौ । ऊ पनि लेखक हो। त्यसैले तिमीहरू साथी-साथी हौ।

प्रदीप : अहिले तिमी मेरी श्रीमती हौ। मेरा साथीहरू तिम्रा पनि साथीहरू हुन्। त्यसकारण तिम्रोबारे म उसलाई लेख्दै छु।

दीपा : किन लेख्दै छौ मेरोबारे ?

प्रदीप : किनभने म तिमीलाई माया गर्छु। म उसलाई पनि मन पराउँछु। ऊ मेरो साथी हो। तिमी पनि उसका कथाहरू पढ्दै छ्यौ। तिमी उसको जीवनबारे जान्दछ्यौ। तिमी उसलाई सर्काउँदै छ्यौ।

दीपा : मलाई नजिस्काऊ है त्यसरी। मलाई साँच्चै रिस उठ्दै छ। म गोविन्द थापाका कथाहरू मात्रै पढदिनँ। मलाई सबै राम्रा लेखकहरू मन पर्छ। म धेरैजसो हाम्रा समकालीन लेखकहरूबारे पनि जान्दछु।

प्रदीप : श्यावास। मेरी श्रीमती बडा ज्ञानी छे। मलाई तँमाथि गर्व छ। साँच्चै म यी सब कुराहरू थापालाई लेख्दै छु।

Pradeep : Are you feeling sad about it ?

Deepa : No. I am not at all feeling sad. Each person has his or her own work and interest. I have my teaching job .He is writing stories. That is his work. He has many friends among writers. I have also many friends among teachers. You are also a writer. So you are friends.

Pradeep : Now you are my wife. My friends are your friends also. So I am writing about you to him.

Deepa : Why are you writing about me ?

Pradeep : Because I love you. I like him also. He is my friend. You are also reading his stories. You know about his life. You are admiring him.

Deepa : Don't tease me. I am really getting angry. I am not reading only Govind Thapa's stories. I like all good writers. I know about most of our contemporary writers.

Pradeep : That is great. My wife is a very knowledgeable person. I am proud of you. Really I am writing all these things to Thapa.

दीपा : लेख। मलाई के खाँचो ? Deepa : Write. I don't care.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

a. 1. तिमी त्यहाँ के गर्दै छौ ?
2. तिमी दुःख मान्दै छ्यौ ?
3. म साथीलाई चिट्ठी लेख्दै छु।
4. तिमी थापाको कुरा गर्दै छैनौ ?
5. म कथा लेख्दै छैन।
6. म तिम्रोबारे उसलाई लेख्दै छु।

b. 1. ऊ कथाहरू लेख्दै छ।
2. मलाई साँच्चै रिस् उठ्दै छ।
3. ऊ कहाँ बस्छ ?
4. उसलाई तिमी कसरी चिन्छ्यौ ?
5. उसित अचेल तिम्रो चिट्ठीपत्र पनि चल्छ ?
6. हरेकको आफ्नो-आफ्नो रुचि हुन्छ ।
7. हिजो आज ऊ पुराना साथीहरूलाई चिन्दैन।
8. सबै राम्रा लेखकहरू मन पर्छ।
9. म गोविन्दका कथाहरू मात्रै पढदिनँ।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

बस्छ।
विकास क्षेत्रमा
विकास क्षेत्रमा बस्छ।
गान्तोकको
गान्तोकको विकास क्षेत्रमा बस्छ।
ऊ
ऊ गान्तोकको विकास क्षेत्रमा बस्छ।

1. हुन्छ।
काम र रुचि हुन्छ।
आफ्नो आफ्नो काम र रुचि हुन्छ।
सबैको आफ्नो आफ्नो काम र रुचि हुन्छ।

2. जान्दछु।
लेखकहरूबारे जान्दछु।

समकालीन लेखकहरूबारे जान्दछु।
हाम्रा समकालीन लेखकहरूबारे जान्दछु।
धेरै जसो हाम्रा समकालीन लेखकहरूबारे जान्दछु।
म धेरै जसो हाम्रा समकालीन लेखकहरूबारे जान्दछु।

3. मनपर्छ।
लेखकहरू मन पर्छ।
राम्रा लेखकहरू मन पर्छ।
सबै राम्रा लेखकहरू मन पर्छ।
मलाई सबै राम्रा लेखकहरू मन पर्छ।

4. चिन्छु ।
उसलाई चिन्छु ।
स्कूलदेखि उसलाई चिन्छु ।
प्राइमारी स्कूलदेखि उसलाई चिन्छु ।
म प्राइमारी स्कूलदेखि उसलाई चिन्छु ।

5. छैन ।
मानेको छैन ।
दुःख मानेको छैन ।
यसबारे दुःख मानेको छैन ।
मैले यसबारे दुःख मानेको छैन ।

6. लेख्दै छु ।
चिट्ठी लेख्दै छु ।
एउटा चिट्ठी लेख्दै छु ।
साथीलाई एउटा चिट्ठी लेख्दै छु ।
म साथीलाई एउटा चिट्ठी लेख्दै छु ।

7. गर्दै छैनौं ।
कुरा गर्दै छैनौ ।
थापाको कुरा गर्दै छैनौ ।
कथाकार थापाको कुरा गर्दै छैनौ ।
लघु कथाकार थापाको कुरा गर्दै छ्नौ ।
त्यो लघु कथाकार थापाको कुरा गर्दै छैनौ ।
तिमी त्यो लघुकथाकार थापाको कुरा गर्दै छैनौ ।

8. चिन्दैन ।
साथीहरूलाई चिन्दैन ।
पुराना साथीहरूलाई चिन्दैन ।
ऊ पुराना साथीहरूलाई चिन्दैन ।
अचेल आज ऊ पराना साथीहरूलाई चिन्दैन।

9. सर्काउँदै छौ ।
उसलाई सर्काउँदै छौ ।
सधैं उसलाई सर्काउँदै छौ ।
तिमी सधैं उसलाई सर्काउँदै छौ ।
अचेल तिमी सधैं उसलाई सर्काउँदै छौ।

10. पढ्दिनँ ।
कथाहरू मात्र पढ्दिनँ ।
बङ्ला कथाहरू मात्र पढ्दिनँ ।
उसका बङ्ला कथाहरू मात्र पढ्दिनँ ।
म उसका बङ्ला कथाहरू मात्र पढ्दिनँ ।
अचेल म उसका बङ्ला कथाहरू मात्र पढ्दिनँ ।

III. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model

म जान्दछु।
लेखकहरूबारे।

म लेखकहरूबारे जान्दछु।
समकालीन
म समकालीन लेखकहरूबारे जान्दछु।
हाम्रा
म हाम्रा समकालीन लेखकहरूबारे जान्दछु।
धेरै जसो
म धेरै जसो हाम्रा समकालीन लेखकहरूबारे जान्दछु।

1. मलाई मन पर्छ।
   मलाई लेखकहरू मन पर्छ।
   मलाई राम्रा लेखकहरू मन पर्छ।
   मलाई सबै राम्रा लेखकहरू मन पर्छ।

2. म लेख्दै छु।
   म चिट्ठी लेख्दै छु।
   म एउटा चिट्ठी लेख्दै छु।
   म तिमीबारे एउटा चिट्ठी लेख्दै छु।
   म उसलाई तिमीबारे एउटा चिट्ठी लेख्दै छु।

3. म लेख्दै छु।
   म कथा लेख्दै छु।
   म लघु कथा लेख्दै छु।
   म एउटा लघु कथा लेख्दै छु।

4. तिमी काम गर्दै छौ।
   तिमी काम राम्ररी गर्दै छौ।
   तिमी आफ्नो काम राम्ररी गर्दै छौ।
   तिमी अचेल आफ्नो काम राम्ररी गर्दै छौ।

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a
अचेल म कथा लेख्दै छु ।
अचेल म कथा लेख्दै छैन ।

1. अचेल म नेपाली भाषा पढदै छु ।
2. हिजोआज म भाषा केन्द्रमा बस्दै छु ।
3. आज म तिम्रो कुरा सुन्दै छु ।
4. अहिले म साथीसित कुरा गर्दै छु ।
5. अहिले म भाषण गर्दै छु ।

नमूना Model b
अचेल हामी कथा लेख्दै छौं ।
अचेल म कथा लेख्दै छैनौं ।

1. अचेल हामी नेपाली भाषा पढदै छौं ।
2. हिजोआज हामी भाषा केन्द्रमा बस्दै छौं ।
3. आज हामी तपाईको कुरा सुन्दै छौं ।
4. अहिले हामी साथीसित कुरा गर्दै छौं ।
5. अहिले हामी एक-एक गरेर भाषण गर्दै छौं ।

नमूना Model c

अचेल तिमी कथा लेख्दै छौ ।
अचेल तिमी कथा लेख्दै छैनौ ।

1. अचेल तिमी नेपाली भाषा पढदै छौ ।
2. हिजोआज तिमी भाषा केन्द्रमा बस्दै छौ ।
3. आज तिमी तपाईको कुरा सुन्दै छौ ।
4. अहिले तिमी साथीसित कुरा गर्दै छौ ।
5. अहिले तिमी भाषण गर्दै छौ ।

नमूना Model d

अचेल उनी कथा लेख्दै छन् ।
अचेल उनी कथा लेख्दै छैनन् ।

1. अचेल उनी नेपाली भाषा पढदै छन् ।
2. हिजोआज उनी भाषा केन्द्रमा बस्दै छन् ।
3. अहिले उनी तपाईको कुरा सुन्दै छन् ।
4. अहिले उनी साथीसित कुरा गर्दै छन् ।
5. अहिले उनी भाषण गर्दै छन् ।

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model

ऊ सिक्किममा कहाँ बस्छ ?
ऊ सिक्किममा विकासक्षेत्रमा बस्छ।

1. गोविन्द थापा कहाँ बस्छ ?
2. प्रदीपा के लेख्दै छन् ?
3. लघु कथाकार को हो ?
4. प्रदीपको पुरानो साथी को हो ?
5. कसले दीपालाई माया गर्छ ?

लेखन अभ्यास EXERCISES

I Complete the following sentences using the appropriate words from the choices given.

1. म मेरो साथीलाई _____ लेख्दै छु। (कथा, चिट्ठी, किताब)
2. म तिमीलाई _____ गर्छु। (माया, मन, गर्व)
3. म यी सब _____ थापालाई लेख्दै छु। (कुरा, कथा, चिट्ठी)

4. तिमी उसका _____ पढ्दै छौ। (कथाहरू, कुराहरू, कामहरू)
5. यसबारे तिमी _____ मान्दै छौ। (दुःख, मन, रुचि)

II Complete the sentences using the appropriate forms of the words given.

1. तिमी के _____ ? (खा)
2. तिमी कथा _____। (लेख्)
3. ऊ असममा _____। (बस्)
4. म उनलाई राम्ररी _____। (जान्)
5. ऊ पनि मलाई _____। (चिन्)
6. म आजै घर _____। (जान्)
7. ऊ पनि कथा _____। (लेख्)
8. तिमी उसलाई _____। (चिन्)
9. मलाई रिस _____। (उठ्)
10. तिमी यसलाई _____। (सर्का)

III Transform the following affirmative sentences into their corresponding negatives.

1. ऊ आफ्नो साथीलाई चिन्छ ।
2. तिमी थापाको कुरा गर्दै छौ।
3. म कथा लेख्दै छु।
4. म गोविन्दका कथा मात्र पढछु।
5. तिमीहरू साथी-साथी हौ ।

IV Expand the following sentences using at least three words each.

1. म चिन्छु।
2. म लेख्दै छु।
3. ऊ पढछ।
4. तिमी जान्दै छौ।
5. म पढदिनँ।

V Answer the following questions with reference to the dialogue of the lesson.

1. दीपालाई कसले माया गर्छ ?
2. गोविन्द कसको साथी हो ?
3. कसलाई रिस उठ्दै छ ?
4. समकालीन लेखकबारे को जान्दछ ?
5. कसकी श्रीमती बडा ज्ञानी छे ?
6. मलाई खाँचो छैन भन्ने को हो ?
7. कसले दुःख मानेको छैन ?
8. अचेल कसले पुराना साथीहरू चिन्दैन ?
9. कसले थापालाई प्राइमारी स्कूलदेखि चिन्छ ?
10. दीपा को हो ?

VI. Match suitably

A	B
अचेल	पत्नी
दुःख	त्यसैले
त्यसकारण	पीर
श्रीमती	हिजोआज
थुप्रै	मात्र
केवल	धेरै
झन	बिदा
छुट्टी	अझ
सँग	ओखती
औषधी	सित
दिनहुँ	छिट्टै
धेरैखेप	सधैं
झट्टै	धेरैपटक
बिरामी	मन
रुचि	रोगी

शब्दावली VOCABULARY

गफ	an internal chatting	कथा	story
अहँ	no	चिट्ठी	letter
कहाँ	where	बस्	sit down
गान्तोक	Gangtok (Capital of Sikkim)	विकास क्षेत्र	development area
लघु कथाकार	short story writer	चिन्छौ	know/recognize
केको	what	दुःख	sorry, sad
हरेक	each	आफ्नो-आफ्नो	own
लेखक	writer	मेरोबारे	about me
किनभने	because	माया गर्छु	(I) love
माया गर्नु	to love	मन पराउँछु	(I) like
पढ्दिनँ	(I) don't read	पढ्नु	to read
समकालीन	contemporary	जान्दछु	(I) know
जान्नु	to know	बडा	great
ज्ञानी	wise	गर्व	proud of
साँच्चै	really	के खाँचो	(I) don't care

टिप्पणी NOTES

3.14.1. Sentences with indefinite present are reinforced with new structures with present tense indicating living present i.e., verb in action and continuity are introduced. e.g.,

तिमी के गर्दै छ्यौ ?	What are you doing ? (2nd person singular middle honorific feminine)
के तिमी दु:ख मान्दै छ्यौ ?	Are you feeling sad ? (2nd person singular middle honorific feminine)
ऊ कथाहरू लेख्दै छ।	He is writing stories. (3rd person singular Non honorific masculine)
म तिम्रोबारे लेख्दै छु।	I am writing about you.(1st person singular masculine/ feminine)
किन लेख्दै छौ ?	Why are (you) writing ? (2nd person singular middle honcrific masculine)
तिमी उसका कथाहरू पढ्दै छ्यौ।	You are reading his stories ? (2nd person singular middle honorific feminine)
तिमी उसलाई सर्काउँदै छ्यौ।	You are admiring him (2nd person singular middle honorific feminine)
मलाई रिस उठ्दै छ।	I am getting angry. (1st person singular common gender)

3.14.2. Present in action is formed by adding दै to the verb root followed by छ verb according to person, number and gender.

Root +	Present in action +	Verb=		Sentences in present in section.
गर्	+दै + छु	= गर्दै छु	> म गर्दै छु	I am doing.
गर	+दै + छौं	= गर्दै छौं	> हामी गर्दै छौं	We are doing.
लेख्	+दै + छौ	= लेख्दै छौ	> तिमी लेख्दै छौ	You are writing.
लेख्	+दै + छन्	= लेख्दै छन्	> उनी लेख्दै छन्	He is writing.
उचाल्	+दै + छ्यौ	= उचाल्दै छ्यौ	> तिमी उचाल्दै छ्यौ	You are admiring.
पढ्	+दै + छे	= पढ्दै	> ऊ पढ्दै छे	She is reading.

3.14.3. Look at the present in action negative sentences.

ऊहँ, म कथा लेख्दै छैन(छुइन)। No I am not writing a story.

तिमी उसको बारे भन्दै छैनौ ? Aren't you telling about him ?

ऊ पुराना साथीहरूलाई चिन्दैन। He does not recognize old friends now a days.

Note that negation is indicated by the addition of **न, नौ,** etc according to the person, number and gender.

3.14.4. Note the present in action affirmative and negative paradigm given below:

म लेख्दै छु।	म लेख्दै छैन।
I am writing.	I am not writing.
हामी लेख्दै छौं।	हामी लेख्दै छैनौं।
We are writing	We are not writing.
तँ लेख्दै छस्।	तँ लेख्दै छैनस्।

You are writing.(sing non hon masc)	You are not writing. (sing non hon masc)
तँ लेख्दै छेस्।	तँ लेख्दै छैनस्।
You are writing. (sing non hon. com gen.)	You are not writing. (sing non hon. com gen.)
तिमी लेख्दै छौ।	तिमी लेख्दै छैनौ।
You are writing.(sing mid hon masc)	You are not writing. (sing mid hon masc)
तिमी लेख्दै छ्यौ।	तिमी लेख्दै छैनौ।
You are writing. (sing mid hon fem)	You are not writing. (sing mid hon fem)
तिमीहरू लेख्दै छौ।	तिमीहरू लेख्दै छैनौ।
You are writing. (pl mid hon/non hon/masc/fem)	You are not writing.
तपाईं लेख्दै हुनुहुन्छ।	तपाईं लेख्दै हुनुहुन्न।
You are writing. (2nd per sing high hon masc/fem)	You are not writing.
तपाईंहरू लेख्दै हुनुहुन्छ।	तपाईंहरू लेख्दै हुनुहुन्न।
You are writing. (pl high hon masc/fem)	You are not writing.
ऊ लेख्दै छे।	ऊ लेख्दै छैन।
She is writing. (sing non hon fem)	She is not writing. (sing non hon fem)
ऊ लेख्दै छ।	ऊ लेख्दै छैन।
He is writing. (sing non hon masc)	He is not writing. (sing non hon masc)
उनीहरू लेख्दै छन्।	उनीहरू लेख्दै छैनन्।
They are writing. (pl mid hon/non hon masc/fem)	They are not writing.
उनी लेख्दै छैन।	उनी लेख्दै छैनन्।
He is writing. (sing hon masc)	He is not writing. (sing hon masc)
उनी लेख्दै छिन्।	उनी लेख्दै छैनन्।
She is writing. (sing hon fem)	She is not writing. (sing mid hon fem)
उहाँ लेख्दै हुनुहुन्छ।	उहाँ लेख्दै हुनुहुन्न।
He/she is writing. (sing high hon masc/fem)	He/ She is not writing.
उहाँहरू लेख्दै हुनुहुन्छ।	उहाँहरू लेख्दै हुनुहुन्न।
They are writing. (pl high hon masc/fem)	They are not writing.

एकाइँ ३
Unit 3

पाठ - १५
Lesson - 15

कलाक्षेत्रको कार्यक्रम
A Programme of Kalakshetra

संवाद DIALOGUE

दाजु	: दिदी, हिजो तपाईं घरमा हुनुहुन्नथ्यो। कहाँ हुनुहुन्थ्यो ?	Brother	: (Elder) Sister, yesterday you were not at home. Where were you?
दिदी	: हिजो आइतबार थियो। कलेज बन्द थियो। घरमा पनि खास काम थिएन। उता पान्जाबारीको श्रीमन्त शङ्करदेव कलाक्षेत्रमा एउटा बहुभाषी सांस्कृतिक कार्यक्रम थियो। मैले त्यहाँ जानु थियो। मसँग मेरा अरू साथी पनि थिए। हामी सबैले साँझसम्म त्यहीं बस्नु थियो।	Elder sister	: It was Sunday. College was closed. There was not much of an important work at home. On the other hand there was a multi-lingual cultural programme in Srimanta Sankardev Kalakshetra of Panjabari. I had to go there. My friends were also with me. We had to stay there till the evening.
भाइ	: ए ! अनि कार्यक्रम कस्तो थियो ?	Brother	: Oh! And how was the programme?
दिदी	: कार्यक्रम धेरै रमाइलो थियो। उत्तरपूर्वाञ्चलको विभिन्न भाषिक सम्प्रदायका सांस्कृतिक कार्यक्रमहरूको मञ्चन व्यवस्था थियो। गीत र नृत्यको प्रतियोगिता पनि थियो। साथै राष्ट्रीय एकताको पनि चर्चा थियो। कलाक्षेत्रको त्यो महत्त्वपूर्ण पाइलो थियो। कलाक्षेत्रले त्यो गर्नु थियो।	Sister	: The programme was very good. There was excellent arrangement for the performance of cultural programmes of different linguistic communities of North East. The competitions were for songs and dances. There was a discussion on national integration as well. It was a great step of Kalakhshetra. Kalakshetra had to do it.
भाइ	: सांस्कृतिक टोलीका कलाकार कस्ता थिए ?	Brother	: How were the artists?

दिदी	: कलाकारहरू प्रायः सबै टोलीका राम्रा थिए। केटा पनि थिए, केटी पनि थिए। दुई चारजना पाकाहरू पनि थिए। एउटी सानी केटी थिई, अनि ऊ जत्रै अर्को सानो केटो थियो। ती दुवैको नृत्य राम्रो थियो। नराम्रो केही पनि थिएन।	Sister	: Almost all artists of all the groups were good. There were boys, there were girls too. Two or three old men were also there. There was a small girl. There was also a boy of her age. Their dance was beautiful. Nothing was bad.
भाइ	: दर्शक चाहिं कति थिए ?	Brother	: How many spectators were there ?
दिदी	: थुप्रै थिए। उनीहरूमा हाम्रो कलेजको अध्यक्षज्यू पनि हुनुहुन्थ्यो। गुरुआमा पनि हुनुहुन्थ्यो। उहाँहरू हाम्रो अगाडि हुनुहुन्थ्यो।कलाक्षेत्रको छेउछाउका धेरै थिए। टाढाका थोरै थिए। तँ किन आइनस् ? तैले कहीं जानु थियो ?	Sister	: There were many. Among them our college Principal was also there. Madam was also there. They were in front of us. There were many from nearby places and a few from distant places. Why did not you come ? Had you gone some where else ?
भाइ	: थिएन। मेरा साथी पनि थिएनन्। हाम्रो एन.सी.सी. क्याम्प थियो। मैले त्यहाँ जानु थियो। खाना खाने बेलामा कहाँ हुनुहुन्थ्यो?	Brother	: No. My friends were also not here. We had NCC camp. I had to go there. Where were you during the lunch time ?
दिदी	: कलाक्षेत्रमा एउटा क्यान्टीन थियो। कार्यक्रममा पनि चिया-चमेनाको व्यवस्था थियो। क्यान्टीन र कार्यक्रम दुवै ठाउँका खाने कुरो राम्रा थिए।	Sister	: There was a canteen in the Kalakhshetra. Some provision for refreshment was also there in the programme. Food at both places was good.
भाइ	: हिजो आइतबार थियो यातायात व्यवस्था कस्तो थियो नि ?	Brother	: Yesterday it was Sunday. How was the transport arrangement ?

दिदी	: हिजो सधैं झैं सिटी बस पनि थिए। छ माइलबाट रिक्सा र अटो पनि थिए। संक्षेपमा, यातायातको साधन मनग्गे थिए।	Sister	: As usual, there were city buses. There were autos and rickshaws from the sixth mile. In short, sufficient means of transport were there.
भाइ	: समग्रमा तपाईंको हिजोको दिन राष्ट्रीय संहतिको निम्ति थियो. होइन ? त्यसलाई सफल तुल्याउनु थियो।	Brother	: As a whole, your yesterday was meant for National Integration. Wasn't it ? It had to be successful.
दिदी	: अँ, थियो ।	Sister	: Yes, it was.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. मैले कलाक्षेत्र जानु थियो।
2. मसँग अरू मेरा साथी पनि थिए।
3. हामी सँग अरू मेरा साथी पनि थिए।
4. गीत र नृत्यको प्रतियोगिता पनि थियो।
5. उहाँहरू हाम्रो अगाड़ि हुनुहुन्थ्यो।
6. क्यान्टीन र कार्यक्रम दुवै ठाउँका खाने कुरो राम्रा थिए।
7. हिजो सधैं झैं सिटीबस थिए।
8. त्यहाँ एउटी सानी केटी थिई।
9. अनि ऊ जत्रो अर्को सानो केटो पनि थियो।
10. तैंले कहीं जानु थियो ?
11. हिजो तपाईं कहाँ हुनुहुन्थ्यो ?
12. हिजो चाहिँ यातायत व्यवस्था कस्तो थियो नि ?
13. तँ किन आइनस् ?
14. तपाईंको हिजोको दिन राष्ट्रीय एकताको निम्ति थियो, होइन ?
15. नराम्रो केही पनि थिएन ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

बस्नु थियो।
त्यहाँ
त्यहाँ बस्नु थियो।
मैले
मैले त्यहाँ बस्नु थियो।

1. जानु थियो।
त्यहीं जानु थियो।
साँझसम्ममा त्यहीं जानु थियो।
सबैले साँझसम्ममा त्यहीं जानु थियो।
हामी सबैले साँझसम्ममा त्यहीं जानु थियो।

2. हुनुहुन्थ्यो।
अगाड़ि हुनुहुन्थ्यो।
हाम्रो अगाड़ि हुनुहुन्थ्यो।
उहाँहरू हाम्रो अगाड़ि हुनुहुन्थ्यो।

3. कस्तो थियो ?
व्यवस्था कस्तो थियो ?
यातायात व्यवस्था कस्तो थियो ?
हिजो यातायात व्यवस्था कस्तो थियो ?

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model हाम्रो कलेजको अध्यक्षज्यू हाम्रो अगाडि हुनुहुन्थ्यो।
छेउमा
हाम्रो कलेजको अध्यक्षज्यू हाम्रो छेउमा हुनुहुन्थ्यो।

1. कार्यक्रममा गुरुआमा हाम्रो पछाडि हुनुहुन्थ्यो।
देब्रेतिर
दाहिनेतिर
नजिक

2. मैले सांस्कृतिक कार्यक्रममा पुग्नु थियो।
बस्नु
गाउनु
आउनु
खानु

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. हिजो हाम्रो छुट्टीको दिन थियो।
हिजो हाम्रो छुट्टीको दिन थिएन।

1. हिजो मेरो एन.सी.सी. क्याम्प थियो।
2. हिजो तिमीले कलाक्षेत्र जानु थियो।
3. कलाक्षेत्रले त्यो काम गर्नु थियो।
4. कार्यक्रममा रमाइलो गर्नु थियो।
5. हामीले साँझसम्म त्यहीं बस्नु थियो।

नमूना Model b. तपाईं हिजो घरमा हुनुहुन्थ्यो।
तपाईं हिजो घरमा हुनुहुन्नथ्यो।

1. तपाईं हिजो सांस्कृतिक कार्यक्रममा हुनुहुन्थ्यो।
2. तपाईं हिजो एन.सी.सी क्याम्पमा हुनुहुन्थ्यो।
3. तपाईं हिजो कलेजमा हुनुहुन्थ्यो।
4. उहाँ पनि गीत प्रतियोगितामा हुनुहन्थ्यो।
5. हाम्रा साथी सबै नै साँझसम्म त्यहीं हुनुहुन्थ्यो।

V. प्रतिवचन अभ्यास Response Drill

नमूना Model — हिजो हाम्रो कलेज बन्द थियो।

1. हो र ?
2. तपाईंलाई कसरी थाहा भयो ?
3. के गुरुआमाले भन्नुभयो ?

1. हिजो कलाक्षेत्रमा राष्ट्रीय एकताबारे चर्चा थियो।
2. त्यहाँ खाना खाने एउटा क्यान्टीन पनि थियो।
3. हिजो हामीले सांस्कृतिक कार्यक्रममा जानु थियो।
4. हिजोको दिन तपाईंको रमाइलो भयो।
5. हिजो यातायत व्यवस्था पनि राम्रो थियो।

VI. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model

कार्यक्रम रमाइलो थियो।
कलाक्षेत्रमा
कलाक्षेत्रमा कार्यक्रम रमाइलो थियो।
हिजो
हिजो कलाक्षेत्रमा कार्यक्रम रमाइलो थियो।
हाम्रो
हाम्रो हिजो कलाक्षेत्रको कार्यक्रम रमाइलो थियो।

1. पूर्वाञ्चलको कार्यक्रम थियो।
कलेजमा पूर्वाञ्चलको कार्यक्रम थियो।
हाम्रो कलेजमा पूर्वाञ्चलको कार्यक्रम थियो।
हिजो हाम्रो कलेजमा पूर्वाञ्चलको कार्यक्रम थियो।

2. तपाईं कहाँ हुनुहुन्थ्यो ?
तपाईं खाने बेलामा कहाँ हुनुहुन्थ्यो ?
तपाईं खाना खाने बेलामा कहाँ हुनुहुन्थ्यो ?

3. मेरो थिएन।
मेरो साथी थिएन।
मेरो कोही साथी थिएन।
मेरो कोही पनि साथी थिएन।

4. नराम्रो थिएन।
नराम्रो कोही पनि थिएन।
नराम्रो कोही पनि थिएन।
नराम्रो त्यहाँ कोही पनि थिएन।

5. कलाक्षेत्रमा चिया चमेनाको व्यवस्था थियो।
कलाक्षेत्रमा क्यान्टीनमा चियाचेमनाको व्यवस्था थियो।
कलाक्षेत्रमा कार्यक्रमपछि क्यान्टीनमा चियाचमेनाको व्यवस्था थियो।
कलाक्षेत्रमा कार्यक्रमपछि क्यान्टीनमा चियाचमेनाको व्यवस्था थियो।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. मैले हिजो कलाक्षेत्र _____। (जान्छु, जानुथियो, जान्छन्)
2. तपाईं कार्यक्रममा कहाँ _____। (हनुहुन्छ, हुन्, हुनुहुन्थ्यो)
3. कलेजमा हिजो राष्ट्रीय एकता चर्चा _____। (छ, थियो, छन्)
4. हिजोका कलाकारहरू सबै राम्रा _____। (थिए, हुन्छन्, थियो)
5. हिजो हामी एन.सी.सी. क्याम्पमा _____। (थिई, थिए, थियौं)

II Complete the sentences by using the appropriate forms of the given words.

1. हिजो हाम्रो कलेज बन्द _____। (छ)
2. तपाईं हिजो कार्यक्रममा _____। (जा)
3. मैले क्यान्टीनमै खाना _____। (खा)
4. साँस्कृतिक कार्यक्रममा दिदी _____। (नाच्)
5. हामीले त्यस्तो कार्यक्रम _____। (गर)

III Compete the sentences using the appropriate words.

1. दुवै ठाउँका खाने कुरा राम्रा _____।
2. हिजो _____ साधनहरू मनग्गे थिए।
3. कलाक्षेत्रको _____ धेरै मानिस त्यहाँ थिए।
4. त्यहाँ गीत र नृत्य ____पनि थियो।
5. हिजो मेरो घरमा खास काम _____।

IV Transform the following affirmative sentences into their corresponding negatives.

1. तपाईं हिजो घरमा हुनुहुन्थ्यो।
2. शङ्करदेव कलाक्षेत्रमा साँस्कृतिक कार्यक्रम थियो।
3. दिदीले त्यहाँ जानुथियो।
4. हामी सबैले साँझसम्म त्यहीं बस्नु थियो।
5. त्यहाँ एउटी सानी केटी पनि थिई।

V Expand the following sentences using at least three words each.

1. कलाक्षेत्रमा कार्यक्रम थियो।
2. हामीले त्यहाँ बस्नु थियो।
3. राष्ट्रीय एकता चर्चा थियो।
4. त्यहाँ एउटा क्यान्टीन थियो।
5. कलेजका अध्यक्षज्यू हुनुहुन्थ्यो।

शब्दावली VOCABULARY

बन्द	- close	खास	- important
बहुभाषी	- multi-lingual	साँस्कृतिक	- cultural
सम्म	- till	रमाइलो	- pleasing, elegant
विभिन्न	- different	भाषिक	- linguistic
सम्प्रदाय	- communities	मञ्चन	- performance
प्रतियोगिता	- competition	साथै	- along with
राष्ट्रिय एकता	- national integration	चर्चा	- discussion
महत्त्वपूर्ण	- great, important	पाइलो	- step
टोली	- team, group	कलाकार	- artist
प्रायः	- almost	पाका	- aged
दर्शक	- audience, spectator	अध्यक्ष	- principal
छेउछाउ	- near by	टाढा	- far, distant
थोरै	- a few, a little	पर्छ	- have to
बेला	- time	चिया-चमेना	- refreshment
व्यवस्था	- system, provision, arrangement	यातायात	- transport
सधैं झैं	- as usual	साधन	- equipment, instrument
संक्षेपमा	- in short	समग्रमा	- in total, totally
सफल	- successful	तुल्याउनु	- to make

यातायतका साधन - means of communication

टिप्पणी NOTES

3.15.1. Past tense usage of the to be verb **हो** and the existential verb **छ** are introduced. e.g.

हिजो आइतबार थियो ।	Yesterday was Sunday
कलाकारहरू कस्ता थिए ?	How were the artists ?
म कलाक्षेत्रमा थिएँ।	I was in Kalakshetra
हामी साँझसम्म त्यहीं थियौं।	We were there till evening.
म त्यहाँ थिइनँ।	I was not there.
हामी घरमा थिएनौं।	We were not at home.
कोही नराम्रा थिएनन् ।	None were bad.

3.15.2. Look at the pattern of the above past forms with all persons in affirmative and negative.

म त्यहाँ थिएँ।	I was there.
म त्यहाँ थिइनँ।	I was not there.
हामी त्यहाँ थियौं।	We were there.
हामी त्यहाँ थिएनौं।	We were not there.
तँ त्यहाँ थिइस्।	You were there. (sing non hon)

तँ त्यहाँ थिइनस्।	You were not there. (sing non hon)
तिमी त्यहाँ थियौ।	You were there. (sing mid hon)
तिमी त्यहाँ थिएनौ।	You were not there. (sing mid hon)
तपाईं त्यहाँ हुनु हुन्थ्यो।	You were there. (sing high hon)
तपाईं त्यहाँ हुनु हुन्थेन।	You were not there. (pl high hon)
तपाईंहरू त्यहाँ हुनु हुन्थ्यो।	You were not there. (pl high hon)
तपाईंहरू त्यहाँ हुनु हुन्नथियो।	You were not there. (pl high hon)
ऊ त्यहाँ थियो।	He was there. (sing non hon mas)
ऊ त्यहाँ थिएन।	He was not there. (sing non hon mas)
उनी त्यहाँ थिए।	He was there. (sing mid masc)
उनी त्यहाँ थिएनन्।	He was not there. (sing mid hon mas)
उहाँ त्यहाँ हुनु हुन्थ्यो।	He was there. (sing hon com gen)
उहाँ त्यहाँ हुनु हुन्नथियो।	He was not there. (sing high hon com gen)
ऊ त्यहाँ थिई।	She was there. (sing non hon fem)
ऊ त्यहाँ थिइन।	She was not there. (sing non hon fem)
उनी त्यहाँ थिइन्।	She was there. (sing mid hon fem)
उनी त्यहाँ थिइनन्।	She was not there. (sing mid hon fem)
उनीहरू त्यहाँ थिए।	They were there. (pl mid hon com gen)
उनीहरू त्यहाँ थिएनन्।	They were not there. (pl mid hon com gen)

3.15.3. In the past tense both **हो** and **छ** change into the same past form **थियो** e.g.

आज आइतबार हो।	Today is Sunday.
हिजो शनिबार थियो।	Yesterday was Saturday.
कार्यक्रम रमाइलो छ।	Programme is nice.
कार्यक्रम रमाइलो थियो।	Programme was nice.

Non-past		Past	
त्यो भाइ हो	He is the younger brother.	त्यो भाइ थियो	He was the younger brother.
भाइ घरमा छ	Younger brother is at home.	भाइ घरमा थियो	Younger brother was at home.

3.15.4. Past tense forms of verb constructions indicating desire /obligation/ duty / compulsion are also introduced using नुथियो (verb root+ नु + थियो)
Look at the following examples.

मैले त्यहाँ जानु थियो।	I had to go there
हामी सबैले साँझसम्म त्यहाँ बस्नु थियो।	We had to stay there till the evening.
कलाक्षेत्रले त्यो गर्नु थियो।	Kalakshsetra had to do it.
त्यसलाई सफल तुल्याउनु थियो।	It had to be successful.
मैले मन्दिर जानु पर्थ्यो।	I had to go to Mandir.
मैले त्यो औषधि खानु पर्थ्यो।	I had to take that medicine.

एकाइँ ३ / Unit 3 — पाठ - १६ / Lesson - 16

सिक्किम भ्रमण
Visit to Sikkim

संवाद DIALOGUE

महादेवन	: धेरै समयपछि मैले सिक्किम भ्रमण गरें।	Mahadevan	: After a long time I visited Sikkim.
छिरिङ	: तिमीलाई कस्तो लाग्यो त महादेवन ?	Tshering	: How did you like it Mahadevan ?
महादेवन	: मलाई एकदम राम्रो लाग्यो। मैले त्यहाँ थुप्रै राम्रा-राम्रा ठाउँहरू देखें। मैले सुन्दर छाँगु पोखरी देखें। मैले थुप्रै चराहरू देखें।	Mahadevan	: I liked it very much. I saw many beautiful places there. I saw the beautiful Chhangu lake. I also saw many beautiful birds there.
छिरिङ	: अरू कुन-कुन ठाउँहरू तिमी डुल्यौ त ?	Tshering	: Which other places did you go around ?
महादेवन	: मैले नाम्ची, गान्तोक, सिंगताम, जोरथाङ आदि शहरहरू पनि घुमें ।	Mahadevan	: I visited towns like Namchi, Gangtok, Singtam, Jorthang etc..
छिरिङ	: सिक्किमको खास खाने कुरा चाख्यौ, कस्तो लाग्यो ?	Tshering	: Did you taste the typical food of Sikkim ? How did you like (it) ?
महादेवन	: अँ, मैले त्यहाँ मोमो र थुक्पा पनि चाखें। खुबै स्वादिलो लाग्यो ।	Mahadevan	: Yes, I tasted ' Mo-Mo' (a kind of sandwich) and 'Thukpa' (a kind of noodles) there. Very delicious!
छिरिङ	: गुम्बाहरूको दर्शन गरेनौ ?	Tshering	: Didn't you visit the monastries?
महादेवन	: अँ, मैले दर्शन गरें । पहिले म गान्तोकको ठूलो गुम्बा गएँ। त्यहाँ मैले एकछिन प्रार्थना गरें। मैले त्यहाँका लामाहरूसँग पनि कुरा गरें ।	Mahadevan	: Yes I did. First of all I went to the big monastry of Gangtok. I prayed there for a while. I also talked to the monks there.

छिरिङ	: सिक्किममा अरू तिमीले के-के देख्यौ ?	Tshering	: What else did you see in Sikkim?
महादेवन	: मैले नाम्ची मैदानमा एउटा फुटबल म्याच हेरें। त्यो मैदानको नाम भाइचुङ भोटिया स्टेडियम हो ।	Mahadevan	: I saw a football match at Namchi Stadium. The name of that stadium is Bhaichung Bhutia Stadium.
छिरिङ	: तिमीले भाइचुङ भोटियालाई देख्यौ ? उनी भारतका एकजना प्रसिद्ध फुटबल खेलाडि हुन् ।	Tshering	: Did you see Bhaichung Bhutia ? He is one of the famous football players of India.
महादेवन	: अँ, अँ। मैले उसलाई रङ्गशालामा देखें। त्यो एउटा राम्रो फुटबल खेला थियो। उसले खेलामा तीन गोल गर्‌यो। उसको दलले गभर्नर्स गोल्ड कप जित्यो।	Mahadevan	: Yes, Yes. I saw him in the stadium. It was a good foot ball match. He played well. He scored three goals in the game. His team won the Governor's Gold Cup.
छिरिङ	: त्यसो भए, तिम्रो सिक्किम भ्रमण रमाइलो भयो, होइन त? तपाईंलाई केही समस्या भएन होला। कि भयो ?	Tshering	: So, your Sikkim visit might have been a really wonderful one. Wasn't it ? You did not have any problem. Did you ?
महादेवन	: अहँ केही समस्या भएन। वास्तवमा मलाई अरू केही दिन चाहिन्थ्यो। साँच्चै मेरो निम्ति यो भ्रमण बिर्सिनसक्ने अनुभव भएको छ ।	Mahadevan	: No, I did not have any problem. In fact I wanted some more days. Really my tour was an unforgettable experience.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

a. 1. मैले सिक्किम भ्रमण गरें।
   2. मैले सिक्किम डुलें।
   3. मैले चराहरू देखें।

b. 1. सिक्किम तिमीलाई कस्तो लाग्यो ?
   2. सिक्किमको खास खानेकुरा कस्तो लाग्यो ?

3. मलाई खानेकुरा स्वादिलो लाग्यो।
4. भाइचुङको दलले खेला जित्यो।
5. उसले खेलामा तीन गोल गर्‌यो।
6. तिमीले गुम्बाको दर्शन गरेनौ।
7. तिम्रो सिक्किम भ्रमण रमाइलो भयो।

c. 1. तिमीले अरू के के देख्यौ ?
2. तिमीले भाइचुङ भोटियालाई पनि देख्यौ ?
3. तिमीले कुनकुन ठाउँ डुल्यौ ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

गरें।
कुरा
कुरा गरें।
लामाहरूसँग
लामाहरूसँग कुरा गरें।
त्यहाँका
त्यहाँका लामाहरूसँग कुरा गरें।
मैले
मैले त्यहाँका लामाहरूसँग कुरा गरें।

1. गरें।
प्रार्थना गरें।
एकछिन प्रार्थना गरें।
त्यहाँ एकछिन् प्रार्थना गरें।
सबैसित त्यहाँ एकछिन प्रार्थना गरें।
मैले सबैसित त्यहाँ एकछिन प्रार्थना गरें।

2. लाग्यो।
स्वादिलो लाग्यो।
खुब स्वादिलो लाग्यो।
थुक्पा र मोमो खुब स्वादिलो लाग्यो।
खानेकुरा थुक्पा र मोमो खुब स्वादिलो लाग्यो।
त्यहाँको खानेकुरा थुक्पा र मोमो खुब स्वादिलो लाग्यो।
मलाई त्यहाँको खानेकुरा थुक्पा र मोमो खुब स्वादिलो लाग्यो।

3. गएँ।
गुम्बा गएँ।
ठूलो गुम्बा गएँ।
गान्तोकको ठूलो गुम्बा गएँ।

म गान्तोकको ठूलो गुम्बा गएँ।
पहिले म गान्तोकको ठूलो गुम्बा गएँ।

4. गर्‌यो।
गोल गर्‌यो।
तीन गोल गर्‌यो।
खेलामा तीन गोल गर्‌यो।
उसले खेलामा तीन गोल गर्‌यो।

5. भयो।
अनुभव भयो।
बिर्सिन नसक्ने अनुभव भयो।
मलाई बिर्सिन नसक्ने अनुभव भयो।
भ्रमणमा मलाई बिर्सिन नसक्ने अनुभव भयो।
यस भ्रमणमा मलाई बिर्सिन नसक्ने अनुभव भयो।
साँच्चै, यस भ्रमणमा मलाई बिर्सिन नसक्ने अनुभव भयो।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model

मैले थुप्रै चराहरू देखें।
निक्कै
मैले निक्कै चराहरू देखें।

1. मैले उसलाई रङ्गशालामा देखें।
गान्तोकमा
गुम्बामा
छाँगु पोखरीमा

2. मैले कुरा गरें।
प्रार्थना
दर्शन
काम

3. तिमीले के के देख्यौ ?
खायौ
हेर्‌यौ
गर्‌यौ
सुन्यौ
भन्यौ
पढयौ
लेख्यौ
छोयौ
जान्यौ

IV. पुन:कथन अभ्यास Restatement Drill

नमूना Model
मैले थुप्रै चराहरू देखें।
मैले चराहरू थुप्रै देखें।

1. मैले निक्कै थुक्पा र मोमो खाएँ।
2. मैले धेरै फुटबल म्याच हेरें।
3. मैले धेरै गुम्बाहरू देखें।
4. उसले निक्कै सामान किन्यो।
5. त्यसले राम्ररी सिक्किम डुल्यो।

V. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a.
तिमीले सिक्किमको खास खानेकुरा चाख्यौ।
सिक्किमको खास खानेकुरा चाखेनौ।

1. तिमीले धेरै ठाउँ डुल्यौ।
2. तिमीले गुम्बाहरू दर्शन गर्‌यौ।
3. तिमीले लामाहरूसँग कुरा गर्‌यौ।
4. तिमीले फुटबल म्याच हेर्‌यौ।
5. तिमीले त्यहाँ धेरै थोक देख्यौ।

नमूना Model b.
तिम्रो काम पूरा भयो।
तिम्रो काम पूरा भएन।

1. तिम्रो भ्रमण रमाइलो भयो।
2. तिम्रो गुम्बा दर्शन भयो।
3. उहाँको घरको काम भयो।
4. ऊ यहाँको प्रशिक्षार्थी भयो।
5. उनको सबै काम राम्रो भयो।

VI. बहु-प्रतिस्थापन अभ्यास Multiple slot substitution Drill

नमूना Model
ऊ मेरो दाजु हो।
महादेवन
महादेवन मेरो दाजु हो।
उसको
महादेवन उसको दाजु हो।
साथी
महादेवन उसको साथी हो।
थियो
महादेवन उसको साथी थियो।

1. यो मेरी बहिनी हो।
   दीपा मेरी बहिनी हो।
   दीपा उसकी बहिनी हो।
   दीपा उसकी साथी हो।
   दीपा उसकी साथी थिई।

2. उसले मलाई रङ्गशालामा देख्यो।
   छिरिङले मलाई रङ्गशालामा देख्यो।
   छिरिङले उसलाई रङ्गशालामा देख्यो।
   छिरिङले उसलाई बजारमा देख्यो।
   छिरिङले उसलाई बजारमा देख्छ।

3. यसले तपाईंलाई माया गर्छ।
   अङ्कुरले तपाईंलाई माया गर्छ।
   अङ्कुरले बिन्दुलाई माया गर्छ।
   अङ्कुरले बिन्दुलाई सहयोग गर्छ।
   अङ्कुरले बिन्दुलाई सहयोग गर्थ्यो।

लेखन अभ्यास EXERCISES

I Complete the following sentences using the appropriate words from the choices given.

1. तिमी _____ ठाउँ डुल्यौ ? (कुन-कुन, के-के, कहाँ-कहाँ)
2. त्यहाँको खास _____ चाख्यौ। (खानेकुरा, पानी, रोटी)
3. त्यहाँ मैले _____ प्रार्थना गरें। (एक छिन्, मन्दिर, गुम्बा)
4. तपाईंलाई केही _____ भएन होला। (समस्या, काम, अविस्मरणीय)
5. यसपालिको भ्रमण _____ भयो, होइन त ? (दुःख, समस्या, अविस्मरणीय)

II Complete the sentences using the appropriate forms of the words given.

1. मैले हिजो गुम्बा _____। (देख)
2. म आज खेला _____। (हेर्)
3. तिमी हिजो कहाँ _____। (छ)
4. उनले पनि छाँगु पोखरी _____। (देख्)
5. तिमीलाई यो ठाउँ कस्तो _____। (लाग्)

III Compete the sentences using the appropriate words.

1. वास्तवमा मलाई अरू केही दिन _____।
2. उसले खेलामा _____ गोल गर्‌यो।
3. सिक्किममा _____ तिमीले के-के देख्यौ ?
4. तपाईंलाई खासमा _____ समस्या भएन होला।
5. मैले गुम्बाहरूको _____ गरें।

IV Rewrite as directed

1. म घर जान्छु। (Change into past tense).
2. उनीहरू मन्दिर जाँदै छन्। (Change into past tense).
3. तँ यो गर्। (Change into high honorific).
4. उनी राधा हुन्। (Rewrite using word name without changing name)
5. नरेन उसको ठूलो दाजु हो। (Rewrite using the word younger sister)
6. महादेवन सिक्किम डुले। (Change into present).
7. म बङ्गाली बोल्छु। (Rewrite using the Nepali word for 'mother tongue.)
8. यहाँ एउटा केटो छ। (Change into plural number.)
9. त्यो एउटी राम्री केटी हो। (Change into masculine gender.)
10. ती ठूला किताबहरू मेरा हुन्। (Change into singular number.)
11. मैले मोमो र थुक्पा चाखें। (Change into negative.)
12. तिमीले गुम्बाहरू दर्शन गरेनौ। (Change into interrogative.)
13. म सिक्किम डुल्छु। (Change into simple past.)
14. मलाई समस्या भएन। (Change into affirmative.)
15. त्यहाँ तिमीले के-के चाहिँ देख्यौ ? (Change into negative.)

V Answer the following questions with reference to the dialogue of the lesson.

1. महादेवन छिरिङका को हुन् ?
2. कसले गुम्बाको दर्शन गर्‌यो ?
3. गुम्बा कहाँ छ ?
4. महादेनले लामाहरूसँग के गरे ?
5. नाम्ची, गान्तोक, सिंगताम र जोरथाङ के हुन् ?
6. मोमो र थुक्पा के हुन् ?
7. भाइचाङ भूटिया स्टेडियम कहाँ छ ?
8. कसको भ्रमण रमाइलो भयो ?
9. छिरिङले महादेवनलाई कतिपटक प्रश्न गरे ?
10. लामा कहाँ हुन्छन् ?

शब्दावली VOCABULARY

धेरै समयपछि	after a long time
एकदम	very much
भ्रमा	visit
देखें	(I) saw
देख्नु	to see
अरू कुन कुन	which other
सहर	town
खाने कुरा	eatable thing

खास	typical
चाख्यौ	did (you) taste
चाख्नु	to taste
स्वादिलो	delicious
गुम्बा	monastery
दर्शन	visit
एकछिन	for a while
प्रार्थना	pray
लामा	monk
कुरा गर्नु	to talk
अरू केके	what else
मैदान	stadium / ground
प्रसिद्ध	famous
खेलाड़ि	player
उसलाई	her / his
खेला	game
गोल गर्‌यो	(he) scored
रमाइलो	wonderful
समस्या	problem
बिर्सिनसक्ने	unforgettable

टिप्पणी NOTES

3.16.1. Sentences with verbs in simple past are introduced in this lesson.

मैले सिक्किम डुलें।	I visited Sikkim.
तिमीले छाँगु पोखरी देख्यौ ?	Did you see the Chhagun lake ?
उसले प्रार्थना गर्‌यो।	He prayed.

3.16.2. First person singular in past tense in Nepali is formed in the following way

verb root + -एँ

डुल् + एँ = डुलें	(I) went around
देख् + एँ = देखँ	(I) saw
चाख् + ऐ = चाखें	(I) tasted
लि + एँ = लिएँ	(I) took
गर् + एँ = गरँ	(I) did

मैले सिक्किम डुलें।	I visited Sikkim
मैले धेरै ठाउँहरू देखँ।	I saw many places
मैले मोमो चाखें।	I tasted ' momo'.

मैले सिक्किम भ्रमण गरें। I visited (went around) Sikkim.

3.16.3. Second person singular and plural middle honorific are formed in the following way

Verb root + -यौ

गर् + यौ = गर्यौ (you) did
डुल् + यौ = डुल्यौ (you) visited
देख् + यौ = देख्यौ (you) saw
लि + यौ = लियौ (you) took

For the formation of simple past 2nd person singular/plural the suffix -यौ is added to the verb roots as shown below

तिमीले प्रार्थना गर्यौ। You prayed
तिमीले सिक्किम डुल्यौ। You visited Sikkim.
तिमीले मोमो चाख्यौ। You tasted ' mo mo'.
तिमीले चराहरू देख्यौ। You saw birds
तिमीले मेरो किताब लियौ। You took my book.

3.16.4. Third person masculine singular past is formed in the following way

Verb root + -यो

देख् + यो = देख्यो (He) saw (Non honorific masculine).
खेल्+ यो= खेल्यो (He) played (Non honorific masculine).
जित् + यो= जित्यो (He) won (Non honorific masculine).
उसले स्टेडियम देख्यो - He saw the stadium.
उसले राम्रो खेल्यो - He played well.
उसले खेल जित्यो - He won the game.

3.16.5. It may be noted that when the past tense is transitive the ergative marker ले (nominative case marker) is added to the subject of the sentence.

उसले चराहरू देख्यो। - He saw the birds.
उसले मोमो खायो। - He ate tomato.
मैले प्रार्थना गरें। - I prayed

Note the formation of the subject in the following sentence.
Pronoun ending with rounded vowel.

First and second person singular

म + ले = मैले
यो + ले = यसले
तँ + ले = तैंले
तिमी + ले = तिमीले

others

जे + ले = जेले
कस + ले = कसले
के + ले = केले
तिनीहरू+ ले = तिनीहरूले
उ + ले = उसले
त्यो + ले = त्यसले
जो + ले = जसले
उनी + ले = उनले

तिनी	+	ले	= तिनले		केटो	+ ले	=	केटाले
छोरो	+	ले	= छोराले		दिदी	+ ले	=	दिदीले

3.16.6. Look at the following sentences from the lesson.

तिम्रो सिक्किम भ्रमण साँच्चै रमाइलो भयो होला। Your Sikkim visit might have been really wonderful.

साँच्चै, यो बिर्सिन नसक्ने अनुभव भयो। Really it was an unforgettable experience.

3.16.7. Note that the negative form of भयो is भएन e.g.

तपाईलाई केही समस्या भएन होला। भयो र ? You did not have any problem. Did you?

अहँ केही समस्या भएन। No, I did not have any problem.

3.16.8. It may also be noted that the past tense form भयो literally means became. Read also the following sentences to differentiate between थियो and भयो

ऊ शिक्षक थियो, पछि राजनीतिज्ञ भयो। He was a teacher. Later he became a politician.

3.16.9. Note that the habitual past form of the verb चाहिन्छ is चाहिन्थ्यो.

वास्तवमा, मलाई अरू केही दिन चाहिन्थ्यो। In fact, I wanted some more days.

3.16.10. **Mo-Mo** is a kind of sandwich made by fine flour, meat or vegetable cooked in steam. It used to be a typical & traditional food of a section of Sikkim's tribals. Now a days it is very popular all over Sikkim and Darjeeling.

Thukpa is a kind of noodles made by fine flour, mixed with meat or vegetables and water. It is also popular in Sikkim and Darjeeling.

एकाइँ ३ Unit 3 | पाठ - १७ Lesson - 17

झाँक्री
Jhankri

संवाद DIALOGUE

सासू	: हिजो त गुरु पूर्णिमा थियो। साईंला झाँक्रीले रातभरि ढ्याङ्ग्रो ठटायो। सुन्यौ बुहारी ? कि सुनिनौ?	Mother-in-law : It was Gurupoornima yesterday. Saainla Jhankri played his drum through out the night. Did you hear my daughter(-in-law) or not ?
बुहारी	: अँ त। हिजो गुरु-पूर्णिमा थियो। कता-कता ढ्याङ्ग्रो बजेको आवाज मैले पनि सुनें। उनीहरूले रातभरि ठटाए। ठटाएनन् र ?	Daughter-in-law : Yes, I did. Yesterday it was Gurupoornima. I also heard somewhere a sound of drum beating. They played throughout the night. Didn't they ?
सासू	: सबै झाँक्रीहरूले गुरु-पूर्णिमाका दिन तिनीहरूका गुरुलाई पूजा गर्छन्। तिनीहरू कुल देवतालाई खुसी पार्न चाहन्छन्। त्यसकारण हिजो राति पनि गुरुपूजा गरे। यो हाम्रो सांस्कृतिक रीति-थिति हो।	Mother-in-law : All the Jhankris worship their Gurus on the day of Gurupoornima. They want to please their family deities. This is one of our cultural rituals.
बुहारी	: उहिलेदेखि नै सबैले झाँक्रीको विश्वास गर्छन्। अचेल पनि हाम्रा मानिसहरू झाँक्रीका कुराहरू पत्याउँछन्। आमा, तपाईंलाई पनि पत्यार लाग्छ ?	Daughter-in-law : Everybody believes in Jhankris from olden days. Even in these days our people believe in the words of Jhankris. Mother(-in-law), do you believe ?

सासू : पहिले मलाई पनि यी झाँक्रीहरूमा विश्वास थिएन। अचेल मलाई उनीहरूमा केही विश्वास लाग्छ। तिनीहरूमा एउटा अलौकिक शक्ति हुन्छ। तिनीहरू मानिसहरूलाई रोगमुक्त पार्छन्। कहिले-काहीं तिनीहरू चमत्कार पनि देखाउँछन्। साँच्चै, साधारण मानिसहरूभन्दा तिनीहरू बेग्लै हुन्छन्।

Mother-in law : Earlier I did not have any belief in the Jhankris. Now, I do have a little faith. They have some super natural power. They make people free from deceases. Sometimes they show miracles. Certainly, they are different from other ordinary people.

बुहारी : सायद, यसैलाई मानिसहरू लोक-विश्वासको रूपमा मान्छन्। होइन त आमा?

Daughter-in-law : Perhaps, the people take it as a folk-belief. Is it not mother ?

सासू : त्यसै होला। संसारका धेरैजसो जातिहरूमा झाँक्रीहरू हुन्छन्। मैले त्यसबारे धेरै किताप पढेको छु । प्रत्येक जातिमा नै त्यस्ता अनौठो शक्ति भएका मानिसहरू हुन्छन्।

Mother-in-law : That may be. There are Jhankris in many communities of the world. I have read many books about it. In every community there are some people having extraordinary powers.

बुहारी : झाँक्रीहरूदेखि त मलाई एक प्रकारको डर पो लाग्छ। हिजो राति म राम्ररी सुतिनँ। आमा तपाईं सुत्नु भयो ?

Daughter-in-law : I am some what afraid of Jhankris. I did not sleep well last night. Did you sleep mother ?

सासू : अँ, हिजो त म बिहानसम्म सुतें। हाम्रा झाँक्रीहरूदेखि तिमी यसरी डराउनु पर्दैन। यो त हाम्रो सांस्कृतिक जीवनको एउटा पक्ष हो।

Mother-in-law : Yes I slept till morning. You need not be scared of our Jhankris. It is a part of our cultural life.

बुहारी	: हो, हो। अब मैले बुझें। यसबारे मलाई थाहा भयो।	Daughter-in-law : Yes. Yes. I understood. Now I came (have come) to know (of) about it.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

a. 1. हिजो त गुरु-पूर्णिमा थियो।
2. साईंला झाँक्रीले रातभरि ढ्याङ्ग्रो ठटायो।
3. उनीहरूले रातभरि ढ्याङग्रो ठटाए।
4. उनीहरूले रातभरि ढ्याङग्रो ठटाएनन् र ?
5. आमा तपाईं सुत्नुभयो ?

b. 1. म हिजो त बिहानसम्म सुतें।
2. म हिजो राति राम्ररी सुतिनँ।
3. तिमी यसरी डराउनु पर्दैन।
4. धेरै मानिस अनौठा शक्ति भएका हुन्छन्।
5. मलाई त एक प्रकार डर पो लाग्छ।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model a.

थियो।
गुरु पूर्णिमा।
गुरु पूर्णिमा थियो।
हिजो
हिजो गुरु पूर्णिमा थियो।

ठटायो।
ढयाङ्रो ठटायो।
रातभरि ढ्याङ्रो ठटायो।
झाँक्रीले रातभरि ढ्याङरो ठटायो।
साईंला झाँक्रीले रातभरि ढ्याङ्ग्रो ठटायो।

III. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model

हिजो पूर्णिमा थियो।
गुरु
हिजो गुरु पूर्णिमा थियो।
हाम्रो
हिजो हाम्रो गुरु पूर्णिमा थियो।

1. झाँक्रीहरूमा विश्वास थिएन।
   झाँक्रीहरूमा मलाई विश्वास थिएन।
   यी झाँक्रीहरूमा मलाई विश्वास थिएन।
   पहिला यी झाँक्रीहरूमा मलाई विश्वास थिएन।

2. तिमी डराउनु पर्दैन।
   तिमी यसरी डराउनु पर्दैन ।
   तिमी झाँक्रीहरूदेखि यसरी डराउनु पर्दैन ।
   तिमी हाम्रा झाँक्रीहरूदेखि यसरी डराउनु पर्दैन ।

IV. रूप-परिवर्तन अभ्यास Conversion Drill

नमूना Model a. म छाँगु पोखरी गएँ।
हामी छाँगु पोखरी गयौं।

1. म हिजो रोएँ।
2. म बिहानै उठें।
3. म हिजो राति सुनें।

नमूना Model b. तिमीले गुम्बामा प्रार्थना गर्‌यौ।
तपाईले गुम्बामा प्रार्थना गर्नुभयो।

1. तिमीले लामालाई भेट्‌यौ।
2. तिमीले स्टेडियम देख्यौ।
3. तिमीले झाँक्रीको कुरा सुन्यौ।
4. तिमीले हिजो लुगा धोयौ।
5. तिमीले क्लासमा पढ्यौ।

नमूना Model c झाँक्रीले ढ्याङ्ग्रो ठटायो।
झाँक्रीले ढ्याङ्ग्रो ठटाउँछ।

1. झाँक्रीको ढ्याङ्ग्रोको आयो।
2. प्रदीपले एउटा राम्रो किताब किन्यो।
3. रमेश काममा गयो।
4. यो उसको काम थियो।
5. मेरो भाइले एम.ए.पढ्यो।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. हिजो गुरु पूर्णिमा _____। (थिए, थियो, हुनुहुन्थ्यो)
2. झाँक्रीहरू ___खुसी पार्न चाहन्छन्। (गुरुआमालाई, कुलदेवतालाई, सरलाई)
3. अचेल मलाई उनीहरूमा _____ लाग्छ। (विश्वास, डर, काम)

4. साधारण मानिसभन्दा उनीहरू _____ हुन्छन्। (बेग्लै, राम्रो, सानो)
5. प्रत्येक जातिमा ___ शक्ति भएका मानिस हुन्छन्। (अनौठो, ठूला, राम्रो)
6. हिजो राति म _____ सुतिनँ (राम्रा, राम्री, राम्ररी)
7. झाँक्रीदेखि मलाई _____ पो लाग्छ। (डर, काम, मन)
8. गुरुपूजा _____जीवनको एउटा पक्ष हो। (सांस्कृतिक, विश्वास, अनौठो)
9. उनीहरू कहिले-काहीं ____ देखाउँछन्। (चमत्कार, आवाज ढयाङ्ग्रो)
10. झाँक्रीहरू गुरुलाई पूजा ____। (मार्छन्, गर्छन्, दिन्छन्)

II Complete the sentences using the appropriate forms of the words given.

1. बुहारी तिमीले _____। (सुन्)
2. हिजो गुरु पूर्णिमा _____। (छ)
3. झाँक्रीहरू गुरूको पूजा _____। (गर्)
4. पहिला मलाई झाँक्रीहरूमा विश्वास _____। (छ)
5. उनीहरू मानिसलाई जाती _____। (पार्)
6. झाँक्रीहरू साधारण मानिसभन्दा बेग्लै _____। (हो)
7. संसारका धेरै जसो जातिहरूमा झाँक्रीहरू _____। (छ)
8. मलाई त डर _____। (लाग्)
9. आमा, तपाईं हिजो राति _____? (सुत्)
10. मलाई त यस्तो कुरा मन _____। (पर्)

III Rewrite as directed.

1. हिजो हाम्रो घरमा पूजा थियो। (Change into negative).
2. झाँक्रीले ढ्याङरो ठट्यो, तिमीले सुनिनौ ? (Change into affirmative).
3. सबै झाँक्रीहरू आफ्ना गुरुलाई पूजा गर्छन्। (Change into negative).
4. तपाईंलाई यसको विश्वास लाग्छ ? (Change into negative).
5. उनी आज त्यहाँ हुन्छन्। (Change into plural number).
6. तिम्रा भाइहरू धेरै पढ्छन्। (Change into singular number).
7. सबै जातिमा लोक-विश्वास हुन्छन्। (Change into negative).
8. हिजो म राम्ररी सुतिनँ। (Change into plural number).
9. मलाई त एक प्रकारको डर पो लाग्छ। (Change into past).
10. आमा, तपाईं सुत्नुभयो ? (Change into present).

IV Match suitably and make sentences.

A		B
1. मैले राम्ररी	a.	राति सुतिनँ।
2. म हिजो	b.	विश्वास गर्छन्।
3. सबैले झाँक्रीमा	c.	गुरुपूजा थियो।
4. हाम्रा झाँक्रीमा	d.	पत्यार लाग्छ।
5. हिजो हाम्रो	e.	अलौकिक शक्ति हुन्छ।
6. आमालाई यसको	f.	कुरा बुझें।

V Answer the following questions with reference to the dialogue of the lesson.

1. झाँक्रीले रातभरि के ठटायो ?
2. बुहारीले के बजेको आवाज सुनिन् ?
3. झाँक्रीहरूले कहिले गुरु पूजा गर्छन् ?
4. झाँक्रीहरू कसलाई खुसी पार्न चाहन्छन् ?
5. गुरुपूजा नेपालीहरूको के हो ?
6. झाँक्रीहरूमा के हुन्छ ?
7. कहिले-काहीं कसले चमत्कार देखाउँछन् ?
8. प्रत्येक जातिमा कस्ता शक्ति भएका मानिस हुन्छन् ?
9. झाँक्रीबारे कसलाई थाहा भयो ?
10. झाँक्रीहरूदेखि कसलाई डर लाग्छ ?

शब्दावली VOCABULARY

सासू	mother-in-law	साईला	third in birth order
बुहारी	daughter/sister-in-law wife of son or younger brother		
कि	that	कता-कता	some where
संस्कृति	culture	रीति-थिति	rituals
उहिलेदेखि	since long years	पत्यार	belief
विश्वास	belief	अलौकिक	super natural
शक्ति	power	रोगमुक्त	free of disease
चमत्कार	miracle	साधारण	common
बेग्लै	different	सायद	perhaps
लोक-विश्वास	folk-belief	जाति	community
अनौठो	peculiar	डर	fear
पक्ष	aspect, part	थाहा	knowledge

टिप्पणी NOTES

3.17.1. Sentences with past tense verbs in different persons are continued

उहिले सबैले झाँक्रीहरूमा विश्वास गर्थे । In olden days everybody believed in Jhankris.
सायद यसैलाई मानिसहरू लोक विश्वासको रूपमा मान्थे। Perhaps the people took it as a folk belief.

उनीहरूले ढ्याङ्ग्रो रातभरि-ठटाए	They played the drum throughout the night.
ठटाएनन् र ?	Didn't they play?
तपाईं सुत्नुभयो ?	Did you sleep ? (High honorific)
म हिजो रातभरि राम्रो सुतिनँ ।	I didn't sleep well last night.
तिमीले पनि सुन्यौ ?	Did you also hear it ?
सुनिनौ ?	Didn't (you feminine) hear ?

3.17.2. Look at the paradigm of past tense verbs with different persons.

i) **Affirmative**

म गएँ।	I went (1st per sing. masc./ fem.)
हामी गयौं।	We went (1st per pl masc/ fem)
तपाईं जानुभयो।	You went (2nd per sing. high hon. masc./ fem.)
तपाईंहरू जानुभयो।	You went (2nd per pl high hon. masc. / fem.)
तिमी गयौ।	You went (2nd per sing. mid. hon. masc./ fem.)
तिमीहरू गयौ।	You went (2nd per pl mid. hon. masc. / fem.)
तँ गइस्।	You went (2nd per sing. non-hon. masc. / fem.)
तिमीहरू गयौ।	You went (2nd per pl non hon. masc./ fem.)
उहाँ जानु भयो।	He went (3rd per sing. high hon. masc. / fem.)
उहाँहरू जानु भयो।	They went (3rd per pl high hon. masc. / fem.)
ऊ / त्यो गयो।	He went (3rd per sing. non hon. masc.)
ऊ / त्यो गई।	She went (3rd per sing. non hon. fem.)
उनीहरू गए।	They went (3rd per pl mid./ non hon. masc./ fem.)
उनी गए।	He went (3rd per sing. mid. hon. mas.)
उनी गइन्।	She went (3rd per sing. mid. hon. fem.)
उनीहरू गए।	They went (3rd per plu. mid. non hon. mas. / fem.)

ii) **Negative**

म गइनँ।	I didn't go. (1st per sing com gen)
हामी गएनौं।	We didn't go. (1st per pl com gen)
तपाईं जानु भएन।	You didn't go. (2nd per sing. high hon.com. gen)
तपाईंहरू जानु भएन।	You didn't go. (2nd per pl high hon.)
तिमी गएनौ।	You didn't go. (2nd per sing mid hon masc)
तिमी गइनौ।	You didn't go. (2nd per sing mid hon fem)
तिमीहरू गएनौ।	You didn't go. (2nd per pl mid..hon. masc./ com.gend.)
तँ गइनस्।	You didn't go. (2rd per sing. non hon. com.gend.)
उहाँ जानु भएन।	He didn't go. (3rd per sing. high hon. com.gend.)
उहाँहरू जानु भएन।	They didn't go. (3rd per pl high hon.com.gend)
ऊ/त्यो गएन।	He didn't go. (3rd per sing. non hon. masc.)
ऊ/त्यो गइन।	She didn't go. (3rd per sing. non hon. fem.)
उनीहरू गएनन्।	They didn't go. (3rd per mid non hon.com.gend.)
उनी गएनन्।	He didn't go. (3rd per sing mid hon masc)
उनी गइनन्।	She didn't go. (3rd per sing mid hon fem)

3.17.3. It may be noted that in spoken Nepali किताप is more often used as a variant form of the word किताब.

3.17.4. गुरु-पूर्णिमा: A full-moon day falling in the month of Bhadau (Bhadra: July-August) is dedicated to Guru. Disciples offer worship to their respective gurus chanting mantras.

3.17.5. झाँक्री: Disciples of Gurus who generally act as healers also.

3.17.6. ढ्याङ्ग्रो: A kind of drum with handle, played in Guru-purnima and in healing the sick.

एकाइँ ३ / Unit 3 | पाठ - १८ / Lesson - 18

तपाईं कहाँ हराउनु भयो ?
Where did you vanish ?

संवाद DIALOGUE

जमदग्नि : ओहो ! काका, कता ? अचेल त भेटघाट पनि हुँदैन ? तपाईं कहाँ हराउनु भयो ?

Jamadagni : Oh! Uncle, where, (where were you all these days)? Now a days (we are) not meeting. Where did you vanish?

लोकनाथ : अँ त, अलिक दिन हराएँ। कुरा धेरै छन्। मैले अचानक दिल्ली जानु पर्‌यो। मेरी छोरीले बी.ए पास गरी। उसको एडमिसनको काम थियो। उसले एम.ए प्रवेश परीक्षामा बस्नु थियो। त्यसैले म उसित गएँ ।

Loknath : Yes, I vanished for a few days. Lots of things are there to say. The reasons are many. All of a sudden I had to go to Delhi. My daughter passed the B.A.Examination. I had to seek her admission there. She had to appear for M.A. entrance examination. So I went with her.

जमदग्नि : ए, कसले बी.ए. पास गरी ? कान्छीले ? राम्रो गरी। अनि प्रवेश परीक्षाको रिजल्ट कहिले आउँछ ?

Jamadagni : Who passed B.A.? The Youngest one ? Good, she did fine. And when will the result of the entrance examination come out?

लोकनाथ : आउँदो सोमबार निस्किन्छ। अहिले ऊ उहीं छे। डम्बर भाइकोमा छे। उसले जोड गर्‌यो। ऊ पनि त्यही चाहन्थी। ऊ काका-काकीलाई मन पराउँछे। ऊ अझै पनि उनीहरूको घरमै छे। म चाहिँ फर्किएँ। फेरि आउँदो आइतबार मैले जानुपर्छ।

Loknath : It will come out by next Monday. She is there itself. She is in my brother Dambar's house. He forced her to be there. She wanted that too. She likes her uncle and aunty very much. She is still in their house. I came back. Again, I have to go there next Sunday.

जमदग्नि : ठूलीले चाहिँ के गरिन् ?

Jamadagni : How did Thuli do (in the examination) ?

लोकनाथ : ठूलीको त एम.ए.हो। खास राम्रो भएन। उसको जागिर पनि छ। उसले धेरै पढ्न फुर्सद पाइन।

Loknath : Thuli had her M.A (examination). She did not do well. She has a job too. She did not get enough time to study.

जमदग्नि : अनि भाउजू ठीकै हुनुहुन्छ ?

Jamadagni : And how is sister-in- law?

लोकनाथ : उनी ठीकै छिन्। तर कान्छी छोरीको चिन्ता गर्दछिन्। अनि तँ चाहिँ के गर्दैछस् ?

Loknath : She is alright. But she worries about her youngest daughter. And what are you doing?

जमदग्नि : म त्यतिकै छु। मेरो अझै पनि जागिर छैन। म त्यसै समय बिताउँदै छु। हिजो कवि गोष्ठीको निमन्त्रणा थियो। म र सापकोटा थियौं। एक प्रकारको छोटो- मीठो कार्यक्रम थियो। लामो भएन।

Jamadagni : I am also in the same boat. I still have no job. I am spending my time just for nothing. Yesterday there was an invitation for a poets' meet. I and Sapcota were there. It was somewhat a short and sweet programme. It was not a long one.

लोकनाथ : गोष्ठी कहाँ थियो ? अचेल म त थाहा पनि पाउदिनँ।

Loknath : Where was the (poets) meet? Now-a-days I don't get any information.

जमदग्नि : पल्टन बजारको गोर्खा हाइस्कूलमा थियो।
तपाईलाई साँच्चै सूचना पुगेन ? नराम्रो पो भएछ त । तपाईंलाई किन खबर गरेनन्? म सोधखोज गर्छु।

Jamadagni : It was in Gorkha High School of Paltan Bazar. Didn't you really have (any) information? It is not good. Why didn't they inform you? I will enquire about it.

लोकनाथ : ए, यी कुरा छोड्, अहिले भन् त, तँ कहाँ जान्छस् ?

Loknath : O. K. Leave these things. Now tell me, where are you going?

जमदग्नि : किन ? केही काम छ कि ?

Jamadagni : Why ? Is there any work?

लोकनाथ : एउटा सानो काम छ। मेरो स्कूटर ग्यारेजमा छ। मसँग हिँड्। मैले ल्याउनु छ।

Loknath : There is a piece of work. My scooter is in the garage. I have to take it. Come with me.

जमदग्नि : अहिले नै जानुपर्छ र ?

Jamadagni : Should we go right now?

लोकनाथ : अँ त, हिँड् न ।

Loknath : Yes, let us go.

जमदग्नि	: लौ त। हिड्नुहोस्। एउटा कुरा, स्कूटर त मलाई पनि चाहिन्थ्यो। तर अहिले पैसा छैन।	Jamadagni : O.K. Let us go. But one thing. I also need a scooter. But I have no money at present.
लोकनाथ	: पीर नमान् । स्कुटर ठूलो कुरो होइन। पहिला तँ जागिर खोज्। त्यसपछि पैसा कमा अनि स्कुटर किन् ।	Loknath : Don't worry. Scooter is not a big thing. First you find a job. Earn money and then buy a scooter.
जमदग्नी	: त्यो त हो। म पनि त्यस्तै सोच्दै छु। काका, अझै कति अघि जानुपर्छ ?	Jamadagni : Of course, I am also thinking like that. Uncle, should we go still further ?
लोकनाथ	: पर्दैन। उ त्यही हो ग्यारेज ।	Loknath : No. Look the garage is there.

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. म अलिक दिन _____। (हराएँ, हुँदै छु, छ)
2. मैले _____ दिल्ली जानु पर्‌यो। (अचानक, कहाँ, काम)
3. मेरी _____ बी.ए. पास गरी। (छोराले, छोरीले, भाइले)
4. प्रवेश परीक्षाको रिजल्ट _____ आउँछ ? (को, कहिले, कुन)
5. ऊ काका-काकीलाई मन _____। (पराउँछे, पराउँछन्, पराउनुभयो)

II Rewrite the following sentences using the plural forms of pronouns and verbs.

1. ऊ काका, दिदी भिनाज्युलाई धेरै माया गर्छ।
2. म सधैं बिहान टी.भी.मा खबर सुन्छु।
3. तँ आफ्नो काम राम्ररी गर्।
4. यो सधैं घर जान्छ।
5. हिजो म यहाँ थिइनँ।

III Expand the following sentences using at least three words for each.

1. म गएँ।
2. मैले पढ्नु छ।
3. हामी थियौं।
4. मलाई निमन्त्रणा थियो।
5. उनी चिन्ता गर्दै छिन्।

IV Transform the following affirmative sentences into their corresponding negatives.

1. तपाईंको काम भयो।

2. मैले अचानक दिल्ली जानु पर्‌यो।
3. म साथीसित मैसूर गएँ।
4. हाम्रो रिजल्ट आउँदो सोमबार निस्कन्छ।
5. ऊ काका-काकीलाई मन पराउँछे।
6 ठूलीले चाहिँ एम ए पास गरी।
7. उसले पढ्न फुर्सद पाई।
8. उनी छोरीको चिन्ता गर्दछिन्।
9. म त्यसै समय बिताउँदै छु।
10. कवि गोष्ठी रमाइलो थियो।

V Answer the following questions with reference to the dialogue of the lesson.

1. कसको जागिर छैन ?
2. लोकनाथले अचानक कहाँ जानु पर्‌यो ?
3. कसकी छोरीले बी.ए.पास गरी ?
4. लोकनाथ कोसित दिल्ली गए ?
5. डम्बर को हुन् ?
6. काका-काकीलाई मन पराउने को हो ?
7. कसको जागिर थियो ?
8. ठूलीले के गर्ने फुर्सद पाइन ?
9. कसकी श्रीमती जमदग्निकी भाउज्यू हुन् ?
10. कवि गोष्ठीको कार्यक्रम कस्तो थियो ?

शब्दावली VOCABULARY

कता	where to	भेटघाट	meeting
कुरा	things to tell	प्रवेश-परीक्षा	entrance examination
कान्छी	youngest girl	आउँदो	coming, next
ठूली	eldest girl	जागिर	job, service
फुर्सद	off time, leisure	भाउजू	elder brother's wife (sister-in-law)
चिन्ता	worry, anxiety	कवि-गोष्टी	poets' meet
निमन्त्रण	invitation	छोटो-मीठो	short and sweet
कार्यक्रम	programme	सूचना	information
सोधखोज	enquiry	पीर	worry
हराउनु	to loose, to be lost	चाहनु	to want, to require
फर्कनु	to return	पर्छ	should, must, ought
छोड	leave it	जोड गर्नु	to force
मन पराउनु	to like	समय बिताउनु	to kill time, while away the time.
पैसा कमाउनु	to earn money		

एकाइँ ४
Unit 4

पाठ - १९
Lesson - 19

सोमबारे औंसी
Monday new moon

संवाद DIALOGUE

जुना : रीना, भोलि त सोमबारे औंसी हो। तँ कहाँ जान्छेस् ?

Juna : Rina, tomorrow is the "Monday new moon". Where will you go ?

रीना : म त उमानन्द मन्दिर जान्छु। अनि तँ चाहिँ ?

Rina : I will go to Umananda Temple. And you?

जुना : म चाहिँ भोलि बशिष्ट मन्दिर जानेछु। घरबाट बिहानै निस्कन्छु। सिटीबसमा जान्छु । मन्दिरमा दर्शन र पूजा गर्छु । छेवैको पञ्चकन्याधामको गणेश मन्दिरमा पनि पुग्छु। त्यसपछि फर्किन्छु। तँ बशिष्ठ मन्दिर जान्नस् ?

Juna : (I) will go to Basista Temple tomorrow. (I) will start in the morning. (I) will go by city bus. (I) will have `Darshan' and pray in the temple. (I) will also visit the nearby Ganesh Temple of Panchakanyadham. After that (I) will return. Won't you go to Basista temple ?

रीना : अहँ, पोहोर म त्यहाँ गएँ। म यसपालि जान्न। भोलि म उमानन्द मन्दिर जानेछु।

Rina : No, I went there last year. This time, I will not go. So, tomorrow I will go to Umananda temple.

जुना : साँच्चि, उमानन्द मन्दिर कहाँ छ हँ ?

Juna : Where is Umananda temple ?

रीना : अचम्म छ। तँ दुई वर्ष अघिदेखि नै गुवाहाटीमा छेस्। तर अझै पनि उमानन्दबारे जान्दिनस् ? सुन्, उमानन्द मन्दिर गुवाहाटीमा नै छ। ब्रम्हपुत्र नदीबीचको टापुमा छ। त्यहाँ भगवान शिवजीको पूजा हुन्छ।

Rina : Surprising! You are in Guwahati for the past two years. Still you don't know about Umananda. Listen, Umananda temple is in Guwahati itself. It is in an island in the middle of the Brahmaputra river. There we worship Lord Sivaji.

जुना : ए त्यहाँ पो छ ? तर मलाई थाहा थिएन। तँ कसरी जान्छेस् ?

Juna : Oh, is it there? I didn't know. How will you go there ?

रीना : एकाबिहानै बसमा जान्छु। फेन्सी बजारमा ओर्लिन्छु। त्यहाँबाट नाउमा उमानन्द मन्दिर जान्छु। नाउमा प्रायः दश मिनटजति लाग्छ होला। नाउमा ओहोर -दोहोरको भाडा दस रुपियाँ लाग्छ होला। भोलि ब्रह्मपुत्र नदीमा नाउको घुइँचो हुन्छ होला। तापनि, म चाहिं जान्छु नै। भाकल पनि छ।

Rina : (I) will go by bus, early in the morning. (I) will get down at Fancy Bazar. From there I will go to Umananda temple by boat. It may take about ten minutes by boat. They may take Rs.10 as fair for to and fro journey. There may be a big croud of boats on the Brahmaputra. Even then, I will go. I have a vow.

जुना : भाकल, केको लागि ?

Juna : Vow! For what ?

रीना : अहँ ! तँलाई भन्छु के त ?

Rina : What ! Shall I tell you ?

जुना : लौ त भइगयो नभन न त। तर, तँलाई नाउँमा चढ्न कहिले पनि डर लाग्दैन ? मलाई त डर लाग्छ।

Juna : Alright. You don't tell. But, are you not afraid of getting into the boat ? I am afraid of (that).

रीना : अहँ। मलाई त पटक्कै डर लाग्दैन। पर्सि पनि उत्तर गुवाहाटी नाउमा नै जानेछु। त्यहाँ आई आई टीमा अलिकति काम छ ।

Rina : No. I am not at all afraid of it. (I) will go to North Guwahati by boat day after tomorrow. (I) have some work at I.I.T.there.

जुना : एकाबिहानै कतिखेर जान्छेस् र आउँछेस् ?

Juna : At what time will you go and come so early ?

रीना : बिहान पाँच बजेतिर जान्छु र दस बजेभित्रमा फर्कन्छु। दिउँसो केकेजाति घरको काम गर्नेछु। साँझ हाम्रो कलेजका साथीहरू आउनेछन्। तँ पनि आइज हामीसित।

Rina : (I) will go around at five o' clock in the morning and will come back by ten. I will do some household work during the day. In the evening my college friends will come. You also join us.

जुना : को को आउँछन् ?

Juna : Who (some) will come?

रीना : तँ चिन्दिनस् होला । मेरा चाहिं साथी निर्मल, सन्तोष, ओम,हिमा र निरूहरू आउँनेछन्।

Rina : You may not know them. My friends Nirmal, Santosh, Om, Hima and Niru will come.

जुना : ए, केही छ कि क्या हो ?

Juna : Is there something special ?

रीना : खास त केही छैन। आउँदो हप्ता कलेजमा कलेज विक छ। त्यहाँ हामी दोहोरी गीत र नृत्य प्रतियोगितामा भाग लिनेछौं। त्यसैले, प्र्याक्टीस् गर्न आउँछन्। हामी प्रतियोगितामा प्रथम पुरस्कार जित्ने कोसिस गर्नेछौं।

Rina : Nothing special. There is our College Week programme next week. We take part in duet and dance competitions. They will come to practise. We will try to win the first prize.

जुना : लौ त । त्यसो भए मेरो पनि हार्दिक शुभ कामना छ।

Juna : OK. Then I wish you all the best of luck.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. म त उमानन्द मन्दिर जान्छु।
2. म चाहिँ भोलि वशिष्ठ मन्दि जानेछु।
3. दिउँसो केकेजाति घरको काम गर्नेछु।
4. हामी प्रथम पुरस्कार जित्नेछौं।
5. मेरा कलेजका साथीहरू आउनेछन्।
6. त्यहाँ हामी दोहोरी गीत र नृत्य प्रतियोगितामा भाग लिनेछौं।

II. वाक्य विस्तार अभ्यास Build up Drill

नमूना Model

जानेछु।
मन्दिर
मन्दिर जानेछु।
वशिष्ठ
वशिष्ठ मन्दिर जानेछु।
भोलि
भोलि वशिष्ठ मन्दिर जानेछु।
म
म भोलि वशिष्ठ मन्दिर जानेछु।

1. पुग्नेछु।
   पञ्चकन्याधामल पुग्नेछु।
   छेवैको पञ्चकन्याधाम पुग्नेछु।
   मन्दिर छेवैको पञ्चकन्याधाम पुग्नेछु।
   वशिष्ठ मन्दिर छेवैको पञ्चकन्याधाम मन्दिर पुग्नेछु।

म वशिष्ठ मन्दिर छेवैको पञ्चकन्याधाम मन्दिर पुग्नेछु।
यसपालि म वशिष्ठ मन्दिर छैवैको पञ्चकन्याधाम मन्दिर पुग्नेछु।

2. गर्नेछौं।
प्रयास गर्नेछौं।
जित्ने प्रयास गर्नेछौं।
खेला जित्ने प्रयास गर्नेछौं।
फुटबल खेला जित्ने प्रयास गर्नेछौं।
हामी फुटबल खेला जित्ने प्रयास गर्नेछौं।

3. आउनेछन्।
साथीहरू आउनेछन्।
गाउँका साथीहरू आउनेछन्।
मेरा गाउँका साथीहरू आउनेछन्।
आज मेरा गाउँका साथीहरू आउनेछन्।

4. लिन्छन् होला।
दश रूपियाँ लिन्छन् होला।
नाउमा दश रुपियाँ लिन्छन् होला।
अचेल नाउमा दश रूपियाँ लिन्छन् होला।

5. हुन्छ होला।
घुइँचो हुन्छ होला।
नाउँको घुइँचो हुन्छ होला।
नदीमा नाउँको घुइँचो हुन्छ होला।
ब्रह्मपुत्र नदीमा नाउँको घुइँचो हुन्छ होला।
भोलि ब्रह्मपुत्र नदीमा नाउँको घुइँचो हुन्छ होला।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model
भोलि बिहान म कामाख्या मन्दिर जानेछु।
पुग्नेछु
भोलि बिहान म कामाख्या मन्दिर पुग्नेछु।

1. पोहोर म त्यहाँ गएँ।
हिजो
हिजो राति
बेलुका

2. म बिहान नौ बजेभित्रमा फर्कनेछु।
आउनेछु
पुग्नेछु
जानेछु
हुनेछु

3. त्यहाँ को-को आउने छन् ?
जानेछन्
पुग्नेछन्
हुनेछन्
डुल्नेछन्

IV. रूप-परिवर्तन अभ्यास Conversion Drill

नमूना Model a.
तँ चिन्दिनस् होला।
तँ चिन्दैनस् होला।

1.तँ घर जाँदिनस् होला।
2.तँ त यसपालि आउँदिनस् होला।

3. तँ नाउँमा चढन डराउँदिनस् होला।
4. तँ धेरै रातिसम्म पढँदिनस् होला।
5. तँ सधैं बिहान पानी खाँदिनस् होला।

नमूना Model b. तँ सधैं मन्दिर जान्छेस्।
तपाईं सधैं मन्दिर जानुहुन्छ।

1. तँ यसपालि आइतबार घर जान्छेस्।
2. तँ बिहान सधैं पूजा गर्छस्।
3. तँ नदीको किनारमा डुल्छेस्।
4. तँ अचेल गुवाहाटीमा छेस्।
5. तँ जुलाईदेखि भाषा केन्द्रमा छेस्।

नमूना Model c. तँ कलाक्षेत्र जान्नस् ?
सर, तपाईं कलाक्षेत्र जानुहुन्न ?

1. तँ आज कपडा धुन्नस ?
2. तँ कहिले पनि रुन्नस् ?
3. तँ केही पनि लिन्नस् ?
4. तँ भाइ बुहारीलाई छुन्नस् ?
5. तँ कहिले पनि राजनीतिज्ञ हुन्नस् ?

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model रीना एकाबिहानै कहाँ जान्छे ?
रीना एकाबिहानै उमानन्द जान्छे ।

1. जुना सोमबारे औंसीमा कहाँ जान्छे ?
2. जुना केमा जान्छे ?
3. जुनाले मन्दिरमा के गर्छे ?
4. रीना कहाँ बसबाट ओर्लिन्छे ?
5. रीना उत्तर गुवाहाटीमा कहाँ जान्छे ?
6. रीना कति बजेतिर जान्छे ?
7. रीना कति बजेतिर फर्किन्छे ?
8. रीना दिउँसो घरको के काम गर्छे ?
9. रीना केमा भाग लिन्छे ?
10. रीना के जित्ने कोसिस गर्छे ?

लेखन अभ्यास EXERCISES

I Complete the following sentences using the appropriate words from the choices given.

1. म भोलि फेन्सी बजार _____। (जानेछु, जा, गएँ)
2. म सिटीबसमा जान्छु र फेन्सी बजारमा __। (ओर्लिन्छु, ओर्लिएँ, ओर्लि)
3. तँ दुई वर्ष अघिदेखि गुवाहाटीमा ____। (छेस्, छौं, छौ)
4. यसपालि आइतबार तपाईं _____ जानुहुन्छ? (कहिले, कहाँ, कसरी)
5. उमानन्द _____ जानुपर्छ। (नाउमा, सिटीबसमा, ओहोर-दोहोर)
6. त्यहाँ भगवान शिवजीको _____ हुन्छ। (दर्शन, पूजा, गणेश)
7. भोलि ब्रह्मपुत्र नदीमा नाउको _____ हुन्छ। (घुइँचो, भाकल, भाडा)
8. रीना उमानन्द मन्दिर जान्छे, किनभने उसको __छ। (डर, भाकल, अलिकति)

II Complete the sentences using the appropriate forms of the words given.

1. तँ अझै पनि उमानन्दबारे _____। (जान्)
2. तिमी दुई वर्ष अघिदेखि गुवाहाटीमा _____। (छ)
3. त्यहाँ भगवान शिवजीको पूजा _____। (हो)
4. म फेन्सी बजारमा _____। (ओर्लि)
5. त्यहाँ हामी नृत्य प्रतियोगीतामा भाग _____। (लि)

III Complete the sentences using the appropriate words

1. दिउँसो म घरमा ____ काम गर्छु।
2. आज _____ हाम्रा कलेजका साथीहरू आउने छन्।
3. हामी पुरस्कार _____ प्रयास गर्ने छौं।
4. मेरो पनि _____ शुभकामना छ।
5. मलाई त _____ डर लाग्दैन।

IV Transform the following affirmative sentences into their corresponding negatives.

1. तिमी भोलि बजार जान्छौ ?
2. उनी पर्सि घर जाने छन्।
3. जुना दुई वर्ष अघिदेखि नै गुवाहाटीमा छे।
4. त्यहाँ सबै भगवानको पूजा हुन्छ।
5. भोलि नाउको घुइँचो हुन्छ होला।

V Answer the following questions with reference to the dialogue of the lesson.

1. गणेश मन्दिर कहाँ छ ?
2. को वशिष्ट मन्दिर गइन ?
3. पोहोर को विशिष्ठ मन्दिर गई ?
4. शिवजीको पूजा कहाँ हुन्छ ?
5. उमानन्द मन्दिरबारे कसलाई थाहा थिएन ?
6. उमानन्द मन्दिर केमा जान्छन् ?

7. रीनाको किन मन्दिर जान्छे ?
8. कसको भाकल छैन ?
9. कसलाई नाउँमा चढ्न डर लाग्छ ?
10. आई.आई.टी.मा कसको कति काम छ ?

शब्दावली VOCABULARY

भोलि	tomorrow	बिहान	morning
बिहानै	early morning	दर्शन	seeing (holy place/thing)
पूजा	worship	मन्दिर	temple
पोहोर	last year	अचम्म	wonder, surprising
नदी	river	टापु	island
भगवान	God, Lord	नाउ	boa
प्रायः	about	ओहोर-दोहोर	coming and going, to and from
भाडा	fare	घुइँचो	crowd
भाकल	vow, (holy) promise	पटक्कै	at all
पर्सि	day after tomorrow	अलिकति	a bit, a little, a few
साँझ	evening	खास	special
हप्ता	week	साता	week
दोहोरी गीत	song sequence	नृत्य	dance
प्रतियोगिता	competition	अनुशीलन	practise, rehearsal
प्रथम पुरस्कार	first prize	कोसिस	try, effort
हार्दिक	hearty, cordial	शुभ कामना	good wishes
निस्कन्छु	(I) come out	निस्कनु	to come out
जान्नस्	variant of	जाँदिनस्	(you) won't go (fem.)
जान्दिनस्	(you) won't know (fem)	ओर्लिन्छु	(I) get down
डर लाग्नु	to fear, to be afraid of	कतिखेर	at what time
चिन्दिनस्	(you) do not know (fem)	क्या	variant of के what
भाग लिन्छौं	(we) take part, participate (1st per.pl)		
जित्ने	act of winning (inf.जित्नु)		

सोमबारे औंसी : New-moon rarely falls on Mondays. When it falls in any month, it is believed to be an auspicious day. People especially women folk visit temples on this day to worship Shiva for the well being of the members of their families.

टिप्पणी NOTES

4.19.1. Sentences with verbs in simple future and future probability are introduced.

म भोलि वशिष्ट जाने छु। I will go to Basista tomorrow.

हामी प्रथम पुरस्कार जित्ने छौं।	We will win the first prize.
नाउमा 10 रूपियाँ लिन्छन् होला।	They may take about Rs.10.00.

In the following sentences future affirmative verb are formed as follows

verb root + नेछु / नेछौं / नेछन्

I)	म भोलि बशिष्ट मन्दिर जानेछु -	I will go to Basista temple tomorrow. (1st person sing masc/fem)
II)	हामी पुरस्कार जित्ने प्रयास गर्नेछौं।	We will try to win the prize. (1st per pl masc/Fem)
III)	मेरा कलेजका साथीहरू आउंनेछन् ।	My college friends will come. (3rd per, pl mid hon mas/fem)

4.19.2. Look at the future negative sentences in the lesson.

1. यसपालि म जान्न ।	This time I will not go.
2. तँ वशिष्ट जान्नस् ?	Will you not go to Basista ?

Future negative is formed in the following way with first, second and third persons. e.g.

म पूजा गर्ने छैन।	I will not worship. (1st per sing mas/fem)
हामी पूजा गर्ने छैनौं।	We will not worship. (1st per pl masc/fem)
तपाई पूजा गर्नु हुने छैन।	You will not worship. (2nd per sing high hon masc/fem)
तिमीहरू पूजा गर्ने छैनौं।	You will not worship. (2nd per hon masc/fem)
तिमीहरू पूजा गर्नै छैनौं।	You will not worship. (2nd per pl masc/fem)
उहाँ पूजा गर्नु हुने छैन।	He will not worship. (3rd per high hon sing masc/fem)
उनीहरू पूजा गर्नुहुने छैन।	They will not worship. (3rd per pl high hon mas/fem)
उनी पूजा गर्ने छैनन्।	He/She will worship. (3rd per mid hon masc/fem)
उनी पूजा गर्ने छैनन्।	She will worship. (3rd per sing mid fem)
उनीहरू पूजा गर्ने छैनन्।	They will not worship. (3rd per pl mid non hon masc/fem)
ऊ पूजा गर्ने छैन्।	He will not worship. (3rd per sing non hon mas/fem)
उनीहरू पूजा गर्ने छैनन्।	They will not worship. (3rd per pl mid hon/non hon masc/fem)

4.19.3. Any sentence is turned into probabliative mood by adding होला after the verb. e.g.

नाउमा प्रायः 10 मिनट जति लाग्छ होला।	It may need about 10 minutes by boat.
भोलि ब्रह्मपुत्र नदीमा नाउको घुइँचो हुन्छ होला।	There may be a crowd of boats on the Brahmaputra river tomorrow.

एकाइँ ४ Unit 4

पाठ - २० Lesson - 20

वनभोजको सल्लाह
Talk about a Picnic

संवाद DIALOGUE

अस्मिता: आमा, आउँदो आइतबार हाम्रो स्कूलका साथीहरू वनभोज जाँदै छन्। म पनि जाऊँ ? हाम्रो क्लासका सबै जान्छन् ।	Asmita : Mother, Coming Sunday our school friends are going for a picnic. May I also go? All (students) of our class will go.
आमा : उनीहरू त जाऊन्। तर सर र गुरुआमा चाहिं जानुहुन्छ कि जानुहुन्न ?	Mother : Let them go. But are the Sirs and Madams (teachers) going or not ?
अस्मिता: अँ, दुईजना सर र तीनैजना गुरुआमा जानुहुन्छ।	Asmita : Yes, two Sirs and all the three Madams are going.
आमा : त्यसो भए ठीक छ। तैपनि बाबालाई सोध्नु पर्ला।	Mother : Then O.K. Even then I may have to ask your father.
अस्मिता: त्यसो भए म जान्छु भनूँ ?	Asmita : Then shall I tell them (that) I am going ?
आमा : अहिल्यै नभन्। बरू म आफै सरहरूलाई भेटौंला। त्यसभन्दा अघि बाबालाई सोध्नुपर्छ। नभए बाबाले के भन्नुहुन्छ होला ?	Mother : Don't tell right now. I may meet the teachers myself. Before that we should ask father. Otherwise what might father say ?
अस्मिता: के हामीले सबै कुरा बाबालाई सोध्नुपर्छ ?	Asmita : Do we have to ask father all the things ?
आमा : अँ, किनभने उहाँ घरका मूली हुनुहुन्छ।	Mother : Yes, because he is the head of the house(family).
अस्मिता: बाबा बारिमा हुनुहुन्छ। म सोधूँ ?	Asmita : Father is in the backyard. May I ask ?
आमा : पर्खी न। तँ सोधलिस्। एकछिन पछि सोधौंला। हेर् त, बाबा पनि आउनुभयो।	Mother : Just wait. You may ask. We may ask after a short while. Look, father also came.

बाबा : आमा-छोरीबीच के सल्लाह चल्दै छ हँ ?

आमा : हाम्री छोरी वनभोज जान्छे अरे। जाऊँ भन्दै छे। उसको स्कूलका सबै जान्छन् अरे।

बाबा : के गरौं त ? छोरी, साँच्चै सबै जान्छन् त ? सरहरू पनि ?

अस्मिता: हजुर बाबा, सबै जान्छन् । सर र मेडामहरू पनि जानुहुन्छ।

बाबा : त्यसो भए जा। राम्ररी गएस्। गुरु आमाहरूको साथ नछोडेस्। उनीहरूको मात्र कुरा सुनेस्। हुन्छ ?

अस्मिता: हुन्छ। म त्यसै गर्छु।

बाबा : अनु, अस्मिता जाओस्। उ रमाओस्।

आमा : पैसा कति लेलान् ?

अस्मिता: कुन्नि। एक सयजति लेलान्।

आमा : पुग्ला के त ?

अस्मिता: पुग्छ होला।

आमा : हामी पनि कहीं जाऔं न।

बाबा : ठीक छ। सोचौं।

Father : What discussion is going on between the mother and the daughter ?

Mother : (It is said) our daughter is going for a picnic. She is asking (whether she could go). It is known that all from the school are going.

Father : What shall (we) do ? Daughter, really are all going ? Teachers also ?

Asmita : Yes, all are going. Sirs and Madams are also going.

Father : Then go. Go carefully. Don't leave the Madams` company. Listen only to them O.K.?

Asmita : O.K. I will do the same.

Father : Anu. Let Asmita go. Let her enjoy.

Mother : How much (they) may take?

Asmita : I don't know. (They) may take about one hundred rupees.

Mother : Will that do ?

Asmita : It may meet (be sufficient).

Mother : Let us also go somewhere.

Father : O.K. Let us think (about it).

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. पुग्छ होला।
2. तैपनि बाबालाई सोध्नु पर्ला।
3. बरू म आफै सरहरूलाई भेटौंला।
4. एकछिनपछि बाबालाई सोधौंला।
5. त्यसभन्दा अघि बाबालाई सोध्नुपर्छ।

6. नभए बाबाले के भन्नुहोला ?
7. तँ सोधलिस्।
8. ऊ रमाओस्।
9. राम्ररी गएस्।
10. अस्मिता जाओस्।
11. गुरु आमाहरूलाई नछोड़ेस्।
12. उनीहरूको मात्र कुरा सुनेस्।
13. हाम्री छोरी वनभोज जान्छे अरे।
14. एक सयजति लेलान्।
15. म पनि जाऊँ ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model
भेटौंला।
सरलाई
सरलाई भेटौंला।
आफै
आफै सरलाई भेटौंला।
बरू म
बरू म आफै सरलाई भेटौंला।

1. सोधौंला।
बाबालाई नै सोधौंला।
एक छिन पछि बाबालाई नै सोधौंला।
म एक छिनपछि बाबालाई नै सोधौंला।

2. नछोड़ेस्।
गुरु आमाहरूलाई नछोड़ेस्।
तैंले गुरु आमाहरूलाई नछोड़ेस्।
वनभोजमा तैले गुरु आमाहरूलाई नछोड़ेस्।

3. नसुनेस्।
कुरा नसुनेस्।
अरू कसैको कुरा नसुनेस्।
तैंले अरू कसैको कुरा नसुनेस्।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model
अस्मिता वनभोजमा जाओस्।
क्लासमा
अस्मिता क्लासमा जाओस्।

1. ऊ साथीहरूसित रमाओस्।
   गुरु आमाहरूसित
   तिमीहरूसित
   उनीहरूसित

2. अस्मिता, तँ राम्रो गएस्।
   आएस्
   खाएस्
   पढेस्

3. यति भए पुग्छ होला।
   त्यति
   कति

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. बाबालाई सोध्नु पर्ला।
बाबालाई सोध्नु नपर्ला।

1. आमालाई सोध्नु पर्ला।
2. गुरुआमालाई सोध्नु पर्ला।
3. शिक्षकसँग म पनि जानु पर्ला।
4. साथीहरूलाई पैसा दिनु पर्ला।
5. सरलाई नै भन्नु पर्ला।

नमूना Model b. बाबाले केही भन्नुहुन्छ होला ?
बाबाले केही भन्नुहुन्न होला ?

1. उहाँहरूले पैसा लिनुहुन्छ होला ?
2. के तपाईंले दिनहुन्छ होला ?
3. आमाले केही भन्नुहुन्छ होला ?
4. सरले सोच्नुहुन्छ होला ?

V. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model मलाई त्यतिले पुग्छ होला।
वनभोज जान मलाई त्यतिले पुग्छ होला।
साथीहरूसित वनभोज जान मलाई त्यतिले पुग्छ होला।

1. आइतबार जान्छन् होला।
   साथीहरू आइतबार जान्छन् होला।
   साथीहरू आइतबार वनभोज जान्छन् होला।

2. बाबालाई सोध्नुपर्छ।
   हामीले बाबालाई सोध्नुपर्छ।
   हामीले सबैकुरा बाबालाई सोध्नुपर्छ।

3. राम्रो गएस्।
   नानी, तँ राम्रो गएस्।
   नानी, तँ साथीसँग राम्रो गएस्।

4. कति लेलान् ?
   पैसा कति लेलान् ?
   वनभोज जान पैसा कति लेलान् ?

VI. प्रतिवचन अभ्यास Response Drill

नमूना Model तपाईं पनि आइतबार वनभोज जानुहुन्छ ?

1. जानु पर्ला।
2. गुरुआमा जानुभयो भने जान्छु।
3. बाबालाई सोध्नुपर्छ।

1. आमा, म आज स्कूल जाऊँ ?
2. तेरो वनभोजको लागि कति पैसा दिनु पर्ला ?
3. साथीहरूले वनभोजको निम्ति तँसित कति रूपियाँ लेलान् ?
4. सरसित सल्लाह गरिस् के त ?
5. अस्मितालाई त्यति पैसाले पुग्ला के त ?

VII. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model स्कूलबाट कहिले वनभोज जान्छन् अरे ?
स्कूलबाट आउँदो आइतबार वनभोज जान्छन् अरे ?

1. अस्मिताका कतिजना गुरुआमा जानुहुन्छ ?
2. बाबालाई किन सोध्नुपर्छ ?
3. वनभोज जान कति पैसाले पुग्छ ?
4. को रमाओस् ?
5. बाबा कहाँ हुनुहुन्छ ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences choosing the appropriate words from the choices given.

1. अस्मिताको बाबा _____ हुनुहुन्छ। (बारिमा, तीनैजना, सधैं)
2. स्कूलबाट आउँदो आइतबार _____ जाँदै छन्। (गुरुआमा, भैटौंला, वनभोज)
3. बाबा हाम्रो घरको _____ हुनुहुन्छ। (क्लासमा, मूली, लेलान्)
4. आमा-छोरीका बीच _____ चल्दै छ। (सोध्यौ, सल्लाह, बाबाले)
5. तैंले गुरुआमाको कुरा _____। (पुग्ला, सुनेस्, सोचौं)

II Complete the sentences using the appropriate forms of the given words.

1. वनभोजमा म पनि _____? (जा)
2. ऊ साथीहरूसित वनभोज ____। (खा)
3. नभए बाबाले के _____? (भन्)
4. मै आफै सरहरूलाई _____। (भेट्)
5. उनीहरूले वनभोजका लागि सय रूपियाँ _____। (ले)

III Complete the sentences using the appropriate words.

1. हाम्रो स्कूलबाट वनभोज _____ आइतबार जाँदै छन् ?

2. वनभोज जाने कुरा बाबालाई _____।
3. तेरो बाबा _____ काममा हुनुहुन्छ।
4. उसका स्कूलका सबै _____।
5. ऊ साथीहरूसँगै _____।

IV Expand the following sentences using at least three words each.

1. हामी वनभोज जाँदै छौं।
2. सरहरू पनि जानुहुन्छ।
3. ऊ रमाओस्।
4. पुग्छ होला।
5. राम्ररी गएस्।

V Transform the following affirmative sentences into their corresponding negatives.

1. सबै कुरा बाबालाई सोध्नुपर्छ।
2. उसका स्कूलबाट सबै जान्छन् अरे।
3. तैले पहिला बाबालाई सोधेस्।
4. तपाईंलाई पाँच सयले पुग्छ होला।
5. ऊ भोलि स्कूल नै जाओस्।

VI Rewrite as directed

1. गुरुआमा पनि हामीसँग जानुहुन्छ। (Change into interrogative).
2. तिमीले पहिला साथीहरूलाई सोधनुपर्छ। (Change into negative).
3. सबै कुरा बाबालाई सोध्नु पर्दैन। (Change into affirmative).
4. सरसँग नराम्रो कुरा चाहिँ नसोध्नु होला। (Change into affirmative).
5. बाबाले जा भन्नुहुन्छ। (Change into negative).
6. तिमीले सरलाई सोध्नुपर्छ। (Change the subject into first person).
7. ऊ त्यहाँ जान पाउँदिन होला। (Give three responses using interrogative words).
8. म पनि तिमीसित जान्छु होला। (Change into plural).
9. उसले वनभोज जाने कुरा आफै सोध्छ होला। (Change into masculine gender).
10. साथीहरूले मसँग कति पैसा लेलान् ? (Change into statement).

VII Tick (✓) the correct statements and correct the wrong statements with reference to the dialogue.

1. अस्मिता र उसकी दिदी सल्लाह गर्दै छन्।
2. अस्मिताका बाबा घरभित्र हुनुहुन्छ।
3. आमाले बाबालाई सोध्नुपर्छ किनभने उहाँ घरको शिक्षक हुनुहुन्छ।
4. अनुहरूकी बहिनी वनभोज जान्छे अरे।
5. अस्मिताका दुईजना सर र दशजना गुरुआमा जानुहुन्छ।

शब्दावली VOCABULARY

वनभोज	picnic	सल्लाह	advice, discussion
तै पनि	even then, still, yet	बरू	rather
नभए	otherwise	घरका मूली	head of the family
बारि	field, backyard	साँच्चै	really
सोध्नु	to ask	पर्खि	(you)wait (2nd per.sing.non-hon)
सोध्लिस्	(you) may ask (sing.non-hon.fem)		
पर्खिनु	wait		
सोचौंला	(we) may think	सोधौंला	(we) may ask
अरे	as stated (hearsay)	लेलान्	may take (3rd per.mid.hon./pl.)
न छोडेस्	don't leave	जाओस्	let (him/her) go
पुग्ला	may meet (the expense) may reach (3rd per.nonhon.)		
गएस्	(You) may go (2nd per. sing. nonhon. imperative)		

टिप्पणी NOTES

4.20.1. Sentences with verbs seeking/giving permission and expressing wish/option are introduced. Also found are the verbs indicating future probability. e.g.

म पनि जाऊँ ?	May I also go ? (1st person sing. com.gend)
हामी पनि जाऔं ?	May we also go ? (1st person pl.com.gend.)
तँ सोध्लिस्।	You may ask. (2nd person sing non hon fem)
अस्मिता जाओस्।	Let Asmita go. (3nd person sing non hon mas/fem)
अस्मिता र उसका साथीहरू जाऊन्।	Let Asmita and her friend go. (3rd per pl. non hon com gend)

4.20.2. To seek permission/option the suffix -ऊँ is added to the verb root to indicate first person sing masculine/feminine and the suffix -औं is added to indicate the first person plural masculine/feminine. e.g.

आ + ऊँ	म आऊँ ?/म आऊँ ।	May I come ?/Let me come.
आ + औं	हामी आऔं ?/ हामी आऔं।	May we come ?/ Let us come.
	म जाऊँ ?/म जाऊँ।	May I go ? /Let me go.
	हामी जाऔं ?/हामी जाऔं।	May we go ? /Let us go.
	म सोचूँ ?/म सोचूँ।	May I think ? / Let me think.
	हामी सोचौं ? हामी सोचौं।	May we think ? / Let us think.

4.20.3. The verb forms of probability mood can also be used to give permission / /direction / suggestion etc. to the listener in the following way.

For second person sing non honorific feminine, the suffix -लिस् is added to the verb root.

तँ सोधलिस्।	You may ask.
तँ जालिस्।	You may go.

For second person sing middle honorific feminine, the suffix -औली is added.

तिमी सोधौली। You may ask.

तिमी जाऔली। You may go.

For second person sing / plural middle hon. masc., the suffix -औला is added.

तिमी सोधौला। You may ask.

तिमी जाऔला। You may go.

For second per. sing/ plural high hon. masc./ fem., the suffix -नुहोला is added.

तपाईं सोध्नुहोला। You may please ask.

तपाईंहरू सोध्नुहोला। You may please ask. (Pl.)

4.20.4. Following verb forms indicate probability mood

	Sing	Plural
1st person	गरुँला (गर् + उँ + ला)	गरौंला (गर् + औं + ला)
2nd person	गर्लास् (गर् + ला + स)	गरौंला (गर् + औ + ला)
3rd person	गर्ला (गर् + ला)	गर्लान् (गर् + ला + न्)

4.20.5. Note the verb paradigm in the optative / permissive mood.

	Singular		Plural	
1st per.	म गरूँ (गर् + ऊँ)	May I do ?	हामी गरौं (गर् + औं)	May we do ?
2nd per.	तैंले गरेस् (गर् + एस्)	You may do.	तिमीहरूले गरे (गर्+ए)	You may do.
3rd per.	उसले गरोस् (गर् + ओस्)	He may do.	उनीहरूले गरून् (गर+ऊन्)	They may do.

Giving permission/ option/ direction/ suggestion etc. to the third person is indicated in the following way.

For third person masc./ fem. sing non hon. the suffix -ओस and for middle hon -ऊन् is added.

ऊ जाओस्। Let him/her go.

अस्मिता रमाओस्। Let Asmita enjoy.

रमेश रमाओस्। Let Ramesh enjoy.

उनी जाऊन्। He/She may go. (Let him/her go.) (3rd per.sing.mid.hon.com.gen)

तिनी उनीहरू जाऊन्। They may go. (Let them go.) (3rd per.pl.mid.hon.com.gen)

4.20.6. Now look at the paradigm for permissive / optative / probability forms.

म लेखूँ।	म लेखूँ ?	May I write ?/ Let me write.
हामी लेखौं।	हामी लेखौं ?	May we write ?/ Let us write.
तँ लेख्लिस्		You may write. (2nd per. sing non hon. fem.)
तँ लेख्लास्		You may write. (2nd per. sing non hon. masc.)
तिमी लेखौला		You may write (2nd per. sing middle hon. masc.)
तिमी लेखौली		You may write. (2nd per. sing middle hon. fem.)
तपाईं लेख्नु होला		You may write. (2nd per. sing high hon. masc./ fem.)
तपाईंहरू लेख्नु होला		You may write. (2nd per. plural high hon. masc./ fem.)

ऊ लेखोस्	He/She may write/ Let him/her write. (3rd per. sing non hon. masc./ fem.)
उनी लेखून्	He/She may write/ Let him/her write. (3rd per. sing high/mid. hon. masc./ fem.)
उनीहरू लेखून्	They may write./ Let them write. (3rd per. pl. high/ mid. hon. masc./ fem.)

4.20.7. Look at the probability sentences introduced in this lesson.

म आफै सरहरूलाई सोधूँला	I myself may meet the teachers.
नभए बाबाले के भन्नुहुन्छ होला ?	Otherwise what will your father say ?
पुग्छ होला ।	It may meet.
पैसा कति लेलान् ?	How much they may take ?
एक सयजति लेलान् ।	(They) may take about hundred rupees.
म सभामा आऊँला ।	I may come in the meeting.
हामी सभामा आऔंला ।	We may come in the meeting. (1st per. pl. masc./ fem.)
तँ सभामा आउलास्।	You may come in the meeting. (2nd per. sing non hon. masc.)
तँ सभामा आउलिस्।	You may come in the meeting. (2nd per. sing non hon. fem.)
तपाईं/तपाईंहरू सभामा आउनु होला।	You may come in the meeting. (2nd per. Sing / plural high hon. masc./fem.)
ऊ सभामा आउला ।	He may come in the meeting. (2nd per. sing non hon. masc.)
ऊ सभामा आउला ।	She may come in the meeting. (3rd per. sing non hon. fem.)
उनी सभामा आउलान्।	He may come for the meeting. (3rd per. sing middle hon. masc.)
उनी सभामा आउलान्।	She may come for the meeting. (3rd per. sing middle hon. fem.)
उनीहरू सभामा आउलान् ।	They may come for the meeting. (3rd per. plural middle hon. masc. fem.)
उहाँ / उहाँहरू सभामा आउनु होला	He/She/They may come for the meeting. (3rd per./ sing I plural high hon. masc./ fem.)

4.20.8. The high hon. forms of the verbs are historically recent. Therefore, even the God and Goddesses are referred to with middle honorific. forms of verb. e.g.

भगवानले हाम्रो रक्षा गरून्।	May God save us.
ईश्वरले तिम्रो कल्याण गरून् ।	May God bless you.
मा देवीले तिम्रो इच्छा पूरा गरिदिऊन् ।	May Mother Goddess fulfill your wish.

एकाइँ ४
Unit 4

पाठ - २१
Lesson - 21

पुरानो गाउँको खबर
Old Village news

संवाद DIALOGUE

कमल	: पीताम्बर,तँ निकै दिन थिइनस्। के काम थियो त्यस्तो ?	Kamal : Pitambar, you were not here for the past so many days. What work did you have ? (in which work were you busy)
पीताम्बर	: खास काम त केही थिएन तर पुरानो गाउँतिर गएँ।	Pitambar : (I) didn't have any particular work. But I went to the old village.
कमल	: के रहेछ त गाउँतिरको खबर?	Kamal : What are the village news ?
पीताम्बर	: खबर त ठीकै रहेछ। त्यतिखेर क्लबको वार्षिक सभा रहेछ। म पनि भूतपूर्व सचिव हुँ। मलाई पनि बोल्न दिए।	Pitambar : Everything is alright. At that time the annual meeting of the village Club was going on. I am also an ex-secretary of the club. They let me speak too.
कमल	: तेरो पुरानो गाउँमा के चाहिँ परिवर्तन भएछ ?	Kamal : Are there any changes in your old village?
पीताम्बर	: अँ, केही परिवर्तन त भएछ। अचेल प्रायः सबै घरमा कलेजका छात्रछात्रा रहेछन्। गाउँ घरको परिवेश नराम्रो रहेनछ।	Pitambar : Yes, some changes have come. Most of the houses have college students. The environment of the village was not ugly.
कमल	: अचेल हाम्रो गाउँमा पनि ठीकै छ। तर छिमेकी गाउँमा चाहिँ आपसमा खुबै झगडा भएछ।	Kamal : Now-a-days the (situation) of our village is also alright. But in the neighbouring village there was a lot of quarrels among them.
पीताम्बर	: त्यहाँका मानिस त शिक्षित छन्। तापनि फाटो हुन थालेछ। त्यस्तै रहेछ। समाजका केही मानिस चाहिँ त्यस्तै हुन दिन्छन्। उनीहरू पनि त्यस्तै चाहन्छन्।	Pitambar : There the people are educated. Even then bitter feelings exist among them. It remained the same. Some people of the society let it remain like that. They want it like that.

कमल : अचेल म एउटा कुरा सोच्दै छु। शिक्षित मानिसमा खुबै धैर्य चाहिँदो रहेछ। कठोर परिश्रम र संयम नै समाज़को उन्नति र शान्तिको उपाय रहेछ।

Kamal : Now a-days I am thinking about one thing. Educated persons should be very patient. Hard work and self control are the means for progress and the peace of the society.

पीताम्बर: तेरो पनि विश्लेषण क्षमता बढेछ। अब, तँ चाहिँ धैर्यशील र संयमी हुनू। समाजमा तँ जस्तो मानिसको खाँचो छ।

Pitambar : I find that your analysing ability has increased. Now be a man of self-control and boldness. Society needs people like you.

कमल : नजिस्की न। हामी सबै शिक्षितहरू धैर्यशील र संयमी बन्नुपर्छ। यो समाजको अपेक्षा र आकाङ्क्षा पनि यही रहेछ ।

Kamal : Don't tease me. All of us who are educated should be self-controlled. This is the hope and expectation of the society.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

a.1. के रहेछ गाउँतिरको खबर ?
2. खबर त ठीकै रहेछ।
3. त्यतिखेर क्लबको वार्षिक सभा रहेछ।
4. शिक्षित मानिसमा खुबै धैर्य चाहिँदो रहेछ।
5. कठोर परिश्रम र संयम नै समाजको उन्नति र शान्तिको उपाय रहेछ।
6. यो समाजको अपेक्षा रहेछ।

b.1. अँ, केही परिवर्तन त भएछ।
2. छिमेकी गाउँमा चाहिँ झगड़ा भएछ।
3. तैपनि फाटो हुन थालेछ।
4. तेरो पनि विश्लेषण क्षमता बढेछ।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

रहेछ।
ठीकै
ठीकै रहेछ।
खबर
खबर ठीकै रहेछ।
गाउँको

गाउँको खबर ठीकै रहेछ।
हाम्रो
हाम्रो गाउँको खबर ठीकै रहेछ।

1. भएछ।
परिवर्तन भएछ।
केही परिवर्तन भएछ।
गाउँमा केही परिवर्तन भएछ।
हाम्रो गाउँमा केही परिवर्तन भएछ।
अचेल हाम्रो गाउँमा केही परिवर्तन भएछ।

2. रहेछन्।
छात्र-छात्रा रहेछन्।
घरमा छात्र-छात्रा रहेछन्।
प्रत्येक घरमा छात्र-छात्रा रहेछन्।
अचेल प्रत्येक घरमा छात्र-छात्रा रहेछन्।

3. रहेनछ।
नराम्रो रहेनछ।
परिवेश नराम्रो रहेनछ।
गाउँको परिवेश नराम्रो रहेनछ।
गाउँ-घरको परिवेश नराम्रो रहेनछ।
हाम्रो गाउँ-घरको परिवेश नराम्रो रहेनछ।

4. थालेछ।
हुन थालेछ।
फाटो हुन थालेछ।
गाउँमा फाटो हुन थालेछ।
छिमेकी गाउँमा फाटो हुन थालेछ।

5. रहेछ।
उपाय रहेछ।
शान्तिको उपाय रहेछ।
उन्नति र शान्तिको उपाय रहेछ।
समाजको उन्नति र शान्तिको उपाय रहेछ।
संयम नै समाजको उन्नति र शान्तिको उपाय रहेछ।
परिश्रम र संयम नै समाजको उन्नति र शान्तिको उपाय रहेछ।
कठोर परिश्रम र संयम नै समाजको उन्नति र शान्तिको उपाय रहेछ।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model म एउटा कुरा सोच्दै छु।
भन्दै छु।
म एउटा कुरा भन्दै छु।

1. गाउँको खबर के रहेछ ?
   घरको
   बाबाको
   दिदीको
   स्कूलको
   केन्द्रको

2. तिमीमा केही परिवर्तन भएछ।
   धेरै
   निक्कै
   थोरै

3. गाउँमा फाटो हुन थालेछ।
   काम
   रमाइलो
   दुःख
   कष्ट

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. गाउँको खबर राम्रो रहेछ।
गाउँको खबर नराम्रो रहेनछ।

1. त्यतिखेर गाउँमा सभा रहेछ।
2. यो घर त राम्रो रहेछ।
3. उसको नोकर मेरो गाउँको घरमा रहेछ।
4. मसित एक सय रूपियाँ मात्र रहेछ।
5. भाषा संस्थानमा सबै सुविधा रहेछ।

नमूना Model b. छिमेकी गाउँमा झगडा भएछ।
छिमेकी गाउँमा झगडा भएनछ।

1. मेरो सबै काम भएछ।
2. मेरी बहिनीको रिजल्ट राम्रो भएछ।

3. यहाँ त धेरै परिवर्तन भएछ।
4. तपाईंकी छोरीको जागिर भएछ।
5. पीताम्बर कलेजको अध्यक्ष भएछ।

V. पुनःकथन अभ्यास Restatement Drill

नमूना Model गाउँको खबर नराम्रो रहेनछ।
गाउँको खबर राम्रो रहेछ।

1. तपाईंको घर नराम्रो रहेनछ।
2. उसको गाउँ नराम्रो रहेनछ।
3. थुक्पा नराम्रो रहेनछ।
4. यो ओखती नराम्रो रहेनछ।
5. त्यहाँको अस्पताल नराम्रो रहेनछ।

VI. प्रतिवचन अभ्यास Response Drill

नमूना Model गाउँको खबर त ठीकै रहेछ।
a. साँच्चै, हो ?
b. छैन होला, म त अरू थोकै सुन्दै छु।

1. त्यहाँका मानिस राम्रा रहेछन्।
2. गाउँमा झगड़ा हुन थालेछ।
3. यहाँ त परिवर्तन भएछ।
4. उहाँ एउटा ठूलो मूर्ति रहेछ।
5. पोखरीमा राम्रा फूल रहेछन्।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. पीताम्बर तँ निक्कै _____ थिइनस्। (दिन्, दिन, दिउँसो)
2. गाउँतिरको _____ के रहेछ ? (झगडा, छिमेकी, खबर)
3. त्यतिखेर _____ सभा रहेछ। (दिनहुँ, वार्षिक, साता)
4. गाउँको _____ नराम्रो रहेनछ। (परिवेश, मानिस, पुरानो)
5. अचेल _____ गाउँमा परिवर्तन भएछ। (हामी, हाम्रो, हाम्रा)
6. उहाँ त _____ हुन थालेछ। (फाटो, समाज, गाउँ)
7. यो समाजको _____ रहेछ। (अपेक्षा, शुभकामना, धैर्य)
8. यो त _____ रोग रहेछ। (नराम्रो, सुई, ओखती)
9. सभामा मलाई पनि _____ दिए। (सचिव, बोल्न, चाहिं)
10. उनीहरू पनि त्यस्तै _____। (चाहन्छन्, छस्, छौ)

II Complete the sentences using the appropriate forms of the roots given.

1. पुरानो गाउँको खबर कस्तो _____ ? (रह्)
2. तपाईंको स्कूलको रिजल्ट के _____ ? (हुँ)
3. मलाई पनि सभामा बोल्न _____। (दि)
4. सबै मानिस त्यस्तै हुन _____। (दि)
5. उनीहरू पनि त्यस्तै नै _____। (चाह्)

III Complete the sentences using the appropriate words.

1. म पनि ___ सचिव हुँ।
2. तेरो पुरानो गाउँमा ___ के रहेछ ?
3. अचेल _____ सबै घरमा विद्यार्थी रहेछन्।
4. तिमी चाहिँ __ र ___ हुनू।
5. समाजमा तपाईं जस्तो मानिसको _____ छ।

IV Underline the word in each group which does not belong to it.

1. दाजू, भाउजू, काका, काकी, भाइ, किताब, बहिनी
2. जा, आइज, मन, पढनुहोस्, सोध्, दे, पढ
3. किताब, कोष, कथा, कविता, वार्षिक, अभ्यास, पाठ

V Rearrange the words and make sentences.

1. छन्, शिक्षित त, मानिस, त्यहाँका
2. दिन्छन्, त्यस्तै, हुन, मानिस, केही, समाजका
3. सभामा, दिए, बोल्न, पनि, मलाई
4. बन्नु पर्छ, संयमी, र, शिक्षित, हरू, सबै, हामी, धैर्यशील
5. पनि, तेरो, क्षमता, विश्लेषण, बढेछ
6. परिश्रम, कठोर, र, संयम, समाजको, नै, शान्तिको, र, उन्नति, रहेछ, उपाय
7. छ, खाँचो, समाजमा, जस्तो, तँ, मानिसको
8. पर्छ, बाबालाई, यो, सोध्नु, कुरो
9. रहेछ, भाषा, केन्द्र, गुवाहाटीमा, असमको
10. कार्यालय, प्रधान, मैसुरमा, भारतीय, संस्थानको, भाषा, छ

शब्दावली VOCABULARY

पुरानो	old	गाउँ	village
खबर	news	वार्षिक सभा	annual meeting
भूतपूर्व सचिव	ex-secretary	परिवर्तन	change
परिवेश	environment	छिमेकी	neighbouring
आपस	each other	झगडा	quarrel
शिक्षित	literate, educated	फाटो	separation
धैर्य	patience	कठोर	hard

परिश्रम	labour	संयम	(self) control
समाज	society	उन्नति	progress
शान्ति	peace	उपाय	way, means
विश्लेषण	analyze	क्षमता	ability
धैर्यशील	patient	अपेक्षा	anticipation, expectation

टिप्पणी NOTES

4.21.1. The sentences with verb forms indicating **hither to unknown past** are introduced. e.g.

खबर त ठीकै रहेछ।	News was alright.
यतिखेर क्लाबको वार्षिक सभा रहेछ।	At that time the annual function of the club was there.
गाउँको परिवेश नराम्रो रहेनछ ।	The environment of the village was not ugly.
छिमेकी गाउँमा चाहिँ आपसमा झगडा भएछ ।	In the neighbouring villages there was infighting.

It may be noted that such a verb construction is peculiar in Nepali language. It is also called as inferential or evidential mood / aspect of the verb.

It is formed by the addition of the suffix **-ए** in between verb root and **-छ** verb as per person, number, gender markers.

Look at the paradigm.

तपाईंको प्रगति भएछ ।	(Now) I notice(d) your progress.
तिम्रो प्रगति भएछ ।	(Now) I notice(d) your progress.
तेरो प्रगति भएछ ।	(Now) I notice(d) your progress.
ऊ घर गएछ ।	(Now) I notice(d) he went home.
तिमीले खाना खाएछौ ।	(Now) I notice(d) his/her progress.
बूढ़ो पोहोरै मरेछ ।	(Now) I notice(d) the old man died last year.
नानीहरूले ऐना फुटाएछन् ।	(Now) I notice(d) the children broke the glass panes.

Above constructions indicate that the speaker had not experienced the action of the verb stated but is experiencing it at the moment of stating. For example in the first sentence the speaker has not known about the second person's progress so far but at the time of speaking he has noticed it.

4.21.2 Notice the use of double negative to mean emphatic positive/ affirmative

गाउँको परिवेश नराम्रो रहेनछ। The environment of the village (did not remain unclean) was not bad.

4.21.3. The sense of letting/ permitting in the following sentences from the lesson may be noticed.

Note the structure : verb root (1)+ न verb root(2) + ending

मलाई पनि बोल्न दिए।	They let me also speak
समाजका केही मानिस त्यस्तै हुन दिन्छन्।	Some people of the society let it remain like that.

Similar constructions can be used to give actual permission as shown in the following sentences.

उसलाई जान दे ।	Let him/her go. (3rd per sing non hon masc/fem)
उहाँलाई जान दिनुहोस्।	Let her/him go. (3rd per sing high hon masc/fem)
उनलाई त्यो विषय हेर्न देऊ।	Let her/him look into that matter. (3rd per sing/ mid hon/ masc/fem)

To indicate the idea of giving permission, appropriate forms of दे verb root is added to the infinitive form of the required verb

जा + न + (दे + 0)	=	जान दे	Let him go.
जा + न + (दे + नुहोस्)	=	जान दिनुहोस्	Let him go.
जा + न + (दे + ऊ)	=	जान देऊ	Let them go.

एकाइँ ४ Unit 4

पाठ - २२ Lesson - 22

जीवन चक्र
Life Cycle

संवाद DIALOGUE

पुष्प : हरि, तिमी पाँच वर्षअघि कहाँ थियौ ? के गर्दै थियौ ? त्यसबेला पनि काम गर्दै थियौ ?

Pushpa : Hari, Where were you five years ago ? What were you working ? Were you working even during that time ?

हरि : अहँ। म पाँच वर्षअघि काम गर्दै थिइनँ। म दरङ कलेजमा पढ्दै थिएँ। म बी.एस.सी पढ्दै थिएँ। अनि तिमी चाहिँ ?

Hari : No, I was not working five years ago. I was studying in Darrang College. I was studying in B.Sc. And you?

पुष्प : म कटन कलेजमा बी.ए पढ्दै थिएँ। अर्थात् त्यस बेला हामी दुवैजना कलेजमा पढ्दै रहेछौं। होइन र ?

Pushpa : I was studying in B.A. in Cotton College. That means both of us were studying in the college. Weren't we ?

हरि : अँ त। हामी पढ्दै रहेछौं। अहिले यो क्षेत्रीय भाषा केन्द्रमा छौं। आघौं आ-आफ्नो स्कूलमा काम गर्दै हुने छौं। हामी यहाँ पढ्दै हुने छैनौं। यही त हो जीवनचक्र।

Hari : Yes, we were studying. Now we are in this Regional Language Centre. Next year we will be working in our respective schools. We will not be studying here. This is the life cycle.

पुष्प : साँच्चि, अब तिम्रा परिवारको बारे केही सुनाऊ। तिम्रा भाइ-बहिनी कति छन् ? के के गर्दै छन् ?

Pushpa : Oh ! Now tell me something about your family. How many brothers and sisters do you have ? What are they doing?

हरि : मेरी एउटी बहिनी छे। उसको नाम सविता हो । एउटा भाइ छ। उसलाई हामी सुभाष भन्छौं। पोहोरसम्म उनीहरू दुवेजना एउटै कलेजमा पढ्दै थिए। भाइले चाहिँ पोहोर बी.ए. पास गर्‌यो। अहिले

Hari : I have an younger sister. Her name is Sabita. (I have) one younger brother. We call him Subhash. Till last year they were studying in the same college. The younger brother passed B.A. examination last year.

ऊ गुवाहाटी विश्वविद्यालयमा अङ्ग्रेजी एम.ए. पढ्दै छ। सविताले पनि बी.एस.सी. पास गरी। ऊ पनि त्यहीं पढ्दै थिई। सानैदेखिको उसको डाक्टर बन्ने रहर छ। सायद आघौंदेखि ऊ गुवाहाटीको मेडिकल कलेजमा पढदै हुन्छे। ऊ राम्रो डाक्टर बन्छे। मैले मेरा भाइ-बहिनीबारे भनें। अब तिम्रो पालो।

Now he is studying for M.A. in English in Guahati University. Sabita also passed the B.Sc. course. She was also studying in the same college. She has desire since her childhood to become a doctor. Perhaps from next year she will be studying in Guwahati Medical College. She will be a good doctor. I have talked about my brothers and sisters. Now it is your turn.

पुष्प : मेरा त भाइ-बहिनी छैनन्। मेरा दाजु र दिदी हुनुहुन्छ। म त घरको कान्छो छोरो हुँ। मेरा दाजु प्रोजेक्टमा परहारसम्म विदेशमा पढ्दै हुनुहुन्थ्यो। पोहोर एउटा प्रोजेक्टमा हुनुहुन्थ्यो। अनि अहिलेसम्म पनि त्यहीं हुनुहुन्छ। तर आउँदो हप्तादेखि चाहिं कलेजमा काम गर्दै हुनु हुनेछ। हिजो नियुक्ति पत्र आएछ।

Pushpa : I have no younger brother and younger sister. But (I) have an elder brother and an elder sister. I am the youngest in the family. My elder brother was also studying till last year. Last year (he) was in a project. Even now he is working there. But from next week onwards he will be working in a college. The appointment letter came yesterday.

हरि : अनि दिदी ?

Hari : And elder sister ?

पुष्प : दिदी त तेजपुर विश्वविद्यालयमा पुस्तकालय विज्ञान पढदै हुनुहुन्थ्यो। त्यहीं जागिर पनि पाउनुभयो।

Pushpa : Elder sister was studying for Library Science in Tezpur University. Last year (she) got a job there itself.

हरि : त्यसो भए तिम्रा त दुई जना दाजु- दिदी नै जागिरे रहेछन्।

Hari : That means your elder brother and elder sister both are in jobs.

पुष्प : अँ, यो उहाँहरूको परिश्रमको फल हो। जाऊँ अब । चिया खाऔं ।

Pushpa : Yes. It is the result of their hard work. Let us go. Let us have tea.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Dill

1. म कटन कलेजमा पढ्दै थिएँ।
2. त्यसबेला हामी दुवैजना कलेजमा पढ्दै रहेछौं।
3. पोहोरसम्म उनीहरू दुवैजना एउटै कलेजमा पढ्दै थिए।
4. सविता पनि त्यहीं पढदै थिई।
5. आघौंदेखि ऊ गुवाहाटीको मेडिकल कलेजमा पढ्दै हुनेछे।
6. मेरा दाजु पोहोरसम्म पढ्दै हुनुहन्थ्यो।
7. आउँदो हप्तादेखि चाहिँ कलेजमा काम गर्दै हुनु हुनेछ।
8. आघौं हामी आफ्नो स्कूलमा काम गर्दै हुने छौं।
9. तिमी पाँच वर्षअघि के गर्दै थियौ ?
10. हामी यहाँ पढ्दै हुने छैनौं।
11. म पाँच वर्षअघि काम गर्दै थिइनँ।
12. त्यसो-भए तपाईं दरङ कलेजमा काम गर्दै हुनु हुन्नथ्यो।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

थिएँ।
पढ्दै
पढ्दै थिएँ।
बी.ए.
बी.ए.पढ्दै थिएँ।
कलेजमा
कलेजमा बी.ए. पढ्दै थिएँ।
कटन
कटन कलेजमा बी.ए. पढ्दै थिएँ।
म
म कटन कलेजमा बी.ए.पढ्दै थिएँ।

1. थिएँ।
   पढ्दै थिएँ।
   गुवाहाटीमा म पढदै थिएँ।
   म गुवाहाटीमा म पढ्दै थिएँ।
   त्यसबेला म गुवाहाटी म पढदै थिएँ।
2. रहेछौ।
   बस्ता रहेछौ।
   होस्टलमा बस्ता रहेछौ।
   दुवै जना होस्टलमा बस्ता रहेछौ।
   तिमी दुवै जना होस्टलमा बस्ता रहेछौ।
3. थिई।
   पढ्दै थिई।
   डाक्टर पढ्दै थिई।
   सबिता पनि डाक्टर पढ्दै थिई।
   त्यसबेला सबिता पनि डाक्टर पढ्दै थिई।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model a.

हामी त्यसबेला काम गर्दै थियौं।
दुई वर्ष अघि
हामी दुई वर्ष अघि काम गर्दै थियौं।

1. हामी उसबेला कलेज पढ्दै थियौं।
2. पोहोरसम्म
3. दुई वर्ष अघि
4. अस्तिसम्म
5. हिजोसम्म

नमूना Model b.

म भोलि यस बेला पढदै हुनेछु।
लेख्दै
म भोलि यस बेला लेख्दै हुनेछु।

1. म पर्सि यस बेला डुल्दै हुनेछु।
2. घुम्दै
3. आउँदै
4. जाँदै
5. हाँस्दै

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model

म पढ्दै थिएँ।
कलेजमा
म कलेजमा पढ्दै थिएँ।
कटन
म कटन कलेजमा पढ्दै थिएँ।
त्यसबेला
त्यसबेला म कटन कलेजमा पढ्दै थिएँ।

1. म काम गर्दै थिएँ।
   म घरमा काम गर्दै थिएँ।
   म आफ्नै घरमा काम गर्दै थिएँ।
   म पोहोरसम्म आफ्नै घरमा काम गर्दै थिएँ।
2. तिमी लेख्दै रहेछौ।
   तिमी परीक्षामा लेख्दै रहेछौ।
   तिमी दुवैजना परीक्षामा लेख्दै रहेछौ।
   तिमी त्यसबेला दुवैजना परीक्षामा लेख्दै रहेछौ।

3. सविताले पाएकी थिई।
   सविताले नियुक्तिपत्र पाएकी थिई।
   सविताले कलेजमा नियुक्तपत्र पाएकी थिई।
   सविताले गुवाहाटी कलेजमा नियुक्तिपत्र पाएकी थिई।
   पोहोर सबिताले गुवाहाटी कलेजमा नियुक्ति पत्र पाएकी थिई।

4. हामी काम गर्दै हुनेछौं।
   हामी स्कूलमा काम गर्दै हुनेछौं।
   हामी आ-आफनो स्कूलमा काम गर्दै हुनेछौं।
   हामी आघौं आ-आफ्नो स्कूलमा काम गर्दै हुनेछौं।

5. तपाईं गीत गाउँदै हुनु हुनेछ।
   तपाईं कलेजमा गीत गाउँदै हुनु हुनेछ।
   तपाईं आउँदो हप्ता कलेजमा गीत गाउँदै हुन हुनेछ।
   तपाईं आउँदो हप्ता कलेजमा गीत गाउँदै हुनु हुनेछ।

6. तिमी हुनेछौ।
   तिमी यहीं बस्तै हुनेछौ।
   तिमी पनि यहीं बस्तै हुनेछौ।
   आउँदो वर्ष तिमी पनि यहीं बस्तै हुनेछौ।
   हामीसँग आउँदो वर्ष तिमी पनि यहीं बस्तै हुनेछौ।

7. ऊ जाँदै हुनेछे।
   ऊ मेडिकल कलेज जाँदै हुनेछे।
   ऊ यतिखेर मेडिकल कलेज जाँदै हुनेछे।
   आघौं ऊ यतिखेर मेडिकल कलेज जाँदै हुनेछे।

V. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. ऊ पनि मेडिकल कलेज पढ्दै थियो।
ऊ पनि मेडिकल कलेज पढ्दै थिई।

1. उसको भतिजो तेजपुर विश्वविद्यालयमा पढ्दै थियो।
2. मेरो साथी पनि अस्ति पुस्तकालय जाँदै थियो।
3. ऊ पोहोरसम्म साथीसँग बस्तै थियो।
4. ऊ पनि हिजोसम्म त भाषा केन्द्र आउँदै थियो।
5. उसको भाइ पनि अस्तिसम्म त कार्यालय जाँदै थियो।

नमूना Model b. मेरी बहिनी एम.एस.सी पढ्दै हुन्छे।
मेरो भाइ एम.एस.सी पढ्दै हुन्छ।

1. मेरी सानी बहिनी आघौं दश कक्षामा पढ्दै हुन्छे।

2. मेरी बहिनी पढन कोसिस गर्दै हुन्छे।
3. उनकी छोरी पनि तिमीसँगै कलेज जाँदै हुन्छे।
4. उसकी बहिनी आगौंदेखि मेडिकल कलेज पढ्दै हुन्छे।
5. भतिजी चाहिँ क्रिकेट टिममा खेल्दै हुन्छे।

VI. प्रतिवचन अभ्यास Response Drill

नमूना Model a. पोहोरसम्म उहाँहरू कहाँ हुनुहुन्थ्यो ?
1. कुन्नि ?
2. ए, उहाँहरू कलेजमा हुनुहुन्थ्यो।
3. उहाँहरूलाई नै सोध्नुहोस्।

1. सविताको रहर के थियो ?
2. हरिका भाइ-बहिनी के गर्दै थिए ?
3. तपाईं पोहोर यसबेला के गर्दै हुनु हुन्थ्यो ?
4. अनि तपाईंका विद्यार्थीहरू के गर्दै थिए ?
5. उनीहरू कतिको परिश्रम गर्दै थिए ?

नमूना Model b. तपाईं एक वर्षपछि के गर्दै हुनु हुनेछ ?
1. कुन्नि, थाहा छैन।
2. स्कूलमै हुनेछु होला।

1. तपाईं आघौं आफ्नो स्कूलमा यसबेला के गर्दै हुनु हुनेछ ?
2. उहाँ एक हप्तापछि कलेजमा के गर्दै हुनु हुनेछ ?
3. तिमी दश दिन पछि रेलमा जाँदै हुनेछौ ?
4. तिमी भोलि दश बजे कहाँ जाँदै हुनेछौ ?
5. हामी भोलि यतिखेर रेलमा जाँदै हुनेछौं ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.
1. पाँचवर्ष अघि म कटन कलेज _____ थिएँ। (जानेछ, खाने, जाँदै)
2. तपाईं _____ सम्म यहीं हुनुहुन्थ्यो। (अहिले, आघौं, पोहोर)
3. अहिले तपाईं भाषा केन्द्रमा _____। (छौ, हुनुहुन्छ, छौं)
4. मेरो भाइ _____ कलेजमा पढदै थियो। (आघौं, पोहार, अहिले)
5. आउँदो सप्ताहदेखि तिमी काम गर्दै _____। (हुनेछौ, हुन्छ, थयौ)

II Complete the sentences using the appropriate words.
1. अहिले म यो क्षेत्रीय भाषा _____ छु।
2. हामी ___आ-आफ्नो स्कूलमा हुने छौं।
3. तिमी _____ कलेजमा पढ्दै थियौ।
4. सानैदेखि उसको डाक्टर बन्ने _____ छ।

III Convert the following sentences into their respective masculine gender forms.

1. मेरी बहिनी कलेज पढ्दै हुन्छे।
2. बहिनी पढन कोसिस गर्दै हुन्छे।
3. उसकी छोरी आघौंदेखि मेडिकल पढ्दै हुन्छे।
4. मेरी साथी तेजपुर विश्वविद्यालयमा पढ्दै थिई।
5. मेरी गुरुआमा पोहोरसम्म त आउँदै हुनुहुन्थ्यो।

IV Re-write as directed.

1. म कटन कलेजमा पढ्दै थिएँ। (Change into future continuous)
2. मेरी बहिनी पनि त्यही पढ्दै थिई। (Change into plural forms)
3. तिमी आघौं आफ्नो स्कूलमा हुनेछौं। (Change into negative)
4. के आघौं पनि हामी यहीं पढ्दै हुनेछौ ? (Change into negative)
5. उनीहरू पोहोरसम्म आफ्नो घरमा काम गर्दै थिए। (Change into singular)

V Expand the following sentences using at least three words for each.

1. म काम गर्दै हुनेछु।
2. छोरी पढ्दै हुनेछे।
3. तपाईं यहीं हुनुहुन्थ्यो।
4. तिमी जाँदै थियौ।
5. हामी त्यहीं लेख्दै हुनेछौं।

VI Answer the following questions with the reference to the dialogue of the lesson.

1. हरि कहिले दरङ कलेज पढदै थिए ?
2. अहिले को-को भाषा केन्द्रमा छन् ?
3. आघौं हामी कहाँ हुने छैनौं ?
4. कसका दुई जना भाइबहिनी छन् ?
5. पुष्प घरको कुन छोरो हो ?

शब्दावली VOCABULARY

जीवन-चक्र	life cycle	आघौं	next year, coming year
परिवार	family	पोहोर (साल)	last year
रहर	desire	कान्छो	youngest boy/man
नियुक्ति-पत्र	appointment letter	पुस्तकालय	library
विज्ञान	science	फल	fruit, result
अर्थात्	that is, or	आफ्नो-आफ्नो	own, respective
अङ्ग्रेजी	English		

टिप्पणी NOTES

4.22.1. Sentences with the past continuous and future continuous verb forms are introduced in this lesson. e.g.

म बी.एस.सी. पढ्दै थिएँ	I was studying for B.Sc. (1st sing masc/fem)
हामी पढ्दै थियौं	We were studying. (1st per.pl.masc /fem.)
आगौं आफ्नो-आफ्नो स्कूलमा काम गर्दै हुनेछौं	Next year (we) will be working in our respective schools.
के गर्दै थियौ ?	What were you doing ? (2nd per mid hon masc/ fem)
ऊ पनि त्यही पढ्दै थिई	She was also studying there itself. (3rd per sing non-hon Fem)
मेरा दाजु पनि पोहोरसम्म पढदै हुन्हुन्थ्यो	My elder brother was also studying till last year.(3rd person sing high hon masc)

4.22.2 To make the past and future continuous tenses respective past and future forms of the verb छ are added to the present continuous verb stems ending in **दै.**

पढ्दै + थिएँ =	पढ्दै थिएँ, म पढ्दै थिएँ	I was studying.
पढ्दै + हुनेछु =	पढ्दै हुनेछु, म पढ्दै हुनेछु	I will be studying.
पढ्दै + हुनुहुन्थ्यो =	पढ्दै हुनुहुन्थ्यो, तपाईं पढ्दै हुनुहुन्थ्यो	You were studying.
पढ्दै + हुनु हुनेछ =	पढ्दै हुनु हुनेछ, तपाईं पढ्दै हुनु हुनेछ	You will be studying.
पढ्दै + थियो =	पढ्दै यो, उ पढ्दै थियो।	He was studying.
पढ्दै + हुनेछ =	पढ्दै हुनेछ, उ पढ्दै हुनेछ।	He will be studying.

4.22.3. Note that the progressive form of the verb is made by the suffixation of-दै after the root plus different forms of छ or थियो e.g.

तिमी के गर्दै छौ ?	(present) What are you doing?
म कलेजमा पढ्दै थिएँ।	(past) I was reading in college.

4.22.4. The negation of the above verb construction is formed by the addition of -न in the stem final position as shown below . e.g.

म काम गर्दै थिइनँ।	I was not working
आघौं हामी यहाँ पढदै हुने छैनौं।	Next year we will not be studying here.

4.22.5. Look at the pattern of the affirmative and negative forms of continuous tenses.

Affirmative		Negative	
म पढ्दै थिएँ।	(Past) I was studying.	पढ्दै थिइनँ	I was not studying.
म पढ्दै हुनेछु।	(Future) I will be studying.	पढ्दै हुने छैन	We will not be studying.

तपाई पढ्दै हुनुहुन्थ्यो। (Past) You were studying. पढ्दै हुनु हुन्नथ्यो You were not studying.

तपाई पढ्दै हुनु हुनेछ। (Future) You will be studying. पढ्दै हुनु हुने छैन You will not be studying.

ऊ पढ्दै थियो। (Past) He was studying. पढ्दै थिएन He was not studying.

ऊ पढ्दै हुनेछ। (Future) He will be studying. पढ्दै हुनेछैन He will not be studying.

ऊ पढ्दै थिई। (Past) She was studying ऊ पढ्दै थिइन She was not studying.

उनी पढ्दै थिइन्। (past) She was studying. उनी पढ्दै थिइनन् She was not studying.

उनीहरू पढ्दै थिए। (past) They were studying. उनीहरू पढ्दै थिएनन् They were not studying.

एकाइँ ४ / Unit 4 | पाठ - २३ / Lesson - 23

नाटकको सल्लाह
Discussion on Drama

संवाद DIALOGUE

भानिज : मामा, हामीले स्कूलमा एउटा नाटक गर्नु छ। हामीलाई एउटा विषय दिनुहोस् न।	Nephew: Uncle, we have to stage a drama in our school. Please give us a plot.
मामा : हाम्रा कवि भानुभक्तको जीवनीमा एउटा नाटक गर। त्यो राम्रो हुन्छ।	Uncle : Stage a play on the life of our poet Bhanubhakta. That will be nice.
भानिज : भानुभक्तको जीवनमा धेरै घटनाहरू छन्। कुन चाहिँ घटना नाटकीय छ ? त्यो भन्नुहोस् न ।	Nephew: There are many episodes in the life of Bhanubhakta. Which is a dramatic one ? Please tell me that.
मामा : 'भानुभक्त र घाँसीको भेट' राम्रो छ। त्यो भानुभक्तको जीवनको एउटा घुम्ती पनि हो।	Uncle : 'Bhanubhakta and Ghasi's meet' is a nice one. That is the turning point in Bhanubhakta's life also.
भानिज : त्यही भन्नुहोस् त। कृपया त्यस दृश्यको वर्णन गरिदिनुहोस् त ।	Nephew: Please tell me about that one itself. Kindly describe the scene.
मामा : त्यो यस्तो हुन्छ- घाम चर्को लागिरहेको छ। भानुभक्त एउटा खोलाको किनारमा ढुङ्गामाथि ढल्किरहेका छन्। निदाइरहेका छैनन्। छेउमा खोला कल्कलाइरहेको छ। चराहरू चिर्बिराइरहेका छन्। तर चराहरू उड्रिहेका छैनन्। केही पर एउटा घाँसी घाँस काट्न लागिरहेको छ।	Uncle : That may be like this- There is scorching sun. Bhanubhakta is lying on a slab on the bank of a stream. But he is not sleeping. The stream is flowing nearby making gurgling sound. The birds are chirping. But birds are not flying. At a little distance away a grass-cutter is cutting grass.
भानिज : मञ्चमा खोला कसरी देखाउनु ?	Nephew: How to show a stream on the stage ?

मामा : पछिल्तिर पर्दामा जङ्गलको दृश्य हुन्छ। त्यसमा खोला बगिरहेको चित्र हुन्छ। एउटा सेतो कपडामा जङ्गल र पछिल्तिर ध्वनि हुनेछ।

Uncle : There will be a scene of a jungle in the backdrop. There will be a picture of a flowing river on the white screen and some back ground music..

भानिज : ठीक हो। आवाजहरू निकाल्नु त सजिलै छ। अँ, अरू भन्नुहोस्।

Nephew: That is right. It is easy to produce the sound effect. Yes, please tell me more.

मामा : एकछिनपछि भानुभक्त उठ्छन्। वरिपरि हेर्छन्। घाँसी घाँस काटिरहेकै हुन्छ। भानुभक्त घाँसीलाई सोध्छन्। तिमीले यस्तो काम कहिलेदेखि गरिरहेका छौ ? घाँसीले उत्तर दिन्छ। "दश वर्ष हुँदै छ। म यसरी नै खटिरहेको छु।"

Uncle : After sometime Bhanubhakta wakes up. (He) looks around. The grass-cutter is busy in cutting grass. Bhanubhakta asks the grass cutter. Since how long you have been doing such work ? The grass-cutter replies. Since ten years I have been labouring in this way.

भानिज : मामा, भानुभक्तले घाँसीलाई किन यस्तो सोध्छन् ?

Nephew: Uncle, why does Bhanuhakta ask the grass-cutter like this?

मामा : किनभने घाँसी मेहनती छ। तर उ गरीब छ, त्यसैले भानुभक्त घाँसीलाई सोध्छन्-"तिम्रो कति धनसम्पत्ति छ ?" घाँसीले उत्तर दिन्छ-"धन सम्पत्तिले के गर्नु ? खान लाउन पुगिरहेकै छ। केही पैसा जोगाएको छु। त्यस पैसाले एउटा धर्मशाला बनाउन लागिरहेको छु। यसले मेरो नाम पनि रहन्छ। धर्म पनि हुन्छ।"

Uncle : Because the grass cutter is a very hard working person. But he is poor. So, Bhanubhakta asks grass cutter-"How much wealth do you have ?" The Grass cutter gives reply -" what to do with wealth ? Money is just for food and clothes. I have some savings. (I) am going to make a Dharmashala with that money. It perpetuates my name. It is a pious deed also".

भानिज : घाँसी आफ्नो नाम राख्न चाहिरहेको छ !

Nephew: The grass cutter is wanting to perpetuate his name !

मामा : हो त। उसको उद्देश्य हो नाम र धर्म कमाउने। नाम मात्र होइन।

Uncle : Certainly. His aim is to earn name and deed both. Not only name.

भानिज : अनि भानुभक्त के भन्छन् ?

Nephew: Then what does Bhanubhakta say?

मामा : भानुभक्त केही बोल्दैनन्। उनी गहिरो विचारमा डुब्छन्। उनी सोच्दछन् यो घाँसी अशिक्षित छ, गरीब छ तैपनि उसले आफ्नो नाम अमर बनाउन चाहन्छ। उसले धर्मको काम गरिरहेको छ। म भानुभक्त धनी र शिक्षित छु तर म मस्त सुतिरहेकै छु। मैले ब्युँझनु पर्छ। मैले केही गर्नुपर्छ।

Uncle : Bhanubhakta does not speak. He sinks deep in thought. He thinks - This grass cutter is illiterate. He is poor. Yet he wants to perpetuate his name. He is doing a religious work. I, Bhanubhakta am rich. I am educated. But here I am sleeping comfortably. I have to wake up. I have to do something.

भानिज : अनि उनले के गर्छन् ?

Nephew: And what does he do?

मामा : त्यस बेलादेखि उनले नेपाली भाषामा रामायण लेख्न सुरु गरे। उनी पछि अमर भए।

Uncle : Since then he started to write Ramayana in Nepali language. He became very famous.

भानिज : मामाले राम्रो सल्लाह दिनुभयो। पछि पनि अरूसुझाउको लागि आउँछौं। हामी यही गर्छौं। म संवाद लेख्छु। मेरा साथीहरू मञ्च सजावटको काम गरिरहन्छन् । यो रमाइलो कार्यक्रम हुन्छ होला। मामा, तपाईंले पनि कलेज जीवनमा यस्ता खालका नाटक गर्नुभयो ?

Nephew: Uncle, your suggestion is good. We will be coming for further suggestions from you. We will do this very drama. I will write the dialogue. My friends will be doing the stage arrangements. It will be a wonderful programme. Uncle, were you also doing such plays in your college days?

मामा : अँ, हामीले गर्‌यौं। हामीले कलेजमा यस्तै खाले नाटक गर्‌यौं। हामीले यसलाई मजाले गर्यौं। हाम्रो नाटकको निम्ति सरहरूले धेरै दिनसम्म प्रशंसा गरिरहनु भएको थियो। प्रशंसाले म पनि मक्ख परिरहेको थिएँ। नाटक प्रतियोगितामा पनि लगातार दुई वर्षसम्म त्यही नाटक गरिरह्यौं ।

Uncle : Yes, we did. We also did this very drama in the college. We did it very well. Teachers were praising us for our plays for days together. I was also feeling happy because of their compliments. For two years we were doing that drama continuously in the drama competition.

भानिज : के तपाईंहरूले प्रत्येक वर्ष त्यही एउटै नाटक गरिरहनु भयो त ?

Nephew: Were you staging the same drama every year?

मामा : अहँ। गरिरहेनौं। तेस्रो वर्षदेखि नेपाली नाट्यसम्राट बालकृष्ण समको 'मुकुन्द इन्दिरा' नाटक गरिरहयौं। तर मैले अघिल्लो नाटक जस्तो राम्रो मानिनँ, तर पनि नाटक गरिरहनु थियो। किनभने मानिसहरूले धेरै प्रशंसा गरिरहेका थिए ।	Uncle : No. (We) were not doing it. From the third year onwards we were doing Mukunda Indira by Balkrishna Sama, the doyen of Nepali drama. But I did not find it good as the previous one. Even then, we had to continue it. Because people were appreciating it very much.
भानिज : मामा तपाईले आफ्नो अनुभव भन्नु भएकोमा धन्यवाद। हामी पनि मजाले नाटक गरिरहने छौं। तब हाम्रो नाटक पनि सफल हुनेछ। मानिसहरू हाम्रो नाटकलाई प्रशंसा गरिरहनेछन्। हामी त्यसै बसिरहने छैनौं। हामी कठिन परिश्रम गरिरहेका हुनेछौं।	Nephew: Thank you very much uncle for telling me about your experience. We will also be putting great effort. Then our play will be successful. The people will be appreciating our play for years. We will not be sitting idle. We will be working hard.
मामा : मेरो हार्दिक शुभकामना छ।	Uncle : My best wishes are with you.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

a.1. चर्को घाम लागिरहेको छ।
2. केही पर एउटा घाँसी घाँस काट्न लागिरहेको छ।
3. छेउमा खोला कलकलाइरहेको छ।
4. घाँसी आफ्नो नाम राख्न चाहिरहेको छ।
5. उसले धर्मको काम गरिरहेको छ।

b.1. सरहरूले धेरै दिनसम्म प्रशंसा गरिरहनु भएको थियो।
2. बालकृष्ण समको 'मुकुन्द इन्दिरा' नाटक गरिरहयौं।
3. तर पनि हामीले नाटक गरिरहनु थियो।
4. मानिसहरूले हामीलाई प्रशंसा गरिरहेको थिए।
5. नाटक प्रतियोगितामा लगातार दुई वर्षसम्म त्यही नाटक गरिरहयौं।

c.1. भानुभक्त एउटा ढुङ्गामा ढल्किरहेका छन्।
2. चराहरू चिर्बिराइरहेका छन्।
3. चराहरू उडिरहेका छैनन्।
4. भानुभक्त निँदाइरहेका छैनन्।
5. उनी पनि बसिरहेका छैनन्।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

छ।
लागिरहेको छ।
घाम
घाम लागिरहेको छ।
चर्को
चर्को घाम लागिरहेको छ।

1. छ।
लागि रहेको छ।
काट्न लागिरहेको छ।
घाँस काट्न लागिरहेको छ।
घाँसी घाँस काट्न लागिरहेको छ।
पर एउटा घाँसी घाँस काट्न लागिरहेको छ।
केही पर एउटा घाँसी घाँस काट्न लागिरहेको छ।

2. छन्।
चिर्बिराइ रहेका छन्।
चराहरू चिर्बिराइरहेका छन्।
रूखमा चराहरू चिर्बिराइरहेको छन्।
पर रूखमा चराहरू चिर्बिराइरहेको छन्।
केही पर रूखमा चराहरू चिर्बिराइरहेका छन्।

3. गरिरह्यौं।
नाटक गरिरह्यौं।
त्यही नाटक गरिरह्यौं।
दुई वर्षसम्म त्यही नाटक गरिरह्यौं।
लगातार दुई वर्षसम्म त्यही नाटक गरिरह्यौं।
प्रतियोगितामा पनि लगातार दुईवर्ष सम्म त्यही नाटक गरिरहयौं।
नाटक प्रतियोगितामा पनि लगातार दुईवर्ष सम्म त्यही नाटक गरिरह्यौं।

4. गर्नुभयो ?
नाटक गर्नुभयो ?
यस्ता खालका नाटक गर्नुभयो ?
कलेज जीवनमा यस्ता खालका नाटक गर्नुभयो ?
तपाईंले पनि कलेज जीवनमा यस्ता खालका नाटक गर्नुभयो ?
मामा, तपाईले पनि कलेज जीवनमा यस्ता खालका नाटक गर्नुभयो ?

5. हुनेछौं।
   गरिरहेका हुनेछौं।
   परिश्रम गरिरहेका हुनेछौं।
   कठिन परिश्रम गरिरहेको हुनेछौं।
   हामी कठिन परिश्रम गरिरहेका हुनेछौं।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model — मञ्चमा खोला कसरी देखाउनु ?
जङ्गल
मञ्चमा जङ्गल कसरी देखाउनु ?

1. भानुभक्त ढुङ्गामाथि ढल्किरहेका छन्।
   सुतिरहेका
   निदाइरहेका
   बसिरहेका
   पढिरहेका
   हेरिरहेका

2. चराहरू चिर्बिराइरहेका थिए।
   उडिरहेका
   बसिरहेका

3. भानुभक्त घाँसीलाई सोध्छन्।
   भन्छन्
   हेर्छन्
   देख्छन्

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. — घाँसी आफ्नो नाम राख्न चाहिरहेका छन्।
घाँसी आफ्नो नाम राख्न चाहिरहेका छैनन्।

1. उनी धर्मशाला बनाउन चाहिरहेका छन्।
2. भानुभक्त केही गर्न चाहिरहेका छन्।
3. भानिज नाटक गर्न चाहिरहेका छन्।
4. सबै नै नाम कमाउन सोचिरहेका छन्।
5. अचेल मानिसहरू उन्नति गरिरहेका छन्।

नमूना Model b. — हामीले नाटक प्रतियोगितामा भाग लिइरहयौं।
मैले नाटक प्रतियोगितामा भाग लिइरहें।

1. हामीले राम्रो काम गरिरह्यौं।
2. हामीले स्कूलमा काम गरिरह्यौं।
3. हामीले नाटक गरिरह्यौं।
4. हामीले मुकुन्द इन्दिरा नाटक पढिरह्यौं।
5. हामीले प्रशंसा गरिरह्यौं।

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model पछिल्तिर पर्दामा के को दृश्य हुन्छ ?
पछिल्तिर पर्दामा जङ्गलको दृश्य हुन्छ।

1. पर्दामा के बगिरहेको दृश्य हुन्छ ?
2. भानुभक्त कतिखेर उठ्छन् ?
3. घाँसी कस्तो मानिस हो ?
4. केले भानिज मक्ख परिरहेका थिए ?
5. घाँसीले के-को काम गरिरहेको छ ?
6. भानुभक्त कहाँ ढल्किरहेका छन् ?
7. खोला के गरिरहेको छ ?
8. चराहरू के गरिरहेका छैनन् ?
9. केही पर घाँसी के काट्न लागिरहेको छ ?
10. भानुभक्त र घाँसीको भेट कसको जीवनको घुम्ति हो ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. आज _____ घाम लागिरहेको छ। (राम्रो, चर्को, पर्दामा)
2. भानुभक्त एउटा ढुङ्गामाथि ___। (निदाइरहेको छ, ढल्किरहेका छन्,सोच्दै छ)
3. घाँसी _____ काट्न जाँदै छ। (काम, संयम, घाँस)
4. मञ्चमा _____ कसरी देखाउनु ? (खोला, खेला, खेल)
5. पर्दामा जङ्गलको _____ हुन्छ। (दृश्य, कपडा, ध्वनि)
6. पर्दामा एउटा खोला पनि _____। (बगिरहेको हुन्छ, बनेको हुन्छ, वन)
7. हामीले कलेजमा यस्ता _____ गरिरह्यौं। (नाटक, कथा, कविता)
8. जीवनमा मैले धेरै _____ पाइरहें। (प्रशंसा, झगडा, सुरु)
9. मेरो _____ शुभकामना छ। (हार्दिक, इच्छा, धन्यवाद)
10. मलाई _____ नाटक राम्रो लागिरह्यो। (अघि, अघिल्लो, अघिल्तिर)

II Complete the sentences using the appropriate forms of the words given.

1. उनी ढल्किरहेका छन् तर _____। (निदाउ)
2. घाँसी घाँस काट्न _____। (लाग्)
3. मञ्चमा खोला कसरी _____ ? (देख्)
4. भानुभक्तले घाँसीलाई के कुरा _____ ? (सोध्)
5. घाँसी आफ्नो नाम राख्न _____। (चाह्)

III Complete the sentences using the appropriate words.

1. हामी कठिन _____ गरिरहेका हुनेछौं।
2. तब हाम्रो नाटक _____ हुनेछ।
3. तपाईंले आफ्नो अनुभव _____ धन्यवाद।

4. बालकृष्ण सम _____ हुन्।
5. मुकुन्द-इन्दिरा _____ नाटक हो।

IV Match suitably and make sentences.

A		B
1. भानुभक्त ढुङ्गामाथि	a.	चिर्बिराइरहेका छन्।
2. चराहरू त्यहाँ	b.	कलकलाइरहेको छ।
3. खोलाको पानी	c.	काटिरहेको छ।
4. केही पर घाँसी घाँस	d.	लागिरहेको छु।
5. म धर्मशाला बनाउन	e.	खटिरहेको छ।
6. घाँसी यसरी नै	f.	निदाइरहेका छन्।

V Complete the sentences using the plural forms of the pronouns and verbs.

1. म लगातार प्रयास गरिरहेको छु।
2. उनी नाटक सफल पार्न खटिरहेका छन्।
3. म दिनहुँ धेरै मेहनत गर्दै थिएँ।
4. यो पनि मेहनती रहेछ।
5. अचेल ऊ राम्ररी पढ्दै छ।

VI Answer the following questions with reference to the dialogue of the lesson.

1. स्कूलमा के गर्नु छ ?
2. विद्यार्थीहरू कसको जीवनमा नाटक गर्छन् ?
3. भानुभक्तको जीवनमा के धेरै छन् ?
4. कस्तो घाम लागिरहेको छ ?
5. भानुभक्त ढुङ्गामा के गरिरहेका छन् ?
6. खोला के गरिरहेको छ ?
7. चराहरू के गरिरहेका छन् ?
8. घाँसीले के काट्छ ?
9. भानिजले कसलाई प्रश्न गरिरहेका छन् ?
10. ककसको बीच प्रश्नोत्तर भइरहेको छ ?
11. घाँसी के बनाउन लागिरहेको छ ?
12. कसले नेपालीमा पहिलोपटक रामायण लेखे ?
13. घाँसीले पैसा के गरेको छ ?
14. धर्मशालाले के रहन्छ ?
15. घाँसीको विचार कस्तो लाग्यो ?

शब्दावली VOCABULARY

नाटक	drama, play	मामा	(maternal) uncle
विषय	subject, topic	कवि	poet

जीवनी	life story, biography	घटना	incident, episode
नाटकीय	dramatic	घाँसी	grass-cutter
भेट	meet	घुम्ती	turning point
घाम	sun	चर्को	scorching
खोला	stream	किनार	shore, bank
ढुङ्गा	stone, slab	चरा	bird
मञ्च	stage	जङ्गल	forest, jungle
पर्दा	screen	चित्र	picture
सेतो	white	कपड़ा	cloth
पछिल्तिर	behind	ध्वनि	music. sound
आवाज	sound	सजिलो	easy
नदी	river	परिपरि	all around
उत्तर	answer	मेहनती	laborious
गरीब	poor	धन-सम्पत्ति	wealth
खान-लाउन	living substance	धर्मशाला	free shelter for pilgrims
धर्म	good deed	उद्देश्य	aim, target
गहिरो	deep	विचार	thought
अशिक्षित	illiterate	अमर	immortal
संवाद	dialogue	सजावट	decoration
रमाइलो	interesting	प्रशंसा	praise
लगातार	continuously	प्रत्येक	each
नाट्य सम्राट्	great dramatist	अघिल्लो	previous
अनुभव	experience	सफल	successful
ढल्किरहेका	leaning, lying	निदाइरहेका	sleeping
कलकलाइरहेको	gurgling	उडिरहेका	flying
चिर्बिराइरहेको	chirping	खटिरहेको	labouring
बगिरहेको	flowing	डुब्छन्	(he) drowns, sinks
जोगाएक	saved	आवाज निकाल्नु	to produce sound
ब्युँझनु	to wake up	गरिरह्यौं	(we) continued to do
वर्णना	description	वर्णन गर्नु	to describe
दृश्य	scene		

टिप्पणी NOTES

4.23.1. Sentences with past and non-past continuous tenses both affirmative and negative are introduced.

भानुभक्त सुतिरहेका छन् Bhanubhakta is sleeping.

चराहरू चिर्बिराइरहेका छन्	The birds are chirping.
सरहरू हाम्रो नाटकको प्रशंसा गरिरहेका थिए	Teachers were praising our plays.
दुई वर्षसम्म त्यही नाटक गरिरहेका थियौं	For two years we were doing the same drama continuously.
मानिसहरू हाम्रो नाटकलाई प्रशंसा गरिरहने छन्	The people will be appreciating our play (for years.)
हामी पनि मजाले नाटक गरिरहने छौं	We will also be doing the drama happily.
तर, निंदाइरहेका छैनन्	But (he) is not sleeping.
तर, चराहरू उडिरहेका छैनन्	But birds are not flying.
अहँ, गरिरहेनौं	No (we) were not doing it.
तर मैले पनि अघिल्लो नाटकजस्तो राम्रो ठानिरहेको थिइनँ	But I was also not finding it good like the previous one.
हामी त्यसै बसिरहने छैनौं	We will not be sitting idle.

4.23.2. Sentences with present and past continuous tense verbs are formed in the following way
Present continuous tense: Verb root + इ + रहेको / रहेकी / रहेका + छु /छिन् /छन्

म पढिरहेको छु।	I am reading.
उनी पढिरहेकी छन्।	She is reading.
उनीहरू पढिरहेका छन्।	They are reading.

Past continuous tense:

इ + रहेको / रहेकी / रहेका + थिएँ / थियौं / छिन् / छन्

म लेखिरहेको थिएँ।	I was writing (mas.)
म लेखिरहेकी थिएँ।	I was writing (fem.)
हामीहरू लेखिरहेका थियौं।	We were writing.

4.23.3. Two continuous (or progressive) forms:
There are two different structures for the continuous tense, e.g.

इ / ऊ पढ़दै छ।	He is reading.
ऊ पढ़िरहेको छ।	He is reading.
ऊ पढ़दै छे।	She is reading.
ऊ पढ़िरहेकी छे।	She is reading.

The इ + रहेको / रहेकी / रहेका can be used with all the verb roots. e.g.

i) Activity verbs : खा, हिँड, लेख्, घुम, बोल्, etc.
ii) Inchoative verbs (change of state verbs) : बस्,उठ्,सुत्,पड्की **etc.**
ii) Stative verbs : निदाउ, बुझ etc.

The inchoative and stative verbs usually avoid-**दै** form, and hence the continuous forms should be made only with the -इ + रहेको / रहेकी /रहेका combination. e.g.

म खाँदै छु / म खाइरहेको छु / खाइरहेकी छु	I am eating.
म बस्दै छु	I am going to sit.
म बसिरहेको / बसिरहेकी छु	I am sitting.
भाइ निदाउँदै छ ।	Brother is going to sleep.
भाइ निँदाइरहेको छ ।	Brother is sleeping.

(सुत्नु - sleep, निदाउनु - sleep)

4.23.4. In the following sentences of the lesson you may see in the underlined words the use of instrumental case relationship.

धन सम्पतिले के गर्नु ?	What to do with the wealth?
त्यो पैसाले एउटा धर्मशाला बनाउन लागिरहेको छु	I am making a Dharmasala with that money.
सम्पतिले के गर्नु ?	What to do with the property.

The suffix-**ले** indicates the sense of instrumental case relationship.

4.23.5. **धन्यवाद** is not commonly used by junior friends to seniors in the formal situation. But it is a loan translation of the English expression Thanks. As a result, now-a-days it is not uncommon for the junior to use it to the senior.

एकाइँ ४ Unit 4

पाठ - २४ Lesson - 24

कटुवाल स्मृति पुरस्कार
Katuwal Smriti Puraskar

संवाद DIALOGUE

ज्ञानबहादुर छेत्री : यस पालिको कटुवाल स्मृति पुरस्कार कसले पाउला हँ ?

Gyan Bahadur Chhetri : Who may get this year's Katuwal Smriti Puraskar ?

भीष्म ढकाल : कुन्नि हौ। दिलबहादुर छेत्रीले पाउँछन् होला।

Bhishma Dhakal : I don't know. Dil Bahadur Chhetry may get it.

ज्ञान : हो त। उनले पाउनु पर्ने हो। उनी नेपाली साहित्यका नामी लेखक हुन्। उनी साहित्य एकाडेमी पुरस्कार विजेता पनि हुन्। उनले पाऊन्। म त यहीं भन्छु।

Gyan : Yes, he should get it. He is a famous writer in Nepali literature. He is the Sahitya Academy Award winner also. Let him get. I wish it.

भीष्म : म मेरो विचार भनूँ त ? सायद यसपालि उनले यो पुरस्कार पाउँछन्। नभए कसले भेट्ला त ?

Bhishma: May I express my view? Perhaps this year he will get this award. Otherwise who may get?

ज्ञान : हो त। अस्ति समितिका मानिसहरू उनको व्यक्ति-परिचय र किताबहरू बटुल्दै थिए।

Gyan : Of course. Day before yesterday the committee people were collecting his bio-data and books.

भीष्म : जे होस् । उनले यस पालि पाउनु पर्छ। नत्र अन्याय हुन्छ। समितिले उनको योगदानको उचित मूल्याङ्कन गर्नुपर्छ।

Bhishma: Anyway. He has to get this year. Otherwise it will be injustice. The committee has to evaluate his contribution to Nepali literature properly.

ज्ञान : हेरौं। हाम्रो सोचाइले मात्र हुँदैन। समितिको मानिसको आफ्नो विश्लेषण हुन्छ ।

Gyan : Let us see. Our mere opinion alone will not do. The committee members will have their own analysis.

भीष्म : दिलबहादुरका सबै साथीहरू पनि यस्तै खाले कुरा सोचिरहेका होलान्। तर उनी चाहिँ यसरी सोचिरहेका छैनन् होला, किनभने महान् लेखकहरू कर्म गर्छन्, फलको आशा गर्दैनन्।

Bhishma :Probably Dil Bahadur's friends may be thinking like wise. But he may not be thinking so. Because great writers do their work, they don't expect any reward.

ज्ञान : लेखकमात्र होइन सबै विवेकशील मानिसले यस्तै सोच्नुपर्छ। आजका धेरै मानिसमा सत्कर्म, सत्विचार र परोपकारी भावना छैन। त्यसकारण, हामीले विशिष्ठ गुणसम्पन्न व्यक्तिलाई श्रद्धा गरिरहनुपर्छ।

Gyan : Not only writers, but all wise people should have to think like that. Most of the people of this day do not have good thoughts, good deeds and readiness to help others. So, we should be honouring these few people having good qualities.

भीष्म : तिमीले ख्यालख्यालमै ठूला कुरा गर्‌यौ। तिमी त दार्शनिक हुन्छौ होला।

Bhishma :As you talked (you) really spoke a great thing. You may become a philosopher in future.

ज्ञान : यस्ता कुरा छोड़। साँच्चि, तिमीहरू सपरिवारको कहीँ जाने कुरा थियो। के हुँदै छ ?

Gyan : Leave such talk. Oh! You had some programme to go somewhere with your family. What is going on ?

भीष्म : अँ । यसपालि गर्मीको छुट्टीमा देहरादुन् र मसुरीतिर जाने कुरा छ। आउँदो जुन 12 तारिखदेखि गर्मी छुट्टी हुन्छ । भोलिपल्ट होइन पर्सिपल्ट हामी देहरादून रेलमा गइरहेका हुनेछौं । केटाकेटीहरु यसबेला रेल भ्रमणमा रमाइरहेका हुनेछन् ।

Bhishma: Yes. This year during summer vacation we are planning to go to Dehradun and Mussorie. From coming June 12th the summer vacation will start. Not next day but a day after we will be going by train to Dehradun. Children will be enjoying the train journey at that time.

ज्ञान : राम्रो । तिमीले राम्रो योजना बनाइरहेका रहेछौ। जाऊ,तिम्रो यात्रा शुभहोस्। म चाहिँ यस पालि जान्नँ। हामी पोहोर भाग्सू गयौं। आघौं शिमला जान्छौं।

Gyan : Good. You have been planning well. Go. I wish you a happy journey. But I will not go this year. Last year we went to Bhagshu. Next year we will be going to Simla.

भीष्म : हो। बर्सेनि जान सजिलो छैन। म पनि दुई वर्षपछि मात्र गइरहेको छु।

Bhishma: Yes, it is not easy to go every year. I am also going after two years.

ज्ञान : जौं होला। यो चौतारामा कति बसिरहनु ?

Gyan : let us go. How long shall we be sitting in this platform.

भीष्म : हो हौ । जाऔं। साँझको सात पनि बजेछ। फेरि भेटौंला।

Bhishma: Yes, Yes. Let us go. It is already seven o' clock. See you again.

लेखन अभ्यास EXERCISES

I complete the sentences using the appropriate words from the choices given.

1.दिलबहादुर साहित्य एकाडेमी पुरस्कार _____ पनि हुन्। (पाउनु, लेखक, विजेता)
2.समितिले उनको योगदानको उचित ___ गनुपर्छ। (सोचाइ,मूल्याङ्कन,विशिष्ट)
3.हामीले ___ गुण सम्पन्न व्यक्तिलाई श्रद्धा गर्नुपर्छ। (विशिष्ट,सजिलो,साँझको)
4.हामी _____ भाग्सु गयौं। (आघौं, पोहोर, जाऔं)
5.महान लेखकहरू कर्म गर्छन् तर फलको आशा __। (पाउँछन्, गर्दैनन्, खान्छन्)

II Complete the sentences using the appropriate forms of the words given.

1. यसपालि _____ त्यो पुरस्कार पाउँछन्। (ऊ)
2. हामी आघौं छुट्टीमा शिमला _____। (जा)
3. तपाईं यो चौतारामा _____। (बस्)
4. भ्रमणमा नानीहरू हामीसँग _____। (हो)
5. हामीले विशिष्ट गुणसम्पन्न व्यक्तिलाई श्रद्धा _____। (गर्)

III Complete the sentences using the appropriate words.

1. तपाईं कति बेलादेखि यो _____ बसिरहनु भएको हो ?
2. गर्मी छुट्टीमा भीष्मको _____ जाने कुरा छ।
3. ज्ञान दाइले _____ ठूला कुरा गर्नु भयो।
4. भोलिको दिनपछि _____ दिन आउँछ।
5. हामी _____ रेलमा देहरादून गइरहेका हुनेछौं।

IV Re-write as directed.

1. म मेडिकल कलेज पढदै थिएँ। (Change into future continuous).
2. उसकी दिदी पुस्तकालय विज्ञान पढदै हुनुहुन्थ्यौ। (Turn into masculine gender).
3. आउँदो हप्तादेखि हामी स्कूलमा लेख्दै हुनेछौं। (Turn into past continuous).
4. अस्मिता वनभोज जान्छे। (Change into future probability).
5. नानीहरू त्यस बेला भ्रमणमा हुनेछन्। (Change into singular).

V Transform the following affirmative sentences into their corresponding negatives.

1. पाँचवर्ष अघि म काम गर्दै थिएँ।
2. आउँदो पालिको पुरस्कार उहाँले नै पाउनुहुन्छ होला।
3. तपाईंको कान्छो छोरो आउँदो हप्तादेखि पढ्दै हुनेछ।
4. हामीले काम गरेपछि फलको आशा गर्नुपर्छ।
5. दिलबहादुरले यस्ता कुरा सोचिरहेका होलान्।

VI Re-write the sentences substituting the underlined nouns with their corresponding pronoun forms

1. हरिको भाइ रविसँगै बस्दै थियो।
2. भाष्कर पुष्पको भाइ हो।
3. साहित्य अकादमीले लेखकहरूको उचित मूल्याङ्कन गर्नुपर्छ।
4. तिमी सुभाषको पुराना साथी हौ।
5. परीक्षा अघिसम्म रीताको स्वास्थ्य राम्रो थियो।

शब्दावली VOCABULARY

स्मृति पुरस्कार	memorial award	बर्सेनि	yearly
नामी	famous	लेखक	writer
विजेता	winner	समिति	committee
व्यक्ति-परिचय	bio-data	नत्र	otherwise
अन्याय	injustice	योगदान	contribution
उचित	right, proper	मूल्याङ्कन	evaluation
सोचाइ	thinking	विश्लेषण	analysis
महान	great	कर्म	work, deed
आशा	hope, expectation	विवेकशील	wise, rational
सत्कर्म	good deed	सत्विचार	good thinking
परोपकारी	benevolent	भावना	sentiment, thought
विशिष्ट	distinguished	गुणसम्पन्न	having good qualities
व्यक्ति	person	श्रद्धा	reverence, honour
ख्यालख्यालमा	by the way, in course of speaking	बुटुल्दै	collecting
		भेट्ला	may get
दार्शनिक	philosopher	सपरिवार	with family
गर्मी	summer	छुट्टी	leave, vacation
रेल भ्रमण	train journey	योजना	plan
यात्रा	travel, journey		
कोनि	'(I) don't know' (if one has no knowledge of a thing asked about, he says कोनि)		

एकाइँ ५ / Unit 5 | पाठ - २५ / Lesson - 25

मुनामदन
Munamadan

संवाद DIALOGUE

एकदेव : तिलक, तिमीले मुनामदन पढेका छौ । पढेका छैनौ र ? कस्तो लाग्यो ? लक्ष्मीप्रसाद देवकोटाका सबै कृति पढेका छौ ?

Ekadev : Tilak, you have read the book Munamadan. Haven't you ? How did you like ? Have you read all the works of Lakshmi Prasad Devkota ?

तिलक : अँ, मैले मुनामदन पढेको छु। मलाई त यो नेपाली साहित्यको उत्कृष्ट कृति लागेको छ। तर उनका सबै कृति चाहिँ पढेको छैन। अनि तिमीले ?

Tilak : Yes, I have read the book Muna-Madan. I have deemed it a master piece of Nepali literature. But I have not gone through all of his books. And you ?

एकदेव : मैले भर्खरै मुनामदन भेटें। मेरी दिदीले ल्याउनु भएको रहेछ। मैले लिएँ र पढें। उहाँले यसको माइकल हटको अङ्ग्रेजी अनुवाद पनि ल्याउनुभएछ। मैले यो पनि पढेको छु। तर मैले प्रा.गीता उपाध्यायको असमिया अनुवाद चाहिँ हेरेको छैनँ।

Ekadev : Recently I got the book Muna-Madan. My elder sister had brought it. I took it and read it. She had brought its English translation by Micheal Hutt. I have read it too. But I have not seen its Assamese translation by Prof. Geeta Upadhyaya.

तिलक : मुनामदन तिमीलाई कस्तो लागेको छ ?

Tilak : How did you like the book Muna-Madan ?

एकदेव : मुनामदन मलाई धेरै राम्रो लागेको छ। मुनामदन खण्डकाव्यले नेपाली पद्य साहित्यमा आधुनिक धारा ल्याएको हो। यसले नेपाली जनजीवनको विचार धारालाई प्रतिनिधित्व गरेको छ। मुना मदनकी नवविवाहिता पत्नी हो। उनले आदर्श बुहारी र आदर्श पत्नीको भूमिका

Ekadev : I liked it very much. Muna-Madan has introduced a modern trend in Nepali poetry (writing). It has represented the subtleties of thought of Nepali life. Muna is the new bride of Madan. She has played the role of an ideal daughter-in-law and wife. Madan has become the representative of

लिएकी छिन्। मदन नेपाली छोराको प्रतिनिधि पात्र बनेका छन्। अब कथावस्तुतिर जाऔं। मदनकी आमा साठी वर्ष पुगेकी छिन्। अब उनी एउटा धर्मशाला बनाउन र एउटा कुवा खनाउन चाहन्छिन्। मदन आफनी पत्नीलाई सुनका गरगहना कमाइदिन चाहन्छन्। यी सब कारणले उनी धन कमाउन विदेश जान चाहन्छन्। उनी ल्हासा गए। उनी धेरै धन कमाएर फर्के । तर घरमा आफ्नी प्यारी श्रीमती र बुढी आमालाई भेटेनन्, त्यसकारण खण्डकाव्य दुःखात्मक बनेको छ। विषयवस्तुको प्रस्तुतिले यो रोचक बनेको छ।

Nepali youth. Let us go to the story now. Madan's mother has reached sixty years. She wants to get a well dug and to get a Dharmashala built.
Madan wants to earn gold ornaments for his wife. For this he desires to go abroad. He went to Lahsha. He earned a lot of money and came back. But he didn't meet his beloved wife and the old mother at home. So the Khandakavya has become a tragedy. The presentation of the theme has made it interesting .

तिलक : हो। यसको प्रस्तुति निक्कै रोचक छ। दार्शनिक पक्ष झन प्रभावशाली भएको छ। मुनाले भनेको कुरा कति घतलाग्दो छ ! मुनाले दुःख-सुखको बीचमा लोग्ने-स्वास्नी सँगै बस्नुपर्छ भनेकी छिन्। धन दौलत कमाउन लोग्नेलाई बिरानो ठाउँ जानु भनेकी छैनन्। लोग्नेले मात्र दुःख गरोस् भनेकी छैनन्।

Tilak : Yes. Its presentation is very appealing. The philosophical aspect has become more impressive. How touching are Muna's words! Muna has said (that) in the midst of happiness and sadness wife and husband should be together. She does not ask her husband to go abroad to earn money. She has no desire that only the husband has to suffer.

एकदेव : त्यति मात्र होइन। कविले दिलले मात्र मानिस ठूलो हुन्छ भनेका छन्। जातले मानिस ठूलो हुन्छ भनेका छैनन्। हामीले नै यस्ता कुरा कहिल्यै सोचेका छौं र ? मानिसको दिललाई प्राथमिकता दिएका छैनौं।

Ekadev : Not only that. The poet has said that men are great only by their heart. He has not said that men would be great by their caste. Have we ever thought like this ? We have not given priority to the heart.

तिलक : हो। तिमीले सोचेको कुरा ठीकै हो। यस कृतिले मानवतावादको सन्देश दिएको छ। मैले चाहिं सबै

Tilak : Yes. What you have thought is right. The book has given a

साथीलाई यो कृति पढन भनेको छु। म यो कुरा सबैलाई भनिरहने छु

message of humanness. I have asked all my friends to read this book. I will be telling this word to all.

एकदेव : हो हो। मैले पनि भन्नु छ। लौ त। अब छुटौं। फेरि भेटौंला।

Edadev : Yes yes. I will also have to tell. O.K. Let's part now. We will meet again.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

a. 1. मैले मुनामदन पढेको छु।
   2. मैले यो कृति पढेको छु।
   3. मलाई मुनामदन धेरै राम्रो लागेको छ।

b. 1. मुनामदन तिमीलाई कस्तो लागेको छ ?
   2. तिमीले मुनामदन पढेका छौ ?
   3. तिमीले अरू खण्डकाव्य पनि ल्याएका छौ ?

c. 1. मेरी दिदीले ल्याउनु भएको रहेछ।
   2. यसले साहित्यमा आधुनिक धारा ल्याएको हो।
   3. नेपाली जनजीवनको प्रतिनिधित्व गरेको छ।

d. 1. मदनकी आमा साठी वर्ष पुगेकी छिन्।
   2. मुनाले आदर्श पत्नीको भूमिका लिएकी छिन्।
   3. लोग्नेले मात्र दुःख गरोस् भनेकी छैनन्।

e. 1. मैले गीता उपाध्यायको असमिया अनुवाद हेरेको छैन।
   2. मैले त माइकल हटको अङ्ग्रेजी अनुवाद पनि भेटेको छैन।
   3. हामीले त्यस्तो कुरा सोचेका छैनौं।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

पढेका छौ ?
मुनामदन
मुनामदन पढेका छौ ?
तिमीले
तिमीले मुनामदन पढेका छौ ?
तिलक
तिलक तिमीले मुनामदन पढेका छौ ?

1. लागेको छ।
   उत्कष्ट कृति लागेको छ।
   साहित्यको उत्कृष्ट कृति लागेको छ।
   नेपाली साहित्यको उत्कृष्ट कृति लागेको छ।
   यो नेपाली साहित्यको उत्कृष्ट कृति लागेको छ।
   मलाई त यो नेपाली साहित्यको उत्कृष्ट कृति लागेको छ।

2. पुगेकी छिन्।
   साठी वर्ष पुगेकी छिन्।
   आमा साठी वर्ष पुगेकी छिन्।
   मदनकी आमा साठी वर्ष पुगेकी छिन्।

3. दिएका छैनौं।
   प्राथमिकता दिएका छैनौं।
   मानिसको दिललाई प्रार्थमिकता दिएका छैनौं।
   हामीले मानिसको दिललाई प्राथमिकता दिएका छैनौं।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model
तिमीले उनका सबै कृति पढेका छौ ?
किताब
तिमीले उनका सबै किताब पढेका छौ ?

1. तिमीलाई मुनामदन कस्तो लागेको छ ?
   गोविन्द थापाका कथा
   मुकुन्द इन्दिरा
   रामायण

2. मैले सबै विद्यार्थीलाई यो कृति पढन भनेको छु।
   साथीलाई
   छात्र-छात्रालाई
   केटाकेटीलाई

3. मेरी दिदीले मुनामदन किन्नु भएको छ।
   ल्याउनु ।
   पढनु ।
   देख्नु ।
   राख्नु ।

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model मुनाले भनेकी छिन्।
बस्नु पर्छ
मुनाले बस्नुपर्छ भनेकी छिन्।
सँगै
मुनाले सँगै बस्नुपर्छ भनेकी छिन्।
लोग्नेस्वास्नी
मुनाले लोग्नेस्वास्नी सँगै बस्नुपर्छ भनेकी छिन।
दुःख-सुखको बीचमा
मुनाले दुःख सुखको बीचमा लोग्नेस्वास्नी सँगै बस्नुपर्छ भनेकी छिन्।

1. कविले भनेका छन्।
कविले हुन्छ भनेका छन्।
कविले ठूलो हुन्छ भनेका छन्।
कविले मानिस ठूलो हुन्छ भनेका छन्।
कविले दिलले मानिस ठूलो हुन्छ भनेका छन्।
कविले दिलले मात्र मानिस ठूलो हुन्छ भनेका छन्।

2. मुना पत्नी हो।
मुना नवविवाहिता पत्नी हो।
मुना मदनकी नवविवाहिता पत्नी हो।
मुना मदनकी नवविवाहिता आदर्श पत्नी हो।
मुना मदनकी नवविवाहिता एउटी आदर्श पत्नी हो।

3. मुनामदनले प्रतिनिधित्व गरेको छ।
मुनामदनले विचारधारालाई प्रतिनिधित्व गरेको छ।
मुनामदनले जनजीवनको विचारधारालाई प्रतिनिधित्व गरेको छ।
मुनामदनले नेपाली जनजीवनको विचारधारालाई प्रतिनिधित्व गरेको छ।

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model तिमीलाई मुनामदन कस्तो लागेको छ ?
मलाई मुनामदन उत्कृष्ट लागेको छ।

1. तिमीलाई मुनामदनको अङ्ग्रेजी अनुवाद कस्तो लागेको छ ?
2. तिमीलाई मुनाको विचार धारा कस्तो लागेको छ ?
3. मदनले केको प्रतिनिधित्व गरेको छ ?
4. मदनले मुनालाई के कमाइदिन चाहेको छ ?
5. मुनामदनले नेपाली पद्य साहित्यमा के ल्याएको छ ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. मुनामदन तिमीलाई _____ लाग्यो ? (कस्तो, केको, कति)
2. तपाईंले _____ किताब पढनु भएको छ ? (कुन-कुन, किन, को)
3. मैले धेरै नेपाली _____। (पढेको छैन, पढ्छु, पढ्छ)
4. मुनामदन नेपाली साहित्यको _____ कृति हो। (उत्कृष्ट, सबै, किताब)
5. मदन ल्हासा गएको _____। (थियो, थिई, थिइन्)
6. मुनामदनकी _____ हुन्। (श्रीमती, बहिनी, आमा)
7. मदनमुनाको _____ हुन्। (श्रीमान, मामा, दाजु)
8. मुना _____ बुहारी हुन्। (आदार्श, राम्रा, पत्नी)
9. मुनामदनको अङ्ग्रेजी र असमियामा__पनि भएको छ।(अनुवाद,खण्डकाव्य,हट)
10. हामीले मानिसको ___ प्राथमिकता दिएका छैनौं।(दिललाई,घरलाई,मानवतावाद)

II Complete the sentences using the appropriate forms of the words given.

1. मुनाकी सासू साठी वर्ष _____। (पुग्)
2. उनी एउटा कुवा खनाउन _____। (चाह्)
3. मदन धन कमाउन ल्हासा _____। (जा)
4. त्यस कृतिले मानवतावादको सन्देश _____। (दि)
5. तपाईंलाई यो पाठ कस्तो _____ ? (लाग्)

III Complete the sentences using the appropriate words.

1. लौ त, अब _____ फेरि भेटौंला।
2. मानिस _____ ठूलो हुँदैन।
3. त्यो _____ मानिस ठूलो हुन्छ।
4. मुना आदर्श _____ हुन्।
5. मदन नेपालीको _____ पात्र बनेका छन्।
6. मुना मदनकी _____ पत्नी हो।
7. मैले _____ मुनामदन भेटें।
8. तपाईंले यो _____ पढनु भएको रहेछ।
9. मुनाको कुरा कति _____ छ !
10. म यो कुरा सबैलाई _____।

IV Rewrite as directed.

1. मैले यो कृति पढेको छ। (Change into simple past).
2. मदन मुनाको श्रीमान् हो। (Change into middle honorific).
3. मुना मदनकी नवविवाहिता पत्नी हुन्। (Change into interrogative).
4. उनीहरूको जीवन सुखी छ। (Change into negative).
5. यिनीहरू राम्ररी बसेका छन्। (Change into singular).

V Match suitably and make sentences.

A		B
1. मेरी बुहारी	a.	60 वर्ष पुगिन्।
2. मदनकी आमा	b.	खण्डकाव्य हो।
3. मुनामदन उत्कृष्ट	c.	मुना हुन्।
4. आदर्श पत्नी	d.	अङ्ग्रेज हुन्।
5. एकदेवको साथी	e.	घरमा छिन्।
6. माइकल हट	f.	तिलक हुन्।

VI. Answer the following questions with reference to the dialogue of the lesson.

1. मुनामदन कसको के हो ?
2. मुना को हुन् ?
3. मदन को हुन् ?
4. माइकल हटले के गरेका छन् ?
5. प्रो. गीता उपाध्यायले के गर्नु भएको छ ?
6. मदन किन अनि कहाँ गएका थिए ?
7. मुनामदनले नेपाली साहित्यमा के ल्याएको छ ?
8. मदन मुनालाई के कमाइदिन चाहन्छन् ?
9. मदनकी आमाको उमेर कति पुगेको छ ?
10. बिरानो ठाउँ भनेको के हो ?

शब्दावली VOCABULARY

कृति	work book	उत्कृष्ट	excellent
भर्खरै	recently	अनुवाद	translation
खण्डकाव्य	poetical literature	आधुनिक	modern
धारा	trend	जनजीवन	public life
प्रतिनिधित्व	representation	नवविवाहिता	newly married
पत्नी	wife	आदर्श	ideal
पात्र	character, role	कथावस्तु	plot, narrative
विदेश	abroad	दुःखात्मक	tragic
विषयवस्तु	theme	रोचक	interesting
प्रभावशाली	influential	घतलाग्दो	impressive
बिरानो ठाउँ	strange place	दिल	heart
प्राथमिकता	priority	मानवतावाद	humanism
सन्देश	message		

टिप्पणी NOTES

5.25.1. Sentences indicating present perfect are introduced. e.g.

मैले मुनामदन पढेको छु।	I have read the book Muna-Madan.
मदनकी आमा साठी वर्ष पुगेकी छिन्।	Madan's mother has reached sixty years.
खण्डकाव्य दुःखान्त बनेको छ।	Khandakavya has become a tragedy
यस किताबको दार्शनिक पक्ष झन प्रभावपरक भएको छ।	The philosophical aspect of this book has become more appealing.

5.25.2. For the formation of the present perfect affirmative the suffixes -एको,-एका,-एकी are added between the verb root and appropriate forms of छ / छौं / छौ / छिन् /छन् / as per person, number, gender and context.

मैले पनि पढेको छु।	I have also read the book (I[st] person singular and masculine)
मेरी दिदीले मुनामदन किन्नु भएको छ।	My elder sister has bought the ' Munamadan' ((3rd person singular high honorific feminine)
हामीले यो कुरा कहाँ सोचेका छौं र ?	Have we ever thought about this? (1st person plural, masculine, feminine)
उसकी आमा साठी वर्ष पुगेकी छिन्	His mother has completed sixty years old. (3rd person (singular middle honorific feminine)

5.25.3. For negation the suffix -एको,-एका and -एकी remain the same. Just छ verb will be changed in the case of singular present negative

तर लक्ष्मीप्रसाद देवकोटाका सबै कृति चाहिं पढेको छैन।	But I have not read all the works of Lakshmi Prasad Devkota.
लोग्नेले मात्र दुःख गरोस् भनेकी छैनन् ।	She has not said the husband only should suffer.
हामीले दिललाई प्राथमिकता दिएका छैनौं।	We have not given any priority to the heart.

5.25.4. Look at the paradigm of present perfect -to mention affirmative and negative

तपाईंले पढ्नु भएको छ / छैन।	You have read / not read. (2nd person sing high hon masc/ fem)
उसले पढेको छ / छैन।	He has read / not read. (3rd person sing non hon masc)
उसले पढेकी छे / छैन।	She has read / not read. (3rd person sing non hon fem)
उनले पढेका छन् / छैनन्।	He has read / not read. (3rd person sing mid hon masc)

उनले पढेकी छिन् / छैनन्।	She has read / not read. (3rd person sing mid hon fem)
उनीहरूले पढेका छन् /छैनन्।	They have read / not read. (3rd person pl mid hon/non hon mas/fem)
उहाँ / उहाँहरूले पढ्नु भएको छ /छन	He/ She/ They have read / not read. (3rd person sing/pl high hon masc/fem)

एकाइँ ५ Unit 5

पाठ - २६ Lesson - 26

दार्जीलिङको चिया
Darjeeling Tea

संवाद DIALOGUE

थापा : यस ठाँउमा आउनुभन्दा पहिले तपाईंले दार्जीलिङको बारेमा सुन्नु भएको थियो ?

Thapa : Before coming to this place had you ever heard of Darjeeling?

शङ्कर : थिएँ त । म के भारतीय होइन र ? भारतमा दार्जीलिङको बारेमा कसले नसुनेको होला ? यो हाम्रो सुन्दर पहाड़ी ठाँउहरूमध्ये एउटा होइन र ? अघाडि, म यहाँ आएको थिइनँ तर दार्जीलिङको चिया चाखेको छुँ। यो संसार प्रसिद्ध छ।

Shankar: Of course. Am I not an Indian? In India who has not heard of Darjeeling? Isn't it one of our beautiful hill stations? I had not been here before but have tasted Darjeeling tea. It is famous throughout the world.

थापा : हजुर। त्यसैले त , यहाँ आउनुअघि नै यस बारेमा तपाईंलाई थाहा रहेछ, नि।

Thapa : Yes. That is why you had knowledge about it before coming here.

शङ्कर : हो सर। म सबै प्रकारका चियाको प्रेमी हुँ। चिया मेरो विशेष पेय हो। मैले असम चिया, नीलिगिरि चिया, दार्जिलिङ चिया र चिनियाँ चिया पनि चाखेको छु। एक दिनमा म प्रायः पाँच कपदेखि छ कपसम्म चिया खान्छु। धेरैजसो म दार्जीलिङचिया नै रुचाउँछु ।

Shankar: Yes sir. I am a lover of all varieties of tea. Tea is my special drink. I have tasted Assamese tea, Nilgiris tea, Darjeeling tea and even Chinese tea. I usually drink five to six cups of tea a day. Mostly I prefer Darjeeling tea.

थापा : ए, त्यसैले तपाईं यहाँ आउनु भएको हो ? के तपाईंले हाम्रो चिया उद्योग र चियाबारे मात्रै सुन्नु भएको छ ?

Thapa : So, that is why you have come here? Have you heard only about our tea and its industry?

शङ्कर : तपाईंको दार्जीलिङ चियाको बारेमा मैले धेरै कुरा सुनेको छु। अठारौं शताब्दीमा ब्रिटिसहरूले चिया उद्योगहरू खोले। दार्जीलिङका मानिसहरूले कठोर परिश्रम गरेका थिए। तिनीहरूले ब्रिटिस -हरूलाई धनी पारेका थिए। चियाबगान बनाउनलाई धेरै मानिसहरूले प्राण त्याग गरेका थिए। तिनीहरूले गरेको परिश्रमको फलस्वरूप हामी आज रमाइरहेका छौं ।

Shankar: I have heard many thigs about your Darjeeling tea. The Britishers had started the tea industries in the 18th century. The people of Darjeeling had laboured hard. They had made the Britishers rich. Thousands of labourers had given their lives to make tea estates. We are enjoying their fruits of labour today.

थापा : ती श्रमिकहरूले पनि तिनीहरूको आजीविका कमाउन लागेका थिए। उनीहरूले नयाँ प्रकारका कामधन्दा पाएका थिए।

Thapa : The labourers had also earned their lively hood. They had got a new kind of occupation.

शङ्कर : म तिमीसित सहमत छु। तर अहिले तिनीहरूले केही पनि पाएका छैनन्। आफ्नो परिश्रमअनुसार तिनीहरूले केही पनि पाइरहेका छैनन्। दार्जीलिङ तिनीहरूकै प्रयास र प्राकृतिक सुन्दरताले संसार प्रसिद्ध भएको हो। हामी दार्जीलिङको चिया धेरै देशहरूमा निर्यात गरिरहेका छौं।

Shankar: I agree with you. But at present they have got nothing. They are not getting anything according to their labour. Darjeeling has become world famous due to their effort and due to the natural beauty. We are exporting Darjeeling tea to many countries.

थापा : सरकारले श्रमिकहरूको भलाइका लागि धेरै काम गरेको छ। तपाईंलाई यसबारे थाह थियो होला।

Thapa : Government has done many things for the welfare of labourers. You might have known about it.

शङ्कर : हो। गरेका छन्। मैले सरकारले चालेका कदमहरूबारे त केही भनेको छैन। तर धेरै भलाइका उपायहरूको खाँचो छ। तीन-चार वर्षभित्रमा श्रमिक हरूको जीवन सुखमय हुने आशा छ।

Shankar: Yes. They have done. I haven't discussed anything about the government's policies. But more welfare measures are necessary. It is hoped, within three-four years labourers` conditions may be improved.

थापा : सर, दार्जीलिङको सबै पर्यटन स्थलहरू तपाईंले घुम्नु भएको छ ?

Thapa : Sir, have you visited all the tourist spots in Darjeeling?

शङ्कर : सबै होइन। मैले रोप वे, टाइगर हिल, घुम रेल स्टेशन इत्यादि हैरें। मैले जुलोजिकल पार्क, महाकाल डाँड़ा र रक गार्डन, नाइटिङ्गल पार्क पनि हेर्नु छ।

Shankar : Not all the spots. I have seen Ropeway, Tiger Hill, Ghoom Railway station, etc. I have to see Zoological Park, Mahakal Dada, and Rock Garden, Nightingale Park also.

थापा : म एकजना ट्याक्सी ड्राइभरलाई चिन्दछु। उसले ती ठाउँहरूमा तपाईंलाई लैजानेछ। उ त्यस्तो लोभी छैन। उसले देश विदेशका पर्यटकहरूबाट राम्रो नाम कमाएको छ।

Thapa : I know a taxi driver. He will take you to those places. He is not a greedy fellow. He has earned a good reputation from many tourists both from home and abroad.

शङ्कर : धन्यवाद। दार्जीलिङ छोड्नुअघि म सबै ठाउँहरू हेर्छु । कृपया,उसको ठेगाना दिनुहोस् न ।

Shankar: Thank you. Before leaving Darjeeling I will see all the places. You kindly give me his address.

थापा : यो कार्ड लिनुहोस्। उसको ठेगाना यहाँ छ। भोलि यस बेलासम्ममा तपाईले दार्जीलिङका सबै महत्त्वपूर्ण पर्यटनस्थल हेरिसक्नु हुनेछ।

Thapa : Take this card. His address is here. So, tomorrow by this time you will have seen all the important tourist spots in Darjeeling.

शङ्कर : तपाईंको सहयोगका लागि धेरैधेरै धन्यवाद।

Shankar: Thank you very much for your help.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. मैले दार्जीलिङको चिया खाएको छु।
2. दार्जीलिङका मानिसले कठोर परिश्रम गरेका थिए।
3. चियाबगान बनाउन धेरै मानिसले प्राण त्याग गरेका थिए।
4. उसले तपाईंलाई ती ठाउँहरूमा लैजानेछ।
5. भोली तपाईंले दार्जीलिङका सबै महत्त्वपूर्ण पर्यटन स्थल हेरिसक्नु हुनेछ।

6. तपाईंले हाम्रो चिया उद्योगबारे मात्र सुन्नु भएको छ ?
7. तपाईंले दार्जीलिङबारे के के सुन्नु भएको थियो ?
8. आफ्नो परिश्रमअनुसार तिनीहरूले केही पनि पाइरहेका छैनन्।
9. म अघाड़ि यहाँ आएको थिइनँ।
10. भोलि यसबेलासम्ममा तपाईंले ती ठांउँहरू हेरिसक्नु हुने छैन।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

छु।
चाखेको
चाखेको छु।
चिया
चिया चाखेको छु।
दार्जीलिङको
दार्जीलिङको चिया चाखेको छु।
मैले
मैले दार्जीलिङको चिया चाखेको छु।

1. छु।
   सुनेको छु।
   धेरै कुरा सुनेको छु।
   मैले धेरै कुरा सुनेको छु।
   दार्जीलिङबारे मैले धेरै कुरा सुनेको छु।

2. छौं।
   गरिरहेका छौं।
   निर्यात गरिरहेका छौं।
   धेरै देशहरूमा निर्यात गरिरहेका छौं।
   दार्जीलिङको चिया धेरै देशहरूमा निर्यात गरिरहेका छौं।

3. थिए।
   गरेका थिए।
   परिश्रम गरेका थिए।
   कठोर परिश्रम गरेका थिए।
   मानिसहरूले कठोर परिश्रम गरेका थिए।
   दार्जीलिङका मानिसहरूले कठोर परिश्रम गरेका थिए।

4. थिएँ।
   चाखेको थिएँ।
   चिया चाखेको थिएँ।

दार्जीलिङ चिया चाखेको थिएँ।
मैले दार्जीलिङ चिया चाखेको थिएँ।
पोहोर मैले दार्जीलिङ चिया चाखेको थिएँ।

5. लैजानेछ।
तपाईंलाई लैजानेछ।
ठाउँहरूमा तपाईंलाई लैजानेछ।
ती ठाउँहरूमा तपाईंलाई लैजानेछ।
उसले ती ठाउँहरूमा तपाईंलाई लैजानेछ।

6. हुनेछ।
हेरिसक्नु हुनेछ।
पर्यटनस्थल हेरिसक्नु हुनेछ।
दार्जीलिङ्का सबै पर्यटनस्थल हेरिसक्नु हुनेछ।
तपाईंले भोलिसम्ममा दार्जीलिङ्का सबै पर्यटनस्थल हेरिसक्नु हुनेछ।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model दार्जीलिङका मानिसहरूले कठोर परिश्रम गरेका थिए।
महान काम
दार्जीलिङका मानिसहरूले महान काम गरेका थिए।

1. मैले दार्जीलिङका सुन्दर पहाडी ठाउँहरू देखेको थिएँ।
धेरै पर्यटनस्थल
रमाइला पहाडी
सबै महत्त्वपूर्ण

2. हामीले दार्जीलिङ चिया खाएका छौं।
असम
चिनियाँ
नीलगिरि

3. भोलि तपाईंलाई उहाँले दार्जीलिङ्का सबै महत्त्वपूर्ण पर्यटनस्थल लानु हुनेछ।
देखाउनु ।
घुमाउनु ।
लैजानु ।
पुर्‍याउनु ।

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model तपाईंले के सुन्नु भएको थियो ?
दार्जीलिङको बारे

तपाईंले दार्जीलिङको बारे के सुन्नु भएको थियो ?
दार्जीलिङको चियाबारे
तपाईंले दार्जीलिङको चियाबारे के सुन्नु भएको थियो ?

1. तपाईं कहिले घुम्नु भएको थियो ?
   तपाईं कहिले दार्जीलिङ घुम्नु भएको थियो ?
   तपाईं कहिले दार्जीलिङका महत्त्वपूर्ण ठाउँहरू घुम्नु भएको थियो ?
   तपाईं पोहोर कहिले दार्जिलिङका महत्त्वपूर्ण ठाउँहरू घुम्नु भएको थियो ?
2. तपाईंले चाख्नु भएको थियो ?
   तपाईंले नीलगिरि चिया चाख्नु भएको थियो ?
   तपाईंले दार्जीलिङ र नीलगिरि चिया चाख्नु भएको थियो ?

V. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. मैले दार्जीलिङमा सबै प्रकारको चिया चाखेको थिएँ।
मैले दार्जीलिङमा सबै प्रकारको चिया चाखेको थिइनँ।

1. मैले यस सुन्दर पहाड़ी ठाउँको बारे धेरै कुरा सुनेको थिएँ।
2. मैले दार्जीलिङमा दिनमा दश कप चिया खाएको थिएँ।
3. मैले यहाँ का मानिसहरूले कठोर परिश्रम गरेको देखेको थिएँ।
4. मैले घुममा नीलगिरि चिया किनेको थिएँ।
5. मैलें यसपालि पनि नाइटिङ्गल पार्कको मजा लिएको थिएँ।

नमूना Model b. हामी आघौं यसबेला दार्जीलिङ पुगेका हुनेछौं।
हामी आघौं यसबेला दार्जीलिङ पुगेका हुने छैनौं।

1. हामीले आउँदो वर्ष मे महिनामा भाषा केन्द्र छोडेका हुनेछौं।
2. हामीले त्यो केन्द्रमा नेपाली भाषा सिकेका हुनेछौं।
3. हामीले एउटा नयाँ भाषाको किताब पढेका हुनेछौं।
4. हामीले केन्द्र छोड्नु अघि परीक्षाफल पनि पाएका हुनेछौं।
5. एप्रिलपछि त हामीले भाषा केन्द्र छोडेका हुनेछौं।

VI. प्रतिवचन अभ्यास Response Drill

नमूना Model a. तपाईं दार्जीलिङका महत्त्वपूर्ण पर्यटनस्थल घुम्नु भएको छ।
a. हो, घुमेको छु।
b. दार्जीलिङ् त पोहोरै गएको थिएँ।
c. किन नघुम्नु ?

1. तपाईंले नीलगिरि चिया खानु भएको छ।

2. तपाईंले महाकाल मन्दिरबारे सुन्नु भएको छ।
3. तपाईं नाइटिङ्गल पार्क जानु भएको छ।

नमूना Model b. तपाईं देहरादुनमा कहाँ कहाँ जानुभएको थियो ?
a. धेरै ठाउँहरू गएको थिएँ।
b. महत्त्वपूर्ण ठाउँहरू मात्र गएको थिएँ।
c. सबै ठाउँहरू गएको छैन।

1. तपाईंले आसाममा कुन-कुन चिया खानुभएको थियो ?
2. तपाईंले मैसूरमा कक्सलाई भेट्नु भएको थियो ?
3. तपाईंले दार्जीलिङका कुन-कुन महत्त्वपूर्ण ठाउँहरू देख्नु भएको थियो ?

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate words from the choices given.
1. मैले नीलगिरि चिया _____। (चाखेको छु, खानु छु, गरेको छु)
2. तपाईं पोहोर दार्जीलिङ घुम्दै _____। (हुनुहुन्छ, हुनुहुन्थ्यो, हुन्छौं)
3. हामी आघौं नाइटिङ्गल पार्क _____। (जान्छ, जानेछौं, जाऊ)
4. तिमी अगाडि यस ठाउँमा आएका _____ ? (छन्, हुनेछौं, थियौ)
5. ड्राइभरले तपाईंलाई ती सुन्दर पहाडी ठाउँहरूमा _____। (दिन्छौ,लैजानेछ, पुग्छ)

II. Complete the sentences using the appropriate forms of the words given.
1. हामी पोहोर जनवरीमा घुम रेल स्टेसन _____। (पुग्)
2. तँ हामी हिड्ने दिन कहाँ _____। (जा)
3. तिमी आउँदो दश दिनपछि त्यहीं _____। (हो)
4. उनी पनि दार्जीलिङ यात्रामा हामीसँगै _____। (जा)
5. हामी पनि भ्रमणमा दार्जीलिङ _____ जानेछौं । (डुल्)

III. Complete the sentences by using the appropriate words.
1. तपाईंले दार्जीलिङ चिया _____ थियो।
2. तिमीले दार्जीलिङको _____ बारे के-के सुनेका छौ ?
3. त्यहाँका मानिसले _____ परिश्रम गरेका थिए।
4. तिनीहरूकै _____ फलस्वरूप हामी आज रमाइरहेका छौं।
5. दार्जीलिङ प्राकृतिक सुन्दरताले _____ भएको हो।

IV. Transform the following negative sentences into their corresponding affirmatives.
1. अघाडि म यहाँ आएको थिइनँ।
2. तिमीले महाकाल डाँडाको विशेषता जानेका छैनौ।
3. मैले सबै प्रकारका चिया चाखेको छैन।
4. चिया मजदुरहरूले आफ्नो परिश्रमको उचित फल पाएका छैनन्।
5. दार्जीलिङको चिया विश्वभरि निर्यात भइरहेको छैन्।

V Give two questions each for the following sentences.

1. हाम्रा सुन्दर पहाड़ी ठाउँहरूमध्ये दार्जीलिङ पनि एउटा हो।
2. मैले त्यहाँ दिनमा दश कप चिया खाएको थिएँ।
3. अठारौं शताब्दीमै ब्रिटिसहरूले चिया उद्योग खोलेका थिए।
4. आउँदो वर्ष म दार्जीलिङको सुन्दरता देख्न पाउनेछु।
5. हामीले भाषा केन्द्र छोडनुभन्दा अघि भाषाको धेरै ज्ञान पाउनेछौं।

VI Answer the following questions with reference to the dialogue of the lesson.

1. तपाईंले कुन-कुन चिया चाख्नु भएको छ ?
2. ब्रिटिसहरूले दार्जीलिङमा कहिले चिया उद्योग खोलेका थिए ?
3. कसले प्राण त्यागेका थिए ?
4. कसले परिश्रमको फल पाएनन् ?
5. कहिले श्रमिकको जीवन सुखमय हुने आशा छ ?

शब्दावली VOCABULARY

चिया	tea	सुन्दर	beautiful
पहाडी	hilly	संसार प्रसिद्ध	world famous
प्रेमी	lover	पेय	drink
उद्योग	industry	अठारौं शताब्दी	eighteenth century
चिया बगान	tea garden	श्रमिक	labourer
आजीविका	livelihood	काम-धन्दा	occupation
सहमत	of the same opinion	प्रयास	effort
प्राकृतिक सुन्दरता	natural beauty	देश	country
निर्यात	export	सरकार	government
भलाइ	welfare	कदम	step
उपाय	means, measure	सुखमय	pleasant
पर्यटन स्थल	tourist spot	लोभी	miser
देश-विदेश	home and abroad	सहयोग	help
चाखेको	tasted	रुचाउँछु	(I) like, prefer
रमाइरहेका	enjoying	नाम कमाउनु	to earn reputation

टिप्पणी NOTES

5.26.1. Sentences with past perfect and future perfect are introduced.

यस ठाउँमा आउनुभन्दा पहिले तपाईंले दार्जीलिङको बारेमा सुन्नु भएको थियो?	Before coming to this place had you ever heard of Darjeeling?
दार्जीलिङका मानिसहरूले कठोर परिश्रम गरेका थिए ।	Darjeeling people had worked hard.

तीन-चार वर्षभित्रमा श्रमिकहरूको जीवन सुखमय हुनेछ ।	Within three or four years laboures' condition would have improved.
भोलि यस बेलासम्ममा तपाईंले दार्जीलिङका महत्त्वपूर्ण पर्यटन स्थान हेरिसिध्याउनु हुनेछ	Tomorrow by this time you would have seen all the important tourist spots in Darjeeling.
तिमीले यसबारे जानेका थियौ होला।	You might have known about it.
म दार्जीलिङ आएको थिइनँ।	I had not come to Darjeeling.

5.26.2. For the formation of the past perfect affirmative the suffixes -एको, -एका, -एकी are added between the verb root and appropriate form among -थियो, -थिइस्, -थिएँ, -थियौं, -थिई, -थिइन्, -थिए or their negatives as per person, number, gender and context.

मैले देखेको थिएँ / थिइनँ।	I had seen / not seen. (1st per/ sing)
हामीले देखेका थियौं / थिएनौं।	We had seen / not seen. (1st per/ pl)
तैंले देखेको थिइस् / थिइनस्।	You had seen / not seen. (2nd per/ sing/ non hon /masc)
तैंले देखेकी थिइस् / थिइनस्।	You had seen/ not seen. (2nd per sing non hon fem)
तिमीले देखेका थियौ / थिएनौ।	You had seen/ not seen. (2nd per/ sing/ mid hon/ masc)
तिमीले देखेकी थियौ / थिइनौ।	You had seen/ not seen. (2nd per sing/ mid hon/ fem)
तिमीहरूले देखेका थियौ/ थिएनौ।	You had seen/ not seen. (2nd per/ pl/ mid hon /non hon /masc / fem)
तपाईं / तपाईंहरूले देख्नु भएको थियो/थिएन।	You had seen / not seen. (3rd per sing / pl / high hon/ masc / fem)
उसले देखेको थियो / थिएन।	He had seen /not seen. (3rd per/ sing/ mid non/ hon/ masc)
उसले देखेकी थिई / थिइन।	She had seen / not seen. (3rd per sing/ mid non/ hon / fem)
उनले देखेका थिए / थिएनन्।	He had seen /not seen. (3rd per /sing/ mid hon / masc)
उनले देखेकी थिइन् / थिइनन्।	She had seen /not seen. (3rd per sing mid hon fem)
उनीहरूले देखेका थिए।	They had seen / not seen. (3rd per pl mid hon/ non hon masc/ fem)
उहाँले / उहाँहरूले देख्नुभएको थियो / थिएन।	He /She/They had seen /not seen. (3rd per sing / pl high hon masc / fem)

5.26.3. For future perfect/affirmative/negative sentences in Nepali the perfect suffix ने, नुहुने are added between the verbroot and future affirmative/negative forms of verb छ.

म (मैले) हेर्ने थिएँ / थिइनँ	I would have looked / not have looked.
तपाईंले हेर्नु हुने थियो / थिएन	You would have looked / not looked.
उसले हेर्ने थियो / थिएन	He would have looked / not have looked.
उनीहरूले हेर्ने थिए / थिएनन्	They would have looked / not have looked.

5.26.4. Please note the following.

There are no separate words for eating and drinking in Nepali. The root **खा** covers both. That is why **खा** means to consume, rather than to eat only

रोटी खानु	to eat bread	चिया खानु	to take tea
भात खानु	to eat rice	कफी खानु	to have coffee
दुध खानु	to drink milk	सुर्ती खानु	to chew tabacco
पानी खानु	to drink water	सिग्रेट खानु	to smoke cigaratte

एकाइँ 5
Unit 5

पाठ - २७
Lesson - 27

प्रयास
Effort

संवाद DIALOGUE

प्रवक्ता : तिमीहरू अहिले एच.एस. पहिलो वर्षका छात्र-छात्रा हौ। यो तिमीहरूको दोस्रो क्लास हो। परिचय हिजै भयो। अब तिमीहरूबीच कसैले केही कुरा भन्नुपर्छ। कलेज आउन के-के प्रयास गरेका थियौ ? आज तीन-चार जनाले भन त ।

Lecturer: You are now the students of H.S. first year. This is your second class. Introduction was over yesterday. Now some of you have to tell me something. What efforts had you made to come to college? Today three or four of you please tell.

मल्लिका: सर, म जसरी पनि कलेज आउन चाहन्थें। त्यसैले म घरमा सधैं कम्तिमा छ घण्टा पढ्थें। कहिल्यै क्लास छोड्दिनथें । हाम्रो चार जनाको दल थियो। हामी प्रायः सँगै स्कूल जान्थ्यौं। जसरी पनि कलेज पुग्नु छ भन्ने गथ्यौं। त्यसकारण मजाले पढ्थ्यौं । अनि राम्ररी पास पनि भयौं। हामी नचाहिँदो काम कहिल्यै गर्दैनथ्यौं। त्यसैले हामीलाई स्कूलमा सबैले माया गर्थे।

Mallika : Sir, I wanted to come to collage at any cost. So I used to study at home at least six hours. I never used to be absent in the class. We were a group of four. We used to go to school together. We used to think that we had to get admission to college anyhow. So (we) used to study seriously. And we passed the examination creditably. We never used to do any unfair work. So everybody at school used to love us.

मनिषा : म चाहिँ धेरै पढ्दिनथें। मेरो धेरै पढने फुर्सद पनि हुँदैन्थ्यो। म घरकी ठूली छोरी हुँ। भाइ-बहिनीको हेरचाह गर्नुपर्थ्यो। अहिले पनि उनीहरूको हेरचाह गनु पर्दै छ। भविष्यमा पनि गर्नु पर्ला। बाबा घरमा हुनुहुन्न। आमा बिहानै उठ्नु हुन्थ्यो । र पनि सबै थोक भ्याउनु हुन्नथ्यो। त्यसैले मैले

Manisha: I never used to study so much. I never used to have so much time to study. I am the eldest daughter of the family. I used to look after my brothers and sisters. Still I look after them. I may have to continue doing it in future also. Father is not at home. Mother used to get up early in the morning. Even then she was not able to do everything. So I used to help her. A great desire to join

सघाउनु पर्थ्यो। उता कलेज आउने धोको छँदै थियो। त्यसले बिहान चार बजे उठ्ने गर्थे र पढ्थें। अहिले पनि मेरो रूटिन त्यही छ।

college was there also. So daily at 4' o clock I used to get up and read. Even now also my routine is the same.

अर्जुन : सर म त यहाँ पछाड़ि बसेको छु। स्कूलमा पनि पछाडि बस्थें। तर क्लासमा चाहिँ खुबै ध्यान दिन्थें। क्लासमा पढेकाले मलाई पुग्थ्यो। घरमा धेरै पढदिनथें। स्कूल छुट्टी भएपछि केही फुर्सद हुन्थ्यो। साथीहरू खेल्न जान्थे। म पनि पछि लाग्थें। उनीहरू मलाई नलिई जाँदैनन्थे। अहिले पनि मलाई लाने गर्छन्। भविष्यमा पनि लाने गर्छन् होला। कलेज आउने रहरले सबै परीक्षा अघि घुँडा धसेर पढ्थें र पास पनि हुन्थें।

Arjun : Sir, I have occupied the back seat here. In the school also I used to occupy the back seat. But I used to pay attention to the class. Class-reading used to be enough for me. I never used to study much at home. There used to be free time after school. Friends used to go to play. I also used to follow them. They never used to go without taking me. Even now they take me with them. They may take me in future also. In the hope of coming to College I used to study hard before every examination and used to pass also.

मञ्जु : मेरी आमाले सधैं मलाई बिहान बिउँझाइदिनु-हुन्थ्यो। बिहान पढेको कुरा मनमा रहन्छ भन्नुहुन्थ्यो। म पनि त्यसै गर्थें। अहिले चाहिँ म आफै बिहान उठ्ने गर्छु।

Manju : My mother used to wake me up early in the morning. She used to say that what ever was learnt in the morning, lasts long. I also used to do the same. Now a-days I myself get up early.

प्रवक्ता : अर्थात् तिमीहरू कलेज आउन मेहनत गर्दथ्यौ। राम्रो प्रयास गरेका रहेछौ। सबैको एकै खाले सुविधा हुँदैन। तरपनि प्रयास गर्नुपर्छ। भविष्यमा उच्च शिक्षा लिन झन चेष्टा गर्ने गर्नुपर्छ। म अचेल पनि 2 / 4 घण्टा घरमा पढने गर्छु। तिमीहरू पनि सधैं घरमा चार-पाँच घण्टा पढ़ने गर्नू। लौ त, अब केही जरूरी किताबहरूको नाम लेख । तिमीहरूले किन्नुपर्छ र राम्ररी पढ्नुपर्छ ।

Lecturer: That means all of you used to labour hard to come to college. Well done. Everybody has no equal advantage. Even then you have to try. You have to try even harder for getting higher education in future. Even now I (use to) study two to four hours at home. You are also advised to study four or five hours at home daily. O.K. Now write down the names of some important books. You have to purchase and read them well.

सबै : हवोस सर ! All : O.K. Sir.

मौखिक अभ्यास DRILLS

I. आवृति अभ्यास Repetition Drill

1. म जसरी पनि कलेज आउन चाहन्थें।
2. म त अचेल धेरै पढने गर्छु।
3. अहिले मैले उनीहरूको हेरचाह गर्नु पर्दै छ।
4. हामी कलेज पुग्नु छ भन्थ्यौं।
5. हामी नचाहिँदो काम गर्दैन्थ्यौं।
6. सबैले हामीलाई स्कूलमा माया गर्थे।
7. उनीहरू मलाई नलिई जाँदैनन्थे।
8. तिमीहरू पनि सधै चार-पाँच घण्टा पढने गर्नू।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model चाहन्थें।
आउन
आउन चाहन्थें।
कलेज
कलेज आउन चाहन्थें।
जसरी पनि
जसरी पनि कलेज आउन चाहन्थें।
म
म जसरी पनि कलेज आउन चाहन्थें।

1. पढदिनथें।
धेरै पढदिन थें।
घरमा धेरै पढदिनथें।
म चाहिं घरमा धेरै पढदिनथें।

2. गर्नु पर्दै छ।
हेरचाह गर्नु पर्दै छ।
उनीहरूको हरेचाह गर्नु पर्दै छ।
अहिले पनि उनीहरूको हेरचाह गर्नु पर्दै छ।
मैले अहिले पनि उनीहरूको हेरचाह गर्नु पर्दै छ।

3. भन्नुहुन्थ्यो।
रहन्छ भन्नुहुन्थ्यो।
मनमा रहन्छ भन्नुहुन्थ्यो।
कुरा मनमा रहन्छ भन्नुहुन्थ्यो।
पढेका कुरा मनमा रहन्छ भन्नुहुन्थ्यो।
बिहान पढेका कुरा मनमा रहन्छ भन्नुहुन्थ्यो।

4. पढने गर्छु।
घरमा पढने गर्छु।
4 घण्टा घरमा पढने गर्छु।
भोलिदेखि 4 घण्टा घरमा पढने गर्छु।
म भोलिदेखि 4 घण्टा घरमा पढने गर्छु।

III. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model

मैले सघाउनु पर्थ्यो।
काममा
मैले काममा सघाउनु पर्थ्यो।
घरको
मैले घरको काममा सघाउनु पर्थ्यो।
आमालाई
मैले आमालाई घरको काममा सघाउनु पर्थ्यो।

1. हामी स्कूल जान्थ्यौं।
   हामी सँगै स्कूल जान्थ्यौं।
   हामी सबै सँगै स्कूल जान्थ्यौं।
   त्यसबेला हामी सबै सँगै स्कूल जान्थ्यौं।

2. उनीहरू जान्थे।
   उनीहरू खेल्न जान्थे।
   उनीहरू सधैं खेल्न जान्थे।
   उनीहरू सधैं साँझ खेल्न जान्थे।
   उनीहरू सधैं साँझ मैदानमा खेल्न जान्थें ।

3. म उठ्ने गर्छु।
   म एकाबिहानै उठ्ने गर्छु।
   म अचेल एकाबिहानै उठ्ने गर्छु।
   म त अचेल घरमा एकाबिहानै उठ्ने गर्छु।

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a.

म घरमा धेरै काम गर्थे।
म घरमा धेरै काम गर्दिनथें।

1. म टेक्स बुक्स र नोट्स बुक्स दुवै पढ्थें।
2. म क्रिकेट खेल्थें।
3. म भात पकाउन जान्दथें।
4. म सानामा सधैं झगडा गर्थे।
5. घरमा म बिहान बेलुका पूजा कोठामा बस्थें।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. म जसरी पनि कलेज आउन _____। (चाहनु, चाहन्थें, चाह्)
2. म घरमा सधै _____ छ घण्टा पढ्थें। (कम्तिमा, सधैं, थोरै)
3. हामी प्रायः सधै ____ स्कूल जान्थ्यौं। (सँगै, सित, सत्र)
4. उनीहरूको ____ गर्नु पर्दै छ। (हरेचाह, भविष्य, भ्याउनु)
5. आमा बिहानै उठ्नुहुन्थ्यो तरपनि _____ भ्याउनुहुन्नथ्यो। (सबै थोक, धोको, फुर्सद)

II Complete the sentences using the appropriate forms of the words given.

1. सानामा म घरमा धेरै ___। (पढ्)
2. उनीहरू खेल्न जाने _____। (गर्)
3. आमाले सबै काम गर्न _____। (भ्याउ)
4. हामी सँगै डुल्न _____। (जा)
5. सरहरूले हामीलाई धेरै माया _____। (गर्)

III. Complete the sentences using the appropriate words.

1. म चाहिँ धेरै _____।
2. म घरकी ठूली छोरी हुँ, त्यसैले धेरै काम _____।
3. हाम्रो चार जनाको ____ थियो।
4. हामी _____ काम कहिल्यै गर्दैन्थ्यौं।
5. मेरो धेरै पढने ____ पनि हुँदैन्थ्यो।
6. हामी जसरी पनि कलेज पुग्नु छ भन्ने ____।
7. उनी सधैं चार _____ उठ्थे।
8. भविष्यमा उच्च-शिक्षा लिन _____ राम्ररी पढनुपर्छ।
9. तिमीहरूले राम्रा किताब _____।
10. म अचेल बिहान ____ पढने गर्छु।

IV. Rearrange the words and make sentences.

1. घरमा, उठ्थें, म, बजे, पाँच
2. त्यसपछि, धुन्थें, हात मुख, र, खान्थें, चिया
3. बिहान, सधैं, काम, घरको, गरिदिन्थें
4. म, त, खान्थें, पानी, गिलास, दुई, सधैं, बिहान
5. सुन्थें, टी.भी-मा, सधैं, खबर, म

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. घरमा धेर को पढदैन्थ्यो ?
2. कसले पहिला सरको प्रश्नको उत्तर दियो ?
3. को स्कूलमा पछाडि बस्थ्यो ?
4. घरमा कसले मञ्जुलाई बिउँझाइदिन्थ्यो ?
5. को घुँडा धसेर पढ्थ्यो ?
6. छुट्टी भएपछि के हुन्थ्यो ?
7. को नचाहिँदो काम गर्दैनथ्यो ?
8. कसको धेरै-फुर्सद हुँदैनथ्यो ?
9. को राम्ररी पास भयो ?
10. एच.एस.पहिलो वर्षका छात्र-छात्राहरू को-को हुन् ?

VI. Give the synonyms for the words given and use them in sentences.
झन, बिउँझिन्छु, ध्यान, मनमा, हवस, रपनि, घुँडा धसेर, धोको, हेरचाह, थोरैमा, जसरी पनि , प्यार

शब्दावली VOCABULARY

प्रवक्ता	lecturer	कम्तीमा	at least
घण्टा	hour	दल	group
हेरचाह	looking after	हेरविचार	take care
भविष्य	future	धोको	desire, ambition
अर्थात्	that means	सुविधा	advantage
उच्च शिक्षा	higher education	झन	more
जरूरी	important, essential	भ्याउनु	to get time to do
घुँडा धसेर	trying one's level best (phrase)	पछाडि	back, behind

टिप्पणी NOTES

5.27.1. Sentences with verbs indicating habitual past, present and future are introduced here.

हामी सँगै स्कूल जान्थ्यौं	We used to go to school together.
सबैले हामीलाई स्कूलमा माया गर्थे	Everybody in school used to love us.
अहिले पनि उनीहरूको हेरचाह गर्नु पर्दै छ	Even now I have to keep looking after them.
म घरमा कम्तिको पनि छ घण्टा पढ़ने गर्छु	I read at home at least six hours. (I keep reading at home at least six hours)
सायद भविष्यमा पनि गरिरहनु पर्नेछ	Probably I shall have to continue to do so in future also.
म जसरी पनि कलेज पुग्नु छ भन्ने गर्नेछु	Will continue to say that I will have to join the college at any cost.

5.27.2. i) It may be noted that the suffixes -थें,-थ्यौं,-थ्यौ,-नुहुन्थ्यो etc. are added after the verb root for habitual past.

Verb root + Suffix.

उठ्	+ थें	>	उठ्थें, म उठ्थें	(I) used to get up.
जा	+ थ्यौं	>	जान्थ्यौं, हामी जान्थ्यौं	(We) used to go.
बिउँझाउ	+ नुहुन्थ्यो	>	बिउँझाउन् हुन्थ्यो, आमाले मलाई बिउँझाउनु हुन्थ्यो ।	Mother used to wake me up.

ii) It is also seen that the past habitual sentences are formed in the following way also. verb root + infinitive marker (ने) + auxiliary verb root (गर) + the appropriate past tense form of छ verb.

भन् + ने + गर् + थ्यौं,	भन्ने गथ्र्यौं	(We) used to say.
उठ + ने + गर् + थें,	उठ्ने गर्थें	(I) used to get up.

5.27.3. Look at the formation of the present habitual action.

Verb root + infinitive marker (नु / ने) + auxiliary verb (पर् / गर्) + the appropriate present tense form of छ verb.

गर् + नु + पर् + दै छ > मैले गर्नु पदै छ।

उठ् + ने + गर् + छु > म बिहन उठ्ने गर्छु।

5.27.4. It may be noted that sentences of future habitual action are formed in the following way.

Verb root + infinitive marker + Auxiliary verb + appropriate present tense form of छ verb.

ला(लग्)+ने +गर्+छन्> लाने गर्छन्,उनीहरू मलाई लाने गर्छन् They take me.
(They will have the habit of taking me)

भन्+ने+गर्+छन् > भन्ने गर्छन्, सबैले भन्ने गर्छन् All say that.
(All will have the habit of saying)

Look at the paradigm of the habitual past.

म पढ्थें / पढ्दिनथें।	I used to read / I never used to read.
हामी पढ्थ्यौं / पढ्दैनथ्यौं।	We used to read / We never used to read.
तँ पढ्थिस् / पढ्दिनथिस्।	You used to read / never used to read. (singular non honorific feminine)
तँ पढ्थिस् / पढ्दैनथिस्।	You used to read / you never used to read. (singular non honorific masculine)
तिमी पढ्थ्यौ / पढ्दिनथ्यौ।	You used to read / never used to read) (singular middle honorific feminine)
तिमी पढ्थ्यौ / पढ्दैन्थ्यौ।	You used to read / never used to read (singular middle honorific masculine)
तिमीहरू पढ्थ्यौं / पढ्दैन्थ्यौ।	You used to read /you never used to read. (plural middle honorific non honorific mas / fem)
तपाईं पढ्नुहुथ्यौं / पढ्नुहुन्नथ्यो।	You used to read/ never used to read (singular high honorific masculine / feminine)
तपाईंहरू पढ्नुहुन्थ्यो / पढ्नुहुन्नथ्यो।	You used to read / never used to read. (plural high honorific masculine feminine)
ऊ पढ्थ्यो / पढ्दैन्थ्यो।	He used to read / never used to read. (singular non honorific masculine)
ऊ पढ्थी / पढ्दिनथी ।	She used to read / never used to read. (singular non honorific feminine)

उनी पढ्थे / पढ्दैनन्थे।	He used to read / never used to read. (singular middle honorific masculine)
उनी पढ्थिइन् / पढ्दिनथिइन्।	She used to read / never used to read.
उनीहरू पढ्थे / पढ्दैनथिए।	They used to read / never used to read. (plural middle / non honorific masculine / feminine)
उहाँ / उहाँहरू पढ्नुहुन्थ्यो / पढ्नु हुन्नथ्यो	He/She/They used to read / never used to read. (sing or pl high non hon masc/fem)

एकाइँ ५ Unit 5

पाठ - २८ Lesson - 28

उधारो नल्याउनू
Don't bring on Credit

संवाद DIALOGUE

धने	: ए मैना, घिमिरेकहाँ खसी काट्छन् अरे। ल्याऊँ ?	Dhane : Aye Maina, it is heard, Ghimire is killing a goat. Shall I bring some meat?
मैना	: दिन्छन् भने ल्याउनू। तर उधारो चाहिँ नल्याउनू है।	Maina : If they sell, you do. But don't bring on credit.
धने	: दिन्छन् होला। पैसा तुरन्तै चाँहिदैन होला। चाहिन्छ भन्छन् भने दिऊँला। ऐ, दूध छ भने चिया पका न। तलतल लाग्यो।	Dhane : He may sell. He may not ask for money instantly. If he asks for I'll give him. Aye, if there is some milk prepare some tea. I felt / feel having tea..
मैना	: दूध त छ तर चिनी छैन। दोकान जान्छौ भने चिया खान पाउँछौ।	Maina : Milk is there but no sugar. If you are going to the shop you may have tea.
धने	: त्यसो भए, दोकान गइनँ भने, चिया नपाउने रहेछु। हुन्छ। म दोकान जाँदै छु। नभए म चिया खानै पाउँदिनँ।	Dhane : That means, if I will not go. I won't get tea. O.K. I am going to the shop. Otherwise I won't get.
पसले	: धने भाइ के दिऊँ ? छ भने दिन्छु। छैन भने छैन भन्छु।	Shopkeeper: Brother Dhane, what shall I give you? I may give you what I have. If I don't have, I'll say I don't have.
धने	: आधा केजी.चिनी दिनुहोस् न।	Dhane : Please give me half K.g. Sugar.
पसले	: हेरौं है त। छ भने दिन्छु। ए, रहेछ। यी लैजाऊ।	Shopkeeper: Let me see. If there is I will give. Yes, it is there. Please you take. (You may take it).
धने	: दाइ, पैसा पनि छ भने मात्र दिन्छु।	Dhane : Brother, money too, if there is I will do.

पसले	: केही कुरा छैन। म तिमीलाई राम्ररी चिन्दछु / तिमी मलाई ठग्दैनौं।	Shopkeeper :	Never mind. I know you well. You will not cheat me.
मैना	: चिनी ल्यायौ ? एकछिन बस। म चिया पकाउँछु। अनि घिमिरेकहाँ गयौ भने दाहाल काकाकहाँ पनि जानू ल। नभए रिसाउँछन्। तिमीहरू आएनौ भने, हामी पनि आउँदैनौं भन्दै थिए।	Maina	: Have you brought sugar? Wait a minute. I will prepare tea and if you go to Ghimire please go to Dahal uncle also. Otherwise he will get angry. They were telling me that if we did not go to them they won't come to us too.
धने	: हुन्छ। तर भ्याएँ भने मात्र जान्छु। उहीं ढिलो भयो भने कसरी जानु ?	Dhane	: O.K. If I get time I will go. But if I am delayed how can I go?
मैना	: पैसा छ भने मसला पनि ल्याउनू है। खोर्सानी पनि छैन। खोर्सानी छैन भने स्वादै हुँदैन। खोइ त गएको ?	Maina	: If you have money you have to (You please bring) bring spices also. There are no chillis either. If chilli is not there it will be tasteless. Have you not yet gone ?
धने	: अँ हौ। जान्छु।	Dhane	: Yes, I am going.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. उनीहरूले दिन्छन् भने ल्याउनू।
2. पैसा चाहिन्छ भन्छन् भने दिऊँला।
3. मैना दूध छ भने चिया पका न।
4. तिमी दोकान जान्छौ भने चिया खान पाउँछौ।
5. मसँग छ भने दिन्छु।
6. मसँग छैन भने छैन भन्छु।
7. घिमिरेकहाँ गयौ भने दाहाल काकाकहाँ पनि जानू।
8. म भ्याएँ भने मात्र जान्छु।
9. तिमीसित पैसा छ भने मसला पनि ल्याउनू है।
10. खोर्सानी छैन भने स्वादै हुँदैन।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

ल्याउनू।
दिन्छन् भने
दिन्छन् भने ल्याउनू।
बाँकी
बाँकी दिन्छन् भने ल्याउनू।
उनीहरूले
उनीहरूले बाँकी दिन्छन् भने ल्याउनू।

1. दिऊँला
   भन्छन् भने दिऊँला।
   चाहिन्छ भन्छन् भने दिऊँला।
   तुरन्त चाहिन्छ भन्छन् भने दिऊँला।
   पैसा तुरन्त चाहिन्छ भन्छन् भने दिऊँला।
   उनीहरूले पैसा तुरन्त चाहिन्छ भन्छन् भने दिऊँला।

2. दिन्छु।
   छ भने त दिन्छु।
   मसँग छ भने त दिन्छु।
   अहिले मसँग छ भने त दिन्छु।

3. पाउँछौ।
   खान पाउँछौ ।
   चिया खान पाउँछौ ।
   जान्छौ भने चिया खान पाउँछौ ।
   दोकान जान्छौ भने चिया खान पाउँछौ ।
   तिमी दोकान जान्छौ भने चिया खान पाउँछौ ।

4. जानू ल।
   काकाकहाँ पनि जानू ल।
   दाहाल काकाकहाँ पनि जानू ल।
   गयौ भने दाहाल काकाकहाँ पनि जानू ल।
   घिमिरेकहाँ गयौ भने दाहाल काकाकहाँ पनि जानू ल।
   आज घिमिरेकहाँ गयौ भने दाहाल काकाकहाँ पनि जानू ल।

5. जानु ?
   कसरी जानु ?
   भयो भने कसरी जानु ?
   ढिलो भयो भने कसरी जानु ?
   उहीं ढिलो भयो भने कसरी जानु ?

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model छैन भने छैन भन्छु।
रहेनछ
रहेनछ भने छैन भन्छु।

1. छ भने दिन्छु।
रहेछ
पुग्छ
हुन्छ
चाहिन्छ
लान्छौ

2. दुध छ भने चिया पका।
चिनी
फुर्सद
इच्छा

3. दोकान जान्छौ भने चिया खान पाउँछौ।
भात
रोटी

4. पैसा छ भते मसला पनि ल्याउनू है।
चिनी
भिन्डी
बैगुन
काँक्रो
दूध

5. प्रकाश दाइ के दिऊँ ?
गरूँ ?
खाऊँ ?
भनूँ ?
ल्याऊँ ?
हेरूँ ?

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model छ भने दिन्छु।
मसँग
मसँग छ भने दिन्छु।
तपाईंलाई
मसँग छ भने तपाईलाई दिन्छु।
मात्र
मसँग छ भने मात्र तपाईलाई दिन्छु।

1. तिमीसित पैसा छ भने किन।
तिमीसित पैसा छ भने मात्र किन।
तिमीसित पैसा छ भने मात्र आज किन।

2. म जान्छु।
म भ्याएँ भने जान्छु।
म भ्याएँ भने मात्र बजार जान्छु।
आज म भ्याएँ भने मात्र बजार जान्छु।

3. तिमी खान पाउँछौ।
   तिमी चिया खान पाउँछौ।
   तिमी गयौ भने चिया खान पाउँछौ।
   तिमी दोकान गयौ भने चिया खान पाउँछौ।
   अहिले तिमी दोकान गयौ भने चिया खान पाउछौ।

V. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model
पैसा छ भने मसला ल्याउनू।
पैसा छैन भने मसला नल्याउनू।

1. काम छ भने यहाँ आउनू।
2. विश्वास छ भने काम गर्नू।
3. ज्ञान छ भने सल्लाह दिनू।
4. कुरा राम्रो छ भने सबैलाई भन्नू।
5. कथावस्तु उत्कृष्ट छ भने पढनू।

VI. रूप-परिवर्तन अभ्यास Conversion Drill

नमूना Model
तिमी दोकान जान्छौ भने चिया खान पाउछौ।
तपाईं दोकान जानुहुन्छ भने चिया खान पाउनुहुन्छ।

1. तिमी राम्ररी पढछौ भने राम्ररी पास गर्छौ।
2. तिमी त्यहाँ जान्छौ भने धेरै ज्ञान पाउँछौ।
3. तिमी यहाँ आउँछौ भने बस्न पाउँछौ।
4. तिमी डुल्न जान्छौ भने धेरै थोक हेर्न पाउँछौ।
5. तिमी भाषण सुन्छौ भने त्यहाँ जान पाउँछौ।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. तिमी दोकान जान्छौ _____ चिया खान पाउँछौ। (भनेर, भने, भनी)
2. मसँग _____ भने छ भन्छु। (छ, छैन, छन्)
3. तिमीलाई म _____ चिन्दछु (राम्ररी, राम्री, राम्रा)
4. उनीहरू पैसा चाहिन्छ ____ भने दिऊँला। (भन्छन्, भन्, भनूँ)
5. मलाई त _____ लाग्यो, चिया खाऊँ न । (तलतल, तल, तलतिर)

II Complete the sentences using the appropriate forms of the words given.

1. मासुको पैसा तुरुन्त _____ भन्छन् भने दिऊँला। (चाह्)
2. म त तपाईंलाई राम्ररी ___। (चिन्)
3. धने दाइ, तपाईंलाई के _____ ? (दि)
4. तपाईंसित पैसा छ भने किताब पनि _____। (किन्)
5. भोलि तिमीहरू डुल्न ____ भने म पनि जान्छु। (जा)

III. Complete the sentences using the appropriate words.

1. मेरो उहीं ढिलो भयो भने म त्यहाँ कसरी _____ ?
2. उनीहरू --- थिए।
3. दूध छ म चिया _____ है।
4. म दोकान जान्छु _____ चिया खान पाउँदिनँ।
5. तिम्री राम्रो _____ नभए रिजल्ट राम्रो हुँदैन।

IV. Rewrite as directed.

1. मैले राम्रो पढिनँ भने म पास हुन्न। (Change into plural).
2. धने जान्छ भने म पनि जान्छु। (Change the underlined noun into suitable pronoun).
3. राधा, दूध त छैन र पनि चिया पका। (Change into high honorific).
4. मसित पैसा छैन तापनि तपाईंलाई दिन्न। (Change into affirmative).
5. भोलि हामी क्लासमा हुन्छौ। (Change into negative).

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. कसकॉ खसी काट्छन् अरे ?
2. धनेलाई के लाग्यो अरे ?
3. धनेले पसलेसित कति चिनी माग्यो ?
4. पसलेले कसलाई राम्रो चिन्दछ ?
5. मैनाले धनेलाई पैसा छ भने के ल्याउन भनी ?
6. कसले कसलाई ठग्दैन ?
7. धने भ्यायो भने कसकॉ जान्छ अरे ?
8. खोर्सानी नभए के हुँदैन ?
9. पसलेले धनेलाई के भनेर बोलाउँछ ?
10. पसलको समार्थक शब्द के हो ?

शब्दावली VOCABULARY

खसी	(castrated) he-goat	उधारो	on credit
तुरन्तै	immediately	चिनी	sugar
पर्ख	wait	स्वाद	taste
पर्खिनु	to wait	ढिलो	late
मसला	spices	खोर्सानी	chilli
चिन्दछु	var.चिन्छु,(I) know (person)	चिन्नु	to recognize
रिसाउँछन्	get angry	भ्याएँ भने	if (I) get time
रिसाउनु	to get angree	ठग्नु	to cheat
खसी काट्नु	to cut (kill) a goat	घिमिरे,दाहाल	surnames
चिया पकाउनु	to cook (prepare) tea	चिया खानु	to eat (drink) tea
खोइ	an expression of inquiry, depression .		

भने	a conjunction, meaning if.
इ	this (expressed while showing a thing which is proximity)
उ	that (showing a thing which is remote)
दाइ	brother (here, not a relative but a term of addressing elder ones)

टिप्पणी NOTES

5.28.1. Sentences with the verb indicating present (simple) conditional are introduced here.

दिन्छन् भने ल्याउनू।	If they give bring (it)
दोकान गयौ भने चिया खान पाउँछौ।	If you go to the shop you will get tea.

Note that conditional sentences are formed by adding the word भने (if). This conditional word is added in between two clauses.

मसँग छ भने दिन्छु।	If I have I will give.
पैसा छ भने मसला पनि ल्याउनू।	If you have money bring spices also.

5.28.2. Some of the infinitive forms are often used to give command but they are spelt differently. e.g.

ल्याउनू	bring	(infinitive forms is ल्याउनु)
नल्याउनू	don't bring	(infinitive form is नल्याउनु)
जानू	go	(infinitive form is जानु)

एकाइँ ५
Unit 5

पाठ - २९
Lesson - 29

बबिताको जन्मदिन
Babita's birthday

संवाद DIALOGUE

मोहन छेत्री	: लक्ष्मी, हिजो तिमीहरू किन आएनौ ? मेरी छोरी नराम्रो मान्दै थिई। आएको भए राम्रो लाग्ने थियो।	Mohan Chhetry: Lakshmi why didn't you come yesterday ? My daughter was feeling sad. If you had come, it would have been nice.
लक्ष्मी	: माफ गर साथी। हिजो अचानक पाहुना आए। पाहुना नआएका भए हामी तिम्रो घरमा पक्का आउने थियौं। पाहुनाले आउने सूचना दिएका भए उनीहरूलाई पछि आउनू भन्ने थिएँ ।	Lakshmi : Excuse me friend. Yesterday all of a sudden some guests came. If they hadn't come, we would certainly have come to your house. If the guest had informed us earlier about their arrival I would have told them to come later.
मोहन	: तिमीहरू आएका भए जन्मदिन मनाउने नयाँ तरिका पनि देख्ने थियौ। पिङ्कीले देखेकी भए उसलाई पनि राम्रो लाग्ने थियो होला।	Mohan : If you had come, you would have seen a new way of celebrating birthday. If Pinki had seen it she would certainly liked it.
लक्ष्मी	: पिङ्की पनि भुतभुताइरहेकी थिई। के गर्नू! लु भन त जन्मदिन मनाउने नयाँ तरिका के थियो ?	Lakshmi : Pinky was also grumbling. What to do ? Tell me, what was the new way of celebrating the birthday
मोहन	: तरिका पछि भनौंला। हिजो तिमीहरूकहाँ साँच्चै पाहुना आएका भए उनीहरूलाई पनि ल्याउनु पर्थ्यो नि।	Mohan : I will tell you the new way later. If you had guests you should have brought them also.

लक्ष्मी	: मान न । छ जनाभन्दा धेरै आएका थिए, नभए पिङ्कीले उत्पात गर्दिनथिई होला त ?	Lakshmi	: Believe me ! We had more than six guests. Otherwise wouldn't Pinky trouble us ?
मोहन	: ल ठीकै छ। मैले मानें ! तर अरू बेला चाहिँ यस्तो नहोस्।	Mohan	: O.K. I agreed. But next time let it not be like this..
लक्ष्मी	: हुन्छ। नयाँ तरिका चाहिँ भन त।	Lakshmi	: O.K, tell me the new way (of celebration) ?
मोहन	: मलाई केक काट्न, हेप्पी बर्थ डे टू यू भन्न मैनबत्ती फुक्न पटक्कै राम्रो लाग्दैन। त्यसैले हामी सबै मन्दिर गयौं। पूजा गर्‌यौं। बबितालाई उहीं चामलको टीका लगाएर आशीर्वाद दियौं। उसको उत्तरोत्तर प्रगतिको कामना गर्‌यौं। अनि फर्केर आयौं । हामीले करिब दश जना जति गरीब कटाकेटी बोलाएका थियौं । बबिताले खानेकुरा बाँडी। अनि हामी पनि सबै सँगै बस्यौं र खायौं । केटाकेटीहरू ज्यादै खुसी भए।	Mohan	: I don't like cutting cake, shouting Happy birthday, blowing off the candle etc. So all of us went to the temple. We worshipped there. We blessed our Babita putting 'Chamal ko tika' on her forehead. We wished her greater progress. And we came back. We had invited about ten poor children. Babita served them food. We all sat together and ate. The children were very happy.
लक्ष्मी	: यो नयाँ तरिका वास्तवमा हाम्रो पुरानै चलन हो। त्यो त हाम्रो संस्कृति पनि हो ।	Lakshmi	: This new way is really our old way. This is our culture also.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. तिमी आएको भए राम्रो लाग्ने थियो।
2. केटाकेटीहरू सारै खुसी भए।

3. पाहुनाले आउने सूचना दिएका भए उनीहरूलाई पछि आउनू भन्ने थिएँ।
4. तिमीहरू आएका भए जन्मदिन मनाउने नयाँ तरिका पनि देख्ने थियौ।
5. पिङकीले देखेकी भए उसलाई पनि राम्रो लाग्ने थियो होला।
6. पाहुना नआएका भए हामी तिम्रो घरमा पक्का आउने थियौं।
7. पाहुना नआएका भए छोरीले उत्पात गर्दिनथिई होला त ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

लाग्न थियो।
राम्रो
राम्रो लाग्ने थियो।

आएको भए
आएको भए राम्रो लाग्ने थियो।
जन्मदिनमा
जन्मदिनमा आएको भए राम्रो लाग्ने थियो
पिङ्कीको
पिङ्कीको जन्मदिनमा आएको भए राम्रो लाग्ने थियो
तिमी
तिमी पिङ्कीको जन्मदिनमा आएको भए राम्रो लाग्ने थियो।

1. आउने थियौं।
   पक्का आउने थियौं।
   घरमा पक्का आउने थियौं।
   तिम्रो घरमा पक्का आउने थियौं।
   हामी तिम्रो घरमा पक्का आउने थियौं।
   नआएका भए हामी तिम्रो घरमा पक्का आउने थियौं।
   पाहुना नआएका भए हामी तिम्रो घरमा पक्का आउने थियौं।

2. गर्दिनथिई होला ?
   उत्पात गर्दिनथिई होला ?
   पिङ्कीले उत्पात ग्रदिनथिई होला ?
   आएका भए पिङ्कीले उत्पात गर्दिनथिई होला ?
   पाहुना नआएका भए पिङ्कीले उत्पात गर्दिनथिई होला ?
   धेरै पाहुना नआएका भए पिङ्कीले उत्पात गर्दिन थिई होला ?
   त्यति धेरै पाहुना नआएका भए पिङ्कीले उत्पात गर्दिन थिई होला ?

3. थिई ?
   पाउने थिई ?
   नम्बर पाउने थिई ?

धेरै नम्बर पाउने थिई ?
पढेकी भए धेरै नम्बर पाउने थिई ?
राम्ररी पढेको भए धेरै नम्बर पाउने थिई ?
पिङ्कीले राम्ररी पढेको भए धेरै नम्बर पाउने थिई ?
के पिङ्कीले राम्ररी पढेकी भए धेरै नम्बर पाउने थिई ?

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model तपाईं मेरी छोरीको जन्मदिनमा आउनु भएको भए राम्रो हुन्थ्यो।
मेरो छोराको
तपाईं मेरो छोराको जन्मदिनमा आउनु भएको भए राम्रो हुन्थ्यो।

1. बबितालाई उहीं चामलको टीका लगाएर आशीर्वाद दियौं।
सिन्दुरको टीका
चन्दनको टीका
अबिरको टीका

2. खानेकुरा खाएर सबै केटाकेटीहरू खुसी भए।
रमाए
आनन्दित भए
फुर्किए
हाँसे

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model हामीलाई राम्रो लाग्ने थियो।
आएको भए
आएको भए हामीलाई राम्रो लाग्ने थियो।
जन्मदिनमा
जन्मदिनमा आएको भए हामीलाई राम्रो लाग्ने थियो।
मेरो छोराको
मेरो छोराको जन्मदिनमा आएको भए हामीलाई राम्रो लाग्ने थियो।

1. त्यस दिन नयाँ तरिका देख्ने थियौ।
त्यस दिन जन्मदिन मनाउने नयाँ तरिका देख्ने थियो।
त्यस दिन आएका भए जन्मदिन मनाउने नयाँ तरिका देख्ने थियौ।
त्यस दिन तिमी आएका भए जन्मदिन मनाउने नयाँ तरिका देख्ने थियौ।
त्यस दिन तिमी आएका भए जन्मदिन मनाउने नयाँ तरिका देख्ने थियौ।

2. म पनि जान्छु।
   गयौ भने म पनि जान्छु।
   भोलि गयौ भने म पनि जान्छु।
   तिमी भोलि कलेज गयौ भने म पनि जान्छु।
   तिमी साथिहरूसँग भोलि कलेज गयौ भने म पनि जान्छु।

V. प्रतिवचन अभ्यास Response Drill

नमूना Model — हिजो मेरी छोरीको जन्मदिन थियो।

1. हो त मैले त भुलेंछु।
2. सॉच्ची कसरी मनायौ ?
3. साथीहरू को-को आएका थिए ?

1. हिजो मेरो घरमा पाहुना आएका थिए।
2. मेरी छोरी बिरामी नभएकी भए म आउने थिएँ।
3. पिङ्की पनि हामीसँग मन्दिर गएकी थिई।
4. हिजो हाम्रो गरीब केटाकेटीलाई खाना दिने दिन थियो।
5. तिमी आएका भए जन्मदिन मनाउने नयाँ तरिका देख्ने थियौ।

VI. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model

a. हिजो मेरो घरमा पूजा थियो।
b. मेरा साथीहरू आएका थिए।
   हिजो मेरा घरको पूजामा साथीहरू आएका थिए।

1. a. घरमा पूजा थियो।
   b. घरमा पाहुना आएका थिए।

2. a. हिजो पिङ्कीको जन्मदिन थियो।
   b. पिङ्कीले मन्दिर जानु थियो।

3. a. केटाकेटीहरू गरीब थिए।
   b. उनीहरूलाई खानामा लोभ थियो।

4. a. हामीले बबितालाई मन्दिरमा टीका लगाइ दियौं।
   b. हामीले बबितालाई आशीर्वाद दियौं।

5. a. हामी मन्दिर गयौं।
   b. मन्दिरमा पूजा गर्‌यौं।

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate words from the choices given.

1. तपाईं आउनु भएको भए _____ हुने थियो। (राम्रो,उपाय,आएका)
2. पाहुना _____ भए म तिम्रो घरमा पक्का आउने थिएँ। (नराम्रो,नआएका,ल्याउन्)
3. बबितालाई मन्दिरमा _____ टीका लगाइदियौं। (उत्पात,फूलको,चामलको)
4. मोहनलाई केक काट्न राम्रो _____। (आशीर्वाद,लाग्दैन,पटक्कै)
5. बबिताले गरीब ____ बोलाएकी थिई। (एकैचोटि,करिब,केटाकेटीहरूलाई)

II. Complete the sentences using the appropriate forms of the words given.

1. लक्ष्मी हिजो मन्दिर _____। (जा)
2. हामीले छोरीलाई आशीर्वाद _____। (दि)
3. हामी सबैले गरीबलाई दया _____। (गर्)
4. सबै संस्कृतिमा आ-अफ्नै चलन _____। (हु)
5. तिमीले पनि मन्दिरमा प्रसाद _____। (खा)

III. Complete the sentences using the appropriate words.

1. हाम्रो घरमा हिजो _____ पाहुना आए।
2. पाहुनाले आउने _____ दिएका भए राम्रो हुने थियो।
3. तिमी जन्मदिनमा आएका भए जन्मदिन मनाउने नयाँ ___ देख्ने थियौ।
4. हामीले छोरीलाई चामलको टीका लगाएर _____ दियौं।
5. बबिताले गरीब केटाकेटीहरूलाई खानेकुरा _____।

IV. Transform the following sentences into their corresponding negatives.

1. मेरी छोरी राम्रो मान्दै थिई।
2. पाहुना आएका भए राम्रो हुनेथियो।
3. उनीहरू आउने सूचना पाएकी थिएँ।
4. मोहनलाई पूजामा मैनबत्ती बाल्न राम्रो लाग्छ।
5. तपाईंले सबै साथीहरूलाई ल्याउनु पर्थ्यो नि।

V. Follow the model and rewrite the given sentences removing the double negative usage.

नमूना Model
तपाईं पूजामा नआउँदा नराम्रो लाग्ने थियो।
तपाईं पूजामा आउँदा राम्रो लाग्ने थियो।

1. तैले मन्दिर जाँदा साथी नलिई नजानू।
2. जन्मदिनमा गएपछि आशीर्वाद नदिई नआउनू।
3. गरीब भिखारीलाई नराम्रो लाग्ने कुरा नभन्नू।
4. हामी तपाईंको नराम्रो नहोस् भन्ने आशा गर्छौं।

VI. Combine each of the following pairs of sentences into single sentences.

1 a. हामी मन्दिर गयौं।
  b. हामीले पूजा गर्‌यौं।

2 a. छोरीको जन्मदिन थियो।
  b. उसका साथीहरू आएका थिए।

3 a. हामी एकैचोटि घरमा पुग्यौं।
  b. हामीले एकैचोटि खाना खायौं।

4 a. हामीले छोरीलाई मन्दिर लानु थियो।
  b. हामीले आशीर्वाद दिनु थियो।

5 a. केटाकेटीहरू खाँदै थिए।
  b. केटाकेटीहरू खुसी थिए।

VII. Give as many questions as possible for each of the following statements.

1. लक्ष्मी हिजो साथीको जन्मदिनमा गएकी थिए।
2. बबिताको घरमा अहिले दिदीका साथीहरू आएका छन्।
3. मोहन भोलि छोरीलाई लिएर मन्दिर जानेछन्।
4. गरीब केटाकेटीहरूलाई खान दिएर मद्‌त गर्नुपर्छ।
5. घरमा पाहुना आउँदा पिङकीको भुतभुताउने बानि राम्रो होइन।

शब्दावली VOCABULARY

जन्मदिन	birthday	अचानक	all of a sudden
पाहुना	guest	पक्का	certainly, surely
तरिका	way	उत्पात	trouble
मैनबत्ती	candle	पटक्कै	not at all
आशिर्वाद	blessing	उत्तरोत्तर	more and more
प्रगति	progress	करिब	about, nearly
कामना	wish	खानेकुरा	edible things, food
केटाकेटी	children	खुशी	happy
ज्यादै	very much	भुत्भुताइ-रहेकी	grumbling (fem.)
वास्तवमा	in fact	बाँडी	distributed, served (fem.)
बोलाएका	called, invited	सूचना	information

भए Lexically **became**, but grammatically functions like a conjunction meaning **if.**

चामलको टीका a traditional custom of putting curd mixed rice on the forehead of juniors by seniors as a mark of blessing.

टिप्पणी NOTES

5.29.1. Sentences with the use of the conditional verb भने in Past Perfect verbs are introduced.
e.g.

पाहुना नआएका भए हामी पक्का आउने थियौं।	Had the guest not come we would have come certainly.
तिमी आएका भए जन्मदिन मनाउने नयाँ तरिका देख्ने थियौ।	If you had come you would have seen new way of celebrating the birthday.
पिङ्कीले देखेकी भए उसलाई पनि राम्रो लाग्ने थियो।	If Pinki had seen also she would have liked it very much.

5.29.2. Note that the above sentences actually speak about a past which did not take place, but speaker wishes that it should have taken place.

5.29.3. Following are the structures of conditional sentences

(i) V + ने + भए + independent clause
तिमी जाने भए म पनि तिमीसित जान्छु । If you go I shall also go with you.

(ii) Verb Forms of छ independent clause
तिमी जान्छौ भने जाऊ । Go, if you want.

(iii) Clause with simple past independent clause
तिमी गयौ भने म पनि जान्छु — If you go, I shall also go.

(IV) Clause with Verb -एको / -एका / -एकी / -ए /+ independent clause
हिजो तिमीहरू आएका भए जन्मदिन देख्ने थियौ ।
If you had come yesterday, you would have seen the birthday (ceremony)
The first three forms are often made by replacing the underled structure with V+ past tense suffix-ए,
e.g तिमी गए, म पनि तिमीसित जान्छु। — If you went (go) I shall also go with you.

5.29.4. The formation of the conditional past perfect is given below.
भने is added to the past perfect verb clause and the main verb will be verb root + infinitive ने + copula past थियौं / थिएँ / थियो /

देख	+	ने	+	थियौ	>	देख्ने थियौ (You) would have seen
लाग	+	ने	+	थियो	>	लाग्ने थियो would have felt
आउ	+	ने	+	थियौं	>	आउने थियौं (We) would have come

5.29.5 Main clause negative verb is formed as follows :
Verb root + infinitive + copula past negative

देख्	+	ने	+	थिएनौ	=	देख्ने थिएनौ, तिमीले देख्ने थिएनौ You would not have seen
देख्	+	ने	+	थिइन	=	देख्ने थिइन, उसले देख्ने थिइन She would not have seen.
देख्	+	ने	+	थिएन	=	देख्ने थिएन, उसले देख्ने थिएन He would not have seen.

एकाइँ ५
Unit - 5

पाठ - ३०
Lesson - 30

परम वीर चक्र
Param Vir Chakra

संवाद DIALOGUE

आर.सी.जोशी:	सापकोटा भाइ, तिमीले धनसिंह थापाबारे सुनेका छौ ? उनको बारेमा जान्न मन लागेको छ। केही थाह छ भने भन त।	R.C.Joshi	: Brother Sapcota, have you heard about Dhansing Thapa ? I am anxious to know about him. If you know please tell me something about him.
सापकोटा	: अँ. मैले उनको बारेमा केही जानेको छु। उनको बारे जान्न मन लागेको छ भने हिड्नुहोस् त्यो चहुरमा।	Sapcota	: Yes. I have known about him. If you want to know about him let us go to the lawn.
जोशी	: हिँड़ जाऊँ। बसौं । लौ भन।	Joshi	: Let us go. (Let us) Sit. Tell (me).
सापकोटा	: धनसिंह थापा भारतका सपूत हुन्। अहिले उनको नाम लेफ्टेनेन्ट कर्णेल धनसिंह थापा '**परम वीर चक्र**' भएको छ। उनले सन् 1962 को भारत चीनको युद्धमा वीरत्वको प्रदर्शन गरेका थिए। त्यो युद्धमा उनले गोर्खा रेजिमेन्टको कमान्ड सम्हालेका थिए। त्यतिखेर उनी मेजरको ओहोदामा पुगेका थिए। तिमीलाई थाह थिएन ?	Sapcota	: Dhansing Thapa is a great son of our country. Now his name has become Lt.Col. Dhansing Thapa **Param Vir Chakra.** He had shown his valour in the Indo-China war of 1962. At that time he was commanding the Gorkha Regiment. He was then in Major rank. Was it not known to you ?
जोशी	: उनको बारेमा मलाई अलिअलि मात्र थाहा थियो। अझै पनि **परम वीर चक्र**	Joshi	: I had a little knowledge about him. But I had not known about his getting - **Param Vir Chakra.** If you know tell me.

पाएको बारे सुनेको छैन।
तिमीलाई थाहा छ भने भन
त।

सापकोटा : सुन्नुहोस्। उनको त रोचक कथा छ। भारत र चीनको युद्धमा उनले अरुणाचल र चीनको सिमानामा जानु परेको थियो। उनी सीमामा आफ्ना सैनिकका साथ दिनरात तैनाथ रहन्थे। सेनाको मनोबल बढने खालको कमान्ड दिन्थे। घमासान युद्ध चल्दै थियो। चारैतिरबाट हवाईजहाज र बमको आवाज आइरहन्थो। उनका सैनिकहरू एक-एक गर्दै शहीद हुन थालेका थिए। तर पनि सीमाना मिचेर चिनिया सेनालाई भारतको भूमि टेक्न दिएका थिएनन्। सम्पर्क केन्द्रबाट थप सहयोगका लागि सेना पुगेका थिएनन्। आखिरमा उनका दुई जना सैनिक मात्र बाँचेका थिए। तर-पनि आत्म-समर्पण गरेका थिएनन्। चिनियाँ सेनाले ती तीन जनामाथि बम फ्याँके। एक जना सैनिक ठाउँको ठाउँ ठहरै भयो। धनसिंहका जिउमा आगो लाग्यो। उनी उहीं लडीबडी गर्न थाले । बाँचेको अर्को सैनिक अधकल्चो भएको रहेछ। त्यो अधकल्चो सिपाही तीन दिनपछि सम्पर्क केन्द्रमा

Sapcota : Listen then. His is an interesting story. He had to go to Indo-China border in Arunachal. He used to be alert with his soldiers throughout day and night. He used to command his soldiers in such a way that could increase their morality. A heavy war was going on. Sounds of planes and bombs were coming from all around. One after another his soldiers were becoming martyrs. Even then he did not allow the Chinese army to cross the border. Reinforcement had not reached from the contact centre. At last he had only two soldiers who survived. But they had not surrendered. The Chinese troop threw bombs upon them. One solder died on the spot and the other was severely wounded. Dhansingh caught fire. He went on rolling and rolling on the ground. The wounded soldier reached the contact centre after three days. He informed his officer that Dhansigh was killed in the bombing. His wife became a widow. She performed the last rites of her husband according to rituals.

पुग्यो। उसले उसको
अफिसर धनसिंहका जिउमा
बम प्रहारले आगो लागेको
र मरेको सूचना दियो।
उनकी श्रीमती विधवा
भइन्। चलनअनुसार उनले
किरिया गरिन् ।

जोशी : भन न। करुण भए पनि
कथा रोचक रहेछ।
त्यसपछि के भयो ?

Joshi : Please tell me more. It is very interesting though pathetic. And then ?

सापकोटा : भारत सरकारले उनलाई
मरणोपरान्त **परम वीर चक्र**
सम्मान प्रदान गेरेको
घोषणा गर्‌यो। उता युद्ध
थामियो। दुई देशबीच
सम्झौता भयो। दुवै देशका
युद्धबन्दी फिर्ता गर्ने निर्णय
भएको थियो। चीनबाट
भारत आउने भारतीय
सेनाको नेतृत्व त धनसिंहले
पो सम्हालेका रहेछन्।

Sapcota : The Govt. of India declared him an award of **Param Vir Chakra** posthumously. The war was stopped. A truce was made between the two countries. Both the countries decided to return the prisoners of war. It was but Dhansigh who was leading the Indian soldiers coming from China to India.

जोशी : हो र ? अचम्मको कुरा पो
रहेछ। कसरी मरेको
मानिस बाँचेछन् हँ ?

Joshi : Oh ! Really surprising ? How could a dead person become alive?

सापकोटा : उनी मरेका थिएनन्।
उनको जिउमा आगो
सल्किएको थियो। उनी
घाइते भएका थिए। चिनिया
सेनाले उनलाई बन्दी
बनाएका रहेछन्। उनीहरूले
उनलाई केही उपचार पनि
गरेका रहेछन्।

Sapcota : He was not dead. Just fire had caught his body. He was injured only. The Chinese troop had captured him. They had done some medical treatment also.

जोशी : अनि उनकी श्रीमती विधवा
भएकी थिइन् । होइन र ?

Joshi : And his wife had not become widow. Wasn't ?

सापकोटा	: थिइन् । फेरि सधवा भइन्। धनसिंहले फेरि सिँदुर-पोते गरे। त्यो नियम (विधान) शास्त्रमा रहेछ।	Sapcota	: Yes. She had, but she became non-widow. Dhansing remarried her. Such rite is prescriptive in our scriptures.
जोशी	: साँच्चि, धनसिंह त किंवदन्ती पो बनेछन्। अहिले उनी कहाँ छन् ? के गर्ने गर्छन् ?	Joshi	: Really Dhansing proved to be a legend. Now where is he ? What does he do ?
सापकोटा	: अहिले उनी लखनऊको साहारा इन्डियामा छन्। त्यहाँ एकाडेमी अफिसरको रूपमा छन्।	Sapcota	: Now he is in Sahara India in Lucknow. He is there as an Academy Officer.

लेखन अभ्यास EXERCISES

I complete the sentences using the appropriate words from the choices given.

1. मलाई कलाक्षेत्रको बारेमा _____ मन लागेको छ। (जान्न, जान, जाने)
2. धनसिंह थापा भारतका _____ हुन्। (सपूत, कर्णेल, कमान्डार)
3. तिमीलाई थाहा छ _____ भन त। (भने, भन्न, भन्नु)
4. थापा त्यतिखेर मेजरको ____ पुगेका थिए। (ओहोदामा, वीरत्वमा, चहुरामा)
5. चिनियाँ सेनाले उनीहरूमाथि _____ फ्याँके। (बम, सूचना, विधवा)
6. करूण भए पनि कथा _____ रहेछ। (चलन, किरिया, रोचक)
7. सन् 1962 मा _____ युद्ध चल्दै थियो। (घमासान, नेतृत्व, मनोबले)
8. भारतमा ___'परम वीर चक्र' सम्मान प्रदान गर्छन्। (मरणोपरान्त, घोषणा, अधकल्चो)
9. धनसिंहको _____ आगो लागेको थियो। (जिउमा, मनमा, आँखामा)
10. उनकी श्रीमती फेरि _____ भइन्। (सधवा, विधवा, सन्च)

II Complete the sentences using the appropriate forms of the words given.

1. युद्धमा-धनसिंहले वीरत्व प्रदर्शन _____। (गर्)
2. त्यतिखेर उनी मेजरको ओहोदामा _____। (पुग्)
3. कथावस्तु त रोचक _____। (रह्)
4. दुवै देशका युद्ध बन्दी फिर्ता गर्ने निर्णय _____। (भ)
5. उनकी श्रीमती विधवा ____। (भ)

III. Complete the sentences using the appropriate words.

1. तिमीलाई थाहा छ ____ भन त।
2. उनका सैनिकहरू _____ गर्दै शहीद हुन थालेका थिए।

3. आखिरमा उनका दुई जना _____ बाँचेका थिए।
4. तर-पनि उनीहरूले _____ गरेका थिएनन्।
5. त्यो _____ सिपाही तीन दिनपछि सम्पर्क केन्द्रमा पुग्यो।

IV. Rewrite as directed

1. मैले उनको बारमा केही जानेको छु। (Change into negative)
2. तिमीले उनको बारेमा जानेका छैनौं ? (Change into affirmative)
3. धनसिंहको जिउमा आगो लाग्यो। (Change into past continuous)
4. धनसिंहकी श्रीमती विधवा भइन्। (Substitute the underlined noun into appropriate pronoun)
5. भारतीय सेनाको नेतृत्व धनसिंहले सम्हालेका थिए। (Change into unknown past)

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. अहिले धनसिंह थापा कहाँ छन् ?
2. को किंवदन्ती बनेछन् ?
3. फेरि को सघवा भइन् ?
4. कसको जिउमा आगो सल्किएको थियो ?
5. घाइते हुने मान्छे को हुन् ?
6. चिनियाँ सेनाले थापालाई के बनाएका रहछेन् ?
7. चिनियाहरूले धनसिंहलाई के गरेका रहेछन् ?
8. सधवाको श्रीमान् हुन्छ कि हुँदैनन् ?
9. धनसिंहले आत्मसमर्पण गरे कि गरेनन् ?
10. **परम वीर चक्र** पाउने को हुन् ?

शब्दावली VOCABULARY

चहुर	lawn	सपूत	worthy son
वीरत्व	valor	प्रदर्शन	display
ओहोदा	rank	अलिअलि	a little
रोचक	interesting	सिमाना	border
दिनरात	day and night	तैनाथ	ready, prepared
मनोबल	zeal,enthusiasm,morality	थामिनु	to be ceased, stopped
घमासान	heavy, fearful	हवाईजहाज	aeroplane
सैनिक	soldier	शहीद	martyr
भूमि	land	सम्पर्क केन्द्र	contact centre
थप	additional	आखिरमा	at last
आत्मसमर्पण	surrender oneself	ठहरै	instantaneously, all at once (die)
लडीबडी	rolling, reeling	अधकल्चो	half done
प्रहार	blow, stroke	विधवा	widow
चलन	customary use,	किरिया	last rite

करूण	pathetic	मरणोपरान्त	posthumously
सम्मान	respect, award	प्रदान	often
घोषणा	announcement	उता	thither, that side
सम्झौता	agreement, treaty	युद्धबन्दी	prisoner of war
निर्णय	decision	नेतृत्व	leadership
घाइते	wounded	उपचार	treatment
नियम	rule, rite	शास्त्र	scripture
किंवदन्ती	legend, hearsay	सम्हालेका	commanded, controlled
मिचेर	tress passing,	सल्किनु	to get burnt
टेकनु	to tread upon	फ्याँके	threw, hurled
आगो लाग्यो	caught fire	सल्किएको	burnt
बाँचेको	survived	थामियो	ceased, stopped

Cultural notes

1. **सधवा** : opposite of **विधवा** (widow), a woman having her husband living. A widow in an orthodox society was not supposed to remarry. But in case her husband was found alive after performing his last rites, the two (wife and husband) could remarry and then **विधवा** becomes **सधवा**.
2. **सिँदुर-पोते** : literal meaning is vermilion and a necklace made up of small glass-beads, generally green in colour; (figurative) ritual marriage. In Nepali custom the bride-groom puts **सिँदुर** on the parting of the bride's hair and a **पोते** in her neck. This act confirms a ritual marriage.

एकाइँ ६ Unit 6 | पाठ - ३१ Lesson - 31

भविष्य योजना
Future Plan

संवाद DIALOGUE

बाबा	: छोरा, तैले बी.ए पास गरिस्। अब के गर्न सोचेको छस् ?	Father : Son, you passed your B.A.Examination. What are you going to do now?
छोरो	: बाबा, अब मेरो पत्रकारिता पढ्ने विचार छ ।	Son : Father, now I am intending to learn Journalism.
बाबा	: त्यो पढेर तँ के गर्छस् ?	Father : What will you do learning that?
छोरो	: पत्रकारिता पढ्न मलाई एकदम मन लागेको छ। त्यो पनि एउटा स्नातकोत्तर विषयका नै हो। भविष्यमा मलाई एकजना राम्रो पत्रकार बन्ने रहर छ। अचेल अरू विषय पढेर पनि खासै केही नहुने रहेछ।	Son : I am very much interested in Journalism. That also is a postgraduate course. I have a desire to become a good journalist in future. Now a days studying general subjects also does not seem any better.
बाबा	: पत्रकारिता पढिस् भने जागिर भेट्छस् त छोरा ?	Father : If you learn journalism will you get a job son ?
छोरो	: अँ, म कुनै पत्रिका कार्यालयमा जागिर पाउँछु। म स्वतन्त्र पत्रकार बनेर विभिन्न पत्रपत्रिकामा लेख लेखेर पैसा पनि कमाउँछु। पछि-पछि म आफ्नै पत्रिका निकाल्छु।	Son : Yes, I will get a job in some news paper office . After becoming a free lancer journalist and by writing articles for different newspapers I (can) earn some money. Gradually I will bring out a paper on my own.
बाबा	: त्यसका लागि तँलाई पैसा चाहिन्छ। पैसा कहाँबाट ल्याउँने?	Father : For that you need money. Where from will you bring that money ?
छोरो	: बेरोजगार युवाका लागि सरकारका विभिन्न योजनाहरू छन्। म बैंकबाट ऋण लिएर कुनै पत्रिका निकाल्छु।	Son : Government has different schemes for unemployed youths. I will take loan from the bank and start a paper.

बाबा : ल, ल। तेरो घरेलु जिम्मेवार पनि बढ्दै छ। तैंले मात्र पढेर हुँदैन। तेरा भाइ बहिनीले पनि पढ्नु छ। सक्छस् भने कहीं स्यायी अथवा गैरसरकारी संस्थानको जागिर खोज्। अब तैंले काम गरेरै पढ्नु पर्छ। अब तैंले कुनै आय र पढाइ हुने योजना निकाल्नुपर्छ। अब उसो तँलाई घरले खास केही दिन सक्दैन।

Father : O.K., O.K. Your domestic responsibilities are also increasing. It is not enough that you go on studying. Your brother and sister also have to study. If it is possible, you try for some permanent job either in Government or in non-governmental office. Now you have to work and learn. You will have to find out some earn and learn scheme. Because we cannot afford (to spend on) you any more.

छोरो : हो बाबा। मलाई थाहा छ। तपाईंले यत्रो कष्ट गरेर हामीलाई हुर्काउनुभयो। त्यो नै ठूलो कुरो हो। अब म केही गरेरै पढ्छु र भाइ-बहिनीलाई पनि हेरचाह गर्छु।

Son : Yes father. I know it. You have brought us up with so much suffering. That itself is a great thing. Now I must do something and study my own and look after my brother and sister also.

बाबा : हुन्छ। तर आल्टुफाल्टु काम गरेर समय खेर नफाल्नू। तँ अबुझ छैनस्। म त्यति सारो बूढो र नसक्ने पनि त छैन। अझै त म आफ्ना छोरा-छोरीलाई केही सघाउन सक्छु। अब म मेरो ठूलो छोराले घरको जिम्मेवार लिई अघि बढेको हेर्न चाहन्छु। त्यसका लागि ईश्वरले तँलाई हेरून्।

Father : O.K. But don't waste your time doing useless work. You are no more ignorant now. I am also not very old and helpless. Still I am in a position to support my children to some extent. I want to see my eldest son, taking his family responsibilities and going ahead in life. May God bless you.

छोरो : बाबा, ईश्वरको आशीर्वादले मात्र पुग्दैन। तपाईंको पनि आशीर्वाद चाहिन्छ। ईश्वरले दिए भने म तपाईंको इच्छा पूरा गरेर छोड्छु। मलाई विश्वास गर्नुहोस्।

Son : Father, it is not enough that I have God's blessing. I will be needing your blessing also. If God permits I will certainly be fulfilling your desires. You trust me.

बाबा : हो हो। मैले साँच्चै योग्य छोरो पाएछु। ल अब आफ्नो काममा डटेर लाग्। तँलाई मेरो आसिक नै आसिक छ। कुन बाबुको आफ्नो छोराछोरीप्रति माया र आशीर्वाद हुँदैन र ? तेरो पनि

Father : Yes Yes. I have really got a great son. Now you concentrate on your work with determination. My blessings are always with you. Is there a father who has no love and blessing for his offsprings ? If you have to go

	कहीं जानु छ भने जा। म एकछिन बाहिर गई आउँछु।		some where you may go.. After going out for a while I will come back.
छोरो	: हुन्छ । म पनि साथी अशोकलाई भेटेर आउँछु। उ पनि पत्रकारिता पढ्न खोज्दै छ।	Son	: O.k. I will also come home after meeting my friend Ashok. He is also planning to join Journalism course.
बाबा	: लौ त ,हुन्छ।	Father	: O.K.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. म विभिन्न पत्र पत्रिकामा लेख लेखेर पैसा कमाउँछु।
2. तैंले काम गरेर पढ्नुपर्छ।
3. अब म मेरो ठूलो छोराले घरको जिम्मेवार लिई अघिबढेको हेर्न चाहन्छु।
4. ईश्वरले दिए भने म तपाईको इच्छा पूरा गरेर छाड्छु।
5. म एकछिन बाहिर गई आउँछु ।
6. त्यो पढेर तँ के गर्छस् ?
7. तैंले मात्र पढेर हुँदैन।
8. तँलाई घरले खास केहो दिन सक्दैन।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

हुर्काउनुभयो।
हामीलाई
हामीलाई हुर्काउनुभयो।
कष्ट गरेर
कष्ट गरेर हामीलाई गुर्काउनुभयो।
यत्रो
यत्रो कष्ट गरेर हामीलाई हुर्काउनुभयो।
तपाईंले
तपाईंले यत्रो कष्ट गरेर हामीलाई हुर्काउनुभयो।

1. निकाल्छु।
   पत्रिका निकाल्छु।
   कुनै पत्रिका निकाल्छु।
   ऋण लिएर कुनै पत्रिका निकाल्छु।
   बैंकबाट ऋण लिएर कुनै पत्रिका निकाल्छु।

2. नफाल्नू।
   खेर नफाल्नू।
   समय खेर नफाल्नू।
   काम गरेर समय खेर नफाल्नु।
   आल्टफाल्टु काम गरेर समय खेर नफाल्नू।
   तैले आल्टुफाल्टु काम गरेर समय खेर नफाल्नू।

3. आउँछु।
   गई आउँछु।
   बाहिर गई आउँछु।
   एकछिन बाहिर गई आउँछु।
   म एकछिन बाहिर गई आउँछु।
   साथीहरूसित म एकछिन बाहिर गई आउँछु।

4. चाहन्छु।
   हेर्न चाहन्छु।
   घरको जिम्मेवार लिई अघि बढेको हेर्न चाहन्छु।
   ठूलो छोराले घरको जिम्मेवार लिई अघि बढेको हेर्न चाहन्छु।
   अब म ठूलो छोराले घरको जिम्मेवार लिई आघिबढेको हेर्न चाहन्छु।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model. तैले कुनै आय र पढाइ हुने योजना निकाल्नु पर्छ।
बनाउनु
तैले कुनै आय र पढाइ हुने योजना बनाउनु पर्छ।

1. उसले जागिर गरेर भाइ-बहिनीलाई पढ़ाउनु पर्छ।
   सिकाउनु
   खुवाउनु
   पाल्नु
   अघि बढाउनु
   हेरचाह गर्नु

2. म ईश्वरको आशीर्वाद लिई अघि बढ्छु।
   बाबाको
   आमाको
   शिक्षकको
   तपाईको
   सबैको

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model

म पत्रिका निकाल्छु।
कुनै
म कुनै पत्रिका निकाल्छु।
ऋण लिएर
म ऋण लिएर कुनै पत्रिका लिकाल्छु।
बैंकबाट
म बैंकबाट ऋण लिएर कुनै पत्रिका लिकाल्छु।

1. म जागिर खोज्छु।
   म संस्थानको जागिर खोज्छु।
   म स्थायी संस्थानको जागिर खोज्छु।
   म अस्थायी वा स्थायी संस्थानको जागिर खोज्छु।
   म कहीं अस्थायी वा स्थायी संस्थानको जागिर खोज्छु।
   म कहीं पनि अस्थायी वा स्थायी संस्थानको जागिर खोज्छु।

2. म काममा डटेर लाग्छु।
   म आशीर्वाद लिएर काममा डटेर लाग्छु।
   म तपाईंको आशीर्वाद लिएर काममा डटेर लाग्छु।
   म पनि तपाईंको आशीर्वाद लिएर काममा डटेर लाग्छु।
   अबदेखि म पनि तपाईंको आशीर्वाद लिएर काममा डटेर लाग्छु।

V. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a.

पत्रकार बनेर म पछिपछि आफ्नै पत्रिका निकान्छु।
पत्रकार बनेर म पछिपछि आफ्नै पत्रिका निकाल्दिन।

1. जागिर गरेर म भाइ-बहिनीलाई पनि पढाउँछु।
2. बेरोजगार युवाहरूलाई पत्रकार बन्ने सल्लाह दिन्छु।
3. म घरको जिम्मेवारी लिएर अघि बढ्छु।
4. म आज बाहिर गएर आउँछु।
5. म अशोकलाई खबर दिएर आउँछु।

नमूना Model b.

के तपाईंले जागिर खोज्नुपर्छ ?
के तपाईंले जागिर खोज्नु पर्दैन ?

1. के मैले पत्रिका निकाल्नुपर्छ ?
2. के तिमीले पत्रकारिता पढनुपर्छ ?

3. के मैले काम गरेर पढनुपर्छ ?
4. के तपाईंले भाइ-बहिनी पढाउनुपर्छ ?
5. के तँलाई मैले आशीर्वाद दिनुपर्छ ?

VI. प्रतिवचन अभ्यास Response Drill

नमूना Model

तैले पत्रकारिता पढिस् भने जागिर भेट्छस् ?
1. अँ, कुनै कार्यालयमा म जागिर पाउँछु ।
2. स्वतन्त्र पत्रकारिता गरेर पनि पैसा कमाउँछु ।
3. नभए म आफ्नै पत्रिका निकाल्छु।

1. तँ बैंकबाट ऋण लिएर गर्छस् ?
2. तँ काम गरेर पैसा कमाउँछस् ?
3. अब तपाईको जिम्मेवारी जागिर गरेर भाइ-बहिनी पढाउने हो ?
4. तिमीले बाबाको इच्छा पूरा गर्नुपर्छ ।
5. के तपाईं ईश्वरको आशीर्वाद लिएर अघि बढ्नुहुन्छ ?

VII. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model

a. म एम.एस.सी. पास गर्छु।
b. म जागिर खोज्छु।
म एम.एस.सी. पास गरेर जागिर खोज्छु।

1. a. म बैंकबाट ऋण लिन्छु।
   b. म पत्रिका निकाल्छु।

2. a. मैले पढ्न पर्छ।
   b. मैले भाइ-बहिनीलाई पढाउनुपर्छ।

3. a. म ईश्वरको आशीर्वाद लिन्छु।
   b. म अगाडि बढ्छु।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. म गाउँगाउँ _____ राष्ट्रीय संहतिको कुरा गर्छु। (गएर,भएर,लिएर)
2. आज भोलि धेरै _____ पनि पैसा कमाउन सकिन्छ। (बनेर,पढेर,दिएर)
3. हामीले पत्र-पत्रिकामा लेख _____ पनि पैसा कमाउनु पर्छ । (बनेर,गएर,लेखेर)
4. तैंले जागिर _____ अरूलाई पढाउनुपर्छ। (गएर,गरेर,लेखेर)
5. हामीले ईश्वरको आशीर्वाद _____ अघि बढनुपर्छ। (बनेर,गएर,लिएर)

II Complete the sentences using the appropriate forms of the words given.

1. छोराको घरेलु जिम्मेवारी _____। (बढ्)
2. तैंले घरको आय बढ्ने योजना _____। (निकाल्)
3. तपाईंले हामीलाई सांरै कष्ट गरेर _____। (हुर्काउ)
4. आमा-बाबाले छोरा-छोरीलाई माया _____। (गर्)
5. हामीले सबै काममा डटेर _____। (लाग्)

III Complete the sentences using the appropriate words.

1. तैले _____ काम गरेर समय खेर नफाल्नू।
2. अचेल मानिसले धेरै पढेर पनि _____ जागिर पाउँदैनन्।
3. उहाँले आफ्नो घरमा राम्रो _____ गर्नुपर्छ।
4. ईश्वरले तिम्रो _____ गरून्।
5. मलाई तपाईंको पनि _____ चाहिन्छ।

IV. Transform the following interrogative sentences into their corresponding negative interrogatives.

1. के तँ एम.ए. पढछस् ?
2. तँ पत्रकारिता पढेर गर्छस् र ?
3. मेरो पत्रकारसँग बन्ने रहर छ र ?
4. तिमीले बाबालाई सघाउनुपर्छ र ?
5. मैले भाइबहिनीको पनि हेरचाह गर्नु छ र ?

V. Match suitably and make sentences.

A		B
1. तिमीले सबै कुरामा	a.	पढाउनुपर्छ।
2. अब बाबाले तिमीलाई खास	b.	योजना बनाउनुपर्छ।
3. अब आफ्नो काममा	c.	जागिर पाउँदैनन् ।
4. मानिसले धेरै पढेर मात्र	d.	अबुझ भएर हुँदैन।
5. हामीले आफै रोजगार पाउने	e.	केही दिन सक्नु हुन्न।
6. मैले कष्ट गरेर छोरा-छोरीलाई	f.	डटेर लाग्नुपर्छ।

शब्दावली VOCABULARY

भविष्य	future	योजना	plan
पत्रकारिता	journalism	स्नातकोत्तर	post graduate
विषय	subject	पत्रकार	journalist
खासै	in fact	जागिर	service
स्वतन्त्र पत्रकार	freelance journalist	रहर	desire, wish
विभिन्न	various, different	बेरोजगार	unemployed
युवा	youth	सरकार	government
ऋण	loan	घरेलु	domestic

जिम्मेवार	responsibility	स्थायी	permanent
गैर सरकारी	non-governmental	संस्थान	institution, office
आय	income	पढाइ	reading, study
यत्रो	so much, so great	कष्ट	suffering
खेर	waste	आल्टुफाल्टु	unnecessary
अबुझ	ignorant	बूढो	old
नसक्ने	unable	आशीर्वाद	blessing
इच्छा	wish	विश्वास	belief, trust
योग्य	able	आसिक	blessing
माया	love, affection	नफाल्नू	do not throw/waste
विषय	subject	कवि	poet
जीवनी	life story	घटना	incident, episode
नाटकीय	dramatic	घाँसी	grass-cutter
भेट	meet	घुम्ति	turning point
निकाल्नु	to bring out, to take out, to find out		

टिप्पणी NOTES

6.31.1 Sentences consisting of two verb forms, with one verb form indicating the action completed and functioning like an adverb and the second one functioning like a finite verb in different tenses/moods are introduced. The one which functions like an adverb is the verbal participle and the other is the main verb.

आल्टुफाल्टु काम गरेर समय खेर नफाल्नू — Waste not your time doing some useless work.

म लेख लेखेर पैसा कमाउँछु। — Writing articles (I) earn money.

ऋण लिएट पत्रिका निकाल्छु। — Taking loan (I) bring out paper.

6.31.2. Note that the verbal participles (adverbs) are formed by adding the suffix -**एर** after the verb root.e.g.

पढ्	+	एर	=	पढेर	after studying / reading
थाप्	+	एर	=	थापेर	after taking
गर्	+	गएर	=	गरेर	after doing
हो	+	एर	=	भएर	after becoming
जा	+	एर	=	गएर	after going

6.31.3. In verbal participles **हो** and **जा** verb roots change into भ and ग respectively. Now you may also note that in the following sentences the underlined finite verbs are in different tenses and moods. e.g.

अब चाहिँ काम गरेर <u>पढ्नु पर्ला</u> (future probability) Now I should study by doing some thing

दुःख कष्ट गरेर यतिको <u>पारिदिनुभयो</u> (simple past) (You) have brought us up with so much suffering.

म आफै केही गरेर पढ्ने छु (simple future) I must do something and study my own

6.31.4. Verbal participle is also formed by adding -ई to the verb root. e.g.

Root	forms
पढ	पढी (पढेर)
जा	गई (गएर)
हो (हु)	भई (भएर)
लि	लिई (लिएर)

म एक छिन बाहिर गई आउँछु After going out for a while I come back.
घरको जिम्मेवार लिई अघि बढ् Taking family responsibility go ahead.

एकाइँ ६
Unit 6

पाठ - ३२
Lesson - 32

चिन्ताको विषय
Matter of thought

संवाद DIALOGUE

दीपेन्द्र : महेन्द्र, तिम्रो नानीलाई कहाँ एडमिसन गराउने ? मलाई त छोरालाई कुनै सरकारी स्कूलमा एडमिसन गरिदिने रहर छैन। प्राइभेट स्कूलमा पठाउँदा शुल्क तिर्दा-तिर्दै हुरूक्क् हुनुपर्छ।

Dipendra : Mahendra, where do you like to intend to admit your child ? So far as I am concerned I have no desire to admit my son to any Government School. If I admit him in a private school I have to get exhausted by myself remitting fees.

महेन्द्र : खास खर्च हुँदैन भनेर नानीहरूलाई सरकारी स्कूलमा एडमिसन गराउने त ? अहँ, म त मान्दिनँ। आजको 'तैं छाड र मैं छाड'को युगमा सरकारी स्कूलमा नानीहरूलाई एडमिसन गराउँदा उनीहरूको भविष्य कस्तो होला ?

Mahendra : Because of less expenses are you going to admit your children to a Government school ? No, I don't agree. In this age of cut throat competition if you admit your child to a Government school what shall be his future?

दीपेन्द्र : प्रत्येक आमा-बाबुले आफ्ना आफ्ना छोराछोरीको भविष्य सोच्नुपर्छ। तर हामी जस्ता मध्यम वर्गका मानिसले प्राइभेट स्कूलमा नानीहरू पढाउँदा- पढाउँदै कमाएको जति नबच्ने रहेछ। हिजो राति यो कुरा सोच्दा-सोच्दै धेरैबेर निदाउन पनि सकिनँ।

Dipendra : Every parent has to think about the future of their children. But people like us who belong to middle class can save nothing. We go on educating them in private schools. I could not sleep till late hours last night thinking all about it.

महेन्द्र : तिमीले सोचेको ठीकै हो । तर अचम्म लाग्छ, सरकारी स्कूलका कति शिक्षकले आफ्ना छोरा-छोरीलाई प्राइभेट स्कूलमा पढाउँछन्। त्यस्तो देखेर अरू

Mahendra : Your thinking is right. But it is surprising that some teachers of Government Schools also educate their children in private schools. Seeing that, other people who are already thinking to educate their children in

मानिसहरु सरकारी स्कूलमा पढाउँछु भन्दा-भन्दै पनि आफ्नो विचार फेरेर प्राइभेट स्कूलतिर पठाउँदै छन्।

Government schools are changing their mind and are sending to private schools.

दीपेन्द्र : कुरा साँचो हो। सरकारले पर्याप्त खर्च गर्दागर्दै पनि सरकारी स्कूलप्रति मानिसको चासो बढेको छैन, बरू चासो घट्दै पो छ। यसरी सरकारी स्कूललाई हेला गर्दा-गर्दै त्यो त गरीबहरूको मात्र स्कूल बन्ने छ। साँच्चै, यो एउटा ठूलो चिन्ता र चर्चाको विषय भएको छ। यी कुरा त सरकारी शिक्षक र सञ्चालकहरूले पनि सोच्नु पर्ने विषय हो। ती स्कूलमा पढाउँदा-पढाउँदै अनुभवी भएका शिक्षकहरूले पनि उनीहरूको आफ्नै कमी कमजोरी पनि चाल पाउनुपर्छ।

Dipendra : That is true. Though the Government is spending sufficient money in Government schools people's interest has not increased, rather it goes on decreasing. Thus if we go on neglecting the Government schools this way it will be a school for the poor only. Really, it has become a matter for thinking and discussion. Govt. teachers and management authorities should also think over it. The teachers who have gained experience by teaching in those schools have to know the drawbacks in their system.

दीपेन्द्र : उनीहरूको कमी कमजोरी औंल्याउनु र रचनात्मक सुझाउ दिनु हाम्रो कर्तव्य हो। तब मात्र काम कुरा सुध्रिनेछ।

Dipendra : It is our duty to point out their drawbacks and to give constructive suggestions. Then only the things will improve.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. प्राइभेट स्कूलमा नानी पढाउँदा शुल्क तिर्दातिर्दै हुरूक्क हुनुपर्छ।
2. हामी जस्ता मध्यमवर्गका मानिसले प्राइभेट स्कूलमा नानीहरू पढाउँदापढाउँदै कमाएको जति नबच्ने रहेछ।
3. हिजो राति यो कुरा सोच्दासोच्दा धेरैबेर निदाउन सकिनँ ।
4. अरू मानिसहरू आफ्ना नानीहरूलाई सरकारी स्कूलमा पदाउँछु भन्दाभन्दै पनि आफ्नो विचार फेरेर प्राइभेट स्कूलतिर पठाउँदै छन्।
5. यसरी सरकारी स्कूललाई हेला गर्दागर्दै त्यो त गरीबहरूको मात्र स्कूल बन्ने छ।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

सोच्नुपर्छ।
भविष्य
भविष्य सोच्नुपर्छ।
छोराछोरीको
छोराछोरीको भविष्य सोच्नुपर्छ।
आफ्ना-आफ्ना
आफ्ना-आफ्ना छोराछोरीको भविष्य सोच्नुपर्छ।
आमा-बाबुले
आमा-बाबुले आफ्ना-आफ्ना छोराछोरीको भविष्य सोच्नुपर्छ।

1. सकिनँ
   निदाउन पनि सकिनँ।
   धेरैबेर निदाउन पनि सकिनँ।
   सोच्दासोच्दै धेरैबेर निदाँउन पनि सकिनँ
   यो कुरा सोच्दासोच्दै धेरैबेर निदाउन पनि सकिनँ।
   हिजो राति यो कुरा सोच्दासोच्दै धेरैबेर निदाउन पनि सकिनँ।

2. बढेको छैन।
   मानिसको चासो बढेको छैन।
   सरकारी स्कूलप्रति मानिसको चासो बढेको छैन।
   गर्दागर्दै पनि सरकारी स्कूलप्रति मानिसको चासो बढेको छैन।
   पर्याप्त खर्च गर्दागर्दै पनि सरकारी स्कूलप्रति मानिसको चासो बढेको छैन।
   सरकारले पर्याप्त खर्चे गर्दागर्दै पनि सरकारी स्कूलप्रति मानिसको चासो बढेको छैन।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model शिक्षकहरूले पनि आफ्नो कमी कमजोरी चाल पाउनुपर्छ।
गल्ती
शिक्षकले पनि आफ्नो गल्ती चाल पाउनुपर्छ।

1. उनीहरूले आफ्ना विद्यार्थीलाई रचनात्मक सुझाउ दिनु कर्तव्य हो।
   उचित सल्लाह
   राम्रो परामर्श
   आशीर्वाद

2. प्रत्येक आमाबाबुले आफ्ना छोराछोरीको भविष्य सोच्नुपर्छ ।
   बनाउनुपर्छ
   चिन्ता गर्नुपर्छ
   सुधार्नुपर्छ

3. तपाईंले यस्ता कुरा सोच्दासोच्दै निदाउन नसक्नु पनि ठीकै हो।
   हामीले
   उहाँले
   उनले
   तैंले
   उसले

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model
हुरूक्क हुनुपर्छ।
शुल्क तिर्दातिर्दै
शुल्क तिर्दातिर्दै हुरूक्क हुनुपर्छ।
पढाउँदा
पढाउँदा शुल्क तिर्दा-तिर्दै हुरूक्क हुनुपर्छ।
प्राइभेट स्कूलमा
प्राइभेट स्कूलमा पढाउँदा शुल्क तिर्दा-तिर्दै हुरूक्क हुनुपर्छ।

1. गरीबहरूको मात्र स्कूल बनेको छ।
   त्यो त गरीबहरूको मात्र स्कूल बनेको छ।
   हेला गर्दागर्दै त्यो त गरीबहरूको मात्र स्कूल बनेको छ।
   सरकारी स्कूललाई हेला गर्दागर्दै त्यो त गरीबहरूको मात्र स्कूल बनेको छ।
   यसरी सरकारी स्कूललाई हेला गर्दागर्दै त्यो त गरीबहरूको मात्र स्कूल बनेको छ।

2. सुझाउ दिनु हाम्रो कर्तव्य हो।
   रचनात्मक सुझाउ दिन हाम्रो कर्तव्य हो।
   औंल्याउनु र रचनात्मक सुझाउ दिनु हाम्रो कर्तव्य हो।
   कमी कमजोरी औंल्याउनु र रचनात्मक सुझाउ दिनु हाम्रो कर्तव्य हो।
   उनीहरूको कमी कमजोरी औंल्याउनु र रचनात्मक सुझाउ दिनु हाम्रो कर्तव्य हो।
   शिक्षकले उनीहरूको कमी कमजोरी औल्याउनु र रचनात्मक सुझाउ दिनु हाम्रो कर्तव्य हो।

V. प्रतिवचन अभ्यास Response Drill

नमूना Model मलाई त छोरालाई सरकारी स्कूलमा एड़मिसन गरिदिने रहर छैन।
1. किन ?
2. व्यवस्था राम्रो छैन भनेर ?
3. किन, पैसा धेरै तिर्नुपर्छ भनेर ?

1. म त छोराछोरीलाई गाउँका स्कूलमा पढाउँदिन।
2. गरीब मानिसले प्राइभेट् स्कूलमा नानी पढाउन सक्दैनन्।
3. सबै मानिसले आफ्ना छोराछोरीको भविष्य सोचेका छैनन्।

4. हामी कसैले गरीबलाई हेला गर्नु हुँदैन।
5. प्राइभेट स्कूलमा शुल्क तिर्दातिर्दै हुरूक्क हुनु पर्ने चिन्ता सबैलाई छैन।

VI. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model a. मेरा छोरा-छोरीलाई पढाउँछु।
b. उनीहरूलाई प्राइभेट स्कूल पठाउँछु।
मेरा छोराछोरीलाई पढन प्राइभेट स्कूल पठाउँछु।

1. a. शिक्षकहरूले पनि आफ्ना नानी पढाउँछन्।
   b. उनीहरूलाई प्राइभेट स्कूल पठाउँछन्।
2. a. शिक्षकहरू काम गर्छन्।
   b. उनीहरू आफ्नो स्कूल जान्छन्।
3. a. म छोरालाई पढ्न पठाउँछु।
   b. म सरकारी स्कूल पठाउँछु।
4. a. भाइलाई काम गराउँछु।
   b. भाइलाई मेरो घरमा बोलाउँछु।
5. a. बबिताले गरीब केटाकेटी खाना खुवाई।
   b. उनीहरूलाई मन्दिरमा बोलाई।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. सरकारी स्कूलमा एडमिसन गरिदिने _____ छैन। (रहर, हुरूक्क, सोच्नु)
2. सबैले आ-आफ्ना नानीहरूको भविष्य _____ पर्छ। (निदाउनु, सोच्नु, दिनु)
3. हामी जस्ता ___ मानिसलाई नानी पढाउन सारो पर्छ। (सरकारी, विचार, मध्यमवर्गले)
4. सरकारी स्कूलप्रति मानिसको _____ बढेको छैन। (कमजोरी, चासो, चिन्ता)
5. स्कूलका _____ शिक्षकले आफ्नो कमजोरी चाल पाउँछन्। (कर्तव्य, सुध्रिने, अनुभवी)

II Complete the sentences using the appropriate forms of the words given.

1. सरकारी स्कूलमा खास खर्च _____। (हु)
2. म हिजो राति धेरै सोचेर चिन्ताले निदाउन _____। (सक्)
3. हाम्रो त नानीहरूलाई पढाउँदा-पढाउँदै कमाएको जति _____। (बच्)
4. तपाईंले पनि गरीब केटाकेटीलाई सहयोग _____। (गर्)
5. हामीले हाम्रा कमी-कमजोरी _____। (सुधार्)

III Complete the sentences using the appropriate words.

1. प्राइभेट स्कूलमा धेरै _____ तिर्नुपर्छ।

2. सरकारी स्कूलमा पढाइ _____ हुँदैन।
3. सरकारले स्कूलप्रति _____ खर्च गरेको छ।
4. यसरी _____ स्कूललाई हेला गर्नु हुँदैन।
5. आमाबाबलाई नानीहरू पढाउने ठूलो ____ विषय भएको छ।

IV Transform the following sentences into their corresponding negatives.

1. सरकारी स्कूलमा पढाउँदा शुल्क तिर्नुपर्छ।
2. धेरै चिन्ता भयो भने दीपेन्द्रलाई निन्द्रा लाग्छ।
3. उसले नानीहरू पदाउँदा-पदाउँदै पनि कमाएको केही बचाउँदो रहेछ।
4. हामीले उनीहरूको सुझाव लिनुपर्छ।
5. शिक्षकले पनि आफ्नो विचार फेर्दा रहेछन्।

V Match suitably and make sentences.

A		B
1. शिक्षा स्कूलमा एडमिसन गर्दा	a.	छोराछोरी पढाउन सारो पर्छ।
2. शिक्षा हामी सबैलाई	b.	भविष्यको कुरा सोच्नुपर्छ।
3. मध्यम वर्गका मानिसलाई	c.	कमी कमजोरी हटाउनुपर्छ।
4. आमाबाबुले नानीहरूको	d.	चाहिने कुरा हो।
5. शिक्षकले पनि आफ्ना	e.	धेरै खर्च लाग्दैन्।

VI Combine the following pairs of sentences into single sentences.

1. a. म घर जान्छु ।
   b. मैले नानीलाई खाना खुवाउनुपर्छ।
2. a. मैले पैसा कमाउनु छ ।
   b. भाइलाई पैसा पठाउनुपर्छ ।
3. a. उसले गरीब केटाकेटीलाई बोलाई।
   b. उसले खाना बाँडी।

शब्दावली VOCABULARY

शुल्क	fees	तिर्दातिर्दै	keep on paying
हुरूक्क	a state of being exhausted	फेरेर	changing
तैंछाड र छाड	cut throat competition	युग	age
प्रत्येक	each	मध्यम वर्ग	middle class
पढाउँदा-पढाउँदै	teaching, educating	कमाएको	earned
नबच्ने	that won't be saved	सोच्दासोच्दै	going on thinking
अचम्म	surprising	भन्दाभन्दै	while telling
फेर्नु	to change	पर्याप्त	sufficient
खर्च	money, expenses	चासो	inquisitive, interest

घट्दै छ	is decreasing	हेला	neglect
चिन्ता	thinking, anxiety	चर्चा	discussion
सञ्चालक	manager	अनुभवी	experience
कमी	lacking, short coming	कमजोरी	drawback, weakness
चाल पाउनु	to come to know	औंल्याउनु	to point
रचनात्मक	suggestive/ creative	सुझाउ	suggestion
कर्त्तव्य	duty	सुधिनेछ	will improve

टिप्पणी NOTES

6.32.1. This lesson introduces sentences containing present participle which indicate actions taking place before the action of the main verb or simultaneous with that.

Look at the underlined verb forms in the sentences given below.

प्राइभेट स्कूलमा शुल्क तिर्दातिर्दै हुरुक्क हुनुपर्छ।	(If I) admit (him) in a private school I have to get exhausted myself by remitting fees.
हिजो राति यो कुरा सोच्दासोच्दै धेरै निदाउन सकिनँ।	I could not sleep till late hours last night thinking all about it.
सरकारले पर्याप्त खर्च गर्दागर्दै पनि सरकारी स्कूल प्रति मानिसको चासो बढेको छैन।	Though the Government is spending sufficient money in Government schools people interest has not increased.
यसरी सरकारी स्कूललाई हेला गर्दागर्दै त्यो त गरिबहरूको मात्र स्कूल बन्नेछ।	Thus if we go on neglecting the Government schools it will be a school for the poor only.
ती स्कूलमा पढाउँदापढाउँदै अनुभवी भएका शिक्षकहरूले आफ्नो कमी कमजोरी पनि चाल पाउनुपर्छ।	Teachers who have gained experiences by teaching in those schools have also to know the drawbacks in their system.

6.32.2. The above type of present participles are in reduplicative nature and are formed in the following way:

i) Verb root + present tense suffix (without person number and gender) followed by the duplication of the verb root + present tense + emphatic marker -ए . e.g.
(गर् + दा)+ (गर् + दै) = गर्दागर्दै

गर्दागर्दै	doing and doing (keep doing)	while doing.
सोच्दासोच्दै	thinking and thinking (keep thinking)	while thinking.

पढ़्दापढ़्दै	reading and reading (keep reading)	while reading.
खाँदाखाँदै	eating and eating (keep eating)	while eating .

ii) Besides, there is a similar structure without the emphatic suffix **-ऐ** in the second item, e.g.

गर्दागर्दा	for constantly	doing.
सोच्दासोच्दा	for constantly	thinking.
पढ़्दापढ़्दा	for constantly	reading.
खाँदाखाँदा	for constantly	eating.

एकाइँ ६ / Unit 6

पाठ - ३३ / Lesson - 33

समाज सेवा
Social service

संवाद DIALOGUE

दुर्गा : छेत्री, तिमीले हाम्रा गाउँका केटाकेटीहरूका लागि धेरै काम गर्दै छौ भन्ने सुनें। तिमीले केटाकेटीलाई पनि समाज सेवामा लगाउँदै छौ भन्ने सुनें।

Durga : Chhetry, I heard that you are doing a lot of work for our village children. I also heard that you are involving young people also in social services.

दलबहादुर छेत्री : म त ठूलो समाजसेवी होइन। तर म सधैँ व्यस्त चाहिँ छु। म आफ्ना गाउँका युवा युवतीहरूलाई उपाधिमुखी शिक्षाबाट मुक्त गराउन लागेको छु। सबभन्दा पहिले गाउँका केटाकेटीहरूलाई उपयुक्त शिक्षा दिलाउने उद्देश्यले गाउँमै नौलो खालको स्कूलको व्यवस्था गराएँ। यस-खाले स्कूलको आवश्यकताबारे बुझाउन मैले निक्कै समय खर्च गरेर धेरै मानिसलाई भेट्नु परेको थियो। दश कक्षा पास गरेकाहरूलाई पनि कर्ममुखी शिक्षाको पर्याप्त ज्ञान दिलाएँ। केही विशेषज्ञहरू पनि बोलाएर बुझाउन लगाएँ।

Dalbahadur Chhetry : I am not a great social worker. But I am always busy. I am working to free the young people of my village from the ideas of degree oriented education. First of all, in order to give proper education to the boys and girls of our village, I managed to open a new type of school. For that I had to meet many people spending days together to convince them about the necessity of this type of school. I also made the class ten passed students quite aware of the importance of vocational education. I invited some experts to make them convinced. The persons having vocational education possess skills. They can do something for their livelihood. I made them aware of the importance of computer education also.

दुर्गा : बा ! तिमीले त केही पुरस्कार पाउनुपर्ने काम पो गरेछौ त।

दलबहादुर : हत्तेरी, नजिस्क न। मैले भनेको कुरा ध्यानले सून। विश्वव्यापीकरणका गुण दोषबारे पनि हाम्रा गाउँका सबैलाई अवगत गराउन जरूरी छ। त्यसकारण केही युवाहरूको सहयोगमा हाम्रो गाउँमा एउटा सूचना केन्द्र खोलें। यसबारे मलाई केही समाजशास्त्री र इन्जिनियरहरूले सघाइरहेका छन् । सहरका केटाकेटीहरूको मात्र जीवन सुध्रिएर हुँदैन। गाउँका केटकेटीहरूलाई पनि अघि बढाउनुपर्छ। गाउँमा पनि जेहेन्दार केटाकेटी हुन्छन्। उनीहरूलाई सही बाटो देखाउनुपर्छ। गाउँका केटाकेटीहरूलाई पनि सहरका केटाकेटी जस्तो अघि बढाउनुपर्दछ। तब मात्र हाम्रो देशको सपना पूरा हुन्छ।

दुर्गा : कुरा त ठीकै हो। तर यो विश्वव्यापीकरण अभियानले हाम्रो संस्कृतिलाई विकृत बनाउँदैन र ? तिमी के भन्छौ?

दलबहादुर : अहँ, मलाई त् त्यस्तो लाग्दैन। हरेक जातिको मानिसलाई आफ्नो भाषा, साहित्य, कला र संस्कृति संरक्षण गराउन हाम्रो सरकार र राष्ट्रसंघ नै वचनबद्ध छन्।

Durga : Oh ! you have done a work worth rewarding.

Dalbahadur : Don't tease me. Listen seriously to what I say. It is also necessary to make our villagers aware of the merits and demerits of globalisation. So with the help of some youngsters I have opened an information centre in our village. Some sociologists and engineers are helping me in this matter. It is not enough that only the boys and girls of the cities come up in life. It is equally necessary to bring forward the village boys and girls also. In villages also there are intelligent children. We have to show them the correct path. We have to make the village children also as advanced as the city children. Only then the dreams of our country come true.

Dugra : What you are telling is true. But don't you think that the process of globalization will spoil our culture ? What do you say.

Dalbahadur : I don't think so. Our Government and United Nations Organization are committed to protect the language, literature, art and culture of each and every community. Every community is responsible for the preservation of its culture and tradition. To keep pace with time we should not hesitate to bring about a slight reform in our cultural tradition.

प्रत्येक जाति आफ्नो संस्कृति र परम्पराको संरक्षणका लागि जिम्मेवार हुन्छ। युगसापेक्ष हाम्रो सांस्कृतिक परम्परामा केही सुधार गर्न हिचकिचाउनु हुँदैन।

दुर्गा : भाषा संस्कृतिको संरक्षणमा हाम्रो सरकारले चाहिँ के गर्दै छ त ?

Durga : What our Government is doing to preserve the language and culture of our people.

दलबहादुर : मैसूरको **भारतीय भाषा संस्थान**ले हाम्रो देशको क्षेत्रीय, सीमान्त र जनजाति भाषाको विकासमा काम गरिरहेको छ। कलकताको एन्थ्रोपोलोजिकल सर्भे अफ इन्डियाले पनि हाम्रो देशको प्रत्येक जातिको सांस्कृतिक विशेषताहरू अध्ययन तथा ध्वनिबद्ध गर्ने जिम्मेवारी लिएको छ। राष्ट्र सङ्घले पनि लुप्तप्राय सांस्कृतिक र भाषिक गोष्ठीको उत्थानको निम्ति आर्थिक मदत् गर्छ। त्यस अतिरिक्त अरू धेरै गैर-सरकारी संस्था र सङ्गठनहरू पनि भाषा र संस्कृतिको खोज-अनुसन्धानमा लागेका छन्। तिमी चाहन्छौ भने त्यस प्रकारका काम गर्ने संस्था सङ्गठनका सम्बन्धित कार्यकर्तासँग परिचय गराइदिउँला।

Dalbahadur : The **Central Institute of Indian Languages** in Mysore is working for the development of all regional, tribal and border languages of our country. The Anthropological Survey of India in Kalkata has also taken the responsibility of studying and recording the cultural features of each and every community of our country. The United Nations Organisation funds many projects specially for the development of endangered languages and cultural groups. In addition to these many voluntary organisations are also engaged interested in the study of our cultures and languages. If you like I may introduce you with some people associated with such works.

दुर्गा : त्यसो भए त राम्रो हुन्छ। अनि त म पनि केही ठोस सामाजिक काम गर्न सक्षम हुनेछु ।

Durga : That will be fine. Then I will also be able to do some meaningful social work.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Dill

1. तिमीले केटाकेटीलाई समाज सेवा पनि लगाउँदै छौं।
2. म युवा-युवतीहरूलाई उपाधिमुखी शिक्षाबाट मुक्त गराउन लागेको छु।
3. मैले उनीहरूलाई कम्प्युटर शिक्षाको महत्त्व पनि अवगत गराएँ।
4. विश्वव्यापीकरणको बारे हाम्रा गाउँकालाई अवगत गराउनु छ।
5. गाउँका केटाकेटीहरूलाई अघि बढाउनु छ।
6. उनीहरूलाई सही बाटो देखाउनुपर्छ।
7. मैले सबैलाई कर्ममुखी शिक्षाको ज्ञान दिलाउनु छ।
8. हामीले धेरै कुरा केटाकेटीहरूलाई बुझाउनु छ।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

लागेको छु।
गराउन
गराउन लागेको छु।
मुक्त
मुक्त गराउन लागेको छु।
शिक्षाबाट
शिक्षाबाट मुक्त गराउनु लागेको छु।
उपाधिमुखी
उपाधिमुखी शिक्षाबाट मुक्त गराउन
लागेको छु।
युवतीहरूलाई उपाधिमुखी शिक्षाबाट मुक्त गराउन लागेको छु।
युवा-युवतीहरूलाई उपाधिमुखी शिक्षाबाट मुक्त गराउन लागेको छु।

1. गराएँ।
   अवगत गराएँ।
   महत्त्व पनि अवगत गराएँ।
   कम्प्युटर शिक्षाको महत्त्व पनि अवगत गराएँ।
   उनीहरूलाई कम्प्युटर शिक्षाको महत्त्व पनि अवगत गराएँ।
   मैले उनीहरूलाई कम्प्युटर शिक्षाको महत्त्व पनि अवगत गराएँ।

2. दिलाएँ।
   ज्ञान दिलाएँ।
   पर्याप्त ज्ञान दिलाएँ।
   शिक्षाबारे पर्याप्त ज्ञान दिलाएँ।
   कर्ममुखी शिक्षाबारे पर्याप्त ज्ञान दिलाएँ।
   केटाकेटीहरूलाई कर्ममुखी शिक्षाबारे पर्याप्त ज्ञान दिलाएँ।

3. बढाउनु छ।
   अघि बढाउनु छ।
   केटाकेटीहरूलाई अघि बढाउनु छ।
   गाउँका केटाकेटीहरूलाई अघि बढाउनु छ।
   हाम्रा गाउँका केटाकेटीहरूलाई अघि बढाउनु छ।
   हामीले हाम्रा गाउँका केटाकेटीहरूलाई अघि बढाउनु छ।

4. पर्दछ।
   बढाउनुपर्दछ।
   केटाकेटीको जस्तो अघि बढाउनुपर्दछ।
   सहरका केटाकेटीको जस्तो अघि बढाउनुपर्दछ।
   गाउँका केटाकेटीहरूलाई पनि सहरका केटाकेटीको जस्तो अघि बढाउनुपर्दछ।

5. हुँदैन।
   हिच किचाउनु हुँदैन।
   सुधार गर्न हिचकिचाउन हुँदैन।
   केही सुधार गर्न हिचकिचाउनु हुँदैन।
   परम्परामा केही सुधार गर्न हिचकिचाउनु हुँदैन।
   साँस्कृतिक परम्परामा केही सुधार गर्न हिचकिचाउनु हुँदैन।
   हाम्रो सांस्कृतिक परम्परामा केही सुधार गर्न हिचकिचाउनु हुँदैन।

III. प्रतिस्थापन अभ्यास - Substitution Drill

नमूना Model म <u>उपाधिमुखी</u> शिक्षा पढाउँदै छु।
कर्ममुखी
म कर्ममुखी शिक्षा पढाउँदै छु।

1. मैले गाउँमा स्कूल <u>बनाउन</u> लगाएँ।
   खोलाउन
   हेराउन
   देखाउन

2. मैले उनीहरूलाई कम्प्युटरको महत्त्व <u>सिकाएँ</u>।
   सुनाएँ
   देखाएँ
   बुझाएँ
   भनाएँ

3. मैले सबैलाई कम्प्युटरको शिक्षा <u>सिक्न</u> लगाएँ।
   लिन
   जान्न
   पढ़न

IV. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model a. म कम्प्युटर किन्छु ।
b. म कम्प्युटर ल्याउँछु।
म कम्प्युटर किनेर ल्याउँछु।

1. म समाज सेवी हुन्छु। म समाजको काम गर्छु।
2. तिमी खाना जाऊ। तिमी जाऊ।
3. तिमी कर्ममुखी शिक्षा देऊ। तिमी उनीहरूलाई सघाऊ।
4. तिमी सही शिक्षा देऊ। तिमी मदत गर।
5. हामी पनि शिक्षित हौं। हामी देशको सेवा गरौं।

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model a. तिमीले नातीहरूलाई सबै कुरा अवगत गरायौं ?
मैले नतीहरूलाई सबै कुरा अवगत गराएको छैन।

1. तिमीले उपाधिमुखी शिक्षाबारे भनायौ ?
2. तिमीले कर्ममुखी शिक्षाबारे लेखायौ ?
3. तिमीले कम्प्युटर चलाउन सिकायौ ?

नमूना Model b. तपाईंले विकासलाई चिन्नु भयो ?
मैले विकासलाई चिनेको छैन।

1. तपाईंले होम वर्क गर्नुभयो ?
2. तपाईंले हिजोको काम सक्नुभयो ?
3. तपाईंले सबै थोक बुझ्नुभयो ?
4. तपाईंले पछिल्लो पाठ पढनुभयो ?
5. तपाईंले केही कुरा गर्नुभयो ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. तिमीले केटाकेटीहरूलाई समाजसेवा लगाउँदै छौ भन्ने _____। (सुनें, सुन्नु, सुन्)
2. यसखाले स्कूलको _____ छ। (खाँचो, साँचो, रमिता)
3. तिमीमा कर्ममुखी शिक्षाको __ ज्ञान रहेछ। (राम्रो, राम्ररी, रमाइलो)
4. मैले गाउँमै स्कूल खोल्न _____। (लगाएँ, लगा, लाग्)
5. उनीहरू केही ____ खान सक्छन्। (गरे, गरेर, गर्नु)

II Complete the sentences using the appropriate forms of the words given.

1. मैले गाउँमा मानिसहरूलाई स्कूल खोल्न _____। (लाग्)
2. तिमीले पुरस्कार ____ काम गरेछौ। (भन्)
3. मैले तिमीलाई सबै कुरा _____। (भन्)

4. उनी घरमा गएर काम _____ (गर्)
5. हामीले कही न केही नौलो कुरा _____। (सुन्)

III Complete the sentences using the appropriate words.

1. अहँ, मलाई त ____ लाग्दैन।
2. हाम्रो सरकारले हाम्रो केही काम ____।
3. विश्वव्यापीकरण _____ हाम्रो सांस्कृतिलाई विकृत बनाउँदैन।
4. सबैको संस्कृतिमा केही _____ आउँदै गर्छ।
5. हामीले सामाजिक ____ गराउनुपर्छ।

IV Re-write as directed.

1. म गाउँमा स्कूल खोलाउँछु। (Change into plural forms)
2. हाम्रा दाजुभाइ छन्। (Change into feminine)
3. हाम्री बहिनी छे। (Change into plural)
4. उनले हामीलाई सबै कुरा अवगत गराए। (Change into feminine)
5. तिमीलाई सेमिनारमा बोलाए ? (Change into negative)

V Expand the following sentences using at least three words each.

1. मैले गराएँ।
2. म लागेको छु।
3. सरकारले के गर्दै छ ?
4. मलाई सघाइरहेका छन् ।
5. मैले भेट्नु परेको थियो ।

VI Answer the following questions with reference to the dialogue of the lesson.

1. को सधैं व्यस्त छ ?
2. दलबहादुर छेत्रीले गाउँमा के गराए ?
3. कर्ममुखी शिक्षा लिएका व्यक्तिहरूको हातमा के हुन्छ ?
4. कसले कम्पम्युटर शिक्षाको महत्त्व अवगत गरायो ?
5. युगसापेक्ष हाम्रो संस्कृतिमा के गर्नुपर्छ ?

टिप्पणी NOTES

6.33.1. Sentences with verbs indicating causativasation are introduced. e.g.

म आफ्ना गाउँका युवा युवतीहरूलाई उपाधिमुखी शिक्षाबाट मुक्त गराउन लागेको छु।	I am working to free the young people of my village from the ideas of degree oriented education.
मैले उनीहरूलाई कम्प्युटरको महत्त्वबारे पनि अवगत गराएँ।	I made them aware of the importance of computer education also.
उनीहरूलाई सही बाटो देखाउनुपर्छ।	We have to show them the correct path.

यस खाले स्कूलको आवश्यकताबारे बुझाउन मैले निक्कै समय खर्च गरेर धेरै मानिसलाई भेट्नु परेको थियो।	For that I had to meet many people spending days together to convince them the necessity of this type of school.

6.33.2. Note the use of causative verbs in the following sentences.

मैले व्यवस्था गराएँ।	I made (it) arranged. (I did the arrangement)
मैले केटाकेटीहरूलाई कम्प्युटर शिक्षाको महत्त्वबारे अवगत गराएँ।	I made the students aware of the importance of computer education.
गाउँका केटाकेटीलाई पनि अघि बढाउनु पर्छ।	We have to make the village children also advanced.

6.33.3. You may note that for the formation of causative verbs the suffix - आउ is added to verb root and then it functions like the non causative verbs taking the respective tense /mood/person/number/gender markers. The general structure is like root + आउ + (derivational or inflexional) suffixes

गर् + आउ + न = गराउन, मुक्त गराउन	to cause/to make free.
बुझ् + आउ + न = बुझाउन, बुझाउन	to cause/to make one convinced.
गर् + आउ + एँ = गराएँ, उनीहरूलाई अवगत गराएँ	I made them aware of.
दे + आउ + यौं = दिलायौं, हामीले उनलाई विश्वास दिलायौं	We made him believe.
भन् + आउ + ई = भनाई, उसले मलाई त्यो कुरा भनाई	She made (caused) me tell that thing.
पढ + आउ + न = पढाउन, विद्यार्थीलाई मैले पढाउन लगाएँ	I made (caused) the students teach.

Note that the उ of all the -आउ ending stems is dropped before the suffixes -इ, -ई, -ए, -ऍ, -एर, -यो, -यौ, -यौं, e.g

गर् + आउ + ई = गराई	She caused to do
गर् + आउ + एँ = गराएँ	I caused to do
गर् + आउ + ए = गराए	They caused to do.
गर् + आउ + यो = गरायो	He caused to do
गर् + आउ + यौ = गरायौ	You caused to do.
गर् + आउ + यौं = गरायौं	We caused to do.

This rule also applies to the stems with single roots ending in उ, e.g.

आउ + एँ = आएँ	I came
पाउ + एँ = पाएँ	I got
गाउ + एँ = गाएँ	I sang
सिउ + एँ = सिएँ	I stitched / sewed
लाउ + एँ = लाएँ	I wore / applied.
पिउ + एँ = पिएँ	I drank.

एकाइँ ६ Unit 6

पाठ - ३४ Lesson - 34

के गर्नु के नगर्नु
What to do or not to do

संवाद DIALOGUE

देवेन : ए दाजु,आइपुग्नु भयो ? हेर्नुहोस् न। मेरा छोरालाई अस्तिदेखि ज्वरो आइरहेको छ। ज्वरो आउँदै छोड्दै गर्दै छ। **सिटी फार्मासी** बाट औषधी ल्याएर खुवाएको। तर खोइ जाती भएको छैन। म त के गर्नु नगर्नु भएको छु।

Deben : Oh (elder) brother, you have come? Please see. My son has been suffering from fever since day before yesterday. Fever comes and goes. I gave him medicine brought from the **City Pharmacy**. But there seems to be no improvement. I don't know what to do and what not to do.

मोहन : किन डाक्टरको पुर्जीबिना औषधी ल्याएर खुवाएको त ? त्यस्तो गल्ती गर्नु हुँदैन। कसैले पुर्जीबिना आफै औषधि ल्याएर बिरामीलाई खुवायो भने आपद आइलाग्न सक्छ। तिमीले ट्याक्सी ल्याएर छोरालाई अस्पताल लान सक्थ्यौ। किन त्यसो चाहिँ नगरेका ? यसो हेर्दा त यसलाई औलो लागेको हुन सक्छ।

Mohan : How did you buy the medicine without doctor's prescription? You should not commit such mistakes. Without prescription if one gives medicine to sick it can be dangerous. Hiring a taxi you could have taken your son to a hospital. Why didn't you do that ? It looks like he has malaria.

देवेन : म यसलाई अस्पताल लान त सक्थें। तर जाती पो भइहाल्छ कि भनेर नलगेको। बिमारीलाई अस्पताल लानु त उचित हो। तर यहाँ कहाँ चाहिँ लानु पर्ने हो? सरकारी अस्पतालमा लग्यो भने धेरै लामो लाम हुन्छ र घण्टौं पर्खिदाँ पनि डाक्टर नभेटिन सक्छ। कहिले काहीं त अस्पतालमा एकजना पनि डाक्टर हुँदैनन्।

Deben : I could have taken him to a hospital. But I didn't do so in the hope of some improvement. It is better to take a patient to a hospital. But here, where to take to ? If I take to a Government hospital there will be a long queue and even waiting for hours together one may not see the doctor. Sometimes there may not be a single doctor in the hospital.

मोहन : तिमीले कुनै पनि नर्सिङ होममा लगेको भए हुन्थ्यो। अहिले पनि लान सक्छौ। उसलाई हेर त। उसको अवस्था नाजुक हुँदैछ।

Mohan : You could have taken him to any nursing home. Even now you can take him. Look at him. His condition is worsening.

देवेन : कुनै पनि नर्सिङ होम ज्यादै खर्चिलो हुन्छ। प्रायः नर्सिङ होममा उनीहरू बस्नु पर्ने दिन लम्याउँछन्। रेखाको घटनामा के भएको थियो तिमीलाई थाहै छ। त्यस बेलादेखि जुनसुकै नार्सिङ होमप्रति घृणा उब्जेको छ। किनकि उनीहरूले चाहेको भए रेखालाई एक हप्तामा नै छुट्टी दिन सक्थे। तर धेरै पैसा मात्र
झार्न 35 दिनसम्म राखेर छोडे। उनीहरूले हामीलाई भनेको कुरा चित्त बुझ्दो थिएन। उनीहरू ज्वरो र बान्ता बल्झिन सक्छ भन्थे। सुन्नु सिबाय हामी के पो गर्न सक्थ्यौं र ? आखिरमा हामीलाई पैंतीस हजार रुपियाँको बिल दिएरै छाडे।

Deben : All private nursing homes are very expensive. Mostly they prolong the days of treatment in nursing homes. You know what happened in Rekha's case. Since then I have developed a sense of hatred towards all nursing homes. Because if they wanted they could have discharged Rekha within a week. But for getting more money they retained her for 35 days. The reason they placed before us was not convincing. They told us that fever and vomiting could relapse. Other than listening to them, what could we do ? Eventually they forwarded a bill of Rs. Thirty five thousand.

मोहन : सबै नर्सिङ होम एकै खाले नहुन सक्छन्। हामीले सरकारी अस्पतालमा लाने कि राम्रो नार्सिङ होम लाने टुङ्गो लगाउनु पर्छ। बिरामी जाती पार्नु हाम्रो कर्तव्य हो। त्यसकारण चाँडो गरौं। हामी सरकरी अस्पतालमै जाऊँ। सम्भवतः त्यहाँ डाक्टर हुन सक्छन्। मैले भर्खरै उनलाई अस्पतालतिर जाँदै गरेको देखेको थिएँ।

Mohan : All nursing homes may be the same. We have to decide whether to take (the patient) to a government hospital or to a good nursing home. It is our duty to get our patient cured. So, hurry up. Let us go to the Government hospital itself. Most probably doctor could be there. I just saw him going towards the hospital.

देवेन : हुन्छ दाजु। जाऔं। म ट्याक्सी ल्याउँछु। त्यतिखेर सम्ममा मेरी श्रीमतीले छोरालाई तयार पार्न सक्छिन्। उनी पनि हामीसँग जान सक्छिन्।

Deben : Yes brother. Let us go. I will bring a taxi. By that time my wife will get my son ready. She may also come with us.

छोरो : बाबा, म आफै ठीक पर्न सक्छु। म मेरो लुगा आफै फेर्न सक्छु।

Son : Father, I can get ready myself. I can change my clothes on my own.

देवेन : म झट्टै ट्याक्सी लिएर आउँछु। तिमीहरू सबै ठीक पर। हामी सबै एकैसाथ जान सक्छौं। फर्किँदा म दाँतको डाक्टरलाई पनि भेट्न सक्छु।

Deben : I will bring the taxi in no time. All of you get ready. We may go together. While coming back I can see my dentist also.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. आफै औषधि ल्याएर बिरामालाई खुवायो भने आपद आइलाग्न सक्छ।
2. तिमीले ट्याक्सी ल्याएर छोरालाई अस्पताल लान सक्थ्यौ।
3. यसो हेर्दा त यसलाई औलो लागेको हुन सक्छ।
4. म यसलाई अस्पताल लान सक्थें।
5. तिमी अहिले पनि उसलाई लान सक्छौ।
6. उनीहरू ज्वरो र बान्ता बल्झिन सक्छ भन्थे।
7. सबै नार्सिङ होम एकै खाले नहुन सक्छन्।
8. सुत्नु सिवाय हामी के पो गर्न सक्थ्यौं र ?
9. त्यतिखेरसम्ममा मेरी श्रीमतीले छोरालाई तयार पार्न सक्छिन्।
10. उनी पनि हामीसित जान सक्छन्।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

सक्छ।
हुन
हुन सक्छ।
लागेको
लागेको हुन सक्छ।
औलो
औलो लागेको हुन सक्छ।
यसलाई
यसलाई औलो लागेको हुन सक्छ।

1. सक्थें।
   लान सक्थें।
   अस्पताल लान सक्थें।
   यसलाई अस्पताल लान सक्थें।
   म यसलाई अस्पताल लान सक्थें।

2. सक्छौ।
   लान सक्छौ।
   अस्पताल लान सक्छौ।
   अहिले पनि अस्पताल लान सक्छौ।
   उसलाई अहिले पनि अस्पताल लान सक्छौ।
   तिमी उसलाई अहिले पनि अस्पताल लान सक्छौ।

3. भन्थे।
   सक्छ भन्थे।
   बल्झिन सक्छ भन्थे।
   बान्ता बल्झिन सक्छ भन्थे।
   ज्वरो र बान्ता बल्झिन सक्छ भन्थे।
   उनीहरू ज्वरो र बान्ता बल्झिन सक्छ भन्थे।

4. सक्थ्यौं र ?
   गर्न सक्थ्यौं ?
   के पो गर्न सक्थ्यौं र ?
   सुन्नु सिबाए के पो गर्न सक्थ्यौं र ?
   हामी सुन्नु सिबाए के पो गर्न सक्थ्यौं र ?

5. सक्छन्।
   नहुन सक्छन्।
   एकै खाले नहुन सक्छन्।
   नर्सिङ होम एकै खाले नहुन सक्छन्।
   सबै नर्सिङ होम एकै खाले नहुन सक्छन्।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model

उनीहरूले भने को कुरा चित्त बुझ्दो थिएन।
घत लाग्दो
उनीहरूले भनेको कुरा घत लाग्दो थिएन।

1. म झट्टै ट्याकसी लिएर आउँछु।
   तुरन्त
   अहिलै
   राम्रो

2. हामी सबै एकै साथ जान सक्छौं।
   आउन
   खान
   हेर्न
   डुल्न

3. फर्किँदा म दाँतको डाक्टरलाई पनि भेटन सक्छु।
   देखाउन
   बोलाउन
   भन्न

4. सम्भवतः त्यहाँ डाक्टर आउन सक्छन्।
   नआउन
   हुन
   नहुन

रहन
नरहन

5. चाहेको भए तपाईंले राम्ररी पढन सक्नुहुन्थ्यो।
लेख्न
हेर्न
बुझ्न
सुन्न
खान

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model
साथीहरू हुन सक्छन्।
त्यहाँ
साथीहरूत्यहाँ हुन सक्छन्।
सम्भवतः
सम्भवतः साथीहरू त्यहाँ हुन सक्छन्।
हाम्रा
सम्भवतः हाम्रा साथीहरू त्यहाँ हुन सक्छन्।

1. म सक्छु।
म फेर्न सक्छु।
म आफै फेर्न सक्छु।
म आफै कपड़ा फेर्न सक्छु।
म आफै मेरो कपड़ा फेर्न सक्छु।

2. हामी सक्छौं।
हामी पढन सक्छौं।
हामी राम्ररी पढन सक्छौं।
हामी पाठ राम्ररी पढन सक्छौं।
हामी हाम्रो पाठ राम्ररी पढन सक्छौं।

3. तिमी सक्छौं।
हुन सक्छौ।
पास हुन सक्छौ।
तिमी राम्ररी पास हुन सक्छौ।
चाह्यौ भने तिमी राम्ररी पास हुन सक्छौ।

4. उनी पनि जान सक्छिन्।
उनी पनि त्यहाँ जान सक्छिन्।

उनी पनि त्यहाँ जान सक्छिन्।
उनी पनि हामीसित त्यहाँ जान सक्छिन्।
अहिले नै उनी पनि हामीसित त्यहाँ जात सक्छिन्।

5. हामीले के पो गर्न सक्थ्यौ र ?
हामीले उनीहरूलाई के पो गर्न सक्थ्यौं र ?
हामीले त्यहाँ उनीहरूलाई के पो गर्न सकथ्यौं र ?
त्यसबेला हामीले त्यहाँ उनीहरूलाई के पो गर्न सक्थ्यौं र ?
त्यसबेला त्यस अवस्थामा हामीले त्यहाँ उनीहरूलाई के पो गर्न सक्थ्यौं र ?

V. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model म बिरामी छु। म डाक्टरकहाँ जान सक्छु
म बिरामी भए पनि डाक्टरकहाँ जान सक्छु।

1. म हिँडदै छु। म पढन सक्छु।
2. म खाँदै छु। म सुन्न सक्छु।
3. म एकलै छु। म यहाँ बस्न सक्छु।
4. म लेख्दै छु। म बुझ्न सक्छु।
5. म पढदै छु। म सुन्न सक्छु।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. म यसलाई _____ लान सक्थें। (अस्पताल, दाँत, ज्वरो)
2. हामी सबै एक _____जान सक्छौं। (साथी, साथ, आफै)
3. उनीहरूको ज्वरो र ___ बल्झिन सक्छ भन्थे। (बान्ता, तयार, झार्न)
4. जाती पो मइहाल्छ कि _____ नलगेको। (भनेर, भई, भयो)
5. यहाँ ___ चाहिँ लानु पर्ने हो ? (कहाँ, जहाँ, यति)

II Complete the sentences using the appropriate forms of the words given.

1. म मैसूर जान सक्थें तर ___। (जा)
2. तिमी गुवाहाटी आयौ तर सोलान पनि जान _____। (सक्)
3. तपाई नेपाली भाषा पढन _____। (सक्)
4. उनी आउन _____ तर आइनन्। (सक्)
5. तपाई पनि पढन् _____ तर किन पढनु भएन ? (सक्)

III Complete the sentences using the appropriate words.

1. तिमी टाउन क्लबको सेमिनारमा _____ सक्छौ।
2. म प्रशासनिक अफिसर भएको भए केही सुधार ___ सकथें।
3. धनसिंहले चाहेको भए फेरि बिहे नगर्न _____।

4. देवेनले छोरालाई अस्पताल _____ सक्थे।
5. उनीहरूको _____ कुरा चित्त बुझ्दो थिएन।

IV Expand the following sentence using at least three words each.

1. उनले सक्थें।
2. तिमी सक्छौ।
3. हामी सक्छौं।
4. यसले सक्छ।
5. उहाँ सक्नुहुन्छ।

V Combine the following pairs of sentences into single sentence.

1. तपाईं मणिपुरी हुनुहुन्छ। तपाईं नेपाली पढन सक्नुहुन्छ।
2. उहाँ उड़िया हुनुहुन्छ। उहाँ मणिपुरी बुझ्न सक्नुहुन्छ।
3. म बिरामी छु। म क्लास आउन सक्छ।
4. उनी कोठामा छन्। उनी पढिरहन सक्थे।
5. ऊ पढदै थियो। ऊ कुरा सुन्न सक्थो।

शब्दावली VOCABULARY

ज्वरो	fever	औषधि	medicine
जाती	well, fine	पुर्जी	chit, prescription
गल्ती	mistake	बिरामी	sick
आपद	danger	औलो	malaria
लाम	line, queue	अवस्था	condition
नाजुक	worse, weak	खर्चिलो	expensive
लम्याउँछन्	elongate, prolong	घटना	incident, case
घृणा	hatred	झार्न	to drop, to squeeze
चित्त बुझदो	convincing	बान्ता	vomiting
बल्झिन सक्छ	may/can relapse	सिवाय	except
हजार	thousand	एकै खाले	of same quality
टुङ्गो लगाउनु	to decide, to locate	सम्भवतः	possibly, probably
श्रीमती	Mrs., wife	तयार	ready
लुगा फेर्नु	to change clothes	झट्टै	instantly, in no time
ठीक पर	get ready	दाँतको डाक्टर	dentist

टिप्पणी NOTES

6.34.1. Sentences indicating ability are introduced. The root सक् means ` to be able to` . The structure used in this lesson is (root + न) + (सक् + suffix), e.g .

म यसलाई अस्पताल लान सक्थें।	I could have taken him to the hospital.
तिमीले कुनै नासिर्ङ होममा लान	You could have taken him to any hospital.

सक्थ्यौ।

सम्भवत छ ,डाक्टर त्यहाँ हुन सक्छन्।	Possibly doctor could have been there.
म मेरो कपडा आफै फेर्न सक्छु।	I can change my clothes on my own.

6.34.2. Note the underlined ability verbs in the following sentences.

हामी सबै एक साथ जान सक्छौं।	We can go together.
फर्किदाँ म दाँतको डक्टरलाई भेट्न सकछु।	While coming back I can see my dentist.
उनीहरू ज्वरो र बान्ता बल्झिन सक्छ भन्थे।	They told (us) that the fever and vomiting could relapse.
सुन्नु सिवाए हामी के पो गर्न सक्थ्यौं र ?	Other than listening to them what could we do?

6.34.3. Ability indicating verbs in Nepali are formed by using the finite forms of the help verb सक to the infinitive forms of the concerned verbs as shown below. This form may also mean possibility.

म गर्न सक्छु।	I can do.
हामी गर्न सक्छौं।	We can do.
तिमी गर्न सक्छौ।	You can do.
तपाईं गर्न सक्नुहुन्छ।	You can do.
ऊ गर्न सक्छ।	He can do.
ऊ गर्न सक्छे।	She can do.
म गर्न सक्ने थिएँ/सक्थें।	I could do.
हामी गर्न सक्ने थियौं/सक्थौं।	We could do.
तपाईं गर्न सक्नुहुन्थ्यो।	You could do.
उनी गर्न सक्थिन्।	She could do.
उहाँ गर्न सक्नुहुन्छ।	He can do.
ऊ गर्न सक्थ्यो।	He could do.
तँ गर्न सक्थिस्।	You could do

Negative

म गर्न सक्तिनँ।	I cannot do.
हामी गर्न सक्दैनौं।	We cannot do.
तिमी गर्न सक्दैनौ।	You cannot do.
तपाईं गर्न सक्नु हुन्न।	You cannot do.
ऊ गर्न सक्दैन।	He cannot do.

6.34.4. Variant formस of द (दा, दै, दि, द) and त (ता, तै, ति, त)

In the eastern dialect of Nepali द -form changes into त - form before voiceless sounds (क, च, ट, त, प, ख, छ, ठ, थ, फ, and स) ,e.g.

				Eastern		other
सक्	+	दा	=	सक्ता	सक्दा	when one can
चाख्	+	दै	=	चाख्तै	चाँख्दै	tasting
सोच्	+	दि + न	=	सोच्तिन	सोंच्दिन	She doesn't think.
पुछ्	+	द + छ	=	पुछ्तछ	पुछँ्दछ	wipes
कुट	+	दा	=	कुट्ता	कुट्दा	while beating
उठ्	+	दै + छ	=	उठ्तै छ	उठँ्दै छ	is getting up.
टिप्	+	दि + न	=	टिप्तिन	टिप्दिन	She doesn't pluck.
सुत्	+	द + छ	=	सुत्त	सुत्दछ	He sleeps.

Both the forms are accepted in standard Nepali.

एकाइँ ६ Unit 6

पाठ - ३५ Lesson - 35

नर्स बन्ने रहर
Desire to a nurse

संवाद DIALOGUE

छोरी : आमा, म फ्लोरेन्स नाइटिङ्गेल जस्तो नर्स हुन चाहन्छु। अनि म गरीब र पीडित मानिसलाई मदर टेरेसाले गरेको जस्तो सेवा गर्न सक्छु।

Daughter : Mummy, I want to be a nurse like Florence Nightingale. Then I can serve the poor and the sufferers as Mother Teresa did.

आमा : तिमीले उत्तम पेसा रोजेकीमा म सारै खुसी छु। वास्तवमा तिमीले नर्सिङ कोर्स पढिदिएकी हेर्न चाहन्थें। तर तिम्रो इच्छा के छ त्यसबारे म निश्चित थिइनँ। अचेल धेरै आमाबाबुहरू आफ्ना छोराछोरीको इच्छा विरूद्ध नै डाक्टर र इन्जिनियर पढ्न कर लगाउँछन्। केही केटाकेटी आमाबाबुको रहरले डाक्टरी र इन्जिनियरिङ पढिहाल्छन्। तर पछि उनीहरू आफ्नो कर्तव्य राम्ररी पूरा गर्न सक्दैनन्। त्यसकारण तिमीलाई यसै गर भन्न हामीले सकेका थिएनौं।

Mother : I am very happy that you have chosen a noble profession. Actually I also wanted you to go for nursing course. But I was not sure about your ideas. Now a days many parents force their children to do medical and engineering courses against their desire. Some children however study medical and engineering courses following their parent's desires. But later they can not perform their duties properly. That is why we could not have told you to do a particular job.

बुबा : छोरी, तिम्री आमाले भनेको कुरा साँचो हो। हामी दुवै नै तिमी आदर्श नर्स भइदिएको हेर्न चाहन्थ्यौं। त्यो त उत्तम पेसा हो। ईश्वर पनि गरीब र बिरामीको सेवा गर्नेप्रति प्रसन्न हुन्छन्। हाम्री छोरीले पनि त्यस खाले उत्तम बाटो अप्नाउने निर्णय लिदिएकीमा हामी अत्यन्त आनन्दित छौं।

Father : Daughter, what your mummy says is true. Both of us wanted you to become an ideal nurse. It is a noble profession. God always appreciates the one who serves the poor and the sick. We are very happy that our daughter has also decided to follow a noble path.

छोरी : हामी सबै एकै खाले कुरो सोच्ता रहेछौं भन्ने थाहा पाएर म ज्यादै खुसी छु। अब भन्नुहोस् म कुन नर्सिङ कलेजमा पढूँ ?

Daughter : I am extremely happy to know that we all think alike. Now tell me in which nursing college should I study ?

बुबा : यहींको **रिजनल नर्सिङ कलेज**मा तिमीले पढ्न पाउँदा राम्रो हुने थियो। म एप्लिकेसन फर्म र विस्तृत जानकारी त ल्याइदिन सक्छु। अरू मैले केके गरिदिनु पर्छ ?

Father : It would be good if you could join the Regional Nursing College here itself. I can get the necessary application forms and other details. What else do you want me to do?

छोरी : बुबा, तपाईले गरिदिनु पर्ने धेरै काम छ । प्रवेश परीक्षाको निम्ति किताब ल्याइदिनुपर्छ अनि फेरि यस खाले परीक्षाको लागि राम्रो कोचिङ सेन्टरको पत्तो लाइदिनुपर्छ। म पनि गुरुबा गुरुआमाहरूलाई सोध्नेछु।

Daughter : Daddy, there are so many things to be done. You have to get me the books for the entrance examination. You can also find out a good coaching centre for examination. I will also ask my teachers.

आमा : छोरी, मैले चाहिँ कसरी सघाइदिनूँ?

Mother : Daughter, in which way could I help you ?

छोरी : फुर्सदको बेलामा तपाईंले मलाई फ्लोरेन्स नाइटिङगेल र मदर टेरेसाबारे भन्दिँदै गर्नू। म उनीहरूको जीवनका रोचक घटनाहरू सुन्न चाहन्छु। उनीहरूको धेरै कुरा सुनेको छु तर विस्तृत रूपमा तपाईंबाट सुन्ने मन छ।

Daughter : When you get time mummy, you tell me what you know about Florence Nightingale and Mother Teresa. I would like to hear about the important events in their lives. I have heard many stories about them. But I want to know everything in detail from you.

आमा : तिमीले भने जसरी नै म गरिदिन्छु। साँचो भन्नु हो भने म आफै नर्स हुन चाहन्थें। तर घरको वातावरणले मलाई नर्स हुन दिएन। मेरा आमाबाबा खुबै परम्परावादी हुनुहुन्थ्यो। मैले छिट्टै बिहे गरी परिवारिक जीवन सम्हालेको उहाँहरू हेर्न

Mother : I will do what you want. Really speaking, I had also a desire to be a nurse. But the condition of my house did not permit me to become so. My parents were very much traditional. They wanted me to get married soon and to lead a family life. But when you were born I wished we could make you a nurse if you like. Now since you have

चाहनुहुन्थ्यो। तर तँ जन्मिने साथ तैंले चाहिस् भने हामीले तँलाई नर्स बनाउँछौं भन्ने सोचेका थियौं। अहिले तैंले पनि त्यही चाहिदिएकामा मेरो खुसीको सीमा छैन। मैले जानेजति यस पेसाबारे भनिदिन्छु र फ्लोरेन्स नाइटिङ्गेल र मदर टेरेसाबारे पनि भन्दिन्छु।

expressed the same desire, my joy knows no limit. I will tell you whatever I know about this profession and also about Florence Nightingale and Mother Teresa.

छोरी : आमा, बुबाको र तपाईंको आशीर्वादले म मेरो लक्ष्यमा पुग्न पक्का सफल हुनेछु। म एउटी आदर्श नर्स बन्नेछु। तपाईंहरू दुवैले गौरव गर्न सक्ने गरी म यो पेसामा लाग्छु ।

Daughter : Mummy, with daddy's and your blessings I will certainly be successful to achieve my goal. I am going to be an ideal nurse. I will follow this noble profession in such a way that both of you could be proud of me.

आमा : धेरै राम्रो । लौ, दुई जना नै भान्साघरमा आउनू। भान्सा तयार छ। खाइहालौं।

Mother : That will be fine. Now, both of you please come to the kitchen. Dinner is ready. Let us eat.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. म गरीब र पीडित मानिसलाई मदर टेरेसाले गरेको जस्तो सेवा गर्न सक्छु।
2. वास्तवमा म तिमीले नर्सिङ कोर्स पढिदिएको हेर्न चाहन्थें।
3. हामी दुवै तिमी आदर्श नर्स भइदिएको हेर्न चाहन्थ्यौं।
4. हाम्री छोरीले पनि त्यस खाले उत्तम बाटो अप्नाउने निर्णय लिदिएकोमा हामी अत्यन्त आनन्दित छौं।
5. मैले छिट्टै बिहे गरी पारिवारिक जीवन सम्हालेको उहाँहरू हेर्न चाहनुहुन्थ्यो।
6. त्यसकारण तिमीलाई यसै गर भन्न हामीले सकेका थिएनौं।
7. तर तिम्रो इच्छा के छ त्यसबारे म निश्चित थिइनँ।
8. उनीहरू आफ्नो कर्तव्य राम्ररी पूरा गर्न सक्दैनन्।
9. अहिले तैंले पनि त्यही चाहिदिएकोमा मेरो खुसीको सीमा छैन।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

खुसी छु।
सारै

सारै खुसी छु।
म
म सारै खुसी छु।
उत्तम पेसा रोजेकामा
उत्तम पेसा रोजेकोमा म सारै खुसो छु।
तिमीले
तिमीले उत्तम पेसा रोजेकोमा म सारै खुसी छु।

1. हेर्न चाहन्थ्यौं।
नर्स भइदिएको हेर्न चाहन्थ्यौं।
आदर्श नर्स भइदिएको हेर्न चाहन्थ्यौं।
तिमी आदर्श नर्स भइदिएको हेर्न चाहन्थयौं।
हामी दुवै नै तिमी आदर्श नर्स भइदिएको हर्न चाहान्थ्यौं।

2. प्रसन्न हुन्छन।
सेवा गर्नेप्रति प्रसन्न हुन्छन्।
बिरामीको सेवा गर्नेप्रति प्रसन्न हुन्छन्।
गरीब र बिरामीको सेवा गर्नेप्रति प्रसन्न हुन्छन्।
ईश्वर पनि गरीब र बिरामीको सेवा गर्नेप्रति प्रसन्न हुन्छन्।

3. लगाइदिनुपर्छ।
पत्तो लगाइदिनुपर्छ।
परीक्षाको लागि कोचिङ सेन्टरको पत्तो लगाइदिनपर्छ।
अनि फेरि यस खाले परीक्षाको लागि कोचिङ सेन्टरको पत्तो लगाइदिनुपर्छ।
किताब ल्याइदिनुपर्छ अनि फेरि यस खाले परीक्षाको लागि कोचिङ सेन्टरको पत्तो लगाइदिनुपर्छ।
प्रवेश परीक्षाको निम्ती किताब ल्याइदिनुपर्छ अनि फेरि यस खाले परीक्षाको लागि कोचिङ सेन्टरको पत्तो लगाइदिनुपर्छ।

4. सफल हुनेछु।
म पक्का सफल हुनेछ।
मेरो लक्ष्यमा पुग्न म पक्का सफल हुनेछु।
ईश्वरको आशीर्वादले मेरो लक्ष्यमा पुग्न म पक्का सफल हुनेछु।
आमाबाबुको र ईश्वरको आशीर्वादले मेरो लक्ष्यमा पुग्न म पक्का सफल हुनेछु।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model वास्तवमा म तिमीले <u>नसिङ</u> कोर्स पढिदिएको हेर्न चाहन्थें।
बी.एस.सी
वास्तवमा म तिमीले बी.एस.सी पढिदिएको हेर्न चाहन्थें।

1. तिमी आदर्श नर्स भइदिएकी म हेर्न चाहन्थें।
   असल डाक्टर
   राम्रो शिक्षक
   जेहेन्दार छात्र
   राम्रो इन्जिनियर

2. बाबा, तपाईंले गरिदिनु पर्ने धेरै कुरा छन्।
   ल्याइदिनु
   सिकाइदिनु
   भनिदिनु
   आइदिनु
   गइदिनु
   सोधिदिनु

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. धेरैले आफ्ना छोराछोरीलाई इच्छा विरुद्ध डाक्टर पढ्न कर लगाउँछन्।
धेरैले आफ्ना छोराछोरीलाई इच्छा विरुद्ध डाक्टर पढ्न कर लगाउँदैनन्।

1. सरहरूले तिमीलाई त्यही पेसा रोज्न लगाउँछन्।
2. उनीहरू तिमीले बिरामीको सेवा गरेको हेर्न चाहन्छन्।
3. हामी सबै एकै खाले कुरा सोचिरहन्छौं।
4. मलाई तपाईंले प्रवेश परीक्षको निम्ति किताब ल्याइदिनुपर्छ।
5. मेरा घरको वातावरण उहाँलाई थाहा हुन्थ्यौ।

नमूना Model b. नर्सिङ् कोर्स पढ्न चॉहन्नस् ?
तँ नर्सिङ कोर्स पढ्न चाहन्छेस्।

1. के तिमी मदर टेरेसाले जस्तो सेवा गर्न चाहँदिनौ ?
2. के तिम्री छोरीले भनेनो कुरा साँचो होइन ?
3. के तिम्रा साथीहरू डाक्टर पढ्न चाहँदैनन् ?
4. बाबा, के तपाईं आवेदन फर्म ल्याइदिन सक्नुहुन्न ?
5. के हामीले तेरो भविष्यबारे सोचेका छैनौं ?

V. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model म निश्चित थिइनँ।
त्यसबारे
त्यसबारे म निश्चित थिइनँ।

इच्छा के छ
इच्छा के छ त्यसबारे म निश्चित थिइनँ।
तिम्रो
तिम्रो इच्छा के छ त्यसबारे म निश्चित थिइनँ।

1. म सेवा गर्न सक्छु।
   म मदर टेरेसाले गरेको जस्तो सेवा गर्न सक्छु।
   म मानिसलाई मदर टेरेसाले गरेको जस्तो सेवा गर्न सक्छु।
   म गरीब र पीडित मानिसलाई मदर टेरेसाले गरेको जस्तो सेवा गर्न सक्छु।

2. मलाई तपाईबाट सुन्ने मन छ।
   मलाई विस्तृत रूपमा तपाईंबाट सुन्ने मन छ।
   सुनेको छु तर विस्तृत रूपमा मलाई तपाईंबाट सुन्ने मन छ।
   धेरै कुरा सुनेको छु तर विस्तृत रूपमा मलाई तपाईंबाट सुन्ने मन छ।
   मदर टेरेसा र नाइडिङ्गबारे धेरै कुरा सुनेको छ तर विस्तृत मलाई रूपमा तपाईंबाट सुन्ने मन छ।

VI. प्रतिवचन अभ्यास Response Drill

नमूना Model छोरीले नर्सिङ कोर्स पढ्न सोचेकी रहिछन्।

1. धेरै राम्रो कुरा।
2. हामी पनि त्यही चाहन्थ्यौं।
3. नर्सिङ् पढेर आदर्श नर्स बन्नुपर्छ।

1. नानी इन्जिनियर बन्छु भन्दै छे।
2. बाबाले साथीहरूलाई सहयोग गरिदिनु हुँदै छ।
3. आमाले पनि छोरीलाई सघाइदिनु हुँदै छ।
4. केही छात्रछात्राले चाहिं डाक्टर पढ्ने रहर गर्दा रहेछन्।
5. छोराले गरीब र पीडित मानिसलाई सेवा गर्ने योजना बनाएको रहेछ।
6. राम्रो काम गर्नेलाई ईश्वरले पनि हेर्दा रहेछन्।

VII. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model
a. म नर्सिङ् पढ्छु।
b. म गरीबको सेवा गर्छु।
• म नर्सिङ् पढेर गरीबको सेवा गर्छु ।

1. a. तिमी डाक्टरी पढ।
   b. तिमी रोगीको सेवा गर।

2. a. तिमी जागिर गर।
   b. तिमी आमा-बाबाको हेरचाह गर।
3. a. तिमी उत्तम पेसा रोज।
   b. तिमी आफ्नो जीवन चलाऊ।
4. a. हामी प्रवेश परीक्षा दिन्छौं।
   b. हामी पास पनि गर्छौं।
5. a. फ्लोरेन्स नाइटिङ्गलले पीडितहरूको सेवा गरिन्।
   b. फ्लोरेन्स नाइटिङ्गल महान भइन्।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. छोरीले नर्सिङ पढ़न _____। (चाहेकी थिई, भई, लिई)
2. म पनि डाक्टर हुन _____। (थियो, चाहन्छु, दिन्छु)।
3. मदर टेरेसाले गरीबको सेवा _____। (गरे, गर्छु, गरिन्)
4. बिमारीलाई सेवा गर्नेप्रति ईश्वर पनि प्रसन्न _____। (हुन्छन्, दिन्छन्, छु)
5. आमाले पनि छोरीलाई सहयोग _____। (गर्नुपर्छ, हुनुपर्छ, लानुपर्छ)

II Complete the sentences using the appropriate forms of the words given.

1. म इन्जिनियर बन्न _____। (चाह्)
2. नानीहरूको इच्छामा आमाबाबाले _____। (सोच्)
3. तिमीले भने जसरी नै म काम _____। (गर्)
4. हामी काम सकेर घर _____। (जा)
5. तपाईं आदर्श व्यक्ति _____। (हु)

III Complete the sentences using the appropriate words.

1. म गरीब र पीडित मानिसलाई सेवा _____ सक्छु।
2. आमाबाबाले आफ्मो नानीको इच्छा _____ काम गर्नु हुँदैन।
3. नर्सिङ पनि एउटा _____ पेसा हो।
4. म उनीहरूको _____ घटना सुन्न चाहन्छु।
5. तपाईंले मलाई नाइटिङ्गलबारे _____ जानकारी दिनुपर्छ।

IV. Transform the following negative sentences into their corresponding affirmatives.

1. म बी.एस.सी. कोर्स गर्न चाहदिनँ।
2. तिम्रो इच्छाबारे हामीलाई थाहा थिएन।
3. नानीहरू आमा-बाबुहरूको इच्छा विरुद्ध पढ़न सोच्दैनन् ।
4. कसैलाई काम गर्न कर लगाउन सकिँदैन।
5. तपाईंले मेरा लागि गरिदिनु पर्ने धेरै काम छैन।

V. Expand the following sentences using at least three words each.

1. म सेवा गर्न चाहन्छु।

2. हामीले पूरा गर्नुपर्छ।
3. हामी आनन्दित छौं।
4. मलाई सुन्ने मन छ।
5. हामी हेर्न चाहन्छौं।

VI Answer the following questions with reference to the dialogue of the lesson.

1. नर्सिङ पढेर के गर्न सक्छौ ?
2. नानीहरूले किन आफ्नो कर्तव्य पूरा गर्न सक्दैनन् ?
3. सबै आमाबाबाले के चाहन्छन् ?
4. किन आमाको खुसीको सीमा छैन ?
5. को परम्परावादी हुनुहुन्थ्यो ?
6. बाबाले के गरिदिनुपर्छ ?

शब्दावली VOCABULARY

गरीब	poor	पीडित	sufferer
उत्तम	best, noble	पेसा	occupation, profession
निश्चित	sure	आदर्श	ideal
प्रसन्न	happy	त्यस खाले	that sort of
अप्नाउनु	to own, to take	निर्णय	decision
एकै खाले	same sort of	आवेदन	application
विस्तृत	detailed	जानकारी	knowledge, information
प्रवेश परीक्षा	entrance examination,	पत्तो लाउनु	to find out
सघाउनु	help	वातावरण	environment, condition
परम्परावादी	traditionalist	पारिवारिक	domestic
पारिवारिक जीवन	family life		

टिप्पणी NOTES

6.35.1. Sentences with auxiliary verbs are introduced. Auxiliary verbs give different shades of meanings to the main verbs such as completion, readiness, politeness etc. e.g.

वास्तवमा तिमीले नर्सिङ कोर्स पढिदिएको हेर्न चाहन्थें।	Actually I wanted you to go for nursing course.
केही केटाकेटीहरू आमाबाबुको रहरले मानेर डाक्टरी र इन्जिनियरिङ पढिहाल्छन्।	Some children however, study medical and engineering courses following their parent's desire.
हामी दुवै नै तिमी आदर्श नर्स भइदिएको हेर्न चाहन्थ्यौं।	Both of us wanted you to become an ideal nurse.
अरू मैले केके गरिदिनुपर्छ ?	What else do you want me to do?

6.35.2. Loot at the underlined auxiliary verbs in the following sentences.

प्रवेश परीक्षाको लागि किताब ल्याइदिनू।	You have to get me the books for the Entrance examination.
मैले चाहिं कसरी सघाइदिनू ?	In which way could I help you?
तिमीले भने जसरी नै गरिदिनेछु।	I will do as you want.
मैले जाने जति भनिदिन्छु।	I will tell you whatever I know.
केही केटाकेटीहरू आमाबाबुको सल्लाहले डाक्टरी र इन्जिनियर पढिहाल्छन्।	Some children however, study for medical and engineering courses following their parents` desire.
हामीले खाइहाल्यौं।	(already) we ate.

6.35.3. Note that the addition of the auxiliary verb forms दि and हाल add different meaning shades such as politeness willingness/readiness/agreement/completion etc. to the concerned verbs. The meaning shade given below varies from context to context.

किताब ल्याउनुहोस्।	Please bring the book.
किताब ल्याइदिनू।	Please bring the book. (with extreme politeness)
मैले कसरी सघाउनूँ ?	In which way could I help ?
मैले कसरी सघाइदिनूँ ?	In which way could I help (with extreme willingness/ readiness to help)
म गर्नेछु।	I will do.
म गरिदिनेछु।	I will do. (with extreme willingness/readiness)
म भन्छु।	I will tell.
म भनिदिन्छु।	I will tell. (with extreme willingness/readiness)
उनीहरू पढ्छन्।	They study.
उनीहरू पढिहाल्छन्।	They even study (with disinterest/indifference)
खाऔं।	Let us eat.
खाइहाल्यौं।	(Already) We ate.. (completing the action)

6.35.4. Compound verbs (Auxiliary verbs)

There are about twenty roots which have both lexical and grammatical meanings. In a sequence of verbs (v1 +v2) which occur in the same clause, the first verb1 carries the lexical meaning and the second verb2 loses its lexical meaning but gains grammatical meaning. Such verbs are often called auxiliary verbs (or vectors, or aspectual verbs) e.g.

Root	Verb1 (Lexical meaning)	Verb2 (Grammatical meaning)
दि	give	do favour / permit
हाल्	put (something) into	in-no time
हेर्	look	try
छोड् / छाड्	leave	determination

टोपल्	-	pretend
राख्	put	continue

गरिदिनु- तिमीले यो काम गरिदिनुपर्छ।	You have to do this work.
गरिहाल्नू - पहिले परीक्षा पास गरिहाल्नू अनि नोकरी खोज्नू।	First you pass the examination and look after the service.
गरिहेर - दर्खास्त गरिहेर, खालि ठाउँ भए बोलाउलान्।	Send an application, if there is vacancy they may call.
गरिछोड्छु - जसरी भए पनि म पास गरिछोड्छु।	Anyhow I will pass.
गरिटोपल्छ - नोकरले काम गरिटोपल्छ।	Servant pretends to work.
गरिराखें - मैले छोरालाई स्कूलमा भर्ना गरिराखें	I got my son admitted in the school.

एकाइँ ६ Unit 6

पाठ - ३६ Lesson - 36

सेमिनारको निमन्त्रण
Invitation for a Seminar

संवाद DIALOGUE

केवल : गङ्गाजी आउनुहोस्। बसौं। म यी भाइहरूसँग कुरा गर्दै घाम तापिरहेको छु।

Kewal : Gangaji please come. Please be seated. I am talking with these brothers, I am just basking.

गङ्गा : के गफ चल्दै छ ?

Ganga : what gossip is going on ?

केवल : गफ होइन। खास कुराकानी हुँदै छ। यी भाइहरू मलाई एउटा गोष्ठीमा बोलाउन आएका रहेछन्। **प्रशासनमा भ्रष्टाचार** शीर्षक रहेछ। मैले पनि बोलिदिनु पर्ने अरे।

Kewal : We are not gossiping. An important discussion is going on. These young men have come to invite me for a seminar. "Corruption in Administration" is the topic. They want me to speak there.

गङ्गा : शीर्षक त एकदम मजाको पो रहेछ त। कसले आयोजना गरेको? कहाँ हुँदै छ ? को-को आउँछन् अरे ?

Ganga : The topic is very interesting. Who are the organisers ? Where is it going to be held ? Who are coming ?

सुमन : सर, हाम्रै टाउन क्लबले आयोजना गर्दै छ। विश्वविद्यालयका प्राध्यापकहरू, केही उच्च प्रशासनिक अधिकारीहरू र केही राजनीतिक दलका नेताहरू पनि आउँछन्।

Suman : Our own Town club is organising it. The University Professors, some senior officers and some political leaders are also attending the seminar.

केवल : म न त प्राध्यापक हुँ, न त प्रशासनिक अधिकारी हुँ, न त राजनीतिक नेता हुँ। म त सामान्य समाजसेवी , र ती ठूल्ठूला विद्वान्-विदुषीहरूका बीच म के पो बोल्न सक्छु र ?

Kewal : I am neither a professor and an officer nor a political leader. I am an ordinary social worker. So what can I speak there in the presence of those great scholars?

सुमन : सर, उनीहरूको उपस्थितिमा बोल्न सक्ने एकदम उपयुक्त मान्छे त तपाईं नै हुनुहुन्छ। आफ्ना अनुभवहरू भन्न सक्नुहुन्छ। समाजको सेवा गर्दा कतिपय कामहरू सरकारी र गैर सरकारी कार्यालयबाट पास गराउँन धेरै समस्याको सामना गर्नु परेको हुन सक्छ। तपाईंले धेरै भ्रष्टाचारी अधिकारीहरूलाई भेट्नु भएको छ होला। त्यसै गरी समाजको काम गर्दा कहिले काहीं राम्रा अधिकारीहरूसँग भेट भएको पनि हुन सक्छ। सर, हजुरले यी सबै कुरा भन्दिनुपर्छ।

Suman : Sir, you are the most suitable person to speak in their presence. You can speak your experiences. While working for the society you could have faced a lot of problems to get things done from different government and private offices. You might have seen many corrupt officers. It is also possible that you might have met some good officers as well. Sir, you have to speak all these things.

गङ्गा : सुमनले भन्दै गरेको कुरा साँचो हुनसक्छ। सरकारी अफिसमा काम गराउँदा भएको तीतो अनुभव भन्नु-पर्दछ। हेर्नुहोस् न, कुनै कुनै कार्यालयमा एउटा टेबलबाट अर्को टेबलमा फाइल पठाउन पनि महिनौं लाग्छ। यी सबै कुराको खुलासा गर्नुपर्छ। हामीले भ्रष्टाचारको विरोधमा आवाज उठाउनुपर्छ।

Ganga : What Suman is thinking may be true. You have to tell about those bitter experiences which you had in getting things done by the government officers. See what happens In some offices. It takes months together for one to move a paper from one table to another table. All these things are to be told. We have to raise our voice against the corruption.

सुमन : हजुरलाई सरकारी भ्रष्टाचारबारे पर्याप्त जानकारी रहेछ। हजुरले पनि हाम्रो सेमिनारमा आएर बोलिदिनुपर्छ। हामी हजुरको घरमै आएर बोलाउनेछौं।

Suman : It seems you have a lot of knowledge about corruption. You should also come and speak in our seminar. We come to your house and invite formally.

केवल : हो। त्यसो चाहिँ गजब हुन्छ। गङ्गाजी पनि आउनु भयो भने छलफल झन् राम्रो हुन्छ।

Kewal : Yes . That will be nice. If Gangaji comes there will be a good discussion.

गङ्गा : तपाईहरू सबैलाई त्यस्तो लाग्छ भने मलाई गोष्ठीमा आइदिन आपत्ति छैन। तर मलाई तारिख चाहिँ भन।	Ganga : If you all think so I don't mind to attend this seminar. But tell me the date.
सुमन : यसै महिनाको 24 र 25 तारिखमा।	Suman : 24th or 25th of this month.
गङ्गा : 24 तारिखमा मेरो अर्को बैठक छ। तर 25 तारिखमा चाहिँ पक्का आउन सक्छु।	Ganga : I have another meeting on 24th. But certainly I can come on 25th positively.
सुमन : हवस् सर । हामी आफै निमन्त्रण पत्र लिएर बोलाउन आउँछौं। अब हामी जान्छौं। अझै जाँदाजाँदै केही मानिसलाई भेट्नु छ। बिहानदेखि मानिसहरूलाई भेटिरहेका छौं।	Suman : Thank you very much Sir. We will come personally to hand over the invitation card. Now we go. We have to meet some other people on our way. Since morning we have been meeting people.
केवल : एकछिन पर्ख। एक कप चिया खाएर जाओ।	Kewal : Please wait a minute. Have a cup of tea and go.

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate words from the choices given.

1. म भाइहरूसित कुरा गर्दै घाम ___। (तापिरहेको छु, खाइरहेको छु, सुनिरहेको छु)
2. शीर्षक त एकदम _____ पो रहेछ। (मजाको, कसले, अर`)
3. सेमिनारको _____ प्रशासनमा भ्रष्टाचार रहेछ। (शीर्षक, अधिकारी, रहेछ)
4. मैले पनि बोलिदिनु पर्ने ___। (अरे, एकदम, शीर्षक)
5. म __ त प्राध्यापक हुँ न त नेता हुँ। (न, पो, चाहिँ)
6. आजको सभा हाम्रै टाउन क्लबले ____गर्दै रहेछ। (आयोजन, एकदम, गजब)
7. सेमिनारमा _____ पनि बोलाएका छन्। (मलाई, म, हामी)
8. हजुरले भ्रष्टाचारी अफिसहरूलाई ____ होला। (भेट्नु भएको छ, भयो, भेटे)
9. सर, हजुरले यी सबै कुरा _____। (भन्दिनुपर्छ, भने, भनें)
10. गङ्गाले ____ गरेको कुरा साँचो हुन सक्छ। (भन्दै, भने, भन्छन्)

II Complete the sentences using the appropriate forms of the words given.

1. त्यसो चाहिँ गजब _____। (हो)
2. म 25 तारिखमा चाहिँ पक्का _____ सकछु। (आउ)
3. मलाई गोष्ठीमा _____ आपत्ति छैन। (आउ)
4. अब हामी _____। (जा)
5. हामी आफै हजुरलाई _____ आउँछौं। (बोल्)
6. हामी हजुरलाई बोलाउन ___। (आउ)

7. जसरी पनि मैले सेमिनारमा ___ पर्छ अरे। (बोल्)
8. म एकछिन् त्यहाँ _____आउँछु ल ? (पुग्)
9. हामीले _____ बस गइहाल्यो। (देख्)
10. सुमन त एकछिनमा ____भनेर कता हरायो ? (आउ)

III. Complete the sentences using the appropriate words.

1. तिमी एकछिन बजार ___आऊ ल ?
2. उनी गीत ____अनि नाच्न सक्छन्।
3. त्यो केटीले ____ गर्नु हो भने बस भेट्दिन ।
4. म ____ निदाउँछु है !
5. तिमी हिडॅदा-हिँड्दै___ होला।

IV. Combine the following pairs of sentences into single sentences.

1. म बजार जान्छु। म आउँछु।
2. म पढदै छु। म हिँडन सक्छु।
3. उहाँ लेख्दै हुनुहुन्छ। उहाँ कुरा सुन्न सक्नु हुन्छ।
4. तपाईं झट्टै जानुहोस्। तपाई आउनुहोस्।
5. भाइ आयो। भाइ गइहाल्यो।

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. केवल के हुन् ?
2. सुमनले बोल्दै गरेको कुरा के हुन सक्छ ?
3. सेमिनार कहिले रहेछ ?
4. सुमनहरू केवलकहाँ के खाएर गए ?
5. सेमिनारको शीर्षक के थियो ?

शब्दावली VOCABULARY

घाम ताप्नु	to bask	गोष्ठी	seminar
कतिपय	many a	प्रशासन	administration
भ्रष्टाचार	corruption	शीर्षक	subject, caption
सामान्य	ordinary	अधिकारी	officer
उपस्थिति	presence	जानकारी	information
उपयुक्त	proper	आपत्ति	objection
तीतो	bitter	झन राम्रो	still better
खुलासा	open expression	विरोध	against
पर्याप्त	sufficient	बैठक	meeting
बोल्नु	to give a speech / speak	विद्वान्-विदुषी	learned men and women
हजुर	you (high hon.with most politeness)		

एकाइँ ७ Unit 7

पाठ - ३७ Lesson - 37

घर नै पहिलो विद्यालय
Home is the first school

संवाद DIALOGUE

मीना : आज किन आउन ढिलो गर्नु भयो?	Meena : Why did you come late today?
मनिष : साथीहरूसँग कुरा गर्दागर्दै ढिलो भयो। फेरि गोपालको घरतिर पनि गएको थिएँ।	Manish : Because of talking with friends it became late. Also I had gone to Gopal's house.
मीना : हो र ? उसका नानीहरू कस्ता रहेछन् ?	Meena : Is it so ? How are his children ?
मनिष : सबै ठीकै रहेछन्। गोपालको छोराभन्दा छोरी बाठी रहिछे। साँच्चै राम्री केटी रहिछे। उसको छोरो एउटा राम्रो क्रिकेट खेलाडि हो ।	Manish : They are all fine. Gopal's daughter is cleverer than his son. She is really a pretty girl also. His son is a good cricketer.
मीना : तपाईंसँग केटाकेटीहरू केही बोले पनि ?	Meena : Did the children talk to you too ?
मनिष : बोलेनन्। मलाई देख्ने बित्तिकै उनीहरू बाहिर निस्किहाले। उनीहरू घरदेखि अलिक पर बाटाको छेउमा पीपलको रूखमनि खेल्न गइहाले।	Manish : No, not at all. As soon as they saw me they went out. They went away to play under a pipal tree on the roadside, a little away from their house.
मीना : तपाईंलाई नमस्कारधरि गरेनन् त? एक घुट्की चिया पनि दिएनन् ? गोपालकी दिदीको छोरो पनि त्यहाँ थियो ?	Meena : Didn't they wish you even ? Didn't they offer you even a sip of tea? Was Gopal's elder sister's son also there ?

मनिष : अँ, उनीहरू गइहाले, तिनीहरू सारै हतारमा थिए। उनीहरू मसँग बोल्दा पनि बोलेनन् ।

मीना : त्यो त राम्रो भएन छ त ! आमा-बाबुले आफ्ना नानीहरूलाई राम्रो बेहोरा सिकाउनुपर्छ। आफ़्ना नानीहरूलाई अनुशासन भन्ने कुरो सिकाउनुपर्छ । यसरी बाटामा खेल्न दिनु डरमर्दो हुन्छ । बाटामा छाडा गाई-वस्तु र कुकुर हुन्छन्। अनि फेरि गाडी-मटर जस्ता बाहनहरू दोहोरीलत्त हिंडिरहन्छन्।

मनिष : हो, हो, तिमीले भनेको एकदम ठीक हो। मान्छेले आफ्ना छोरा-छोरीप्रति सारै ध्यानै दिँदैनन्। गोपाल जस्तो शिक्षित मान्छेको व्यवहार त त्यस्तो छ। वास्तवमा उसले सबै अनपढ गाउँलेहरूलाई सिकाउनु पर्ने हो।

मीना : ठीक हो। तपाईं नै सम्झिनुहोस् त गोपालकी दिदीकी छोरीलाई के भएको थियो ? उ पोहोर त्यही बाटामा एउटा रूखमनि खेल्दाखेल्दै साँपले टोकेर मरेकी होइन ?

मनिष : हो, मलाई थाहा छ। बाटाका ती सबै रूखहरूमा ठूलाठूला टोड़काहरू छन्। त्यस्तै टोड्कामा विषालु सर्पहरू र अन्य कीराहरू हुन्छन्। गोपालकी भतिजी पनि त्यस्तै रूखको छेउमा खेल्दै गर्दा मरेकी हो।

Manish : Yes, they went away. They were in a great hurry. They did not even talk to me.

Meena : That is not good! The parents should teach their children good manners. They should teach discipline to their children. To allow them to play on the roadside is dangerous. There will be stray animals like cows, dogs etc. on the road. And also vehicles like motor cars, buses etc. will be plying recklessly.

Manish : Yes, yes, what you are telling is absolutely true. Now a days people are not taking enough care of their children. Even an educated person like Gopal is behaving like that. In fact, he should educate the illiterate villagers.

Meena : Exactly. Do you remember what happened to Gopal's elder sister's daughter? Didn't she die of snake bite while playing under the tree on the same road last year?

Manish : Yes, I do remember. All those trees have big holes in their trunks. Poisonous snakes and many other creatures live in those holes. Gopal's niece also died while playing near one such tree.

मीना : तैपनि गोपाल र उसकी स्वास्नीले चेतेनछन्। अझै पनि उनीहरू आफ्ना नानीहरूलाई तिनै रूखमनि खेल्न पठाउँदै छन्।

Meena : Even then, Gopal and his wife did not learn a lesson. They are still sending their children to play under those trees.

मनिष : हो, तिमीले ठीक भन्यौ। यस्तो प्रतियोगिताको युगमा सानैदेखि छोराछोरीलाई उपयुक्त शिक्षा दिनुपर्छ। कारण केटाकेटीका लागि घर नै शिक्षाको केन्द्र हो।

Manish : Yes, you are right. In this age of competition one should give proper education to his children. Parents have to be responsible for this. Because home is the centre of education for children.

मीना : त्यसैले मानिसहरू घरलाई शिक्षाको पहिलो पाठशाला भन्छन्।

Meena : That is why people say that home is the first school.

मनिष : अनि आमालाई चाहिँ पहिलो शिक्षिका। त्यसैले छोराछोरीलाई सानैदेखि शिक्षित बनाउनुपर्छ। तब मात्र उनीहरू आदर्श माता-पिता तथा आदर्श नागरिक हुन सक्छन्।

Manish : And mother is the first teacher. Therefore, we should educate our children from their early age. Then only they can become ideal parents and ideal citizens.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. उसका नानीहरू कस्ता रहेछन् ?
2. गोपालको छोरोभन्दा छोरी सारै राम्री रहिछे।
3. गोपालको दिदीको छोरो पनि त्यहाँ थियो।
4. गोपालकी दिदीको छोरोलाई के भएको थियो ?
5. गोपालको भतिजी पनि त्यस्तै रूखको छेउमा खेल्दै गर्दा मरेकी हो।
6. बाटाका ती सबै रूखहरूमा ठूलाठूला टोड्काहरू छन्।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

थियो।
त्यहाँ
त्यहाँ थियो।
छोरो पनि
छोरो पनि त्यहाँ थियो।
दिदीको

दिदीको छोरो पनि त्यहाँ थियो।
गोपालकी
गोपालकी दिदीको छोरो पनि त्यहाँ थियो।

1. रहिछे।
राम्री रहिछे।
छोरी राम्री रहिछे।
छोरोभन्दा छोरी राम्री रहिछे।
गोपालको छोरोभन्दा छोरी राम्री रहिछे।

2. खेल्दै छ।
आँगनमा खेल्दै छ।
भाइ पनि आँगनमा खेल्दै छ।
ठूलो भाइको भाइ पनि आँगनमा खेल्दै छ।

3. हुन्छन्।
कीराहरू हुन्छन्।
अन्य कीराहरू पनि हुन्छन्।
सर्पहरू र अन्य कीराहरू पनि हुन्छन्।
विषालु सर्पहरू र अन्य कीराहारू पनि हुन्छन्।
टोडकामा विषालु सर्पहरू र अन्य कीराहरू पनि हुन्छन्।
रूखका टोड़कामा विषालु सर्पहरू र अन्य कीराहरू पनि हुन्छन्।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model गोपालकी बहिनी रूखमनि खेल्दाखेल्दै साँपले टोकेर मरी।
डुल्दाडुल्दै
गोपालकी बहिनी रूखमनि डुल्दा-डुल्दै साँपले टोकेर मरी।

1. मनिषकी दिदीको सर आउँदै हुनुहुन्छ।
उसकी
तेरी
तिम्री
उहाँकी

2. मेरा बहिनीहरू छन्।
दिदीहरू
भान्जीहरू
भतिजीहरू

3. हाम्रो एक जना दाजु हुनुहुन्छ।
काका
मामा
फुपाजु
भिनाजु
सानाबा

4. हाम्री एक जना काकी हुनुहुन्छ।
माइज्यू
फुपू
सानिमा
दिदी

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model गोपालकी छोरी रहिछे।
राम्री

गोपालकी छोरी राम्री राहिछे।
छोरोभन्दा
गोपालको छोरोभन्दा छोरी राम्री रहिछे।

1. राकेशको भाइ रहेछ।
   राकेशको एक जना भाइ रहेछ।
   राकेशको एक जना भाइ राम्रो रहेछ।
   राकेशको भान्जाको एक जना भाइ राम्रो रहेछ।
   राकेशको भान्जाको एक जना भाइ चाहिँ राम्रो रहेछ।

2. दिदीको नन्द गइन्।
   दिदीकी नन्द हिँडेर गइन्।
   आज दिदीको नन्द हिडेर गइन्।
   आज दिदीको नन्द घर हिंडेर गइन्।
   आज दिदीकी नन्द आफ्नो घर हिंडेर गइन्।
   आज दिदीकी नन्द साथीसँग आफ्नो घर हिंडेर गइन्।

V. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model a. उनका छोरा छन्।
b. उनका छोरी छैनन्।
उनका छोरा छन् तर छोरी छैनन्।

1. a. उसकी छोरी छिन्।
   b. उसको छोरो छैन।
2. a. मेरा भाइहरू छन्।
   b. मेरा भाइहरू पढेका छैनन्।
3. a. यी सबै प्रशिक्षार्थी हुन्।
   b. यी सबै एउटै राज्यका होइनन्।
4. a. उनीहरू मेरा साथी हुन्।
   b. उनीहरू सबै राम्रा छैनन्।
5. a. हामी सबै प्रशिक्षार्थी हौं।
   b. हामी सबै नेपाली भाषी होइनौं।

VI. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model गोपालकी छोरी कस्ती रहिछे ?
गोपालकी छोरी राम्री रहिछे।

1. उसका नानीहरू कस्ता रहेछन् ?
2. मनिषलाई देख्नेबित्तिकै केटाकेटीले के गरे ?
3. मनिषसित को बोलेनन् ?
4. गोपालकी दिदीको छोरोलाई केले टोकेको थियो ?
5. छोराछोरीलाई कस्तो शिक्षा दिनुपर्छ ?

6. केटाकेटीको लागि घर के हो ?
7. मानिसहरू घरलाई के भन्छन् ?
8. मानिसहरू आमालाई के भन्छन् ?
9. छोराछोरीलाई सानैदेखि शिक्षित बनायो भने के हुन सक्छन् ?
10. मनिष र मीनाको साइनो के हुन सक्छ ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. म गोपालको _____ गएको थिएँ। (घरतिर, घरको, ढिलो)
2. मीना र मनिष श्रीमान्-श्रीमती _____ छन्। (जस्ती, जस्ता, जसरी)
3. मलाई देख्नेबित्तिकै उनीहरू _____ निस्किहाले। (बाहिर, भित्र, अघिल्लो)
4. तपाईंलाई _____ गरेनन्। (नमस्कारधरि, घुढकी, बोले)
5. गोपालकी _____ छोरी पनि त्यही थियो। (दिदीकी, दिदीका, दिदीको)

II Complete the sentences using the appropriate forms of the words given.

1. तपाईंसित केटाकेटीहरू _____। (बोल्)
2. हजुरलाई नमस्कार धरि _____। (गर्)
3. मीना मनिषसित गोपालको बारेमा कुरा _____। (सोध्)
4. नानीहरूलाई अझै पनि रूखमनि _____। (पठाउ)
5. ऊ साँपले _____ मरेको होइन ? (टोक्)

III. Complete the sentences using the appropriate words.

1. बाटाका रूखहरूमा ठूलाठूला ___ छन्।
2. मानवकी भतिजी _____ मरिछे।
3. मान्छेले आफ्ना छोरा-छोरीप्रति ध्यानै ___।
4. सहरका बाटामा बाहनहरू दोहोरीलत्त _____।
5. बाटामा खेल्नु _____ हुन्छ ।

IV. Match suitably and make sentences.

A		B
1. उहाँकी	a.	दुई जना छोरा छन्।
2. उहाँका	b.	भाइ प्राध्यापक हुन्।
3. उहाँको	c.	बहिनीको नाम के हो ?
4. तपाईंकी	d.	छोरी पढदै छिन्।
5. तिम्रा	e.	दाजु-भाइ छन् ?
6. उसका	f.	कोही छैनन्।

V. Expand the following sentences using at least three words each.

1. तपाईंको छोरो रहेछ।
2. उसकी बहिनी छे।

3. रूखमा टोड्का छन्।
4. उसले सिकाउनु पर्ने हो।
5. तिमीले भनेको ठीक हो।

शब्दावली VOCABULARY

पहिलो	first	रूखमनि	under the tree
घुड्की	sip	हतार	haste, hurry
बेहोरा	manner, habit	अनुशासन	discipline
डरमर्दो	dangerous	छाडा	stray
गाईबस्तु	animals, cattle	गाडी	vehicle
मटर	motor	बाहन	vehicle
दोहोरीलत्त	plying from both sides	ध्यान	care
शिक्षित	literate, educated	व्यवहार	manner, behavior
अनपढ्	illiterate, uneducated	पोहोर	last year
साँप	snake	टोकेर	biting
टोडका	hole	विषालु	poisonous
कीरा	insects	भतिजी	niece
चेतेनछन्	did not learn a lesson	प्रतियोगिता	competition
उपयुक्त	proper	नागरिक	citizen

टिप्पणी NOTES

7.37.1 The sentences introduced in this lesson consist of structural types already familiarised in the previous lessons. The main objective here is to draw your attention to the number, gender system in Nepali by using different kinds of nouns. Note the underlined words which are used in the following sentences.

गोपालको छोरोभन्दा छोरी बाठी रहिछे।	Gopal's daughter is cleverer than his son.
गोपालकी दिदीकी छोरीलाई के भएको थियो ?	What had happened to Gopal's elder sister's daughter ?
उनीहरू घरदेखि पर बाटाको छेउमा पीपलको रूखमुनि खेल्न गइहाले।	It seems they went out to play under a Pipal's tree on the road side little away from their home.
अझैपनि उनीहरू आफ्ना नानीहरूलाई तिनै रूखमनि खेल्न पठाउँदै छन्।	They are still sending their children to play under those trees.
यसरी बाटामा खेल्न दिनु डरमर्दो हुन्छ।	Allowing them to play on the road side is horrifying.

7.37.2. In Nepali language there are two numbers singular and plural and two genders, masculine and feminine. That is reflected in the agreement between a noun and its modifier. e.g.

i) Masculine Singular — Masculine Plural

गोपालको छोरो	Gopal's son	गोपालका छोरा(हरू)	Gopal's sons
सानो केटो	small boy	साना केटा (हरू)	small boys
मेरो साथी	my friend	मेरा साथी (हरू)	my friends
रातो ढुङ्गो	red stone	राता ढुङ्गा (हरू)	red stones
पीपलको रूख	pipal's tree	पीपलका रूख (हरू)	pipal's trees
बाटाको दोकान	shop on the street	बाटाका दोकान (हरू)	shops on the street
त्यो गाड़ी	that bus	ती गाडी (हरू)	those buses
मेरो घर	my house	मेरा घर (हरू)	my houses
गोलो टेबल	round table	गोला टेबल (हरू)	round tables
रातो ढुङ्गो	red stone	राता ढुङ्गा (हरू)	red stones
ठूलो भाँडो	big pot	ठूला भाँडा (हरू)	big pots

ii) Masculine (Singular) — Feminine (Singular)

मेरो छोरो	my son	मेरी छोरी	my daughter
राम्रो केटो	good boy	राम्री केटी	good girl
तपाईको साथी	your friend	तपाईकी साथी	your friend

7.37.3. It may be noted that in both the genders the plural suffix is -**हरू** and the addition of the suffix is optional in many cases when used in sentences.

केटो	boy	केटाहरू	boys	केटी	girl	केटीहरू	girls
छोरो	son	छोराहरू	sons	छोरी	daughter	छोरीहरू	aughters
रूख	tree	रूखहरू	trees	भाँडो	pot	भाँडाहरू	pots
गाई	cow	गाईहरू	cows	कुकुर	dog	कुकुरहरू	dogs.

Also note that in Nepali, adjective forms including possessive case forms change their shapes according to number and gender.

राम्रो केटो	good boy	राम्रा केटाहरू	good boys
राम्री केटी	good girl	राम्रा केटीहरू	good girls
राम्रो किताब	good book	राम्रा किताबहरू	good books
मेरो छोरो	my son	मेरा छोराहरू	my sons
मेरी छोरी	my daughter	मेरा छोरीहरू	my daughters
मेरो किताब	my book	मेरा किताबहरू	my books
राम्रो घर	good house	राम्रा घरहरू	good houses
मेरो घर्	my house	मेरा घरहरू	my houses
गोपालको छोरो	Gopal's son	गोपालका छोरा(हरू)	Gopal's sons
मेरो साथी	my friend	मेरा साथी(हरू)	my friends

सानो केटो	small boy	साना केटा(हरू)	small boys
बाटाको ढुङ्गो	road's stone	बाटाका ढुङ्गा(हरू)	road's stones
सानी केटी	small girl	साना केटी(हरू)	small girls

Please note that in Nepali all nonhuman nouns are considered as neuter gender. The ओ ending masculine nouns becomes -ई ending for feminine.

7.37.4. Nepali is a language with number and gender agreement between subject and modifier on the one hand and between the subject and the verb on the other. When the subject is masculine singular the verb ending is -**ओ** (O)

i)

मेरो छोरो आयो।	My son came.
सानो केटो कुद्यो।	Small boy ran.
अग्लो मान्छे गयो।	Tall man went.
गाडी आयो।	Bus came.
ढुङ्गो पल्टियो।	Stone rolled down.
किताब झर्यो।	Books fell down.

When the subject is feminine singular the verb ending is **-ई .**

ii)

दिदीकी छोरी आई।	Elder sister's daughter came.
गीताकी दिदीकी छोरी गई।	Geeta`s elder sister`s daughter went.
राधिका शिक्षिका भई।	Radhika became a teacher.

Even the feminine nouns take masculine plural forms when they are plural.

केटाहरू गए	Boys went.	केटीहरू गए।	Girls went.
छोराहरू थिए	Sons were there	छोरीहरू थिए	daughters were there

7.37.5. As far as gender is concerned the human singular nouns have the natural classification of masculine and feminine whereas all the non-human nouns do not contrast for gender. The feminine singular suffix -ई is added to adjective forms as well as verb forms in sentences. All plural nouns do not contrast for gender when they agree with the modifiers and verbs. e.g

छोरी भात खान्छे	Daughter eats rice.	छोरीहरू भात खान्छन्	Daughters eat rice.
गाई घाँस खान्छ	Cow eats grass.	गाईहरू घाँस खान्छन्	Cows eat grass.

7.37.6. Classifiers like **जना** and **वटा**

Nepali is a classifier language. It means in a noun phrase consisting of numeral + noun an obligatory word is to be inserted between the numeral and the noun and selecting of the word is determined by the semantic classification of the following noun. Such obligatory words, which classify nouns into countable-uncountable, human-non-human, size-shape, consistency, arrangement etc. are called numeral classifiers. e.g.

Numeral	classifier	noun	
एक	जना	मान्छे	a man (human)
एक	माउ	गाई	a cow (mammal)
तीन	वटा	कलम	three pens (countable)
एक	कोसो	केरा	a banana (cylindrical capsule)
एक	दानो	सुन्तला	an orange (round)
एक	त्यान्द्रो	साग	a string of green

There are about two hundred such classifiers in Nepali.

एकाइँ ७ Unit 7 | पाठ - ३८ Lesson - 38

बिजुको सपना
Biju's dream

संवाद DIALOGUE

बिजु : सन्तोष, आज आइतबार हो। हामी पर स्कूलको चौरमा खेल्न जाऊँ।

सन्तोष : हुन्छ, हामी जाऊँ। पर्ख, म पानी खाएर आउँछु। तिमीले क्रिकेटको ब्याट ल्याऊ त ? बल त मसितै छ।

बिजु : हुन्छ, हुन्छ। जाऔं। आऊ। हामी साथीहरू आउनुभन्दा केही अघि नै चौरीमा पुग्नुपर्छ। म तिमीलाई एउटा कुरो भन्छु।

सन्तोष : के कुरो ? छिटो भन न । बिस्तारो नभन । तिम्रो कुरा सुन्न धेरै चौ-चौ भइरहेको छ। बिजु : हिजो राति मैले एउटा राम्रो सपना देखें।

बिजु : हिजो राति मैले एउटा राम्रो सपना देखें।

सन्तोष : कस्तो खालको सपना हो ? भन त ।

बिजु : एउटा राम्रो ठाउँ हो। चारैतिर हरियाली। प्रशस्त हरिया रूखहरू, विरूवा र घाँसहरू अनि धेरै रङ्गी विरङ्गी चराहरू राता, काला, सेता, पँहेंला, हरिया, बैगुनी र खैरा चराहरू थिए। ती चराहरू राम्ररी गीत गाइरहेका थिए।

Biju : Santosh, today is Sunday. Let us go to the playground which is a little far from our school.

Santosh: Yes, let us go. But you just wait, I will drink some water and come. Have you brought your cricket bat? Ball is with me.

Biju : Yes, Yes. Come soon. Let us go. We have to reach the playground before other friends come. I want to tell you something.

Santosh: What is that matter ? Tell me quickly. Don't slow down. I am very anxious to hear (your words).

Biju : Last night I had a beautiful dream.

Santosh: What sort of a dream ? Tell me.

Biju : A beautiful place. Greenery all around. There were a lot of trees, plants, grass and plenty of colourful birds. Red, black, white, yellow, green, violet and brown coloured birds were there. The birds were singing sweetly.

सन्तोष : साँच्चै नै चराहरू चिरबिराइरहेका थिए ?

बिजु : ती चराहरू विभिन्न ढङ्गले सारै राम्ररी गीत गाइरहेका थिए। तिनीहरू चर्को स्वरमा गाउँदै थिए। त्यो गीत मलाई सारै राम्रो लागेको थियो। एउटा सानो खोला बगिरहेको थियो र त्यसको नजिकैमा एउटा सानो छहरो पनि थियो। खोला र छहरो बगेको पानीले सुन्दर सङ्गीतको सृष्टि गरेको थियो। अचानक मैले आफैलाई त्यही खोलाको छेउमा भगवान शिवको मूर्ति अघि हात जोडेर उभिएको पाएँ। एउटा लामो लुगा लगाएको साधुजस्तो मान्छे मेरा अघि आएर उभियो र भन्यो- "बालक, तिमी भगवान शिवको पूजा गर्न सधैं यही ठाउँमा आउनू। तिमी अरूहरूका लागि दयालु बन्नु र आवश्यक परेमा उनीहरूलाई सघाउनू। अनि भगवान शिवले तिम्रो इच्छा अवश्य पूरा गरिदिनेछन्।" पहिला त म त्यो मान्छे देखेर डराएँ पनि। तर जतिखेर मैले उसको मुखमा राम्ररी हेरें मेरो सारा डर हरायो।

Santosh: Were the birds really chirping?

Biju : Those birds were singing very nicely in different tunes. They were singing loudly too. That appealed to me as a beautiful song. There was also a small river and at the end of it there was a mini waterfall. The sounds of the stream flowing and waterfall also sounded like music. Suddenly I found myself standing near the stream with folded hands in front of a statue of Lord Siva. Then a person in saffron clothes appeared before me and told -"My child, you should daily come and pray to Lord Siva for some time. Also you should always be kind to other people and help them when they are in need. Then certainly Lord Siva will bless you one day and fulfill all your desires." At first I was afraid of that person. But when I looked at his face all my fears disappeared.

सन्तोष : कसरी ?

बिजु : त्यो व्यक्तिको अनुहार सारै शान्त र मायालु थियो। त्यो अनुहार मेरा कुप्रा हजुरबासँग मिल्दो-जुल्दो थियो।

Santosh: How ?

Biju : That person's face was very peaceful and affectionate. He looked like my great grand father.

सन्तोष : तिमीले कुप्रा हजुरबालाई देखेका थियौ ?

Santosh: Have you seen your great grand father ?

बिजु : मैले देखेको थिइनँ। उहाँको फोटो चाहिं हजुरबाले मलाई देखाउनु भएको थियो। त्यो फोटो सधैं उहाँको एउटा ठुलो किताबमा राख्नुहुन्थ्यो।

Biju : No, I had not seen him. My grand father had shown his father's photograph to me. He always used to keep it in his fat prayer book.

सन्तोष : अनि त्यो फोटो तिम्रो कुप्रा हजुरबासँग मिल्दो-जुल्दो थियो भने तिमी किन डराएका त ? के त्यो ठाँउ अँध्यारो थियो ? के त्यहाँ उज्यालो थिएन ?

Santosh: If that person looked like your great grand father why were you frightened ? Was that place very dark or was there no light ?

बिजु : के को अँध्याराका कुरा गर्छौं ? त्यहाँ त चारैतिर यहाँको भन्दा धेरै उज्यालो थियो। त्यहाँ चारैतिर राता, गुलाफी, पहेंला फूल पनि थिए। शिव भगवानका मन्दिरका वरिपरि असङ्ख्य सेता फूलहरू थिए। चारैतिर एउटा मीठो सुगन्ध फैलिएको थियो। म भगवान शिवको मूर्ति हेरेर हात जोडेर उभिइरहेको थिएँ। अचानक आमाले मलाई सारो बोलाएकाले ब्युझें र उठें पनि।

Biju : What darkness are you speaking about ? Surrounding the whole place there was much brighter light than what we see here now. Everywhere there were red, pink and yellow flowers too. Surrounding the statue of Lord Siva there were lots of white flowers. A beautiful fragrance was emanating from that place. I stood there with my folded hands looking at the statue of Lord Siva. Suddenly I heard my mother calling me aloud. My dream was over and I got up.

सन्तोष : कस्तो सन्जोग ! तिम्रो सपना पनि सकिनु साथीहरू पनि आउनु।

Santosh: What a co-incidence ! Your dream was over and the friends came.

बिजु : सन्तोष, त्यो अग्लो केटो चाहिं को हो नि ?

Biju : Santosh. Who is that tall boy ?

सन्तोष : ए, तिमीलाई थाहा छैन ? ऊ त हाम्रा नयाँ हिन्दी शिक्षकको छोरो हो। हेर न कति अग्लो छ ? ऊ सारै बाठो पनि छ। पढाइमा पनि राम्रो छ। यसपालिको छ महिने परीक्षामा उसले सर्वोच्च नम्बर पाएको थियो।

Santosh : Don't you know ? He is our new Hindi teacher's son. See how tall he is ! He is a clever boy too. He is also good in his studies. In this year's half yearly examination he got the highest marks.

बिजु : ए हो, उसको पढाइ त्यस्तो राम्रो छ?

सन्तोष : हो त।

बिजु : त्यसो भए त उसँग परिचय हुँदा राम्रो लाग्ने रहेछ।

सन्तोष : हो त। हिंड पहिले म तिमीसँग उसको परिचय गराइदिन्छु। उसलाई पनि तिम्रोबारे थाहा हुन्छ। लौ अब क्रिकेट खेलौं।

Biju : Oh, does he study that well ?

Santosh: Yes of course.

Biju : In that case it will be good to get introduced to him.

Santosh: Yes. First let me introduce you to him. Come fast. Let him also get to know you. Then let us play cricket.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. तिम्रो कुरा सुन्न धेरै चौ-चौ भइरहेको छ।
2. चारैतिर हरियाली छ।
3. चराहरू राम्ररी गीत गाइरहेका छन्।
4. उनीहरू चर्को स्वरमा गीत गाई नाचिरहेको छन्।
5. तिमी अरूका लागि दयालु बन्नू।
6. त्यो व्यक्तिको अनुहार सारै शान्त र मायालु थियो।
7. उहाँको अनुहार मेरा कुप्रा हजुरबासँग मिल्दो रहेछ।
8. त्यो अग्लो केटो चाहिं को हो ?
9. ती अग्ला केटाहरू चाहिं को-को हुन् ?
10. ती अग्ली केटी को हुन् ?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

छ।
बाठो
बाठो छ।
सारै
सारै बाठो छ।
उ
उ सारै बाठो छ।
विद्यार्थीबीच
उ विद्यार्थीबीच सारै बाठो छ।

1. थियो।
   उज्यालो थियो।
   धेरै उज्यालो थियो।
   यहाँकोभन्दा धेरै उज्यालो थियो।
   त्यहाँ त यहाँकोभन्दा धेरै उज्यालो थियो।

2. थियो।
   फैलिएको थियो।
   सुगन्ध फैलिएको थियो।
   मीठो सुगन्ध फैलिएको थियो।
   चारैतिर मीठो सुगन्ध फैलिएको थियो।

3. उठें।
   ब्युँझेर उठें।
   सारो बोलाएकाले ब्युँझेर उठें।
   मलाई सारो बोलाएकाले व्युँझेर उठें।
   अचानक मलाई सारो बोलाएकाले ब्युँझेर उठें।

4. पाएँ।
   उभिएको पाएँ।
   हात जोड़ेर उभिएको पाएँ।
   अघि हात जोड़ेर उभिएको घाएँ।
   मूर्ति अघि हात जोड़ेर उभिएको पाएँ।
   ठूलो मूर्ति अघि हात जोड़ेर उभिएको पाएँ।
   एउटा ठूलो मूर्ति अघि हात जोड़ेर उभिएको पाएँ।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model

त्यो गीत सारै राम्रो लागेको थियो।
सुबै
त्यो गीत खुबै राम्रो लागेको थियो।

1. त्यो घरको चारैतिर हरियाली रहेछ।
   वरतिर
   परतिर
   अघिल्तिर
   दाहिनेतिर
   देब्रेतिर
   मास्तिर
   तल्तिर

2. मसित एउटा ठूलो झोला छ।
   सानो
   कालो
   सेतो

3. उनी छिटो हिडँन सक्छन्।
   बिस्तारो
   राम्ररी

4. हेर त त्यो रूख कति अग्लो !
   होचो
   ठूलो
   सानो
   हरियो

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model
यहाँ चराहरू छन्।
रङ्गी-विरङ्गी
यहाँ रङ्गी-विरङ्गी चराहरू छन्।
धेरै
यहाँ धेरै रङ्गी-विरङ्गी चराहरू छन्।

1. मैले सपना देखें।
   मैले एउटा सपना देखें।
   मैले एउटा नराम्रो सपना देखें।
   हिजो मैले एउटा नराम्रो सपना देखें।
   हिजो राति मैले एउटा नराम्रो सपना देखें।

2. त्यहाँ चराहरू थिए।
   त्यहाँ खैरा चराहरू थिए।
   त्यहाँ बैगुनी र खैरा चराहरू थिए।
   त्यहाँ हरिया, बैगुनी र खैरा चराहरू थिए।
   त्यहाँ सेता, काला, हरिया, बैगुनी र खैरा चराहरू थिए।
   त्यहाँ सेता, काला, हरिया, बैगुनी र खैरा रङ्गी-विरङ्गी चराहरू थिए।

3. तिमी सक्छ्यौ।
   तिमी पढन सक्छ्यौ।
   तिमी राम्ररी पढन सक्छ्यौ।
   तिमी धेरै राम्ररी पढन सक्छ्यौ।
   अचेल तिमी धेरै राम्ररी पढन सक्छ्यौ।

V. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model
a. तिमी छिटो लेख्छौ।
b. तिमी शुद्ध लेख्छौ।
● तिमी छिटो लेख्छौ रपनि शुद्धै लेख्छौ।

1. a. तिमी बिस्तारो लेख्छौ।
   b. तिमी गलत लेख्छौ।

2. a. तिमी फटाफट हिंड्छौ।
   b. तिमी ढिलो पुग्छौ।

3. a. उनी छिट्टै सुत्छन्।
   b. उनी ढिलो उठ्छन्।
4. a. हामी सधैं त्यहाँ घुम्न जान्छौं।
   b. हामी तिमीलाई भेट्दैनौं।
5. a. उनी धेरै नै प्रयास गर्छिन्।
   b. उनी सफल हुन्नन्।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. त्यो गीत मलाई ____ राम्रो लागेको थियो। (सारै, सारो, सारा)
2. त्यहाँनेर एउटा _____ खोलो बगिरहेको थियो। (सानी, सानो, साना)
3. त्यसको नजिकैमा एउटा सानो _____ पनि थियो। (छहरो, छोरी, छन्)
4. छहरोको पानीले _____ सृष्टि गरेको थियो। (सङ्गीतको, नाचको, साँझको)
5. तपाईंको अनुहार _____र मायालु लाग्छ। (शान्त, शक्ति, शिव)

II Complete the sentences using the appropriate forms of the words given.

1. त्यो अनुहार तिमीसँग _____ छैन। (मिल्)
2. ती चराहरू राम्ररी गीत _____। (गाउ)
3. बगैंचाको चारैतिर मीठो सुगन्ध _____। (फैल)
4. मलाई तिमीले _____ भातै नखाई आएँ। (बोल्)
5. हिजो अलिकति पनि खाना _____। (खा)

III. Complete the sentences using the appropriate words.

1. त्यो _____ केटी चाहिं को हो हँ ?
2. तपाईं होचो भए पनि _____ क्रिकेट खेल्न सक्नु हुन्छ।
3. मलाई _____ साथी मन पर्छ।
4. म तिमीलाई ____ गर्छु ।
5. तिमीले यो पाठ राम्ररी बुझ्यौ कि __ ?

IV. Expand the following sentences using at least three words each.

1. घरका वरिपरि फूलहरू छन्।
2. म उभिरहेको छु।
3. हामी पुग्नुपर्छ।
4. म भन्छु।
5. उनीहरू गइहाले।

V. Combine the following pairs of sentences into single sentences.

1. a. त्यो केटो होचो छ।
   b. त्यो केटो राम्रो फुटबल खेल्द।
2. a. उनी धनी छन्।
   b. उनी किताब किन्न चाहँदैनन्।
3. a. यिनी गरीब छन्।
   b. यिनी किताब किनिरहन्छन्।
4. a. उहाँ राम्रो हुनुहुन्छ।
   b. उहाँ बेलाबेला रिसाउनुहुन्छ।

5. a. नायकलाई छिट्टै रिस उठ्छ।
   b. नायकको धैर्य चाहिँ छ।

VI. Answer the following questions with reference to the dialogue of the lesson.

1. खेल्न जाने बार के थियो ?
2. उनीहरू खेल्न कहाँ गए ?
3. सन्तोषको कुरा सुन्न बिजुलाई के भएको थियो ?
4. कसले राम्रो सपना देख्यो ?
5. कस्ता-कस्ता रङका चराहरू थिए ?
6. चराहरूले कस्तो स्वरमा गीत गाउँदै थिए ?
7. सारै बाठो र अग्लो केटो को हो ?
8. छ महिने परीक्षामा कसले सर्वोच्च नम्बर पायो ?
9. सन्तोष बिजुको को हो ?
10. बिजुको सपना कस्तो थियो ?

शब्दावली VOCABULARY

सपना	dream	पर	a little far away
चौ-चौ	anxious, inquisitive	छोटो	short
हरियाली	green	प्रशस्त	sufficient
विरूवा	plant	रङ्गी-विरङ्गी	multi-colored, colorful
रातो	red	कालो	black
सेतो	white	पहँलो	yellow
बैगुनी	violet	खैरो	brown
ढङ्ग	way, manner	छहरो	water fall
सङ्गीत	music	सृष्टि	creation
इच्छा	desire	अवश्य	certainly
दयालु	kind	अनुहार	face
शान्त	peaceful	मायालु	affectionate
कुप्रा हजुरबा	great grand father	मिल्दो-जुल्दो	similar, looking alike
अँध्यारो	dark	उज्यालो	bright
गुलाफी	rosy, rose color	असङ्ख्य	numerous
सुगन्ध	fragrance	सन्जोग	coincidence
बाठो	clever	पढाइ	reading
सर्वोच्च	highest	पश्चिय	introduction

टिप्पणी NOTES

7.38.1. This lesson consists of sentences in which the use of adjectives and adverbs is reinforced. Look at the underlined words in the following sentences.

i)	त्यहाँ एउटा ठूलो चौर छ।	There is a big ground.
ii)	त्यो गीत मलाई सारै राम्रो लागेको थियो।	That appealed to me as a beautiful song.
iii)	एउटा सानो खोलो बगिरहेको थियो।	A small river was flowing.
iv)	त्यहाँ चारैतिर राता र गुलाफी फूलहरू पनि थिए।	Everywhere there were red and pink flowers too.
v)	त्यहाँबाट मीठो बास्ना पनि फैलिएको थियो।	A beautiful fragrance was emanating from that place.
vi)	हेर न, कति अग्लो छ !	See, how tall he is !
vii)	त्यो के हो ! छिटो भन न्।	What is that ? Tell me quickly.
viii)	ती चराहरू सारै राम्ररी गीत गाइरहेका थिए।	Those birds were chirping (singing) beautifully.
ix).	त्यो के हो ? छिटो भन न। बिस्तारी नभन	What is that ? Tell me quickly. Don't slow down.
x)	तिनीहरू चर्को स्वरमा गाउँदैछन्।	They are singing in a loud voice (loudly).

You may note that the underlined words in the above sentences from (i) to (iv) are adjectives in function and (vii) to (ix) are adverbs. Generally adjectives precede nouns and adverbs precede verbs. Sentence (x) contains an adverbial phrase formed by an adjective in combination with a noun in locative case. Number (vi) which is an exclamatory sentence has an adjective अग्लो (tall) which precedes a verb because of the pattern followed for exclamatory sentences.

7.38.2. As has been explained in the previous lesson, in Nepali adjectives also change their shape as per the number and gender of the nouns.

अग्लो केटो।	tall boy.
अग्ली केटी ।	tall girl
अग्लो रूख।	tall tree.
अग्ला केटा(हरू)	tall boys.
अग्ला केटी (हरू)	tall girls.
अग्ला रूख(हरू)	tall trees.

7.38.3. Some adjectives can be derived from nouns by adding different suffixes. e.g.

गुलाफ	Rose (flower)	गुलाफी	rosy	(suffix) ई
धन	wealth	धनी	wealtly	- ई
चीन	China	चीनियाँ	Chinese	-इयाँ
घर	house	घरेलु	domestic(house hold)	-एलु
पर्वत	mountain	पर्वते	mountainous	-ए
दया	kindness	दयालु	kind person	-आलु
पूर्व	east	पुर्वेली	Eastern	-एली
एसिया	Asia	एसियाली	Asian	-ली
जाति	nation	जातीय	national	-ईय
गाँउ	village	गाउँले	of village	-ले
नून	salt	नुनिलो	salty	-इलो
दिन	day	दैनिक	daily	-इक

7.38.4. Note the following adjective- adverb pairs in Nepali.
e.g.

राम्रो	beautiful
राम्ररी	beautifully
बिस्तारो	slow
बिस्तारी	slowly

7.38.5. As in other languages words and expressions indicating manner, place, time and verbal participles also function like adverbs in Nepali. e.g.

तिमी <u>कसरी</u> आयौ ?	How did you come ?
म <u>हिंडेर</u> आए।	I came walking (on foot).
म <u>दश बजे</u> आएँ।	I came at ten O'clock.

एकाइँ ७ Unit 7

पाठ - ३९ Lesson - 39

कर्म नै पूजा हो
Work is Worship

संवाद DIALOGUE

मालिक : तिमी काममा कतिखेर आयौ?

सिकर्मी : एकछिन अघि आएर काममा लागें। अरू साथीहरू कतिखेर आउने हुन् ?

मालिक : तिमी साथीहरूलाई काममा ढिलो आउनु हुँदैन भन है। मेरी छोरीको बिहेअघि नै सबै काठपातको काम सक्नुपर्छ। तिमीहरूले ढिलो गर्‌यौ भने मेरो चाहिं सारै नोक्सान हुन्छ । किनभने काठको दाम दिनदिनै बढ्दै छ। काठको दाम त वन विभागले नै बढाइरहन्छ। उनीहरूले कडाइ गर्नालाई आफ्ना परिसरमा भएका रूखहरू पनि जनतालाई बेच्न दिन छोडे। अहिले मैले मेरा घर वरिपरिका रूख काटें भने पनि उनीहरूले समस्यामा पार्न सक्छन्। असलमा यी वरिपरिका ठूला भइसकेका रूख चाहिं मेरा बाजेले हाम्रो परिसरमा लगाउनु भएको हो।

House owner : When did you come for work?

Carpenter : Some time back I came and started the work. I don't know when the other friends will come ?

House owner : You tell your friends not to come late. Before the marriage of my daughter you people have to finish all wood work. If you delay I will incur great loss. Because the cost of wood is increasing day by day. The forest department is increasing the price of wood considerably. In order to enforce strictness they have left permitting people to cut even the trees in their compounds. They can even trouble me if I cut these trees surrounding my own house. In fact my grand father had planted all these big trees in our compound.

सिकर्मी : अनि, छोरीको बिहे चाहिं कहिले छ नि ? केटाको के नोकरी पनि रहेछ ?

Carpenter : When will be your daughter's marriage ? What job does the boy (bridegroom) do ?

मालिक : बिहे त वैशाखको अन्तिम हप्तातिर हुन्छ। केटाको नोकरी त केही छैन तर उसको खेतीपाती रहेछ र ऊ आफै खेती गर्छ।

House owner : The marriage is in the last week of the month of Vaishakha. The boy does not have any job. But he has farmlands. And he himself does farming.

सिकर्मी : हामी त्यसबेलासम्ममा कटाइको काम सबै सिध्याइहाल्छौं। हामी काममा ढिलाइ गर्दैनौं। तपाईंसित हतियार उध्याउने ढुङ्गो छ भने आजलाई पाउन सक्छु कि ?

Carpenter : We people will certainly finish all wood work by that time. We don't make (any) delay in our work. Sir, can I get a whetstone to sharpen my tools for today?

मालिक : किन ? तिमीहरूले आफूलाई चाहिने कुरो पनि ल्याएनौं ? यहाँ त ढुङ्गाका नाममा सिलौटो मात्र छ। हामी यसलाई भान्साघरबाट बाहिर लान सक्दैनौं। धेरै गरुङ्गो भएकाले माटामा मिलाएर गाडेको छ।

House owner : Why ? Have you not brought whatever you need? Here we have only the kitchen grinder as stone. We cannot take it out side the kitchen. It is a very heavy stone and it is also fixed to the floor.

सिकर्मी : हुन्छ हजुर। त्यहाँ त्यो रूखमनि एउटा सानो टुक्रो ढुङ्गो देखेको छु। के म त्यो ल्याउन सक्छु ? आजलाई त्यसैले काम चलिहाल्छ।

Carpenter : O.K. Sir. There under that tree I am finding a small stone. May I take it ? For today's work that will be sufficient.

मालिक : लैजाऊ। जे होस् तिमीहरू त काम गर्दै पो छौ । त्यो डकर्मीले पो सारो समस्यामा पार्‌यो। उसको भलाइ गर्न भनेर पहिल्यै अलिकति पैसा अग्रिम दिइहालें। तर पैसा

House owner : Take it. Some how you people are doing your work. But the mason has put me in trouble. Thinking of his benefit I have already given him some money in advance. But he took the money and stopped even coming for work. I can't

लिएपछि त काममा आउनै बन्द भयो। अन्त कतै काम गर्दै छ भनौं भने उसका सबै सर-सामान यहीं छन्। उसको काममा अवाइ ठ्याम्मै छैन।

think that he is working else where because all his things are here. He is not at all coming to work.

सिकर्मी : उसले यो काम ठिकामा लिएको कि हाजिरामा ?

Carpenter : Did he take his work on contract basis or on daily wages ?

मालिक : लगाउन त हाजिरामा लगाएको हो। तर उ आफै अनुपस्थित हुन्छ। एक दिन आयो भने तीन दिन आउँदैन । मैले काम छिटो सक् भनेको त अवाइ नै बन्द भयो। कसैले ऊ अल्छ्याङ्ग गर्छ भनेको सुनेको थिएँ, तर काममा त पक्का रहेछ, त्यसैले उसलाई काममा लगाएको। बिहेसम्ममा काम सकेन भने लाजमर्दो हुन्छ, किनभने घर र त्यसको चारैतिर फोहोर नै मात्र हुन्छ। आज चाहिं जसरी पनि कसैलाई बोलाउन पठाउनु पर्‌यो।

House owner : I have employed him on daily wages basis. But he keeps absenting himself. If he comes one day then does not come for three days. I told him to speedup the work and he has stopped even coming. Someone told me that he is a bit lazy but he is perfect in his work. That is why I employed him. If he does not finish the work by the marriage date it will be shameful because the house and surroundings will be very dirty. Today at any cost I should send a person to call him.

डकर्मी : सर, बोलाउन कसैलाई पठाउनै पर्दैन। म आफै आएँ। छोराको बिमारले गर्दा पो आउन नसकेको त। अझै पनि जाती भएको छैन। हामी दुवैले एकछिन पनि छोड्न पाउँदैनौं । उसको केटाकेटीपन अझै गएको छैन। कतिपल्ट डाक्टरलाई देखाएँ ! जाती नै हुँदैन।

Mason : Sir, you don't have to send anybody. I myself have come. I could not come due to my son's illness. Even now he is not well. My wife and I both find it difficult to leave him even for a while. His childishness has not yet gone. How many times have I shown him to the doctor ! But he is not improving.

मालिक : बिमार चाहिं के रहेछ ? डाक्टरहरू के भन्छन् ? औषधिले पनि जाती नहुने कस्तो रोग लागेछ त ?

House owner : What is his illness ? What does the doctors say ? Which is that disease which can't be cured by medicines ?

डकर्मी : सर, डाक्टरहरू पनि छक्क परेका छन्। छोराको बिमार उनीहरूले पनि निको पार्न सकिराखेका छैनन्। उनीहरू धैरैपल्ट जाँच्ने र एक्स-रे गर्ने काम मात्र गर्दै छन्। मसित त्यति पैसा पनि छैन । खोइ के गर्ने के नगर्ने ?

Mason : Sir, doctors are also wondering. They also have not been able to diagnose what disease my son is having. They keep examining him and taking many X-rays. I don't have that much money also. I don't know what to do or what not to do ?

मालिक : बरू म तिमीलाई अलिकति पैसा दिन्छु, तर थालेको काम चाहिं छिटो सक। यदि आफ्नो कर्म गराइमा विश्वास राख्यौ भने ईश्वरले पनि मद्त गर्छन्। कर्मीका लागि कर्म नै पूजा हो। ठीक छ। चिन्ता नगर। बरू हाम्रो साथी डा. कमल छेत्रीलाई तिम्रो छोरालाई देखाऊ न। उनले जसो भन्छन् उसै गर। म उनलाई भनिदिउँला र अलिकति पैसा पनि दिउँला।

House owner : I will give you some more money. But what work you have started you finish first. If you have faith in doing your duty God will also help you. For a worker work is worship. Now don't worry. You take your son to our friend Dr. Kamal Chetry. Do what ever he says. I will also talk to him and give you some money.

डकर्मी : हुन्छ हजुर, यतिले त ठूलो गुण लाग्ने छ ! ईश्वरले तपाईंलाई, तपाईंका छोरा-नातिलाई पनि मङ्गल गरून्।

Mason : Thank you very much Sir. I owe you. God will bless you, your children and your grand children.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. हामी त्यसबेलासम्ममा कटाइको काम सबै सिध्याइहाल्छौं।
2. हामी काममा ढिलाइ गर्दैनौं।
3. मेरी छोरीको बिहेअघि नै सबै काम सक्नुपर्छ।
4. तपाईंकोमा हतियार उध्याउने ढुङ्गो छ ?
5. तिमीहरूले आफूलाई चाहिने कुरो पनि ल्याएनौ ?
6. साथीहरूलाई काममा ढिलो आउनु हुदैन भन।
7. उस्को काममा अवाइ ठ्याम्मै छैन।
8. उसको भलाइ गर्न पहिल्यै अलिकति पैसा अग्रिम दिइहालें।
9. उसको काममा अवाइ ठ्याम्मै छैन।
10. उसको केटाकेटीपन अझै गएको छैन।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

भयो।
बन्द
बन्द भयो।
अवाइ
अवाइ बन्दभयो।
काममा
काममा अवाइ बन्द भयो।
उसको
उसको काम अवाइ बन्द भयो।
पछि
पछि उसको काममा अवाइ बन्दभयो।
पैसा लिएपछि
पैसा लिएपछि उसको काममा अवाइ बन्द भयो।

1. गर्छन्।
   मदत गर्छन्।
   ईश्वरले पनि मदत गर्छन्।
   राख्यौ भने ईश्वरले पनि मदत गर्छन्।
   विश्वास राख्यौ भने ईश्वरले पनि मदत गर्छन्।
   गराइमा विश्वास राख्यौ भने ईश्वरले पनि मदत गर्छन्।
   कर्म गराइमा विश्वास राख्यौ भने ईश्वरले पनि मदत गर्छन्।
   आफ्नो कर्म गराइमा विश्वास राख्यौ भने ईश्वरले पनि मदत गर्छन्।
   तिमी आफ्नो कर्म गराइमा विश्वास राख्यौ भने ईश्वरले पनि मदत गर्छन्।

2. गर्दैनौं।
ढिलाइ गर्दैनौं।
काममा ढिलाई गर्दैनौं।
हामी काममा ढिलाइ गर्दैनौं।

3. दिइहालें।
अग्रिम दिइहालें।
पैसा अग्रिम दिइहालें।
अलिकति पैसा अग्रिम दिइहालें।
पहिल्यै अलिकति पैसा अग्रिम दिइहालें।
भलाइ होस् भनेर पहिल्यै अलिकति पैसा अग्रिम दिइहालें।
उसको भलाइ होस् भनेर पहिल्यै अलिकति पैसा अग्रिम दिइहोलं।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model हामी काममा ढिलाइ गर्दैनौं।
अल्छ्याइँ
हामी काममा अल्छ्याइ गर्दैनौं।

1. यसमा उसको भलाइ होस् भनेर पैसा दिइहालें।
काममा बोलाइहालें
खबर गरिहालें।

2. केटो के नोकरी गर्छ ?
जागिर
काम
पढाइ

3. काठपातको दाम वन विभागले बढाइरहन्छ।
सरकारले
त्यो व्यापारीले
त्यो मान्छेले

IV. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model a. उनी गरीब छन्।
b. उनको धेरै ठाउँ डुलाइ हुदैन।
उनी गरीब भएकाले उनको धेरै ठाउँ डुलाइ हुँदैन।

1. a. उनी काममा अल्छी छन्।
b. उनको काम छिट्टै हुँदैन।

2. a. तपाईं परिश्रमी हुनुहुन्छ।
b. तपाईंको उन्नति भइरहेको छ।

3. a. तपाईंको धेरै धैर्य छ।
b. तपाईं शान्त हुनुहुन्छ।

4. a. तपाईंको हिँडाइ छिटो छ।
b. तपाईं छिट्टै पुग्नुहुन्छ।

5. a. तिमी मेहेनती छौ।
b. तिमी राम्ररी पास गर्नेछौ।

V. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model

उनको सबै काममा बठ्याइँ छ।
उनको सबै काममा बँठ्याइँ छैन।

1. उनको सबै काममा चतुराइँ छ।
2. उनको केही काममा मुख्याइँ छ।
3. उनको सबै काममा इमान्दारीता छ।
4. उनको हरेक सल्लाहमा महानता छ।
5. उनको विचार-धारामा सुरोपना छ।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. तपाईंको काम _____ तरिका राम्रो छ। (गराइको, खुवाइको, सुनाइको)
2. कसैले पनि आफ्नो कर्ममा अल्छयाइँ _____ हुँदैन। (गर्नु, भन्नु, पर्नु)
3. ईश्वरले तिमीलाई _____ गरून्। (मङ्गल, खोवाइ, गल्ती)
5. तपाईंमा अझै पनि केटाकेटीपना _____। (रहेछ, रह्यो, रहेकी छ)

II Complete the sentences using the appropriate forms of the words given.

1. मान्छेले अचेल आफ्ना वरिपरिका रूखहरू पनि ____ पाउन छोडे। (बेच्)
2. हामी चाहिं कहिल्यै पनि काममा ____ गर्दैनौं। (अल्छि)
3. डाक्टरहरू रोगीलाई ____ र एक्स-रे गर्ने काम गर्छन्। (जाँच्)
4. उसको छोराको बिरामीले __ आउन नसकेको रहेछ। (काम्)
5. बिहेको दिनसम्म पनि काम ____ भने लाजमर्दो हुन्छ। (सक्)

III. Complete the sentences using the appropriate words

1. बरू म तिमीलाई ____ पैसा दिन्छु।
2. तर तिमीले _____ काम चाहिं छिट्टै सकिदेऊ।
3. तपाईं आफ्नो कर्म ___ विश्वास गर्नुहोस्।
4. उनले जसो भन्छन् ____ गर्नू।
5. कसैले पनि आफ्नो काममा ___ गर्नु हुँदैन।

IV. Combine the following pairs of sentences into single sentences.

1. a. तपाईं अल्छी हुनुहुन्छ।
   b. तपाईले काम सक्नु भएन।
2. a. तिमी फुर्ती छौ।
   b. तिमीले काम छिट्टै सक्यौ।
3. a. उनी गए।
   b. उनीको काम भयो।

4. a. उसको खुवाइ राम्रो छ।
   b. उसको स्वास्थ पनि राम्रो छ।
5. a. हाम्रो पढाइ राम्रो छ।
   b. हामी राम्ररी पास हुन्छौं।

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. सिकर्मी कतिखेर आएर काममा लाग्यो ?
2. कसकी छोरीको बिहेअघि काम सक्नुपर्छ ?
3. काठको दाम दिनदिनै के हुँदै छ ?
4. छोरीको बिहे कहिले रहेछ ?
5. बिहे गर्ने केटा के गर्दा रहेछन् ?
6. सिकर्मीहरूसित के थिएन ?
7. सिलौटो केको हुन्छ ?
8. सिलौटोलाई कहाँ गाडेको छ ?
9. कसले मालिकलाई समस्यामा पार्‌यो ?
10. कसको भलाइ गर्न भनेर मालिकले अग्रिम पैसा दिइहाले ?
11. को काममा पक्का रहेछ ?
12. बिहेसम्ममा काम सकेन भने मालिकलाई के हुन्छ अरे ?
13. किन डकर्मी काममा आउन नसकेको रहेछ ?
14. कर्मीको लागि कर्म के हो ?
15. डकर्मीमा इमान्दारिता छ कि छैन ?

शब्दावली VOCABULARY

कर्म	work	पूजा	worship
कतिखेर	when	दाम	price
वन विभाग	forest department	कडाइ	strictness
परिसर	compound	जनता	public
समस्या	problem	असलमा	intact
बिहे	marriage	नोकरी	service, job
अन्तिम	last	मङ्गल	favour
सप्ताह	week	खेतीपाती	farm, agriculture
ढिलाइ	late	हतियार	tools
उध्याउने ढुङ्गा	whet-stone	सिलौटो	kitchen grinder
भान्साघर	kitchen	गरुङ्गो	heavy
गाड़ेको	fixed	डकर्मी	mason
भलाइ	welfare	अग्रिम	advance
बन्द	stop	अन्त कतै	elsewhere
सर-सामान	tools	अवाइ	coming
ठ्याम्मै	totally	ठिका	contract

अनुपस्थित	absent	अल्छ्याइँ	laziness
फोहोर	dirt	केटाकेटीपन	childishness
निको पार्नु	cure	कर्मी	worker
चिन्ता	worry, anxiety		
वैशाख	first month in Nepali calendar		

टिप्पणी NOTES

7.39.1. This lesson introduces sentences in which the use of verbal nouns and derived nouns is emphasised.

Note the underlined words in the following sentences

i)	हामी त्यस बेलासम्ममा कटाइको काम अवश्य सिध्याइहाल्छौं।	We will certainly finish the cutting of wood by that time.
ii)	पैसा लिएपछि त उसको काममा अवाइ नै बन्द भयो।	He took the money and stopped even coming for work.
ii)	आफ्नो कर्म गराइमा विश्वास राख्यौ भने ईश्वरले पनि मदत गर्छन्।	If you have faith in doing your duty God will also help you.
iii)	हामी काममा ढिलाइ गर्दैनौं।	We do not make (any) delay in our work.
iv)	कसैले उ काममा अल्छ्याइँ गर्छ भन्ने सुनाएको थियो, तर काममा त पक्का रहेछ।	Some one told me that he is lazy in his work but (I have seen that) he is perfect (in his work).
v)	उसको भलाइ होस् भनेर पहिल्यै अलिकति पैसा अग्रिम दिइहालें।	Thinking of his benefit I have already given him some money.
vi)	वनविभागको कडाइले आफ्ना वरिपरिका रूख पनि मान्छेले बेच्न पाउन छोडे।	In order to enforce strictness they have left permitting people even to sell the trees in their compound.
vii)	केटो के नोकरी गर्छ ?	What job does the boy do?
viii)	उसको केटाकेटीपन अझै गएको छैन।	His childishness is not yet gone.

You may note that the underlined words in (i) to (iii) sentences are verbal nouns and those in (iv) to (viii) are nouns derived from adjectives and those in 8 and 9 are nouns derived from other nouns.

Nouns derived from verbs

बढ्नु	to increase	बढाइ	increasing
गर्नु	to do	गराइ	doing
पढ्नु	to read	पढाइ	reading

It may be noted that the above verbal nouns are formed by adding suffixes to the respective verb roots in the following way.

बढ् + -आइ	= बढाइ	increase
गर् + -आइ	= गराइ	doing
काट+ -आइ	= कटाइ	cutting

Note that if the first syllable of the root has-आ it changes into अ after the suffix-आइ is added to it.

Nouns derived from adjectives

ढिलो	delay	ढिलाइ	delay
अल्छी	lazy	अल्छ्याइँ	laziness
भलो	good	भलाइ	goodness, benefit
कडा	strict	कडाइ	strictness

Similarly the above derived nouns are formed by adding the suffixe -आइ and -इ

भलो + आइ	= भलाइ	कडा + इ	= कडाइ
ढिलो + -आइ	= ढिलाइ	अल्छि + -आइ	= अल्छ्याइ

Nouns derived from other nouns

नोकर	servant	नोकरी	work/job/service
केटाकेटी	boy and girl (children)	केटाकेटीपन	childishness

In the above two examples nouns are derived from other nouns by the addition of suffixes -ई and -पन respectively.

7.39.2. You may note some more Nepali verbal nouns and derived nouns.

Verbal nouns

लेख्	write	लेखाइ	writing
पढ्	read/learn	पढाइ	reading/learning
बस्	sit	बसाइ	sitting
मिस्	mix	मिसाइ	mixing
थाक्	get tired	थकाइ	tiredness
लेख्	write	लेखोट	written matter/work
जोड्	join	जोडाइ	joint
घेर्	surround	घेरा	surrounding
चाल्	sieve	चालनी	sieve
ढाक्	cover	ढाकनी	cover, lid
छाप्	print	छपाइ	the process of printing
जोड्	join	जोडाइ	joining

हाँस	laugh	हँसाइ	laughing
नाच	dance	नचाइ	dancing/dance
लुट्	loot	लुटान	looting
काट्	cut	कटान	cutting
उड्	fly	उडान	flight
बन्	become	बनौट	build/the way it is built
थाक्	get tired	थकावट	tiredness
सज	decorate	सजावट	decoration
खेल्	play	खेलौना	play thing (toy)

Note that in **-इ** ending words due to sandhi change **य** becomes as shown below.

अल्छि + आइँ = अल्छ्याइँ (laziness)
पछि + आइँ = पछ्याइँ (following)

Derived nouns

i) **From adjectives**

सच्चा	true	सच्चाइ	truth
सफा	clean	सफाइ	cleanliness
मोटो	fat	मोटाइ	fatness
खराब	bad	खराबी	badness
अमिर	rich	अमीरी	richness
गरीब	poor	गरीबी	poverty
मैलो	dirty	मैलोपन	dirtiness
राम्रो	good	राम्रोपन	goodness
सुरो	brave	सुरोपना	bravery
महान	great	महानता	greatness
मीठो	sweet	मीठोपना	sweetness
लामो	long	लमाइ	length
चौडा	broad	चौडाइ	breath
चलाक	cunning	चलाख्याइँ	cunningness
इमानदार	honest	इमानदारी	honesty
मूर्ख	foolish	मुर्ख्याइँ	foolishness
बाठो	clever	बठ्याइँ	cleverness
चतुर	clever	चतुर्याइँ	cleverness
हरियो	green	हरियाली	greenery
सुन्दर	beautiful	सुन्दरता/सौन्दर्य	beauty
दरिद्र	poor	दारिद्र्य	poverty

ii) **From other nouns**

चोर	thief	चोरी	theft
खेत	agricultural field	खेती	agriculture/farming
डाक्टर	doctor	डाक्टरी	doctor profession
धूप	incense	धुपौरो	incense, censor
मालिक	boss	मालिक्याइँ	bossing over
पण्डित	scholar	पाण्डित्य	scholarship

एकाइँ ७ Unit 7

पाठ - ४० Lesson - 40

गुरु शिष्यको साइनो
Relationship between the teacher and the student

संवाद DIALOGUE

मानव : नमस्ते सर ! सन्चै हुनुहुन्छ ?

शिक्षक : अहो मानव, तिमी ! म त सन्चै छु। आऊ बस। तिमी हाम्रो घरमा कहिले आएका थियौ ? मैले त भुलेंछु। अब तिम्रो हाल खबर सुनाऊ त ! कसैले तिमी कलेजमा प्रवक्ता भएको कुरा सुनाएथ्यो। त्यसै हो ?

मानव : जसले तपाईंलाई त्यो कुरा सुनायो, त्यसले साँचो कुरा भनेन।

शिक्षक : त्यसो भए साँचो चाहिं के हो ?

मानव : म अस्थायी रूपले एउटा हायर सेकण्डरी स्कूलमा काम गर्दै छु। त्यति मात्र हो।

शिक्षक : तिमी कलेजको प्रवक्ता पदका लागि किन प्रयास गदैनौं ? स्नातकोत्तर तहमा तिमी प्रथम श्रेणीको प्रथम तहमा उत्तीर्ण भएका छौ।

मानव : जतिखेर हाम्रो एम.एको परीक्षाफल आयो, त्यति बेलै मैले यो काम पाएको हुँ। मलाई पैसाको सारै खाँचो थियो। अनि फेरि म घरको जेठो छोरो भन्ने तपाईंलाई थाहै छ।

Manav : Namaste Sir ! How do you do sir?

Teacher: Oh, Manav, you ! I am fine. Come and sit. When you had come to our house, I have forgotten. Now tell me about you. Someone told me that you have become a college lecturer. Is it so ?

Madhav: Whoever had told you, he did not tell the correct thing.

Teacher: Then what is the truth ?

Manav : I am temporarily working in a Higher secondary school. That's all.

Teacher: Why don't you try for a college lecturer's post ? You have passed the postgraduate degree examination in first class first.

Manav : As soon as the M.A. result came out I got this job. I was badly in need of money. As you know sir, I am the eldest son of my house (my parents).

शिक्षक : त्यो म बुझ्न सक्छु । तर तिमी जस्तो प्रतिभाशाली छात्रले जुन-सुकै उच्च-माध्यमिक विद्यालयमा नाउँ लेखाएर समय बर्बाद गर्नु हुँदैन। तिमी आफूले पढेको विषयमा केही महान काम गरेर देखाउन सक्छौ। तिमीले कुनै राम्रो विश्वविद्यालयमा अनुसन्धानको काम थाल्नुपर्छ। मलाई पूरा विश्वास छ, तिमी महान विज्ञानी हुन सक्छौ र देशको निम्ति धेरै योगदान पुर्‍याउन सक्छौ।

Teacher: That I can understand. But a brilliant student like you should not waste your time in any Higher Secondary School. You can do some great work in the subject you have learned. You have to do research in some good University. I am sure, you can be a great scientist and contribute many things to our country.

मानव : हुन्छ सर। म पनि रसायन शास्त्रमा पी.एच.डी गर्न सोचिराखेको छु। म भारतीय विज्ञान केन्द्र बेङ्लोरबाट त्यसो गर्न सोच्दै छु। त्यसका लागि त्यहाँका प्राध्यापकहरूसँग सम्पर्क गर्दै छु।

Manav : Yes sir. I am also planning to start my Ph.D. in Chemistry. I am thinking to do that in Indian Institute of Science, Bangalore. For this I am corresponding with the professors there of.

शिक्षक : त्यो त धेरै राम्रो हुन्छ। त्यही ठाउँ त हो जहाँबाट हाम्रा नोबल पुरस्कार विजेता सर सी.वी.रमणले अनुसन्धान गरेका थिए। तिमी जस्तो मानिसले त त्यस्तै ठाउँमा पो काम गर्नुपर्छ। जस्ता तस्ता मान्छेले त त्यहाँ नाम लेखाउने मौका नै पाउँदैनन्।

Teacher: That's very good. That is the place where our Nobel prize winner Sir C.V.Raman did his research. A man like you should work in such a place. Every Tom Dick and Harry will not get admission there.

मानव : मलाई पनि जस्तो तस्तो भएर बाँच्ने रहर छैन्। तपाईं स्कूलमा भन्ने गर्नु हुन्थ्यो । हामी जस्तो कर्म गर्छौं उस्तै फल पाउँछौं।

Manav : I am also not interested in living an ordinary life. You used to tell us in school. As we sow, so we reap.

शिक्षक : म जे भन्ने गर्थें त्यो तिमीलाई अझै याद रहेछ। यसबाट मलाई धेरै खुसी लाग्यो । अचेलभरि युवाहरू आफ्ना अभिभावकका

Teacher: I am happy that even now you remember what I used to tell. Now a days the young people do not listen even to their parents. You are here, who remember

कुरा सुन्दा पनि सुन्दैनन्। तिमीले चाहिं धेरै वर्ष अघि एक जना प्राथमिक स्कूलका शिक्षकले भन्ने गरेको कुरो पनि सम्झेको रहेछ।

what a primary school teacher used to say years ago.

मानव : मेरा लागि त आमाबा र गुरु भगवान तुल्य हुन्। उनीहरूको आशीर्वादले गर्दा नै म संसारलाई केही गरेर देखाउन सक्ने भएको छु ।

Manav : Sir. For me my parents and teachers are like Gods. It is due to their blessings I find myself being able to show something to the world.

दीप्ति : को बोल्ने ! ए, मानव दाइ ! नमस्ते, नमस्ते ! आज धेरै दिनपछि कसरी हाम्रो घरलाई सम्झ्नु भयो? मैले त बिर्सनु भयो होला भन्ने ठानेकी थिएँ।

Dipti : Who is talking here ? Oh, brother Madhav ? Namaste, Namaste ! After many days you remembered our house. I was thinking that you forgot us.

शिक्षक : त्यस्तो तिमीले के भनेकी दीप्ति ? मानवले हामीलाई कसरी बिर्सन सक्छन् र ! त्यस्तो कुरा नभन। तिम्रो चाहिं बालखैदेखिको मानवसँग जिस्किने बानी कहिलै छुटेन्।

Teacher : What is this Dipti ? How can Madhav forget us ! Don't say so. Since your childhood your habit of cutting jokes with Madhav has not gone yet.

मानव : केही छैन सर। सानी विद्यार्थी छँदा उनी जसो गर्थिन् अब शिक्षिका भइसकेपछि पनि त्यसै गर्दी रहिछन् ।

Manav : Doesn't matter sir. What she would do in her school days, after being a teacher too she is doing the same thing.

दीप्ति : त्यसोभए म शिक्षिका भएको कुरा तपाईंलाई अघि नै थाहा भइसक्यो?

Dipti : So, you have already come to know that I am a teacher ?

मानव : जुन दिन तिमीले नियुक्तिपत्र पाएकी थियौ नि त्यसै दिन मैले थाहा पाएको थिएँ।

Manav : The day on which you had got the appointment letter the very day I had got the information.

दीप्ति : ए राम्रो भएछ। त्यसो भए तपाईंको सूचना विभाग सारै राम्रो रहेछ।

Dipti : That is good. So you have a very good information bureau.

शिक्षक : दीप्ति उनलाई जिस्क्याउन छोड। मानवका लागि केही मिठो चिया खाजा ल्याऊ न बरू ।

दीप्ति : मानवलाई मात्र ?

शिक्षक : दीप्ति तिमी लिन जान्छौ कि म तिम्री आमालाई बोलाऊ ?

दीप्ति : चिन्ता नगर्नुस्। म आफै जान्छु, र सबै थोक अनि आमालाई पनि लिएर आइहाल्छु नि।

शिक्षक : कति धूर्त केटी !

मानव : सर, उनी जस्ती थिइन् त्यस्तै रहिछन्। उनमा अलिकति पनि परिवर्तन आएको रहेनछ।

Teacher: Dipti, stop teasing him. Rather bring some good tea and snacks for Manav.

Dipti : Only for Madhav ?

Teacher: Dipti, will you go and bring or should I call your mother ?

Dipti : Don't worry. I myself will go and bring everything and also Mummy.

Teacher: What a naughty girl !

Manav : Sir. She is exactly the same as she was. There is no change in her.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. जसले तपाईंलाई त्यो कुरा सुनायो त्यसले साँचो कुरा भनेन।
2. जतिखेर हाम्रो एम.ए. को परीक्षाफल आयो त्यतिखेर मैले यो काम पाएको थिएँ।
3. त्यो त त्यही ठाउँ हो जहाँ हाम्रा नोवेल पुरस्कार विजेता सर सी.भी.रमणले अनुसन्धान गरेका थिए।
4. हामी जस्तो कार्म गर्छौं त्यस्तै फल पाउँछौं।
5. उनी जस्ती थिइन् अहिले पनि त्यस्तै रहिछिन्।
6. तिमी जसरी आयौ त्यसरी नै जाऊ।
7. तपाईंसित जति छ त्यति नै दिनुहोस्।
8. तँ जहाँ जान्छस् त्यहाँ राम्रो काम गर्नू।
9. जुन दिन तिमीले मलाई भन्यौ त्यही दिनै मैले पनि नियुक्ति पत्र पाएँ।
10. म जे भन्ने गर्थें त्यो तिमीलाई अझै याद रहेछ।

II. वाक्य निर्माण अभ्यास Buildup Drill

नमूना Model

रहेछ।
याद
याद रहेछ।
अझै

अझै याद रहेछ।
तिमीलाई
तिमीलाई अझै याद रहेछ।
त्यो
त्यो तिमीलाई झै याद रहेछ।
जे भन्ने गर्थें
जे भन्ने गर्थें त्यो तिमीलाई अझै याद रहेछ।
म
म जे भन्ने गर्थें त्यो तिमीलाई अझै याद रहेछ।

1. कुरा भनेन।
   साँचो कुरा भनेन।
   त्यसले साँचो कुरा भनेन।
   जसले भन्यो त्यसले साँचो कुरा भनेन।

2. पाएको हो।
   काम पाएको हो।
   यो काम पाएको हो।
   मैले यो काम पाएको हो।
   त्यतिखेर मैले यो काम पाएको हो।
   जतिखेर हाम्रो एम.ए.को परीक्षाफल आयो।
   त्यतिखे मैले यो काम पाएको हो।

3. गर्नुपर्छ।
   काम गर्नुपर्छ।
   ठाउँमा काम गर्नुपर्छ।
   त्यस्तै ठाउँमा काम गर्नुपर्छ।
   मानिसले त त्यस्तै ठाउँमा काम गर्नुपर्छ।
   तिमी जस्तो मानिसले त्यस्तै ठाउँमा काम गर्नुपर्छ।

4. रहिछन्।
   त्यस्तै रहिछन्।
   जस्ती थिइन् त्यस्तै रहिछन्।
   उनी जस्ती थिइन् त्यस्तै रहिछन्।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model

जसले तपाईंलाई त्यो कुरा सुनायो त्यसले साँचो कुरा भनेन।
जल्ले त्यल्ले
जल्ले तपाईंलाई यो कुरा सुनायो त्यल्ले साँचो कुरा भनेन।

1. म जे भन्छु तिमी त्यो गर्नू।
   जसो त्यसो
   जसरी त्यसरी
   जसोजसो त्यसो त्यसो
   जतिपटक त्यतिपटक

2. तिमी जतिखेर मौका पाउँछौ त्यतिखेरै पढिहाल्नू।
   जहाँ त्यहाँ
   जसरी त्यसरी
   जसो गर्दा त्यसैगरी

3. जुन दिन तिमी हाम्रो घर आएका थियौ त्यो दिन म घर थिइतँ।
   जहिले त्यहिले
   जुन बेला त्यस बेला

IV. वाक्य विस्तार अभ्यास Expansion Drill

नमूना Model

तिमी गर्थ्यौं।
म भन्थें तिमी गर्थ्यौं।
म जसो भन्थें तिमी गर्थ्यौं।
म जसो भन्थें तिमी त्यसै गर्थ्यौं।

1. उनी रहिछन्।
   उनी त्यस्तै रहिछन्।
   उनी जस्ती थिइन् त्यस्तै रहिछन्।
   अझै पनि उनी जस्ती थिइन् त्यस्तै रहिछन्।

2. हामी पाउँछौ।
   हामी फल पाउँछौं।
   हामी उस्तै फल पाउँछौं।
   हामी जस्तो कर्म गर्छौं उस्तै फल पाउँछौं।

3. तिमी जस्तो मानिसले काम गर्नुपर्छ।
   तिमी जस्तो मानिसले त्यस्तै काम गर्नुपर्छ।
   तिमी जस्तो मानिसले त्यस्तै ठाउँमा काम गर्नुपर्छ।
   तिमी जस्तो मानिसले त्यस्तै ठाउँमा घुँडा धसेर काम गर्नुपर्छ।

V. प्रतिवचन अभ्यास Response Drill

नमूना Model

जुन व्यक्तिले तिमीलाई यो कुरा भन्यो
त्यस व्यक्तिले साँचो कुरा भनेनछ।

1. ए हो र ? ढाँटेछ त!
2. किन त्यसो गरेछन् ?
3. हेर त ! मान्छे कस्ता हुन्छन् !
4. साँचे नभन्नूमा उसको के स्वार्थ छ ?

1. त्यो मान्छेको भनाइ साँचो थिएन।
2. जसले भन्यो त्यो मान्छे नै विश्वासिलो होइन।
3. तिमी जसको कुरा गर्दै छौ त्यसले ढाट्यो होला !
4. तपाईं जसरी भन्दै हुनुहुन्छ त्यसरी काम हुने सम्भावना छैन।
5. ठीक छ, तिमी पत्याऊ, म चाहिं पत्याउन सकिनँ।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. मैले त तिमी आउने कुरै _____। (भुलेंछु, भुल्छ, भुले)
2. तिमी ___ विद्यार्थीले राम्रो कलेजमा एडमिसन पाउँछौ। (जस्ता,जसरी,जस्तै)
3. म ____ भन्थें त्यो तिमी हरूलाई याद छ ? (जे, जब, रहर)
4. त्यस कलेजमा __ त नाम लेखाउनै पाउँदैनन्। (जसरी, जस्तोत्यस्तो मान्छले, जो)
5. जुन दिन मेरो एम.ए.को रिजल्ट आयो ___दिन म घरमै थिएँ। (ती,त्यस, त्यसरी)

II Complete the sentences using the appropriate forms of the words given.

1. तिमी प्रतिभाशाली छात्रले राम्रो कलेजमा नाम _____ पढनुपर्छ। (लेख्)
2. जो सुकैले त्यहाँ नाम लेखाउन _____। (पाउ)
3. यो कुरा तपाईं स्कूलमा भन्ने गर्नु _____। (हु)
4. मलाई पूरा विश्वास छ तिमी विज्ञानी हुन _____। (सक्)
5. हामीले जस्तो त्यस्तो काम गरे _____। (हु)

III. Complete the sentences using the appropriate words.

1. अचेलभरि युवाहरू आफ्ना अभिभावकका कुरा _____ पनि सुन्दैनन्।
2. मलाई _____ भएर बाँच्ने रहर छैन।
3. धेरै लाई सी.भी. रमण _____ विज्ञानी हुने रहर होला।
4. तिमी जस्तो कर्म गछ्र्यौ _____ फल पाउँछ्यौ।
5. तिमी _____ मानिसले यसरी बसेर हुँदैन।

IV. Rewrite as directed.

1. म जे भन्थें त्यो तपाईंलाई याद छ। (Change into unknown past).
2. मैले यहाँ पढन आउनुपर्छ भनेर सोचेको थिइनँ। (Change into plural).
3. मलाई जस्तो-तस्तो भएर बाँच्ने रहर छैन। (Change into past).
4. यसबाट मलाई खुसी लाग्यो। (Change into present continuous).
5. त्यसो भए तपाईको सूचना विभाग सारै राम्रो रहेछ। (Change into simple future).

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. शिक्षकलाई मानव के भएको सुनाएथ्यो ?
2. वास्तवमा मानव के गर्दै छन् ?
3. मानवलाई के-को साँचो थियो ?
4. जेठो छोरो को हो ?
5. मानव के हुन सक्छन् अरे ?
6. मानव कहाँबाट पी.एच.डी गर्न सोच्दै छन् ?
7. सर.सी.भी.रमणले कहाँबाट अनुसन्धान गरेका थिए ?
8. मानवलाई के रहर छैन ?
9. अचेलभरि युवाहरू के गर्न छोडे ?
10. मानवका लागि को-को भगवान तुल्य हुन् ?
11. दीप्तिले मानवलाई के भनेर बोलाउँछे ?
12. दीप्तिको मानवसँग के गर्ने बानि थियो ?
13. दीप्तिमा के आएको रहेनछ ?
14. शिक्षक दीप्तिको को हो ?
15. शिक्षकको शिश्य को थियो ?

शब्दावली VOCABULARY

सन्चै	fine	साइनो	relation
अस्थायी	temporary	प्राध्यापक	lecturer
पद	post	प्रयास	effort, attempt
स्नातकोत्तर	post graduate	परीक्षाफल	result
प्रतिभाशाली	talented	अनुसन्धान	research
विज्ञानी	scientist	रसायन शास्त्र	chemistry
सम्पर्क	correspondence	अभि भावक	guardian
तुल्य	alike, equal	आशीर्वाद	blessing
जिस्किने	cutting jokes	नियुक्ति पत्र	appointment letter
सूचना-विभाग	information bureau	धूर्त	naughty
परिवर्तन	change		

टिप्पणी NOTES

7.40.1. This lesson introduces sentences in which the use of correlative construction is shown. Note the underlined words in the following sentences. e.g.

i) <u>जसले</u> तपाईंलाई त्यो कुरा सुनायो <u>त्यसले</u> साँचो कुरा भनेन। — Whoever told you he did not tell the correct thing.

ii) <u>जतिखेर</u> हाम्रो एम.ए.को परीक्षाफल आयो <u>त्यतिखेरै</u> मैले यो काम पाएको हो — As soon as the M.A. result was out I got this job.

iii) त्यो त त्यही ठाउँ हो जहाँ हाम्रा नोवेल पुरस्कार विजेता सर सी.भी. रमणले अनुसन्धान गरेका थिए।
That is the place where our Nobel prize winner Sir C.V.Raman did his research.

iv) जस्ता-तस्ता मान्छेले त त्यहाँ लेखाउन मौका नै पाँउदैनन्।
Every Tom, Dick and Harry won't get admission here.

v) म जे भन्ने गर्थें त्यो तिमीलाई अझै याद रहेछ।
Even now you remember what I used to tell.

vi) उनीहरूले जस्तो आशिर्वाद दिन्छन् त्यस्तै चालले जीवनमा म केही गर्न सक्नेछु।
Due to their blessings only I can do something in my life.

vii) तिम्रो चाँहि बालकदेखि नै जतिखेर मौका पायो त्यतिखेर मानवसँग जिस्कने बानि कहिल्यै छुटेन।
Whenever you see Madhav your habit of cutting jokes has not gone yet.

viii) सानी छँदा उनी जस्ती थिइन् अझै पनि त्यस्तै रहिछन्।
She is exactly the same as she was in her childhood.

ix) जुन दिन तिमीले नियुक्तिपत्र पाएकी थियौ त्यसै दिन मैले थाहा पाएको थिएँ।
The day on which you had got the appointment letter, the very day I had got the information.

x) उनी जस्ती थिइन् त्यस्तै रहिछन्।
She is exactly the same as she was.

तिमी जस्तो मानिसले त त्यस्तै ठाउँमा काम गर्नुपर्छ।
A man like you should work in such a place.

xi) तपाईं स्कूलमा भन्ने गर्नु हुन्थ्यो हामी जस्तो कर्म गर्छौं उस्तै फल पाउँछौ।
You used to tell us in school that as we sow, so we reap.

7.40.2. You may note that in the above sentences the underlined words indicate the following correlative words for persons, time and manner.

जसले	त्यसले	whoever	he/she
जतिखेर	त्यतिखेर	when	then
त्यो	जो	he	who
जस्ता	त्यस्ता	which manner/type	that manner/type
जे	त्यो	what	that
जस्तो	त्यस्तो	which manner/type	that manner/type

जुन दिन	उस दिन	which day	that day
जस्ती	त्यस्ती	which manner/type	that manner/type

Note that correlative pronouns also change as per the number/gender

7.40.3. You may note some additional Nepali correlative words.

जहाँ	त्यहाँ	when	then
जसरी	त्यसरी / तसरी	which manner	that manner
जता	त्यता	where	there
जति	त्यति	how much	that much

एकाइँ ७
Unit 7

पाठ - ४१
Lesson - 41

वनभोज
Picnic

संवाद DIALOGUE

कृष्ण	: प्रभा, तिमी अझै पनि के मूर्ति जस्तो बसिरहेकी ? सबै साथीहरू खित्खित् हाँस्दै ठूलाठूला स्वरमा कुरा गर्दै गएका देखिनौ ?	Krishna : Prabha, why are you still sitting here like a statue ? Didn't you see all of your friends going laughing and talking ?.
प्रभा	: म कसरी जाऊँ ? बच्ची च्याँ-च्याँ गरेर रोइरहेकी थिई। बल्ल सुती। तै पनि हेर्नोस् न कस्तो सुँक-सुँक गर्दै छे।	Prabha : How could I go ? Our daughter was crying nonstop. Just she slept. See how she is sobbing still.
कृष्ण	: ठीक छ। अब चिन्ता गर्नु पर्दैन। म छँदै छु नि। प्रभा, तिमी वनभोजमा जाने भए यसरी भुतभुताएर नबस। मान्छेले के सोच्लान् ?	Krishna : OK. Now you don't worry. I am here with you. Prabha. If you go for a picnic do not sit grumbling. What will people think ?
प्रभा	: मैले मानें। आज बिहानैदेखि टन्टलापुर घाम लागेको छ। यस्तो घाममा बच्चीलाई कसरी लिएर जानु ? हेर पसिना कस्तो खलखली बगेको छ।	Prabha : I agree. Since morning it is too hot. In such heat how can we take our daughter ? Look, how sweat is flowing!
कृष्ण	: केही छैन। म बोक्छु मेरी प्यारी छोरीलाई। के छ र ? छोरी मलाई देऊ ।	Krishna : Don't worry. I will carry my darling daughter. Give her to me.
प्रभा	: तर तिमी फटाफट हिड्न पाउँदैनौ नि। तिमी हिड्नुभन्दा पहिले मलाई व्यागबाट तानतुन पारेर छाता झिक्न देऊ।	Prabha : But, you should not walk briskly. And before (you start) walking let me take the umbrella out of my bag.

कृष्ण : ए यति राम्रो चिटिक्क परेको छाता रहेछ। यही हो तिम्रो दाइले सिङ्गापुरबाट ल्याइदिएको ? अघि नै निकालेको भए हुन्थ्यो । मलाई देऊ, म यसलाई उघार्छु।

Krishna : Oh ! what a beautiful umbrella it is ! Is it the one that your brother had brought from Singapore ? You should have taken it earlier. Give it to me. Let me open.

प्रभा : ल। होसियारले खोल्नु होला है। कहिलेकाहीं यो फरक्क फर्किन्छ।

Prabha : Take it. Open it carefully. Some times suddenly it opens back.

कृष्ण : हुन्छ। तिमीले भने जस्तै गरुँला। हेर त प्रभा, उ त्यो खोलाको छेउमा पत्पती धुँवा आउँदै छ नि? त्यहीं हाम्रा साथीहरू हुनुपर्छ।

Krishna : OK. I will do as you say. Look Prabha, it is thickly smoking near the bank of the stream. Our friends must be there.

प्रभा : यो त रमाइलो ठाउँ रहेछ। के यहाँ बाहिरबाट पनि मान्छेहरू घुम्न आउँछन् ?

Prabha : It is a beautiful place. Do people from out side also come to visit this place ?

कृष्ण : तिमीले त छक्कै पो पार्‍यौ त। यतिका वर्षसम्म तिमीलाई यो ठाउँको बारेमा थाहै थिएन त ?

Krishna : You have surprised me. Didn't you know about this place all these years ?

प्रभा : घरको कामले पटक्कै फुर्सद पाइँदैन। कहाँ निस्कनु र जान्नु ? मैले नजानेर पो तपाईंलाई सोधेकी !

Prabha : I get no time from my household work. Where can I go and know ? I do not know, that is why I am asking you.

कृष्ण : यो वनभोज खाने अति सुन्दर ठाउँ हो। यसको नयाँ नाम शान्तिक्षेत्र हो। यो ठाउँ वनविभागको अधीनमा छ। धेरै टाढ़ाटाढ़ादेखि पर्यटकहरू र वनभोज खाने मानिस यहाँ आउँछन्। यसको प्राकृतिक सुन्दरताले मानिसलाई आकर्षण गर्छ। त्यो माथिबाट कलकल गर्दै झ रेको झर्ना तल ढुङ्गामा ठोक्किएर त्यसको पानी छर्र-छर्र गर्दै चारैतिर छरिन्छ। त्यस बेला सर्र-सर्र चिसो हावाले छुँदा सारै राम्रो लाग्छ। त्यहाँ बस्नलाई

Krishna : This is a beautiful picnic spot. The new name of this place is Shantikshetra. It is under the control of the forest department. From distant places tourists and picnickers come here. Its natural beauty attracts people. The water from the stream falls on the rock with a musical sound scattering all around. That time the cool breeze touches us gently giving us a pleasant feeling. There is also a big rock to sit on. In front of that rock there are several trees coiled

एउटा अत्यन्त ठूलो ढुङ्गो पनि छ। त्यसको छेउमै लहराले फनफनी बेरेको रूखहरू पनि छन्। ती रूखलाई हेर्दै कस्तो रमाइलो अनुभव हुन्छ।

with creepers. Just seeing the trees is a beautiful experience.

प्रभा : वनभोजको समयबाहेक अरू बेला यहाँ चकमन्न हुन्छ। त्यसो भए, यहाँका वन्यजन्तुलाई कसले खाना दिन्छ ?

Prabha : When there is no picnic it is lonely here. Then who will feed the wild animals living here ?

कृष्ण : वनविभागले यहींका मान्छेहरूलाई लिएर व्यवस्थापन समिति बनाइदिएको छ। ऊ त्यो तलको लहलहाउँदो बाली उनीहरूले नै लगाएको हो। त्यो बेचेर पैसा आउँछ। त्यही पैसा खर्च गरेर समितिले वन्यजन्तुको दाना-पानीको व्यवस्था गर्छ र यो ठाउँलाई चिटिक्क सफा-सुन्दर पारेर राख्छन्। पर्यटकलाई सुविधा पनि दिन्छन्।

Krishna : The forest department has formed a management committee consisting of the local people. The verdant field there below is their farm. Selling crops they get money. With that money the committee buys food and fodder for the animals and also maintains this place. It arranges facilities for the tourists too.

प्रभा : ए, गफ गर्दा-गर्दै आइपुगिएछ त। हेर न साथीहरू त आउने बित्तिकै भकाभक खान पो थालेछन्।

Prabha : Oh, as we talked we reached the spot. Look at our friends. No sooner they reached they have started gobbling.

कृष्ण : ठीक छ, वनभोज हो। खानदेऊ। बल्ल आइपुगियो। प्रभा, एकछिन विश्राम गरौं। अनि म एकछिन पछि खोलामा गएर खल्याङमल्याङ नुहाएर आउँछु। त्यतिखेरसम्म तिमी हाम्री छोरीलाई हेर्दै गर है। त्यसपछि हामी पनि साथीहरूसँग मिलेर पकाउन, खान र रमाइलो गर्नतिर लाग्नुपर्छ।

Krishna : Let them eat. Somehow we have also reached. Prabha, let us rest for a while. Then let me go to the stream and take bath. Till then you take care of our daughter. After that we will also join our friends in cooking, eating and merry making.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. सबै साथीहरू खित्खित् हॉस्दै गए।
2. बच्ची च्याँ-च्याँ गरेर रोइरहेकी थिई।
3. तैपनि हेर्नोस् न कस्तो सुँकसुँक गर्दै छे।
4. हेर पसिना कस्तो खलखली बगेको छ।
5. ऊ त्यो खोलाको छेउमा पतपती धुँवा आउँदै छ।
6. यहाँ टाढाटाढादेखि पर्यटक र वनभोज खाने मानिसहरू आउँछन्।
7. त्यहाँ झर्नाको पानी छर्र-छर् गर्दै झरिरहेको छ।
8. यस बेला सर्र-सर्र चिसो हावा चल्दै छ।
9. पहाड़मा लहराले फनफनी बेरेका रूखहरू छन्।
10. मानिसहरू भोक लाग्दा भकाभक खानेकुरा खान्छन्।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

गर्दै छे।
सुँकसुँक
सुँकसुँक गर्दै छे।
कसरी
कसरी सुँकसुँक गर्दै छे।
सुते कै ठाउँभा
सुतेकै ठाउँभा कसरी सुँकसुँक गर्दै छे।
नानी
नानी सुतेकै ठाउँमा कसरी सुँकसुँक गर्दै छे।
हाम्री
हाम्री नानी सुतेकै ठाउँभा कसरी सुँकसुँक गर्दै छे।

1. हुँदैन।
   राम्रो हुँदैन।
   बसेको राम्रो हुँदैन।
   भुतभुताएर बसेको राम्रो हुँदैन।
   एक्लै भुतभुताएर बसेको राम्रो हुँदैन।
   यसरी एक्लै भुतभुताएर बसेको राम्रो हुँदैन।
   जाँदा चाहिँ यसरी एक्लै भुतभुताएर बसेको राम्रो हुँदैन।
   वनभोजमा जाँदा चाहिँ यसरी भुतभुताएर बसेको राम्रो हुँदैन।
   तिमी वनभोजमा जाँदा चाहिँ यसरी भुतभुताएर बसेको राम्रो हुँदैन।

2. छ।
   बगेको छ।
   खलखली बगेको छ।
   कस्तो खलखली बगेको छ।
   पसिना कस्तो खलखली बगेको छ।

3. पाउँ दैनौ।
   हिँडन पाउँदैनौ।
   फटाफट हिँडन पाउँदैनौ।
   तिमी फटाफट हिँडन पाउँदैनौ।

4. आउँछन्।
   यहाँ आउँछन्।
   मानिस यहाँ आउँछन्।
   खाने मानिस यहाँ आउँछन्।
   वनभोज खाने मानिस आउँछन्।
   टाढाटाढादेखि वनभोज खाने मानिस आउँछन्।
   धेरै टाढाटाढादेखि भनभोज खाने मानिस आउँछन्।

5. आउँछु।
   नुहाएर आउँछु।
   खल्याङ-मल्याङ नुहाएर आउँछु।
   म खोलामा खल्याङ-मल्याङ नुहाएर आउँछु।
   म खहरे खोलामा खल्याङ-मल्याङ नुहाएर आउँछु।

III. रूपपरिवर्तन अभ्यास Conversion Drill

नमूना Model
तिमी फटाफट जाऊ।
तिमीहरू फटाफट जाओ।

1. तिमी भुतभुताएर नबस।
2. तिमी खोलामा गएर खल्याङ-मल्याङ नुहाएर आऊ।
3. तिमी किन सुँकसुँक गर्दै छौ, त्यसो नगर।
4. उनी खितखित हाँस्दै छन्।
5. तिमीलाई भोक लाग्यो भने फटाफट भात खाऊ।

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model
मेरो ब्याग कच्याक-कुचुक भयो।
मेरो ब्याग कच्याक-कुचुक भएको छैन।

1. हाम्रो गाडी खचाखच भरियो।
2. तिम्रो कपको चिया छताछुल्ल भएर पोखियो।
3. उनका आँसु बरबरी झरे।
4. फूलको मगमग बासना चल्यो।
5. सबै साथी थाकेकाले टस्याकटुसुक बसे।

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model
बच्ची के गरेर रोइरहेकी छ ?
बच्ची च्याँ-च्याँ गरेर रोइरहेकी छ।

1. बच्ची के गर्दै छे ?
2. प्रभा कसरी बसेकी छे ?
3. आज बिहानदेखि कस्तो घाम लागेको छ ?
4. पसिना कसरी बगेको छ ?
5. कृष्ण कसरी हिँडन पाउँदैन ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. यो वनभोज _____ अति सुन्दर ठाउँ हो। (खान, खानु, खाने)
2. यो ठाउँ सरकारको _____ छ। (अधीनमा, प्राकृतिक, बारेमा)
3. बिहान त मेरो _____ नै हुँदैन। (फुर्सद, पटक्क, छक्कै)
4. वनभोजको समय बाहेक अरू बेला यहाँ ___ हुन्छ। (चकमन्न, बल्ल, वन्यजन्तु)
5. हामी हिँड़दा _____ हिडनु पर्छ। (पतपती, छर्र-छर्र, फटाफट)

II Complete the sentences using the appropriate forms of the words given.

1. कहिले काहीं यो छाता फरक्क _____। (फर्कि)
2. उ त्यहाँ हेर त पतपती धुँवा _____। (आउ)
3. माथिबाट कलकल _____ झर्ना झर्दै छ। (गर्)
4. बच्चा-बच्चीलाई _____ एकछिन आऊ है। (लि)
5. यो ठाउँ त सुन्दर ____। (छ)

III. Complete the sentences using the appropriate words.

1. यसको _____ सुन्दरताले मानिसलाई आकर्षण गर्छ।
2. झर्नाको पानी _____ गर्दै झरेको हुन्छ।
3. चिसो हावा जिउमा _____ चल्दा मनै रमाइलो हुन्छ।
4. लहराहरूले रूखलाई _____ बेरेको हुन्छ।
5. वनभोजमा सबै _____ खाना पकाउने र खाने गर्छन्।

IV. Rearrange the words and make sentences.

1. पो, थालेछन्, भकाभक, बित्तिकै, खान, आउने, साथीहरू, हेर, न, त
2. त्यतिखेरसम्म, हाम्री, तिमी, हेर्दै, छोरीलाई, है, गर
3. हो, बाली, लहलहाउँदो, तलको, त्यो, ऊ, उनीहरूले, लगाएको
4. समयबाहेक, वनभोजको, बेला, अरू, चकमन्न, यहाँ, हुन्छ
5. पाइँदैन, फुर्सद, कामले, पटक्कै, घरको

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. छाता कस्तो रहेछ ?
2. छाता कहाँको रहेछ ?
3. कसले छाता उघारयो ?
4. कहिले काही के फरक्क फर्किन्छ ?
5. खोलाको छेउमा धुँवा कसरी आउँदै छ ?
6. कसले कृष्णलाई छक्कै पार्‌यो ?
7. शान्तिक्षेत्र के हो ?
8. शान्तिक्षेत्रमा वनभोज खान कहाँदेखि मान्छे आउँछन् ?
9. भॉडाको पानी कसो गर्दै चारैतिर छरिन्छ ?
10. झर्नाको पानी कसरी झर्छ ?
11. हावा कसरी चल्छ ?
12. शान्तिक्षेत्र कतिबेला चकमन्न हुन्छ ?
13. बाली कस्तो छ ?
14. धेरै भोक लाग्दा मानिसहरू कसरी खान्छन् ?
15. को खल्याङ-मल्याङ नुहाउँछ ?

शब्दावली VOCABULARY

खित्‌खित्	laughing, tittering	च्याँ-च्याँ	weeping of a child
सुँक्‌सुँक	sobbing	भतभुताउनु	to grumble
टन्टलापुर	very brightly (Sun)	खलखली	act of heavy perspiration (sweat)
फटाफट	briskly (walk, work)	चिटिक्क	graceful, elegant
फरक्क	act of turning fast	पटक्क	absolutely, entirely (in neg. use only)
कलकल	flowing sound	छरछर	manner of scattering
सरसर	blowing of wind	फनफनी	round and round
लहलह	growing luxuriantly	भकाभक	quickly (eating, beating)
पर्यटक	tourist	प्राकृतिक	natural
आकर्षण	attraction	लहरा	creeper
झर्ना	waterfall	वन्य जन्तु	wild animal
व्यवस्थापन	management	सुविधा	comfort
रमाइलो	merry making		

टिप्पणी NOTES

7.41.1. This lesson introduces onomatopoeic expressions in Nepali. These kinds of expressions are used to imitate the sounds produced in natural phenomenon as well as the ones made by living beings. Sometimes they also imitate the manner of some actions.

i)	सबै साथीहरू खित्खित् हाँस्दै ठूलो ठूलो स्वरमा कुरा गर्दै गएको देखिनौ ?	Did not you see your friends going laughing and talking aloud ?
ii)	हाम्री बच्ची च्याँ-च्याँ गरेर रोइरहेकी थिई।	Our daughter had been crying nonstop.
iii)	हेर्नोस् न, सुतेकै ठाँउमा कसरी सुँक-सुँक गर्दै छे।	See, how she is sobbing in her sleep !
iv)	प्रभा तिमी वनभोजमा जाँदा चाहिँ यसरी एकलै भुतभुताएर बसेको राम्रो हुँदैन नि।	Prabha, you're not going to help matters by lying there murmuring.
v)	पसिना कस्तो खलखली बगेको छ !	How the sweat is flowing !
vi)	तर, तिमी फटाफट हिड्न पाउँदैनौ नि।	But, you should not walk briskly.
vii)	तिमी हिँडनुभन्दा पहिले मलाई व्यागबाट तानतुन पारेर छाता झिक्न देऊ।	Before you start walking let me take out my umbrella from the bag.
viii)	कहिले काहीं यो अचानक फरक्क फर्किन्छ।	Sometimes all of a sudden it opens back.
ix)	उ त्यो झर्नाको छेउमा पतपति धुवाउँदै छ नि, त्यहीं हाम्रा साथीहरू छन्।	It is thickly smoking near the stream, our friends are there.
x)	त्यो माथिबाट कलकल गर्दै झरेको झर्नाको पानी तल ढुङ्गामा ठोक्किएर छर -छर गर्दै चारैतिर छरिन्छ।	The water from the stream falls on the rock with a murmuring sound scattering all around.
xi)	त्यसबेला सर्र-सर्र चिसो हावाले छुँदा सारै राम्रो लाग्छ।	That time the cool breeze touches us gently giving us a soothing feeling.
xii)	त्यसको छेउमै लहराले फनफनी बेरेका रूखहरू पनि छन्।	In front of that there are also trees with several bends coiled with big creepers.
xiii)	उ त्यो लह-लहाउँदो बाली उनीहरूले नै लगाएको हो।	Those people have cultivated those flourishing crops.

xiv) आउने बित्तिकै भकाभक खान पो थालेछन्। — As soon as they reached here, they started gobbling up the food.

xv) अनि म खोलामा गएर खल्याङ मल्याङ नुहाएर आउँछु। — Then let me go to the stream and bathe splashing the water all over me

7.14.2. Note the underlined onomatopoeic expressions in the above sentences with the verbs for which they are used.

खित्खित्	laughing	च्याँच्याँ	crying
सुँक-सुँक	sobbing	भुतभुत	murmuring
खलखली	sweating	फटाफट	walking, doing
तानतुन	pulling	फरक्क	turning
पतपती	raising	कलकल	flowing
छर-छार	spreading	सर्रसर्र	blowing
फनफनी	rolling	धुरुधुरु	weeping
लहलहाउँदो	growing	भकाभक	eating

खल्याङमल्याङ taking bath splashing water all over (spreading)

7.41.3. Note some more Nepali onomatopoeic expressions which are used to represent sounds/manner different actions/contexts. (The verbs to be used are given in brackets)

कल्याङ-कुलुङ (गर्नु)
bird chirping/stream flowing

कच्याक-कुचुक (हुनु+पार्नु)
getting corrupted /spoilt

कच्याक-कच्याक (हुनु+पर्नु)
breaking

कवाँक्वाँ (रूनु)
weeping aloud

क्याङ क्याङ (गर्नु)
dog crying when hurt

कुटुकुटु (खानु)
eating fried things

कुक्रुक्क (पर्नु)
manner of sitting

गर्ल्याम्म (लड्नु)
big things falling

गड्याङगुडुङ (बादल/कराउनु)
clouds thundering

ग्वारग्वार ((निस्कनु/झर्नु)
coming out at a time

चकाचक (हुनु/देखिनु)
shining / dazzling

रवऱ्याक-खुरुक (पार्नु)
taking everything without leaving anything

खस्याक-खुसुक (गर्नु)
sound of whispering

खत्र्याक खुत्रुक (हुनु)
get tired soon

ख्याक्क्-ख्याक्क् (लाग्नु/हुनु/गर्नु)
coughing

खचाखच (भरिनु)
action of filling

छर्रछर्र (गर्नु)
liquid falling

छताछुल्ल (पोखिनु)
get scattered

घुटुघुटु (पिउनु/निल्नु)
drinking

घप्लाक्क (पोखिनु)
manner of falling

घटघट (पिउनु)
drinking speedily

फुत्तफुत्त (झर्नु / निस्कनु)
coming out one by one

बुरुक्क(उफ्रनु)
jumping
बरबरी (झर्नु)
falling
मल्याकमिलिक (गर्नु / चम्कनु)
seeing/looking, lightening
मगमग (बासना चल्नु)
spreading of fragrance
टङटङ (घण्टी बज्नु)
bell ringing
टस्याकटुसुक (बस्नु)
sitting humbly
टुलुटुलु (हेर्नु)
looking without any expression

फटाफट (गर्नु/जानु)
speed (any action)
भुरभुर / भ्यारभ्यार (गर्नु/उड़नु)
flying
भत्भत् (पोल्नु)
burning sensation
लमकलमक (लम्किन / हिँडनु)
walking
ठ्याङठ्याङ (बज्नु)
loud sound
स्यारस्यार (गर्नु)
falling (rain)
स्याँकस्याँक (गर्नु, हुनु)
weeping without sound

एकाइँ ७ Unit 7

पाठ - ४२ Lesson - 42

छोरी नै ल्याउने
Opting for a daughter

संवाद DIALOGUE

इन्द्र : गङ्गा, आज त बिदाको दिन हो। तै पनि तिमीले घरको काम यति छिटै सक्यौ। अनि फेरि कोरी-बाटी चिटिक्क पर्दै छ्यौ। कहीं बाहिर जाने योजना छ कि क्या हो ?

Indra : Ganga, today is holiday. Even then you have finished your chores so soon. And you are well dressed up too. Is there any plan of going out?

गङ्गा: त्यस्तो योजना त छैन। आज रोहित र पद्मा हाम्रो घरमा आउँछन्। हिजै पद्माले फोन गरेकी थिइन्। उनीहरू दक्षिण भारत डुलेर गत हप्ता आएछन्।

Ganga: I have no such plan. Today Rohit and Padma will come to our home. Yesteraday Padma had telephoned me. Last week only they have come after visiting South India.

इन्द्र : ए, हो र ? कहाँकहाँ गएछन् ? गङ्गा, हामी पनि आउँदो गर्मीको बिदामा दक्षिण भारत घुम्न जाऊँ है। भगवानको दर्शन गराइ पनि हुन्छ कुनै राम्रो डाक्टरलाई देखाउने काम पनि हुन्छ।

Indra : Oh, is it so ? What are the places they visited ? Ganga, let us also go to South India during this summer vacation. It will be visiting of temples of God and seeing of some good doctors also.

गङ्गा: उनीहरू कहाँ-कहाँ गए अहिले उनीहरू आएपछि सोधौंला। मैले चाहिँ एउटा कुरा सोचेकी छु। तपाईं यसबारे के भन्नुहुन्छ कुन्नि ?

Ganga: When they come we may ask them what were the places they visited. I have one thing in my mind. I do not know what you think about it ?

इन्द्र : भन न त के कुरा हो ? राम्रो कुरा हो भने मान्नु पनि पर्छ। सुनाऊ त।

Indra : Please tell me what is the matter? If it is something good I have to agree with you. Please tell.

गङ्गा: हाम्रो बिहे भएको दश वर्ष भयो। कुनै जायजन्म भएको छैन। हामी जस्ता सन्तान नहुने धेरैले अनाथ आश्रमबाट बच्चा लगेर पालेका छन्। उनीहरूलाई उपयुक्त शिक्षा

Ganga: It is ten years since we got married. We do not have any children. Many childless couples like us have adopted children from orphanages and brought them up. Giving proper education they have made them perfect human beings. Will it not be

दिएर असल मान्छे बनाएका छन्। हामीले पनि अनाथ आश्रम बाट बच्चा लिँदा हुँदैन ? तपाईं के भन्नुहुन्छ ?

good if we also adopt children from an orphanage ? What is your opinion ?

इन्द्र : तिम्रो सोचाइ त ठीकै हो। तर आफ्नो भाग्यमै नभएपछि अर्काको छोराछोरी लिएर के गर्ने ? अनि फेरि जस्ता-तस्ता आश्रमबाट बच्चा लिन पनि भएन। अनेक बिमार लागेको पनि हुन सक्छ। जबसम्म यस बारेमा राम्रो जानकारी पाउँदैनौ, तबसम्म म चाहिं केही पनि भन्दिन।

Indra : Your thinking is good. But if it is not in our luck what do we do by adopting others' children ? And we can not take children from each and every Aashram. It is possible that they may have many kinds of diseases. Until we get detailed information regarding these things I can not tell you any thing.

गङ्गा: अहो पद्मा ! आउनुहोस्। रोहित खै?

Ganga: Oh! Padma, please come. Where is Rohit ?

पद्मा : छोरीसँग खेल्दैखेल्दै आउनु हुँदैछ।

Padma: He is coming with our daughter playing (leisurely).

गङ्गा : छोरी कति वर्षकी भई ?

Ganga: How old is your daughter ?

पद्मा : चार वर्षकी भई। स्कूल पनि जान थालेकी छे। मलाईभन्दा उसको बाबालाई ऊ बढी मन पराउँछे। त्यसैले उनीहरू खेल्दैखेल्दै आउँदैछन्।

Padma: She is four years old. She has started going to school. She loves her father more than she loves me. That is why both of them are playing and coming.

इन्द्र : ए, रोहितजीलाई स्वागत छ। बसौं। छोरी त सारै प्यारी रहिछ। अनि रोहित, तपाईंहरू दक्षिण भारत जानुभएको थियो अरे। आउनु कहिले भयो ?

Indra : Oh Rohit you are welcome. Please take your seat. Your daughter is very beautiful. And Rohit, it seems you people had gone to South India. When did you come back ?

रोहित: हामी अस्ति मात्र आएका हौं। छोरीलाई अनाथ आश्रमबाट लिँदाखेरि नै बालाजी जाने भाकल गरेका थियौं। यस पालि मौका पायौं र गयौं।

Rohit : We returned only day before yesterday. At the time of adopting our child from the orphanage we had vowed to visit Balaji. This time we got the chance and we went.

पद्मा : गङ्गा, यो प्रसाद तपाईंहरूलाई। बालाजी भगवानको प्रसाद हो। यहाँ छरछार हुन्छ भित्रै राख्नुहोस्।

Padma: Ganga, this prasada is for you. This is that of Bhagawan Balaji. Please keep it inside, otherwise it will get scattered here.

इन्द्र : रोहित, तपाईंले बच्ची कुन अनाथ आश्रमबाट ल्याउनु भएको हो ? त्यसको लागि नियम के छ ? यदि हामीले पनि लिन चाह्यौं भनें केके गर्नुपर्छ ?

Indra : Rohit, from which orphanage have you adopted your child ? What are the rules for it ? If we have to adopt (a child) what are the things we have to do ?

रोहित: बल्ल तपाईं पनि सही लाइनमा आउनु भएछ। ठीक छ। सन्नोस्। पहिले कुनै पनि अनाथ आश्रममा गएर त्यहाँको नीति नियम बुझ्नुपर्छ। सरकारी नियमका अतिरिक्त पनि हरेक अनाथ आश्रममा आ-आफ्नै नीति-नियम तथा प्रचलन हुन्छन्। त्यहाँको सबै नीति नियम बुझेपछि दुवै पक्षको चित्त बुझ्यो भने आफूले कुनै पनि बच्चा ल्याउन सकिन्छ। नभए कुनै बच्चाको पालन पोषणको सारा खर्च बहन गरेर अनाथ आश्रममै बच्चाको लालन-पालन गर्न सकिन्छ। इन्द्र, त्यो पनि एउटा ठूलो सेवा हो। तर जतिखेर तपाईंले शिशुलाई घरमै ल्याएर पालन-पोषन गर्नुहुन्छ त्यतिखेर मात्र सन्तानको असल आनन्द थाहा पाइन्छ।

Rohit : Well at last you came to the right track. Ok! Please listen to me. First of all you should go to an orphanage and know their rules and regulations. In addition to the government rules each orphanage has it own regulations and procedures. They will also have their rules book. After understanding their rules if both the parties are satisfied you can adopt a child as per your choice. Otherwise you can also look after a child by bearing all the expenditure for his/her upbringing in the orphanage itself. That is also a good service Indra. But you will have the real pleasure of having a child only when you adopt and bring up at home.

इन्द्र : हामी त्यही चाहन्छौं।

Indra : We want the same thing.

गङ्गा: हामीलाई थाहा छ, एउटा शिशुलाई पालन पोषण गर्नु महान कार्य हो र हामी त्यसैको प्रतीक्षामा छौं।

Ganga : We know that the pleasure of bringing up a child is great and we are longing for that.

रोहित: तपाईंको सोचाइ ठीक हो। अब तपाईंहरू दुवै राम्रो सल्लाह गर्नुहोस अनि मानसिक रूपले तयार भएपछि मात्र बच्चा ल्याउनु होला। यदि तपाईंहरूको यस्तै सरसल्लाह भयो भने हामी निश्चय सहयोग गर्छौं ।

Rohit : What you think is very good. Now both of you discuss well and only after getting yourself mentally prepared, adopt a child. If you decide so we shall certainly help you.

इन्द्र : तपाईंहरू छोरीबाट सन्तुष्ट भएको देखेर र तपाईहरूका कुरा पनि सुनेर त छोरी लिनेमै मलाई धेरै बल पुग्यो।

Indra : Seeing your satisfaction (you get) from your daughter and also after listening to you I got great strength to adopt a girl child.

गङ्गा: ए, गफ गर्दागर्दै यो प्यारी बच्चीलाई केही दिनै भुलेछौं। रश्मि आऊ मैले तिम्रो लागि धेरै खाने कुरा बनाएकी छु।

Ganga: Oh, as we just kept on talking (I) forgot to give something to this darling child. Rashmi, come on, I have prepared many things for you to eat.

पद्मा : गङ्गा, यसलाई गुलियो खाने कुरा धेरै नदिनोस् है। सबै लुगामा दल-दाल पार्छे। फेरि यसलाई त्यति सन्च पनि छैन।

Padma: Ganga, do not give her more sweets. She will mess her clothes. She is not that well also.

रोहित: ठीक छ। गङ्गाले माया गर्दै छिन्। खानदेऊ न।

Rohit : Does not matter. Ganga will be giving it with great affection. Let her have.

गङ्गा: आज हामी सारै खुसी छौं। तपाईंहरू आउनुभो। तपाईंकी प्यारी छोरीलाई हामीले देख्न पायौं। यस्तो घतलाग्दो कुराको जानकारी पनि दिनुभो। तपाईहरूप्रति हामी दुवै आभारी छौं। अब हामी अवश्य छोरी नै ल्याउंछौं।

Ganga: Today we are very happy. You people came. We chanced to see your loving child. You gave us quite satisfying information as well. Both of us are grateful to you. Now we will adopt a girl child, no doubt.

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. आज _____ दिन हो। (बिदोको, घर, योजना)
2. हामी साथीहरू _____ अघि नै चौरमा पुग्नुपर्छ। (आउनुभन्दा, पछि, ठाउँ)
3. यो कस्तो _____ सपना हो। (खाले, खाल्को, खाला)
4. तपाई कोरी-बाटी _____ पर्नुभएछ त। (चिटिक्क, छिट्टै, घुम्न)
5. भगवानको दर्शन _____ पनि हुने डुलाइ पनि हुन्छ। (गराई, गराइ, गराएर)
6. हामीले __ आश्रमबाट बच्चा लिनु पनि भएन। (जस्ता-तस्ता,जसरी-तसरी,जति-त्यति)
7. उनीहरू ____ आउँदैछन्। (खेल्दै-खेल्दै, लहलहाउँदै, खितखित)
8. तपाईं __ शिशुको लालन-पालन गर्नुहुन्छ, त्यतिखेर मात्र आनन्द थाहा पाउनुहुन्छ। (जतिखेर, जसरी, जति)
9. हामी पनि त्यति _____ चाहन्छौं। (छोरो, छोरी, मात्र)
10. आज हामी ____ खुसी छौं। (साथ, साथै, सारै)

II Complete the sentences using the appropriate forms of the words given.

1. तपाईंको _____ ठीकै हो। (सोच्)
2. तपाईंहरू सल्लाह _____ तयार हुनुहोस्। (गर्)
3. तपाईंकी प्यारी छोरीलाई हामीले ____ पायौं। (देख्)
4. उसले त लुगामा दल-दाल ___। (पार्)
5. रश्मि आऊ, भैले तिम्रो लागि धेरै खाने कुरा ठीक ___। (पार्)

III Complete the sentences using the appropriate words.

1. उसलाई आज _____ पनि छैन।
2. गङ्गले उसलाई _____ गर्दै छिन्।
3. तपाईंहरू छोरीलाई ____ सन्तुष्ट हुनुभएको रहेछ।
4. उनीहरू दक्षिण भारत ____ गएछन् र ?
5. मेरो _____ योजना छैन।

IV. Underline the word in each group that does not belong to it.

1. जहाँ, त्यहाँ, जसरी, त्यसरी, बानि, जता, त्यता
2. च्याँ-च्याँ, खित-खित, भुत-भुत उँदै, छोरी, फटाफट, छर्र-छर्र, सर्र-सर्र
3. भाँडो, रूख, टेबल, घर, गाई, गाडी, पसल
4. गाई, कुकुर, जेब्रा, गैंडा, ढुङ्गो, खसी, हिमाली पाण्डा
5. गइन्, खाइन्, भनिन्, देख्यो, सुनिन्, पढिन्, लेखिन्

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. पद्माकी छोरी कति वर्षकी भई ?
2. रोहित गङ्गाकी को हो ?
3. को दक्षिण भारत डुल्न गएका थिए ?
4. बालाजी के हो ?
5. महान कार्य के हो ?
6. कसलाई त्यति सन्च छैन ?
7. कोप्रति गङ्गा र रोहित आभारी छन् ?
8. सन्तान नहुनेले कहाँबाट सन्तान ल्याउँछन् ?
9. गङ्गाहरूको के भएको छैन ?
10. को छोरी नै ल्याउने भो ?

शब्दावली VOCABULARY

कोरी-बाटी	Combing and plaiting	जय-जन्म	production
अनाथ-आश्रम	orphanage	जस्ता-तस्ता	each and every
भाकल	vow	नीति-नियम	rule and regulation
प्रचलन	prevalence	पक्ष	side, party
पालन-पोषण	upbringing	लालन-पालन	bringing up
सन्तान	family, child	प्रतीक्षा	expectation
मानसिक रूपले	mentally	घतलाग्दो	interesting, satisfying
आभारी	grateful	स्वागत	welcome
अतिरिक्त	in addition to	चित्त बुझ्यो	convinced
गुलियो	sweet	दलदाल	smearing

Note: भयो is often used as भो in colloquial speech.

एकाइँ ८
Unit 8

पाठ - ४३
Lesson - 43

किसानको भेला
Meeting of Farmers

संवाद DIALOGUE

गोविन्द : पवन, खेतीको मौसम सुरु भयो। यसरी बसिरह्यौ भने हुँदैन है। एउटा हली पनि खोज्नुपर्छ। हामीबाट मात्रै खेती हुँदैन ।

Govinda: Pawan, the season for cultivation has come. If you go on sitting like this it will not work. We have to search for a plough-man. Cultivation is not possible only by us.

पवन : बुबा, म त यस पालि खेतीको काम गर्न भ्याउँदिनँ होला। परीक्षा नजिक आउँदै छ, पढ्नुपर्छ। हिसाबको सरले विशेष क्लास लिने अरे।

Pawan : Daddy, it may not be possible for me this year to go to farm. Examination is fast approaching. I have to study. It is heard that the Mathematics teacher is going to conduct special classes.

गोविन्द : तँलाई नपढ कसले भनेको छ ? तैंले पढनुपर्छ । भ्याउँदैनस् भनेर त हली खोज्न जा भनेको। चौबिसै घण्टा त कसैले पनि पढ्दैनन् नि। यसो फुर्सदको समयमा घरको काम पनि गरिदिनुपर्छ। अहिले चाहिं जा र पढ्।

Govinda: Who has asked you not to study? You have to study. You get no time, that is why I am asking you to find out a plough man. But nobody studies for twenty four hours. In leisure time you have to do some house hold work also. At present you may go and study.

माधव : गोविन्द दाइ घरमै हुनुहुन्छ ?

Madhav: Is brother Govinda at home ?

गोविन्द : ए माधव, आऊ अनि भित्रै बस। तिम्रोतिर चाहिं खेतिको मौसम सुरू भइहालेको छैन ? कुनै काम विशेषले आयौ कि त्यसै ?

Govinda: Oh Madhav, please come in and be seated. Has not the season for cultivation started in your area ? Have you come for some particular work or for nothing ?

माधव : खेतीको मौसम सुरू हुनुभन्दा पहिल्यै अलिकति बिउ खोजिराखौं भनेर हिँडेको नि। किसान भएपछि खेती त गर्नै

Madhav: I have come just to collect some seeds prior to the advent of the season. Being a farmer

पऱ्यो। घरमै त्यसै बसिरहेर भएन। आज युवा सङ्घको कार्यालयमा 2 बजे किसान विकास समितिको भेला छ। तपाईं पनि आउनुहोस्।

one must do farming. Sitting idle at home nothing can be done. Today at 2 O'clock in the office of the youth club there is a meeting of Kisan vikas samiti. You also please do come.

गोविन्द : आउन त आउँछु। तर भेलामा के-को चर्चा गर्छन् अरे ? अस्तिको जस्तो अपमानित हुनुपऱ्यो भने चाहिँ राम्रो हुँदैन है।

Govinda : I may come. But what is the agenda of the meeting ? It will not be good to be insulted as in the last meeting.

माधव : आज त्यस्तो हुँदैन। आजको भेलामा ग्राम सेवकले बाहिरबाट कृषि-विशेषज्ञ लिएर आउँछन् अरे। कृषिको आधुनिकीकरणबारे जानकारी दिने अरे। हुन त हाम्रो कृषि कार्यमा केही सुधार गर्नु आवश्यक छ। हेरौं, तिनीहरूले कस्तो सल्लाह दिने हुन् ! आउन चाहिँ आऊ न।

Madhav : It will not happen like that today. It is understood that the Gramsevak has invited some agriculture experts from the town. They are supposed to educate the farmers about the modernization of cultivation. However, some improvement is necessary in our agricultural pattern. Let us see what sort of advices he gives. Please see that you come.

गोविन्द : सुधार होस् पो कसरी ! विज्ञानी-हरूले कोठामा बसेर बनाएका योजनाले काम हुँदैन। फेरि उनीहरू धेरजसोको गाउँको खेतमा गएर व्यावहारिक काम गर्ने अनुभव पनि छैन।

Govinda : What sort of improvements there could be ! Plans prepared by the scientists in their rooms will not do. Many of them do not have enough experience of practical work in the village farms.

माधव : हो, यी सबै राम्रा-नराम्रा पक्षको छलफल गर्न त तपाईंहरू जस्ता विज्ञ कृषकहरू भेलामा आउनुपर्छ। हामीलाई तपाईंहरूप्रति पूरा भरोसा छ। तपाईंहरूले कृषि-विज्ञानीहरूसँग छलफल गरेर गाउँका युवा किसानहरूलाई प्रोत्साहित गर्नुपर्छ।

Madhav : Yes, to discuss the merits and demerits of the plans, experienced people like you should come to the meeting. We have full hope upon you people. You should discuss with the agricultural scientists and encourage the young farmers in the village.

राधिका : माधव भाइ, इ चिया खानुहोस् अनि घरतिर सबै सन्चै होलान् नि! नानीहरू कत्रा भए ?

Radhika : Madhab brother, please have tea. Hope all are fine at home. How old are the children now?

माधव : ए भाउजू नमस्कार। घरमा सबैलाई ठीक छ ? नानीहरू बड्दै छन्। आज एउटा भेला छ र गोविन्द दाजुलाई खबर गर्न आएको। तपाईंको खबर कस्तो छ ?

Madhav : Oh sister-in-law. Namaskar. All are fine at home. The children are growing. Today there is a meeting and I have come to inform brother Govinda about it. How are you ?

राधिका : मेरो खबर राम्रो छ। तपाईंहरू चिया खानोस (खानुहोस्) न।

Radhika: I am fine. Please have tea.

माधव : भाउजू, चिया त सारै राम्रो लाग्यो। गोविन्ददाइ, एक घुड्की खाई हेर्नोस् (हेर्नुहोस्) त क्या दामी छ !

Madhab: Sister (-in-law), tea is excellent. Brother Govinda, please have a sip. What an excellent (tea) it is!

गोविन्द : हो, हौ। राम्रो लाग्यो। माधव आजको तिम्रो भेलामा मैले के भन्नु छ र ? ग्रामसेवकलाई हाम्रा सबै समस्याहरू थाहा छँदै छ। उनैले हाम्रा समस्याहरू विशेषज्ञ-हरूलाई भनिदिन्छन् होला नि। मैले मौका पाएँ भने म पनि भनिदिउँला। जे होस्, कृषकको फाइदा हुने नै काम हुनु पर्‌यो।

Govinda: Yes of course. It is fine. Madhab, what do I have to say in your today's meeting ? Gram Sevak would be telling all our problems to the experts. If I get a chance I may speak. Whatsoever it should be for the good of the farmers.

माधव : वास्तवमा सरकारले दिएको सुविधा सोझै किसानहरूमा पुग्नु हो भने किसानहरूको अझ बढी विकास हुने थियो।

Madhav : In fact, had the benefit given by the government to the farmer reached them directly the progress of the farmer would have been maximum.

गोविन्द : तिमीले साँचो कुरा भन्यौं।

Govinda : You are right.

माधव : गोविन्द दाइ, यिनै सब कुराबारे आजको भेलामा हामीले छलफल गर्नु पर्छ। त्यसैले म तपाईंलाई भेलामा आइदिन फेरि पनि अनुरोध गर्छु।

Madhab : Govinda brother, these are the things which we should discuss in the meeting. Therefore I request you again to kindly attend the meeting.

गोविन्द : ठीक छ। म अवश्य भेलामा आउँछु। तर जानुभन्दा पहिले मेरामा भएको बिउ चाहिँ लिएर जान सक्छौ।

Govinda: Alright, certainly I will. But before you go you may collect whatever seeds I have.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. तिम्रोतिर मौसम सुरु भइहालेको छैन ?
2. अस्तिको जस्तो अपमानित हुनु नपरोस्।
3. अपराधीलाई शास्ति दिने ऐन छ।
4. हाम्रो कृषि कार्यमा केही सुधार गर्नु आवश्यक छ।
5. यिनीहरूलाई कहिल्यै भरोसा गर्नु हुँदैन।
6. कोही पनि अपमानित भएको राम्रो होइन।
7. मानिसले मानिसको भर पर्नै पर्छ।
8. हामीले धेरै कुराको छलफल गर्नु छ।
9. गरीबलाई दान दिनुपर्छ।
10. मलाई तपाईंको यो तरिका मन पर्‌यो।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

हुँदैन।
राम्रो
राम्रो हुँदैन।
हुनु पर्‌यो भने
हुनु पर्‌यो भने राम्रो हुँदैन।
अपमानित
अपमानित हुनु पर्‌यो भने राम्रो हुँदैन।
अस्तिको जस्तो
अस्तिको जस्तो अपमानित हुनु पर्‌यो भने राम्रो हुँदैन।

1. हुँदैन।
गर्नु हुँदैन।
भरोसा गर्नु हुँदैन।
कहिल्यै पनि भरोसा गर्नु हुँदैन।
यिनीहरूलाई कहिल्यै पनि भरोसा गर्नु हुँदैन।

2. लाग्यो।
राम्रो लाग्यो।

सारै राम्रो लाग्यो।
खाजा सारै राम्रो लाग्यो।
चिया र खाजा सारै राम्रो लाग्यो।
दिदी, चिया र खाजा सारै राम्रो लाग्यो।

3. खाइदिन्छन्।
बीचमै खाइदिन्छन्।
सुविधाहरू बीचमै खाइदिन्छन्।
किसानको सुविधाहरू बीचमै खाइदिन्छन्।
कर्मचारीले किसानको सुविधाहरू बीचमै खाइदिन्छन्।

4. भनिदिउँला।
म पनि भनिदिउँला।
पाएँ भने म पनि भनिदिउँला।
मौका पाएँ भने म पनि भनिदिउँला।
मैले मौका पाएँ भने म पनि भनिदिउँला।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model आजको भेलामा मैले के भनिदिनूँ ?
सभामा
आजको सभामा मैले के भनिदिनूँ ?

1. ग्रामसेवकलाई हाम्रा सबै समस्याहरू थाहा छँदै छ।
कर्मचारी
नेता
सरकार
हजुर
तपाईं
यहाँ

2. तिमीले साँचो कुरा गर्‌यौ।
राम्रो
उचित
ठीक
मीठो
घतलाग्दो
चाहिँदो
हुँदो
नराम्रो

नचाहिंदो
नहुने

3. यी सबै राम्रा-नराम्रा पक्षको छलफल गर्नुपर्छ।
विचार
कुराकानी
शोध-खोज

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model म त दाजुलाई खबर दिन आएको।
म त दाजुलाई खबर दिन आएको होइन।

1. म तपाईंलाई चिठी दिएर बोलाउन आएको।
2. म उसलाई उसले मागेको किताब दिन आएको।
3. म तिमीलाई एउटा भित्री कुरा सोध्न आएको।
4. म तिम्रो विचार बुझ्न आएको।
5. म तपाईंहरूलाई अल्मल्याउन आएको।

नमूना Model b. हामी चाहिँ हजुरहरूलाई भेट्न आएका।
हामी चाहिँ हजुरहरूलाई भेट्न आएका होइनौं।

1. हामी चाहिँ हजुरहरूको कुरा सुन्न आएका।
2. हामी चाहिँ नेपाली संस्कृतिको अध्ययन गर्न आएका।
3. हामी चाहिँ भारतीय संहतिको निम्ति काम गर्न आएका।
4. हामी चाहिँ विश्व-शान्तीको निम्ति पूजा गर्न आएका।
5. हामी चाहिँ भाषा सिक्न र डुल्न आएका।

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model कसलाई किसानको समस्या थाहा छ ?
ग्रामसेवकलाई किसानको समस्या थाहा छ।

1. कसले किसानका समस्या विशेषज्ञहरूलाई भनिदिन्छन् होला ?
2. कसले मौका पाए भने भनिदिन्छन् अरे ?
3. कसले मौका पाए भने भेलामा किसानको कुरा भन्ने रहेछन् ?
4. जे भए पनि कसको फायदा हुने काम हुनुपर्छ ?
5. सरकारी कर्मचारीहरूले किसानको के बीचमै खाइदिन्छन् ?
6. भेलामा गइदिन बोलाउन हिँडने मान्छे को हो ?
7. कसले साँचो कुरा गर्‌यो ?
8. भेलामा कसको कुरा छलफल गर्छन् ?

9. कसको घरमा बिउ रहेछ ?
10. अपराधीलाई के दिने ऐन छ ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. मैले यसपालि एउटा _____ खोज्नु छ। (हली, बिउ, खेती)
2. यसरी बसिरह्यो _____ काम हुँदैन है। (भनेर, भने, भनूँ)
3. चौबिसै _____ त कसैले पनि पढदैन। (घण्टा, घटेर, घर)
4. फुर्सदको समयमा _____ काम गरिदिनुपर्छ। (घरको, धर, काम)
5. तपाईंको चाहिँ खेतिको _____ सुरू भएको छौ ? (मौसम, बिउ, विशेषले)
6. हामीले युवा किसानहरूलाई _____ गर्नुपर्छ। (प्रोत्साहित, छलफल, कृषि)
7. भोलि सभामा __ आधुनिकीकरणबारे जानकारी दिने अरे। (कृषिको, खेतमा, भेलामा)
8. आजको भेलामा _____ विषय के के छन् अरे ? (चर्चाको, चराको, चर्कोको)
9. हाम्रो पुरानो _____ सुधार ल्याउनुपर्छ। (विचारमा, बित्तिकै, अरे)
10. अब हामीले नयाँ तरिकाको _____गर्न सोच्नुपर्छ। (काम, आज, बजे)

II Complete the sentences using the appropriate forms of the given words.

1. सबै कुराको छलफल गर्न हजुर सभामा _____। (आउ)
2. गाउँका युवा किसानहरूलाई हामीले _____। (बुझ्)
3. किसान भएपछि खेती त गर्ने _____। (पर्)
4. म बिउ खोजिराख्यौं भनेर _____। (हिंड्)
5. केही कर्मचारीले किसानको सुविधा बीचमै _____। (खा)

III Complete the sentences using the appropriate words.

1. यिनीहरूलाई कहिल्यै_____ गर्नु हुँदैन।
2. हाम्रो विचारधारामा केही ____ आउनुपर्छ।
3. हाम्रातिर खेती गर्न _____।
4. हिजोको जस्तो लाजमर्दो _____।
5. अपराधीहरूले उचित शास्ति _____।

IV Rewrite as directed.

1. म हजुरलाई बोलाउन आएको। (Change into negative)
2. हामी तपाईंहरूको संस्कृतिको कुरा मात्र जान्न आएका होइनौं। (Change into affirmative)
3. हजुरले सभामा केही कुरा बोलिदिनुपर्छ। (Change into past tense)
4. उनले मेरा सबै किताब मिलाइदिन्छन्। (Change into masculine gender)
5. तपाईंप्रति मेरो पूरा भरोस छँदै थियो। (Change into present tense)

V Rearrange the words and make sentences.

1. काम, कुनै, विशेषले, आउनु भयो, कि, त्यतिकै,

2. अरे, अङ्ग्रेजीको, सरले, विशेष, क्लास, गर्ने, अरे, भोलि
3. गर्नु, के, हामीबाट, खेती, मात्र, हुँदैन,
4. गरिदिनुपर्छ, फुर्सदको, यसो, समयमा, घरको, पनि, काम
5. भए, पनि, जसरी, तपाईं, चाहिं, आउन, आइदिनुहोस्, है

VI Answer the following questions with reference to the dialogue of the lesson.

1. किसानहरूमा व्यावहारिक काम गर्ने के छैन ?
2. सभामा छलफल गर्न कस्ता मानिस जानुपर्छ ?
3. कृषि विज्ञानीहरूले किसानहरूलाई के गर्नुपर्छ ?
4. किसान भएपछि के गर्नै पर्छ ?
5. को अस्ति अपमानित भएको थियो ?

शब्दावली VOCABULARY

किसान	farmer	मौसम	season
हली	plough-man	भ्याउँदैन	get no time
बिउ	seed	चर्चा	discussion
अपमानित	insulted	कृषि	agriculture
विशेषज्ञ	expert	आधुनिकीकरण	modernization
सुधार	improvement	योजना	plan
व्यावहारिक	practical	अनुभव	experience
छलफल	discussion	भरोसा	hope
प्रोत्साहित	encouraged	क्या	what (exclamation)
दामी	fine, valuable	फाइदा	benefit
घुस	bribe	आन्दोलन	agitation
अपराध	crime	शास्ति	punishment
अनुरोध	request	किसान विकास समिति	farmer's development committee
घुस्याहा	one who takes bribe, corrupt		

टिप्पणी NOTES

8.43.1. Use of light verbs (Non-verb + Verb structures) is emphasized in this lesson. Note the underlined words in the following sentences.

i) तिम्रोतिर चाहिं मौसम सुरू भइ-हालेको छैन ?
In your area has not the season for cultivation started ?

ii) अस्तिको जस्तो अपमानित हुनु पऱ्यो भने चाहिं राम्रो हुँदैन है।
It will not be good to be insulted as in the last meeting.

iii) त्यस्तै अपराध गर्ने घुस्याहा सरकारी कर्मचारिलाई शास्ति दिने ऐन त छ। — Rules are there to punish such criminal officials of the government.

iv) हुन त हाम्रो कृषि कार्यमा केही सुधार गर्नु आवश्यक छ। — In a way, there is the need to improve our agricultural pattern.

v) यिनीहरूलाई कहिल्यै भरोसा गर्न सकिँदैन। — We cannot trust them.

vi) त्यसैले म तपाईंलाई भेलामा आइदिन पनि फेरि अनुरोध गर्छु। — Therefore I request you again to kindly attend the meeting.

vii) अहिलेलाई तिमी मेराबाट बिउ लिएर जान सक्छौ। — At present, you may collect seeds from me and go.

8.43.2. The underlined words in the above sentences (i) to (vi) are compoundverbs. Such a verb form is formed by the union of a non-verb + a verb.

Note how they are formed

छलफल गर्नु = छलफल (discussion) + गर्नु (to do) = to discuss.
अपमानित हुनु = अपमानित person who got insulted + हुनु to be = to be insulted.
शास्ति दिनु = शास्ति punishment + दिनु to give = to punish.
सुधार गर्नु = सुधार improvement + गर्नु to do = to improve.
भर गर्नु = भरोसा trust + गर्नु to do = to trust.
अनुरोध गर्नु = अनुरोध request + गर्नु to do = to request.
राम्रो हुँदैन = राम्रो good+हुँ be + द+ऐ suffix+न negative= not be to good.

Sentences (VII) in 8.43.1 the verb form लिएर जान (take and go) is a compound verb formed by a verb + an auxiliary.

एकाइँ ८ Unit 8

पाठ - ४४ Lesson - 44

दुर्घटना
An accident

संवाद DIALOGUE

नमिता : रश्मि, हिजो लामीडाँड़ाको बस दुर्घटनाबारे थाहा पायौ ?

Namita : Rashmi, did you know about yesterday's bus accident at Lamidada ?

रश्मि : अहँ। कहाँनेर दुर्घटना भयो भन त। दुर्घटना भएको तिमीले पनि देख्यौ ?

Rashmi : No. Tell me where exactly the accident took place ? Did you see the accident taking place ?

नमिता : अँ। दुर्घटनाको बेला म त्यहीँ थिएँ। मैले पनि दुर्घटनाग्रस्त मानिसलाई सहयोग गरें । त्यहाँ गाड़ीमा चेपिएका मान्छेहरू आः उः ऐया भनेर चिच्याइरहेका थिए। एकैछिनमा पुलिस आए, पत्रकार आए, त्यहाँ मान्छेको घुइँचो भयो। पुलिसले मलाई पनि दुर्घटनाको बारेमा सोधे। मैले भनें म कलेजबाट आउँदै थिएँ। त्यही ठाउँमा गाड़ी पल्टेको देखें। आइमाई र बच्चाबच्ची चिच्याएतिर म कुदें। त्यति मात्र हो।

Namita : Yes. The accident was near Lamidada bus stand. I was there at the time of the accident. I did also help the people caught in the accident. There the people trapped under the vehicle were shouting. Aa! U! Aaiya ! etc. Immediately the police came, the journalists came and the people crowded. Police asked me also about the accident. I told them that I was coming from the college. In that place near the bus stand I saw the bus getting toppled. Hearing the cries of women and children I ran to the spot. That is all.

रश्मि : पत्रकारले तिमीलाई केही सोधेनन्? तिमीले उनीहरूलाई चाहिँ के भन्यौ ?

Rashmi : Did not the journalists ask you anything? What did you tell them?

नमिता : प्रभात पत्रिकाको एक जना संवाददाता आएर दुर्घटनाबारे सोध्दै थियो। मैले त्यही कुरा भनिदिएँ।

Namita : A reporter from the paper Prabhat came and asked me about the accident. I told him the same thing.

रश्मि : तिमीले मलाई पहिल्यै भन्थ्यौ मानिसलाई मदत गरेका कुरा । कसरी मदत गर्‌यौ ?

नमिता : म दुर्घटना स्थलमा पुग्दा सारै डरमर्दो दृश्य देखें । बाटामा जतातै रगत जमेकोको थियो। त्यो देखेर त मलाई डर पनि लाग्यो, तर त्यो डराउने समय थिएन। त्यो त काम गर्ने समय थियो। घाइते नानीहरू आफ्ना आमालाई खोज्दै चिच्याइरहेका थिए। आमाहरू पनि दुखाइले चित्कार गर्दै थिए र आफ्ना नानीको खोजि गर्दै थिए। यिनै घाइते आमा र नानीहरूलाई एम्बुलेन्समा चढा़उन म पनि महिला पुलिसलाई सहयोग गर्दै थिएँ।

Rashmi : You told me earlier (that) you helped the people. In which way did you help them?

Namita : When I reached the spot I saw a very frightening scene. Pool of blood was everywhere on the road. Seeing that I got frightened also but it was not the time to get frightened. It was time to act. Wounded children were crying for their mothers. Mothers were also shrieking in pain and were searching their children. I helped the lady constables to lift the women and children to the Ambulance.

रश्मि : घटनास्थलमा कोही मरे?

नमिता : अँ। छ जना। मैले पछि यो सन्ध्या खबरबाट थाहा पाएँ।

Rashmi : Did any body die on the spot ?

Namita : Yes, six people. I came to know about it later from the evening news.

रश्मि : म साँच्चै तिम्रो साहसको प्रशंसा गर्छु। म तिम्रो ठाउँमा भएको भए म केही पनि गर्न सक्ने थिइनँ होला।

नमिता : त्यसो नभन। यो मेरो महानता होइन। त्यस हालतमा भगवानले हामीलाई प्रशस्त साहस दिन्छन्।

Rashmi : I really appreciate your courage. If I would have been in your place I would not have been able to do anything.

Namita : Don't say like that. It is not my greatness. On such occasions God gives us some extra courage.

रश्मि : यी दुर्घटनाहरू चालकको लापर्वाहीले गर्दा भएको जस्तो लाग्दैन तिमीलाई?

Rashmi : Don't you think that this accident took place because of the carelessness of the driver ?

नमिता : आमा पनि भन्दै हुनुहुन्थ्यो धेरै जसो दुर्घटनाहरू चालकको लापर्वाहीले गर्दा हुन्छन्। पहाड़ी क्षेत्रमा कसैले पनि गाड़ी द्रूतगतिमा चलाउनु हुँदैन।

Namita : My mother was also telling that most of the accidents on the road happen due to the negligence of the drivers. In hilly areas one should not drive the vehicles in high speed.

रश्मि : मेरा दाइले गत हप्ता भन्दै हुनुहुन्थ्यो,उहाँको कार्यालयका छेउमा भएको दुर्घटनामा आठ-नौ जना मानिस मरे। चालकले रक्सी खाएको थियो अरे। यस्ता दुर्घटनामा तिमीलाई चालक मात्र दोषी हुन् जस्तो लाग्छ ?

Rashmi : My brother told me last week that in an accident near his office eight or nine people died. It was heard that the driver had taken drinks. Do you think that for all accidents are only the drivers responsible ?

नमिता : म चालकलाई मात्र दोष दिन सक्दिनँ। धेरथोर हामी पनि दोषी छौं। चालकले रक्सी खाएर गाडी चलाए पनि हामी कहिल्यै प्रतिवाद गर्दैनौं। यस्ता अरू पनि कारण छन्। गाड़ीको क्षमताभन्दा धेरै मात्रामा मानिस चढ्छन्। हामी पनि जताततै गाडी रोक्न चालकलाई वाध्य पनि गराउँछौं।

Namita : I cannot blame only the drivers. To some extent we are also responsible. We never protest even when the drivers drive the vehicles having got drunk. There are other reasons too. More than the capacity of the vehicle people get into it. We also force the drivers to stop the vehicles here and there.

रश्मि : हो। तिमीले भनेको एकदम साँचो हो। पाहाडी क्षेत्रमा बाटाको नजिकमै भित्तामा अगाडि घुमाउरो मोड छ, गाडी विस्तारो हाँक्नुहोस् , रक्सी खाएर गाड़ी नचलाउनुहोस् भनेर प्रत्येक मोड़मा लेखेको हुन्छ। तर चालकहरूले यस्ता सावधान वाणीप्रति ध्यानै दिँदैनन्। म त भन्छु कम्तिमा पनि पाँच वर्षको अनुभव नभएका चालकहरूलाई पाहाड़ी बाटामा गाड़ी चलाउन दिनु हुँदैन।

Rashmi : Yes, what you are telling is very true. In hilly areas on the road side walls warnings such as "Sharp curve ahead", Drive slowly", do not drink and drive etc. are written. (before every turning). But drivers do not pay any attention to such warnings. I think, the drivers without an experience of at least five years of driving should not be permitted to drive in hilly areas.

नमिता : हो। म पनि भन्छु, सरकार र स्वयंसेवी सङ्गठन मिलेर जनजागरण कार्यक्रम गर्नुपर्छ। दुर्घटना रोक्न जनता नै सचेत हुनुपर्छ। दुर्घटना भएर उपचार गर्नुभन्दा दुर्घटना हुन नदिनु नै उचित हो।

Namita : Yes. I also admit that Government and the voluntary organisations together should undertake joint public awareness programmes. To prevent accidents public should always be cautious. It is better to prevent accidents rather than taking relief measures after the accident has occurred.

रश्मि : हाम्रो तर्फबाट हामी के गर्न सक्छौं?

नमिता : भोलि नै हाम्रो कलेजका अध्यक्षसँग सल्लाह गरेर सहायता क्लब' बनाउन सक्छौं। अन्य केही कार्यक्रमहरूका साथै जन-चेतना अभिवृद्धि कार्यक्रम गरेर दुर्घटना रोक्न सक्छौं।

रश्मि : ठीक हो। हामीले त्यसो गर्न सक्यौं भने, देश र जनताप्रति हाम्रो कर्त्तव्य निर्वाह गरेको पनि हुन्छ।

Rashmi : From our side what can we do?

Namita : Tomorrow itself we should take our Principal's advice and form a Help Club. In addition to some other issues we should undertake public awareness programmes to prevent accidents in this Help Club.

Rashmi : That is correct. If we are able to do that then our duty towards the nation and people is also done.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. मैले भने म कलेजबाट आउँदै थिएँ।
2. तिमी भन्थ्यौ, तिमीले मानिसलाई मदत गर्‌यौ।
3. म त भन्छु म चालकलाई मात्र दोष दिन सक्दिनँ।
4. मेरा दाइले भन्नुहुन्थ्यो, उहाँको कार्यालय छेउमा भएको दुर्घटनामा आठ नौ जना मानिस मरे अरे।
5. म त भन्छु कम्तीमा पनि पाँच वर्षको अनुभव नभएका चालकहरूलाई पहाडी बाटामा गाडी चलाउनै दिनु हुँदैन।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

थियो अरे।
खाएको
खाएको थियो अरे।
रक्सी
रक्सी खाएको थियो अरे।
चालकले
चालकले रक्सी खाएको थियो अरे।
बसको
बसको चालकले रक्सी खाएको थियो अरे।

1. मरे अरे।
   मानिस मरे अरे।
   आठ-नौ जना मानिस मरे अरे।
   दुर्घटनामा आठ-नौ जना मानिस मरे अरे।

छेउमा भएको दुर्घटनामा आठ-नौ जना मानिस मरे अरे।
कार्यालयको छेउमा भएको दुर्घटनामा आठ-नौ जना मानिस मरे अरे।
हाम्रो कार्यालयको छेउमा भएको दुर्घटनामा आठ-नौ जना मानिस मरे अरे।

2. गर्‌यौ।
मदत गर्‌यौ।
मानिसलाई मदत गर्‌यौ।
तिमीले मानिसलाई मदत गर्‌यौ।
तिमीले भन्थ्यौ, तिमीले मानिसलाई मदत गर्‌यौ।

3. भन्यो।
मालिकलाई भन्यो।
नोकरले मालिकलाई भन्यो।
चिन्दछु भनेर नोकरले मालिकलाई भन्यो।
तपाईंलाई चिन्दछु भनेर नोकरले मालिकलाई भन्यो।
म तपाईंलाई चिन्दछु भनेर नोकरले मालिकलाई भन्यो।

4. भन्यो।
चिन्दछु भनेर भन्यो।
तपाईंलाई चिन्दछु भनेर भन्यो।
म तपाईंलाईलाई चिन्दछु भनेर भन्यो।
मालिकलाई म तपाईंलाई चिन्दछु भनेर भन्यो।
नोकरले मालिकलाई म तपाईंलाई चिन्दछु भनेर भन्यो।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model

नौ जना मानिस मरे अरे।
छन्
नौ जना मानिस छन् अरे।

1. नोकरले मालिकलाई चिन्दछ अरे।
जान्दछ
ठग्दछ
भन्छ
दिन्छ
कुट्दैन

2. मालिकले नोकरलाई चिन्दैन अरे।
जान्दैन
ठग्दैन
भन्दैन
दिँदैन

3. मैले तपाईंलाई सघाउँछु भनेर भनेको थिएँ।
गर्छु
गराउँछु
भन्छु

भनाउँछु
गर्दिनँ
गराइदिन्न

4. म त राम्ररी पढछु र पास गर्छु भनेर सबैलाई सुनाएँ ।
सुनाइदिएँ
भने
भन्दिएँ
भनेको छु
भन्दै छु
सुनाउँदै छु

IV. वाक्य विच्छेद अभ्यास Split up Drill

नमूना Model a. उनले म आउँछु भनेर भने।
a. उनले भने।
b. म आउँछु।

1. तिमीले म राम्ररी पढछु भनेर भन्यौ।
2. तिमीले म हिजै आए भनेर भन्यौ।
3. तिमीले म पढदै छु भनेर भन्यौ।
4. तिमीले म चिन्छु भनेर भन्यौ।
5. तिमीले म जान्दछु भनेर भन्यौ।

नमूना Model b. मैले हामी नेपाली भाषा सिक्न आएका भनेर परिचय दिएँ।
a. मैले परिचय दिएँ।
b. हामी नेपाली भाषा सिक्न आएका।

1. मैले हामी नेपाली गाउँ डुल्न आएका भनेर भनें।
2. मैले हामी नेपाली भाषा सिक्दै छौं भनेर भनें।
3. मैले हामी सबै अनेपाली हौं भनेर सुनाएँ।
4. मैले हामी विभिन्न राज्यबाट आएका छौं भनेर भनें।
5. मैले हामी अचेलमा गुवाहाटी छौं भनेर भनिदिएँ।

V. पुनःकथन अभ्यास Restatement Drill

नमूना Model तिमीले चाहिँदो कुरा गरेर राम्रो गर्‌यौ।
तिमीले नचाहिँदो कुरा नगरेर राम्रो गर्‌यौ।

1. तिमीले चाहिँदो काम गरेर राम्रो गर्‌यौ।
2. तिमीले चाहिँदो दुःख गरेर राम्रो गर्‌यौ।
3. तिमीले चाहिँदो कष्ट गरेर राम्रो गर्‌यौ।

4. तिमीले चाहिँदो प्रयास गरेर राम्रो गर्‌यौ।
5. तिमीले चाहिँदो मदत गरेर राम्रो गर्‌यौ।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. उहाँले यो खबर _____ राम्रो गर्नुभयो। (भनेर, भन्नु, भनूँ)
2. मैले मात्र भनेको भए उनले _____ थिएनन्। (पत्याउने, हुने, हुनु)
3. मालिकले नोकरलाई _____ भनेर भनेनन्। (चिन्दिनँ, चिन्, चिने)
4. रश्मिले म जान्दिनँ _____ गर्दा म पुगें। (भनेर, भन्दै, भन्)
5. उनले आफू _____ भनेर ठानेकी रहिछन्। (जान्दिनें, जान्छौ, जा)
6. रक्सी खाएर गाडी _____ भनेर लेखेको हुन्छ। (नचलाउनू, दुर्घटना, बस)
7. पत्रकारले तिमीलाई के ___ बोलाए ? (भनेर, भन्छन्, भने)
8. तपाईंलाई मैले ____ भनेर बोलाउनु ? (को, के, की)
9. तपाईं तपाईंकी साथीलाई के ____ बोलाउनुहुन्छ ? (भनूँ, भनेर, भनुहुन्छ)
10. तपाईंलाई म दाजु भनेर _____ ? (बोलाऊँ, बोला, बोल्)

II Complete the sentences using the appropriate forms of the words given.

1. दुर्घटनाहरू चालकले _____ हुन्छन्। (गर्)
2. तिमीले मलाई पहिल्यै _____। (भन्)
3. पत्रकार _____ दुर्घटनाबारे सोध्दै थियो। (आउ)
4. तपाईंले के _____ घरमा फोन गर्नुभयो ? (भन्)
5. तिमीले के भनेर बिहान भात ____। (खा)

III. Complete the sentences using appropriate words.

1. पत्रकारले तिमीलाई केही _____ ?
2. पहाडी क्षेत्रमा कसैले पनि _____ गाडी चलाउनु हुँदैन।
3. दुर्घटना रोक्न जनता नै _____ हुनुपर्छ।
4. तिमीले _____ कुरा एकदम साँचो हो।
5. यहाँ चालकको मात्र _____ छैन।
6. दुर्घटना _____ उपचार गर्नुभन्दा दुर्घटना हुनै नदिनू राम्रो हो।
7. उनका भाइहरू आउँदै _____ ऊ आफै भन्दै थियो।
8. तपाईंको त सबै थोक छ अरे _____ सुनेको थिएँ।
9. तिम्रो घरमा केही _____ छैन भनेर तिम्रै साथीहरू भन्थ्ये।
10. हामी सबै एक-आपसमा _____ बस्नुपर्छ।

IV. Split each of the following sentences into two.

1. तपाईंले हामी राम्ररी पढछौं भनेर भन्नुभयो।
2. उसले म त मजाले सिक्छु नै भनेर भनेको छ।
3. तिमी यसपालि म घर जान्न भनेर भन्दै छौ।
4. उहाँ म एकछिनमा आउँछु भनेर कता जानुभयो ?

5. मैले हामी पाहुना हौं भनेर परिचय दिएँ।

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. बस दुर्घटना कहाँ भएको रहेछ ?
2. दुर्घटनाको बेला त्यहाँ को थियो ?
3. कसले दुर्घटनाको बेला मानिसलाई सहयोग गर्‌यो ?
4. पुलिस, पत्रकार र अरू मान्छे आएपछि त्यहाँ के भयो ?
5. नमिता कतातिर कुदी ?
6. कुन पत्रिकाको संवाददाता आएको थियो ?
7. पाहाडी क्षेत्रमा कसैले पनि गाडी कसरी चलाउनु हुँदैन ?
8. रगत कहाँ जमेको थियो ?
9. घटनास्थलमा कति जना मान्छे मरेछन् ?
10. नमिताले छ जना मान्छे मरेको खबर केमा पाइन् ?

शब्दावली VOCABULARY

दुर्घटना	accident	चेपिएका	pressed, trapped
घुइँचो	crowd	पत्रकार	reporter, press-man
चिच्याइरहेका	shouting, screaming	संवाददाता	reporter
डरमर्दो	frightening	चित्कार	shrieking
साहस	courage	प्रशंसा	praise
लापर्वाही	carelessness	पाहडी क्षेत्र	hilly region
द्रुतगति	high speed	कार्यालय	office
चालक	driver	रक्सी	wine, drink
दोषी	guilty	प्रतिवाद	protest
क्षमता	capacity	जताततै	here and there
वाध्य गर्नु	to compel	भित्ता	wall
घुमाउरो	bend, turning	हाँक्नु	to drive
सावधान वाणी	caution word	जन जागरण	public awareness
उपचार	treatment	कार्यक्रम	programme
अभिवृद्धि	increase	निर्वाह गर्नु	to follow up, to act

टिप्पणी NOTES

8.44.1. This lesson contains some sample sentences expressed in indirect speech. Read the following sentences.

i) मैले भनें म कलेजबाट आउँदै थिएँ — I told (that) I was coming from the college.

ii) तिमी भन्थ्यौ, तिमीले मानिसलाई मदत गर्‌यौ — You said (that) you helped the people.

iii) म त भन्छु, म चालकलाई मात्र दोष दिन सक्दिनँ — I say that I cannot blame the drivers only.

iv) मेरा दाइले गत हप्ता भन्नुहुन्थ्यो उहाँको कार्यालयको छेउमा भएको दुर्घटनामा आठ - नौ जना मानिस मरे अरे — My brother told me last week that in an accident near his office eight or nine people died.

It may be noted from the above sentences that in Nepali to indicate indirect speech, the different sentences are put together without adding any quotative words or particles.

8.44.2. **Nepali reported speech is not structurally much different from the direct speech. Now look at the following sentences.**

i) मेरा दाइले गत हप्ता भन्दै हुनुहुन्थ्यो, उहाँको कार्यालयको छेउमा भएको दुर्घटनामा आठ-नौ जना मानिस मरे अरे ।
My brother told me last week (that) in an accident near 'his' office eight or nine people died.

ii) मेरा दाइले गत हप्ता भन्दै हुनुहुन्थ्यो, मेरो कार्यालयको छेउमा भएको दुर्घटनामा आठ-नौ जना मानिस मरे।
My brother told me last week that in an accident near my (meaning his) office eight or nine people died.

8.44.3. Note that in the underlined the word गर्नुभन्दा in the following sentence भन्दा indicates comparison.

दुर्घटना भएर उपचार <u>गर्नुभन्दा</u> दुर्घटना हुन नदिनु नै उचित हो।
It is better to prevent accidents rather than taking relief measures after the accident has happened.

Note that अरे hearsay is put at the end of the sentence after the verb to denote hearsay.

नौ जना मानिस मरे अरे — Nine people died.
नौ जना मानिस मरे अरे — Nine people are reported to have been dead.
Nine people have been dead it seems.

Reported speech

i) नोकरले मालिकलाई भन्यो - म तपाईलाई चिन्दछु (Direct speech)
Servant told master " I know you."

ii) म तपाईलाई चिन्दछु <u>भनेर</u> नोकरले मालिकलाई भन्यो । Reported speech
Servant said that he knew the master.

iii) नोकरले मालिकलाई म तपाईलाई चिन्दछु <u>भनेर</u> भन्यो । -do-
Servant said that he knew the master.

iv) नोकरले म तपाईलाई चिन्दछु <u>भनेर</u> मालिकलाई भन्यो । -do-
Servant said that he knew the master.

The change of person, deictic adverbial (अहिले, यहाँ etc) and change of tense are not obligatory in Nepali reported speech. The only marked difference is the presence of the quotative complementing भनेर, भन्ने or भनी after the quotation in a reported speech. e.g.

Oblique case:

पत्रकारले मलाई सोध्यो, "दुर्घटना हुँदा तिमी कहाँ थियौ ?" (Direct speech)
Reporter asked me " where were you when the accident happened".

दुर्घटना हुँदा तिमी कहाँ थियौ भनेर पत्रकारले मलाई सोध्यो। Reported speech.
Reporter asked me where were I when the accident happened.

पत्रकारले दुर्घटना हुँदा मलाई तिमी कहाँ थियौ भनी सोध्यो। -do-
Reporter asked me where were I when the accident happened.

पत्रकारले दुर्घटना हुँदा मलाई तपाईं कहाँ हुनुहुन्थ्यो भनी सोध्यो। -do-
Reporter asked me where were I when the accident happened.

पत्रकारले दुर्घटना हुँदा मलाई तँ कहाँ थिइस् भनी सोध्यो। -do-
Reporter asked me where were I when the accident happened.

पत्रकारले दुर्घटना हुँदा म कहाँ थिएँ भन्ने कुरा सोध्यो। -do-
Reporter asked me where were I when the accident happened.

8.44.4. Monosyllabic pronouns with rounded vowels (उ,ओ) replace-ओ by the suffix -अस् before the postpositions. e.g.

Direct	-ले	-लाई	-को
यो	यसले	यसलाई	यसको
को	कसले	कसलाई	कसको
त्यो	त्यसले	त्यसलाई	त्यसको
जो	जसले	जसलाई	जसको
ऊ	उसले	उसलाई	उसको

This rule may apply even if such pronominals and the postpositions are separated by noun e.g

त्यो हालत	त्यस हालतमा
त्यो केटो	त्यस केटाले

एकाइँ ८ / Unit 8

पाठ - ४५ / Lesson - 45

नेता र राजनीति
Leader and Politics

संवाद DIALOGUE

समाजकर्मी	: नमस्ते नेताजी। धेरै हतारमा हुनुहुन्छ कि के हो? तपाईंसँग मेरो एउटा सानो काम थियो। तपाई घरमै हुनुहुन्छ भनेर म भेट्न आउँदै छु।।	Social Worker : Namaste Netaji. Are you in a great hurry or what ? I had a little work with you. Seeing you at home, I am coming to meet you.
नेता	: म हाम्रा समाज कल्याण मन्त्रीले सभापतित्व गर्ने एउटा मिटिङमा जाँदै छु। तपाईं यहाँ एक छिन पर्खिनु होस है ? म मिटिङबाट 10 बजेतिर आउँछु अनि तपाईंको समस्याबारे छलफल गरौंला। हुन्छ ? कि उतै जाने ? त्यसो हुँदा बाटैमा कुरा गर्न सकिन्छ।	Leader : I am going to attend an important meeting and the social welfare minister is presiding over that meeting. Will you please wait here ? I will come back from the meeting at about 1 o'clock and then we can discuss your problem. OK. or would you like to go there ? Then we can talk on our way.
समाजसेवी	: हुन्छ। त्यो त अझ राम्रो। तपाईं तीन घन्टाका लागि मन्त्रीलाई भेट्न जानु हुँदै छ र मेरो समस्या पनि मन्त्रालयसँगै सम्बन्धित छ। तपाईले मलाई पाँच मिनिट समय दिनुभयो भने हाम्रो वृद्धाश्रमका बारेमा म सबै थोक भनि दिन्छु र समाज कल्याण विभागबाट भोगेका समस्या बताइदिनेछु।	Social Worker : Yes, that's better. You are going to be with the minister for three hours and my problem is also concerned with his ministry. If you give me five minutes time I will explain everything about the old-age-home that we are running and the problems we are facing with the social welfare department.

नेता	: माफ गर्नुहोस। मसँग अहिले समय पनि छैन र तपाईंको समस्याको बारेमा आजको मिटिङमा चर्चा गर्ने अवस्था पनि छैन। जे होस्, तपाईं मन्त्रीको कार्यालय पुगुन्जेल मसँग जान सक्नु हुन्छ र तपाईंलाई के भन्नु छ भन्न सक्नुहुन्छ। तपाईंबाट सबै विवरण सुनेपछि अर्को हप्ता कुनै दिन म मन्त्रीसित कुरा गर्न सक्छु। त्यसबेला सम्ममा तपाईं स्मारक पत्र बनाएर मलाई दिनुहोस् है।	Leader	: I am sorry that I cannot spare any time now and I will not be in a position to discuss your problem in today's meeting. Any way you come along with me till I reach the minister's office and tell me what you have to say. After listening to your story I will talk to the minister sometime next week. Meanwhile you prepare a memorandum in detail and hand it over to me.
समाजसेवी	: नेताजी, अहिले तपाईंको दल सत्तामा छ र त्यसले विधान सभामा पूर्ण बहुमत पनि पाएको छ अनि तपाईंले समाज कल्याणका कार्यहरू गर्ने मौका पनि पाउनु भएको छ। तर तपाईंहरू पनि विगतकै दलले जस्तो मात्र सरकार चलाउनु हुँदै छ अनि भ्रष्टाचार पनि घटेको छैन।	Social Worker	: Netaji, now your party is in power and you have absolute majority in the assembly and you have all opportunities to undertake social welfare program. But you are also running the government as the previous parties used to do and corruption is also not decreasing.
नेता	: हाम्रो चाहिँ भ्रष्ट सरकार होइन अनि हाम्रा मन्त्रीहरूले पनि साँच्चै जनताको भलाइ हुने काम नै गर्दै छन्।	Leader	: Ours is not a corrupt Government and our ministers are really working for the good of the people.
समाजसेवी	: तर मलाई त त्यस्तो लाग्दैन। हामीले विगत छ महिनादेखि तपाईंको सरकार देखिरहेका छौं अनि हामीले कुनै फरक पनि पाएका छैनौं। हाम्रो	Social Worker	: But I do not think so. We have been seeing your government for the last six months and we are unable to see any difference. Not a single political party I believe, can run an honest and able government in our

देशमा कुनै पनि दलले इमानदार वा सक्षम सरकार चलाएको छ भन्ने विश्वास गर्न म चाँहि सक्दिनँ। प्रत्येक सरकारी कार्यालयमा भ्रष्टाचार जस्तो थियो त्यस्तै छ। सरकारमा दल बदलेर मात्र प्रशासनको परिवर्तन हुने होइन जनताले कष्ट भोग्नु परिरहेकै छ।

country. Corruption is there in every government office as it used to be. The changes of parties in the government has not made any change in the way of administration and the people are suffering even now.

नेता : प्रत्येक राजनैतिक दलको आ-आफ्नै लक्ष्य, उद्देश्य र कार्यशैली हुन्छ अनि त्यसलाई पूरा गर्न जनताको सहयोग र सहायता चाहिन्छ। हाम्रा त सम्पत्ति भने पनि शक्ति भने पनि जनता नै हुन्।

Leader : Every political party has its own aims, objectives and work style and to put them into practice they require the support and co-operation of the people and our strength is also the people.

समाजसेवी : तपाईं जनताको सहयोग र समर्थनको कुरा गर्दै हुनुहुन्छ, तर जनता चाहिँ नेताहरूलाई दोष लगाउँदै छन्। उनीहरू भन्छन् भ्रष्ट राजनैतिक नेताहरूले हाम्रो देश ध्वंस्त बनाए र आफू चाहिँ परिवारसँग मोज गर्दै छन्। के यो साँचो हो ?

Social Worker : You are talking about people's support and co-operation but they blame the politicians. They say that the corrupt politicians are destroying our country and they are amassing wealth for themselves and their families. Is it true ?

नेता : होइन। मान्छेले नेतालाई त्यसै पनि दोष लगाउँछन। आफ्नो सामान्य फाइदाका लागि मान्छेले सरकारी कर्मचारी र नेतालाई घुस दिन्छन। जनताले नेता र सरकारी कर्मचारीलाई घुस नदिए उनीहरूले कसरी पाउँछन्।

Leader : No. People blame politicians just like that. In order to get some benefits people give bribe to government officials and the politicians. If people decide that they will not give bribe then how can the politicians and officials get it?

समाजसेवी : हाम्रो देशको अवस्था कस्तो भएको छ भने जनताले घुस दिएनन् भने उनीहरूले सरकारबाट केही पनि पाउँदैनन्। साधारण पाले, प्रहरी देखि मुरिवया कर्मचारीसम्म भ्रष्टाचारमा चुलुँम्म डुबेका छन् र उनीहरू मन्त्रीकै इसारामा त्यसो गर्छन्।

Social Worker : The situation in our country is that people cannot get anything from the government if they do not give bribe. Right from the peons and the watchmen up to the heads of the departments are involved in this corruption and they are doing this with the knowledge of the ministers.

नेता : सबै दलका सबै नेताहरूलाई एकैनासको दोष लगाउनु पनि हुँदैन। केही नेता भ्रष्ट छन्। म त्यसमा सहमत छु र उनीहरूले आफ्नो दायित्व, मान, सम्मान, देशभक्ति र जनताप्रतिको इमानदारी अनि देशको महान परम्परा भुलेका छन्। यो सब जे होस् तपाईंको समस्या चाहिं के छ भन्नोस् त ?

Leader : We cannot blame all the ministers of all the parties alike. I agree that some political leaders are corrupt and they forget their duty towards people, their own honour, patriotism and honesty in public service and our country's glorious tradition. Whatever it may be, tell me what is your personal problem ?

समाजसेवी : मेरो कुनै व्यक्तिगत समस्या छैन। तर हाम्रो सेवा भारती भन्ने स्वयं सेवी सङ्गठनले समाज कल्याण मन्त्रालय-अन्तर्गत केही अनुदानका लागि आवेदन गरेको थियो अनि धेरै सरकारी उच्च कर्मचारी र मन्त्री समेतलाई हामी आफैले भेट्ता हाम्रो आवेदनको विचार हुँदै

Social Worker : I have no personal problem. But our voluntary organisation called Sewa Bharati has applied for a grant to your social welfare ministry and after meeting several officials and minister himself, we got an intimation that they were examining our application. Mean while I came to know that another organisation which exists only in paper

छ भन्ने आश्वासन पाएका थियौं। त्यतिखेरै मैले सुनेको थिएँ अर्को एउटा कागजमा मात्र अस्तित्व भएको सङ्गठनले मोटो अनुदान पायो र त्यो मोटो रकमको आधा भाग विभागीय कर्मचारीको बीचमा बाँढियो।

got a huge grant and the officials of the department took half of the grant money as bribe.

नेता : ए हो र ?

Leader : Is it so ?

समाजसेवी : घुस लिने र दिनेमा कुनै प्रमाण हुँदैन। तपाईं र मन्त्रीजी साथी-साथी भन्ने मलाईं थाहा छ। त्यसैले तपाईंलाई जनाइदिइराख्नु पऱ्यो र आशा छ तपाईंले मेरो यो कामका बारेमा मन्त्रीसँग कुरा राखिदिनुहुन्छ ।

Social Worker : Sir, there will be no proof in giving and taking bribe. I know that you and minister are friends, So, I thought it would be better to inform you and hope you will take up the matter to the minister.

नेता : हुन्छ। तपाईंले भनेकाले राम्रो भयो। मैले मन्त्रीलाइं आउँदो हप्ता भेटें भने यस बारे अवश्य छलफल गर्नेछु। तपाईंको निवेदन र सङ्गठनका गतिविधिको वृतान्तबारे पनि लिखित रूपमा मलाई दिइराख्नुहोस्।

Leader : Alright. It is good that you told me. I will certainly discuss about this matter when I meet him next week. You also give me in writing all the details about your application and the activities of your organization.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. म 10 बजेतिर आउँछु अनि तपाईंको समस्याबारे छलफल गरौंला।
2. तपाईं मन्त्रीलाई भेट्न जानुहुँदै छ र मेरो काम पनि मन्त्री सम्बन्धितै छ।
3. तपाईं चाहिं जनताको सहयोग एवम् समर्थनको कुरा गर्दै हुनुहुन्छ तर जनता चाहिं नेतालाई दोष लगाउँदै छन्।

4. म उहाँलाई राम्ररी चिन्दछु र उहाँ इमान्दार व्यक्ति पनि हुनुहुन्छ।
5. धेरै हतारमा हुनुहुन्छ कि के हो?

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

हुनहुन्छ।
इमान्दार व्यक्ति
इमान्दार व्यक्ति हुनुहुन्छ।
भए पनि
भए पनि इमान्दार व्यक्ति हुनुहुन्छ।
गरीब
गरीब भए पनि इमान्दार व्यक्ति तुनुहुन्छ।
उहाँ
उहाँ गरीब भए पनि इमान्दार व्यक्ति हुनुहुन्छ।

1. छ।
   एउटै छ।
   भनाइ एउटै छ।
   गराइ र भनाइ एउटै छ।
   काम गराइ र भनाइ एउटै छ।
   तपाईंको काम गरांइ र भनाइ एउटै छ।

2. गर्दै छन्।
   काम गर्दै छन्।
   सही काम गर्दै छन्।
   अफिसरले मात्र सही काम गर्दै छन्।
   नेता अनि अफिसरले मात्र सही काम गर्दै छन्।
   केही नेता अनि अफिसरले मात्र सही काम गर्दै छन्।
   हाम्रा केही नेता अनि अफिसरले मात्र सही काम गर्दै छन्।

3. होइन।
   राम्रो होइन।
   नदिनु राम्रो होइन।
   गर्न नदिनु राम्रो होइन।
   अर्कालाई पनि गर्न नदिनु राम्रो होइन।
   आफू पनि नगर्नु अर्कालाई पनि गर्न नदिनु राम्रो होइन।

4. पर्छ।
   गर्नुपर्छ।

पूरा गर्नुपर्छ।
काम पूरा गर्नुपर्छ।
सबै काम पूरा गर्नुपर्छ।
तर सबै काम पूरा गर्नुपर्छ।
गर्न सक्छौ तर सबै काम पूरा गर्नुपर्छ।
त्यो काम गर्न सक्छौ तर सबै काम पूरा गनपर्छ।
तिमी त्यो काम गर्न सक्छौ तर सबै काम पूरा गर्नुपर्छ।

III. वाक्य विच्छेद अभ्यास Split up Drill

नमूना Model a. तिमीले खाएपछि म नुहाउँछु।
a. तिमी खान्छौ।
b. अनि म नुहाउँछु।

1. तिमीले पढेपछि म सोध्छु।
2. तिमीले लेखेपछि म हेर्छु।
3. तपाई गएपछि म जान्छु।
4. उनले चाखेपछि म चाख्छु।
5. त्यो गाडी आएपछि म स्टेसन जान्छु।

नमूना Model b. तपाईले बुझिसकेपछि म सोध्छु।
a. तपाईं बुझिसक्नुहोस्।
b. अनि म सोध्छु।

1. तपाईंले लेखिसकेपछि म खाता हेरिदिन्छु।
2. तिमीले भनिसकेपछि म विचार गर्छु।
3. उनले गीत सुनिसकेपछि म रेडिओ लान्छु।
4. तपाईंले यो पाठ पढिसकेपछि म छुट्टि दिन्छु।
5. तिमीले खाइसकेपछि उहाँले पैसा लिनुहुन्छ।

IV. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model a. a. तिमीले बोलायौ।
b. म आएँ।
तिमीले बोलायौ भनेर म आएँ।

1. a. तिमीले पकायौ। b. मैले खाएँ।
2. a. तिमी खान्छौ। b. मैले ल्याइदिएँ।
3. a. तिमी आउँछौ। b. मैले पर्खिएँ।
4. a. तिमी डराउँछ्यौ। b. मैले साथ दिएँ।
5. a. तपाईंले साथ दिनुभयो। b. म भेट्न आएँ।

नमूना Model b.

a. तपाईं त आजै फर्किनुहुन्छ।
b. मैले सुनें।
तपाईं त आजै फर्किनुहुन्छ भन्ने मैले सुनें.

1. a. तिमी बिमारी छौ।
   b. मैले खबर पाएँ।
2. a. उनी हिजै गए।
   b. मैले सुनें।
3. a. ती केटी राम्री छिन्।
   b. कुरा मलाई कसैले सुनाएका थिए।
4. a. उनीहरू दुवै विवाहित हुन्।
   b. सबैलाई थाहा छ।
5. a. यस पालि काजिरङा डुल्न जाऊँ।
   b. हाम्रो सोचाइ छ।

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model नेता कसले सभापतित्व गर्ने मिटिङमा जाँदै छन्?
नेता समाज कल्याण मन्त्रीले सभापतित्व गर्ने मिटिङमा जाँदै छन्।

1. नेता कति घन्टाको लागि मन्त्रीलाई भेट्न जाँदै छन्?
2. नेताले समाज सेवीबाट के माग्छन्?
3. अहिले कसको दल सत्तामा छ?
4. भ्रष्टाचार के भएको छैन?
5. प्रत्येक राजनीतिक दलको के हुन्छ?
6. जनता नेताहरूलाई के लगाउँदै छन्?
7. समाज सेवीहरूको स्वयं सेवी सङ्गठनको नाम के हो?
8. नेताको सम्पत्ति के हो?
9. मन्त्रीहरू के गर्दै छन्?
10. समाज सेवीले मन्त्रीसँग कति समय माग्छन्?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. म साथीको घरमा पुग्छु _____ आइहाल्छु। (अरू, अब, अनि)
2. तिमीसँग पैसा छ होला, _____ दिऊँ? (के, कि, को)
3. तपाईं _____ म भरे एकछिनको लागि बजार जाऊँ है। (र, अब, कि)
4. भोलि म त पुस्तक मेला जान्छु तिमी _____ जान्छौ? (पनि, पानी, तीन)
5. उहाँ त रेल स्टेसन जानुहुँदै छ ___ गाड़ी भेट्नुहुन्न होला। (तर्, तर, तिर)
6. प्रत्येक दलको आ-आफ्नै उद्देश्य र ____ हुन्छ। (लक्ष्य, पूरा, जनता)
7. तपाईं मलाई ____ गर्दै हुनुहुन्छ। (सहयोग, दोष, साँचो)

8. मैले पनि उनलाई _____ गरेको थिएँ। (मदत, सेवा भारती, दायित्व)
9. हतारमा गरेको ____ राम्रो नहुन सक्छ। (काम, जान, भन्)
10. रिस उठ्दा चिट्ठी ____ राम्रो। (नलेखेको, सुनेपछि, तपाईं)

II Complete the sentences using the appropriate forms of the given words.

1. म त ठूलाले भनेको कुरा ____ तर तिमी मान्दैनौ। (मान्)
2. अचेल धेरै मानिसहरू आफूलाई मात्रै जान्ने ____। (ठान्)
3. आफूले जानेको छैन भने जान्नेको कुरा _____ भन्छन्। (सुन्)
4. भोलि तपाईं र म एक ठाउँ _____ पर्छ ल। (जा)
5. उहाँको र तपाईको घर एकै ठाउँमा _____ ? (हु)

III Complete the sentences using the appropriate words.

1. जे होस्, तपाईं पनि मसित ____ पर्छ है।
2. तपाईं सक्नुहुन्छ ____ अङ्ग्रेजी भाषा पनि राम्ररी सिक्नुहोस्।
3. जीवनमा सफलता _____ कष्ट गर्नै पर्छ।
4. हरेकको सफलताको पछाडि कसै न कसैको ____ हुन्छ।
5. आफ्नो प्रयास ठीक छ भने ईश्वरले _____ हेर्छन्।

IV Split the given sentences into two each.

1. म रातिसम्म पढछु अनि मात्र सुत्छु।
2. मन्त्रीलाई भेटिदिन्छु र तपाईंको समस्या राखिदिन्छु।
3. उहाँहरू पनि आउनुभयो तपाईंहरू पनि देखा पर्नु भयो।
4. उहाँ धेरै किताब लेख्नुहुन्छ र प्रकाश गर्नुहुन्छ।
5. उसले सहरमा घर बनायो र आमा-बाबालाई गाउँबाट ल्यायो।

V Answer the following questions with reference to the dialogue of the lesson.

1. कोसँग समाज सेवीको सानो काम छ ?
2. कुन मन्त्रीले सभापतित्व गर्ने मिटिङमा नेता जाँदै छन् ?
3. नेता मिटिङबाट कति बजेतिर आउँछन् ?
4. कसले मन्त्रीसँग पाँच मिनट समय मागेका छन् ?
5. नेताले समाज सेवीको के सुनेपछि नेताले मन्त्रीसित कुरा गरिदिने अरे ?
6. समाज सेवीले नेतालाई के दिनु पर्ने भयो ?
7. के घटेको छैन भन्ने समाज सेवीको भनाइ छ ?
8. मन्त्रीहरू जनताको भलाइ हुने काम गर्दै छन् भन्ने कसको भनाइ हो ?
9. कसले लिखित रूपमा सङ्गठनको वृत्तान्त माग्यो ?
10. केको लागि समाज सेवीले निवेदन गरेका थिए ?

शब्दावली VOCABULARY

नेता	leader	राजनीति	politics
समाज कल्याण	social welfare	मन्त्रालय	ministry

सम्बन्धित	concerned, related	वृद्धाश्रम	old age-home
भोगेका	suffered	अवस्था	condition, position
पुगुन्जेल	until reaching	विवरण	description, story
स्मारक-पत्र	memorandum	दल	party, group
सत्ता	power	बहुमत	majority
भ्रष्टाचार	corruption	फरक	difference
इमान्दार	honest	सक्षम	able
प्रशासन	administration	समर्थन	support
ध्वस्त	destruction	पाले, प्रहरी	guard, watchman
मुखिया	headman, officer	चुर्लुम्म डुबेको	immersed fully
इसारा	hint, gesture	सहमत	agreement, of one opinion
परम्परा	tradition	अनुदान	grant in aid
आवेदन	application	अस्तित्व	existence
साझेदारी	partnership, share	वृत्तान्त	detail, description

टिप्पणी NOTES

8.45.1 This lesson contains compound sentences. Read the following sentences and note the underlined words.

i) तपाईं तीन घन्टाको लागि मन्त्रीलाई भेटन जानु हँदैछ र मेरो पनि समस्या उहाँकै मन्त्रालयसँग सम्बन्धित छ।
You are going to see the minister for three hours and my problem is also concerned with his ministry.

ii) तर तपाईंहरू पनि विगतकै दलले जस्तो मात्र सरकार चलाउनु हुँदै छ अनि भ्रष्टाचार पनि घटेको छैन।
But you are also running the government as the previous parties used to do and corruption is also not decreasing.

iii) तपाईं चाहिँ जनताको सहयोग र समर्थनको कुरा गर्दै हुनुहुन्छ तर जनता चाहिँ नेताहरूलाई दोष लगाउँदै छन्।
You are talking about people's support and co-operation but they blame the politicians.

iv) म उहाँलाई धेरै राम्ररी चिन्दछु र उहाँ इमानदार व्यक्ति पनि हुनुहुन्छ।
I know him very well and he is a very honest person also.

v) हामीले विगत छ महिनादेखि तपाईंको सरकार देखिरहेका छौं अनि हामीले कुनै फरक पाएका पनि छैनौं।
We have been seeing your government for the last six months and we are unable to see the difference.

vi) हाम्रो चाँहि भ्रष्ट सरकार होइन अनि हाम्रा मन्त्रीहरूले पनि साँच्चै नै जनताको भलाइ हुने काम गर्दै छन्।
Ours is not a corrupt government and our ministers are really working for the good of the people.

Note that in the above sentences पनि (also),र (and),अनि,(and) तर (but) are the particles which can join two or more words or two or more sentences.

8.45.2. Note the underlined words in the following sentences.

i) धेरै हतारमा हुनुहुन्छ कि कसो ?
Are you in a great hurry or what ?

ii) हाम्रो देशमा कुनै पनि दलले इमानदार वा सक्षम सरकार चलाएको छ भनेर विश्वास गर्न म चाहिं सक्दिनँ ।
Not a single political party I believe, has run an honest or able government in our country.

iii) तपाईंहरूसित मन्त्रीको पनि हिस्सा थियो अथवा सहभागिता थियो भन्ने कुनै प्रमाण छ ?
Do you people have any proof to say that the minister also got a share or his involvement was there ?

Note that in the above sentences use of कि (or) वा (or) अथवा (or) are particles which indicate the disjunctive functions indicating choices.

एकाइँ ८ Unit 8 | पाठ - ४६ Lesson - 46

रक्तदान
Blood Donation

संवाद DIALOGUE

बाबा : पल्लवी, भोलि तँ भाइसँग आर्ट स्कूल जानु पर्छ है।

पल्लवी : ए, म त नाइ बाबा, किनभने भोलि म न त घर बस्न सक्छु न त भाइसँग आर्ट स्कूल नै जान सक्छु।

बाबा : किन छोरी ?

पल्लवी : ला बाबा ! तपाईंले बिर्सिनुभयो? भोली मैले रक्तदान कार्यक्रममा जानुपर्छ। म नै पहिला रगत-दान गर्न चाहन्छु। मेरा सबै साथी त्यहाँ रक्तदानको लागि आएका हुन्छन्। म त्यहाँ जानु छ र सबैलाई तयार गराउनु छ। त्यस कारण भोलि दिनभरि म व्यस्त हुन्छु ।

बाबा : हो त। मैले त साँच्चै बिर्सिएछु। तँ मात्र होइन रक्तदान कार्यक्रममा त म पनि जानु पर्थ्यो।

पल्लवी : त्यो त एकदम राम्रो। सँगै जाऔं न। तर भाइलाई के गर्नु ? रक्तदान कार्यक्रम नभएको भए कि तपाईं कि म जान सक्थ्यौं। त्यसैले अब भाइसँग जानु भनेर आमालाई भन्नुहोस् नभए अरू कुनै विकल्प सोच्नुहोस्।

Daddy : Pallavi, tomorrow you will have to go to the Art School with (your) younger brother.

Pallavi : I am sorry daddy, because tomorrow neither I will be able to stay at home nor can I go with (my) younger brother to the Art School.

Daddy : Why daughter ?

Pallavi : Oh Daddy. Did you forget ? Tomorrow I will have to go for the Blood Donation programme. First of all, I want to donate my blood. Before that I should also see that all my friends will be there to donate their blood. I will have to go and persuade everybody. So I will be busy for the whole day tomorrow.

Daddy : Oh yes. Really I have forgotten that. Not only you I have also to go to the blood donation programme.

Pallavi : That is good. Let us go together. But what to do for (my) younger brother ? If there were no blood donation programmes either you or I could have gone with him. So, now (you) please ask mummy to accompany Dipu or think of some other alternative.

बाबा : ल हुन्छ। तेरी आमा दिपुसित जान नसक्ने भइन् भने म कसैलाई खोज्नेछु। पल्लवी तँ तेरो रक्तदान कार्यक्रमबारे केही भन् त। तँ पनि एक जना आयोजक होस्। तिमीहरूले त्यो कार्यक्रम आयोजना गर्न के-के गर्नु पर्‌यो ?

Daddy : O.K. I will find out some one if your mummy is unable to go with Dipu. Pallavi, tell me something about your programme. You are also one of the organizers. What were the things you people had to do so far to organize this programme?

पल्लवी : हामीले निके परिश्रम गर्नुपरेको थियो। पहिले रक्तदानको आवश्यकता र महत्त्वबारे प्रचार गर्न पर्चा छपायौं। मानिसलाई रक्तदानबारे अवगत गराउन कलेज-कलेज, स्कूल-स्कूल, सरकारी र गैरसरकारी कार्यालय-कार्यालयमा गयौं। हामीले पर्चा मात्र होइन पोस्टर पनि बनाएका छौं।

Pallavi : We had to do a lot of things. At first we brought out a pamphlet publicizing the necessity and the importance of Blood Donation. We went from college to college, school to school and government and non governmental office to office to convince the people. We have prepared not only pamphlets but also posters.

बाबा : तिमीहरूले पर्चा र पोस्टरमा के लेखेका छौ ?

Daddy : What have you people written in your posters and pamphlets ?

पल्लवी : हामीले पर्चामा यस प्रकारको आह्वान गरेका थियौं। बाबा, सुन्नुहोस्- रक्तदान गर्दा कसैको उपकार हुन्छ आफ्नो शरीरमा रगतको कमी हुने कुरा सोच्नु पर्दैन। एक जना स्वस्थ मानिसले रक्तदान गर्दा न त उसको रगत घट्छ न त कुनै रोग नै लाग्छ । रगत दान गर्नु भनेको कसैलाई जीवन दान गर्नु हो। हामीले पर्चामा जे लेखेका थियौं प्रचार गर्दा त्यही कुरा माइकमा आह्वान गरेका थियौं।

Pallavi : Through our posters we (had) appealed to the people in this matter. Daddy, you please listen. By donating blood someone gets the benefit and (we) need not worry about the loss of blood in our body. If a healthy man donates blood neither his blood will decrease nor he will become sick. To donate blood means to give life. What we had written in the pamphlets the same thing we used to appeal through mike while undertaking the publicity work (in our propaganda).

बाबा : भोलि रक्तदान गर्ने (दाता)-ले तिमीहरूको कार्यक्रममा जानु पर्दा कहाँ जानुपर्छ ?

Daddy : Where should the blood donor go to donate blood in tomorrow's programme ?

पल्लवी : हाम्रो कार्यक्रममा रक्तदान गर्न चाहनेले कि त दिउँसो कलेजको विज्ञान खण्डमा आउनु पर्छ कि त अपराह्न हेल्थ क्लबमा जानुपर्छ।

Pallavi : Those who want to (like to) donate blood in our programme should come either to our college in the science block in the forenoon or to our college health club office in the afternoon.

बाबा : भोलि बिहान मैले एउटा सभामा जानु छ। मैले फुर्सद निकाल्न सकें भने तिमीहरूको हेल्थ क्लबमा आउनु पर्ने रहेछ। मैले भनेको ठीक हो ?

Daddy : Tomorrow I have to attend some urgent meeting in the morning. So, if I can find some time I may have to come to your health club office. Am I right ?

पल्लवी : ठीक हो। हजुर आइदिए त कस्तो राम्रो हुने थियो ! कृपया फुर्सद निकाल्ने प्रयास गर्नुहोस् न।

Pallavi : Yes. If you come how nice it would be ! Please see that you manage to get some time.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. भोलि न त घर बस्न सक्छु न त भाइसँग स्कूल जान सक्छु।
2. रक्तदान कार्यक्रम थिएन भने कि उसित तपाई जान सक्नु हुन्थ्यो कि म जान सक्थें।
3. हामीले पर्चा मात्र होइन पोस्टर पनि बनायौं।
4. रक्तदान गर्दा कसैको उपकार हुन्छ।
5. आफ्नो शरीरमा रगतको कमी हुने कुरा पनि सोच्नु पर्दैन।
6. हामीले पर्चामा जे लेखेका थियौं प्रचार गर्दा त्यही कुरा माइकमा आह्वान गरेका थियौं।
7. भोलि रक्तदान गर्नेले तिमीहरूको कार्यक्रममा जानु पर्दा कहाँ जानुपर्छ?
8. तिमी न आफू पढ़छौ न मलाई पढ़न दिन्छौ।
9. कि तिमी गर कि मलाई गर्न देऊ।
10. पढ़नेले पढ़छ नै।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

पर्छ।
नाच्नु पनि
नाच्नु पनि पर्छ।
गाउनु मात्र होइन
गाउनु मात्र होइन नाच्नु पनि पर्छ।
तिमीले
तिमीले गाउनु मात्र होइन नाच्नु पनि पर्छ।

1. दिनुहोस्।
   भन्न दिनुहोस्।
   उसलाई भन्न दिनुहोस्।
   कि उसलाई भन्न दिनुहोस्।
   भन्नुहोस् कि उसलाई भन्न दिनुहोस्।
   तपाईं भन्नुहोस् कि उसलाई भन्न दिनुहोस्।
   कि तपाईं भन्नुहोस् कि उसलाई भन्न दिनुहोस्।

2. छ।
   मोटो पनि छ।
   अग्लो पनि छ र
   अग्लो पनि छ र मोटो पनि छ।
   ऊ अग्लो पनि छ र मोटो पनि छ।

3. सक्छु।
   जान सक्छु।
   स्कूलै जान सक्छु।
   भाइसँग स्कूलै जान सक्छु।
   न त भाइसँग स्कूलै जान सक्छु।
   बस्न सक्छु न त भाइसँग स्कूलै जान सक्छु।
   घर बस्न सक्छु न त भाइसँग स्कूलै जान सक्छु।
   न त घरै बस्न सक्छु न त भाइसँग स्कूलै जान सक्छु।
   म न त घरै बस्न सक्छु न त भाइसँग स्कूलै जान सक्छु।
   भोलि म न त घरै बस्न सक्छु न त भाइसँग स्कूल जान सक्छु।

III. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model
भोलि म न त घर बस्छु न त स्कूल जान्छु।
भोलि म कि त घर बस्छु कि त स्कूल जान्छु।

1. भरे म न त होस्टलमा बस्छु न त बाहिर निस्कछु।
2. पर्सि हामी न यहाँ हुन्छौ न त डुल्न जान्छौं।
3. आघौं हामी न होस्टलमा हुन्छौ न त गुवाहाटीमा रहन्छौ।
4. तपाईं न त पढ़नुहुन्छ न त लेख्नुहुन्छ।
5. तिमी न त आउँछौ न त फोन गर्छौं।

IV. प्रतिवचन अभ्यास Response Drill

नमूना Model
अचेल रक्तदान गर्न धेरै मान्छे आउँछन्।
1. हो र ? आउँछन् र?
2. होइन होला, आउँदैनन् होला।

3. म त आउँछन जस्तो ठान्दिनँ।
4. मलाई विश्वास छैन।
5. अँ, मानिसले यसको महत्त्व बुझेका छन्।
6. विज्ञापनको कारणले गर्दा होला।

1. रक्तदान गर्नु भनेको कसैलाई जीवन दान गर्नु हो।
2. रक्तदानमा न त आफ्नो रगत घट्छ न त रोगै लाग्छ।
3. आँखा दान गर्नुमा पनि उत्तिकै उपकार हुन्छ।
4. कसैको उपकार गर्नु मानिसको कर्तव्य हो।
5. पल्लवी र उसका साथीहरू राम्ररी समाज सेवा गर्दै छन्।

V. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model a. हामी प्रचार गर्छौं।
b. हामी घरघर जान्छौ।
हामी प्रचार गर्दा घरघर जान्छौ।

1. a. हामी क्लासमा बस्छौं।
   b. हामी गुरुको पढ़ाइमा ध्यान दिन्छौं।
2. a. हामी बजार जान्छौं।
   b. हामी केही न केही किन्छौं।
3. a. तिमी घरबाट आउँछौ।
   b. तिमी सधैं खानेकुरा ल्याउछौ।
4. a. तिमी नुहाउँछौ।
   b. तिमी गुनगुनाउँछौ।
5. a. उनी भोलि जान्छन्।
   b. उनले हामीलाई रुवाउँछन्।

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. नाइ,म त जान्न _____ म भोलि घरै हुन्न। (किनभने, किन, किन्)
2. बाबा तपाईंले _____ कि के हो ? (बिर्सिनुभयो, बिर्सिन्छु, बिर्सियौ)
3. मेरा साथीहरू _ रक्तदान कार्यक्रमका लागि भेला भएका हुन्छन्। (पानी, पति, पनि)
4. भोलिको कार्यक्रम नभएको _____ राम्रो हुने थियो। (भयो, भएछन्, भए)

II Complete the sentences using the appropriate forms of the words given.

1. भोलि वनभोज _____ कहाँ भेला हुनुपर्छ ? (जा)
2. तपाईं साँच्चै _____ मान्छे हुनुहुन्छ भने यसो नगर्नुहोस्। (पढ्)
3. हामी कतै जानु _____ कसलाई भनेर जानु ? (पर्)
4. तपाईं ___ भएको भए कस्तो राम्रो हुने थियो। (आउ)
5. कृपया जसरी भए पनि फुर्सद _____ प्रयास गर्नु होला। (निकाल्)

III. Complete the sentences using the appropriate words.

1. म कि त दिउँसो जान्छु कि त _____ आउँछु।
2. तिमी आउँछौ भने आउनु _____ म घरमै हुन्छु।
3. उनीहरू पढछन् र पो राम्ररी पास _____ हुन्छन्।
4. मलाई न त ढाटेको राम्रो लाग्छ न त _____।
5. भोलि _____ निकालेर भए पनि तिम्रो काम गरिदिन्छु।

IV. Rewrite as directed

1. जसको पनि भ्रमण गर्दा ज्ञान बढ्छ। (Without changing the meaning rewrite. substituting equivalent word.)
2. गुरू आफ्ना विद्यार्थीलाई पढाउँछन्। (Rewrite using the high honorific verb form.)
3. बिरामीहरू बिमार देखाउन डाक्टरकहाँ जान्छन्। (Rewrite using past perfect verb form.)
4. मैले कसैको उपकार गर्न रक्तदान गर्नुपर्छ। (Change into present perfect.)
5. मैले पनि आँखा दान गर्न सोचेको छु। (Change into present continous.)

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. पल्लवी पहिला कहाँ जान्छिन् ?
2. कसले रक्तदानको कुरो बिर्सिएछ ?
3. भाइको कहाँ जानु छ ?
4. पल्लवी रक्तदान कार्यक्रमको के हो ?
5. पल्लवीहरूले रक्तदान कार्यक्रमका लागि के गर्नु परेको थियो ?
6. आयोजकहरूले रक्तदान कार्यक्रमका लागि के बनाएका थिए ?
7. के गर्दा उसको रगत घट्दैन ?
8. कसैलाई जीवन दान गर्नु भनेको के गर्नु हो ?
9. रक्तदान कार्यक्रम कतिखेर रहेछ ?
10. पल्लवीको बाबाले के निकाल्न सके भने रक्तदान कार्यक्रमा जान्छन् अरे ?

शब्दावली VOCABULARY

रक्त	blood	दान	donation
व्यस्त	busy, occupied	विकल्प	alternative
आयोजक	organiser	अवगत गराउनु	to inform
पर्चा	pamphlet	आह्वान	appeal
उपकार	favour, benefit	कमी	short, less, loss
स्वस्थ	healthy	प्रचार	publicity
खण्ड	block	फुर्सद	free time
कार्यक्रम	programme	अपराह्न	after noon

टिप्पणी NOTES

8.46.1. Some clause combination usages are introduced in this lesson. Note the underlined words in the following sentences

i) भोलि म न त घर बस्न सक्छु न त भाइसँग स्कूल जान सक्छु।
Tomorrow neither I will be able to stay at home nor can I go with (my) younger brother.

ii) रक्तदान कार्यक्रम थिएन भने कि उसित तपाईं जान सक्नु हुन्थ्यो कि त म जान सक्थें।
If there were no blood donation programme either I or you could have gone with him.

iii) मानिसलाई रक्तदानबारे अवगत गराउन हामी कलेज-कलेज, स्कूल-स्कूल सरकारी र गैरसरकारी कार्यालय-कार्यालय गयौं।
We went from college to college, school to school government and non governmental office to office to convince the people.

iv) हामीले पर्चा मात्र होइन पोस्टर पनि बनायौं।
We prepared not only pamphlets but also posters.

v) रक्तदान गर्दा कसैको उपकार हुन्छ र आफ्नो शरीरमा रगतको कमी हुने कुरा सोच्नु पर्दैन।
(By) donating blood some one gets the benefit and one need not worry about the loss of blood in his / her body.

vi) हामीले पर्चामा जे लेखेका थियौं प्रचार गर्दा त्यही कुरा माइकमा आहवान गरेका थियौं।
What we had written in the pamphlet the same thing we used to appeal through the mike while undertaking the publicity work (in our propaganda).

vii) भोलि रक्तदान गर्नेले तिमीहरूको कार्यक्रममा जानु पर्दा कहाँ जानुपर्छ ?
Where should one go to donate blood in your programme ?

The underlined words/particles in sentences, (i) and (ii) indicate the expression of alternative options.

The repetitive use of nouns as shown in sentences (iii) denotes the meaning of including everything.
The underlined words in sentence (iv) indicate the meaning of additional things using the negative of copula followed by emphatic particle.

Sentences (v) and (vi) contain words formed by adding the suffix -दा to verb roots to present verbal participles. e.g.
गर् + दा = गर्दा doing
In sentence (vii) the underlined word गर्नेले is formed in the following way.

Infinitive form of the verb + the suffix -ले (which indicates the nominative suffix) = agentive noun
गर्नु + ले = गर्नेले
doing + nominative case = doer.

Read the examples given below

गर्नु + ले = गर्नेले	doer
लेखनु + ले = लेख्नेले	writer
पढ्नु + ले = पढ्नेले	reader
नाचनु + ले = नाच्नेले	dancer
गाउनु + ले = गाउनेले	singer

8.46.2. **Note s**ome type of clause combination patterns in Nepali in the following sentences.

i) न ---- न ----- neither I . Nor ------I .

1. आज म न घर बस्छु न बजार जान्छु — Today neither I stay at home nor go to the market.
2. न आफू पढ़छौ न मलाई पढ़न दिन्छौ। — Neither you read nor you let me read.
3. तिमी न खान्छौ न सुत्छौ। — You neither eat nor sleep.

ii) कि ------ कि --- either ----- or ------

1. कि तिमी गर कि मलाई गर्न देऊ। — Either you do or let me do.
2. कि तपाईं भन्नुहोस् कि उसलाई भन्न दिनुहोस्। — Either you tell or let him /her tell.
3. कि गर कि मर। — Either do or die.

iii) --मात्र होइन ---- पनि ---- not only - but also.

1. उनी अग्लो मात्र होइन मोटो पनि छन् । — He is not only tall but also fat.
2. तिमीले गाउनु मात्र होइन नाच्नु पनि पर्छ। — You have not only to sing but also to dance.
3. हामीले पर्चा मात्र होइन पोस्टर पनि बनाएका छौं। — We have prepared not only pamphlets but also posters.

एकाइँ ८
Unit 8

पाठ - ४७
Lesson - 47

नेपाली बिहे
Nepali Marriage

संवाद DIALOGUE

अक्षय : दिदी, मलाई नेपाली बिहेबारे केही जान्न मन छ । तपाईंबाट केही जान्न सकिन्छ कि ?

शान्ति थापा: हुन्छ। तपाईंलाई हाम्रो बिहेबारे जान्न मन लागेको छ भने सुन्नुहोस्। पहिला त केटी हेरिन्छ। सामान्यतः केटाको बाबु केटी हेर्न जान्छन्। केटी मन पर्‌यो भने बिहेको कुरो अघि बढ्छ। त्यसपछि ज्योतिषीद्वारा केटा र केटीको चिनाटिपन मिलाएर हेराइन्छ। चिनाटिपन मिल्यो भने अरू कुरा चलाइन्छ। अचेलभरि केटाकेटीलाई हेराहेर गर्न पनि अनुमति दिइन्छ। त्यसमा उनीहरूको मन परापर भयो भने मात्र बिहेको कुरा चलाइन्छ। ती काम भएपछि पुरेत बोलाइन्छ। केटा र केटीको चिनाटिपनका आधारमा पुरेतद्वारा लगन तोकिन्छ। पुरेतबाट लगन तोकिएपछि जनै सुपारी गरिन्छ। जनै सुपारी भएपछि बिहे रद्द गरिँदैन। कुनैकुनै ठाउँ जनै सुपारीलाई फूलमाला पनि भनिन्छ। जनै-

Akhsaya : (Elder) sister I would like to know something about the Nepali marriage system. Could it be known from you ?

Shanti Thapa: Yes. If you want to know about our marriage system please listen. First of all, the girl is seen. Usually boy's father will go to see the girl. If the girl is liked by him, the talk about the marriage will proceed further. After that the horoscopes of the boy and the girl are matched and shown to the astrologer. If the horoscopes match the other procedure will be started. Now a days the girl and the boy are also permitted to see "each other. In that case the marriage procedure will be started only if they like each other. Once that is over, the priest will be invited. On the basis of the horoscopes of the boy and the girl the marriage date will be fixed by the priest. After fixing the date of the marriage "Janai supari" (engagement) will be done. After "Janai supari" the marriage can not be cancelled. In some places the Janai supari ceremony is called as "Phool mala". If the "Janai supari" is over it means that the marriage is confirmed

सुपारी भयो भने बहे छिनाफाना
भयो भन्ने बुझिन्छ।

अक्षय : त्यसपछि चाहिँ ?

शान्ति थापा: बिहेको कुरो छिनेपछि पत्र लाउने काम गरिनेछ। त्यसको लागि पुरेतद्वारा लेखिएको पत्रका साथ जोडी मानिस बेउलीको घर जान्छन्। त्यस पत्रमा बिहेको शुभ-लगन तोकिन्छ। पत्र लाउने मान्छेले सम्भाव्य जन्तीको सङ्ख्या पनि बेउलीका बाबुआमालाई सूचित गर्छन्। उनीहरूबाट जन्ती आइपुग्ने ठ्याक्क समय पनि दिइन्छ।

Akshaya : After that ?

Shanti Thapa: After the confirmation of the marriage "patra laune" ceremony will be done. During this ceremony people in even numbers will go to bride's house with the letter prepared by the priest. In that letter the actual auspicious time for the marriage will be intimated. The people also will inform the bride's parents the probable number of people joining the bridegroom's party. The information regarding exact time of their arrival in bride's house will also be given by them.

अक्षय : निम्तो चाहिँ कहिले बाँडिन्छ नि ?

शान्ति थापा : माथि भनिएको विधि विधानपछि दुवै परिवारबाट निम्तो बाँड्ने काम सुरू गरिन्छ। नेपाली बिहेमा दुई खाले निम्तो हुन्छ। आफन्त र आत्मीय साथीहरूलाई चाहिँ चुल्हे निम्तो दिइन्छ। यस खाले निम्तारूले बिहे उतार्न केही न केही दायित्व लिन्छन्। अरू चाहिँ औपचारिक निम्तारू हुन्छन्। उनीहरू बिहे हेर्छन्, बेउला-बेउलीलाई आशीर्वाद दिन्छन् र भोज खान्छन्।

Akhsaya : When will the invitation be distributed ?

Shanti Thapa: After the above said ceremony the distribution of invitation will be started by both the families. In Nepali marriage there are two kinds of invitations. The relatives and intimates will be given "Chulhe nimto". Such invitees will take one or the other responsibility of conducting the marriage. The others are formal guests. They will witness the marriage, bless the bride and bridegroom and have feast.

अक्षय : त्यसखाले विशेष (चुल्हे) निम्तोको चलन अझै पनि छ र ?

Akshaya : Is this type of special invitation "Chulhe nimto" existing even now ?

शान्ति थापा : अँ त। यस खाले चुल्हे निम्तोको चलन अझै पनि छ (छँदै छ)।

Shanti Thapa: Yes. Even now we have the custom of giving special invitation.

अक्षय : त्यस्ता पाहुनाहरूलाई कसरी निम्तो गर्नुहुन्छ ?

Akshaya : How do (you) invite such guests ?

शान्ति थापा: बोलाउनु पर्ने मान्छेका घरमा हामी आफै गएर मौखिक रूपमा सुपारी र मरीच दिएर बिहेमा आइदिन चुल्हे निम्तो दिन्छौं। अरू औपचारिक रूपमा निम्त्याइन्छ।

Shanti Thapa : We will go with betelnut and black pepper to the house of the people who are to be invited as special guests and orally request them to attend the wedding. Others will be invited formally.

अक्षय : साँच्ची, नेपाली बिहेमा पनि दाइजो प्रथा छ ?

Akshaya : Is there the practice of giving dowry in Nepali marriages?

शान्ति थापा: छैन। नेपाली बिहेमा दाइजो माग्ने चलन छैन। बेउलीका आमाबाबुले आफ्नो गच्छेअनुसार चाहे भने केही दिन सक्छन्। तर कसैले उनीहरूलाई केही दिन कर लाउँदैनन्।

Shanti Thapa : No. In Nepali marriage the practice of demanding dowry is not there. Whatever the parents of the bride want to give as per their capacity can give. But nobody forces them to give anything.

अक्षय : त्यो त गजब रहेछ।

Akshaya : That is excellent.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. बिहेमा पहिला त कटी हेरिन्छ।
2. ज्योतिषीद्वारा केटा र केटीको चिनाटिपन मिलाएर हेराइन्छ।
3. चिनाटिपन मिल्यो भने अरू कुरा चलाइन्छ।
4. अचेलभरि केटा र केटीलाई हेराहेर गर्न अनुमति दिइन्छ।
5. ती काम भएपछि पुरेत बोलाइन्छ।
6. पुरेतबाट लगन तोकेपछि जनै -सुपारी गरिन्छ।
7. कुनै कुनै ठाउँ जनै सुपारीलाई फूलमाला पनि भनिन्छ।
8. जनै-सुपारी भयो भने बिहे छिनाफाना भयो भन्ने बुझिन्छ।
9. आफन्त र आत्मीय साथीहरूलाई चाहिं चुल्हे निम्तो दिइन्छ।
10. चुल्हे निम्तोलाई सम्मान गरिन्छ।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

बोलाइन्छ।
पछि बोलाइन्छ।
भए पछि बोलाइन्छ।
काम भएपछि बोलाइन्छ।
सबै काम भए पछि बोलाइन्छ।
ती सबै काम भए पछि बोलाइन्छ।

1. चलाइन्छ।
   कुरा चलाइन्छ।
   अरू कुरा चलाइन्छ।
   मिल्यो भने अरू कुरा चलाइन्छ।
   चिनाटिपन मिल्यो भने अरू कुरा चलाइन्छ।

2. हेराइन्छ।
   मिलाएर हेराइन्छ।
   चिनाटिपन मिलाएर हेराइन्छ।
   केटीको चिनाटिपन मिलाएर हेराइन्छ।
   केटा र केटीको चिनाटिपन मिलाएर हेरिन्छ।

3. गरिन्छ।
   जनैसुपारी गरिन्छ।
   तोकेपछि जनै सुपारी गरिन्छ।
   लगन तोकेपछि जनै सुपारीगरिन्छ।
   पुरेतबाट लगन तोकेपछि जनै सुपारी गरिन्छ।

III. प्रतिवचन अभ्यास Response Drill

नमूना Model

कुनै कुनै ठाउँ फूलमालालाई नै जनै सुपारी भनिन्छ।

1. ए हो र ! त्यसो गर्दा रहेछन् ?
2. किन र ? के फरक रहेछ ?
3. यो नयाँ चलन हो र ?

1. जनै सुपारी भयो भने बिहे छिनाफाना भयो भनिन्छ।
2. पत्र लाउने मान्छेले सम्भाव्य जन्तीको सङ्ख्याको पनि सूचना दिन्छन्।
3. चुल्हे निम्तोको महत्त्व निक्कै रहेछ।
4. निम्तारूहरूले बेउला-बेउलीलाई आशीर्वाद दिन्छन,भोज पनि खान्छन्।
5. बिहेमा आत्मीयहरूको खास भूमिका हुन्छ।

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model

पत्र ल्याएपछि निम्तो दिने काम गरिन्छ।
पत्र ल्याएपछि निम्तो दिने काम गरिँदैन।

1. आफन्तहरूलाई चुल्हे निम्तो दिइन्छ।
2. कसैकसैलाई बिहे हेर्न भनेर निम्तो दिइन्छ।
3. जनै सुपारी भए पछि बेहे छिनाफाना भयो भनिन्छ।
4. पुरेतबाट लगन तोकेपछि जनै सुपारी गरिन्छ।
5. हामीले पढन र लेख्न जान्दैमा ठूलो भइन्छ।

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model

नेपाली बिहेमा पहिला के गरिन्छ ?
नेपाली बिहेमा पहिला केटी हेरिन्छ।

1. केटा-केटीको चिनाटिपन मिलाएर के गरिन्छ ?
2. अचेल केटा र केटीलाई के गर्न अनुमति दिइन्छ ?
3. केको आधारमा लगन तोकिन्छ ?
4. के भएपछि बिहे रद्द गरिँदैन ?
5. कहाँ जनसुपारीलाई फूलमाला भनिन्छ ?

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate words from the choices given.

1. नेपाली बिहेमा दुई खाले _____ हुन्छ। (निम्ति, निम्तो, नित्य)
2. आफन्तहरूलाई _____ निम्तो दिइन्छ। (चरा, चुल्हे, सुपारी)
3. चुल्हे निम्तो _____ बिहे उतार्न केही न केही दायित्व लिन्छन्। (पाएकाले, पाए, पाउने)
4. केटीलाई बिहेमा _____ रूपमा निमत्याइन्छ। (औपचारिक, पत्रलाउने, छिनाफाना)
5. नेपाली बिहेमा _____ दिनै पर्ने चलन छैन। (दाइ, दाइजो, दाजु)

II. Complete the sentences using the appropriate forms of the given words.

1. लगन तोकेपछि जनै सुपारी _____। (गर्)
2. जनै सुपारी भए पछि बिहे रद्द गर्नु _____। (हो)
3. केटाकेटीको चिना टिपन मिलाएर _____। (हेर्)
4. हजुरबाट केही _____ सकिन्छ कि ? (जान्)
5. बिहेमा पहिला केटी _____। (हेर्)

III Complete the sentences using the appropriate words.

1. उनीहरूलाई कसैले पनि केही दिन _____ लाउँदैनन्।
2. नेपाली बिहेमा _____ माग्ने चलन छैन।

3. दाइजो माग्ने वा लिने त एउटा _____ हो।
4. चुल्हे निम्तोको _____ मलाई मन पर्छ।
5. पत्र लाउनेहरू _____ जानुपर्छ।

IV Rearrange the words and make sentences.

1. केटाकेटीलाई, अचेलभरि, हेराहेर, दिइन्छ, पनि, गर्न, अनुमति
2. तोकिन्छ, लगन, पुरेतद्वारा, आधारमा, केटीको, चिनाटिपनका, र, केटा
3. बिहेको, चिनाटिपन, मिल्यो, भने, अरू, कुरा, चलाइन्छ
4. भन्ने, भयो, बुझिन्छ, छिनाफाना, बिहे, भने, भयो, जनै सुपारी,
5. फूलमाला, पनि, भनिन्छ, ठाउँ, कुनैकुनै जनै-सुपारीलाई

V Underline the word in each group which does not belong to it

1. जनै सुपारी, फूलमाला, टिनाटिपन, बेउला, बेउली, घाम, निम्तो, जन्ती
2. आफन्त, आत्मीय, आफ्नो, ढिलो परिवार, मेरो, हाम्रो
3. हरियो, रातो, कालो, पहाड़, सेता, पहेंलो, नीलो
4. छिटो, ढिलो, फटाफट, चरा, भकाभक, धमाधम
5. नखानू, नजानू, नगर्नू, गर्नु ,नपत्याउनू ,नसोच्नू ,नबोल्नू

VI Answer the following questions with reference to the dialogue of the lesson.

1. कसलाई नेपाली बिहेबारे जान्न मन लागेको छ?
2. कसले नेपाली बिहेबारे भनिदिँदै छ?
3. नेपाली बिहेमा केटी मन पर्‌यो भने के हुन्छ ?
4. कोद्वारा चिना टिपन मिलाएर हेरिन्छ।
5. अचेल केटा र केटीहरूले के गर्ने अनुमति पाउँछन्?
6. लगन तोक्ने व्यक्ति को हो ?
7. के भएपछि बिहे छिनाफाना भएको मानिन्छ ?
8. दाइजो के हो ?
9. नेपाली बिहेमा के माग्ने चलन छैन ?
10. नेपालीहरू निम्तो बाँड्दा के दिन्छन् ?
11. चुल्हे निम्तो कसलाई दिइन्छ ?
12. बिहेमा आउनेले बेउला-बेउलीलाई के दिन्छन् ?
13. चुल्हे निम्तोको चलन कसमा अझै छँदै छ?
14. केमा शुभलगन तोकिन्छ ?
15. जन्ती लिएर को जान्छ ?

शब्दावली VOCABULARY

बिहे	marriage	सामान्यतः	generally, usually
ज्योतिषी	astrologer	चिना-टिपन	horoscope
अनुमति	permission	मन परापर	liking each other

पुरेत	priest	लगन	exact date and time of marriage
तोकेपछि	after deciding	प्रथा	system
बेउली	bride	पत्र	(formal) letter
ठ्याक्क	exact	विधि-विधान	rituals, ceremony
निम्तो	invitation	आफन्त	relative
आत्मीय	intimate	उतार्नु	to conduct, to make success
दायित्व	responsibility	औपचारिक	formal
निम्तारु	invitee	चलन	custom
पाहुना	guest	मौखिक	oral
दाइजो	dowry	गच्छे-अनुसार	as per ability
कर लाउनु	to force	सम्भाव्य	possible, approximate
शुभ-लगन	auspicious date of marriage	जन्ती	participants in marriage procession
बेउला	bridge-groom	छिनाहाना	finalization

टिप्पणी NOTES

8.47.1. Sentences indicating non-past passives are introduced. e.g.

पहिला केटी हेरिन्छ	First of all, the girl is seen.
तपाईंबाट केही जान्न सकिन्छ ?	Can it be known from you ?
ज्योतिषीबाट केटा र केटीको चिनाटिपन मिलाएर हेरिन्छ	The horoscopes of the boy and the girl are matched and seen by the astrologer.
लगन तोकेपछि जनैसुपारी गरिन्छ	After fixing the date of the marriage Janai supari (engagement) will be done.
जनै सुपारी भएपछि बिहे रद्द हुन सक्दैन	After Janai supari the marriage can not be cancelled.

8.47.2. In passivizing the verb -इन्छ is the (with respective tense marker) suffix, which is added to the verb root.

Present Passive

Verb root / verb stem + इन्छ

हेर् + इ+ न्छ = हेरिन्छ,	पहिला केटी हेरिन्छ	First of all, the girl is seen.
तोक् + इ+ न्छ = तोकिन्छ,	पुरेतबाट लगन तोकिन्छ	after the date of marriage is fixed(by the priest).
बोलाउ + इ+ न्छ = बोलाइन्छ,	पुरेत बोलाइन्छ	The priest is called invited.

8.47.3. Note that the postposition -बाट / द्वारा indicating the instrumental / ablative case is added to the noun.

Non Causative e.g.

पुरेतबाट लगन तोकेपछि जनैसुपारी गरिन्छ	After fixing the date of marriage the **Janai supari** (engagement) will be done.

Causative

उनीहरूद्वारा केटी मन पराइयो भने मात्र बिहेको कुरा अघि बढ्छ	If the girl is liked by them the talk about marriage will proceed further.
त्यसपछि ज्योतिषीद्वारा केटा र केटीको चिना टिपन मिलाएर हेराइन्छ	After that the horoscopes of the boy and the girl are matched and seen by the astrologer.

8.47.4. Passive is formed by suffixing -**इ** after the stem of the both transitive and intransitive roots as in other Indo-Aryan languages.

Types of passive formations in Nepali.

Transitivity	Structure	glossary.
Transitive verb	हेर् + इ + छ = हेरिन्छ हेर् + इ + यो = हेरियो	is seen was seen
Intransitive verb	सक् + इ + छ = सकिन्छ सक् + इ + यो = सकियो	can be could be

The passive structure is chosen only when the subject noun is defocused, not known, not mentioned and even if it is mentioned it cannot agree with the verb. The intransitive passive can have only 3rd person singular masculine forms.

CULTURAL NOTES

8.47.5. **जनै-सुपारी:** literarally 'sacred-thread and betel-nut' and ritually an act of engagement. At the time of asking for girl's hand the guardians of the boy offer **जनै-सुपारी**. At the acceptance of the same by the parents of the girl the act of betrothal is completed. It is also called **फूलमाला** (garlanding).

8.47.6. **पत्रलाउने** or **पत्रल्याउने** : literally 'bringing letter'. After the **जनै-सुपारी** ceremony is over, two persons from the groom's side bring a letter to the bride's family. The letter contains the exact date, time and hour of **लग्न** (formal marriage) and the information about the approximate number of persons to be brought along with the groom in procession. Only after getting the response from the bride's family the invitations are made by the groom's family.

8.47.7. **चुल्हे-निम्तो:** literarily 'hearth-invitation'. Special invitations made to very close relatives who are supposed to help the groom's or bride's family at the time of marriage.

8.47.8. **दाइजो:** Wedding gifts given to the bride by her parents on their own. The **दाइजो** is not a compulsory feature in Nepali marriage.

एकाइँ ८ Unit 8

पाठ - ४८ Lesson - 48

पुस्तक मेला
Book fair

संवाद DIALOGUE

विद्यापति : हिजो कतै गइयो ? तिमीलाई घरमा देखिएन त ?

Bidyapti : Did you go somewhere yesterday? You were not seen at home?

देवराज : म पुस्तक मेला गएको थिएँ। म त प्रत्येक वर्ष पुस्तक मेला जाने गर्छु। यसपालि बाहिरका धेरै प्रकाशकहरू आएका रहेछन्। किताब त धेरै हेरियो तर थोरै किनियो, किनभने तलब पाइएको छैन।

Debaraj : I had gone to the book fair. Every year I go to the book fair. This time many publishers from out side had come. Many books were seen but only a few were purchased by me because the salary was not received.

विद्यापति : यसपालि चाहिँ आयोजकबाट कुनै साहित्यिक कार्यक्रम आयोजन गरिएको थिएन ?

Bidyapati : Were not some literary programmes also conducted by the organizers this time ?

देवराज : अँ। केही राम्रा कार्यक्रमहरू जस्तै सेमिनार र कवि सम्मेलनहरू थिए। लेखक र पाठक बीचको गजबको अन्तर्क्रिया कार्यक्रम आयोजन गरिएको थियो। यी सबै कार्यक्रम सम्पूर्ण रूपले उपभोग गरियो।

Debaraj : Yes, of course. Some good programmes like seminars and poets meet were there. An interaction programme between the writers and their readers was also conducted beautifully. All these programmes were thoroughly enjoyed.

विद्यापति : सभापतिको सम्बोधन कस्तो थियो ?

Bidyapati : How was the chairperson's address ?

देवराज : गजबको थियो। सबैबाट निष्तब्ध बनेर सुनियो।

Debaraj : Excellent. It was listened to by all in pin drop silence.

विद्यापति : कार्यक्रममा तिमीले पनि भाग लियौ ?

Bidyapati : In the interaction programme did you take part ?

देवराज : अँ। मबाट धेरै प्रश्नहरू सोधिए।

विद्यापति : लेखकहरूले तिम्रा प्रश्नका उत्तर दिए त ?

देवराज : अँ। कसै-कसैले चित्तबुझ्दो उत्तर दिए। केही प्रश्नका उत्तर चाहिँ सहभागीहरूबाट दिइयो।

विद्यापति : किन लेखकहरू आफैले सबै प्रश्नका उत्तर दिएनन् ?

देवराज : त्यो के हो ? तिमीबाट एक थोक बिर्सिइयो। त्यो त अन्तर्क्रिया कार्यक्रम थियो। धेरै मानिसले छलफलमा भाग लिएका थिए। लेखकले मात्र उत्तर दिन जरूरी थिएन।

विद्यापति : त्यो त ठीक हो।

देवराज : एउटा कुरा मलाई पनि सोध्न मन लाग्यो। हिजो कतै गइयो? किन पुस्तक मेलामा आइएन ?

विद्यापति : घरमा मेरो जरूरी काम थियो। मेरी बहिनीलाई हेर्न केही मान्छे आएका थिए। के गर्नु आफू त घरको मूली भइयो। तिमी जान्दछौ नै। मैले नै सबै थोक व्यवस्था गर्नुपर्छ।

देवराज : निचोड़मा के भयो ? मलाई भन त। उनीहरूबाट तिम्री बहिनी मन पराइयो ? केटा पनि आएका थिए ?

विद्यापति : यी सबै कुरा विस्तृत रूपमा भनिनु छ। बिहान मन्दिर गइयो। अनि आफू यहाँ आइयो।

Debaraj : Yes, many questions were asked by me.

Bidyapati : Did the writers give answers to your questions ?

Debaraj : Yes, some of them gave convincing answers. Some questions were answered by the people who participated in the discussion.

Bidyapati : Why didn't the writers themselves answer all the questions ?

Debaraj : What is this ? One thing was forgotten by you. It was an interaction programme. Many people participated in the discussion. It was not necessary that only the writers should give the answers.

Bidyapati : That`s also correct.

Debaraj : One thing I would like to ask you. Where had you gone yesterday ? Why did you not come to the book fair?

Bidyapati : I had an urgent work at home. Somebody had come to see my sister. What to do ? I am the head of the family. You know it. I have to arrange all these things.

Debaraj : Finally what happened ? Tell me. Was your sister liked by them ? Had the boy also come?

Bidyapati : All these things are to be told in detail. In the morning I had gone to Mandir. And I have come here now.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. मेलामा धेरै पुस्तक हेरियो तर थोरै किनियो।
2. सबै कार्यक्रम राम्ररी उपभोग गरियो।
3. सबैबाट निष्तब्ध भएर सुनियो।
4. आफू बिहान मन्दिर गइयो।
5. उनीहरूबाट उसलाई मन पराइयो।
6. पैसा थिएन त्यसैले केही पनि किनिएन।
7. हिजो उनका घरमा जानु पर्थ्यो तर गइएन।
8. जे होस्, यहाँका सबै ठाउँ हेरियो केही छोडिएन।
9. राम्ररी पढ़ियो त्यसैले फेल भइएन।
10. कसैको उपकार गर्न सकिएन भने पनि अपकार चाहिँ गरिँदैन।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

भइयो।
मूली
मूली भइयो
घरको
घरको मूली भइयो।
के गर्नु
के गर्नु घरको मूली भइयो।

1. आइयो।
   यहाँ आइयो।
   आफू त यहाँ आइयो।
   त्यसैले आफू त यहाँ आइयो।

2. सोधियो।
   प्रश्न सोधियो।
   एउटा प्रश्न सोधियो।
   कार्यक्रममा एउटा प्रश्न सोधियो।
   मबाट कार्यक्रममा एउटा प्रश्न सोधियो।

3. पराइयो।
   मन पराइयो।
   उसलाई मन पराइयो।
   उनीद्वारा उसलाई मन पराइयो।

4. दिइयो।
   सहभागी बाटै दिइयो।
   उत्तर चाहिँ सहभागी बाटै दिइयो।
   प्रश्नका उत्तर चाहिँ सहभागी बाटै दिइयो।
   केही प्रश्नका उत्तर चाहिँ सहभागी बाटै दिइयो।

5. छैन।
   पाइएको छैन।
   तलब पाइएको छैन।
   किनभने तलब पाइएको छैन।
   थोरै किनियो किनभने तलब पाइएको छैन।
   किताब थोरै किनियो किनभने तलब पाइएको छैन।

III. प्रतिस्थापन अभ्यास Substitution Drill

नमूना Model यी सबै कार्यक्रम सम्पूर्ण रूपले उपभोग गरियो।
राम्ररी हेरियो
यी सबै कार्यक्रम सम्पूर्ण रूपले राम्ररी हेरियो।

1. सभापतिको सम्बोधन कस्तो थियो ?
   भनाइ
   भाषण
2. केही प्रश्नका उत्तर चाहिँ सहभागी बाटै दिइयो।
   भनियो
   फर्काइयो
   सुनाइयो
3. यस खाले काम विस्तृत रूपमा हुनु छ।
   गरिनु
   देखिनु

IV. रूपान्तरण अभ्यास Transformation Drill

नमूना Model a. उसलाई दश रुपियाँ दिइयो।
उसलाई दश रुपियाँ दिइएन।

1. तपाईलाई त निम्तो दिइयो।
2. उहाँलाई यहाँ बोलाइयो।
3. तिमीलाई यसबारे सबै कुरा सुनाइयो।
4. मलाई एउटा चिठी पठाइयो।
5. उसलाई भात खुवाइयो ?

नमूना Model b. उहाँलाई किताब दिइएको थियो।
उहाँलाई किताब दिइएको थिएन।

1. तिमीलाई भोलि आउनु भनिएको थियो।
2. तँलाई जान्छस् भनेर सोधिएको थियो।
3. तपाईंलाई छिट्टै आउनु भनेर बोलाइएको थियो।
4. उहाँलाई खबर दिनु है भनेर पठाइएको थियो।
5. त्यसलाई काम पूरा गरेर मात्र जानू भनिएको थियो।

V. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model देवराजबाट धेरै के हेरियो ?
देवराजबाट धेरै किताब हेरियो।

1. सबै मानिसद्वारा के उपभोग गरियो ?
2. केही प्रश्नका उत्तर कसबाट दिइयो ?
3. विद्यापति किन पुस्तक मेला गएनन् ?
4. बिहान विद्यापति कहाँ गएका रहेछन् ?
5. को-बाट एक थोक बिर्सियो ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. हिजो तिमीलाई घरमा _____ त ? (देखिएन, छैनौ, थिएनौ)
2. म प्रत्येक वर्ष पुस्तक मेला _____ गर्छु। (जाने, जाऊ, जान्छु)
3. मेलामा दुइटा मात्र किताब _____। (किनाइ, किनियो, किन्नु)
4. सबै कार्यक्रम राम्ररी _____। (हेरियो, सम्पूर्ण, कस्तो)
5. तपाईले पनि त्यहाँ _____ लिनुभयो ? (भाग, कार्यक्रम, आयोजन)

II Complete the sentences using the appropriate forms of the words given.

1. हिजो किन क्लास _____? (आउ)
2. क गर्नु! आफू त घरको मूली _____। (हो)
3. यसबारे धेरै काम _____ छ। (गर्)
4. लेखकले मात्र उत्तर दिनु जरूरी _____। (छ)
5. केही प्रश्नका उत्तर सहभागीबाटै _____। (दि)

III. Complete the sentences using the appropriate words.

1. तिम्रामा केटा _____ आएका थिए?
2. हिजो कतै _____ कि के हो ?
3. धेरै मानिसले _____ भाग लिएका थिए।
4. तपाईं मेरा प्रश्नका _____ दिन सक्नुहुन्छ ?
5. हिजो म क्लास _____ सकिनँ।
6. किनभने मेरो घरमा एउटा _____ काम थियो।
7. के गर्नु क्लासमा _____ शब्दहरू मनमा राख्न गारो पर्दो रहेछ ।
8. धेरै-जसो शब्दका अर्थ त _____ छ।
9. मानिसले रहर _____ धेरै थोक सिक्न सक्छ।
10. रहरले मानिसलाई नयाँ काममा _____ लगाउँछ।

IV. Tick the word pair, which is similar in relationship to the underlined test word pair.

1. श्रीमान्-श्रीमती, पेन-पेन्सिल, खोला-पानी, कथा-किताब, भाजु-भाउजू
2. रूख हाँगा, बाटो-गोरेटो, बाबा-आमा, खानु-पिउनु, घर-कोठा
3. बादल झरी, दाजु-बहिनी, ठूलो-सानो, घर-आँगन, आटा-रोटी
4. माथि-तल, पहाड-बेसी, हाती-घोडा, कालो-सेतो, अगाडि-पछाडि
5. आँखा-देख्नु, हात-औला, साथी-भाइ, टेबल-कुर्सी, नाक-सुङ्नु
6. हिडनु-कुदनु, देख्नु-सुङ्नु, बस्नु-उठ्नु, बाँच्नु-मर्नु, रूनु-हाँस्नु

V. Add three more word pairs for each set following the model pairs.

1. अनारस-गुलियो, खोर्सानी-पीरो, ...
2. तल-माथि, बाहिर-मित्र,.....
3. यहाँ-त्यहाँ, जसरी-तसरी, ...
4. आइज-आउनुहोस्, खा-खानुहोस् .....
5. हाँस-हसाइँ, डुल-डुलाइ .....
6. डाक्टर-बिरामी, पसले-ग्राहक.....

शब्दावली VOCABULARY

पुस्तक मेला	book fair	प्रकाशक	publisher
साहित्यिक	literary	कवि-सम्मेलन	poets' meet
पाठक	reader	लेखक	writer
अन्तर्क्रिया	interaction	उपभोग	enjoyment
सम्बोधन	address, lecture	निस्तब्ध	silent
जरूरी	needful, necessary	घरको मूली	head of the family
व्यवस्था	arrangement	चित्त बुझ्दो	convincing
निचोडमा	finally, summarily	विस्तृत	detailed
गजब	fine, excellent		

टिप्पणी NOTES

8.48.1. Past passive voice constructions are introduced in this lesson. Note the underlined verb forms in the following sentences

i) किताब त धेरै हेरियो तर थोरै किनियो किनभने तलब पाइएको छैन।
Many books were seen but only a few were purchased because the salary was not received.

ii) मबाट धेरै प्रश्न सोधिए।
Many questions were asked by me.

iii) केही प्रश्नका उत्तर चाहिँ सहभागीहरूबाटै दिइयो।
Some questions were answered by the participants in the discussion itself.

iv) तिमीबाट एक थोक बिर्सिइयो ?
One thing was forgotten by you.

v) उनीहरूद्वारा उसलाई मन पराइयो ?
Was your sister liked by them?

vi) के गर्नु! आफू त घरको मूली भइयो।
What to do! I have become the head of the family.

vii) बिहान मन्दिर गइयो।
In the morning I had gone to the temple.

viii) त्यसैले आँफू यहाँ आइयो।
That is why I have come here.

In sentences **(i)** to **(v)** the past passive forms of transitive verbs are used. They are formed by adding the suffix -इयो to the respective verb roots. e.g.

Non causative

Verb root + suffix -इयो

हेर् + इयो = हेरियो	was/were seen
किन् + इयो = किनियो	was/were purchased
सोध् + इयो = सोधियो	was/were asked
दि + इयो = दिइयो	was/were given
बिर्सि + इयो = बिर्सिइयो	was/were forgotten

Causative

पर् + आउ + इयो = पराइयो, मन पराइयो	was liked
किन् + आउ + इयो = किनाइयो, किताब किनाइयो	was bought

8.48.2. In sentences (vi) to (viii) the intransitive verbs हु (become), जा (go), आउ (come) are made into structurally passive forms by the addition of the suffix - इयो as given below.

हु + इयो = भइयो	have become
जा + इयो = गइयो	have gone
आउ + इयो = आइयो	have come

It may be noted that above type of intransitive verbs in combination with the suffix -इयो indicate the meaning that the action referred to has been done by the subject itself. This usage is only with respect to the first person. In such sentences the reflexive pronouns only are used. e.g.

आफू त घरको मूली भइयो।	I (myself) have become the head of the family.
आफू त आइयो।	I (myself) have come.
आफू त गइयो।	I (myself) have gone.
विष खायो भने मरिन्छ।	If one takes poison, and dies.

8.48.3. Use of passive form in Nepali

Nepali speakers choose a passive form instead of the active one when:

i) The speaker wants to defocus the subject :
ii) The speaker wants to focus the object :
iii) The speaker wants to focus the action :
iv) The speaker does not know the doer of the action :
v) The speaker wants to note oneself distinct from the rest :
vi) The speaker speaks about the convention where mention of the agent or subject is not at all important.

8.48.4. In a south Asian language like Nepali the retired subject (मबाट or मद्वारा) is not at all mentioned in everyday speech. The retired subject is mentioned only if it expresses capabilitative meaning:

i) a. काले माइलाले मात्र सर्प समात्छ। (active) Kale maila catches a snake

b. काले माइलाबाट मात्र सर्प समातिन्छ। (passive) A snake is caught by kale maila

ii) a. म भारी बोक्तिनँ। (active)

b. मबाट भारी बोकिंदैन। (passive)

Except for this context (of capability) the retired subject (बाट-phrase) is not at all mentioned. e.g.

iii) यो सुन्तला टोकिँदैन।

iv) यो दाउरो चिरिँदैन।

v) तँबाट यो दाउरो चिरिँदैन।

vi) मबाट यो दाउरो चिरिँदैन।

vii) गोरेबाट यो मुढो चिरिन्छ।

viii) हिजो कतै गइयो ?

ix) आफूले त भात खाइयो।

8.48.5. If the subject is a noun referring to a member of the royal family, then

i) The post position ले is replaced by बाट

मैसुफबाट भुजा ज्युनार गरिबक्सियो His majesty took food.

ii) The root of the verb is followed by - इ + बक्सि + ending

गर् + इ + बक्सि + यो; हो + इ + बक्सि + न्छ

iii) There are some special words, which replace words:

मौसुफ - He (his majesty), भुजा - food, ज्युनार - eat, गरिबक्सियो - did

8.48.6. Examples of impersonal passive.

i) आफूले त भात खाइयो। Rice has been taken (by self)

ii) हिजो कतै गइयो? Yesterday where were (you) gone ?

iii) विष खायो भने मरिन्छ। If poison is taken (the person) is dead.

In these sentences of the भाववाच्य there is usually a reference to

i) The first person subject

ii) The second person subject in the interrogative sentences

ii) The third person subject if the subject is conventionally and contextually understood.

एकाइँ ८
Unit 8

पाठ - ४९
Lesson - 49

हाजिरी जवाफ
Quiz

संवाद DIALOGUE

शिक्षक : प्यारा विद्यार्थी हो, प्रधान शिक्षक- को सल्लाह अनुसार तिमीहरू जिल्लास्तरको हाजिरी जवाफ प्रतियोगितामा भाग लिन जानुपर्छ। त्यसको लागि तिमीहरूले अभ्यास गर्नुपर्छ। त्यसैले तिमीहरूलाई मैले यहाँ बोलाएको हो। सेक्सन **ए** र सेक्सन **बी-** का विद्यार्थीहरू आफ्नो-आफ्नो दलमा बस। तिमीहरूको दलको नाम पनि सेक्सन अनुसार नै **ए** र **बी** हुनेछ।

Teacher : Dear students, as per the advice of our Head Master you have to participate in the district level quiz competition. For that you have to practise. That is why I have called you here. You the students of section A and B sit in your respective groups. Your group names will also be A and B according to the section.

रहमन : माफ गर्नु होला, सर। कसरी यो कार्यक्रम चलाउनु ?

Rahman : Excuse me sir. How do we conduct the programme ?

शिक्षक : मलाई भन्न देऊ । हाजिरी-जवाफ, यो विशेष प्रकारको हाजिरी जवाफ हो। पहिला ग्रुप **ए** ले ग्रुप **बी-**लाई पाँचवटा प्रश्न सोध्नुपर्छ। ग्रुप **ए** को नेताले सोधेको प्रश्नहरू ग्रुप **बी**ले लेखेको राम्रो हुनेछ। पाँचवटा प्रश्नको उत्तर दिने समय पाँच मिनट रहनेछ। त्यसपछि ग्रुप **बी-**को प्रश्न गर्ने पालो आउँछ। आफ्नोआफ्नो क्लास क्यापटेनले ग्रुपलाई नेतृत्व गरी प्रश्न

Teacher : Let me tell you. This is a special type of quiz. First of all, the group A has to ask five questions to the group B. It is better that group B members may write down the questions when the group A leader asks the questions. The time for answering, five questions is five minutes. Then it will be group B's turn to ask questions. The respective class captains will lead their groups and ask questions. Before starting the quiz you can take ten minutes to prepare as many questions as possible. I will just be sitting

गर्नुपर्छ। त्यसको अधि सरसल्लाह गर्न दश मिनट समय लिन सकिन्छ । (विद्यार्थीहरू आपसमा सरसल्लाह गर्छन्)

here and observing how you are conducting the quiz. I will give my comments at the end. (The students discuss among themselves in their respective groups)

रहमन : (ग्रुप ए, नेता) सर, हामी तयार भयौं।

Rahman : (Group A leader) Sir, we are ready.

सुनिता : (ग्रुप बी, नेत्री) सर हामी पनि तयार भयौं।

Sunita (Group B leader): Sir, we are also ready.

शिक्षक : रहमन, तिमी सुरू गर।

Teacher : Rahman, you start.

रहमन : हाम्रा पाँचवटा प्रश्न यस प्रकार छन्।

Rahman : Here are our five questions.

पहिलो प्रश्न 1. खच्चडले के गर्छ ?

Question Number 1 - What do mules do ?

2. हावाले के गर्छ ?
2. What does the wind do ?
3. हामी केले धेरै लेख्दैनौं ?
3. What we do not write mostly with ?
4. कसले राष्ट्रपतिलाई शपथ-ग्रहण गराउँछ ?
4. Who administers the oath of office to Rastrapati ?
5. काश्मीरदेखि कन्याकुमारीसम्म भ्रमण गर्दा तिमी कतिवटा राज्य देख्न सक्छौ ?
5. How many states can be seen if you travel from Kashmir to Kanyakumari?

सुनिता : हुन्छ। हामी उत्तर दिँदैछौं। पहिलो प्रश्नको उत्तर हो, खच्चडले भारी बोक्छ।

Sunita : O.K. We are answering. Answer to the 1st question is: The mule carries the load.

दोस्रो - हावाले उडाउँछ।

2nd - The wind blows.

तेस्रो - हामी पेन्सिलले धेरै लेख्दैनौं।

3rd - We do not write mostly with the pencil.

चौथो - सर्वोच्च न्यायालयको मुख्य न्यायधीशले राष्ट्रपतिलाई शपथ ग्रहन गराउँछन्।

4th - The Chief Justice of the supreme court administers the oath of office to the President.

पाँचौ - काश्मीर्देखि कन्याकुमारीसम्म भ्रमण गर्दा दशवटा राज्य देखिन्छ।

5th - Ten states can be seen if we travel from Kashmir to Kanyakumari.

रहमन : ठीक। तिमीहरूले सबै ठीक-ठीक उत्तर दियौ। अब तिमीहरूको पालो।

सुनिता : हुन्छ। हाम्रा प्रश्नहरू यस प्रकार छन्।

1. अर्जुनले कोसित धनुर्विद्या सिकेका थिए?
2. पाण्डवसँग को वन गएको थियो ?
3. कुन वर्षदेखि स्वतन्त्रता दिवस मनाउन थालियो ?
4. हामीले आवश्यक चीजहरू कहाँबाट किन्छौं ?
5. भारतमा केमा चढेर लामो भ्रमण गरिन्छ ?

रहमन : हुन्छ। अब उत्तर सुन।

1. अर्जुनले द्रोणाचार्यसित धनुर्विद्या सिकेका थिए।
2. पाण्डवसँग द्रौपदी वन गएकी थिइन्।
3. सन् 1947 देखि हामीले स्वतन्त्रता दिवस मनाउन थाल्यौं।
4. हामी आवश्यकीय चीजहरू दोकानबाट ल्याउँछौं।
5. भारतमा लामो यात्राका लागि रेलमा भ्रमण गरिन्छ ।

सुनिता : ठीक छ। अब फेरि तिमीहरूको प्रश्न गर्ने पालो।

रहमन : हो। सुन।

1. रामायणमा उर्मिला कसकी पत्नी थिइन् ?
2. कैकयीको छोरो को थिए ?
3. राजा दशरथका पत्नी को-को थिए ?
4. कसले रावणलाई मार्‌यो ?
5. कसलाई रामले औठी दिए ?

Rahman : O.K. You have answered correctly. Now it is your turn.

Sunita : O.K. Our questions are as follows :

1. From whom did Arjuna learn the art of archery ?
2. Who had gone to jungle with Pandavas ?
3. From which year we started celebrating independence day ?
4. From where do we buy things necessary for us ?
5. In India what is the mode of travelling for long distance ?

Rahman : O.K. listen to the answers now.

1. Arjun learnt the art of archery from Dronacharya.
2. Droupadi had gone with Pandavas (to jungle).
3. Since 1947 we started celebrating our independence day.
4. We bring essential things from the shops.
5. In India people travel by train for long distance.

Sunita : O.K. Now again (it is) your turn to ask questions.

Rahman : Yes, please listen.

1. Whose wife was Urmila in Ramayana ?
2. Who was the son of Kaikayi ?
3. Who were the wives of king Dasharatha ?
4. Who killed Ravana
5. Whom did Rama give (his) ring?

सुनिता : हुन्छ। अब उत्तर सुन।

1. रामायणमा उर्मिला लक्ष्मणकी पत्नी थिइन्।
2. कैकेयीका छोरो भरत थियो।
3. कौशल्या, कैकेयी र सुमित्रां राजा दशरथका पत्नीहरू थिए।
4. रामले रावणलाई मारे।
5. हनुमानलाई रामले औंठी दिए। रहमन अब तिम्रो प्रश्न गर्ने पालो।

रहमन : हुन्छ। हाम्रा प्रश्न सुन।

1. हाम्रो पुस्तकालयको नियमअनुसार कति दिनभित्रमा किताब फर्काउनुपर्छ ?
2. तिमीहरू र हामीमा के फरक छ ?
3. रामायण कसले लेखे ?
4. हाम्रो कक्षाभन्दा माथि कसको कोठो छ?
5. हाम्रो कक्षाभन्दा मनि कुन कक्षाको कोठो छ ?

सुनिता : हुन्छ। उत्तर सुन।

1. हाम्रो पुस्तकालयको नियम अनुसार 15 दिनभित्रमा किताब फर्काउनुपर्छ।
2. तिमीहरू र हामीमा सेक्सनको नामको फरक छ।
3. वाल्मिकीले रामायण लेखे।
4. हाम्रो कक्षाभन्दा माथि प्रधान शिक्षकको कोठो छ।
5. हाम्रो कक्षाभन्दा मनि कक्षा सातको कोठा छ।

Sunita : O.K. Now please listen to the answers.

1. Urmila in the Ramyana was the wife of Laxmana.
2. Kaikayi's son was Bharata.
3. Kousalya, Kaikayi and Sumitra were the wives of the king Dasharatha.
4. Rama killed Ravana.
5. Rama gave his ring to Hanuman.

Rahman, it is now your turn to ask questions.

Rahman : O.K. Please listen to our questions.

1. As per our library rules within how many days we have to return the books?
2. What is the difference between you and we ?
3. By whom the Ramayana was written?
4. Whose room is there above our class room ?
5. Which class room is there below our class room ?

Sunita : O.K. Please listen to the answers.

1. As per our library rules we have to return the book within 15 days.
2. The difference between we and you is in the names of our sections.
3. The Ramayana was written by Valmiki.
4. Above our class room there is Head Master's room.
5. Below our class room there is class VII.

शिक्षक : प्यारा विद्यार्थी हो, तिमीहरूले राम्रो गर्‍यौ। दुवै दलको प्रदर्शन राम्रो छ। मैले एउटा कुरामा ध्यान दिएको छु। तिमीहरूको प्रश्न-उत्तरमा नेपाली व्याकरणको पाठ छ। केही उदाहरणमा तिमीहरूले विभिन्न विभक्तिको प्रयोग गरेका छौ। तिमीहरूले त्यत्तिकै प्रश्न सोध्यौ कि विशेष उद्देश्यले सोध्यौ म जान्दिनँ।

Teacher : Dear students, you have done very well. Both the groups are equal in performance. I have noted one thing. In your questions and answers there is a Nepali grammar lesson. In some examples you have shown the use of different case suffixes. I don't know whether you did it knowingly or it came by chance.

विद्यार्थी : सर, हामीले त्यतिकै केही प्रश्नहरू गरेका हौं। अब चाहिँ विभिन्न नेपाली र विभक्तिको प्रयोगबारे हामीलाई बुझाइदिनुहोस् ।

Student : Sir, we just asked questions. Now please explain to us the use of different Nepali case suffixes.

शिक्षक : अब तिमीहरूले एक-एक गरेर मेरा प्रश्नका उत्तर देओ। रहमन, तिमीहरू कुन कक्षामा पढ्दै छौ ?

Teacher : Now you answer my questions one by one. Rahman, in which class are you studying ?

रहमन : हामी नौ कक्षामा पढ्दै छौं।

Rahman : We are studying in class nine.

शिक्षक : कतिवटा प्रश्नका उत्तर तिमीहरूले दियौ ?

Teacher : How many questions did you answer ?

रहमन : हामीले दशवटा प्रश्नका उत्तर दियौं।

Rahman : We answered ten questions.

शिक्षक : तिमीहरूको नेपाली गुरु को हो ?

Teacher : Sunita, who is your Nepali teacher ?

सुनिता : हाम्रा नेपाली गुरु देवेन शर्मा हुनुहुन्छ।

Sunita : Our Nepali teacher is Deben Sharma.

शिक्षक : तिमीहरूका कति जना गुरु छन् ?

Teacher : How many teachers do you have ?

विद्यार्थी(हरू) : हाम्रा दश जना गुरु हुनुहुन्छ।

Students : We have ten teachers.

शिक्षक	: तिमीहरूकी गुरुआमा पनि छिन् ?	Teacher	: Do you have a lady teacher ?
विद्यार्थी	: हो। हाम्री एक जना गुरुआमा हुनुहुन्छ।	Student	: Yes, we have one lady teacher.
शिक्षक	: तिमीहरूलाई कसले विज्ञान पढाउँछ ?	Teacher	: Who teaches you Science ?
विद्यार्थी	: कमल सिन्हा सरले हामीलाई विज्ञान पढाउनुहुन्छ।	Student	: Sir, Kamal Sinha teaches us science.
शिक्षक	: स्कूल वीकमा तिमीहरूसित कसले फुटबल खेल्छ ?	Teacher	: In school week who is going to play foot ball with you ?
राजेश	: हामीसित कक्षा दशका विद्यार्थी--हरू फुटबल खेल्छन्।	Rajesh	: Class ten students are going to play with us.
शिक्षक	: तिमीहरूमा सबभन्दा राम्रो फुटबल कसले खेल्छ ?	Teacher	: Who plays football well among you ?
राजेश	: हामीमा सुरेशचन्द्र सबभन्दा राम्रो खेल्छन्।	Rajesh	: Among us Suresh Chandra plays best of all.
शिक्षक	: म कुन व्याकरण पाठको कुरा भन्दै छु, तिमीहरूले बुझ्यौ ? कसैले भन्न सक्छ ?	Teacher	: Did you understand what grammar lesson I was referring to ? Can any one tell ?
शारदा	: म भन्न सक्छु सर। तपाईं, तिमी, तिमीहरू, तिमीलाई, तिमीसित वा तिमीसँग, तिमीमा, हामी, हाम्रो, हामीलाई, हामीसँग आदिको प्रयोगबारे भन्दै हुनुहुन्छ।	Sharada	: I can say Sir. You are telling about the use of the words like you, your, to you, with you, in you, we, our, to us, with us etc.
शिक्षक	: हो, खुबै राम्रो, शारदा। तिमीले गाँठी कुरा समात्यौ। अरू चाहिं के भन्छन् ?	Teacher	: Yes, very good Sarada, you have caught the point. What do the others say ?
विद्यार्थीहरू:	अहिले हामीले पनि बुझ्यौं।	Students	: Now we also understood.

शिक्षक : ल ठीक छ। भोलि चाहिँ तिमीहरूले हाजिरी-जवाफमा सोध्ने प्रकारका प्रश्नबारे छलफल गर्नेछु। एउटा खास कुरा तिमीहरूले के ध्यान दिनुपर्छ भने एउटा प्रश्नको एउटै मात्र शुद्ध उत्तर होस्। आज सोधेका प्रश्नहरूलाई ध्यान दियौ भने केही प्रश्नका एउटाभन्दा धेरै शुद्ध उत्तर आउने सम्भावना छ। अरू बुँदाबारे म भोलि व्याख्या गर्नेछु।

Teacher : Good. Tomorrow I will discuss some points regarding the types of questions you should ask in a quiz programme. One important thing you should remember is that each question should have only one correct answer. If you think about the questions asked in quiz today you will find that some questions could have had more than one correct answer. I will explain the other point tomorrow.

विद्यार्थी : हवस सर।

Students : Thank you sir.

मौखिक अभ्यास DRILLS

I. आवृत्ति अभ्यास Repetition Drill

1. कुनै पनि कामको लागि तिमीले अभ्यास गर्नुपर्छ।
2. एउटा कामको लागि तिमीहरूलाई यहाँ बोलाएको हो।
3. हामीलाई चाहिने चीजहरू हामी कहाँबाट पाउँछौं?
4. सन् 1947 देखि स्वतन्त्रता दिवस मनाउन थाल्यौं।
5. तिमीहरू र हाम्रो समूहमा के-को फरक छ?
6. यसको उत्तर व्याकरणमा छ।
7. तिमीहरूसित कसले फूटबल खेल्छ?
8. तिम्रो किताब कति दिनमा फर्काउनु पर्छ ?
9. कसले रामायण लेखे ?
10. खच्चडले भारी बोक्छ।

II. वाक्य निर्माण अभ्यास Build up Drill

नमूना Model

खेल्छ ?
फुटबल
फुटबल खेल्छ ?
कसले
कसले फुटबल खेल्छ ?
तिमीहरूसित
तिमीहरूसित कसले फुटबल खेल्छ ?

1. खुवाउँछ ?
   कसम खुवाउँछ ?
   राष्ट्रपतिलाई कसम खुवाउँछ ?
   कसले राष्ट्रपतिलाई कसम खुवाउँछ ?

2. सक्छौ ?
   देख्न सक्छौ ?
   राज्य देख्न सक्छौ ?
   कतिवटा राज्य देख्न सक्छौ ?
   तिमी कतिवटा राज्य देख्न सक्छौ ?
   भ्रमण गर्दा तिमी कतिवटा राज्य देख्न सक्छौ ?
   कन्याकुमारीसम्म भ्रमण गर्दा तिमी कतिवटा राज्य देख्न सक्छौ ?

3. थिए।
   सिकेको थिए।
   धनुर्विद्या सिकेका थिए।
   द्रोणाचार्यसित धनुर्विद्या सिकेका थिए।
   अर्जुनले द्रोणाचार्यसित धनुर्विद्या सिकेका थिए।

III. वाक्य विच्छेद अभ्यास Split up Drill

नमूना Model a. तपाईंको भनाइ-अनुसार प्रत्येक मानिस परिश्रमी हुनै पर्छ।
a. तपाईंको भनाइ छ।
b. प्रत्येक मानिस परिश्रमी हुनै पर्छ।

1. तपाईंको सोचाइ-अनुसार भारतले प्रगति गरिरहेको छ।
2. मेरो विचार-अनुसार विभिन्न भाषाको अध्ययन गर्नु रमाइलो कुरा हो।
3. तिम्रो भनाइ-अनुसार भाषा केन्द्रमा धेरै ज्ञान पाइन्छ।
4. उहाँको भनाइ-अनुसार उहाँलाई पीर परेको हुन सक्छ।
5. हाम्रो ठनाइ-अनुसार हामीले कुनै गल्ती गरेका छैनौं।

नमूना Model b. तिम्रो विचारमा उनको काम पक्का छ।
a. तिम्रो विचार छ।
b. उनको काम पक्का छ।

1. हाम्रो भनाइमा तपाईंले काम गर्नुपर्छ।
2. तिम्रो विचारमा मैले गरेको काम गल्ती भएछ।
3. उहाँको आफ्नो सोचाइमा हामीले कुनै गल्ती गरेकै छैन।
4. यहाँ-सरको ठनाइमा कुनै मानिसले पनि यो कुरा विश्वास गर्दैनन्।

IV. वाक्य संयोजन अभ्यास Combination Drill

नमूना Model
a. हजुरकहाँ धेरै किताब छन्।
b. मलाई थाहा छ।
● हजुरकहॉ धेरै किताब छन् भन्ने कुरा मलाई थाहा छ ।

1. a. तिमी एक जना मेहनती विद्यार्थी हौ।
   b. सबैलाई थाहा छ।
2. a. मैसूर कर्नाटकमा छ।
   b. कसले जान्दैन र?
3. a. अर्जुनले द्रोणाचार्यसित धनुर्विद्या सिकेका थिए।
   b. महाभारत पढनेले नजान्ने कुरै आउँदैन।
4. a. रामले रावणलाई युद्धमा मारेका थिए।
   b. कसले नजानेको होला र ?
5. a. पुस्तकालयको पुस्तकहरू फर्काउनुपर्छ।
   b. प्रत्येक पाठक वा विद्यार्थीले जानैकै हुन्छ।

V. प्रतिवचन अभ्यास Response Drill

नमूना Model
रामायणकी उर्मिला कसकी पत्नी थिइन्?
1. मलाई थाहा छैन।
2. मलाई मतलब छैन।
3. जो सुकैकी पत्नी हुन्, मलाई के खॉचो?
4. मैले जान्नै पर्छ भन्ने छैन।
5. पछि भनौंला।

1. कसलाई रामले औंठी दिएका थिए?
2. तिमीहरू र हामीमा उमेरको फरक छ।
3. पाण्डवसँग को वनमा गएथ्यो?
4. भारतमा केमा लामो भ्रमण गर्छन्?
5. कसले राष्ट्रपतिलाई कसम खुवाउँछन्?

VI. प्रश्नोत्तर अभ्यास Question Answer Drill

नमूना Model
कसले हाजिरी जवाफमा भाग लिनुपर्छ ?
विद्यार्थीहरूले हाजिरी जवाफमा भाग लिनुपर्छ।

1. हाजिरी जवाफ कुन स्तरमा हुँदै छ ?
2. हाजिरी जवाफ कार्यक्रममा जान विद्यार्थीहरूले के गर्नुपर्छ ?

3. विद्यार्थीहरूको सेक्सनको नाम के के हो ?
4. पाँचवटा प्रश्नको उत्तर दिने समय कति छ ?
5. विद्यार्थीहरूले सरसल्लाह गर्न कति समय लिन सक्छन् ?

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. खच्चडले _____ बोक्छ। (भारी, भरे, भरि)
2. अब तपाईंहरूको _____। (पालो, पाले, पाल्)
3. हामी आवश्यकीय _____ दोकानबाट किन्छौं। (चीजहरू, तीज, दिवस)
4. अब _____ तपाईंहरूको प्रश्न गर्ने पालो। (फेरि, फेरेर, भरि)
5. द्रोणाचार्यले अर्जुनलाई _____ सिकाएका थिए। (धनुर्विद्या, हुन्छ, चीज)

II Complete the sentences using the appropriate forms of the given words.

1. तपाईं मलाई एउटा राम्रो सल्लाह _____। (दि)
2. उहाँले तपाईंलाई के _____? (भन्)
3. तपाईंको कोठामा कति जना आसामका साथीहरू _____? (छ)
4. हाम्रो पुस्तकालयमा तपाईं _ _____? (जा)
5. पाण्डवहरू द्रौपदीका को _____? (हो)

III Complete the sentences using the appropriate words.

1. तिमीहरूले कतिवटा प्रश्नका उत्तर _____?
2. हामी _____ विभागका विद्यार्थी हौं।
3. तिमी उदाहरण _____ यो कुरा भन्दै छौ।
4. उहाँले _____ प्रश्न सोध्नु भयो कि जानेर सोध्नुभयो-?
5. बाल्मिकीले रामायण _____ थिए अरे ?

IV Add three more word pairs for each set following the model pairs.

1. खायौ-खानुभयो, गयौ-जानुभयो, ...
2. सानो-ठूलो, कालो-सेतो, ...
3. मामा-माइजू, दाजु-भाउजू, ...
4. जसले-त्यसले, जो-त्यो, ...
5. असम-गुवाहाटी, मणिपुर-इम्फाल, ...

V Rewrite as directed

1. तपाईं फटाफट प्रश्नका उत्तर दिनु-हुन्छ। (Change into past)
2. हामी गर्नु पर्ने काम गर्छौं। (Change into present continuous)
3. हामी पेन्सिलले धेरै लेख्दैनौं। (Change into singular)
4. पाण्डवसित द्रौपदी वन गएकी थिइन्। (Change into negative interrogative)
5. रामले रावणलाई मारे। (Change the voice into passive)

VI Answer the following questions with reference to the dialogue of the leeson.

1. रामले कसलाई औंठी दिएका थिए ?
2. राजा दशरथका पत्नी कति जना थिए?
3. उर्मिला को थिइन् ?
4. प्रधान शिक्षकको कोठा कहाँ छ ?
5. रामायण कसले लेखेका थिए ?
6. रहमनहरू कुन कक्षामा पढदै थिए ?
7. देवेन हाम्रो को हो ?
8. उनीहरूको कति जना गुरु हुनुहुन्छ ?
9. कसले गाँठी कुरा समात्यो ?
10. विज्ञान कसले पढाउँछ ?

शब्दावली VOCABULARY

हजिरी जवाफ	quiz, wit	जिल्ला स्तर	district level
अभ्यास	practice	नेतृत्व	leadership
खच्चड़	pony, mule	धनुर्विद्या	archery
आवश्यकीय	essential	पालो	turn (time)
प्रदर्शन	performance	व्याकरण	grammar
उदाहरण	example	विभक्ति	case-ending
प्रत्यय	suffix	गाँठी कुरा	main point
बुँदा	point		

टिप्पणी NOTES

8.49.1. The use of different case suffixes indicating relationship between the verb and other words in sentences are reinforced.

Read the following sentences in which the different casal relationships are indicated with the use of suffixes added to nouns and pronouns.

i) त्यसको लागि तिमीहरूले अभ्यास गर्नुपर्छ।	For that, you have to practise
ii) त्यसैले तिमीहरूलाई मैले यहाँ बोलाएको हो।	That is why I have called you here.
iii) तिमीहरूले सबै ठीक-ठीक उत्तर दियौ।	You have answered all correctly.
iv) हामी आवश्यकीय चीजहरू कहाँबाट किन्छौं ?	From where do we buy the essential things ?
v) सन 1947 देखि हामीले स्वतन्त्रता दिवस मनाउन थाल्यौं।	Since 1947 we started celebrating our independence day.

vi) हाम्रो पुस्तकालयको नियमअनुसार कति दिनभित्रमा किताब फर्काउनु-पर्छ ? — As per our library rules within how many days we have to return the books ?

vii) तिमीहरू र हाम्रो समूहमा के फरक छ ? — What is the difference between our two groups ?

viii) तिमीहरूको प्रश्न उत्तरमा नेपाली व्याकरणको पाठ छ। — In your questions and answers there is a Nepali grammar lesson.

ix) अब चाहिँ विभिन्न नेपाली विभक्ति प्रत्ययको प्रयोग बारे हामीलाई व्याख्या गरिदिनुहोस्। — Now please explain to us the use of different Nepali case suffixes.

x) तिमीहरूले एक-एक गरेर मेरा प्रश्नका उत्तर देओ। — You answer my questions one by one.

xi) तिमीहरूका कति जना गुरु छन् ? — How many teachers do you have ?

xii) हाम्रा दश जना गुरु छन्। — We have ten teachers.

xiii) तिमीहरूकी गुरुआमा छिन् ? — Do you have a lady teacher ?

xiv) हाम्री एक जना गुरूआमा हुनुहुन्छ। — We have one lady teacher.

xv) तिमीहरूसित कसले फुटबल खेल्छ ? — Who is going to play football with you ?

xvi) तिमीहरूमा सबभन्दा राम्रो फुटबल कसले खेल्छ ? — Who plays football best among you ?

The sentences (i), (ii), (iii), (v) and (xv) the suffix -ले indicate the nominative case denoting subject.

In sentences (xi) and (xiii) the suffixes का, की indicate possessive case.
In sentence (ii) the suffix -लाई indicates the objective case.
In sentence (xiv) सित indicates the associative case.
In sentences (vii) and (xvi) the suffix मा indicates the locative case.

8.49.2. Now read the following sentences.

i) खच्चडले भारी बोक्छ। — The mule carries load. (animate non human)

ii) हावाले उडाउँछ। — The wind blows (inanimate)

iii) काश्मीरदेखि कन्याकुमारीसम्म भ्रमण गर्दा दशवटा राज्य देख्न सकिन्छ। — Ten states can be seen if we travel from Kashimr to Kanyakumari.

iv)	पाण्डवसँग दौपदी वन गएकी थिइन्।	Droupadi had gone to jungle with Pandav.
v)	हामी आवश्यकीय चीजहरू देकानबाट ल्याउँछौं।	We bring essential things from the shops.
vi)	को द्वारा रामायण लेखियो ?	By whom the Ramayana was written ?

In sentences (i) and (ii) -ले nominative is added to animate nonhuman and inanimate nouns respectively.

In sentence (iii) ablative case -देखि origin of action and सम्म indicating the destination/end point is shown.

In sentence (iv) the suffix -सँग indicates associative case.

In sentence (v) the suffix -बाट indicates ablative case.

In sentence (vi) the suffix -को indicates genitive case masculine singular.

8.49.3. Now note the different case suffixes of Nepali in a nutshel.

(i) Nominative case -ले indicates subject

(ii) Objective case -लाई indicates direct and indirect objects.

(iii) Instrumental case - ले indicates instrument of action.
-द्वारा indicates the cause of action (human noun)

(iv) Possessive case -को, की, का indicate possession (masculine singular, feminine singular and plural respectively)

(v) Associative case -सित and -सँग indicate nouns associated in the action.

(vi) Ablative case-बाट and -देखि indicates the origin of action.
-सम्म indicates the end point of action.

(vii) Locative case -मा indicates location in inanimate, animate and human nouns.

एकाइँ ८
Unit 8

पाठ - ५०
Lesson - 50

तीज
Teej

संवाद DIALOGUE

शर्मिला : विमला, नेपाली महिलाहरूको महत्त्वपूर्ण चाड़ तीज हो ?

Sharmila : Vimala, is Teej an important festival of Nepali women ?

विमला : हो। तिमीले यसबारे कहाँ सुन्यौ? तिमीलाई कसले तीजबारे भन्यो ?

Vimala : Yes. Where have you heard about it ? Who told you about Teej ?

शर्मिला : कसैले भनेन। हिजोको अङ्ग्रेजी खबर कागजमा यसबारे अलिकति पढ्न पाएँ।

Sharmila : Nobody told me. I happened to read a small news item about it in yesterday's English newspaper.

विमला : के लेखेका रहेछन् ?

Vimala : What did (they) write ?

शर्मिला : "नेपाली महिलाद्वारा तीज चाड़ धुमधामले दिल्लीको शिव मन्दिरमा मनाइयो" भनेर लेखिएको थियो।

Sharmila : It was written that Teej festival was celebrated in a grand manner by the Nepali women here at Delhi, Shiva temple.

विमला : आहा, त्यो त कस्तो राम्रो ! उनीहरूको तीज मनाउने योजना मैले थाहा पाएको भए म पनि त्यहाँ सहभागी हुने थिएँ।

Vimala : Oh that's nice ! If I had known about their plan of celebrating Teej I would have also joined them.

शर्मिला : अर्थात् हिजोको तीज हो भन्ने थाहा पाएर पनि तिमीले तिमीहरूको महत्त्वपूर्ण चाड़बारे भनिनौ।

Sharmila : That means you knew yesterday was Teej and still you did not tell me about your important festival.

विमला : हेर, यो महिला छात्रावासमा म मात्र कार्यरत नेपाली महिला हुँ। त्यसैले कसैलाई भन्न मन लागेन ।

Vimala : See, in this women's hostel I am the only working Nepali woman. So I hesitated to tell anybody.

शर्मिला : अर्थात् यस वर्षको तीजमा तिमीले केही पनि गरिनौ त ?

विमला : गरें। मैले एकाबिहानै नुहाएँ र कोठामा भएको शिव-पार्वतीको तस्वीरमा पूजा गरें।

शर्मिला : त्यति मात्र गर्‌यौ ?

विमला : मैले दिनभरि केही खाइनँ।

शर्मिला : ए, तिमीहरू (नेपाली माहिलाहरू) त्यसो पो गर्छौं ? अब मलाई यस चाड़बारे अरू केही भन त।

विमला : सुन। तीज भदौ महिनामा पर्छ। नेपाली विवाहिता महिलाहरूले मनाउने यो एउटा महत्त्वपूर्ण चाड़ हो। तीजलाई हरितालिका पनि भनिन्छ।

शर्मिला : अविवाहित महिला तथा केटीहरूले यो चाड़ मनाउँदैनन् र ?

विमला : हो, मनाउँछन । तर यस चाड़मा सबै विवाहिता महिलाहरूले बर्त लिनु महत्त्वपूर्ण कार्य मानिन्छ।

शर्मिला : यो चाड़ मनाउने उद्देश्य के हो? यसको पछाडि केही विश्वास छ ?

विमला : यो चाड़ शिव र पार्वतीको सम्मानमा मनाइन्छ। पुराणमा भनिए अनुसार कैयौं वर्ष निराहार बसी तपस्या गरेकीले पार्वतीले शिवलाई आफ्नो

Sharmila : That means you didn't do anything on this year's Teej ?

Vimala : I did. I took my bath early in the morning and worshipped the Siva Parvati photo in my room.

Sharmila : That's all you did ?

Vimala : I didn't eat anything the whole day.

Sharmila : Oh, that is what you (Nepali women) do during the festival ? Now you tell me something more about this festival ?

Vimala : Listen. Teej falls in the month of Bhadra (July-August). It is the most important festival celebrated by all Nepali women who are married. This Teej is called as Haritalika also.

Sharmila : Don't unmarried ones or young girls celebrate this festival ?

Vimala : Yes, celebrate. But it is very important for all married women to observe fast during this festival.

Sharmila : What is the purpose of celebrating this festival ? Is there any belief behind it ?

Vimala : This festival is celebrated in honour of Siva and Parvati. As it is told in the Puranas, Parvati got Siva as her husband after years of hard tapasya (meditation) without taking any food. So, it is believed that if a

श्रीमान्का रूपमा पाएकी थिइन्।
त्यसकारण विवाहिता महिलाले
शिव र पार्वतीको पूजा गरे भने
आफ्ना श्रीमान्को आयु लामो
हुने र घरमा सुख शान्ति हुने
विश्वास गरिन्छ। उनीहरूको
पूजा-आजाले आफ्नो नारीत्वको
गरिमा बढ़ाउन मदत पुर्याउँछ।

married woman worships Siva and Parvati her husband will get long life and family will prosper. It is believed that their worship will uphold the status of womanhood.

शर्मिला : त्यसो भए अविवाहिताहरू चाहिँ
राम्रा र खाइलाग्दा श्रीमान्
पाउन र आफ्नो ख्यातिका
लागि पूजा गर्छन् होला।

Sharmila : Then unmarried ones perhaps pray for getting a good and well built (healthy) husband and also for her good name.

विमला : होला। खाइलाग्दा श्रीमान्
पाउन र आफ्नो ख्यातिका लागि
पूजा गर्छन् होला।

Vimala : May be, they may do it to get good husbands and to earn fame.

शर्मिला : अब भन त, तिम्रो गाउँमा
कसरी तीज मनाइन्छ ?

Sharmila : Now tell me how Teej is celebrated in your village ?

विमला : सबै विवाहिता महिला त्यसमा
पनि नवविवाहिता महिलाले त
रहरैले यो चाड़ पर्खिन्छन्।
बिहेपछिको पहिलो तीज ज्यादै
नै महत्त्वपूर्ण हुन्छ।

Vimala : All the married women especially the newly married ones eagerly wait for this festival. The first Teej after marriage is very important.

शर्मिला : के महिलाहरू तीज आफ्नै
(श्रीमान्को) घरमा मनाउँछन्।

Sharmila : Is Teej celebrated only in husband's house ?

विमला : वास्तवमा भन्नु हो भने तीज
माइतमा मनाइन्छ। माइतीहरू
उनीहरूलाई लिन जान्छन् अनि
ती चेलीबेटी आफ्ना
साथीहरूसँग रमाइलो मनले
तीज मनाउँछन्। तीजको बिहान
महिलाहरू सामूहिक रूपमा
नदीमा नुहाउन जान्छन्।
उनीहरूले त्यहाँ नै नाच्न गाउन
थाल्छन्।

Vimala : Actually speaking, it is celebrated in parent's house. Parents go to bring them home from their husband's house and the girls celebrate the festival in a very joyous mood with their relatives and friends. Early morning women in groups go to the river for bathing. There they begin to sing and dance.

शर्मिला : त्यस उपलक्षमा उनीहरूले गाउने केही खास गीत छन् ?

Sharmila : Are there any particular songs to sing on this occasion ?

विमला : उनीहरूले गाउने धेरै गीत छन्। उनीहरूले आफै पनि गीत रचेर गाउन सक्छन्। उनीहरूको सुख-दुःख नै गीतको केन्द्रीय भाव हुन्छ। उनीहरूले शिव र पार्वतीबारे पनि गीत गाउन सक्छन्। औपचारिक स्नानपछि उनीहरू शिव-मन्दिर गएर आफ्ना श्रीमान्को दीर्घायुका निम्ति शिव पार्वतीको पूजा गर्छन्।

Vimala : There are a number of folk songs which they sing. They can also compose songs of their own either. The theme of these songs usually centres around the ups and downs of their lives. They may also sing about Siva Parvati. After the ceremonial bath they go to Siva temples and pray to Siva Parvati for the long lives of their husbands.

शर्मिला : तीजमा महिलाहरूले नयाँ लुगा लगाउने केही चलन छ ?

Sharmila : Is there any custom of wearing new clothes by women during Teej ?

विमला : जरूरी छैन। अचेल कोही-कोही माइतीले नयाँ लुगा किनेर चेली बेटीलाई उपहार दिने चलन छ।

Vimala : Not necessary. Now a days some parents may buy and present new clothes to their daughters.

शर्मिला : महिलाहरू दिनभरि बर्त बस्छन् भनेर तिमीले भन्यौ। कतिखेर चाहिँ उनीहरूको बर्त सकिन्छ?

Sharmila : You said that the women fast for the whole day. When do they break their fast ?

विमला : घाम अस्ताएपछि उनीहरूको बर्त सकिन्छ।

Vimala : They break their fast after sunset.

शर्मिला : आम्मै ! बिहानदेखि बेलुकासम्म केही खाँदैनन् त ? फल-फूल पनि खाँदैनन् ?

Sharmila : My God ! From morning till evening don't they eat anything? Not even fruits ?

विमला : केही खाँदैनन्। उनीहरूले पानीधरि खाँदैनन्। तर त्यहाँ एउटा रोचक कुरा छ। अघिल्लो राती दर भन्ने ठूलो भोज हुन्छ। माइतीले आफ्नो गच्छे-अनुसार दर खुवाउँछन्।

Vimala : Nothing at all. They don't drink even water. But one interesting thing is there. There will be a grand feast called dar for them the previous night. Parents arrange dar as per their capacity for their daughters.

शर्मिला : आमा-बाबु नहुनेहरूले आफ्नै घरमा तीज मनाउँछन्। मैले ठीक भनें ?

Sharmila : The women who don't have their parents will be celebrating Teej in their husband's houses. Am I right ?

विमला : आमा-बाउ मरे भने दाजु-भाइले आफ्ना चेली-बेटीलाई बोलाउँछन्। नभए उनीहरूले आफ्नै घरमा तीज मनाउँछन्।

Vimala : If the parents are dead the brothers invite their sisters for Teej. Otherwise they do it in their own houses.

शर्मिला : दर भनेको तीजको अघिल्लो दिन खाने **विशेष भोज** हो भनेर तिमीले भन्यौ। उनीहरूले गाउने र नाच्ने गीतलाई चाहिँ के भन्छन् नि ?

Sharmila : You told dar is the name of the special feast which women have the previous night of Teej. What do (you) call the songs and the dances ?

विमला : गीतलाई **तीजे गीत** र नाचलाई **सँगिनी** अनि **झ्याउरे** भनिन्छ। अचेल केही महिलाहरूले शिव-मन्दिरको आङनमा नाच-गान गरेको देखिन्छ।

Vimala : The songs are called Teeje geet and the dance is called Sangini and Jhyaure. Now-a-days some women are seen singing and dancing in Siva Parvati temple premises.

शर्मिला : ए त्यसैले गर्दा पो हिजो त्यो खबर छापिए छ त।

Sharmila : Oh, that was the thing what the news reported.

विमला : शर्मिला, आघौं तीजमा म माइत जान्छु। मेरा भदै-भदैनी तथा साथीहरू छन्। तिमी पनि मसँग हिंड र सँगै तीज मनाऔं। यसपालि मेरा माइतीहरू दक्षिण भारतको भ्रमणमा गएका छन्।

Vimala : Sharmila, next year for Teej I will be going to my parents` house. I have many nieces and friends. You come with me and celebrate Teej together. This year I could not go because my parents have gone for a tour to South India.

शर्मिला : आघौंको तीजमा तिमी र तिम्रा साथीहरूसँग तीज मनाउन निम्तो गरेकीमा धन्यवाद। म यहीं बसें भने त्यो अवसरमा पक्का पनि तिमीसँगै जान्छु।

Sharmila : Thank you for the invitation to join you and your friends for next year's Teej. If I am here that time I will certainly go with you.

लेखन अभ्यास EXERCISES

I Complete the sentences using the appropriate words from the choices given.

1. नेपाली महिलाहरूको महत्त्वपूर्ण _____ तीज हो। (चाड़, चोरो, चार)
2. तीज महिलाहरू _____ मनाउँछन्। (धुमधामले, सहभागी, थाहा)
3. म एक जना _____ महिला हुँ। (कार्यरत, छात्रवास, योजना)
4. शिव-पार्वतीको _____ तीज मनाइन्छ। (सम्मानमा, हरितालिका, तस्वीर)
5. दिनभरि महिलाहरू केही _____। (खाँदैनन्, खाएन, खान)
6. हामी कुनै-कुनै दिन _____ बस्नुपर्छ। (आहार, निराहार, आहान)
7. चेलीबेटीहरू _____ जान्छन्। (माइती, माइत, आमा)
8. बिहेपछिको पहिलो _____ महत्त्वपूर्ण हुन्छ। (तीज, रूपमा, थाल्छन्)
9. नेपालीहरू _____ गीत गाउँछन् र नाच्छन्। (इच्याउरे, सुख-दुःख, गाउन)
10. उनीहरू तीजको बर्तमा _____ खाँदैनन्। (पानीधरि, दिन, रात)

II Complete the sentences using the appropriate forms of the words given.

1. वास्तवमा भन्नु हो भने तीज माइतमा _____। (मनाउ)
2. माइतीहरू महिलाहरूलाई _____ जान्छन्। (लि)
3. बिहान महिलाहरू सामूहिक रूपमा नदीमा _____ थाल्छन्। (नुहाउ)
4. तीजमा महिलाहरूले नयाँ लुगा _____ चलन छ। (लगाउ)
5. घाम अस्ताएपछि उनीहरूको बर्त _____। (सक्)

III. Complete the sentences using the appropriate words

1. उनीहरू पानीधरि _____।
2. माइतीले आफ्नो गच्छे -अनुसार _____ खुवाउँछन्।
3. आघौं तीजमा हामी यहाँ _____।
4. अघिल्लो राती _____ भन्ने ठुलो भोज हुन्छ।
5. मेरा भदै-भदैनी तथा _____ छन्।

IV. Rewrite the following sentences without changing their meanings and using the words given in the brackets.

1. अक्षय देवराजभन्दा अग्लो छ। (होचो)
2. पोखरीको अगाडि कोठेबारी छ। (पछाडि)
3. कृति मानवको बहिनी हो। (दाजु)
4. मानव रामप्रसादका विद्यार्थी हुन्। (गुरु)
5. हिमाली कान्छो महेन्द्रको मालिक हो। (नोकर)
6. प्रकाश विकासका भानिज हुन्। (मामा)

V. Tick the word pair in each set, which is similar to the underlined test pair.

1. छोरा-छोरी, ठूली-सानी, यहाँ-त्यहाँ, जसरी-त्यसरी, भाइ-बहिनी
2. आउनु-जानु, खानु-माझ्नु, लिनु-फर्काउनु, लेख्नु-पढनु, सुत्नु-निदाउनु
3. डाक्टर-इन्जिनियर, टेबल-कुर्सी, डकर्मी-सिकर्मी, पटना-गुवाहाटी, उमानन्द-वशिष्ट

4. मन्दिर-पुजारी, गाई-बाछा, घर-आँगन, विद्यालय-शिक्षक, जसै-तसै
5. बैगुन-भिन्डि, छुरी-खुकुरी, दराज-आलमारी, टमाटर-काँक्रा, भान्साघर-पूजा कोठा

शब्दावली VOCABULARY

महिला	woman	महत्त्वपूर्ण	important
अङ्ग्रेजी	English	धुमधामले	in a grand way
चाड़	festival	कार्यरत	working, employed
छात्रावास	hostel	हिच्किचाएँ	(I)hesitated
अविवाहिता	unmarried (girl)	बर्त	fast, fasting
विश्वास	belief	पुराण	scripture
निराहार	without food	तपस्या	meditation, austerity
नारीत्व	womanhood	ख्याति	fame
माइत	maternal home	चेलीबेटी	sisters and daughters
सामूहिक	collective	केन्द्रीय भाव	central theme
औपचारिक	formal	दीर्घायु	long life
उपहार	present, gift	माइती	members from the modern family
आङन	courtyard	आघौं	next year
भदै-भदैनी	niece	अवसर	occasion, chance

टिप्पणी NOTES

1. बर्त is derived from the Sanskrit word. व्रत fasting (for meditation)

2. बाबु is often heard as बाउ in colloquial speech for father.

3. तीज — Third day of bright lunar fortnight of the month of Bhadra (August-September). This day is auspicious to Nepali woman folk. Early morning the married women take bath in the river and visit Shiva temples to pray for their husbands' welfare and longevity. This day is known as हरितालिका also which suggests the worship of हर (Shiva).

4. दर — Sweet and delicious food that the women take at night before going to तीज fasting.

5. सँगिनी — A very melodious and melancholy song exclusively sung in तीज festival by women folk. Daughters sent off in marriage far away come to their maternal homes during तीज where, by singing सँगिनी they vent their woes and sufferings sustained at in-laws' houses.

6. झ्याउरे — A folk song commonly sung on all occasions by farmers and young boys and girls in field and forest.

एकाइँ ९ Unit 9

पाठ - ५१ Lesson - 51

गाइने Gaaine

संवाद DIALOGUE

बाजे	: हेर नाति, गाइने आएछ। लौ, उसका गीतहरू सुनौं।	Grand father: Look, grand son, Gaaine has come. Let us listen to his songs.
नाती	: गाइने भनेको के हो ? यो उसको नाम हो ?	Grandson : Who is called Gaaine? Is it his name?
बाजे	: गाइने भनेको गीत गाउने हो। एक प्रकारको लोकगीत गाउनेहरूलाई नेपालीमा गाइने भनिन्छ। तिनीहरूले सारङ्गी बजाएर मीठो गीत सुनाउँछन्।	Grand father: Gaaine means singer. Those who sing a kind of folk songs in Nepali are called 'Gaaine'. Sometimes they sing sweet songs playing with Saarangi.
रोशन	: ए त्यसो हो ? तिनीलाई एउटा गीत गाउन लाउनुहोस् न।	Grand son : Is it so ? Please ask him to sing a song.
बाजे	: गाइने नानी। मीठो धुनमा एउटा लोकगीत गाइदेऊ न है। मेरो नातिले कहिल्यै यस्तो गीत सुनेकै छैन।	Grand father: Gaaine brother! Please sing a folk-song in a fine tune. My grandson has never heard such a song.
गाइने	: जदौ हजुर ! (सारङ्गी बजाउँदै गाउन थाल्छ) 'सारङ्गीको तारले मेरो मनको गीत गाँउछ, लेकदेखि बेंसीसम्म गाइनेले मीत लाउँछ'।	Gaaine : Namaskar Sir! (Playing with Saarangi he starts to sing). 'The strings of my Sarangi sing a song of the heart, from higher hills to lower plains the Gaine makes everybody his friends.'
रोशन	: आहा ! बाजे, क्या राम्रो गीत अनि धुन ! मजा लाग्यो।	Grandson : Oh! Grandfather that is a good song and tune! I enjoyed it.

बाजे	: मलाई पनि सारै मन पर्‌यो। यी गाइने नानीले सारै राम्रो गाए।	Grand father: I also liked it. This Gaaine brother sang very heartily.
नाती	: गाइने दाइ, गाइने दाइ, तपाईंलाई यति मीठो गीत कसले सिकायो ? यो बाजा के हो ?	Grandson : Oh! brother Gaaine, who taught you this beautiful song? What is this instrument?
गाइने	: भाइ, यो मैले मेरा ठूलाबडा र बाजेहरूसित सिकेको हुँ। यो सारङ्गी, मेरा बाबा र ठूला दाइहरूले बनाएका हुन्।	Gaaine : Brother, I learned it from my elders and grandfathers. This is Saarangi made by my father and elder brothers.
बाजे	: ठीक छ नानी। समय-समयमा आउँदे गर हे । हामीलाई तिम्रा मीठा-मीठा गीतहरूले मनोरञ्जन गराऊ। रोशन, यो रूपियाँ गाइने नानीलाई दे-दे।	Grandfather: All right brother. Do come from time to time. Entertain us with your beautiful songs. Roshan, you give this money to Gaaine.
रोशन	: इ लिनुहोस्।	Grandson : Please take this.
गाइने	: तपाईहरूलाई धन्यवाद। नमरी बाँचे दैवले साँचे म फेरि आउँला।	Gaaine : Thank you! I may come again, as long as God keeps me alive.

लेखन अभ्यास EXERCISES

1. Complete the sentences using the appropriate words.

सधैं म बिहानै _ अनि उठेर हात मुख ____ । ईश्वरको प्रार्थना गरी ____ बस्छु। पढ्नुभन्दा अघि एक काप रातो चिया पनि ___ । चियासित केही खान्न, खालि ___ खान्छु । बिहानको लेख्ने पढ्ने ___ सकेर नुहाउँछु । कोही साथी चाहिँ उठनेबित्तिकै ___ , तर म चाहिँ त्यसो ___ । बिहान खाजा नखाई एकैचोटि नौ बजेतिर भात __ र लुगा फेरेर क्लास ___ तयार हुन्छु । क्लासमा बसेर पढेर ___ लाग्छ । प्रत्येक दिन नयाँनयाँ कुरा ___, सुनिन्छ, ज्ञान गुणका कुरा पनि ___ । नियमित रूपमा म गृहकार्य ___ । कुनै दिन क्लासमा जान सकिँन भने त्यस दिन क्लासमा के पढाइ भएको ___ ती कुरा साथीसित ___ नोट गर्छु र आफै पढेर बुझ्ने ___ गर्छु ।

II. Complete the sentences using the appropriate words.

प्यारो साथी ___

श्री गणेशमा हार्दिक माया र सम्झना। पूज्य आमा बाबामा सादर ढोग र परिवारमा नातानुसारको ढोग र माया शुभार्शीर्वाद। भगवानको ____ अहिलेसम्म म सन्चै ____। हाम्रो परिवारमा पनि कुशल मङ्गलै ___। त्यहाँ पनि तिमीहरू सबैलाई सन्चै ___ होला। धेरै दिन भयो तिम्रो ___ पाएको छैन, के गर्दै ___ त्यो पनि थाहा ___। त्यसैले यो चिठी लेख्दै ____।

अचेल म पूर्वोत्तर क्षेत्रीय ___ केन्द्र, गुवाहाटीको ___ विभागमा नेपाली भाषा ___ छु अर्थात् म एक ___ प्रशिक्षार्थी हुँ। गत ___ महिनादेखि ___ यहाँ छु , आउँदो एप्रिल महिनासम्म म यहाँ ___। भारत सरकारले देशमा राष्ट्रीय ____ मजबुत गर्नको ___ यो प्रावधान राखेको ___। अहिले म नेपाली पढ्दै छु, ___ राम्रो लाग्यो। भाषाको साथै नयाँनयाँ कुराको पनि ___ भएको छ। सबै कुरा भेटमा ___।

अन्त्यमा फेरि ___ न्यानो सम्झनाका ___ पत्रोत्तरको प्रतीक्षा ___आजलाई चिठी लेखाइ ___ गरें। इति ।

उही तिम्रो साथी

III. Express the content of each sentence in two simple sentences.

1. गाइनेको गीत सुनेर सबै मक्ख पर्छन् ।
2. गाइने लेक बेंसी सबै ठाउँमा जान्छन् र गीत गाउँछन् ।
3. गइनेले राम्राराम्रा गीत गाएर हामीलाई मनोरञ्जन दिलाउँछन् ।
4. मैले हराएको कलम खोजेर भेटिन ।
5. उनले गाएको गीत सारै राम्रो थियो ।

IV. Use each of the following words at least two in sentences.

हजुर, यहाँ, साँचो, कल्ले, कल्लाई, लामा, ठूला

V. Prepare a list of adverbs derived from verbs (participles) and use them in sentences.

Model गरी (गरेर) : मैले त आफ्नो काम गरेर आएँ ।
खाई (खाएर) : तिमी त खाना खाएर आउँछौ होला ।

VI. Replace the underlined phrase by one word.

1. सबैको कुरा <u>विश्वास गर्नु</u> हुँदैन ।
2. हामी यहाँ <u>पढनका लागि</u> आएका हौं ।
3. के गर्नु तिम्रो काम <u>नहुने भयो</u> ।
4. सले त्यो काम <u>नगर्ने भएछ</u> अरे ।
5. तपाईंको <u>जोवाइ भएन</u> भने काम बन्दैन ।

VII. Make as many sentences as possible by arranging the words in the table correctly.

आज	तिमी	जॉचको	दिन	थिइनँ ।
हिजो	तपाईं	दिउँसो	होस्टलमा	हो ।
मे महिनामा	हामी	बजार	केन्द्रमा	थियौ ।
पोहोर	हामी सबै	तपाईंकै	स्कूलमा	हुँदैनौं ।
अस्ति	हाम्रो	यस	गएकी	हुनेछौं ।
पर्सि	म	भ्रमणमा	जॉदै	हुनुहुन्थ्यो ।

शब्दावली VOCABULARY

धुन	tune	लेक	high altitude, cold region
बेंसी	low land, valley, plain	मीत	intimate friend
बाजा	musical instrument	ठूला-बड़ा	elders
मनोरञ्जन	entertainment	दैव	God
साँचे	if kept safe		

टिप्पणी NOTES

गाइने : Literarilly 'a singer', 'a bird' i.e. गाउने 'one who sings', a professional singer tribe in Nepali community.

सारङ्गी : The main and the only musical instrument of गाइने, a string-instrument like violin, playing which a गाइने visits house to house and earns his livelihood.

मीत : A word derived from मित्र 'a friend', but in Nepali for 'friend' there is another word साथी and मीत denotes 'befriended friend. 'Befriending' is performed with a certain ritual. When two persons from two families befriend, all the members of the two families are bound in blood relationship and can't marry in between.

एकाइँ ९
Unit 9

पाठ - ५२
Lesson - 52

लोक-नृत्य प्रतियोगिता
Folk-Dance Competition

संवाद DIALOGUE

शान्तिराज	: हिजोदेखि जी.डी.एन.एस. हलमा सप्ताहव्यापी नेपाली लोक-नृत्य प्रतियोगिता हुँदैछ। हेर्न जाऊ है। खुबै रमाइलो हुन्छ । मैले त मजाले हेरें।	Shantiraj	: Since yesterday a week long Nepali folk-dance competition has been going on at G.D.N.S.Hall. Please see. It is really enjoyable. I enjoyed a lot.
मेघनाथ	: मलाई पनि यस्ता सांस्कृतिक कार्यक्रम सारै मनपर्छ। यस कार्यक्रममा कहाँकहाँका प्रतियोगीहरू भाग लिन आएका छन् ?	Meghanath	: I also like such kind of cultural programmes very much. Where from the competitors have come to take part in this programme?
नरेशचद्र	: नेपाली लोकनृत्यको परम्परा धेरै धनी छ। हाम्रो विश्वविद्यालयमा एकपटक विद्यार्थीहरूले खुकुरी नृत्य गरेका थिए। बङ्गाली, बिहारी, पन्जाबी, असमिया सबै दर्शकहरूले खुबै प्रशंसा गरेका थिए। शर्माज्यू, त्यस कार्यक्रममा त्यस्तो खुकुरी नाच छ कि छैन?	Nareshchandra:	The Nepali folk-dance tradition is very rich. Once in our University students had performed "Khukuri Dance". Bengali, Bihari, Punjabi and Assamese spectators had highly appreciated it. Mr.Sharma, in this programme is there such a Khukuri Dance ?
शान्तिराज	: किन छैन ? त्यो नाच निश्चय नै छ। साथै, तीज गीत, मारुनी, सोरठी, रोदी र अरू थुप्रै नाचहरू पनि छन्।	Shantiraj	: Why not ? That is certainly there. Along with that Teej geet, Maruni, Sorathi, Rodi and many other types of dances are also there.

मेघनाथ : मेरा केही विदेशी साथीहरू दाजुको होटलमा बसेका छन्। तिनीहरू पनि यस्तो लोक-सांस्कृतिक कार्यक्रम मन पराउँछन्। मलाई तिनीहरूलाई पनि लिएर हेर्न जान मन लागेको छ।

Meghanath : My few friends from abroad are staying in my brother's hotel. They are also interested in such folk-cultural programmes. I would like to take them to see the programme.

नरेशचन्द्र : तर, अरू नाचहरूसँग त खुकुरी नाचको तुलना नै हुँदैन। खुकुरी त्यस्तो हतियार हो जुन चाहिँ गोर्खा जातिको सांस्कृतिक प्रतीक हो। संसारका कैयौं ठाउँहरूमा गोर्खाहरूले खुकुरी लिएर बहादुरी देखाएका छन्। यदि त्यहाँ खुकुरी नाच छ भने म पनि सपरिवार जान्छु।

Nareshchandra: But the Khukuri Dance is not comparable to other dances. Khukuri is a weapon, which is a cultural symbol of the Gurkha community. In many places of the world, Gurkhas have shown their bravery with the Khukuris. So, if there is a Khukuri Dance I shall also go with my family members.

शान्तिराज : पक्का छ । तिमीहरू सबै आओ। साँच्चै रमाइलो हुन्छ। त्यहाँमाथि विदेशीहरू पनि हाम्रो संस्कृति धेरै नै मन पराउँछन्।

Shantiraj : Certainly. All of you please come. It will really be enjoyable. Even the foreigners take great interest in our culture.

मेघनाथ : ठीक छ। हामी सबै आउँछौं। पुरस्कार वितरण गर्ने दिनमा को प्रमुख अतिथि हुन्छ नि ?

Meghanath : All right. We will certainly come. Who is going to be the chief guest on the prize distribution day?

शान्तिराज : को आउँछ र ? हाम्रा सूचना एवं संस्कृति मन्त्री आउँछन् होला।

Shantiraj : Who else ? Our Minister for Information and Culture may come.

नरेशचद्र : ठीक छ। म मेरा परिवारलाई पनि ल्याउँछु त्यस कार्यक्रममा। हामी सबै त्यहीं भेटौं।

Nareshchandra: O.K. I will bring my family also to the programme. Let all of us meet there.

लेखन अभ्यास EXERCISES

I. Make simple sentences from complex sentences.

1. जहॉसम्म आकाश छ, त्यहॉसम्म माया छ ।
2. जब दश बज्छ, तब परीक्षा सुरु हुन्छ ।
3. जसले सेतो टोपी लगाएको छ, उ तेरो भाइ हो ।
4. जहिले म मैसूर जान्छु, तब ओटि पनि जान्छु ।
5. जसले राम्रो पढ़छ उसले राम्ररी पास पनि गर्छ ।

II. Complete the sentences using the appropriate words.

1. तपाई एकपल्ट घर ___ रमाइलो हुन्थ्यो ।
2. उनले राम्ररी पढेको ___ उत्तीर्ण हुने थिए ।
3. मेलामा गइयो भने सर्कस ___ पाइन्छ ।
4. कलम भॉचिए अर्को ___ ।
5. उनले खेति गरे ___ हुन्थ्यो ।
6. ढोका ___ नलाउनू
7. घड़ी भए _____ हेरिन्थ्यो ।
8. मिहिनेत गरेर ___ भने हामी _____ हुनेछौं ।
9. ईश्वर रहेछन् ___ सबैको ___ गर्नेछन् ।
10. तपाई चाहिं _____ भए रमाइलो हुन्थ्यो ।

III. Complete the sentences using सित, सॅग, देखि, लाई, मा, को appropriately.

1. म ___ कुकुर ___ डर लाग्छ ।
2. उनीहरू हामी ___ रिसाएका छन् ।
3. बहिनीले भाउजू ___ आफ्नो दु;ख सुनाई ।
4. नबुझेको कुरा गुरु___ सोध्नुपर्छ ।
5. छोरो ___ बाबुसित वाक्क भएका छन् ।
6. म ___ धेरै पैसा छैन ।
7. म तिमी ___ बेइमान गर्न सक्दिनॅ ।
8. यसबारे मैले सभापति ___ कुरा गरेको छु ।
9. केटाहरू म ___ खोज्न आएका थिए ।
10. कस ___ कल ___ बिगार्छ ।
11. विद्यार्थीले गुरु___ रिसाउन हुँदैन ।
12. मलाई तिमी ___ पैसा दिनु थियो ।
13. बुहारी सासू ___ गफ गरिरहेका छन् ।
14. हामी तिमी ___ गफ गर्न चाहन्छौं ।
15. रूख ___ धेरै पात छन् ।

एकाइँ ९ Unit 9

पाठ - ५३ Lesson - 53

पुरस्कार विजेता लेखकसँग अन्तर्वार्ता
Interview with an Award Winning writer

संवाद DIALOGUE

पत्रकार	: आदरणीय सर, नमस्कार ! म अभिजित बेनर्जी 'आवर टाइम्स'-को पत्रकार। हाम्रो पत्रिकाको लागि म तपाईंसँग अन्तर्वार्ता लिन आएको हुँ। आशा छ, तपाईंले मेरो अनुरोध अस्वीकार गर्नुहुने छैन।	Journalist : Respected Sir, Namaskar. I am Abhijit Banerjee; a Journalist from 'Our times'. I have come to interview you for our paper. Hope, you will not refuse my request.
लेखक	: मलाई केही समस्या छैन। तपाईंलाई धन्यवाद। कृपया बस्नुहोस्।	Writer : I have no problem. Thank you Please be seated.
पत्रकार	: सर्व प्रथम हार्दिक बधाई, भारत तथा नेपालका विभिन्न संस्थाहरूबाट पुरस्कृत हुनु भएकोमा।	Journalist : First of all, my sincere congratulation to you for having been awarded by different organizations in India and Nepal. It is a matter of pride.
लेखक	: यो सुन्दा मलाई धेरै खुशी लाग्यो। यो खुसी मेरो मात्र होइन, मेरो जाति र देशको पनि हो।	Writer : I am very happy to listen (to that). This pride is not only mine but that of my community and country as well.
पत्रकार	: पहिला तपाईंले साहित्य अकादमी पुरस्कार पाउनुभयो। त्यसपछि एकपछि अर्को गर्दै गौरवपूर्ण जगदम्बा पुरस्कार नेपालबाट पाउनुभयो, सिक्किमबाट भानुभक्त पुरस्कार र पश्चिम बङ्गाल सरकारबाट नेपाली एकाडेमी पुरस्कार	Journalist: First you received the Sahitya Academy Award. Then you received glorious Jagadamba Puraskar from Nepal, Bhanu Bhakta Award from Sikkim and Nepali Academy award from West Bengal government one after another. Other organizations are also felicitating you with their awards. You are really a great writer.

पाउनुभयो। अरू संस्थाहरूले पनि पुरस्कार दिएर तपाईंलाई सम्मान दिए। तपाईं साँच्चै नै महान् लेखक हुनुहुन्छ।

लेखक : सकेसम्म मैले गर्नु पर्ने गरिरहेकै छु। म भाग्यमानी रहेछु मेरा पुस्तकहरू सबै प्रकारका पाठकहरूले मन पराएका छन ।

Writer : Whatever I can I am doing. I am lucky that all types of readers like my books.

पत्रकार : सर, तपाईंले थुप्रै किताबहरू लेख्नु भएको छ। ती मध्ये तपाईंलाई अति मन पर्ने पुस्तक चाहिँ कुन हो ? बताइदिनु हुन्छ कि ?

Journalist : Sir, you have written a good number of books. Could you please tell me which of those books you like most?

लेखक : यो गारो प्रश्न हो। यसको उत्तर मैले खोज्नु छ। म मेरा सबै कथाहरू मन पराउँछु। म विशेष गरी कथा हरू र समालोचना लेख्न रुचाउँछु।

Writer : It is a difficult question. Still I would try to answer. I like all my stories. I am specially interested in writing stories and criticism.

पत्रकार : तपाईंको कुनै पुस्तक अनुवाद भएको पनि छ ?

Journalist : Is there any book of yours translated to some other language?

लेखक : मेरा केही पुस्तकहरू अङ्ग्रेजी, हिन्दी, बङ्गाली र असमिया भाषामा अनुदित भएका छन्।

Writer : Some of my books have been translated in to English, Hindi, Bengali and Assamese language.

पत्रकार : कुनै दक्षिण भारतीय भाषाहरूमा छैन ?

Journalist : None in any South Indian languages ?

लेखक : साहित्य अकादमीले मलाई लेखेको छ तिनीहरू मेरा केही पुस्तकहरू तमील र कन्नड़मा अनुवाद गराउन चाहन्छन्।

Writer : Sahitya Academy has written to me that they like to get my books translated into Tamil and Kannada.

पत्रकार : तपाईं नेपाली साहित्यमा तेस्रो आयामिक लेखन धारामा खुबै प्रसिद्ध हुनुहुन्छ। यो तपाईंको आफ्नै नौलो विचार हो ? अरू

Journalist : You are very famous in third dimensional writing in Nepali literature. Is this your own idea? It is also heard that you have started another trend too. What is it ?

कुनै धारा पनि आफ्नो लेखनमा सुरू गर्नु भएको सुनिन्छ। त्यो के हो ?

लेखक	: म प्रसिद्ध छु वा छैन त्यो म जान्दिनँ । अरू महान नेपाली साहित्य लेखकहरूले जस्तै म नेपाली साहित्यलाई पनि केही नयाँ कुरो दिने प्रयास गरिरहेको छु। हामीले हाम्रो आयामिक लेखनलाई तेस्रो आयाम' भनेका छौं। 'लीला लेखन' धारा पनि सुरू भएको छ। यो एउटा'मेटाफिजिकल टाइप' को लेखाइ हो।	Writer : I do not know whether I am popular or not. I have been trying to write like other great writers to give something new to our Nepali literature. We called our 'dimensional writing' as 'Tesro Aayaam' (third dimension). Now a days, 'leela lekhan' has become a new trend. It is some type of metaphysical writing.
पत्रकार	: सर, तपाईंलाई धेरै-धेरै धन्यवाद छ यो छोटो मीठो अन्तर्वार्ता दिनु भएकोमा।	Journalist : Sir, thank you very much for this short and sweet interview.
लेखक	: तपाईंलाई पनि धन्यवाद।	Writer : Thank you too.

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate words.

1. उनी नगएकाले सकिने काम पनि ------ ।
2. उनी नरहेकाले हुने काम पनि ------ ।
3. उनी आएकाले सिद्धिने काम पनि ------ ।
4. उनी चिच्याएकाले देखिने चीज पनि ------ ।
5. उनी नभएकाले जाने ठाउँमा पनि ------ ।

II. Write as many sentences as possible by replacing the underlined words.

1. तपाईले नभनिदिनाले उसले पटक्कै <u>काम गर्न मानेन</u> ।
2. तपाईले <u>सिकाइदिनाले</u> उसले जसैतसै सिक्यो ।

III. Write as many sentences as possible by replacing the underlined words.

1. तपाईले भनिदिनाले उनले <u>काम गरिदिए</u> ।
2. तपाईले <u>नभनिदिएकाले</u> अनिताले काम गरिनन् ।

IV. Make as many sentences as possible by arranging the words in the table correctly.

पोहोर	उनीहरू	भाषा केन्द्रमा	छैन	थिएनौं
परार	हामी सबै	गुवाहाटीमा	ठाउँमा	थिएनौ
यसपालि	म	नेपाली	आएका	छौं
आगौं	हाम्रो	आफ्नै	पढदै	हुनेछु
यहाँ	तिमी	डेढ हप्ताह	मात्र	रहन्छन्
भोलि	हामी	जाँच	पढँदै	होला

V. Transform the following sentences into negatives.

1. त्यो राम्ररी चल्छ ।
2. भर्खरै यहाँ के आयो ?
3. यहाँ जो थियो त्यो बाहिर निस्क्यो ।
4. भित्र को आयो ?
5. के गर्नु त्यो चल्दैन ।
6. जे छ त्यो राम्रो छ ।
7. यिनी मसँग पढछन् ।

VI. Complete the sentences using the appropriate words.

Model : अचेल मलाई के भएको छ कुन्नि !एक थोक भन्न खोज्दा अर्थोकै भन्दै हुन्छु ।

1. अचेल मलाई के भएको छ कुन्नि ! एक थोक बोल्न खोज्दा अर्थोकै ___ ।
2. तपाईले एक थोक गर्न खोज्दा अर्थोकै भई ___ अरे, हो ?
3. यतिखेर मलाई अलिअलि नेपाली पढ्न आउँछ तर राम्ररी बोल्न ___ ।
4. यो संसार पनि अचम्मको छ, हुनु पर्ने एक थोक, भइदिन्छ ____ ।
5. मैले बोल्न खोज्दा अरू नै बोल्दै _____ ।

शब्दावली VOCABULARY

पत्रिका	paper, magazine	अन्तर्वार्ता	interview
अस्वीकार	refuse	गौरवपूर्ण	prestigious
संस्था	institution	भाग्यमानी	lucky
गारो	difficult	समालोचना	criticism
तेस्रो आयम	third dimension	लेखन-धारा	trend of writing
छोटो-मीठो	short and sweet		

एकाइँ ९
Unit 9

पाठ - ५४
Lesson - 54

टेलिफोनमा
On telephone

संवाद DIALOGUE

श्रीमती छेत्री: यो 09864134230 हो ?
कृपया म श्रीमती शर्मासँग
बात मार्न सक्छु ?

Mrs.Chettri : Is it 09864134230 ? Could I speak to Mrs. Sharma please?

सुषमा : काकी, नमस्कार। म सुषमा
बोल्दैछु। आमा घरमा हुनुहुन्न।
उहाँ गुवाहाटी जानु भएको
छ।

Sushma : Aunty, Namaskar. I am Sushma speaking. My mother is not at home now. She has gone to Guwahati.

श्रीमती छेत्री: गुवहाटी! गुवहाटी जान्छु भनेर
उसले मलाई केही भनिन।
गत सप्ताह त हो उसँग बात
भएको।

Mrs.Chettri : Guwahati! She did not tell me about her going to Guwahati. Last week only I had talked to her.

सुषमा : काकी, मेरो आमालाई पनि
त्यस बेलासम्म केही थाहा
थिएन। उहाँ अचानक नै जानु
परयो। तीन दिन अघि मात्र
मेरा र् मामाले टेलिफोनमा
अचानक नै उहाँ छोरीको बिहे
हुने कुरो जनाएका थिए।
त्यहाँ केही प्रबन्ध गर्न र
सघाउनलाई उनी चाहन्थे।
पर्सी को दिन बिहे हुने कुरो
छ।

Sushma : Aunty, my mummy also did not know about it then. She had to go all of a sudden. Three days back my uncle (mother's brother) told us on telephone that his daughter's marriage has been fixed all of a sudden. He wanted my mummy there to help them in the arrangements. The marriage is going to take place day after tomorrow.

श्रीमती छेत्री: यति चाँड़ै बिहे निश्चित
भइहालेछ?

Mrs.Chettri : So soon a marriage is fixed?

सुषमा : हो काकी। केटा विदेशमा काम गर्छ रे। एक सप्ताह अघिन् मात्र जापानबाट आएका रहेछन् अनि एक सप्ताहपछिनै फर्किने रहे छन्। यति छोटो समयमा सबै काम सिध्याइनु पर्ने भएको छ।

श्रीमती छेत्री: कसरी केटा र केटीको अघिबाटै एकार्कामा भेट भए छ ?

सुषमा : यस सम्बन्धमा मलाई त्यति थाहा छैन। यस्तो लाग्छ तिनीहरू दुवै कलेजमा सँगै पढ्दै थिए होला। मेरो काका भन्नुहुन्छ उनीहरूलाई पनि यो अचम्मकै कुरा भइरहेको छ। जति बेला ती केटा र तिनका आमाबाबा आए अनि तिनीहरूको बिहे गरिदिने अनुरोध गरेत्यएपछि मात्र थाहा लागेको हो।

श्रीमती छेत्री: जे भए पनि यो राम्रै हो। यस्तो भनिएको छ कि बिहे स्वर्गमा तय हुन्छ अनि यहाँ सञ्चालन हुन्छ।

सुषमा : हुन सक्छ ।

श्रीमती छेत्री: हो सुषमा, हाम्रा पुर्खाहरू पनि भन्दछन् यो सबै भगवानको इच्छा हो।

सुषमा : काकी मेरी आमा पनि भन्नुहुन्छ स्मृतिको बिहे पनि आउँदो दुई तीन महिनाभित्रमा हुनेछ ।

Sushma : Yes, aunty. The boy is working abroad. He came from Japan only a week back and has to return after a week. Everything has to be done within such a short time.

Mrs.Chettri : How did the boy and the girl meet each other earlier?

Sushma : I am not very sure about it. It seems they have been studying in the college together. My uncle says it is a surprising thing to them also. Only now when the boy and his parents came and requested them to conduct the marriage they all knew it.

Mrs.Chettri : Whatever it may be it is good. It is said marriages are made in heaven and conducted here.

Sushma : May be.

Mrs.Chettri : Yes, Sushma even our elders say everything is left to God's wishes.

Sushma : Aunty, my mother also told me that Smriti's marriage will also take place within two or three months.

श्रीमती छेत्री: हामी चेष्टा गर्दैछौं। तिमी त हाम्री छोरी स्मृतिलाई राम्ररी जान्दछ्यौ। तिम्रो काकाले उसको लागि एकजना केटाको पत्तो लगाएका छन्। तर ऊ कसैलाई हेर्न इच्छुक छैन। उ भन्छे, अबको दुइ वर्षपछि मात्र बिहे गर्छु ।

सुषमा : काकी, यो बिहेको कुरा उसकै इच्छामा छोड़ि दिनुहोस्। आखिर बिहेको कुरा व्यक्तिगत विषय हो।

श्रीमती छेत्री: नानीहरूका लागि के राम्रो हुन्छ त्यो आफ आमाबाबुलाई थाहा हुँदैन भन्ने तिमी सोंच्छौ?

सुषमा : अहँ, मेरो सोचाइ त्यो होइन। आमाबाबुले संधैं हाम्रो भलाइ नै चाहन्छन्। तर बिहेको बारेमा हामी केटीहरू केही बोल्न पाउँदैनौं ?

श्रीमती छेत्री: हो, हो। यस्तो विषयमा हामी कुनै दिन चर्चा गरौंला। सुषमा, जब तिम्री आमा आउनु हुनेछ तब मैले फोन गरेकि थिएँ भनेर भनिदिनू। नभुल्नू है।

सुषमा : हुन्छ काकी। अवश्य भन्नेछु।

Mrs.Chettri : We are trying. You know well our daughter Smriti. Your uncle has found out a boy for her. But she is not agreeing to see him. She says she will marry only after two years.

Sushma : Aunty, please leave this matter of marriage to her own wish. After all this marriage is a personal matter.

Mrs.Chetteri: Do you think that the parents do not know what is good for their children?

Sushma : No. I did not mean that. The parents always wish our happiness. But can't we, girls talk anything about our marriage?

Mrs.Chettri : Yes, Yes. We will discuss about such matters some other day. Sushma, when your mummy comes tell her that I had called. Do not forget.

Sushma : O.K. Aunty. Surely I will tell.

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate verb forms of verb root पढ़ (one verb form at one place only).

आज बिहानै म ____ बसें अनि ____ चिया खाएँ । ठीक आठ बजे ___ नुहाएँ, खाना खाएँ अनि क्लास गएँ, क्लासमा ____ राम्रो लाग्छ । ध्यान दिएर ____ भने राम्ररी पास गर्न सकिन्छ । त्यसैले ___ अल्छी गर्नु हुँदैन । तिमी आचेल कति घन्टासम्म ___ ? म त छ घण्टासम्म ___ अनि कहिले काहीं ___ गर्दा खबर पनि सुन्छु । तर धेरै मानिस खबर कागत पनि ___ ।

II. Rewrite the sentences correctly substituting the underlined words and make other necessary change.

1. म तिमीलाई माया गर्छु । (उ)
2. तपाई किन आज बजार जानुहुन्छ ? (तिमी)
3. हिजो रातीसम्म नसुतीकन तपाईले के गर्नुभयो ? (उहाँ)
4. उनीहरू सबै हाम्रा साथी हुन् । (तिमीहरू)
5. तिमी जाँदैनौ भने म पनि जान्न । (तपाईं)
6. सर, हजुरले के भन्नु भयो मैले राम्ररी बुझिनँ । (हामी)
7. सर, हजुरले के भन्नु भयो मैले अझै पनि राम्ररी बुझ्न सकेको छैन । (हामी)
8. सर, हजुरले के भन्नु भयो मैले राम्ररी बुझेको छैन । (हामी)
9. यहाँ हाम्रो साथी टिकेनजीको घरबाट खुसीको खबर आएछ । (यी)
10. तपाई भोलि मसित एक छिन बजार जानुपर्छ है । (तिमी)

III. Complete the sentences using the appropriate case markers.

हामी ___ राष्ट्र ___ के दियो होइन, हामी ___ राष्ट्र ___ के दियौं त्यो कुरा ___ ध्यान दिनु पर्छ। मातृभूमि ___ विकास गर्नु हामी सबै ___ कर्तव्य हो । शिक्षकहरू ___ शिक्षाको माध्यम ___ एकता, भातृत्व ___लागि काम गर्नुपर्छ।

IV. Complete the sentences using the appropriate verb forms of verb root **खा** (one verb form at one place only).

आज बिहानै मैले चिया ____अनि चिया ____पढ़न बसें । ठीक नौ बजे भात_____थिएँ , त्यसबेला एक जना साथी आउनुभयो । आज बिहान तपाईले चाहिँ कति बजे खाना ____? अनि उनले पनि आज नौ बजे नै खाना ___ ? म त नौ बजेभन्दा अघि खाना नै ___। अचेल जाडोले गर्दा साढै नौ बजे खाना ___। सबैले खाने कुरा ___नत्र भने बाँच्नु कसरी ? अहिले तपाईलाई के __ विचार छ ? 1` रातो चिया कति ____!

V. Complete the sentences using the appropriate words.

म घरमा हुँदा ___ छ बजे ___ तर अचेल यहाँ पाँच ___ नै उठने गर्छु, त्यसै गरी ___ खालि चिया खान्नथें तर यहाँ खालि चिया _____ । घरमा एकाबिहानै

नुहाउथें तर यहाँ बिहानै ____ । किनभने नुहाउने कोठा एउटा ___ अनि नुहाउनेहरूको सङ्ख्या धेरै _____ । यहाँ अचेलभरि नियमित ___ पढ्ने गर्छु तर घरमा ___ पढ़दिनथें । यहाँ आउनुभन्दा ___ नेपाली भाषाको ज्ञान ___ अर्थात् म नेपाली जान्दिनथें तर अचेल यहाँ आएपछि पढ्दा पढदै नेपाली ___ अलिअलि ___ थालें । अर्काको भाषा ____ सजिलो कुरा ___ तर रहर गर्दा ठूलो ___ पनि होइन ।

हिजो आइतबार थियो ___ क्लास थिएन ___ आज सोमबार ___ क्लास ___ । भोलि माङ्लबार ___, ____क्लास जानै पर्छ । शनिबार __ आइतबार क्लास हुँदैन, बन्द रहन्छ ___ हप्ताको पाँच दिन छ-छ घन्टा क्लास गर्नुपर्छ । जिन्दगीमा __ यत्रो लामो ___ क्लासमा बसिएको ___ । त्यसैले पहिला-पहिला दिक्क लाग्थ्यो तर ___ बानि भइएछ, सजिलै छ घण्टा ___ बसिन्छ, बानि भएको ___। दश महिने दोस्रो भाषा प्रशिक्षण केन्द्र भारतीय भाषा संस्थानमा मात्र छ । अरू देशमा यति लामो दोस्रो भाषा --- केन्द्र छैन । त्यसैले यस्तो गौरवमय कुरा-- पाएर अचेल त मेरो धैर्य शक्ति __संयम ___बढेको छ ।

शब्दावली VOCABULARY

अचानक	suddenly	प्रबन्ध	arrangement
सघाउनु	to help	निश्चित	fixed
सिध्याइनु	to get finished	एकार्का	each other
पुर्खा	elder, ancestor	इच्छुक	interested, agreeing
व्यक्तिगत	personal	सोचाइ	thinking
अवश्य	surely		

एकाइँ ९
Unit 9

पाठ - ५५
Lesson - 55

स्वर्ण जयन्ती समापन समारोह
Golden Jubilee Valedictory function

संवाद DIALOGUE

संयोजक : माननीय अध्यक्ष महोदय, प्रमुख अतिथि,तथा दाजुभाइ दिदीबहिनी ! सप्ताहव्यापी स्वर्ण जयन्ती कार्यक्रमको आज अन्तिम दिन हो। सर्वप्रथम हाम्रा विद्यार्थीहरूले एउटा प्रार्थना गीत प्रस्तुत गर्नेछन्।

Co-ordinator: Respected Chairperson, Chief Guest, Ladies and Gentlemen! Today is the last day of our weeklong Golden Jubilee programmes. First of all our students will present a prayer song.

विद्यार्थीहरू : (सामुहिक गीत गाउँछन) जगज्जननी मातेश्वरी तिम्रा चरणमा लाखौं प्रणाम।

Students : (They sing a group song) " O! The Mother goddess of the world ! We offer our million namaskar at your feet".

संयोजक : अब स्वर्णजयन्ती समारोहका मूल सचिव श्री जगन्नाथ राईले स्वागत सम्भाषण प्रस्तुत गर्नु हुनेछ।

Co-ordinator: Now, the General secretary Sri Jaganath Rai, will deliver the welcome address.

मूल सचिव : आजको यस समापन समारोहका प्रमुख अतिथि महोदय, अध्यक्ष महोदय तथा उपस्थित सबै महानुभाव !! आफ्नो विद्यालयले 50 वर्ष पूरा गरेको साँच्चै ऐतिहासिक दिन हो। विगतदेख आजसम्मको इतिहासलाई हेर्दा सबै पक्षका मानिसहरूको योगदान विद्यालयले पाएको छ। विद्यालयका शिक्षक,

General Secretary : Respected Chief guest of today's valedictory function, ladies and gentlemen!! It is really a historic day because our school has completed 50 years today. This school has received and continues to receive great contributions from people belonging to different walks of life. This school has achieved progress because of the unity of the teachers, the guardians & the students. Accordingly with the help from all corners we are

अभिभावक र विद्यार्थीहरूको
एकताको कारणले नै
विद्यालयले उन्नति गरेको हो।
त्यसरी नै सबैको सहयोगले
नै हामीले यो स्वर्णजयन्ती
समारोह मनाउन सकेका छौं।
सप्ताहव्यापी कार्यक्रममा
तपाईंहरूको उपस्थितिले
हामीलाई ठूलो प्रेरणा मिलेको
छ। आजको यस समापन
समारोहमा तपाईंहरू सबैलाई
स्वागत जनाउँदै छु।

able to celebrate this Golden Jubilee. We have been highly inspired by your presence during this week long programme. I welcome you all for today's valedictory function.

संयोजक : अब आजका प्रमुख अतिथि
ज्यूलाई दीप-प्रज्वलनका
लागि अनुरोध गर्दछु। (प्रमुख
अतिथिले दीप जलाउँछन्)
अब प्रमुख अतिथिलाई
आफ्नो छोटो वक्तव्य
राखिदिनुहोस् भनी आग्रह
गर्दछु।

Co-ordinator: Now may I request today's Chief guest for lighting the lamp ? (Chief guest lights the lamp). I also request our honorable Chief Guest to give a felicitation address.

प्रमुख अतिथि: स्वर्ण जयन्ती समापन
समारोहका माननीय अध्यक्ष
एवं दर्शकवृन्द ! यस
आनन्दपूर्ण अवसरमा म
सबैलाई बधाई चढ़ाउँदछु। यो
मेरो जीवनको पनि
ऐतिहासिक दिन हो। मेरो
शैक्षिक जीवनको सुरूआत
यही विद्यालयबाट भएको हो।
यहीबाँट मैले कलेज र
विश्वविद्यालयसम्म पुगेर पढ्ने
अवसर पाएँ। यहाँबाट पढ़ेर
जाने विद्यार्थीहरूले धेरै क्षेत्रमा
नाम कमाएका छन्। कोही
नेता, कोही डक्टर, कोही
प्रोफेसर, कोही इन्जिनियर
तथा कोही अफिसर पनि

Chief guest : Respected Chair person of Golden jubilee Valedictory function and audience. On this pleasant occasion, I congratulate you all. This is also a historic day in my life. My educational life started from this very same school. I got the opportunity to reach the college and University through this school. The students who studied here have earned fame in various fields. Many of them are now leaders, doctors, professors, engineers and officers. I feel delighted to see the Souvenir published on the occasion of the Golden Jubilee. The Editor of this Souvenir has published photographs and articles about our "Aranya Saptah"

बनेका छन्। स्वर्णजयन्तीको अवसरमा प्रकाशित स्मारिका देखेर म आनन्दित भएँ। यस स्मारिकाका सम्पादकले त्यसबेला बनाएको 'अरण्य सप्ताह' समारोहको फोटो र लेख छपाएका छन्। भविष्यमा यस विद्यालयले कलेजको रूप पाउन सकोस्। यो हामी सबैको चाहना हुनु पर्छ। त्यसरीनै विद्यालय र यसका वरिपरिका वातावरण शुद्ध र सुन्दर रारव्न सबै अग्रसर बनेको कुरो स्मारिकामा पढें र मलाई ज्यादै आनन्द लोगको छ। स्मारिका देखेर म आनन्दित भएँ। यस स्मारिकाका सम्पादकलाई म के भन्न चाहन्छु भने प्राकृतिक वातावरणको साथै शैक्षिक वातावरण पनि स्वच्छ र सुन्दर बनोस्। अन्त्यमा, कार्यक्रममा भाग लिने प्रतियोगी र सहभागीहरूप्रति कृतज्ञता जनाउँदछु।

rest week) programme. I wish this school should be upgraded to a college. We all have to think about this. We have to come forward to make the environment healthy and beautiful. I am very happy to see this magazine. But my expectation is that both physical surroundings and the academic atmosphere should be clean and beautiful. Lastly I would like to express my gratitude to the competitors, the organizers and others who have helped to make this function a great success.

संयोजक : अब कार्यक्रमको अर्को चरणमा म आजका समारोहका अध्यक्ष हाम्रा विद्यालयका प्रधान अध्यापक महोदयलाई केही शब्द बोलिदिन हुन निम्त्याउँछु।

Co-ordinator : I invite our respected Chair person, and beloved Head Master to express a few words.

अध्यक्ष : श्रीमान् प्रमुख अतिथिज्यू, शिक्षक, अभिभावक एवम् विद्यार्थीहरू ! आज यो अति नै खुशीको दिन हो। हामीले खुबै आनन्दसँग विद्यालयको

Chair Person: Respected Chief guest, teachers, guardians and students! Today is the most happy day for us. We celebrated the Golden Jubilee of our school with various

स्वर्ण जयन्ती मनायौं। धेरै
वर्षपछि हामीले हाम्रा पुराना
र नयाँ विद्यार्थीहरूसँग
भेटघाट गर्ने अवसर पायौं।
यो विद्यालयले आफ्नै इतिहास
पूरा गरेको छ । कतिजना
हाम्रा उद्यमी
समाजसेवीहरूलाई हामीले
सम्मान गर्ने मौका पायौं।
सांस्कृतिक कार्यक्रममा राम्रा-
राम्रा लोक नृत्य, लोक गीत
र नाटक प्रतियोगिताहरू भए।
भूत पूर्व विद्यार्थीहरूको
पुनर्मिलन कार्यक्रम पनि
रोचक भयो। साँच्चै ती
दिनहरू अविस्मरणीय थिए।
विद्यालयको उन्नतिको निम्ति
हामीले सबै पक्षबाट सहयोग
पायौं। भविष्यमा पनि यस्तै
सहयोगको आशा हामी गर्छौं।
सबैलाई मुरीमुरी धन्यवाद।

kinds of programmes. Our old and new students got the opportunity to mix freely with each other after long a gap. This school has recorded a remarkable history. We got an opportunity to respect some of our students who are industrialists and social workers. For our cultural programmes many good folk-dances, folk-songs, drama competitions etc. were presented. Ex-students' reunion programme was also conducted very interestingly. Really these past few days were unforgettable. We have received help from all corners for the development of the school. We expect the same kind of help in future also from you all. I am extremely happy to express my gratitude to all of you.

संयोजक : अब म हाम्रा स्वर्ण जयन्ती
समारोहका कर्मठ कार्यकर्ता
श्री सूर्यप्रसाद छेत्रीलाई
धन्यवाद ज्ञापन गर्नलाई
निम्त्याउँछु।

Co-ordinator: Now I invite our active worker, the secretary of our Golden Jubilee celebration, Sri Surjaprasad Chettri to give vote of thanks.

सूर्यप्रसाद : स्वर्ण-जयन्ती समापन-
समारोहका उपस्थित प्रमुख
अतिथि, अध्यक्ष महोदय तथा
भेला भएका महानुभावहरू। म
सबैलाई धन्यवाद दिन आएको
छु। सर्व प्रथम आजका प्रमुख
अतिथि जसले आफ्ना अमूल्य
समय दिनाको साथै सुन्दर
भाषण दिनुभयो, मुरीमुरी
धन्यवाद दिन्छु। आजका
सभाध्यक्ष, हाम्रा प्रधान

Suryaprasad: Respected Chief guest of Golden Jubilee valedictory function, Chairperson and all other guests and friends ! I have come to thank you all. First of all I thank the Chief guest for sparing his valuable time and for his address to the function. I am also thankful to the Chairperson, our dear Head master, other guests, and ex-students, competitors in various programmes and other helpers who worked for the success of this programme. We also hope to

अध्यापक, अन्य अतिथिवर्ग, भूतपूर्व विद्यार्थीवर्ग तथा विभिन्न कार्यक्रमका सहयोगीहरूलाई पनि धन्यवाद दिन्छु। साथै जजसले यस कार्यक्रमलाई सफल बनाउन सहयोग गरे उनीहरूलाई पनि धेरैधेरै धन्यवाद छ। भविष्यमा पनि यस्ता कार्यक्रमहरूमा तपाईहरूको अमूल्य सहयोगको हामी आशा राख्छौं। फेरि पनि सबैलाई धन्यवाद।

receive the same type of valuable cooperation from all of you in our future programmes. Once again I thank you all.

संयोजक : अब अध्यक्ष महोदयको अनुमति अनुसार आजको कार्यक्रम समाप्त भएको घोषणा गर्दछु। सबैलाई धेरैधेरै धन्यवाद।

उपस्थित सबै (उठेर)

जनगनमन अधिनायक जय हे भारत भाग्य विधाता ...

Co-ordinator: Now with the permission of the Chairperson I declare the closure of these programmes. Many many thanks to all of you.

All in attention (standing)

Jana Gana Mana Adhinaayaka Jaya he, Bharata Bhagya Vidhata...

लेखन अभ्यास EXERCISES

I. complete the sentences using the appropriate words.

श्रीमान् सभाध्यक्षज्यू, _____ तिथिज्यू, शिक्षक, अभिभावक ___ विद्यार्थीहरू ! आज यो अति नै _____ दिन हो। हामीले _____ आनन्दसँग विद्यालयको _____ जयन्ती मनायौं। धेरै वर्षपछि हामीले _____ पुराना र ___ विद्यार्थीहरूसँग _____ गर्ने अवसर पायौं। यो विद्यालयले आफ्नै इतिहास ___ छ । कतिजना ___ उद्यमी समाजसेवीहरूलाई हामीले _____ गर्ने मौका पायौं। सांस्कृतिक ___ राम्रा-राम्रा लोक नृत्य, लोक गीत र नाटक प्रतियोगिताहरू भए। भूतपूर्व विद्यार्थीहरूको पुनर्मिलन ___ पनि रोचक भयो। साँच्चै ती दिनहरू _____ थिए। विद्यालयको उन्नतिको _____ हामीले सबै पक्षबाट _____ पायौं। भविष्यमा ___ यस्तै सहयोगको ___ हामी गर्छौं। सबैलाई _____ धन्यवाद।

II. Complete the sentences using the correct forms of Nepali equivalent words for those given in English.

1. हामी 24 तारिकको दिन भ्रमणको निम्ति ___ । (go)
2. भोलि तिमी छिट्टै ___ । (come)
3. डुल्न जाँदा रमाइलो ____। (do)
4. हिजो राती मैले निक्कै रातिसम्म ___। (read)
5. दार्जीलिङमा निक्कै जाडो ____ होला। (be)
6. म तिमीलाई धेरै माया ___। (do)
7. आउँदो महिनामा हामी भ्रमणबाट ___। (return),
8. आज मलाई अलिकति रूपियाँ ___। (want)
9. हामी सबै घुम्न जाँदा होसियार पनि ___ पर्छ । (be)
10. तपाईसित क्यामेरा ____? (have)

III. Transform the following roots into causative forms and use them in sentences.

पढ्, देख्, हेर्, सुन्, सिक्, खा, पठा, लेख्, बुझ्, हिँड्,

IV. Complete the phrase using the appropriate correlative words and use them in sentences.

जहाँ_____, जता_____, जतिखेर_____, यहाँ _____, उता___, यता _____,
जस्तो _____ यसै ___, जसै _____, जे पायो ____, जो पायो _____,

V. Transform the sentences as instructed.

1. शिक्षक आफ्ना विद्यार्थीलाई पढाउँछन्। (Rewrite using the high honorific verb form).
2. भ्रमणकारीहरू भमण गर्न रमाइलो ठाउँमा जान्छन्। (Rewrite using past perfect verb form).
3. हामीले कसैको उपकार गर्न सहयोग गर्नुपर्छ। (Change into present perfect).
4. मैले पनि रगत दान गर्न सोचेको छु। (Change into present continuous).
5. उहाँ जे भन्नुहुन्थ्यो त्यो तपाईंलाई याद छ। (Change into unknown past).
6. मैले यति धेरै पढनुपर्छ भनेर सोचेको थिइनँ। (Change into plural).
7. हामी आदर्श शिक्षक बन्नु पर्थ्यो। (Change into simple present)
8. हिजो राम्ररी जाँच लेखियो। (Change into past tense)
9. हिजो बेलतला बजार गइएन। (Change into negative)
10. म मलामी गएको छैन। (Change into affirmative)
11. गुवाहाटीमा कलाक्षेत्र राम्रो छ। (Change into unknown past)
12. हामी सधैं बिहानै उठ्छौं। (Change into habitual past)
13. भोलि हाम्रो मौखिक परीक्षा हुन्छ। (Change into definite future)

शब्दावली VOCABULARY

स्वर्ण-जयन्ती	golden jubilee	माननीय	respected
अध्यक्ष	chair person	भद्र-महिलावृन्द	ladies and gentlemen.

प्रस्तुत गर्नु	to present	जगज्जननी	mother of the universe,
मातेश्वरी	mother goddess	चरण	feet
लाखौं	millions	प्रणाम	salutation
सम्भाषण	speech, address	उपस्थित	present
ऐतिहासिक	historic	विगत	past
एकता	unity	प्रेरणा	encourage
दीप-प्रज्वलन	lighting of the lamp	सरुआत	beginning
प्रकाशित	published	लेख	article
वातावरण	environment	कृतज्ञता	gratefulness, gratitude
चरण	phase	उद्यमी	industrious
पुनर्मिलन	reunion	अविस्मरणीय	unforgettable
अनुमति	permission	समापन समारोह	closing ceremony, valedictory function

एकाइँ १० Unit 10

पाठ - ५६ Lesson - 56

नातिको इच्छा
Grandson's desire

संवाद DIALOGUE

नाति	: यता हेर्नुहोस् त ! श्रेणी परीक्षामा सर्वोच्च अंक पाएकाले मैले यो पुरस्कार पाएँ।	Grandson : Grandma. Look at this. For scoring highest marks in the class test I got this prize.
बोजु	: ए हो र ? खै हेरौं के पुरस्कार पाइछस् ?	Grandma : Is it so ? Let me see what prize you have got.
नाति	: हेर्नोस् त, यो फोटोको किताब। तपाईंलाई थाहा छ यो कसको फोटो हो?	Grandson : See. It is a picture book. Do you know whose picture is this ?
बोजु	: छ नि। उनी हाम्रा राष्ट्रपिता महात्मा गान्धी हुन्। कति राम्रो फोटो रहेछ। स्यावास नाति। म यो देखेर धेरै खुसी छु।	Grandma : Yes, of course. He is Mahatma Gandhi the father of our nation. It is a beautiful photograph. Thank you my grandson. I am very happy to see this.
नाति	: गान्धीजीका जीवनको कुन समयको फोटो हो यो तपाईंलाई थाहा छ ?	Grandson : Do you know, of which period of Gandhiji's life is this photograph (taken) ?
बोजु	: थाहा छ। यो त अहिंसा आन्दोलनका बेलाको हो। गान्धीजीले हाम्रो देशलाई स्वतन्त्र बनाउन कति दुःख कष्ट गरे तमीलाई थाहा छ नाति ?	Grandma : Yes. During the movement of nonviolence. My child, do you know what he did and how he struggled for our country's freedom ?
नाति	: केही त सुनेको छु। अझै भन्नुहोस् त, बोजु ?	Grandson : I have heard something. Now tell me more about it, grandma.

बोजु : अहिंसा नै उनको मूल हतियार थियो। उनले कहिल्यै कसैलाई दुःख दिन चाहेनन् । विदेशीहरूबाट हाम्रो देशलाई मुक्त गराउने उनको तरिका नै असहयोग आन्दोलन र अवज्ञा आन्दोलन थियो। उनी भारतको प्रशासन भ्चलाएको हेर्न भारतीयहरूले नै चाहन्थे कुनै विदेशीले होइन। उनी सधैँ सत्यता, नियमबद्धता र देशका लागि समर्पित हुने कार्यमा विश्वाश गर्दथे। उनी स्वार्थी थिएनन्। उनले हाम्रो देशका सबै मानिसलाई समान रूपले गर्ये माया। उनी आफ्ना बैरी, यहाँसम्म कि ब्रिटिशहरूलाई पनि सम्मान गर्थे। महान मानिसहरू मात्र त्यस्ता हुन सक्छन्। ठूला मानिसहरू दयालु र असल हुन्छन्।

Grandma : His main weapon was non violence. He never wanted to pain any body. His methods for freeing the country from foreigners was non co-operation and civil disobedience. He wanted that Indians should rule India and not some foreigners. He always believed in truth, punctuality and commitment to work for the country. He never was selfish. He loved all the people of our country alike. He respected even his adversaries including the British. Only great people can be like that. Great people are kind hearted and good.

नाति : बोजु, म पनि ठूलो मान्छे हुन चाहन्छु। म कसरी हुन सक्छुँ ? ठूलो मानिस हुनलाई मैले के-के गर्नुपर्छ ?

Grandson : Grandma, I too want to be a great man. How can I become one ? What should I do to be great ?

बोजु : तैंले आफ्नो देशको राम्रो सेवा गर्ने इच्छा राखिस भने। तँ अवश्य एकदिन ठूलो मानिस हुन्छस् ठूलो मानिस हुनलाई सबभन्दा पहिला त एकदमै राम्ररी पढ्नु पर्छ। अनि हाम्रो देशलाई समृद्ध र प्रसिद्ध बनाउने काम गर्नु पर्छ। हाम्रो देशका दुखी-गरीब र अशक्त जनताको दुःख दुर्गति हटाउने काम गर्नु पर्छ। निस्वार्थ भावनाले कठोर परिश्रम गरेर हाम्रो देशको नाम

Grandma : You will certainly be a great man one day if you desire to serve our country. First of all, to be a great man you have to study very well. You have to work hard to make our country prosperous and famous. You have to remove the sufferings of our poor and sick people. To keep our country's name spread every where you have to work hard and work selflessly. You should be able to love all human beings alike. Only if you are able to do all these things you can become a great

चारैतिर फैलाउनु पर्छ। तैंले सबै मानिसलाई समान रूपले प्रेम गर्न सक्नु पर्छ। तैंले यति गर्न सकिस् भने मात्र तँ ठूलो मान्छे हुन सक्छस्। तैंले यसरी देशको लागि काम गर्दा अनेक दुःख कष्ट सहनु पर्ने हुन सक्छ। गान्धीजीले कति दुःख, कष्ट र गोरा सिपाहीको यातना सहेका थिए भन्ने कुरो तँ सोच्न पनि सक्दैनस्। तर उनी अहिंसाद्वारा नै आफ्नो देशलाई विदेशी शासकको हातबाट मुक्त गराउन दृढ़-प्रतिज्ञ थिए। कहाँसम्म भने ब्रिटिशहरूले पनि उनलाई सम्मान गर्दथे र उनको महानताको कदर गर्थे। सारा विश्वले उनलाई महान् व्यक्ति मानेर 'महात्मा' भन्छन। तँ पनि त्यस्तो महान व्यक्ति हुन सकिस् भने हामी सबै सारै खुसी हुने थियौं।

person. It is possible that you will have to face a lot of problems while working for the country. You cannot even imagine the pain and suffering Gandhiji had to bear at the hands of British soldiers. But he was firm in his decision to free his country from foreign rule through nonviolence. Even the Britishers respected him and acknowledged his greatness. The whole world called him Mahatma a very great person. We all will be very happy if you become a great person like him.

नाति : म मेरो देशको लागि अवश्य काम गर्नेछु।

Grandson : I will certainly work for my country.

बोजु : नेताजी सुभाषचन्द्र बोस हाम्रो देशका अर्का एकजना महान व्यक्ति हुन्। उनले पनि हाम्रो देशको स्वाधीनताका लागि संघर्ष गरेका थिए। यहाँ हेर, यो तेरो किताबको अर्को फोटो नेताजीको हो। तैंले उनका बारेमा केही सुनेको छस्?

Grandma : Netaji Subhash Chandra Bose was another great person of our country. He also fought for our freedom. Look here, the second photograph in your book is that of Netaji. Have you heard about him ?

नाति : हो बोजु। उनी एक जना वीर र साहसी सिपाही थिए। हेर त, सिपाहीको पोशाकमा उनको यो फोटो कति राम्रो छ!

Grandson : Yes grandma. He was a great and brave soldier. Look how beautiful is his photograph in this military uniform !

बोजू : हो त हगि, उनी एकजना साहसी र लायकका मान्छे हुन्। उनी पनि आफ्नो देशलाई गान्धीजीले जस्तै माया गर्थो। तर उनी ब्रिटिसहरूसित शस्त्रले युद्ध गर्न चाहन्थे। उनी आजाद हिन्द फौजका सुप्रिम कमाण्डर थिए। भारतीय राष्ट्रीय सेनाको गठन पनि उनैले गरेका हुन्। धेरै भारतीय गोर्खाहरू उनको सेनामा भर्ना भएका थिए। उनीहरूले ब्रिटिशसँग निर्भयतापूर्वक युद्ध गरेका थिए। आफ्नो देशको स्वतंत्रताका लागि नेताजीले साहस, हिम्मत सबै थोक दिएका थिए। त्यसैले सबैले उनलाई माया र सम्मान गर्छन्। हामी भारतीयहरू गान्धीजी र नेताजीको पूजा गर्छौं।

Grandma : Yes, yes. He was a brave and handsome person. He also loved his country like Gandhiji. But he wanted to fight the British with weapons. He was the Supreme Commander of Azad Hind Fouz that Indian National Army. That army was also formed by him. Many Indians and Gorkhas joined his army. They fought with the British fearlessly. Netaji gave all his strength and devotion to work for his country. So people love him and respect him. We Indians worship Gandhiji and Netaji.

नाति : बोजु, पूजा त भगवानको पो गर्छन् त। के यिनीहरू भगवान हुन् र ?

Grandson : Gramdma, we worship only God. Are they also Gods ?

बोजु : होइन, यिनीहरू भगवान त होइनन्। तर यिनीहरूले हाम्रो देशको लागि जुन काम गरे त्यो बहुतै महान् काम हो। त्यसैले हामी भगवानलाई जस्तै उनीहरूलाई पूजा गर्छौं।

Grandma : No they are not Gods. But what they have done for our country is very very great. So we worship them like Gods.

नाति : बोजु, यस्ता अरु धेरै महान व्यक्तिको बारेमा म अझै जान्न चाहन्छु। यस्ता धेरै फोटोहरू यस किताबमा छन्।

Grandson : Grandma, I like to know more about such men. There are so many photographs in this book.

बोजु : हो। गोपाल कृष्ण गोखले, बालगंगाधर तिलक, भगतसिंह, पण्डित जवाहरलाल नेहरू

Grandma : Yes, Gopalakrishna Gokhale. Bala Gangadhar Tilak, Bhagat Singh, Pandit Jawaharlal Nehru etc. I will tell about all of them

आदि जस्ता सबैको बारेमा म तँलाई एक-एक गरेर भन्छु। पहिले तँ आफ्नो गृहकार्य गर अनि खाना खाई सकेर मसँग आइज। त्यसबेलासम्म म तेरी आमालाई घरको काममा मदत गर्दै गर्नेछु।

one by one. First you finish your homework, dinner and then come to me. Meanwhile. I will help your mother in some house hold work.

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using appropriate words from the choices given.

1. मैले धेरै _____गरेर त्यति छुट्टी पाएँ। (अनुरोध , कष्ट, बिन्ति)
2. भगवानले तिमीलाई मातृभूमिको सेवागर्ने ____ दिएका छन्। (सुनौलो अवसर, राम्रोदिन, खुसीको मौका)
3. सिपाहीलाई त्यसो भन्न _____ । (सुहाउँदैन, देखिदैन, पाउदैनन)
4. त्यसैले मालाई जागिर छोड्न _____पार्छ जस्तो छ। (आनन्द , विवश, दुर्बल)
5. कुनै युद्धले पनि विश्वमा शान्ति _____छैन। (देखेको, ल्याएका, भनेको)

II. Complete the sentences using the appropriate words.

1. भगवानले तिमीहरू सबैको _____ गरून।
2. प्रत्येक _____ शान्तिको तीव्र चाहना हुन्छ।
3. उग्रवादीहरुको स्वार्थीपना र लोभ नै _____ गर्ने मूल कारण हो।
4. विज्ञानको उन्नतिले मानिसको जीवन पद्धतिमा _____ ल्याइदिएको छ ।
5. जसको शक्ति _____ भन्ने नीति लागु भयो ।

III. Express the content of each sentences in two simple sentences

1. धेरै कष्ट गरेर त्यति छुट्टी पाएँ।
2. आमाको रोगको कुरा सुनेको दिनदेखि नै मलाई सारै दुःख लागेको थियो
3. घर जानचाहेर पनि हामी घर जान पाउदैनौं
4. तर किन मानिसहरू लडाइँ गर्छन् र देशमा लडाइँ हुन्छ।
5. तिमीलाई घर गएर आमा, नानीहरू र पत्नीसँग भेटने हतार छ होला।

III. Write as many sentence as possible by replacing the underlined words in the sentences with other suitable words.

1. सबै कामकालागि हामी सधै <u>प्रस्तुत रहनु</u> पर्छ।
2. मान्छे धर्मको नाममा <u>युद्ध गर्छन्</u>
3. कुनै <u>धर्मले</u> एक अर्कालाई हत्या गर्नु भन्दैन ।
4. आमा <u>क्यान्सर</u> रोगले पिढित हुनुहुन्छ
5. हामी सबैले <u>वार्ताबाट</u> शान्ति ल्याउने प्रयास गर्नुपर्छ।

IV. Answer the following questions with reference to the dialogue of the lesson.

1. मेजर किन दु;ख लागेको थियो ?
2. मेजलाई के ले जागिर छोड्न विवश पार्छ ?
3. सिपाहीको सौभाग्य के हो ?
4. मानिसहरु केका लागि युद्ध गर्छन् ?
5. जस्को शक्ति उस्को भक्ति भनेको के हो ?

V. Write opposite words of the given ones and use them in sentences.

सौभाग्य , शान्ति , मङ्गल , दुब्लो , निर्दोष ,सारो, ल्याउन, सुधार, प्रस्तुत,

VI. Answer the following questions with reference to the dialogue of the lesson.

1. नातिसित गान्धीजीको कुन बेलाको फोटो थियो ?
2. गान्धीजीले ब्रिटिसलाई खेदाउन कस्तो हतियार प्रयोग गरे ?
3. ठुलो मानिस हुनलाई के के गर्नुपर्छ ?
4. नेताजी ब्रिटिससित के गर्न चाहन्थे ?
5. गान्धीजी केमा विश्वास गर्थे ?

VII. Complete the sentences using the negative forms of the words given in the bracket.

1. नातिले वर्षिक परीक्षामा सर्वोच्च नम्बर _____। (पायो)
2. नताजी सुभाष चन्द्र बोस आफ्ना बैरीलाई माया ___ । (गर्थे)
3. गान्धीजी ब्रिटिसहरुसित शस्त्रले युद्ध गर्न ___ । (चाहन्थे)
4. भारतीय राष्ट्रीय सेनाको गठन ब्रिटिशहरूले गरेका _____ । (हुन्)
5. बोजुले नातिलाई खाना खाइ नसकि आउनु ___। (भनिन्)

शब्दावली VOCABULARY

सर्वोच्च अङ्क	highest mark	राष्ट्रपिता	father of the nation
अहिंसा आन्दोलन	nonviolence movement	स्वतन्त्र	free, independent
मूल हतियार	main weapon	निर्भयतापूर्वक	fearlessly
अवज्ञा आन्दोलन	disobedience movement	स्वार्थी	selfish
बैरी	adversary	अशक्त	unable, weak
दुर्गति	bad condition	निस्वार्थ	selfless
यातना	suffering	दृढ़-प्रतिज्ञ	firm in decision
कदर	respect	सङ्घर्ष	struggle
हगि	isn't (question tag)	गठन	formation
असहयोग आन्दोलन	non-cooperation movement	हिम्मत	courage

एकाइँ १० Unit 10 | पाठ - ५७ Lesson - 57

के गर्ने ?
What to do ?

संवाद DIALOGUE

भीष्म : छत्र, एम.ए. को परीक्षा पनि भयो। अब पो बेकारी हुनु पर्ने बेला आयो।

Bhisma : Chhatra, the M.A. examination is now over. Now the problem of unemployment has come.

छत्र : होइन। किन बेकारी हुने ? रिजल्ट न आउन्जेल हामीले कहीं पार्ट टाइम काम गर्नु पर्छ।

Chhatra : No. Why to remain unemployed? We have to do some part time jobs until the result comes out.

भीष्म : हुन त यो कुरो साँचो हो। समय छँदा नै केही अनुभव बटुल्नुपर्छ। हेर्दा हेर्दै हाम्रै साथी रमेशले जागिर भेट्यो। के बेर! कतै हामीले पनि जागिर भेट्ने पो हौं कि। खोजे पाइन्छ। नखोजे कसले बोलाएर जागिर दिन्छ ?

Bhisma : Of course, it is true. When there is time we have to gain some experience. Our friend Ramesh got a job. Who knows? Even we may get some job too. Without searching who will invite us and give us jobs ?

छत्र : हाम्रो जिम्मेबारी दिन प्रति दिन बढ्दैछ। हामीले घर गाउँ, समाज र देशको कुरा पनि सोच्ने गर्नु पर्छ। विशेष गरी हामीले हामी दायित्वशील नागरिक हौं भनेर केही गरी विश्वलाई देखाउनु पर्छ। हामीले हाम्रो राष्ट्रीय एकता बचाउनु पर्छ अनि हाम्रो संस्कृति, जीवन शैली र अनेकतामा एकताको नीतिलाई कायम राख्नुपर्छ। यसरी देशको सेवा गर्दा आफैलाई राम्रो लाग्छ।

Chhatra : Our responsibilities are increasing day by day. We have to think about our home, village, society and country. Especially we have to do something in order to show the world that we are responsible citizens. We have to protect our national integration and maintain the principle of unity in diversity in our culture and life style. While serving the country in this way we make ourselves happy.

भीष्म : हो। हामीले देशका कुरा सोच्नु पर्छ। तर सँगसँगै आफ्नो जागिरको कुरो पनि सोच्नु पर्छ। नभए देशको कुरो सोच्दा-सोच्दा हामीले कुनै जागिरै नभेटौंला।

Bhisma : Yes, we have to think of our country. But at the same time we have to think about our jobs also. Otherwise, if we go on thinking only about the nation we may not get a job.

छत्र : हरेस खाने कुरा नभए पनि सोच्ने कुरा हो। एम.ए.पास हुने बित्तिकै नोकरी नपाए पनि खोज्न छोडनु हुँदैन।

Chhatra : It is not a matter of frustration. It is, a matter of thinking. Even if we don't get any job soon after passing M.A, we should not leave the search for a job.

भीष्म : हुन्छ। अहिलेदेखि नै खोज्दै गर्दा हुन्छ। तँ पनि खोज्दै गर्। म पनि खोज्दै गर्छु। प्राइभेट कम्पनीमा त त्यति अप्ठ्यारो नपर्ला। हामी विभिन्न कम्पनीमा अहिलै देखिनै निवेदन दिन सक्छौं। रिजल्ट आउने साथ हामी प्रमाणपत्र पाउने छौं र उनीहरूलाई बुझाइ दिने छौं। हामीले केही समय प्राइभेट कम्पनीमा काम गर्दा केही अनुभव हासिल गर्ने छौं। त्यो हामीलाई काम लाग्छ। त्यसले हामीलाई सरकारी कार्यालयमा त्यस खाले काम पाउन सघाउने छ।

Bhisma : O.K. It is better to start now. Let us do so. It is not so difficult to find a job in private companies. We can send our applications to different companies right now. As soon as the result comes out we will obtain certificates and submit to them. If we work in private companies for some time we will have some experience. That will help us later to get similar types of jobs in government offices.

छत्र : कम्पनीमा काम पाउन, तिमी सजिलो ठान्छौ ?

Chhatra : Do you think it is so easy to get jobs in companies ?

भीष्म : अचेलभरि कहीं पनि जागिर पाउन सजिलो छैन। हामीले विभिन्न पत्रपत्रिका, रेडिओ, टी.भीमा विज्ञापनको खोजी गर्ने गर्नुपर्छ। साथै विभिन्न कम्पनीका कार्यालयमा पनि जाने गर्नुपर्छ।

Bhisma : Getting a job now-a-days is not an easy thing. We have to watch advertisements in news papers, radio and T.V. We've to visit offices of different companies also.

छत्र : कसै कसैले कम्पयुटरको विज्ञापन मार्फत पनि जागिर पाउँछन्।

Chhattra: Some people get jobs through computer advertisements also.

भीष्म : हो हो। तिमीले ठीक भन्दै छौ। धेरै कम्पनी र संस्थानहरूले अनलाइन-मा विज्ञापनहरू दिने गर्छन्।

Bhisma : Yes, yes. You are very correct. Many companies and organizations give online advertisements.

छत्र : अर्थात् हामीले साइबर क्याफेमा गएर अनलाइन हेर्ने गरेर विज्ञापनहरू खोज्ने गर्नुपर्छ।

Chhatra : That means we have to keep visiting Cyber cafes and look at online advertisements also.

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate words from the choices given.

1. रिजल्ट __ हामीले कहीं पार्ट टाइम काम गर्नु पर्छ। (नआउन्जेल,नलेखुन्जेल,नभनुन्जेल)
2. हामी ___ नागरिक हौं भनेर केही गरी विश्वलाई देखाउनु पर्छ। (सुशील, दायित्वशील,तपशील)
3. हामीले साइबर क्याफेमा गएर अनलाइन हेरेर __ खोज्ने गर्नुपर्छ। (परीक्षा,विज्ञापन,अनुभव)
4. एम.ए. पास गरेपछि पो ___ हुनु पर्ने बेला आयो। (बेकारी, नागरिक, सरकारी)
5. हामीले देशको कुरो ___ कुनै जागिरै नभेटौंला। (सोच्दा-सोच्दा, लेख्दा-लेख्दै, भन्दा-भन्दै)

II. Complete the sentences using the appropriate words.

1. कसैले कम्पयुटरको विज्ञापन मार्फत पनि _____ पाउँछन्।
2. एम.ए.पास हुने बित्तिकै नोकरी नपाए पनि ____ हुँदैन।
3. हामी विभिन्न कम्पनीमा अहिलेदेखि नै ____ दिन सक्छौं।
4. हामीले केही समय ____ काम गर्दा केही अनुभव हासिल गर्नेछौं।
5. अचेलभरि कहीं पनि ____ पाउन सजिलो छैन।

III. Change the following underlined words into theie corresponding negatives.

1. हामीले पनि जागिर भेट्ने पो हौं कि?
2. हाम्रो जिम्मेबारी दिन प्रति दिन बढ्दैछ ।
3. यसरी देशको सेवा गर्न पाउँदा आफैलाई राम्रो लाग्छ।
4. प्राइभेट कम्पनीमा त त्यति अपठ्यारो नपर्ला।
5. हो हौ ! यो तिमी ठीक भन्दै छौ।

IV. Match the following.

A	B
1. समय छँदा नै	दिन प्रतिदिन बढदै छ ।
2. हामीले हाम्रो राष्ट्रीय	जागिर पाउन सजिलो छैन ।
3. अचेलभरि कहीं पनि	अन लाइनमा पनि विज्ञापन दिने गर्छन ।
4. कुनै-कुनै कम्पनीले	केही अनुभव बटुल्नुपर्छ।
5. हाम्रो जिम्मेवारी	एकता बचाउनुपर्छ

V. Answer the following questions with reference to the dialogue of the lesson.

1. हामीले कस्तो नीति कायम गर्नुपर्छ ?
2. दुवै साथीले रिजल्ट नआउन्जेल के गर्ने सोचे ?
3. कसरी देशको सेवा गर्दा राम्रो लाग्छ ?
4. हामीले कसको-कसको कुरा सोच्नुपर्छ ?
5. कहाँकहाँ विज्ञापन खोज्नुपर्छ ?

शब्दावली VOCABULARY

बेकारी	unemployment	जागिर	service, job
जीवन-शैली	life style	अनेकता	diversity
एकता	unity	हरेस	discouragement
अप्ठयारो	hardship, difficulty	हासिल गर्नु	to acquire
विज्ञापन	advertisement	मार्फत	through

एकाइँ १० Unit 10

पाठ - ५८ Lesson - 58

खेलाडिको चयन
Selection of players

संवाद DIALOGUE

सुभाष	: सर, तपाईले मलाई बोलाउनु भयो भनेर ले गोपालले भन्यो ।	Subhash : Sir, Gopal told me that you called me.
प्रशिक्षक	: हो। तिमीलाई हाम्रो जिल्ला स्तरीय फुट्बल खेलाको बारेमा भन्न पर्ने थियो ।	Coach : Yes I wanted to tell you about our district level football match.
सुभाष	: त्यो कहाँ हुन्छ सर ? हाम्रो दलले पनि त्यस खेलमा भाग लिन्छ सर ?	Subhash : Where will it be Sir ? Will our team also be participating in the game, Sir ?
प्रशिक्षक	: हो। हाम्रो दलले यस वर्ष अवश्य भाग लिन्छ। मैले हाम्रो दलको अन्तर्भुक्ति -को लागि निवेदन पठाइसकें। तिमीहरू आजैदेखि अभ्यास गर्न सुरू गर। कुनै कुरालाई पनि हल्का चालले सोच्नु हुँदैन।	Coach : Yes. Our team will certainly participate in this year's match. I have already sent the application for the inclusion of our team. You people should start practising (in right times) from today itself. Don't take the things lightly.
सुभाष	: सर, हामी आफ्नो तर्फबाट सक्दो कोसिस गर्छौं।	Subhash : Sir, we will do (play) our best.
प्रशिक्षक	: सुभाष, तिमी एकैछिनपछि क्लबमा आऊ है। तिमीसँग मेरो केही काम छ। हामी सँगै बसेर तिमीहरूका पोसाक मिलाऔं। म सबै खेलाडिले पोसाक लगाएर खेलेको हेर्न चाहन्छु।	Coach : Subhash, you have to come to our club a little earlier. I have some work for you. Let us together sort out your uniforms etc. I want all the players to play in uniform only.
सुभाष	: सर, हाम्रा जर्सीहरू त ठीक छन्। तर हाम्रा बुट जुत्ताहरू राम्रा छैनन्। मलाई लाग्छ हामीले नयाँ किन्नुपर्छ।	Subhash : Sir, our jerseys are OK. But our shoes are not that good. I think we have to buy new ones.

प्रशिक्षक : म के गर्न सक्छु र ? अहिलै त मसँग पैसा छैन्। हाम्रा समस्याहरू धेरै छन्। मैले हाम्रो अध्यक्षज्यूलाई भनिसकेको छु। मैले कतिपल्ट लेखेर पनि दिइसकें। मैले जाने अनुसार उहाँले त्यो जिल्ला अधिकारीलाई पठाउनु भयो र आफैले पनि भेट गर्नुभयो अनि हाम्रो आर्थिक समस्याबारे भन्नु भयो। जिल्लाधिकारीले हाम्रो आवश्यक अनुदानलाई मन्जुरी दिनुभयो भने आवश्यक चीजहरू हामी किन्न सक्छौं।

Coach : What can I do ? Right now I am not having enough money. Our problems are many. I have already told our president. I have given it in writing also many a time. As far as I know he sent a letter to the Deputy commissioner and met him personally and explained our financial problems. If the D.C sanctions the required grant we can purchase the required things.

सुभाष : सर, गोपाल र अविनाश यसपालि हाम्रो दलमा सहभागी हुन् भ्याउँदैनन्। उनीहरूको परीक्षा रहेछ।

Subhash : Sir, Gopal and Avinash will not be able to join our team this time. They are having their examination.

प्रशिक्षक : हो। यस विषयमा मलाई थाहा छ। मैले रबि र सुरेशलाई खेलामा सहभागी हुन भनिसकेको छु।

Coach : Yes. I know about it. I have already informed Ravi and Suresh to be ready to join the game.

सुभाष : सर, परीक्षाको कारणले गर्दा धेरै केटाहरू खेल्न चाहेर पनि खेल्न पाउँदैनन्।

Subhash : Sir, because of the examination many boys who would like to play are also unable to come.

प्रशिक्षक : सुभाष, चिन्ता नगर। हामीसँग धेरै केटाहरू छन् जो अत्यन्त उत्सुकताका साथ खेल्न र कठिन परिश्रम गर्न पनि तयार छन्। त्यसो भए सून । तिमीहरूले अर्को एउटा कुरामा पनि ध्यान दिनुपर्छ। तिमीले खेल्नुका साथ साथै पढाइमा पनि ध्यान दिनुपर्छ। खेला र पढाइ तिमीहरूका लागि उत्तिकै आवश्यक हुन्। शिक्षाले

Coach : Subash, don't worry. We have a number of boys who are anxious to join the team and who are ready to practise hard. Then listen. You should remember one thing also. You have to pay attention to your studies as well as sports (games). It is important that you study and play. Education develops the players intellectually and sports develop them physically.

खेलाडिको बौद्धिक विकास गर्छ
र खेलाले उनीहरूको शारीरिक
विकास गर्छ।

सुभाष : शिक्षा र खेलालाई सँगसँगै अघि
बढाउने पर्याप्त प्रोत्साहन र
सुविधाहरू हामीसँग छैनन्।
विशेष गरी गाउँका हामी जस्ता
केटालाई धेरै गारो पर्छ। हामी
कुनै प्रकारको सुविधा पाउँदैनौं।

प्रशिक्षक : हो मलाई थाहा छ। विभिन्न
स्तरका अधिकारीहरूले सही
चालले हाम्रा समस्याहरू बुझि
ादिनु हो भने कुरा अर्कै हुन्थ्यो।
हाम्रो देशमा त्यस्ता सम्पन्न
मान्छे को कमी छैन्। हाम्रा
प्रत्येक तहका कामहरू सही
हुन्थ्ये भने हामी विश्व कप
धेरैखेप सजिलै जित्ने थियौं ।
तर सधैँ हामीले
अधिकारीहरूलाई मात्र दोष
लगाइराखेर मात्र हुँदैन।
हामीसँग जस्तो सुविधा उपलब्ध
छ त्यसैलाई लिएर प्रयास
गर्नुपर्छ।

सुभाष : सर, हाम्रो देशमा खेलाडि
छनौटमा सुरूदेखि न धेरै
प्रकारका अनियमितता पनि
भएको मैले सुनेको छु। त्यसैले
धेरै दक्ष र राम्रा खेलाडि छनौट
हुदैनन् अरे। उपयुक्त समयमा
मौका नपाउनाले उनीहरू
हतास हुन्छन् र उनीहरूको
मनोबल नष्ट हुन्छ।

प्रशिक्षक : तिमीले भनेको कुरा साँचो हो।
तर सुभाष, अब हेरौं, हाम्रो
क्लबको सम्मानको लागि हामी

Subhash : We do not have enough encouragement and facilities to pursue our studies and games simultaneously. Especially in the case of village boys like me things are very difficult. We do not get any type of facilities.

Coach : Yes I know. If the authorities at different levels had understood our problems in the right perspective then things would have been different. There is no dearth for talent in our country. We could have easily won the world cup many a time if things were to be correct at different levels. But we cannot keep blaming the authorities always. We should make good of whatever facilities we have and keep trying.

Subhash : Sir, I hear that in our country there are all kinds of malpractices in the system right from the selection of the players. It seems that many talented and excellent players do not get selected. Without getting a chance on appropriate time they get frustrated and their confidence is shattered.

Coach : What you are telling is true. But Subhash, now let us see what we can do with respect to our club. You know that there is no

के गर्न सक्छौं। हाम्रो चयन प्रकृयामा कुनै अनियमितता छैन भन्ने तिमीलाई थाहै छ। तिमी दुई वर्ष अघिदेखि हाम्रो दलको नायक भइरहेका छौ। तिमीले हाम्रो चयन प्रक्रियामा केही गल्ती पाएका छौ ? हाम्रो यहाँबाट कुनै प्रतिभाशाली खेलाडिले मौका नपाएको तिमीलाई थाहा छ ?

malpractice in our selection procedures. You have been our team captain for the past two years. Can you find fault with our selection procedure ? Do you think any talented player from here has not got a chance?

सुभाष : सौभाग्यले हामीमा त्यस्तो कुरा हुन पाएको छैन। म त हाम्रो प्रादेशिक वा राष्ट्रीय चयनको कुरा गर्दै छु।

Subhash : No such thing has happened to us luckily. I was telling about the State and National level selections.

प्रशिक्षक : खेल जगतमा हामी त तल्लो तहमै छौं। म निश्चित छु, सबै तृणमूल तहका सोचाइहरू ठीक भइदिए भने यस अंवस्थाको छिट्टै विकास हुन्छ। अवश्य एकदिन यस्तो आउँछ सोचाइअनुसार काम भयो भने हाम्रो देशको जयजयकार हुनेछ। सुभाष, हामी आशावादी हुनुपर्छ।

Coach : We are at the grass root level in the sports world. I am sure if at all grass root levels things are right, slowly the situation will improve. Certainly a day will come when in our country also all the things will be done correctly and our country will get international acclaim (laureds). Subhash, we have to be optimistic.

सुभाष : सर, तपाई सधैं हाम्रो उत्साह र शक्तिको स्रोत हुनु भएको छ। यदि प्रत्येक प्रशिक्षक र अधिकारीको सोचाइ र गराइ तपाईंको जस्तो भइदिन्थे भने निसन्देह हाम्रो देशको प्रत्येक खेलामा हामी विजयी हुने थियौं सर। म 3 बजे क्लब घरमा आउनेछु। अरू सबै खेलाडिहरूलाई म ठीक त्यही समयमा चौरमा पुऱ्याउँछु।

Subhash : Sir, you have always been a source of inspiration and strength to us. If all the coaches and authorities think and act like you I have no doubt regarding our victory in every game. Sir, I will be in the club office at 3.00 p.m. I will also see to it that all other players will also reach the playground on time.

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using the appropriate words from the choices given.

1. कुनै कुरालाई पनि _____चालले सोच्नु हुँदैन । (पातलो, सक्दो , हल्का)
2. म सबै खेलाडिले पोसाक लगाएर _____हेर्न चाहन्छु । (नाचेको , कुदेको , खेलेको)
3. धेरै केटाहरु _____ खेल्न पाउँदैनन् । (चाहेर पनि , खाएर पनि , भएर पनि)
4. तिमीले हाम्रो _____प्रणालीमा केही गल्ती पाएका छौ ? (मापन , गठन , लेखन)
5. सुभाष, हामी _____ हुनुपर्छ। (भाग्यवादी , आशावादी , निराशावादी)

II. Complete the sentences using the appropriate words from the dialogue of the lesson.

1. मैले हाम्रो दल _____ को लागि निवेदन पठाएको छु।
2. हाम्रा कुनै _____ खेलाडिले मौका नपाएको तिमीलाई थाहा छ ?
3. हाम्रो सोचाइअनुसार काम भइदिन्थ्यो भने यो देशको _____ हुनेछ।
4. शिक्षा र खेललाई सँगसँगै अघि बढाउने पर्याप्त _____र सुविधाहरू हामीसँग छैनन्।
5. जिल्ला अधिकारीले हाम्रा समस्या _____ ।

III. Complete the sentences using the appropriate words.

1. तपाईको छोराले तिमीलाई बाबा भनेर _____।
2. तपाईकी छोरीले पनि तिमीलाई बाबा भनेर _____।
3. मदनले _____दिदीलाई औधि माया गर्छ ।
4. उहाँ एक जना गुरु आमा ___ ।
5. उनको एउटा भाइ र ___ बहिनी कलेजमा पढ्दै छन् होला ।

IV. Transform the following sentences converting the nouns / pronouns into their respective feminine genders.

1. यो मेरी छोरो हो ।
2. त्यो हाम्रो भानिज होइनन् ।
3. तपाई आउनु भएन, काका आउनुभयो ।
4. तिमी त राम्रा रहेछौ ।
5. म दुब्लो छैन ।

v. Answer the following questions with reference to the dialogue of the lesson.

1. सरका अनुसार केलाई हल्का चालले सोच्नु हुदैन ?
2. अविनाश के हुन भ्याउदैन अरे ?
3. सरका अनुसार विद्यार्थीहरूले खेलाको साथै केमा ध्यान दिनुपर्छ ?
4. चयण प्रणालीको गल्तीले के हुन सक्छ ?
5. खेलाले के गर्छ ?

शब्दावली VOCABULARY

खेलाडि	player	चयन	selection
खेला	play	भाग लिनु	to participate
अन्तर्भुक्ति	inclusion	हल्का	light
आर्थिक	economic	उस्तुक	anxious
बौद्धिक	intellectual	शारीरिक	physical
प्रोत्साहन	encouragement	सुविधा	facility
सम्पन्न	well off, talented	उपलब्ध	available
अनियमितता	irregularity	उपयुक्त	right
नायक	leader	प्रकृया	process
प्रतिभाशाली	talented	प्रादेशिक	provincial, of state
जयजयकार	acclamation	आशावादी	optimistic
प्रशिक्षक	coach, trainer	निस्सन्देह	no doubt
विजयी	victorious	चौर	play ground
तृणमूल तह	ground level, grass root		

एकाइँ १०
Unit 10

पाठ - ५९
Lesson - 59

शिशुमा परिवेशको प्रभाव
The influence of the environment on children

संवाद DIALOGUE

पाल्देन : तिमी कक्षा चारको सुरजलाई चिन्दछौ ?

Palden : Do you know Suraj of class IV?

सोनम : त्यो 'ए' सेक्सनको बाठो केटालाई? के भयो त्यस ?

Sonam : That smart boy of Section A ? What happened to him ?

पाल्देन : केही भएको छैन। आज मैले कक्षामा विद्यार्थीहरूलाई तिमी के हुन चाहन्छौ भनी सोधेको थिएँ तर सुरजको उत्तर सुन्दा म छक्क परें। उसले भन्यो ऊ उग्रवादी हुन र गोली हान्न चाहन्छ अरे।

Palden : Nothing happened. Today when I asked the children in their class as to what each of them wanted to become Suraj's answer shocked me. He told me he wanted to be a terrorist and shoot with guns.

सोनम : हे भगवान ! त्यसले त्यसो भन्यो? नानीहरूको विचार सून्दा म छक्क पर्छु। त्यसो त नानीहरूलाई दोष लगाउँन पनि सकिँदैन। अचेलभरिको परिवेश नै दायी छ। शिशुको मानसिक विकास,उनीहरूको परिवेश, घर र अन्य कुराहरूमा निर्भर गर्दछ। जे होस् प्रतिदिन हाम्रो वरिपरि के के हुन्छ त्यो हामी देख्छौं र सुन्छौ। यस्तो कुनैदिन हुँदैन जुनदिन हिंसात्मक घटना नभएको होस्। विभिन्न कारणले यस्तो घटना घरबाटै सुरू हुन्छ। त्यसो हुँदा प्रचार माध्यमहरूले घटना

Sonam : My God ! Did he say so ? I wonder what kind of ideas children have. In a way they are not to be blamed. The present day environment alone is responsible. The mental development of a child depends upon its environment at home as well as outside. After all what do we see and hear around us daily ? There is not even a single day when violence does not happen. It starts from home itself in many cases. Then how does the mass media respond ? Whether it is the newspaper or radio or T.V. they give prominence to news of violence.

प्रति कस्तो प्रतिक्रिया देखाउँछन? चाहे त्यो समाचारपत्र चाहे रेडियो चाहे टेलिभिजन नै किन नहोस् उनीहरूले हिंसालाई प्राथमिकता दिएर खबर बनाउँछन्।

पाल्देन : हामी प्रचार माध्यमलाई दोष दिन सक्दैनौं। हाम्रो वरिपरि के भइरहेको छ त्यसको सूचना दिनु नै उनीहरूको कर्त्तव्य हो।

Palden : We can't blame the media. Their duty is to inform people as to what goes on around us.

सोनाम : अँ, हो। त्यसो हँदा शिशुलाई के असल र के खराब भन्ने कुराको शिक्षा दिनु शिक्षक र आमाबाबुको कर्तव्य पनि हो।

Sonam : Yes. Yes. But then it is the duty of the parents and teachers to teach children what is good and what is bad.

पाल्देन : तिमीलाई हामी चाहिँ आफ्नो काम ठीक सितै गर्दै छौं जस्तो लाग्छ?

Palden : Don't you think that we people do our duty properly ?

सोनाम : लाग्छ। तर मलाई लाग्छ हामीले शिशुको चरित्र गठनतर्फ बढी प्राधान्य दिनु पर्छ। हामीले विद्यार्थीको घरको परिवेश बुझ्ने पनि प्रयास गर्नु पर्छ। उनीहरू कुनै विशेष सल्लाह वा सहयोग चाहँदै छन कि त्यसको पत्तो जसरी भए पनि हामीले पत्तो लगाउनु पर्छ।

Sonam : We do. But I think we have to give great importance to the character formation of children. We should try to understand the home environment of our students. We should find out somehow whether they need special help or guidance.

पाल्देन : तिमी झगड़ा घरबाटै सुरू हुन्छ भन्थ्यौ। आमा-बाबू नानीहरूलाई गल्ती गर्दा कुट-पिट गरेकोलाई भन्न खोजेका हौ ?

Palden : You said that violence starts at home. Do you mean the parents beating children for their faults ?

सोनाम : मुख्य कुरो त्यो होइन। धेरै परिवारमा शिशुहरू आमा-बाबुको को घर झगड़ा देखेरै हुर्केका हन्छन्। कतिका बाबुहरू रकेसी खाएर आउँछन् र घरमा डुरमर्दो परिस्थितिको सिर्जना गर्छन्। आफ्ना गाउँका फटाहाहरू बाटा-घाटामा झगड़ा गर्छन्। टी.भी. र

Sonam : That is not the main thing. In so many houses the children grow up seeing parents fighting with each other. The fathers come home drunk and create terrible scenes at home. The rowdies in the locality fight on the roads. The films and T.V. show horrible scenes of violence.

सनेमामा पनि हत्या र आतङ्कका नराम्रा दृश्य देखाइन्छ।

पाल्देन : तिमीले भनेको कुरा ठीक हो। तर उनीहरूका माता-पिता नै ठीक छैनन् भने हामीले सिकाएर के हुन्छ ?

Palden : What you say is correct. But what can we teachers do if the parents are not alright ?

सोनाम : हामी धेरै गर्न सक्छौं। शिशुहरू सोझा र अबोध हुन्छन्। उनीहरूले आफ्नो चारैतिर जस्तो देख्छन् त्यस्तै बोल्छन्। उनीहरू आफ्नो भावना लुकाउँदैनन्। हामीले उनीहरूलाई माया गर्नु पर्छ र मान्छेका गल्तीहरू भनिदिनु पर्छ कथाको माध्यमबाट। मायाँ गरे माया पाइन्छ र हिंसाले हामी सबैलाई ध्वंस गर्छ भन्ने कुरा भरिसक्ने सिकाउने प्रयास गर्नुपर्छ।घरमा वा बाहिर शान्ति नचाहने कुनै शिशु हुँदैन।

Sonam : We can do a lot. Children are innocent and pure at heart. What they see around them they tell. They may not hide their feelings. We should love them and tell them about the great human qualities through stories. We should try our best to convince them that love begets love and violence and hatred destroy every body. There will not be any child who does not want peace at home and outside.

पल्देन : कुरै ठीक हो। तर के हाम्रा विद्यार्थीका अभिभावकलाई हामीले सुधार्नु सम्भव छ ? उनीहरूका आमा-बाबुलाई गृह-कलदेखि कसरी रोक्न सक्छौं ?

Palden : That is correct. But do you think that it is possible for us teachers to correct the parents of our students ? How can we prevent the parents from involving in domestic violence.

सोनाम : हामीले नानीहरूको समस्या बुझेर उनीहरूलाई शान्त बनाऊ सक्छौं। हामी अभिभावकहरूसँग पनि कुरा गर्न सक्छौं र उनीहरूको चरित्रको प्रभाव बच्चा-बच्चीको भविष्यमा पनि पर्दछ भनिदिन सक्छौं।

Sonam : We can pacify the children after understanding their problems. We should try to talk to their parents also and tell them that their behaviour affects their children's future.

पाल्देन : उनीहरूले हाम्रो अर्ति मन पराउँदैनन्। अनि फेरि हाम्रा चलचित्र र पोष्टरमा देखा एको नायक र खलनायकहरूले सबै प्रकारका हतियार लिएको देखदा

Palden : They will not like our advices. More over our films and their posters glorifying the heroes and the villains going around with all kinds of weapons attract children.

नानीहरू आकर्षित हुन्छन्।
उनीहरू डान्छन् बन्दक लिएको
मान्छे बन्नु नै महान हुनु हो।

They think that it is great to be a man of guns.

सोनम : हामी नानीहरूलाई हिंसामा नलागेका धेरै महान मान्छेका उदाहरण दिन सक्छौं। पाल्देन, आउँदो महिनाको अभिभावक भेलामा जसरी पनि हामीले यी कुराहरू राख्नुपर्छ। हामीलो उनीहरूको विचार बुझनुपर्छ। जे होस् हामी सुरजको नाम नलिऔं र उसको इच्छाको कुरा पनि सोझै नभनौं। तर हामीले समस्या चाहिं उठाउनुपर्छ। घरको परिवेश शिशुको शारीरिक र मानसिक विकास गर्न आवश्यक रहेछ भन्ने कुरो उनीहरूलाई भनिदिनु पर्छ।

Sonam : We should give the children many examples of good people achieving things without violence. Any how Palden, in next month's meeting of the parents/guardians we should discuss all these things. We should seek their opinions. Let us not tell Suraj's name and speak about his desire directly. But we will have to present the problem. We should tell them how important is the home environment for the physical and mental development of the children.

पाल्देन : सोनाम तिमीलाई उनीहरूले आफ्नो समस्या जान्दछन् जस्तो लाग्छ ?

Palden : Sonam, don't you think that they know these things ?

सोनाम : जान्दछन्। तर उनीहरूको कुनै सानो गल्तीको दुष्प्रभाव नानीहरूमा पर्छ भन्ने करा चाहिं बिर्सिन्छन्। उनीहरूका नानीहरूको मटत् हुने गरी उनीहरूलाई कसरी सहयोग गर्न सक्छौं भन्ने कुरा हामी उनीहरूलाई सोध्न सक्छौं।

Sonam : They know. But they often forget it. Even some little acts of misbehaviour have their effects on the children. We should also ask them in what way we can help them to help their children.

पाल्दैन : उनीहरूले सबै थोक हामीलाई भने भने के हामी मदत् गर्न सक्छौं ?

Palden : If they tell us all kinds of things can we help them ?

सोनाम : निश्चय ! हामी आशावादी हुनुपर्छ। हामी मान्छेलाई सहयोग गर्न सक्छौं भन्ने आशा गरौं। आशा यस्तो बस्तु हो जसले मान्छेलाई बाँच्न उत्प्रेरित गर्छ।

Sonam : Of course. We must be optimistic. Let us hope that we can help people. Hope is the thing that prompts people to live their lives.

लेखन अभ्यास EXERCISES

I. Complete the sentences using appropriate words from the choices given.

1. नानीहरूको विचार सून्दा म ------ पर्छु। (छक्क, कष्ट, विन्ति)
2. भगवानले तिमीलाई मातृभूमिको सेवागर्ने----दिएका छन्। (सुनौलो अवसर,राम्रोदिन, खुसीको मौका)
3. आशा यस्तो बस्तु हो --- मान्छेलाई बाँच्न उत्प्रेरित गर्छ। (जसले,जसरी, जीवन)
4. हामीले नानीहरूको ----- बुझेर उनीहरूलाई शान्त बनाऊ सक्छौं। (समस्या, समय, सीमा)
5. नानीहरूको विचार ----- म छक्क पर्छु। (सुन्दा, समात्दा, सापेक्ष)

II. Complete the sentences using the appropriate negative forms of the words given.

1. तिम्रो हातको त्यो ----- कलम क्या दामी रहेछ !खोइ हेरौं त । (सेतो)
2. नास्तवमा --- मान्छेलाई कुनै ठाँउमा सजिलो हुन्छ भने कुनै ठाँउमा गारो पर्छ । (होचो)
3. आजका मानिस सजिलै ---- हुन चाँहदैनन् । (ठूलो)
4. अचेल ---- मनका मानिस पनि धरतीमा धेरै छन् । (दुब्ला)
5. घरकी ---- छोरीले धेरै माया पाउँछन् भनिन्छ । (ठूली)

III. Complete the sentences using the appropriate words.

1. आशा यस्तो ----- हो जसले मान्छेलाई ----- उत्प्रेरित गर्छ।
2. हामीले नानीहरूको समस्या ----- उनीहरूलाई ------ बनाऊ सक्छौं।
3. मलाई लाग्छ हामीले शिशुको ---- गठनतर्फ बढी ------- दिनु पर्छ।
4. हाम्रो वरिपरि भइरहेका घटनाको सूचना --- नै प्रचार माध्यमको कर्त्तव्य हो।
5. हामी आशावादी ---- अनि हामी मान्छेलाई ---- गर्न सक्छौं भन्ने आशा गरौं।

IV. Make two simple sentences from each of the given complex sentences

1. शिशुको मानसिक विकास घरको र वरिपरिको परिवेशमा निर्भर गर्दछ।
2. शिशुलाई के असल र के खराब भन्ने कुराको शिक्षादिनु शिक्षक र आमाबाबुको कर्तव्य हो।
3. अभिभावकले नानीहरूको चाहना र आवस्यकताबारे ध्यान दिनुपर्छ ।
4. सोझा र अबोध शिशुहरू आफ्नो चारैतिर जस्तो देख्छन् त्यस्तै बोल्छन्।
5. शिशुहरू चलचित्रमा नायकहरूले लिएको हतियार देख्दा आकर्षित र प्रभावित हुन्छन्।

V. Transform the following into their corresponding negatives.

1. हामी आशावादी हुनुपर्छ ।
2. उनीहरू आफ्नो समस्या जान्दछन् जस्तो लाग्छ ।
3. मानिसहरू आफ्नो चारैतिर जस्तो देख्छन् त्यस्तै बोल्छन्।
4. तिमीलाई हामी चाहिँ आफ्नो काम राम्ररी गर्दै छौं जस्तो लागेको छ होला ।
5. कसैले आफ्नो गल्तीको दुष्प्रभाव नानीहरूमा पर्छ भन्ने कुरा बिर्सिन्छन्।

VI. Answer the following questions with reference to the dialogue of the lesson.

1. सुरज कस्तो केटो हो ?
2. सुरज के हुन र के हान्न चाहन्छ अरे ?

3. कसको कुरा सुन्दा सोनाम छक्क परे ?
4. घरको परिवेश केको लागि आवस्यक रहेछ ?
5. नानीहरूलाई कसरी शान्त बनाउन सकिन्छ ?

शब्दावली VOCABULARY

छक्क परें	(I) surprised	बाठो	clever, smart
उग्रवादी	terrorist	गोली हान्नु	to shoot
परिवेश	surrounding	मानसिक	mental
हिंसात्मक	violent	प्रचार माध्यम	mass media
प्राथमिकता	priority, prominence	चरित्र	character
कुटपीट	beating	हुर्केका	grown up
परिस्थिति	situation	फटाहा	rowdy
आतङ्क	terror	दृश्य	scene
बन्दुक	gun	दुष्प्रभाव	bad impression
उत्प्रेरित गर्नु	to activate, to prompt		

एकाइँ १० Unit 10 | पाठ - ६० Lesson - 60

युद्ध र शान्ति
War and peace

संवाद DIALOGUE

मानवीर : आहो भेजर ! कहिले आयौ ? कति दिनको छुट्टी छ ?	Manbir : Oh Major, when did you come? How many days of leave do you have ?
मेजर : म अस्ति आएँ। बीस दिनको मात्र छुट्टी छ। धेरै कष्ट गरेर त्यति छुट्टी पाएँ। मेरी आमा क्यान्सर रोगले पिढित हुनुहुन्छ। मेरी पत्नी र केटा-केटीलाई त्यसको चॉजो व्यवस्था मिलाउन सारो परिरहेको रहेछ।	Major : I came day before yesterday. I have just 20 days leave. With great difficulty I got this leave. My mother has been suffering from cancer. My wife and children were finding it difficult to manage things by themselves.
मानवीर : कठैबरी ! त्यसो पो भएछ ! अहिले उनलाई कस्तो छ त ?	Manbir : Alas ! Has it happened like that ! How is she now ?
मेजर : अघिल्लो महिना अपरेसन गरेछन्। अहिले चाहिँ सुधार हुँदै रहेछ।	Major : The operation took place last month. Condition is improving now.
मानवीर : धन्य भगवान !	Manbir : Thank God !
मेजर : आमाको रोगको कुरा सुनेको दिनदेखि नै मलाई सारै दुःख लागेको थियो। तर मैले सेनामा भर्ना हुनै हुने थिएन रहेछ भन्ने सोचेको चाहिँ थिएँ।	Major : Ever since I heard about my mother's illness I was feeling miserable. I was feeling that I should not have joined the army at all.
मानवीर : मेजर, त्यसो नभन। सिपाहीलाई त्यसो भन्न सुहाउँदैन। मातृभूमिको सेवक भएपछि तिमीले त्यस्तो कुरा सोच्नु पनि हुँदैन। भगवानले तिमीलाई मातृभूमिको सेवा गर्ने सुनौलो अवसर दिएका छन्।	Manbir : Major, don't say that. It does not befit a soldier. You being a man devoted to the service of the motherland should not even think of such things. God has given you a golden opportunity to serve our motherland.

मेजर : तर काका, मेरी आमाले घरमा सँधै मलाई खोज्नुहुन्छ।

मानवीर : म तिम्रो भावना बुझ्न सक्छु। तर वर्दीमा भएका मानिसले त्यति छिट्टै हरेस खाएर हुँदैन। यदि हामी दुर्बल भयौं भने हाम्रा भाइ पनि दुर्बल हुन्छन्। त्यतिखेर हामीले हाम्रो देशलाई कसरी सुरक्षा गर्नु?

मेजर : त्यो त ठीक हो काका, तर यो बन्दुक, बारूद, गोली, बम र हिंसासित कति खेल्नु ? प्रतिदिन हाम्रो चारैतिर लास र रगत मात्र देखिन्छ, त्यसैले मलाई जागिर छोड्न विवश पार्छ जस्तो छ। घरका मानिसले चाहेको बेलामा पनि हामी घरमा आउन पाउँदैनौ।

मानवीर : तर राष्ट्रलाई पनि तिम्रो धेरै चाहना छ। त्यो त तिम्रो सौभाग्य हो। हाम्रो देशमा कतिले पो दिनमा दुई छाक खान पाउँछन् र ? हाम्रो देशमा सिपाहीहरूलाई सारै सुख-सुविधा दिइएको छ। साधारण सिपाहीको कुरा सोच त। अरू सिपाहीलेभन्दा तिमीजस्ता उच्च-पदाधिकारीले धेरै सुबिधा पाएका छौ । त्यो तिमीहरूको सौभाग्य हो।

मेजर : हो काका, त्यो कुरा त मलाई थाहा छ। तर किन मानिसहरू लडाइँ गर्छन् र देशमा लडाइँ हुन्छ। त्यो देख्दा म सारै छक्क पर्छु। विश्वभरि सबै देशहरूमा लडाइँ हुँदै आएको छ। तर कुनै युद्धले पनि शान्ति ल्याउन सकेको छैन्। मान्छे धर्मको नाममा युद्ध गर्छन्। उनीहरू आफ्नै वरिपरिको

Major : But uncle, my mother at home also needs me.

Manbir : I understand your feelings. But men in uniform are not supposed to lose heart so easily. If we become weak our juniors will also become weak. Then how do we protect our country ?

